

# अल्पविराम,

डा. भोलानाथ चालिसेका
लेखहरुको संग्रह

प्रकाशक
चालिसे परिवार र समृद्धि फाउण्डेशन

# अल्पविराम

## डा. भोलानाथ चालिसेका लेखहरूको संग्रह

वैशाख, २०७३

प्रकाशक

चालिसे परिवार तथा समृद्धि फाउण्डेशन

**प्रकाशक**

चालिसे परिवार तथा समृद्धि फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिमसेनगोला मार्ग, मीनभवन खरीबोट
काठमाडौं, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेबसाईट: www.samriddhi.org

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

यस प्रकाशनको सम्पूर्ण अधिकार समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा निहित छ । यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुन:प्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन । यसको पुन:प्रकाशन वा पुन:प्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन । अन्यको हकमा पनि यही नियम लागु हुनेछ ।

ISBN: ९७८-९९३७-८९४७-६-०

पहिलो संस्करण : वैशाख, २०७३

डा. भोलानाथ चालिसे प्रति सर्मपित

# विषयसूची


कृतज्ञता क

प्रकाशकको नोट ख

अरु भन्दा फरक मेरो बुवा “बाउ”
*दिवाकर चालिसे* ग

परिचय झ

नेपाली अर्थतन्त्रको सीमित उदारीकरणका उपलब्धिहरु थ

**भाग १ : केन्द्रीय योजना प्रणाली र यसका विकल्प**

डा. चालिसे र उदार अर्थतन्त्रको चिन्ता
*श्री मनमोहन भट्टराई* ३

केन्द्रीय योजनामा मरिहत्ते हाल्नु दर्शनको दिवालियापन ७

एफ. ए. हाएकको “द रोड टु सर्फडम”को नेपाली अनुवाद,
दासत्वको बाटोको प्राक्कथन् ११

खारेज हुनपर्छ राष्ट्रिय योजना आयोग १४

आर्थिक संकट : उदारवादको उपज होइन १८

बहुलवादमाथि नेपाल राष्ट्र बैंकको प्रहार २३

आर्थिक संकट र केन्द्रीय बैंकको भूमिका २८

**भाग २ : निजीकरणको आवश्यकता र मर्म**

सार्वजनिक संस्थान : निजीकरण तथा व्यवस्थापन
*श्री विमल वाग्ले* ३५

व्यवस्थापन करार होइन निजीकरण ४१

खण्डीकरण हैन निजीकरण ४६
सार्वजनिक संस्थान : जे गरेपनि डुब्छन् ५०
Privatising privatisation ५६
निजीकरण मौका अनसारको व्याख्या ५९
कुरै नबुझी गरिएको निजीकरण ६३
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निजीकरण ६८
सरकार, निजीक्षेत्र साझेदारी : सामूहिकीकरणको मन्द विष ७३

**भाग ३ : आर्थिक नीति र व्यवसायिक वातावरणमा टिप्पणी**

भोला चालिसे, नेपालमा उदारिकरणका हेड आर्किटेक्ट
*माननीय श्री भानु प्रसाद आचार्य* ७९
वैदेशिक लगानीकर्ताहरुलाई हामी कस्तो संकेत दिइरहेको छौं ? ८४
अबको आर्थिक रणनीति ९७
विश्वास टुट्नको खतरा १०१
नेपालमा लगानीको वातावरण : नराम्ररी खस्किन थाल्यो १०६
नेपालमा औद्योगिकरण : विशेष प्रयास बिना संभावना छैन १११
लगानी बोर्डको गठन ११७
नयाँ नीति अधिकार बढाउन होइन घटाउन १२३

**भाग ४ : संघीयता र व्यक्तिगत स्वतन्त्रता**

उदारवादमा संघीयता
*केशव गौतम* १३१
दलका आर्थिक ऐजण्डा केन्द्रीकृत छन् १३६
संघीयता र व्यक्तिगत स्वतन्त्रता, को कति प्रतिबद्ध ? १४४
Egalit? vs liberty १५०
संसद प्रतिबद्ध हुनुपर्छ सही विकेन्द्रीकरण र उदार अर्थतन्त्रमा १५३

वामपन्थ र संघीयतामा आधारित प्रजातन्त्र १६०
नेपाली मिलौं संविधान आफैं बनाऔं १६३
संघीयता केन्द्रीय योजनाको विस्तारित रुप होइन १६८
संघीयता र व्यक्तिगत स्वतन्त्रता १७१
संघीय गणतन्त्र र आर्थिक उदारवाद १७५

## भाग ५: सरकारको भूमिका

उदारवादका हिमायति डा. भोलानाथ चालिसेको सम्झनामा
*माननिय डा. रामशरण महत* १८१
कुशासनभन्दा "अशासन" राम्रो १८६
व्यक्तिगत सम्पत्ति र राष्ट्रको उन्नति १९१
किन सरकारले सबै थोक गर्नु हुँदैन ? १९५
उदारवाद र सरकार १९९

## भाग ६: विद्युत क्षेत्रमा सुधार

डा. चालिसेको आँखाबाट नेपालको जलविद्युतको समीक्षा
*डम्बर नेपाली* २०७
Fundamental Bottlenecks in Nepal's Hydropower Development २११
सबैको चासो : किन यतिविधि लोडसेडिंग खेप्नुपरेको होला ? २२०
विद्युतको भाउमा गुजिल्टिएको लोडसेडिङको मार २२४
सामुदायिक ग्रामीण विद्युतीकरणका लागि संस्थागत व्यवस्था २२९
भयावह लोडसेडिङको जिम्मेवार को र समाधाका उपाय २३४

## भाग ७ : समसामयिक विषयहरुमा बहस


अवसरवाद भित्रका अपवाद
*हरिबहादुर थापा* — २४१

उदारवादका कट्टर पक्षपोषक चालिसे
*कुबेर चालिसे* — २४८

कर्मचारीलाई भ्रष्ट र उद्यमीलाई तस्कर बन्ने प्रेरणा — २५३

जस्तो राजनीति त्यस्तै बजेट — २५७

साफ्टा, बिमस्टेक-नेपाललाई काम छैनन् — २६१

What does India want? — २६६

बजेट निर्माता अर्थशास्त्री होइन — २६९

नेपालको भारत भ्रमण र धर्मसंकट — २७३


## भाग ८ : अन्य


उदारवादका अभियन्ता
*गोपीनाथ मैनाली* — २८१

के उद्यमी व्यवसायी बन्नु अपराध हो ? — २८५

नेताले गल्ती गरे, तर हामीले नि ? — २९०

बरु मलामी नपाइयोस... — २९७

नेपाली कांग्रेस र समाजवादी घाँडो — ३००

योग्य कर्मचारी आउनुस् सँगै काम गरौ — ३०४

Speech delivered by Dr. Bhola Nath Chalise on
Asia Liberty Forum 2015 — ३०८

डा. भोलानाथ चालिसेसँगको हाम्रो छोटो यात्रा
*अर्पिता नेपाल, दिपेन्द्र चौलागाँई, र सरिता सापकोटा* — ३१५

समृद्धि फाउण्डेशन : एक परिचय

समृद्धि फाउण्डेशनका अन्य प्रकाशनहरु

# कृतज्ञता

यस पुस्तकलाई पूर्णता दिनमा धेरै जनाको साथ, सहयोग र योगदान रहेको छ । सर्वप्रथम त यस पुस्तकका विभिन्न भागहरुमा परिचयात्मक लेख लेख्नुहुने विशिष्ट महानुभावहरु प्रति हामी निकै कृतज्ञ छौं। माननीय व्यस्थापिका संसदका सदस्य तथा पूर्व अर्थमन्त्री डा. रामशरण महत ज्यू, माननीय महालेखापरीक्षक श्री भानु आचार्य, पूर्व सचिव श्री विमल वाग्ले ज्यू, नेपाली काँग्रेसका नेता श्री मनमोहन भट्टराई ज्यू, वरिष्ठ पत्रकारहरु श्री केशव गौतम, श्री कुवेर चालिसे, तथा श्री हरि बहादुर थापा ज्यू, जलविद्युत् विशेषज्ञ श्री डम्बर नेपाली ज्यू, तथा राष्ट्रिय योजना आयोगका सहसचिव श्री गोपीनाथ मैनाली ज्यूले डा. चालिसेसँगको आफ्नो यात्रा तथा अनुभवलाई समेटी तयार पार्नुभएका लेखहरुले पाठकहरुलाई डा. चालिसेका विचार तथा चिन्तनलाई अझ नजिकबाट बुझ्न सहयोग गरेका छन् । डा. चालिसेका लेखहरु उपलब्ध गराएर सहयोग गरिदिनुहुने प्रकाशन गृहहरुप्रति हामी कृतज्ञ छौं। विशेष गरी हिमाल खबर पत्रिकका श्री इन्द्र श्रेष्ठ ज्यूलाई हार्दिक धन्यवाद । डा. चालिसेका लेखहरु सबै आदरणीय दाई दिपक अधिकारीले टाइप गर्नु भएको हो र वहाँप्रति हामी निकै नै आभारी छौं ।

त्यसै गरी विभिन्न प्रकाशित लेखहरुलाई टाइप गरेर प्रकाशनमा सहयोग पुर्‍याउनुहुने निशान्त लुँईटेललाई पनि हृदय देखि नै धन्यवाद । विशेष धन्यवादका अन्य पात्रहरुमा लेखहरु टाइप गर्न सहयोग गर्नुहुने समृद्धिका अशेष श्रेष्ठ, अव्यय न्यौपाने, शैलजा खनाल, दिक्षा नकर्मी लगायत विज्ञहरुसँग सहकार्य गरी वहाँहरुको भावनालाई लेखमा परिणत गर्न सहयोग गर्नुहुने सुरेस सापकोटा, सुरथ गिरी र निकुन्ज भण्डारी प्रति पनि हाम्रो आभार । अन्त्यमा कभर डिजाइन गर्नुहुने दिवस महर्जन र लेआउट गर्नुहुने अमिर सिंखडालाई पनि धेरै धेरै धन्यवाद ।

**चालिसे परिवार तथा समृद्धि फाउण्डेशन**

# प्रकाशकको नोट

पुस्तकमा समावेश गरिएका लेखहरु सबै डा. चालिसेका प्रकाशित लेखहरु भएपनि केहीमा प्रकाशन भएको पत्रिका र प्रकाशन मिति समावेश गर्न सकेका छैनौं । भूकम्पपछि केही प्रकाशन गृहहरुले आफ्नो अभिलेख पनि गुमाउनु र यस पुस्तक प्रकाशनमा समयको सीमितताले पनि प्रकाशन मितिहरु यस पुस्तकमा समावेश गर्न कठिनाइ भएको हो । मिति नभएका ठाँउमा ००-००-०००० लेखिएको छ। यी प्रकाशन मिति उपलब्ध नभएका लेखहरु पत्रिकामा प्रकाशित भएअनुसार नभई डा. चालिसेको ड्राफ्ट प्रारुपमा मात्र पनि हुन सक्छन् । यद्यपि, अरु सबै प्रकाशित नै लेखहरु भएकाले यसमा हामीले थप सम्पादन गर्ने प्रयास गरेका छैनौं । लेखहरु जुन भाषामा प्रकाशित भएका थिए, त्यही भाषामा यस संग्रहमा छापिएका छन् । केही लेखहरु फोटोकपीबाट टाइप गरी यस पुस्तकमा राखिएको हुँदा कुनै कुनै ठाँउहरुमा शब्द प्रस्ट नहुँदा, त्यहाँ '..........' राखिएको छ । डा. चालिसेका अन्य थुप्रै छुटेका लेखहरु पनि समावेश गरी यस पुस्तकमा छुटपुट भएका विवरणहरु थप्नुका साथै जानी नजानी यस पटक भएका गल्तीहरुलाई सुधार गरी भविष्यमा यस पुस्तकको परिष्कृत दोस्रो संस्करण निकाल्ने लक्ष्य हामीले लिएका छौं ।

## अरु भन्दा फरक मेरो बुवा “बाउ”

दिवाकर चालिसे

“बाउ” शब्द शायद हाम्रो समाजमा बुवा, ड्याडी, वा बा जस्तो शिष्ट नमानिएला तर मेरा बुवाको पृथक सोच र उदारवादी स्वभावकै नतिजा होला उहाँले हामी चार जना छोराहरुले बाउ भनेर सम्बोधन गरेको रुचाउनु हुन्थ्यो । मेरो बाउको जन्म बि.सं. २००८ भदौ २९ गते बौद्ध बडा नं. ६ सिमलटारमा माता तुलाकुमारी चालिसे र पिता गणेश प्रसाद चालिसेको कोखबाट कान्छो छोराको रुपमा भएको हो । म चार जना छोराहरु मध्येको सबैभन्दा कान्छो छोरा हुँ । मेरो स्मरणमा बाउको पहिलो झझल्को भनेको उहाँ अष्ट्रियाको राजधानी भिएनाबाट आफ्नो पी.एच.डी सकाएर फर्किनु भएपछिको दिनको हो । त्यस दिन वहाँले मलाई काँधमा बोकेर हजुरबा र काका हजुरबालाई भेट्न लग्नु भएको अझैपनि मलाई ताजा स्मरण छ। वहाँहरुको बीचमा पी.एच.डी सकाएर डाक्टर भएको र अब नेपालमै बस्ने भन्ने कुरा भएको थियो। मेरो बाऊको भनाई अनुसार उँहालाई पी.एच.डी गर्दा भिएना युनिर्भसिटीको प्रोफेसरले नेपाल नफर्किएर त्यतै सबै परिवारलाई बोलाएर बस भन्नु भएको थियो रे। यदि त्यो प्रस्ताव उहाँले मान्नु भएको भए शायद म यो लेख लेखिरहेको हुन्न थिँए होला। त्यस समय भिएनाबाट मेरो बाऊ फर्कनु भएको बेला म ४ वर्षको थिए र मलाई त्यतिबेला बाउको पढाई भन्दा वहाँले विदेशबाट के लिएर आई दिनु भयो होला भन्ने उत्सुकता थियो । मेरो ममी, हजुरआमा, हजुर बुवाको कुरा अनुसार बाउ पहिला देखि नै आफ्नो काम प्रति लगनशील र निष्ठावान हुनुहुन्थ्यो रे। वहाँको कुनै काम सुरु गरे पछि त्यो काम फत्ते गरेर छोडने बानी थियो रे। युवा अवस्थामा अलि बढि तास खेल्ने भएर छिटो विवाह गर्दिएको रे भन्ने रमाइलो प्रसंग ममीले कहिलेकाँही ठट्टा गर्नुहुन्छ । सायद मेरो बाउको काम प्रतिको लगनशीलता र निष्ठाको प्रतिफल होला उहाँ सानै उमेरदेखि शिक्षक, सरकारी जागिरे हुँदै सबै भन्दा कान्छो उमेरमा अवकास प्राप्त गर्ने सचिव पनि हुनुभयो ।

हामी चार जना छोराहरु मध्ये मेरो सम्पूर्ण शिक्षा नेपालमै भएका कारणले बाउको सामाजिक जीवन नजिकबाट नियाल्ने मौका पाएको छु । मेरो बाउको इच्छा अनुसार मलाई पनि विदेश पठाउने चाहना पुरा भएको भए मैले उहाँ संग बिताएको अमूल्य समयको सम्झना गुमाउने थिए होला । म सानो छँदा, सबैभन्दा जेठो भएको कारणले मेरो ठूलो दाजू र ममीले अभिभावकको जिम्मा महशुस गर्नुभएको थियो । बाउ निडर स्वाभिमानी र प्रष्ट वक्ता हुनुहुन्थ्यो । मेरो बाउको शारीरिक बनावट दुब्लो र जुँगा चाही अलि मोटो थियो । मलाई तेरो बुबाको जुँगाले गर्दा नै अगाडी पर्न डर लाग्छ भन्ने मानिसको जमात ठूलै थियो । अलि खरो मिजास र मनमा लागेको कुरा व्यक्त गरिहाल्ने स्वभाव भएकाले उहाँलाई आफन्त तथा बाहिरका व्यक्तिहरुले सारै नै सन्काह पनि भन्ने गर्दथे । उहाँ नातावाद र कृपावादको पक्षधर नभएकोले आफ्नो नातेदारहरुलाई आफू पदमा हुँदा पनि जागिर गराइदिनु भएको थिएन । सायद यहि कारणले पनि होला धेरै भाइ बन्धुहरु बाउसंग त्यति नजिक पर्न खोज्दैन थिए । “भोला चालिसे” आफ्नो मानिस भएर पनि केही गर्दैन, घुस पनि खाँदैन, कुरा पनि बाउँठे गर्छ भनेको सुन्दा मलाई ती मान्छेहरुले बाउको आर्दश र सिद्धान्तलाई बुझ्न नसकेर आदर नगरेका होलान भन्ने लाग्दथ्यो । मेरै अगाडि योग्य मानिसहरुलाई वहाँले सहयोग गरेका उदाहरणहरु प्रशस्त छन् । बाउले हामी सबैले आर्थिक र सामाजिक रुपमा पिछडिएकाको हितमा काम गर्नुपर्छ भन्नुहुन्थ्यो । यसको उदाहरण मेरो आफ्नै घर आउने बाटोको हालत र बाउलाई सरकारले गाडि चड्ने सुविधा दिदाँ पनि साउनको महिनामा झम्झम् परेको पानीमा वहाँको भिजेको दौरा सुरुवाल, कोट र हातमा बोक्नु भएको छालाको जुत्ताले प्रष्ट हुन्थ्यो । त्यस बेला उहाँ भन्नुहुन्थ्यो म हिँड्ने बाटो जस्तो भए पनि मलाई फरक पर्दैन तर यही बाटो बनाउन प्रयोग हुने पैसाले म सामान्य मानिस हिँड्ने बाटो बनाउन प्रयोग गर्छु । उहाँको विचारमा गाडी हिँड्ने बाटो भन्दा मानिस हिड्ने बाटो महत्वपूर्ण हुन्थ्यो । माथिल्लो वर्गका त यसै पनि “प्रिभिलेज्ड” नै छन् नी तर कुनै पनि व्यक्ति योग्यता र सीप भएर पनि पछाडि पर्नुपर्‍यो भने त्यसले स्वाभिमानमा नराम्रो ठेस लाग्छ भन्नुहुन्थ्यो ।

बाउलाई मैले जीवन भरनै एक दम फूर्तिलो देखें । उहाँले आफ्नो मित्र र आफन्तलाई भन्नुहुन्थ्यो “मैले कमाएको सम्पत्ति भनेको नै मेरा ४ जना छोराहरु हुन् र म यति उदार छु की मैले मेरा छोराहरुलाई यो विषय पढ् भनेर दबाव दिइन र कुनै पनि छोराहरुले मेरो विषय अर्थशास्त्र पढेनन्” । अझ रमाइलो पक्ष त झन मेरो कान्छो छोरालाई त मोडलिङ गराउँछु भन्नुहुन्थ्यो र मलाई पढ्नमा त्यति जोड पनि गर्नुहन्न थियो । बाउ एकदमै भिजन भएको व्यक्ति हुनुहुन्थ्यो । उहाँले २० वर्ष अघिको कुरा पनि विश्लेषण गर्नु हुन्थ्यो । पछि रोगले विस्तारै शरीर गल्दै गए पनि उहाँको सोच कहिले कमजोर भएन । उहाँले नियमित रुपमा विभिन्न पत्रिकामा लेख लेख्नु हुन्थ्यो । स्वास्थ्य निकै नै कमजोर हुदै गए पछि भने उहाँले धेरै समय घरमै बिताउनु भयो त्यो समयमा म उहाँसंग देशको सामाजिक, आर्थिक र राजनीतिक एवं खेलकुदको विषयमा छलफल गर्दथे । राजनीतिमा उहाँ “डेमोक्रयाटिक” सोच राख्नुहुन्थ्यो । बाउको खेलकुदमा पनि सारै नै झुकाव थियो । युवा अवस्थामा “लिवर पुल” क्लवको कट्टर फ्यान भए पनि पछि गएर म्यानचेस्टर युनाइटेड र देशमा ब्राजिल र जर्मनीको म्याच हेर्न रुचाउनु हुन्थ्यो । क्रिकेटमा श्रीलंका टिमको युनिटी र टिम कमिटमेन्टको व्याख्या गर्नुहुन्थ्यो । म ती क्षणहरु सारै नै मिस गर्दछु । बाउ अस्वस्थ हुँदा पनि आफूलाई मन परेका खेलहरुको अपडेटहरु मलाई सोध्नुहुन्थ्यो । मलाई यो कुराले अचम्म लाग्दथ्यो । उहाँको लेखहरुको पनि हामी विश्लेषण गर्दथ्यौं । कहिले काँही म पनि भन्ने गर्दथे अलि बढि नै भएन र जस्तै नेपालमा “राष्ट्रिय योजना आयोग” र “नेपाल राष्ट्र बैंक” खारेज हुनु पर्दछ भन्ने कुरा यी लेखहरु पढ्दा बाउको सोच माथि नै प्रश्न गर्न बाध्य हुन्थैं । बाउको सोच पृथक थियो । त्यसैले पनि एउटा मोडालिटीमा चलेको हाम्रो समाजमा उहाँका कुरा पचाउन अलि गाऱ्हो छ । उहाँको प्रगतिशील सोचको सम्मान गर्न २०१५ जनवरी १० मा समृद्धि फाउण्डेशनको सहकार्यमा एशिया लिबर्टी फोरमले Nepal's Freedom Champion भनेर उहाँलाई सम्मान गर्दा हामी सबै एकदमै खुशी भएका थियौं । त्यो बेला सम्म बाउको शरीर एकदमै कमजोर भइसकेको थियो तर त्यो सम्मानले उहाँमा एकदमै तागत भरिदिएको थियो । त्यो सम्मान उहाँको जीवनको सबै भन्दा खुशीको क्षण थियो । त्यस बखतमा म बाउको

हात समातेर नै बसेको थिए र उहाँले ३० मिनेट जतिको स्पीच पनि दिनु भएको थियो । त्यति धेरै खुशी र उहाँको आखामा आँसु मैले कहिल्यै पनि देखेको थिइन । म पनि एकछिन भावुक भएँ । बाउको सोचाइको उचित मूल्याङकन समृद्धिले गरेको देखेर मेरा आँखाहरु पनि रसाएका थिए ।

बाउको जीवनको यात्रा पनि शिक्षण पेशाबाट नै टुङ्गियो । अझै पनि ती दिनहरु याद आउछ कुनै दिन समृद्धिमा गेष्ट लेक्चर हुन्थ्यो वा कुनै टक् प्रोग्राम हुन्थ्यो भने उहाँको मुड एकदमै राम्रो हुन्थ्यो । ममी भन्नुहुन्थ्यो “यस्तो सन्चो नभएको बेलामा पनि किन जान पर्‍यो सकि नसकि” । मेरो बाउको उत्तर हुन्थ्यो “आफूले जानेको, बुझेको कुरा अरुलाई पनि बाँड्नु पर्छ र समृद्धिमा पनि मलाई माया गर्ने, हेरचाह गर्ने परिवार नै छ” । डिनर खानेबेलामा बाउले व्यक्त गर्नुहुने आफ्ना अनुभव, लेक्चर, रोमाञ्चक कुराले हामी दङ्ग हुन्थ्यौ र सबै कुरा बिर्सन्थ्यौं ।

यो किताब निकाल्ने क्रममा मेरो धेरै व्यक्तिहरुसँग भेट भयो । उहाँहरुले गर्नुभएको सहयोग र पोजिटिभ रेस्पोन्सले बाउले साँच्चै राम्रो काम गर्नुभएको रहेछ भन्ने प्रष्ट हुन्छ । विशेष गरेर समृद्धि परिवार, हरिबहादुर थापा (कान्तिपुर), इन्द्र श्रेष्ठ (हिमाल), केशव गौतम (अभियान) र मेरो बाउको हितैसी मित्र विमल वाग्ले प्रति म कृतज्ञ छु । उहाँहरुले बाउ प्रति देखाउनु भएको सम्मान हेर्दा आफ्नो बाउ प्रति गर्व हुनु स्वभाविकै हो । मेरो बाउको लेखहरु सबै आदरणीय दाई दिपक अधिकारीले टाइप गर्नु भएको हो । हाल उहाँ अमेरिकामा भए पनि म उहाँ प्रति कृतज्ञ छु ।

बाउको जीवन उपयोगी शिक्षाहरु धेरै छन् । त्यस मध्ये आफ्नो स्वाभिमानमा अडिग रहनु, कामप्रति निश्ठा राख्नु, अरुको योग्यता र सीपको कदर गर्नु, र सहि कुरा बोल्न नडराउनु जस्ता गुणहरु मेरो जीवनको मन्त्र जस्तै भएका छन् । बाउले हामी ४ जना छोराहरुलाई सम्मानकासाथ बाँच्न सिकाउनु भएको छ । सबैभन्दा रमाइलो कुरा त बाउलाई काम गर्दे बापत कमिसन खुवाउन आउनेहरु बाउको क्रोध पछि भागाभागको दृश्य र हामी छोराहरुको महंगो स्कूलको शुल्कहरु आफ्नो संचय कोष कटाएर तिर्ने गर्नुभएको कुरा हाम्रो जस्तो समाजमा पाच्य नहोला ।

अहिले बाउ हाम्रो बीच नहुनु भए पनि उहाँले दिनुभएको ज्ञान र विचारमा उहाँ सधै हामी माझ नै हुनुहुन्छ । बाउले आफ्नो जीवनमा समाज प्रति गर्नुभएको योगदान र कमाउनु भएको नाम १० प्रतिशत अंश मात्र मैले आफ्नो जीवनमा हासिल गर्न सके भने पनि आफ्नो जीवनलाई सफल मान्नेछु । म सधैं बाउकै मार्ग दर्शनमा हिड्ने छु ।

"We all miss you"

# परिचय

हामीले डा. चालिसेलाई एक दुई पटक आफ्ना लेखहरुको संकलन राख्नुभएको छ भनेर सोध्दा वहाँ "म प्लानिङमा विश्वास राख्ने मान्छे होइन" भन्नुहुन्थ्यो । हामी वहाँको जवाफ सुनेर मुसुक्क हाँस्थ्यौं तर मनमनै सोच्थ्यौं कि वहाँको लेखहरुको संग्रह त निकाल्नै पर्छ । हामीले समृद्धि फाउण्डेशनमा डा. चालिसेका प्रकाशित लेखहरुको यस्तो संग्रह निकाल्ने सोच निकै अघि देखि नै राखेका थियौं । तर वहाँ हाम्रा माझबाट यति चाँडै विदा हुनुहुनेछ र हामीले निकाल्ने भनेर सोच राखेको संग्रह वहाँले नै देख्न पाउनुहुनेछैन भनेर हामीले कदापि सोचेका थिएनौं ।

केही समय अघि नेपालको इतिहासका बारेमा पुस्तक लेखेका एक विदेशी पत्रकारले नेपालको विगत केही दशकहरुको राजनीतिक र आर्थिक विश्लेषण गर्दै एक छोटो मन्तब्य दिएको मैले सुन्ने अवसर पाएको थिएँ । वहाँको विश्लेषणका अनुसार, यी विगत केही दशकमा नेपालको आर्थिक र राजनीतिक परिवर्तनहरुमा नेपालले कहिले एक फड्को अगाडि मार्‍यो भने त्यसको लगत्तै एक फड्को पछाडि । सामाजिक, आर्थिक र राजनीतिक, तीनै दृष्टिकोणबाट हेर्ने हो भने एक राष्ट्रका रुपमा नेपालको विकास क्रमगत रुपमा एकै दिशातर्फ अगाडि नबढेको वहाँको टिप्पणी थियो । नेपालमा लगभग एक दशक बिताएका, नेपाललाई अध्ययन गर्ने यी विदेशी पत्रकारको यो टिप्पणी माथि विचार गर्दा मलाई लाग्छ डा. चालिसेको जीवन र वहाँका प्रयासहरु शायद विगत तीन दशकको नेपालको विकासको यही ढाँचाभित्र समाहित थियो । २०४६ को जनआन्दोलन पछि नेपालमा लोकतन्त्रको उदयसँगै देश उदार अर्थतन्त्रतर्फ लम्कनु देशले एक फड्को अगाडि मार्नु थियो । देशले त्यस फड्को मार्दा उक्त फड्को संभव पार्ने थुप्रै व्यक्तिहरुमध्ये डा. चालिसे पनि एक रहेको कुरा पुस्तकका विभिन्न भागहरुमा परिचयात्मक लेख लेख्नुहुने विशिष्ट महानुभावहरुका लेखनीहरुले पनि प्रस्टायाउँछन् । तर डा. चालिसेकै शब्दमा

त्यो उदारीकरण 'सीमित' थियो । त्यसपछि क्रमशः आएका राजनीतिक धारहरुमा हावी बामपन्थी चिन्तनले आर्थिक नीति तथा विकासमा पनि पकड लिँदै गयो, उदारीकरणका प्रयासले एक प्रकारको विश्राम लियो, र क्रमशः नेपालको आर्थिक विकासमा हामी केही कदम पछि हट्यौं । यी कदमहरु पछि हट्ने क्रममा "यो कुराले देशलाई पछि पार्दै छ है र यसका कारणहरु यी हुन्" भनेर सजग गराउने थोरै आवाजहरुमध्ये एक हुनुहुन्थ्यो डा. चालिसे र यहाँ संग्रहित गरिएका लेखहरु वहाँका तिनै आवाजहरु हुन् ।

२०४६को जनआन्दोलन पछि नेपालमा भएको आर्थिक उदारीकरणकाबारे आज सम्म पनि धेरै सुनिन्छ । तर आज सम्म पनि त्यो उदारीकरण कहाँबाट आयो, कसरी गरियो, यसले आम जनता र अर्थतन्त्रमा कस्तो प्रभाव पार्‍यो र त्यो कहाँ पुगेर अड्क्यो त भनेर पढ्छु भनेर कसैले खोज्यो भने त्यसको बारे खासै केही भेटिदैंन । पछिल्लो समयमा म आँफै लाई सोध्ने गर्थे, डा. चालिसेलाई एक छिन नसम्झने हो भने त्यस बेला यो राजनीतिक र आर्थिक परिवर्तनका सोच राख्ने र यसका बारे केही गर्नेहरु सबै कहाँ गए होलान् ? के उनीहरु सबै पनि अरुहरु जस्तै उदारीकरणलाई अहिले भइरहेको सबै समस्याका जरो मान्न थालिसके वा यस्तो मान्यता सर्वव्यापी भएकाले अब यस्को विरुद्ध उभिनु भनेको अलोकप्रिय हुनु हो भन्ने डरले आफ्ना विचारहरुलाई अरु कुनै डोरोमा उनेर लोकप्रियताको माला लगाएर बसे ? यो पुस्तक तयार पार्ने क्रममा हाम्रो प्रमुख ध्येय भनेको डा. चालिसेले गर्नुभएका महत्वपूर्ण कामहरुको एउटा अभिलेख राख्न शुरु गरौं र वहाँको सम्मानमा केही गरौं भन्ने थियो । तर यो पुस्तक तयार भइसकेपछि यसलाई हेर्दा हामीले नजान्दा नजान्दै नेपालको उदारीकरणको इतिहासको अभिलेख राख्ने बाटो पो कोट्याएछौं कि जस्तो मलाई महसुस भएको छ ।

डा. चालिसेका ५० प्रकाशित लेखहरु, एक अर्न्तरवार्ता, र २०१५मा काठमाठौंमा भएको एसिया लिबर्टी फोरममा वहाँलेले दिनुभएको मन्तव्य यस संग्रहमा समावेश गरिएका छन् । डा. चालिसेका लेखहरुलाई यस पुस्तकमा हामीले विषयअनुसार विभिन्न भागमा छुट्याएका छौं र हरेक भागमा डा. चालिसेसँग उक्त विषयमा निकटबाट काम गर्नुभएका

वा उक्त विषयमा डा. चालिसेका चिन्तनलाई राम्ररी बुझ्नुभएका विशिष्ट व्यक्तिहरुले परिचयात्मक लेख लेख्नुभएको छ। उदार अर्थतन्त्रका हिमायति भनेर चिनिने डा. चालिसेले नेपालमा उदारीकरणलाई हेर्ने तरिका र प्रायः चर्चा नै नहुने यसका उपलब्धिहरुका बारेमा वहाँले लेख्नुभएको लेख यस पुस्तकको पहिलो लेखको रुपमा प्रस्तुत गरिएको छ।

राष्ट्रिय योजना आयोगकै सदस्य सचिव हुँदा यस्तो आयोग नेपालका लागि काम छैनन् भनेर सार्वजनिक रुपमा अभिव्यक्ति दिने डा. चालिसेका केन्द्रिकृत योजना प्रणालीलाई खण्डन गर्ने लेखहरुलाई पुस्तकको पहिलो भागमा राखिएको छ। एफ. ए. हायक अध्ययन गरेकै विश्वविद्यालयबाटै विद्यावारिधि गर्नुभएका डा.भोलानाथ चालिसे अस्ट्रियाली आर्थिक विचारधारा र हायक लिखित दासत्वको बाटोबाट अति नै प्रभावित हुनुहुन्थ्यो र हामीले समृद्धि फाउण्डेशनमा उक्त पुस्तकको नेपाली अनुवाद प्रकाशन गर्दा वहाँले लेख्नुभएको प्राक्कथन पनि यस पुस्तकमा समावेश गरिएको छ। अस्ट्रियाली अर्थशास्त्रीय चिन्तनका अनुयायी भएका हुँदा व्यक्तिको स्वतन्त्रता वहाँका लागि सर्वोपरी थियो र केन्द्रीय योजना प्रणालीले व्यक्तिगत स्वतन्त्रा र छनौटलाई सीमित गर्छ भनेर यी लेखहरुमा वहाँ बयान गर्नुहुन्छ। सन् २००८मा विश्व आर्थिक संकटले उदारीकरणलाई समस्याको मूल जड मानी उदारीकरणको आलोचना गरिरहेको बखतमा पनि यो उदारीकरणले निम्त्याएको परिणाम होइन बलकि बित्तीय क्षेत्रमा सरकारी हस्तक्षेपको उपज हो र नेपालमा विद्यमान केन्द्रीय बैंकको हस्तक्षेप पनि हटाउनुपर्छ भनी वहाँले लेखेका लेखहरु यस भागमा समाहित छन्। यस भागका लागि परिचयात्मक लेख डा. चालिसे लाई निकटबाट चिन्ने नेपाली काँग्रेसका नेता श्री मनमोहन भट्टराई ज्यूले लेख्नुभएको छ।

दोस्रो भागमा निजीकरणको विषयमा वहाँका टिपण्णीहरुलाई एकै ठाँउमा ल्याउने प्रयास गरिएको छ। डा. चालिसेसँग निजामती सेवामा सहकर्मीका रुपमा काम गर्नुभएका र जीवनभर एक हितैसी मित्र रहनुभएका विमल वाग्ले ज्यू, जसले पछिल्लो समयमा सार्वजनिक संस्थान निर्देशन बोर्डका कार्यकारि

अध्यक्षका रुपमा केही वर्ष जिम्मेवारी सम्हाल्नुभयो, वहाँले यस भागको परिचयात्मक लेख लेख्नुभएको छ । उद्यम व्यवसाय चलाउने काम डा. चालिसे सरकारको नभई निजी क्षेत्रको हो र निर्णय प्रक्रिया, ईसेन्टिभ्स, संस्थागत संरचना, आदि जस्ता कुरालाई हेर्दो निजी क्षेत्र नै उद्यम व्यवसाय चलाउने उपयुक्त हुन्छ भन्ने वहाँको मान्यता थियो । तसर्थ, डा. चालिसे सँधै निजीकरणका पक्षधर हुनुहुन्थ्यो । तर नेपालमा निजीकरणलाई जुन रुपमा संस्थानहरुलाई सरकारी स्वामित्वबाट निजी स्वामित्वमा हस्तान्तरण गर्ने र त्यसमा पनि राजनीतिक पार्टी र नेताहरुका निकटका व्यवसायीलाई उक्त लाभ हस्तान्तरण गर्ने खालको प्रवृत्ति अगाडि आयो, वहाँले त्यसको विरुद्धमा थुप्रै लेखहरु लेख्नुभएको छ । यस्तो प्रवृत्ति वास्तविक निजीकरण होइन र निजीकरणको मर्म यो होइन भनेर वहाँका लेखहरुले सम्बन्धित सबैलाई सचेत गराउन प्रयास गरेका छन् ।

उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, र कम्पनी ऐन, २०५३ जस्ता नीतिहरुका प्रमुख शिल्पी डा. चालिसेले आर्थिक नीतिहरु र व्यवसायिक वातावरणका विषयमा पनि धेरै लेखहरु लेख्नुभयो । वहाँका यिनै योगदानहरुलाई सम्झदैं यस भागको परिचयात्मक लेख डा. चालिसेसँग निकटबाट काम गर्नुभएका अहिलेका नेपालका माननीय महालेखापरीक्षक श्री भानु आर्चायले लेख्नुभएको छ । २०७१ सालतिर नयाँ वैदेशिक लगानी ऐन र नीति आँउदै गर्दा नयाँ नीतिले लगानी वातावरणलाई अझ संकुचित पार्ने संकेत दिएका बेला वहाँले समृद्धि फाउण्डेशनका अनुसन्धाकर्ताहरुसँग मिलेर लेख्नुभएको पुस्तकको संक्षिप्त नीति पत्रलाई पनि यस पुस्तकमा समावेश गरिएको छ । समग्रमा नेपालको लगानीको वातावरण खस्कन लाग्दा वहाँले गर्नुभएको खबरदारी गर्ने कामलाई यस भागमा समेट्ने प्रयास गरिएको छ ।

वि.सं २०६२/६३को जनआन्दोलनपछि अन्तरिम संविधानद्वारा नेपाल संघीय गणतन्त्र घोषणा भएको र संघियतामा जाने प्रयास थालेको अवस्थामा डा. चालिसेले संघीयता वास्तवमै शक्तिको विकेन्द्रीकरण र व्यक्तिगत स्वतन्त्रता विस्तार गर्ने संयन्त्रका रुपमा प्रयोग गर्नुपर्ने र गर्न सकिने

विषयमा पनि धेरै लेखहरु लेख्नुभयो । पुस्तकको यस भागको परिचय दिँदै वरिष्ठ पत्रकार श्री केशव गौतम ज्यूले डा. चालिसेको संघीयता सम्बन्धी विचारको सही विश्लेषण गर्दै भन्नुहुन्छ “डा. चालिसेको विचारको एउटा पाटो जनतालाई शक्तिशाली बनाउने र डा. सरकारको शक्तिलाई विभिन्न निकायका बीच बाँडफाँड गरेर त्यसमा प्रतिस्पर्धा गराउने (एउटा निकायको एकाधिकार हुन नदिने) भन्ने हो ।”

डा. चालिसेका प्रकाशित धेरै लेखहरुमा सरकारको भूमिकाका बारे सँधै जसो नै चर्चा हुने भएपनि वहाँले केही लेखहरु नितान्त रुपमा सरकारको भूमिकाबारे सैद्धान्तिक बहस गर्दै लेख्नुभएको छ । पुस्तकको यस पाचौँ भागको परिचयात्मक लेख माननीय पूर्व अर्थमन्त्री डा. रामशरण महतले लेख्नुभएको छ । वि.सं २०४८ मा डा. महत योजना आयोगको उपाध्यक्ष भएको बेला औद्योगिक नीति र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनको संसोधन गर्ने सिलसिलामा वहाँहरु दुईको भेट भएका र पछिका वर्षहरुमा धेरै विषयमा वहाँहरुले एकअर्कासँग अन्तरक्रिया र सहकार्य गर्नुभएको थियो । आफ्ना लेखहरु डा. चालिसेले उदारवाद छाडावाद होइन र उदारवादमा डा. सरकारको केही विशेष भूमिका हुन्छ भनेर प्रस्टाउनु भएको छ ।

डा. चालिसेले करिब एक वर्षको समय नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक भएर पनि बिताउनु भएको थियो । यस एक वर्षको समयमा वहाँले केही महत्वपूर्ण जलविद्युत आयोजनाको निर्माणको काम अगाडि बढाई तिनहरुलाई सम्पन्न गर्नमा महत्वपूर्ण भूमिका खेल्नुभयो । वहाँका यी यो गदानको विषयमा जलविद्युत विशेषज्ञ श्री डम्बर नेपालीले यस भागमा चर्चा गर्नुभएको छ । नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदबाट बाहिरिएपछि यस क्षेत्रमा आवश्यक नीतिगत सुधारका बारेमा पनि डा. चालिसेले निरन्तर लेख्नुभयो । पछिल्लो दशकमा लोडसेडिङको समस्या चर्कदैं गएको अवस्थामा केका कारणले यस्तो भएको हो र यसका निदानका लागि नीतिगत रुपमा के गर्नुपर्छ भनेर डा. चालिसेले यस भागमा समाहित लेखहरुमा चर्चा गर्नुभएको छ ।

निजामती सेवाबाट अवकाश लिइसकेपछि पनि डा. चालिसे देशमा भइरहेको समसामयिक विषयमा निकै चाख राख्नुहुन्थ्यो । देशमा चलिरहेको समसामयिक बहसमा, विशेष गरी आफ्नो विगतको अनुभव र आफूले गरेको अध्ययनको आधारमा, तर्कसंगत प्रस्तुति गरी चलिरहेको बहसमा एउटा बेग्लै सोचलाई अगाडि ल्याई स्थापित विचारधाराहरुलाई दिने काम गर्नुहुन्थ्यो डा. चालिसे । निडर, स्पष्टवक्ता, स्वच्छ आचरण भएको, निजामती सेवाका विशिष्ट पदहरुमा काम गरी अनुभव हासिल गर्नुभएका र निरन्तर अध्ययन गरिरहने अर्थशास्त्री भएकाले होला पत्रपत्रिका र टेलिभिजनहरुले समसामयिक विषयमा वहाँका लेखहरु प्रकाशन गर्थे र वहाँका अन्तर्रवार्ता लिन्थे । नेपाली मिडियामा समसामयिक विषयको बहसमा डा. चालिसेले पुर्‍याउनुभएको योगदानका विषयमा वरिष्ठ पत्रकार श्री हरि बहादुर थापा तथा श्री कुबेर चालिसेले यस संग्रहका लागि लेखेका लेख पुस्तकको यस भागको परिचयात्मक लेख हो । यसका साथै आर्थिक पत्रकार श्री कुबेर चीलसेले पनि यसै सर्न्दभमा डा. चालिसेका बारे लेख लेख्नु भएको छ ।

गत वर्ष वैशाख ०१ मा डा. चालिसेको दुखद निधन भएपछि वहाँको सम्झना र श्रद्धान्जलीमा राष्ट्रिय योजना आयोगका सहसचिव श्री गोपीनाथ मैनाली ज्यूले नागरिकमा दैनिकमा लेख्नुभएको मर्मस्पर्शी लेखलाई हामीले यस पुस्तकमा समावेश गरेका छौं । वहाँको यस लेखले डा. चालिसेको योगदान तथा चिन्तनलाई थोरै शब्दमा स्पष्ट रुपमा व्याख्या गरेको छ । यसैसँगै डा. चालिसेका अन्य लेखहरुलाई पनि यस भागमा हामीले राखेका छौं । सन् २०१५ मा एसिया लिर्बटी फोरममा नेपालको फ्रिडम च्याम्पीयन भनेर डा. चालिसे सम्मानित हुँदा वहाँले दिनुभएको मन्तव्यले पनि वहाँको सोच र चिन्तनलाई राम्ररी प्रतिबिम्बित गर्ने हुँदा सो मन्तव्यलाई पनि हामीले यस संग्रहमा समावेश गरेका छौं । अन्त्यमा, समृद्धि फाउण्डेशनमा हामीले डा. चालिसेसँग करिब आठ वर्षको यात्रा गर्ने असवर पाएकाले उक्त यात्रालाई हामीले एउटा छोटो लेखमा समाहित गर्ने प्रयास गरेका छौं । वहाँको दुखद निधनले नेपालमा आर्थिक सुधार तर्फको फड्कोमा एउटा अल्पविराम लागेको हामीले महसुस गरेका छौं । तर

वहाँले आफ्नो जीवनको पछिल्ला वर्षहरु हामी जस्ता नेपालका नीतिगत बहसमा चासो राख्ने र नेपाल पनि गरी खान सकिने मुलुक बन्छ भन्ने कुरामा विश्वास राख्ने समुहहरुसँग काम गरी हामीलाई मार्गदिर्नेशन र हौसला प्रदान गरी बिताउनुभयो हामी वहाँको यो जीवनभरको पहललाई अगाडि लग्न यथासक्य प्रयास गर्नेछौं ।

सरिता सापकोटा
समृद्धि फाउण्डेशन
वैशाख, २०७३

# नेपाली अर्थतन्त्रको सीमित उदारीकरणका उपलब्धिहरु

डा. भोलानाथ चालिसे

००-००-००००

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि राजनीतिक तहमा जुन किसिमको खुलापन आयो त्यो खुलापनको प्रतिविम्ब २०४८ र ४९ सालमा नेपालको अर्थतन्त्रमा सीमित उदारीकरणमार्फत देखापर्‍यो । हुन त व्यक्तिको स्वतन्त्रतामा जति सक्यो धेरै हस्तक्षेप गर्दै राज्य बलियो हुनुपर्ने भन्ने धारणा राख्ने लेफ्टीहरुले यो बखतको सीमित उदारीकरणलाई पनि विश्व बैंक, आईएमएफ र ठूला दातृ राष्ट्रहरुलाई नेपालको सार्वभौमसत्ता बेचेको भन्नेसम्म आरोप लगाएका हुन् । यो उदारीकरण सीमित यस अर्थमा थियो कि यसले नेपाली मुद्रालाई पुरै रुपमा परिवर्त्य बनाउन सकेको थिएन । भन्सार दरबन्दीको ५ या १० प्रतिशतको एउटै दर कायम गर्न सकेको थिएन । सरकारी स्वामित्वका संस्थानहरु जुन दरले निजीकरण गरिनुपर्दथ्यो त्यो गरिएको थिएन । नेपालको सबैभन्दा ठूलो सम्पत्ति तराईको जंगललाई निजीकरण गरिएको थिएन । व्यवसाय संचालनका लागि प्रशासनिक झमेला र ढिलासुस्ति न्यून भएको थिएन । तैपनि यो सीमित उदारीकरणले नेपाली अर्थतन्त्रमा उद्यमशील व्यक्तिहरुलाई जोखिम उठाई आफू नाफा पनि कमाउने, रोजगारी दिने र राज्यलाई कर बुझाउने कार्यमा भने ठूलो प्रोत्साहन दिएको हो । देशमा शिक्षा, संचार, वैदेशिक रोजगारमा उल्लेख्य विकास भएको मात्र होइन यो सीमित उदारीकरणले देशमा उद्यमशील नागरिकहरुको वृद्धिमा भने ठूलो सहयोग पुर्‍यायो ।

तथ्यांकका आधारमा प्रजातन्त्र पुनर्स्थापनापश्चात शिक्षा, संचार, पत्रकारिता आदि क्षेत्रमा ठूलो फड्को मारिएको मात्र होइन यी क्षेत्रमा भएको विकासले भित्रि तहमा उद्यमशीलता, प्रतिस्पर्धा र आँट हुनेका लागि अवसरहरुको सिर्जना गर्नु यो अवधिको सबैभन्दा ठूलो उपलब्धि हो । संसारभरी नै सबैभन्दा लोकप्रिय भएको डाक्टरी पेशामा लाग्न २०४६ सालसम्म त्रिभुवन शिक्षण अस्पतालमा प्रतिस्पर्धा गरेर नाम निकाल्नुबाहेक

भारतीय र रसियन छात्रवृत्ति र केही अन्य देशका छात्रवृत्तिबाट जम्माजम्मी ५० देखि ६० जनाले मात्र सो विषयमा अध्ययन गर्ने मौका पाउँथे । पैसा, सम्पत्ति हुनेहरुले पनि आआफ्ना छोराछोरीलाई छात्रवृत्ति नपाउँदा चाहेर पनि यो पेशामा अध्ययन गराउन सक्दैनथे । यही हालत इन्जिनियरिंग अध्ययनको पनि थियो। २०५१ र ५२ सालमा आइपुग्दा चिकित्साशास्त्रतर्फको उच्चशिक्षामा अध्ययन गर्ने विद्यार्थीको संख्या १ हजार ३ सय ७१ को हाराहारीमा र इन्जिनियरिंगमा झण्डै २ हजार २ सय विद्यार्थीले अध्ययन गरिरहेका थिए भने आर्थिक वर्ष २०६४ र ६५ मा चिकित्साशास्त्रतर्फ १० हजार विद्यार्थीहरु अध्ययनरत थिए भने इन्जिनियरिंग एंवं प्रविधिमामा ९ हजार ७ सय १५ विद्यार्थीहरु अध्ययनरत थिए । त्रिभुवन विश्व विद्यालयको इन्जिनियरिंग अध्ययन संस्थानअन्तर्गत सिभिल, मेकानिकल, इलेक्टिकल एवं इलेक्टोनिक्स विषयहरुमा प्रति विषय २५ देखि ३० जना विद्यार्थीहरु प्रतिस्पर्धाद्वारा छानि निःशुल्क अध्ययन गराउँछ । निजीक्षेत्रका इन्जिनियरिंग कलेजहरुले उचच अंक हासिल गरेका विद्यार्थीहरुलाई थप पूर्ण छात्रवृत्ति प्रदान गर्दछन् । चिकित्साशास्त्र अध्ययनतर्फ स्वदेशी र विदेशी छात्रवृत्ति गरी शिक्षा मन्त्रालयले भने वार्षिक झण्डै ३ सय विद्यार्थीलाई निःशुल्क पढाउने अवसर प्रदान गरेको छ । आफ्ना छोराछोरी पढ्नमा मेधावी पनि नहुने धनिका छोराछोरीले मात्रै इन्जिनियर र डक्टर बन्न पाए भनि कराउनु एउटा अरण्य रोदनबाहेक केही होइन । नेपालमा २०६५ फागुन मसान्तसम्ममा विभिन्न जिल्लाहरुमा दर्ता भएका पत्रपत्रिकाहरुको संख्या ५ हजार २ सय ९८ मध्ये दैनिकमात्रै ३ सय ९८ वटा पुगेका छन् । नेपाली अंग्रेजीबाहेक अन्य १२ भाषामा विभिन्न पत्रपत्रिकाहरु प्रकाशित भइरहेका छन् । संचार जगतको विकास संख्यामा मात्र होइन मूलतः प्रतिस्पर्धाका कारण यिनको गुणस्तरमा वृद्धि र यिनले काममा लगाउने संचारकर्मीहरुको क्षमता एवं तलब सुविधामा पनि उल्लेख्य वृद्धि भएको छ । एउटा राम्रो कलेजबाट राम्रो अंक ल्याई उत्तिर्ण भएको समाचार संकलन, विश्लेषण र सम्प्रेषण क्षमता भएको एउटा नवयुवक वा युवतीले प्रति महिना झण्डै ६ अंकको तलब पाउनु यसको ज्वलन्त उदाहरण हो । तर यस स्थितिमा पुग्नका लागि नियन्त्रित राजनीति भएको पंचायति व्यवस्थाको जस्तो भनसुन र दबाबका कारण पत्रकारितामा नियुक्ति हुने

कार्य भने ठप्पै भएको छ। प्रजातन्त्र पुनर्स्थापना अगाडि एक लाखसम्म पनि टेलिफोन संख्या नभएको देशमा २०६५ को फागुन मसान्तसम्ममा ५८ लाख ५६ हजार टेलिफोन ग्राहकसंख्या पुगेको छ र यसको विकास तीव्र गतिमा भइरहेको छ। निजीक्षेत्रमा खोलिने टेलिभिजन प्रशारणको संख्या दिनानुदिन बढ्दै छ। प्रजातन्त्र पुनर्स्थापना अगाडि एक लाखसम्म पनि टेलिफोन संख्या नभएको देशमा २०६५ को फागुन मसान्तसम्ममा ५८ लाख ५६ हजार टेलिफोन ग्राहक संख्या पुगेको छ र यसको विकास तीव्र गतिमा भइरहेको छ। निजीक्षेत्रमा खोलिने टेलिभिजन प्रशारणको संख्या दिनानुदिन बढ्दै छ।

बैंकिंग क्षेत्रमा भएको विकास र प्रतिस्पर्धाका कारण नेपालमा पढ्ने र जागिर खाने मूल चिन्तनमा आमूल परिवर्तन आएको छ। प्रजातन्त्र पुनर्स्थापना अगाडि निजीक्षेत्रमा बैंक एवं वित्तीय संस्था नखुल्दासम्म शक्तिमा रहेका हुने खाने व्यक्तिहरुको छोराछोरीले जुन विषय वा डिभिजनमा स्नातक गर्नासाथ नेपाल राष्ट्रबैंक र सरकारी स्वामित्वका राष्ट्रिय वाणिज्य बैंक एवं नेपाल बैंक तथा कृषि विकास बैंकमा सोर्स र फोर्समार्फत जागिर पाउँथे भने अहिले राम्रो कलेजबाट राम्रो अंक ल्याई उत्तीर्ण गरेका, विषेशतः व्यवस्थापन संकायका, विद्यार्थीहरु भर्ना गराउन निजीक्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु तँछाड मँछाड गरेर लागिरहेका छन्। यी मेधावी विद्यार्थीहरुका लागि कुनै सोर्सफोर्सको आवश्यकता पर्दैन। मेधावी विद्यार्थीका लागि पैसाको अभाव भए शैक्षिक ऋणसमेत उपलब्ध छ। यहाँनेर महँगो कलेजमा पढ्नेले मात्र जागिर पाए भनि सधैं उल्टो सोच्ने व्यक्तिले प्रश्न गर्न सक्दछ। ती व्यक्तिका लागि उत्तर भनेको एसएलसी, इन्टरमेडिएट वा प्लस २ मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई नेपालका स्तरीय कलेजहरुले प्रदान गर्ने सतप्रतिशत छात्रवृत्ति एउटा जल्दोबल्दो उदाहरण हो। एसएलसीमा उच्चस्थान हासिल गर्ने व्यक्तिलाई पुरै छात्रवृत्ति त के पैसै तिरेर आफ्नो कलेजमा भित्र्याउने कार्यलाई यस्तै सधैं उल्टो सोच्नेहरुले शिक्षा क्षेत्रमा पनि व्यवसायजस्तै प्रतिस्पर्धा भयो भनि टिप्पणी नगरेका भने होइनन्। तर उच्च मेहनत गरेर उच्चस्थान हासिल गर्न सके नेपालमा पनि उच्चशिक्षा हासिल गर्नका लागि आर्थिक स्रोत बाधक हुने रहेनछ भन्ने प्रमाणित भएको छ।

एकातर्फ यस्तो स्थिति छ भने अर्कोतर्फ मेरै आफन्तजनहरुमा काठमाडौंमा दश रोपनी जग्गा हुनेहरुले आफ्नो एक्लो छोरो वा छोरी गाउँकै निम्नस्तरीय बोर्डिङ भनाउँदो स्कुलमा पढाएका छन् भने मलाई बेलाबखतमा रात साँझ ट्याक्सीको सेवा उपलब्ध गराउन सुनसरीका ट्याक्सीचालक चौधरीले भने महँगो र स्तरीय बोर्डिङमा आफ्ना तीन जना छोरीलाई पढाउँदै जेठी छोरीले इन्जिनियरिंगमा स्नातक गरेकी छिन् भने माइली छोरीले एसएलसीमा ७५ प्रतिशत अंक हासिल गरी किष्ट कलेजमा व्यवस्थापनतर्फ जोड २ मा भर्ना एवं मासिक शुल्कमा ५० प्रतिशत छुट पाई अध्ययन गर्दै छिन् । ट्रेकिंगमा भरिया भई भारी बोकी हिँड्ने अर्का एक गुरुंग भाइकी छोरीले एसएलसीमा डिस्टिंसन ल्याई डनबोस्को कलेजमा बिना भर्ना एवं मासिक शुल्क प्लस २ मा व्यवस्थापन संकायमा उनले आफ्ना छोरी पढाई रहेका छन् । दश रोपनी जग्गाका मालिक र उद्धृत यी दुई व्यक्तिका बीच धनि गरिबको मुद्दा हो कि उद्यमशीलताको कुरा हो ?

प्रजातन्त्रको पुनर्स्थापना हुनुअगाडि उद्योग व्यापार गर्नका लागि इजाजतको आवश्यकता पर्दथ्यो भने वैदेशिक व्यापारका लागि त नियन्त्रित परिवर्त्य मुद्रा प्राप्त गर्नका लागि ठूलो सोर्स र फोर्सको आवश्यकता पर्दथ्यो । नेपालको उद्योग व्यापारको ठ्याम्मै सबै भाग त्यसबेला राजनीति संचालन गर्ने दरबार र यस निकट व्यक्ति, नेवार समुदाय र दिल्लीसँग सम्पर्क भएका मारवाडीले ओगटेका थिए । यो समूहभन्दा बाहिरकाले त्यसबेला ठूलठूला होटेल व्यवसाय, सिन्थेटिक टेक्सटाइल, वनस्पति घिउ, इलेक्ट्रोनिक्स जडान उद्योग, घडी उद्योग आदिका लाइसेन्स पाउने कुनै संभावना नै थिएन । २०४९ सालको औद्योगिक नीति एवं वैदेशिक लगानी नीतिले इजाजत प्रथा खारेज गरेर जोकोहीले पनि सजिलैसँग उद्योग व्यापार गर्न पाउने व्यवस्थाले मात्र नेपालमा पोखराका हरिप्रसाद पाण्डे, भाटभटेनीका मालिक मीनबहादुर गुरुंगले उद्योग व्यवसायमा सफलता पाउन सकेका हुन् । भलै नेपालमा आर्थिक उदारीकरणका पछि माथि उल्लेख गरिएका तीन वटा समूहभन्दा बाहिरका कुन जात, जाति, जनजातिले नेपालको उद्यम व्यवसायमा के कति हिस्सा ओगटेका छन् भनेर कुनै गहन अध्ययन त भएको छैन तर वैदेशिक रोजगारी व्यवसाय,

निर्माण व्यवसाय, वित्तीय व्यवसायमा सफल देखिएका व्यक्तिहरुको नाम र अनुहारले यी व्यवसाय पक्कै प्रजातन्त्रको पुनर्स्थापनाअघि भन्दा अहिले बढी समावेशी भएको छ भनेर भन्न सकिन्छ ।

खानदानी समूहभन्दा बाहिरका उद्यमी व्यवसायीहरुको सफलता भने उल्लेख गरेको तीन थरीलाई पच्न भने सकेको छैन । मेरै गाउँ नजिकै बाहिरबाट बस्न आउनुभएका अन्जु गुरुंग (नाम परिवर्तन) ले आफ्ना पति अरबमा काम गर्न गएका बखत पठाएको पैसाले आफ्नो नाममा दर्ता नहुने नयाँ वस्तीको घर किनी त्यसै घरलाई पुनः बेची ४ आना जग्गा किन्दै बेच्दै गएको ७ वर्षमा काठमाडौंमा एउटा पक्की घर र सम्पत्ति जोडी आफ्नो एउटा छोरालाई १० वर्षको उमेर नपुग्दै अमेरिका पढाउन सफल भएकी छिन् र आफ्नो जग्गा खरिदबिक्री व्यवसाय एउटा स्कुटर चढ्दै सम्हाल्दै आएकी छिन् । यिनको सफलता सहन नसकेर २ जना परम्परावादी बाहुनहरुले यिनका चरित्रका बारे नकारात्मक टिप्पणी गरेको कानेखुसी सुन्नुपर्दा यो लेखकले अचम्म मानेको थियो ।

देशमा सफल उद्यम व्यवसायीहरुको संख्या बढ्दै गयो भने आफू पछि परिने डरका कारण तीन थरीको समूहको जत्थाले सफल उद्यम व्यवसायी, पत्रकार, डक्टर, इन्जिनियरहरुको यिनै अन्जु गुरुंगको जस्तै नानाभाति आक्षेप लगाउँदै हिँडेका छन् । एउटा पत्रकार सफल रह्यो भने उसलाई हिजोसम्म फलाना ठाउँमा टाइपिस्ट थियो भनिदिन्छन् । उद्योग व्यवसायमा अर्को सफल भयो भने फलाना पाण्डेको वित्तीय संस्थामा कर्मचारी थियो भनिदिन्छन् । अर्का सफल व्यवसायीलाई हिजोसम्मको नायब सुब्बा नै हो भनि काठमाडौंका कुलीनहरुले भाग लिने ककटेल पार्टीहरुमा टिप्पणी गरिरहेका हुन्छन् ।

यति हुँदाहुँदै पनि खट्किने कुरा भनेको दुईवटा छन् । पहिलोमा उद्यमशील व्यक्तिलाई सम्मान गर्नुको साटो होच्याउने प्रवृत्तिमा कमी आएको छैन भने सीमित उदारीकरणलाई पूर्ण गर्ने काममा गएका १० वर्षमा बिल्कुलै अगाडि बढाउन सकिएको छैन । उद्यमशीलताको सबैभन्दा बढी कदर

गर्ने देश अमेरिकामा सानो तहबाट माथिल्लो तहमा पुगेका उद्यमीको ठूलो कदर गर्ने मात्र होइन उनका जीवनहरु खोजी खोजी पढी अरु व्यक्तिहरुले समेत तिनबाट शिक्षा लिएका हुन्छन् । अमेरिकामा छोटो समयमा ज्यादै सफल व्यवसाय संचालन गर्न सक्षम कफी सप Star Bucks का प्रमुख कार्यकारी हवार्ड सुल्जले कलेज पढ्न खर्च तिर्न नसकेर फूटबल खेलाडीको रुपमा कलेजमा छात्रवृत्ति पाएका थिए भने यिनले आफ्नो खर्च टार्नका लागि रगत बेचेका थिए । त्यस्तै Apple Computer, Iphone र अहिले IPod हरु बजारमा सफलतापूर्वक विस्तार गरेका स्टिभ जब्स कलेजको अध्ययन पूरा गर्न नसकेका व्यक्ति हुन् । नेपालमा भने सफल व्यवसायी कसरी सफल भयो भन्ने अध्ययन त कता हो कता उल्लेख गरेजस्तै यिनका चरित्र हत्याका कुराहरु मात्र उठाइने गरिएको हुन्छ । यसो हुनुमा खान्दानी वर्गले नयाँ उद्यमशील वर्गको उत्थानबाट आफ्नो स्वार्थमा धक्का लाग्ने डरका कारण हो । यस्ता उद्यमशील व्यक्तिहरुको उदय नहोस् भनि यी र यस्ता समूहकोलर्को माओवादीतर्फ लाग्न पुगेका हुन् । अर्को कुरा भनेको अर्थतन्त्रको विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार : सडक, विद्युत् जस्तामा जति विकास हुनुपर्थ्यो त्यो भएन । उदारवादी आर्थिक नीतिहरुलाई टेवा पुर्‍याउने सरकारी नियमन कार्य र न्यायिक प्रणाली पारदर्शी र भ्रष्टाचार मुक्त हुन सकेन । यातायात व्यवसाय, स्थानीय निकायहरुले उठाउने कर र व्यवसायीहरुलाई विभिन्न राजनीतिक संगठनका भातृ संस्थाहरुले दिने दुख र उठाउने चन्दा कार्यमा कमी आउनु त कता हो कता यिनको दिन दुई गुणा रात चौगुणा वृद्धि हुँदै गएको छ । नापतौल जाँच गर्ने संस्थाले घुस आएर मात्र काम गर्ने, औषधिको गुणस्तर मापन गर्ने विभागमा भ्रष्टाचार सबैभन्दा ठूलो कार्य हुने, न्यायाधीशहरुले पैसा खाँदै मुद्दाको फैसला गर्दै जाने, विदेशबाट अध्ययन गरेर आएका डाक्टरहरुको परीक्षा लिने स्वतन्त्र संस्था नेपाल मेडिकल काउन्सिलको योग्यता निरीक्षणको प्रश्नपत्र बजारमा बिक्री हुने कार्यले उदारीकरणलाई नै बदनाम गराउन पुगेको छ । नेपालमा देखिएका नकारात्मक कुराहरु उदारीकरणको उपज होइन, यसलाई नियमन गर्ने निकायहरुको भ्रष्ट व्यवहारका कारण हो ।

उदारीकरण भनेको अर्थतन्त्रमा फुटबल खेलमा जस्तै स्वस्थ्य प्रतिस्पर्धा सिर्जना गराउनु हो । फुटबल खेल प्रतिस्पर्धी एवं राम्रो गराउनका लागि रेफ्रीको कुनै पक्षप्रति पक्षपाति नभएको भूमिका जति आवश्यक हुन्छ उदार अर्थतन्त्रमा पनि सरकारको त्यस्तै भूमिकाको अपेक्षा गरिन्छ । शिक्षण अस्पतालहरु बढी खुल्नु देशका लागि राम्रो त हो तर खोल्नकै लागि मन्त्री, सचिवहरुलाई करोडौं रुपैयाँ घुस खुवाउनुपर्ने कार्यले खेल कति प्रतिस्पर्धी होला ?

९० को दशकको सीमित उदारीकरणले सीमित समूहको कब्जामा रहेको चिकित्साशास्त्र, इन्जिनियरिंग, पत्रकारिता एवं उद्यम व्यवसायलाई सबै नेपालीले सहभागी हुने गरी खुल्ला गराउनु एउटा ठूलो उपलब्धि हो । मेहनत गरे पैसा कमाउन सकिन्छ र जुनसुकै तह र विषयको अध्ययनका लागि कुनै बाधा अड्चन छैन । यी उपलब्धिलाई देशमा देखापरेको हिंस्रक राजनीतिले अगाडि बढाउने कार्य भने ठ्याप्पै रोकिदियो । अस्थिर राजनीतिका कारण सफल हुन खोज्ने व्यवसायीहरुले व्यवसाय संचालनका लागि नदेखिने अतिरिक्त खर्चहरु बेहोर्नु पर्‍यो जसका कारण नयाँ उद्यमीहरु बजारमा देखा परेनन् भने पुरानामा पनि अतिरिक्त खर्च तिर्न नसक्नेहरुले व्यवसाय बन्द गर्दै जानुपर्‍यो । राजनीति नसुध्रिएसम्म ९० को दशकमा सुरु गरिएको उदारीकरणले सिर्जना गरेको जतिसक्दो धेरै उद्यमशीलहरुको अर्थतन्त्रमा सहभागितामा भने वृद्धि हुने छैन ।

# भाग १

# केन्द्रीय योजना प्रणाली र यसका विकल्प

# डा. चालिसे र उदार अर्थतन्त्रको चिन्ता

श्री मनमोहन भट्टराई *

डा. भोला चालिसेसँग मेरो धेरै घनिष्ट पुरानो सम्बन्ध होइन । वि.सं.२०४६ सालपछि संसदीय व्यवस्थाको पुनः व्यवस्था पछि तत्कालीन प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईको निर्देशनमा मैले सरकारमा रही काम गर्ने अवसर पाएको हुँ । अरु कुरा जे सुकै भएतापनि लोकतन्त्रमा सूचनाको प्रवाह भने जनताका माझ पुऱ्याउनु पर्दछ । सही के हो, गलत के हो, त्यो कोट्याउने काम जनताको हुन्छ भन्ने सोचले हामीले उच्चस्तरीय सरकारी कर्मचारीलाई नै मन्त्रालयहरुको प्रवक्ता बनाउने र जनताले मागेको सूचना प्रवाह गर्ने व्यवस्था अन्तर्गत डा. चालिसे त्यस बेलाको सह-सचिव र प्रवक्ताका रुपमा आउनुभो र हाम्रो परिचय दोहोरियो । नितान्त उदार र खुल्ला लोकतन्त्रकै पक्षमा रहेका तत्कालीन प्रधानमन्त्री र हाम्रा बीचको सोच मिल्न गयो । त्यसैगरी बिस्तारै हाम्रो सम्बन्ध पनि प्रगाढ हुँदैगयो । डा. चालिसे भियना स्कुल अफ इकोनोमिक थटको प्रोडक्ट हुनुहुन्थ्यो । स्वभावतः उक्त संस्था पनि उदार अर्थतन्त्रको पक्षपाती नै थियो । यसलाई एउटा असजिलो परिस्थिति भन्नु पर्दछ । समाजवादी एवं साम्यवादी राजावादी स्वतन्त्र भनिएपनि समाजवाद माथि आस्था राख्ने ११ जनाको मन्त्रिमण्डलमाझ हामी दुई पात्र भने कौवाका बीचमा बकुला झैं देखिन्थ्यौं । विचार त मिल्यो, तर त्यसलाई कार्यान्वयन गर्ने हामीसँग शक्ति भने थिएन । राज्य व्यवस्था जुन किसिमले सञ्चालन हुँदैथियो, हामी अराजक पो हौं कि भन्ने हामीलाई कहिलेकाहीँ लाग्थ्यो । वि.सं. २०४७ सालदेखि आजसम्म राज्यले लिएको आर्थिक नीतिसँग म कहिल्यै सहमत भईन । थोरै उदारवादतिर जाने प्रयत्न राज्यले गरेता पनि त्यसले पूर्ण अर्थमा आकार भने कहिल्यै पाउन सकेन । एक निष्कलंकित भ्रष्टाचारमुक्त सच्चा राष्ट्रसेवकका रुपमा मैले डा. चालिसेलाई देखें । एक दिन उहाँले

* श्री मनमोहन भट्टराई नेपाली काँग्रेसका नेता हुनुहुन्छ ।

मलाई खाने निम्तोपनि दिनु भायो । म र उज्वल शर्मा, जसले उहाँको घर देखेका थिए, हामी त्यहाँ पुग्दा म चकित भँए । एउटा सचिवको घर, मुढा बाहेकको मैले कुनै फिर्निचर देखिन । पुराना हाम्रा घरमा हुने कसौडी बाहेक अर्को कुनै भाँडाकुँडा पनि देखिन । उहाँ आफैंले खाना बनाउनुभो र खुवाउनुभो । किलामा टाँगिएका उहाँका मैलपोस सुरुवाल कोट, अनि त्यसैगरि प्यान्ट, कोट र टाई, ती पनि भित्तामा टाँगिएका किलामा देख्दा नेपाल बन्न र बनाउन यस्ता केही मित्रहरु भएदेखि मुलुक सुदृढ बन्छ भन्ने विश्वासका साथ म बडो आनन्दित भएँ ।

ज्यादै स्वभाविक थियो - उहाँ एक ठाउँबाट अर्को ठाउँमा सर्दै, काम गर्दै जानु भो । कतिपय कुराहरु न उहाँलाई चित्त बुझ्थ्यो न मलाई । राष्ट्रिय योजना आयोग, केन्द्रीय बैंक, यी सबैका औचित्य प्रति हामी आपसमा छलफल गर्दथ्यौं । उहाँले लेखेका कुराहरु त मैले पढें र मैले आँफै पनि लेखें कि राष्ट्रिय योजना आयोगको औचित्य छैन । झण्डै ५ दशक भन्दा लामो योजनाको इतिहास लिएको नेपालमा जाजरकोटमा सामान्य जीवनजल नपाएर ४०० भन्दा बढी शिशुहरु मरेको अवस्था देखियो । कलिलो उमेर देखि देश घुम्ने रहर भएको मैले एक बट्टा चुरोट किन्नका लागि ३-४ घण्टाको पैदल यात्रा गर्नुपर्यो । अहिले दुर्गम भन्दा दुर्गम क्षेत्रमा पनि २०-२५ मिनेटको दुरीमा पसलहरु भेटिन्छन् । त्यहाँ विलासका हर प्रकृतिका सामानहरु पनि पाइन्छन् । चाउचाउ, बिस्कुट, स्याम्पु, साबुन, लिपइस्टिक, टिका, क्लिप्स, आदि । यि सबै भन्दा माथि हरेक ब्राण्डका रक्सीहरु । तर सामान्य जीवनजल या सिटामोल खोज्न भने ५ घण्टा वा एक दिनको यात्रा गर्नु पर्दछ । योजना आयोग कतिवटा अस्पताल र कतिवटा स्वास्थ्य केन्द्र आदि कुरा त गर्न सक्ला तर ती पसलहरुमा आवश्यक कुराको आपूर्ति भने गर्न सक्दैन । बजार भनेको व्यापारको खोजी हो । बजार देख्नेले माथि भनिएका सबै सामानको आपूर्ति गर्न सक्दछ । योजनाले ती कुराहरु केही गर्न सक्दैन र नगरेका धेरै उदाहणहरु छन् । योजना बजार आपूर्तिका लागि बन्दै बन्दैन । कहाँबाट भित्राइयो यो सोच भनेर खोजी गर्दा लेनिनमा पुग्ने, स्टालिनमा पुग्ने या कुनै अधिनायकवादी शक्तिकहाँ पुग्ने यो कुनै दर्शन नै होइन । योजनामुक्त र उदार अर्थतन्त्रमा समृद्धि आँफै आएको

देखिन्छ । यथार्थमा समृद्धि भनेकै स्वतन्त्र नागरिकको जाँगर र उसको उद्दमशिलतामा भर पर्दछ । मान्छे आँफैमा अनन्त सम्भावनाको कुन्ज हो भनेर वी.पी. कोइराला पनि भन्ने गर्नुहुन्थ्यो । राज्यले समृद्धि दिन्छु भनेर रटान दिन्छ र सबै प्रधानमन्त्रीले यही भन्दै आएका छन् । राज्यको कार्यकारी प्रमुखले दिएर हुने भए अधिनायकवादी शक्तिले जहिले पनि यिनै कुरा दोहोऱ्याइरहेको हुन्छ । आजकै अवस्था हेर्ने हो भनेपनि नेपालमा पनि समृद्धि अलाप गर्नेहरु अधिनायकवादी सोचबाट प्रेरित व्यक्तिहरु नै देखिन्छन्, चाहे ती बाबुराम हुन्, या प्रचण्ड, या खडग ओली, या हिजोका राजाहरु ।

विश्वको कुनै समाज पनि अधिनायक प्रवृत्ति भएका नेताहरुबाट समृद्धितिर उक्लेको एउटै पनि उदाहरण छैन । यस्तो प्रवृत्तिबाट विश्वको सबै भन्दा गरिब मुलुक बन्न सक्छ जहाँ भोकमरीले मात्रै लाखौं जनता वर्षै पिच्छे मदर्छन् । जस्तै, उत्तर कोरिया । उत्तर कोरिया आफूलाई आणविक शस्त्रयुक्त मुलुक बनाउनका लागि मुलुकको सम्पूर्ण श्रोत खर्च गर्न तयार छ । अधिनायकहरु यसै गरी सपना बाँड्छन् तर ति केहिल्यै पुरा चाहीँ हुँदैनन् ।

नेपालमा योजना आयोग र केन्द्रीय स्तरमा रहेका कुनै पनि निकायले देश भरी न त विकास न समृद्धि नै बाँड्न सकेको छ । यो उनीहरुको कामै होइन । राज्यवादी सोच हुनेहरुका लागि राज्य विना समाजनै चल्दैन होला भन्ने लाग्दछ होला । कल्पना गर्न सकिन्छ, राज्य संचालन गर्ने जिम्मेवारी लिएकाहरुले कहाँ कसलाई के नै पुऱ्याउन सकेको छ । त्यो यहाँ नेपाललाई मात्र हेर्दा पनि बुझ्न सकिन्छ । स्वतन्त्र नागरिक भएका मुलुक या समाज या राज्य र नियन्त्रित समाजका बीचको भेदलाई छुट्टयाउने हो भने यो कुरा स्पष्ट देख्न पनि सकिन्छ । तर देखेका कुरामा आँखा चिम्लिदिने हो भने कसैको केही लाग्दैन ।

जानेर वा नजानेर र हुनुपर्दथ्यो वा हुनुपर्दैनथ्योको दुविधा भित्र मुलुक अब संघीयतामा गईसक्यो । संघिय राज्य व्यवस्थामा केन्द्रीय योजना आयोग, केन्द्रीय बैंक, केन्द्रीय विभागहरुको स्थान कहाँ नेरी हुन्छ भन्ने कुरामा अझै पनि हामीले गम्भीर छलफल गरेकै छैनौं । अर्थ नीति या अर्थशास्त्रका

नियमहरु राज्यले निर्माण गर्ने नै होइन । हरेक व्यक्ति आफैंमा एउटा अर्थशास्त्री हो । अर्थशास्त्रको सामान्य सिद्धान्त अनुसार पनि व्यक्ति पहिले बिक्रेता हो, त्यसपछि मात्रै ऊ क्रेता हो । बजार खोज्न अन्त जानै पर्दैन । व्यक्ति आफैं भित्र एउटा बजार हो । बिक्रेताका रुपमा बजारले दिन सक्ने मूल्य ऊ आफू खोज्छ र क्रेताका रुपमा ऊ अर्काको उत्पादनलाई सस्तोमा किन्न खोज्छ । बजारको यो सामान्य सिद्धान्त अनुसार यो विश्व चलेको छ । राज्यको हस्तक्षेप यो अर्थशास्त्रको विरुद्धमा जान्छ । राज्यवादी सोचले जहिले पनि कमजोर नागरिक र बलियो राज्य खोजेको हुन्छ । कमजोर नागरिकले राज्यसित कुनै पनि प्रकृतिको सौदाबाजी गर्न सक्दैन । राज्य र त्यसका शासकहरु जहिले पनि नागरिकलाई कमजोर बनाउन चाहन्छन्  र यही अधिनायकवादी सोचले व्यक्तिका अनन्त सम्भावनालाई खुम्च्याउने गर्दछ । विकास र समृद्धि यस्तै अवस्थामा नेताहरुको भाषणमा सीमित हुन जान्छ ।

डा. चालिसेलाई सम्भिँदा यी विचारहरुका प्रति हामी कति इमानदार हुन सक्दछौं भन्ने कुरो नै प्राथमिकतामा राख्नुपर्दछ । उहाँ केन्द्रीय यो जनाको विरोधी हुनुहुन्थ्यो । केन्द्रीय योजना आयोगको पनि उहाँ खारेजीको माग गर्नुहुन्थ्यो । कुनै बेला विकसित मुलुकहरुमा आर्थिक संकट हुँदा त्यो उदारवादको कारण होइन पनि भन्नुहुन्थ्यो । यथार्थमा सामान्यतः पूँजीवाद शब्द उच्चारण नगरेपनि पूँजीवादका गुणहरुलाई समेटेर उहाँले उदारवादको संज्ञा दिँदै आफ्ना धेरै विचारहरु प्रस्ट रुपमा राख्नु भएको छ । पुँजीवाद भन्ने शब्द नै प्रयोग नगर्नुमा उहाँ भित्र कुनै संकोच देख्न सकिन्छ । त्यस्तो संकोच पर्ने नै अवस्था यो लेखक चाहीँ देख्दैन । पूँजीवाद भित्रका समस्याहरु समाधान गर्न उसै भित्र केही औजारहरु छन्, जो स्वभाविक रुपमा अगाडी देखिन्छन् र हरेक संकटलाई व्यहोर्न सक्ने क्षमताको प्रदर्शन पनि गर्दछ । समाजवाद एवं साम्यवादमा संकट आउँदा व्यवस्था नै पल्टने बाहेकको अरु उपाय हुन सक्दैन ।

# केन्द्रीय योजनामा मरिहत्ते हाल्नु दर्शनको दिवालियापन

डा. भोलानाथ चालिसे

००-००-००००
नागरिक दैनिकमा प्रकाशित

दश जवान सदस्यसहित एक जना उपाध्यक्ष रहेको जम्बो राष्ट्रिय योजना आयोगले गत जेठ १४ गते के कस्तो राजनीतिक निर्णय हुँदै छ भन्ने आँकलन नै गर्न नसक्ने अवस्थाको पूर्वसन्ध्या पारी नयाँ त्रिवर्षीय योजनाको आधारपत्र प्रकाशमा ल्यायो । आर्थिक नीतिहरु भनेका राजनीतिक उद्देश्यको कार्यान्वयन पक्ष हो । राजनीति नै स्पष्ट नभएका बखतमै किन यो त्रिवर्षीय योजना हतार हतारमा निकाल्नु परेको हो स्पष्ट छैन । विधिशास्त्रीहरुले राजनीतिलाई पन्छाउँदै आफैंले नेतृत्व लिन थाले भने देशमा निरंकुश नेताको जन्म दिन्छ । नेपालको अहिलेको राजनीति भनेको नयाँ संविधान निर्माण गरी जतिसक्यो चाँडो निर्वाचन गराउनु बाहेक अरु केही होइन । यो कार्य नगरुन्जेलसम्म जेजस्तो भने पनि सरकार एउटा काम चलाउ मात्र हो । काम चलाउ सरकारले तीन तीन वर्षसम्मको कार्यक्रमको रुपरेखा तयार पार्नु नैतिक कार्य होइन । यति हुँदाहुँदै पनि यो अवधारणापत्रले न वास्तविक योजनाको नै खाका कोरेको छ न संघीयतालाई संस्थागत गराउन कुनै सोच नै राखेको छ । नयाँ संविधान निर्माण र निर्वाचन हुनुपूर्वको समयको व्यवस्थापनका लागि अवधारणापत्रले केही भन्दैन । उदाहरणका लागि संविधानसभाको राज्यपुनर्संरचना र राज्यको शक्ति बाँडफाँट समितिले तयार पारेको प्रतिवेदनमा जनपद प्रहरीको कार्य प्रान्तको क्षेत्रमा रहने सिफारिस गरेको छ । संविधान बन्दासम्म यो प्रावधानमा खासै परिवर्तन नहुने अड्कल काट्न सकिन्छ । यसो हो भने संविधान लागू भएको भोलिपल्ट जिल्ला, अंचल र क्षेत्रमा रहेका जनपद प्रहरी बलको स्थिति र कार्यक्षेत्र के हुने यो योजना केही बोल्दैन । ७५ जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालय रहने कि नरहने योजना फेरि पनि बोल्दैन । यस्ता अनगिन्ती कार्यहरु छन् जसलाई सरकारले एउटा अन्तरिम व्यवस्थापन रणनीति

बनाई कार्यान्वयन गर्नुपर्ने छ । तराईको प्रान्तले आफ्नो क्षेत्रमा संघीय सरकारको वन कार्यालय नराखी आफ्नो वन आफैं संरक्षण गर्छु भन्यो भने तराईमा रहेका वन कार्यालयहरुको स्थिति के हुने भन्ने बारे योजना मौन छ ।

**संघीयतामा जानु भनेको निम्न उद्देश्य प्राप्ति गर्नका लागि हो :**

- संघीयताले प्रदेश प्रदेशबीच प्रतिस्पर्धाद्वारा विकासको गतिलाई तीव्र पार्दछ ।
- प्रदेशको स्रोत र साधनहरुको समुचित उपयोग हुन्छ ।
- प्रदेशहरुले विकास कार्यका लागि केन्द्रको मुख ताकिरहनु पर्दैन र यसले विकासको गतिलाई बढावा दिन्छ ।
- प्रदेशहरु आत्मनिर्भर हुनेछन् ।

**केन्द्रीय योजना भने उल्लेखित चारैवटा सिद्धान्त बिरोधी हो ।**

अवधारणापत्रको निर्माण र यसमा अन्तर्निहित कुराहरु अध्ययन गर्दा त यसले देशमा आउँदो तीन वर्षमा पनि नयाँ संविधान निर्माण नहुने संकेत पो देखाउँछ । यस्तो सोच राख्नेहरुलाई कसरी प्रजातान्त्रिक मान्नु र यिनलाई जनताले तिरेको करबाट किन तलब भत्ता खुवाई रहनु ?

देश संघीयतामा जाने भइसकेपछि पहिलो त केन्द्रीय योजना लागू नै गर्नु हुँदैनथ्यो । लागू नै गर्नुपर्ने थियो भने देशमा संघीयतामा जानका लागि पहिलो त बलियो जग बसाल्नुपर्ने थियो । केन्द्रीय योजना भनेको व्यक्तिको स्वतन्त्र छनौट गर्ने अधिकार बिरोधी हो र यसले व्यक्तिलाई स्वतन्त्र होइन राज्यको दास बनाउँछ । केन्द्रीय योजनाले व्यक्तिको छनौट गर्ने स्वतन्त्रतालाई मात्र हडप्पने होइन व्यक्तिको स्वतन्त्र चिन्तनलाई समेत हडप्छ । कर्णाली अंचलका बासिन्दाले स्थानीय उपज उपभोग गर्ने हो कि काठमाडौंबाट गएको सडेको चामल भन्ने कुराको निर्णय सरकारले

गर्दछ । व्यक्तिले कुन पेशा अपनाउने भन्ने निर्णयसमेत सरकारले नै गर्दछ । तर यो योजना व्यक्तिलाई दास बनाउने कार्यको समेत हिमायती हुन सकेको छैन । योजनाको प्रमुख रणनीतिमा सरकारी क्षेत्रको उपभोग खर्च कटाई राजस्व बचत बढाउन जोड दिने, वैदेशिक रोजगारी प्रवर्द्धन गरी राष्ट्रिय बचत प्रवर्द्धन गर्ने भनिएको छ तर यी रणनीति कार्यान्वयन गर्नका लागि अवधारणापत्रमा सरकारी उपभोग खर्च घटाउने न कुनै उद्देश्य छ न कुनै लक्ष्य छ र न कुनै कार्यक्रम नै छ । बरु अवधारणापत्रले केन्द्रीयस्तरका आयोग, परिषद् निर्माण गर्ने भन्दै सरकारी उपभोग खर्च बढाउने कार्यक्रमहरु पो उल्लेख गरेको छ । वैदेशिक रोजगारी वृद्धिका लागि सरकारी नियन्त्रणमाथि नियन्त्रण थप्दै जाने प्रावधान राखेको छ तर विदेशमा काम गर्न जानका लागि सरकारी स्वीकृति लिनुपर्ने कार्य खारेज गरिने छ भन्न सकेको छैन । यस्तो स्वीकृति लिनु नपरेपछि श्रम मन्त्रालय, श्रम विभागको आवश्यकता नै किन पर्‍यो र ? संघीयता लागू भइसकेपछि एउटा कुनै प्रान्तले विदेशमा जानका लागि आफ्नो प्रान्तका वासिन्दालाई सरकारको स्वीकृति लिनु नपर्ने रणनीति अबलम्बन गर्‍यो भने केन्द्रले त्यसमा हस्तक्षेप गर्ने ?

केन्द्रीय योजनाले स्थानीय उत्प्रेरणालाई मार्ने काम गर्दछ भने संघीयता स्थानीय उत्प्रेरणालाई उजागर गर्नका लागि अवलम्बन गर्नुपरेको हो । प्रस्तावित सबैभन्दा सानो र दुर्गम क्षेत्रमा रहेको जडानु प्रान्तले कसरी विकास गर्ने भन्ने कुरा केन्द्रले किन योजना बनाउनुपर्‍यो ? यो जडानु प्रान्तले योजनामा विश्वास गर्ने अर्थशास्त्रीहरुले सोचेभन्दा बेग्लै रणनीति लिन किन नपाउने ? हालको स्थितिमा यो क्षेत्रमा उपलब्ध हुने बहुमूल्य जडिबुटी यार्सागुम्बालाई मात्रै विकास र बजार प्रवर्द्धन गर्ने कार्यमा यो प्रान्त लाग्छु भन्दा त्यसमा केन्द्रीय योजनाको कुनै भूमिका रहनु हुँदैन । यार्सागुम्बाको आम्दानीबाट प्रान्तले आफ्नो विकास कार्यमा के कसरी खर्च गर्ने भन्ने कुरा उसैको निर्णयमा छोडिदिनका लागि संघीयता अपनाउनुपरेको हो । यो अवधारणापत्र पढ्दा नेपालको शासनको केन्द्र रहेको काठमाडौंका बुद्धिजीवीहरुले संघीयतालाई अँगाल्न नसकेको एउटा उदाहरण हो । केन्द्रीय योजनाले नैतिकता पनि मान्दैन र व्यक्तिको स्वतन्त्रतालाई पनि हदैसम्म

हस्तक्षेप गर्दछ । व्यक्तिको जग्गा वा सम्पत्ति हडप्न पर्‍यो भने केन्द्रीय योजनाले कानुन बनाएर हडप्छ र यस्तो कार्यलाई वैधानिक हो भनेर आफैं भन्दछ । गरिबलाई उकास्ने भन्दै गरिबसँग भएको सबैभन्दा ठूलो सम्पत्ति श्रमलाई उपयोग गर्न पाउने अवसरहरुलाई विभिन्न बाधा, अवरोध खडा गर्दै यसको उपयोगबाट सबैभन्दा बढी फाइदा सरकारले लिन्छ। नेपालकै सन्दर्भमा वैदेशिक रोजगारको संबन्धमा सरकारले खडा गरेका बाधा अड्चनहरु अध्ययन गरेमा यस्तो अवस्थाको स्पष्ट स्थिति ज्ञान हुन्छ । जलस्रोतमन्त्री हुनुभन्दा आजभोलि श्रममन्त्री हुन किन राजनीतिज्ञहरु आफ्ना नेतालाई बढी लेवी बुझाउँछन् ? श्रम मन्त्रालय त परराष्टभन्दा बढी लाभदायक रहेछ भन्ने कुरा त श्रम सहचारी नियुक्ति प्रकरणबाट स्पष्ट भएन र ? वैदेशिक रोजगारमा जाने देशका सबैभन्दा गरिब र तिनैबाट सबै भन्दा बढी सरकारले कानुनी, गैरकानुनी तरिकाबाट पैसा असुल्नु केन्द्रीय योजनाको उद्देश्य राखिनु के नैतिक कार्य हो ?

राजनीतिक स्तरमा माओवादको विरोध गर्ने तर आर्थिक नीतिका रुपमा उनीहरुकै रणनीति : केन्द्रीय योजनामा मरिहत्ते हाल्ने भनेको दर्शनको दिवालियापन हो । अझ नेपाली कांग्रेससँग आवद्ध बुद्धिजीवीहरुले केन्द्रीय योजना निर्माणमा ज्यान दिनु भनेको योजना निर्माणभन्दा पनि आफ्नो बायोडाटामा माननीय उपाध्यक्ष वा माननीय सदस्य थपेर दाताहरुको परामर्श सेवा गर्दा आफ्नो भाउ बढाउनु बाहेक केही पनि होइन । अहिले त्रिवर्षीय योजना निर्माण गर्नुभन्दा अन्तरिम व्यवस्थापनलाई बढी जोड दिनु उपयुक्त हुने थियो ।

# एफ. ए. हाएकको "द रोड टु सर्फडम"को नेपाली अनुवाद, दासत्वको बाटोको प्राक्कथन्

डा. भोलानाथ चालिसे

२०६९
समृद्धि फाउण्डेशन

"फासीवाद र मार्क्सवादको उत्थान, त्यसभन्दा पहिलेको समयको समाजवादी प्रवृत्तिको विरोधी प्रतिक्रियाको रुपमा भएको थिएन, बरु ती प्रवृत्तिको अनिवार्य परिणाम स्वरुप भएको थियो ।"

फ्रेडरिक ए. हाएकको अंग्रेजीको पुस्तक, "द रोड टु सर्फडम"को नेपाली उल्था "दासत्वको बाटो" को भूमिका लेख्न पाउनु मेरा लागि अत्यन्तै सुखद कुरा हो। हाएक र मेरो सम्बन्ध भनेको उनले अध्ययन गरेको र सौभाग्यबस मैले पढ्न पाएको विश्वविद्यालय एउटै हो : भिएना विश्वविद्यालय । सन् १९४४ मा पहिलो पटक प्रकाशित भएको "द रोड टु सर्फडम" पुस्तकको सन् १९४५ मा "द रिर्डस डाइजेस्ट"ले संक्षेपीकृत रुपमा प्रस्तुत गरेको अंग्रेजीको यो नेपाली रुपान्तरण हो । यसको अनुवाद गर्नुहुने "समृद्धि, द प्रोस्पेरीटी फाउण्डेशन"का साथीहरु धन्यवादका पात्र हुन् ।

नेपालमा लोक गीतहरुको विकास गर्न के गर्नु पर्ला भनेर लोक गीत गायिका-गायकहरुलाइ प्रश्न गर्दा सरकारले विकास गर्नु पर्‍यो, काठमांडौको फोहोर फ्याँकन सरकारले के गर्नु पर्ला भन्दा सरकारले बल प्रयोग गरेर भए पनि अर्काको आँगन, पाटोमा फोहोर फ्याल्नु पर्छ भन्ने सोच र गरिबलाई योजना नगरी विकास हुँदैन भन्ने नीति निर्माताहरुको बलियो धारणा रहेको नेपालमा, एक बेग्लै किसिमले सोच्न कर लगाउने पुस्तक हुन सक्दछ, "दासत्वको बाटो" । यो पुस्तकलाई नेपाली बजारले सजिलै स्वीकारला भन्ने कुरामा भने मलाई पनि शंकै छ । बेलायतमा

सन् १९४४ मा प्रकाशित भएपछि यो पुस्तक सुरुमा अमेरिकामा धेरै प्रकाशकहरुले पुस्तक प्रतिक्रियावादी विचारको भन्दै  छाप्न अस्वीकार गरे । सन् १९३० को दशकमा, दशकको आर्थिक मन्दीमा मूलतः सरकार बलियो हुनुपर्छ, नयाँ नोटहरु छापेर भएपनि सरकारले नै रोजगार सिर्जना गर्नुपर्दछ भन्ने विचारका प्रस्तोता जोन एम. किन्स राजनीतिक रुपले प्रभावशाली भएका बखत हाएकको पुस्तकलाई प्रतिक्रियावादी सोचको उपज ठानिनु अनौठो थिएन । छैंसट्ठी वर्ष अगाडी प्रकाशित भएको तर नब्बे वर्ष अगाडी देखिनै यही सोचका बारेमा लेख्दै आएका हाएकको यो पुस्तक र उनका अन्य किताबहरुको खोजी भने अहिले सं.रा. अमेरिका र युरोपका देशहरुमा आएको आर्थिक संकटको कारण र उपाय पत्ता लगाउने क्रममा बढिरहेको छ । हाएकले भनेको कुरा र विचार सन् १९३०को आर्थिक मन्दीकै बेला कार्यान्वयन गरिएको भए यी आर्थिक समस्याहरु पनि विकराल रुपमा सिर्जना हुने थिएनन् र देशका सरकारहरु झनझन बालयो हूँदै सर्वसत्तावादी हुने थिएनन् । हाएकले आफ्नो पुस्तकमा राज्यले योजना मार्फत कसरी व्यक्तिको स्वत्रन्त्रता हरण गर्न सक्दछ र यसकै मार्फत राज्य सर्वसत्तावादी हुन्छ भनेर दार्शनिक सोच पस्केका छन् ।

जुनसुकै नाम र बहानामा राज्यले योजना गर्न थाले पनि त्यसका लागि सबभन्दा पहिले उसले व्यक्तिगत स्वतन्त्रता र व्यक्तिको चाहनाहरुलाई मार्नु पर्दछ । यो मार्ने प्रक्रियामा राज्यले व्यक्तिको सम्पत्ति माथिको अधिकार लाई कुल्चनु पर्दछ। व्यक्तिको सम्पत्तिलाई हडप्नु भनेको व्यक्तिको विचार लाई कुल्चनु हो । व्यक्तिको सोच्ने र निर्णय गर्ने अधिकारहरु नखोसिकन राज्यले योजना बनाउनै सक्दैन। तर अनौठो, यस्तै विचारलाई संसारका धेरै बुद्धिजीवीहरुले मानव हितको पक्षमा रहेको दाबी गर्छन। सरकारले बनाउने योजना पहिलो त यर्थाथ नै हुँदैन किनभने यसले समाजमा रहेको विभिन्न व्यक्तिहरुको निर्णयहरुलाई समेट्न नै सक्दैन । दोस्रो, योजना बनाइहालेता पनि यसको कार्यवन्यनका लागि राज्यलाई ठूलो एवं भद्दा कर्मचारीतन्त्रको आवश्यकता पर्दछ । व्यक्तिको स्वतन्त्र सोच र क्रियाकलापमा आधारित नभएको योजना भएकोले कार्यन्वयनका लागि राज्यले व्यक्ति माथि दमन लाद्नु पर्दछ। यी सबै क्रियाकलापले राज्यलाई फासीवादमा पुर्याउँदछ ।

हाएकको दर्शनमा कम्युनिष्ट भन्दा पनि प्रजातान्त्रिक समाजवादीहरु झन् बढी खतरा हुन्। बरु कम्युनिष्टहरुले सोझै व्यक्तिको स्वतन्त्रता खोसेर मात्रै पूर्ण साम्यवाद स्थापना हुन सक्द्छ भनेर स्पष्ट भन्दछन् भने प्रजातान्त्रिक समाजवादीहरु प्रजातन्त्र भित्र योजना गर्ने भन्दै व्यक्तिको स्वतन्त्रतालाई हरण गर्न पुग्दछन् । देशै बामपन्थ भएका बेला, यो पुस्तक आफ्नो बुद्धि स्वतन्त्र रुपमा प्रयोग गर्नेहरुका लागि उपयुक्त पढाइ होला भन्ने ठानेको छु ।

# खारेज हुनपर्छ राष्ट्रिय योजना आयोग

डा. भोलानाथ चालिसे

००-००-००००

**राष्ट्रिय योजना आयोग खारेज गर्नुपर्ने झन किन आवश्यकता पर्‍यो ?**

यो लेखकले नेपालमा प्रजातन्त्रको पुनर्स्थापना र उदारवादी आर्थिक एवं वित्तीय नीतिहरु अवलम्बन गर्न सुरु गरेपछि राष्ट्रिय योजना आयोगको खारेज गर्नु उपयुक्त हुने कुरा उठाउँदै आएको हो । त्यसबखत यस्तो सवाललाई लिप्सटिक अर्थशास्त्रीको सोच भनि नाक खुम्च्याउनेहरु धेरै थिए । तर अफसोच देश संघीय लोकतन्त्रमा प्रवेश गरिसकेपछि पनि यही जतिसक्यो चाँडो खारेज गर्नुपर्ने राष्ट्रिय योजना आयोगको महत्वलाई अझ बढी बढाउने र यसको पदाधिकारीमा नियुक्ति पाउनका लागि तँछाड मछाड भएको देख्दा अनौठो लाग्दछ । संघीय लोकतन्त्रमा देश प्रवेश गरिसकेपछि यसलाई कसरी संस्थागत गर्न सकिन्छ भनि सुझाव दिनुपर्ने देशका बुद्धिजीवीहरु नै नियुक्तीका लागि सासै छाडेर पछाडि लागेका छन् । मधेसमा केन्द्रले खटाएको पुलिस मान्दैनौं, नवलपरासीमा गण्डक विद्युत योजना भएकाले त्यहाँ लोडसेडिंग गर्न नदिन स्थानीय जनताले पावर हाउस नै बन्द गरिदिने धम्की दिइरहेका बखत काठमाडौंको सिंहदरबारमा रहेको केन्द्रीय योजनाले कसका लागि के योजना तयार गर्ने ? जुनसुकै नयाँ सरकार आउँदा सिंहदरबारले काम गर्ने वातावरण दिएन भन्दै राष्ट्रिय योजना आयोगलाई बलियो बनाउँदै लगे । यसमा जनता र कर्मचारीको के दोष होला ?

व्यक्ति सधैं एउटा योजनाकार हो । व्यक्तिले आफूले गरेका निर्णयहरुबाट फाइदा वा बेफाइदाको आफैं मूल्यांकन गर्दै योजना गर्ने र आफूलाई फाइदा हुने निर्णयहरु गर्दै जान्छ । समाजमा रहेका असंख्य व्यक्तिहरुले आआफूलाई फाइदा पुग्ने निर्णय गर्दा ती निर्णयहरुले अरु कैयौंलाई पनि फाइदा

पुर्‍याइरहेका हुन्छन् । यही व्यक्तिहरुको निर्णयहरुको अध्ययन नै अर्थशास्त्र हो र व्यक्तिका व्यक्तिगत निर्णयहरुलाई कुल्ची सरकारले योजना गर्ने कार्य भने व्यक्तिहरुको व्यक्तिगत निर्णयहरुमाथिको दमन हो । व्यक्ति व्यक्तिले गर्ने निर्णयहरुको साटो सरकारको योजना लागू गर्नका लागि शक्तिमार्फत निर्णय कार्यान्वयन गराउने सर्वसत्तावादी राष्ट्रिय सरकार र बलियो केन्द्रीय योजना संचालन गर्ने योजना आयोगको आवश्यकता पर्दछ। यी दुवै सक्रिय भएका बखत जर्मनीमा हिटलरको उदय भएको हो ।

राष्ट्रिय योजना आयोग महेन्द्रपथलाई बढावा दिने संयन्त्र थियो। एकदलीय पंचायती व्यवस्थामा पनि केही विरोध देखिए । त्यसबेला विरोधीलाई तह लगाउने र राजनीतिज्ञलाई कर्मचारीतन्त्रमार्फत नियन्त्रण गर्ने संस्थाको रुपमा आयोगलाई प्रयोग गरिन्थ्यो । प्रधानमन्त्री, मन्त्रीहरुलाई योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरुले हप्काउने मात्र होइन राजाको अगाडि तिनलाई उभ्याई माफीसमेत मगाइन्थ्यो । अटेर गर्नेहरु राजाबाट हटाइन्थे । प्रजातन्त्रको पुनर्स्थापनापश्चात नै यो आयोगको कुनै आवश्यकता थिएन तर त्यस्तो भएन । प्रजातन्त्रमा मन्त्रीहरुलाई राजाले हप्काउन पाउने नै थिएनन् । त्यसबेला राजावादीहरु राजइच्छा विपरित जाने संभावना नै थिएन । वामपन्थीहरु केन्द्रीय योजना बिना राजनीतिको संभावना नै देख्दैनथे। अब बाँकी रह्यो कांग्रेसको कुरो। कांग्रेससँग योजना आयोग कति प्रजातन्त्र विरोधी संस्था हो भन्ने बारेमा नीति निर्माण स्तरमा बौद्धिक स्पष्टता नै थिएन। कांग्रेसले समाजवादी घाँडो मिल्काउन सकेन । समाजवादका लागि योजना आवश्यक छ भन्ने गुणबाट आफू बाहिर आउनै सकेन। यो देशका लागि ठूलो दुर्भाग्य ठहरियो । कांग्रेसका समाजवादीहरु के ठान्दछन् भने उनीहरुको बुद्धि र विवेक सबैभन्दा उत्तम र अरुहरुका सबैभन्दा बेकाम : हिट्लरले पनि यस्तै सोच्दथे। मान्छेको बुद्धि र विवेकलाई मारेपछिमात्रै केन्द्रीय योजना लागू गर्न सकिन्छ । प्रजातन्त्र केका लागि ? व्यक्तिको बुद्धि र विवेकलाई स्वतन्त्र रुपमा छोडिदिन । मान्छेको बुद्धि र विवेकमा नै सरकारी नियन्त्रण भएपछि व्यक्ति, व्यक्ति होइन सरकारको मेसिनरीको एउटा पुर्जामात्र रहन पुग्दछ। व्यक्ति र बुद्धि र विवेकलाई मार्ने, प्रजातान्त्रिक सोचलाई नकार्ने राष्ट्रिय योजना आयोग आवश्यक छ भन्नेहरु कम्युनिस्ट बाहेक को हुन सक्दछन् ? व्यक्तिको विवेक र बुद्धि

मारेपछि मात्रै साम्यवादको स्थापना हुन सक्दछ । वामपन्थीले कबोल गर्ने आर्थिक असमानता हटाउन सरकारी दमन र केन्द्रीय योजना बाहेक अरु कुनै उपाय छैन र यी दुवै प्रजातान्त्रिक संघीय व्यवस्थामा संभव हुँदैन । माओवादीको अस्तित्वका लागि यो नै सबैभन्दा ठूलो राजनीतिक चुनौति हो ।

राजनीतिशास्त्रका विद्यार्थीदेखि बाहिरका यो लेखकले बुझ्ने संघीयता भनेको जनतालाई शासन गर्ने केन्द्र, प्रदेश वा स्थानीय निकायको सिर्जना, यिनको गठन र सम्बन्धको राजनीतिक दस्तावेज होइन । अमेरिकन संघीयताका विद्वान भिन्सेन्ट ओस्ट्रम (Vincent Ostrom) का अनुसार संघीयता सरकारको एउटा राजनीतिक स्वरुप मात्र होइन यो त व्यक्तिका दैनानुदिनका समस्या समाधान गर्ने एउटा जीवन शैली हो । यो स्वतः व्यवस्थित हुने र स्वतः संचालित हुने व्यवस्था हो जुन नितान्त सबैलाई बराबर स्वतन्त्रता प्रदान गर्ने र न्याय दिने सिद्धान्तमा आधारित हुन्छ । संघीयताले सरकार जनतालाई शासन गर्नका लागि जनताले आफूले आफैंलाई शासन गर्नका लागि सोचिएको एक राजनीतिक दर्शन हो ।

यस सन्दर्भमा लिम्बुवानले के गर्ने के नगर्ने ?, राईले के गर्ने के नगर्ने ?, मधेसीले के गर्ने के नगर्ने ?, थारुले के गर्ने के नगर्ने ? मधेसको कुनै एउटा प्रदेशले आफ्नो प्रदेशमा भूमिसुधार होइन बढी जग्गामा खेतीपाती गर्ने लाई बढी सुविधा दिन्छु भन्यो भने त्यसको विरोध केन्द्रबाट गर्ने ? केन्द्रीय योजना राष्ट्रिय योजना आयोगका उपाध्यक्षलगायत बाहुन सदस्यहरुले निर्णय गर्ने व्यवस्थाले के यही संघीयतालाई बलियो बनाउँछ । लोकतन्त्र जसलाई प्रजातन्त्र भनिदिँदा ठीक हुने थियो र संघीयतालाई दीगो रुप दिने कुराहरु भनेका सहभागिता, सहमति, दबाब बिनाको संलग्नता, साझदारी आवश्यक भएका बेला शक्तिशाली राष्ट्रिय योजना आयोगका बाहुनहरुद्वारा सिंहदरबारको अँध्यारो कोठामा निर्माण गरिएका योजनाहरु लागू गर्दै जाँदा देश प्रजातान्त्रिक संघीयतामा पाइलो हाल्दछ कि महेन्द्रपथतिर फर्किन्छ ? केन्द्रीय योजनाकारहरुले देशलाई एउटा इकाइको रुपमा लिन्छन् । यसअन्तर्गत उनीहरुकै सोचअनुरुप प्रदेश, जिल्ला र इकाइहरुको आफैं स्थापना गर्दछन् र तिनैलाई उनीहरु संघीय स्वरुप भन्दछन् । योजना गर्दा देशरुपी इकाईलाई आधार मानी देशको सबै भागमा एकैखाले योजनाहरु केन्द्रीय सरकारको संयन्त्रमार्फत कार्यान्वयन गर्दछन् । उदाहरणका लागि

धानबाली विकास कार्यक्रम इलाममा पनि संचालन गरिएको हुन्छ र हुम्लामा पनि । सहरी विकास शाखा काठमाडौंमा पनि स्थापना गरिएको हुन्छ भने डोल्पामा पनि । प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी, प्रहरी कार्यालय र जिल्ला अदालतहरु अनिवार्य रुपमा स्थापना गरिएका हुन्छन् । बीस लाख जनसंख्या भएको काठमाडौं जिल्लामा शिक्षाक्षेत्र हेर्ने शिक्षाअधिकारी र १० हजार पनि जनसंख्या नभएको मनांगमा पनि एउटै तहको जिल्ला शिक्षा अधिकारी हुन्छ । मनांगमा मुद्दै नपर्ने ठाउँमा जिल्ला अदालत स्थापना गरी कर्मचारीहरुलाई भर्ना गरिएको हुन्छ। यी इकाईहरुको आवश्यकता शक्तिमार्फत राष्ट्रिय योजना कार्यान्वयन गर्नका लागि स्थापना गरिएका हुन् । लिम्बुहरुको विरोध होस् अथवा मनांगका गुरुंगहरुको विरोध होस् वा थारुहरुको विरोध यही केन्द्रीकृत सोच र योजनामा सबै खाले जनतालाई एउटै खाले मानी कार्यान्वयन गरिँदा स्वतन्त्र निर्णयबाट बंचित हुनुपरेको विरोध हो । जनताले यही विरोध दोस्रो जनआन्दोलन मार्फत प्रदर्शन गरेका थिए । देशमा पनि व्यक्तिहरुले स्वतन्त्रतापूर्वक आफूले आफैंलाई शासन गर्ने प्रणालीको मागको बेइज्जत केन्द्रीय संस्थाहरु योजना आयोग, भूमिसुधार आयोग, प्रशासन संरचना सुधार आयोगको गठन मात्र होइन यिनका क्रियाकलापलाई सशक्त पार्दै गाउँगाउँसम्म पुर्‍याउने क्रियाकलापले बेइज्जती गरिदिएको छ । यसले देशलाई संघीयतातर्फ होइन जनआन्दोलनको तेस्रो चरणमा पुर्‍याउने संभावना बढेको ।

राष्ट्रिय योजना आयोग खारेज होला भनेर आश गर्नेहरुले निराशा बाहेक अरु केही पाउने छैनन् । पहिलो त करोडौं रुपैयाँ खर्च गरेर आयोगको भव्य केन्द्रीय भवन सिंहदरबारभित्र बन्दै छ र आयोगमा अरु सदस्यहरु थपिने क्रममा छन् । देशको राजनीतिमा कम्युनिस्ट र समाजवादीहरुको प्रवल बहुमत छ । व्यक्तिलाई स्वतन्त्र छाड्ने र उसको बुद्धि र विवेकलाई नमार्ने उदारवादी सोचले मात्र संघीयतालाई दीगोपन दिन सक्छ । यो सोच अल्पमतमा परेका बखत राष्ट्रिय योजना आयोग खारेज होइन बलियो हुनु स्वाभाविक हो । यो अल्पमतलाई उजागर गरेर बहुमतमा परिणत गर्न नसकेसम्म सघीयतालाई संस्थागत गर्न सकिँदैन । अहिलेको सरकारले राष्ट्रिय योजना आयोगलाई खारेज गरे यो सरकार पनि संघीयताप्रति उन्मुख छ कि भनेर शंका गर्न पाइन्थ्यो ।

# आर्थिक संकट : उदारवादको उपज होइन

डा. भोलानाथ चालिसे

००-००-००००

विश्वमा, त्यसमा पनि विकसित देशहरुमा, देखा परेको आर्थिक संकट विश्वभरिका वामपन्थीहरुले अति पुँजीवादको उपज भनि विकसित देशका उदारवादीलाई र हाम्रो जस्तो गरिब मुलुकमा उदारवादलाई भन्दा पनि उदार सोचमा आधारित बहुदलवादी संसदीय राजनीतिक व्यवस्थालाई मज्जाले प्रहार गरिरहेका छन् । नेपालका प्रजातन्त्रवादीहरु जो अधिकांश समाजवादमा विश्वास गर्दछन् यस्तो प्रहारलाई प्रतिवाद गर्ने सैद्धान्तिक स्पष्टता नभएकाले के वामपन्थी राजनीति नै उपयुक्त त होइनु भन्ने सोच अँगाल्नेतर्फ धकेलिन पुगेका छन् । स्वतन्त्र बजार कसरी चल्दछ भन्ने कुराको ज्ञान भएकाहरु पश्चिमा देशमा समेत अल्पमतमा रहेका बेला हामीकहाँ समाजवादी प्रजातन्त्रवादीहरु यसरी धकेलिनुमा अनौठो मान्नु पर्दैन । डर मान्नुपर्ने कुरा त के हो भने व्यक्तिगत स्वतन्त्रता र प्रतिस्पर्धी बहुदलवादी राजनीति नै नयाँ नेपालको निर्माणमा अवरोध हुन् भनि ठान्नेहरुले यही अवसरमा अझ बढी प्रहार गर्ने हुन् कि भन्ने हो ।

पश्चिमा देशमा अहिले देखापरेको आर्थिक संकट अति पुँजीवादको उपज भन्ने कुरा नै गलत हो । गलत अवधारणामा आधार गरेर विश्लेषण गरी निकालिएका निष्कर्षहरु स्वतः गलत हुन्छन् । वामपन्थीहरु संसारभरी नै गलत धारणाका आधारमा अफवाह फैलाउन माहिर छन् । विकसित देशमा देखापरेको अहिलेको आर्थिक संकट बैंकहरुले अन्धाधुन्ध लगानी गरेर देखापरेको हो । तर उदारवादीहरु जो स्वतन्त्र बजारमा विश्वास गर्दछन् तिनले भने यो समस्या स्वतन्त्र बजारको प्रक्रिया स्वतन्त्र नछोडेर सरकारले हस्तक्षेप बढाएका कारण उत्पन्न भएको भन्दछौं । कुनै पनि देशको केन्द्रीय बैंकको स्थापना उदारवादी सोचको विपरित हो । कुनै उत्तर

दायित्व नभएको, कसैप्रति जवाफदेही हुनुनपर्ने, खाली नोट छाप्न पाउने एकाधिकारवादी अधिकार प्रयोग गर्ने केन्द्रीय बैंकहरुको हस्तक्षेपले आर्थिक संकट निम्त्याउँदै आएको हो। संसारभरकै केन्द्रीय बैंकहरु सरकार (बुझ्नुहोस् राजनीतिज्ञ) प्रति मात्र बफादार हुन्छन् र सरकारले बजारमा ऋण बढाउनु पर्‍यो, घटाउनु पर्‍यो वा ब्याजदर स्वतन्त्र बजारले निर्धारण नगरी सरकारले चाहेको दरमा राख्नका लागि केन्द्रीय बैंकहरुले हस्तक्षेपकारी भूमिकाहरु बढाइनै रहेका छन् । हामीलाई सुन्दा अनौठो लाग्ला पश्चिमा देशमा पनि वाणिज्य बैंकहरु १८ औं शताब्दीको अन्त्यतिर मात्र स्थापना भएका हुन् । यिनको स्थापनापश्चात स्वतन्त्र बजारले मागअनुरुप ऋणको मात्रा र ब्याज दर निर्धारण गर्ने प्रक्रियालाई हटाउँदै आफू खुसी निर्धारण गर्न सुरु गरेका हुन् । यी वाणिज्य बैंकहरुको क्रियाकलापलाई सिण्डिकेटको रुपमा समर्थन र विकास गर्नका लागि केन्द्रीय बैंकहरुले वाणिज्य बैंकहरुलाई बेलाबेलामा विभिन्न वहानामा पुँजी उपलब्ध गराउँदै गए। केन्द्रीय बैंकहरुले नोट छाप्दा सुन या चाँदीको धरौटी राख्नुपर्ने व्यवस्था रहेसम्म यी बैंकहरुले छाप्ने नोटहरुको सीमामा कटौती त रहेको थियो तर जब पहिलो विश्व युद्ध पछाडि यस्तो व्यवस्थाको अन्त्य भएर विभिन्न समयमा विभिन्न नाममा केन्द्रीय बैंकहरुले आफू खुसी नोट छाप्न पाए । स्वतन्त्र बजारले निर्धारण गर्ने ऋणको मात्रा र ब्याजदरको निर्धारण गर्ने प्रक्रिया त कहाँ मर्‍यो कहाँ यी केन्द्रीय बैंकहरुको असीमित अधिकारका कारण व्यक्तिले आफैंले निर्णय गर्ने अधिकारमाथि बलात्कार मात्र भएन यिनका बिना मूल्य उत्पादन गर्ने शक्तिका कारण सरकार बलियो मात्र भएन निजी उत्प्रेरणाहरु मर्दै मात्र गएनन् समाजलाई नै सरकारले समाजिकीकरण गरेर व्यक्तिलाई व्यक्ति होइन सबै बराबर हुने जनावरको रुपमा परिणत गर्दै लगे ।

अब वामपन्थीहरुले स्वतन्त्र बजार अपनाएको भनिएको तर सरकारी हस्तक्षेप बढीरहेको अर्थतन्त्रमा कसरी उतार र मन्दी आउँछ त भन्ने प्रश्नको उत्तर खोज्नु उपयुक्त हुन्छ। बैंकहरुले केन्द्रीय बैंकको संरक्षकत्वमा आफ्नो हैसियतभन्दा बढी लगानी गर्ने मौका पाउँदछन् तब स्रोतहरु प्रतिस्पर्धी र निपूर्ण क्षेत्रभन्दा बाहिर अप्रतिस्पर्धी र अनिपूर्ण क्षेत्रमा लगानी बढ्दै जान्छ । अप्रतिस्पर्धी र अनिपूर्ण क्षेत्रको लगानीले अर्थतन्त्रलाई उँभो

होइन उँधो तर्फ धकेल्दै लान्छ । अर्थतन्त्र ओरालो लाग्न थाल्यो भने सरकार संकटमा पर्ने हुनाले यसले केन्द्रीय बैंकमार्फत ब्याजदरमा कटौती गरी अझ थप ऋण लगानी गर्दै जान्छ । यस्तो अर्थतन्त्रलाई अन्य निपूर्ण अर्थतन्त्रले धक्का दिँदै जान्छ । यस्तो अवस्थाबाट उन्मुक्ति पाउन सरकारले ती वाणिज्य बैंकहरुलाई बचाउने नाममा जनताले तिरेको कर बाट सोधभर्ना गरिदिन्छ । यसैलाई वामपन्थीहरु अतिपूँजीवादको उपज भन्दै स्वतन्त्र बजारलाई हान्न पुग्दछन् । यो स्वतन्त्र बजारको उपज नै होइन । सरकारहरुले अर्थतन्त्रमा बढी नगद प्रवाहको कारण मूल्य वृद्धि भयो भने करको दर बढाएर व्यक्तिलाई मारमा पार्दछन् भने मन्दीतर्फ अर्थतन्त्र जान लाग्दा सरकारले नै घाटा बजेट वा बैंकहरुको शेयर खरिद गरेर तिनलाई संरक्षण दिन्छन् । यी दुवै खाले क्रिया स्वतन्त्र बजार माथिको सरकारको नांगो हस्तक्षेप हो । उदारवादीले सरकार बलियो बनोस् भनेर कहिल्यै सोच्दैन । उदारवादीहरु स्वतन्त्र बजारमा विश्वास गर्दछन् । स्वतन्त्र बजारमा भएको कुनै पनि हस्तक्षेप वामपन्थी सोचको उपज हो । पश्चिमा देशहरुमा पनि वामपन्थीहरुको बिगबिगी चलेका कारण अहिलेको आर्थिक संकट उब्जिएको हो ।

सरकारले हस्तक्षेप गरेकै कारण यस्ता आर्थिक संकट उत्पन्न भएको हो भने किन केन्द्रीय बैंक र वाणिज्य बैंकहरु नै नभएका बेला पनि अर्थतन्त्रमा बेलाबेलामा उतार र मन्दी आए र यिनको समाधान कसले कसरी गर्नुपर्ने थियो त ? यस प्रश्नको उत्तरका लागि अर्थशास्त्रीहरुले प्रचलित भाषामा बुझ्ने गरेको 'अष्ट्रियन स्कुल अफ इकोनोमिक्स' को सिद्धान्त बुझ्नु सहयोगी ठहरिन्छ । यस स्कुलका २० औं शताब्दीका सिद्धान्तकार लुडभिग फण्ड मिसेस र फेड्रिक फन हाएकका विचारहरु सबैभन्दा सामयिक छन् ।

अस्ट्रियन स्कुल अफ इकोनोमिक्सले भन्दछ, अर्थतन्त्रमा आउने उतार र मन्दी कुनै एउटा उद्यमी वा व्यवसायी (भनौं लगानीकर्ता) ले अर्थतन्त्रको भविष्य कस्तो हुन्छ भन्ने आंकलनमा भर पर्दछ । अर्थतन्त्र उतारको मोडमा जान्छ त्यसैले अहिले उपभोग गर्नुभन्दा लगानी गर्नु उपयुक्त हो भनि लगानी गरेर त्यसको प्रतिफल पाउन थालेपछि अर्थतन्त्र उतारको मोडमा जान्छ । तर यस्ता लगानीकर्ताले गरेको भविष्यवाणी गलत हुन थाल्यो भने

अर्थतन्त्र मन्दीतर्फ धकेलिन्छ । यस्तो उतार र मन्दीको समस्या सरकारले हस्तक्षेप गरेर होइन स्वतन्त्र बजारले निर्धारण गर्न छोडिदियो भने अर्थतन्त्रको उतार र मन्दी आफैं हटेर जान्छ । विषयवस्तुलाई सर्वसाधारणको बोलिमा भन्दा लगानीकर्ताले अर्थतन्त्र भविष्यमा उतारमा जान्छ भनेमा लगानीको लागि पुँजीको माग बढ्छ र पुँजीको माग बढेका बखत व्यक्तिहरुले आफ्नो सम्पत्ति अहिलेको उपभोगमा लगाउने कि भविष्यको आम्दानीका लागि बचत गर्ने निर्णय गर्दछ । लगानीकर्ताहरुले पुँजीको बढी माग भएको देखेपछि लगानीका लागि माग बढेका कारण व्यक्तिहरु अहिलेको उपभोगमा भन्दा भविष्यको आम्दानीका लागि बचत गर्न थाल्दछन् । यस्तो अवस्थामा बजारमा ब्याजको दर बढ्न थाल्छ । सबै लगानीकर्ताहरुको भविष्यवाणी सधैं सफल नहुन पनि सक्दछ । जो जो लगानीकर्ता सफल हुन्छन् तिनले आफ्नो लगानीको राम्रै प्रतिफल पाउँदछन् । जजसको भविष्यवाणी गलत हुन्छ तिनीहरु टाट पल्टिन पनि सक्दछन् । भविष्यवाणीहरु गलत भएका बखत अर्थतन्त्रमा मन्दी आउँछ, सफल भएका बखत अर्थतन्त्रमा चढाव आउँछ । असफल व्यवसायीहरु टाट पल्टिनु भनेको अर्थतन्त्रका लागि राम्रो लक्षण हो । असफल व्यवसायीको संख्या कम सफल व्यवसायीको संख्या बढ्दै जाँदा अर्थतन्त्र सधैं उँभो लाग्दछ । स्वतन्त्र बजारमा पनि उतार र मन्दी आउँछ । तर यस्तो उतार र मन्दीलाई बजारले निर्धारण गर्ने ब्याजदरले छिटो र तुरुन्त सुधार्दछ । सरकारले ऋणको मात्रा र ब्याजदर हरुमा हस्तक्षेप गरिरह्यो भने खासगरी मन्दीको समस्या केही समयका लागि पछाडि सारिन्छ तर पुरै निको भने हुँदैन । यो दुखेको रोगलाई ब्रुफिन खाएर कम भएको महसुस गराउने मात्रै हो, रोगकै निधान भने होइन । अहिले संयुक्त राज्य अमेरिकी सरकारले ७ सय बिलियन डलर खर्च गरेर बैंक एवं वित्तीय संस्थाहरुलाई बचाउनु भनेको ब्रुफिन दिनु सरह हो ।

दुर्भाग्य, यस्तो प्रक्रियालाई स्वतन्त्र रुपमा काम गर्न दिन छोडेर सरकारको भूमिका बढाउने हिमायती वामपन्थीहरुले अर्थतन्त्रलाई 'Equilibrium' मा राख्ने नाममा वा बेरोजगारी कम गर्ने नाममा अथवा देशको कुनै क्षेत्र, वर्ग वा विपन्न समूहलाई फाइदा दिने नाममा केन्द्रीय बैंकमार्फत स्वतन्त्र बजारले निर्धारण गर्ने ऋणको मात्रा र ब्याजदरलाई हस्तक्षेप गरेका कारण नै अहिलेको आर्थिक संकट देखापरेको हो ।

लेखको अन्त्यमा एउटा टिप्पणी थप गर्नु उपयुक्त होला । वामपन्थीहरु पश्चिमा देशका सरकारले र विश्व बैंक तथा अन्तर्राष्टिय मुद्रा कोषले चालेका कदमहरुलाई पूँजीवादी सोच ठान्दछन् । उनीहरुले सोचेको जस्तो पुँजीवाद भनेको उदारवाद हो भने यी सरकार र यस्ता संस्थाले गरेका निर्णयहरु कुनै पनि हालतमा उदारवादी सोच होइनन् । यी सरकार र यी संस्थाले दिएका सुझावहरु त केन्द्रीय बैंकमार्फत सरकारलाई नै बलियो बनाउने हुन् । सरकार बलियो हुनु भनेको व्यक्तिको स्वतन्त्रतामाथि अझ थप हस्तक्षेप हुनु हो । पौल क्रुगम्यानलाई यस वर्षको अर्थशास्त्रको नोबेल पुरस्कार दिनुभनेको यस्तो सरकार बलियो बनाउने र सरकारको हस्तक्षेपलाई बढाउने कार्यलाई वैधानिकता दिइएको हो । यही वैधानिकतालाई अतिपूँजीवादको संज्ञा दिँदै स्वतन्त्र बजारमा आधारित बहुदलवादी संसदीय राजनीतिक व्यवस्थालाई असफल ठहर्याउन खोजिएको कार्यलाई समर्थन गर्न व्यक्तिगत स्वतन्त्रतालाई सरकारको हातमा सुम्पिनु सरह हो ।

# बहुलवादमाथि नेपाल राष्ट्र बैंकको प्रहार

डा. भोलानाथ चालिसे

००-००-००००

'सन् २००८ को विकसित देशमा देखापरेको संकट नियमनहरुको हो, न कि पूँजीवादको संकट ।' 'क्रिटिकल रिभ्यु' सम्पादक जेफ्रे फ्रिडम्यानले लेखेका थिए । विकसित पश्चिममा देश त्यसमा पनि खासगरि संयुक्त राज्य अमेरिकामा सन् २००८ बाट संकटको रुपमा देखिएको वित्तीय समस्यालाई स्वतन्त्र बजारमा आधारित पूँजीवादको अन्त्यको शुरुवात भयो भनी नेपालमा पनि पूँजीवादी विरोधीहरुले भोजभतेर खान थालेका छन् । भोजभतेर खाँदै गर्दा असत्य कुरा फलाल्दै पनि हिडेँका छन् । स्वतन्त्र बजार फेल भएकाले सरकारले हस्तक्षेप गर्नुपर्‍यो भनी कराउने अमेरिकाको फेडरल रिजर्भ बैंकका पन्ध्रौं वर्ष अध्यक्ष हुने ग्रिन स्पान, नोबेल पुरस्कार विजेता पौल क्रुगम्यान यी भोजभतेर खानेका लागि कुलदेवता ठहरिएका छन् ।

न्यूयोर्क टाइम्स, वासिङ्गटन पोष्ट पत्रिकाका वामपन्थी पत्रकारले लेखेका समाचार समीक्षा यिनका लागि बाहुनलाई गायत्री मन्त्र सरह हुन पुगेको छ । वित्तीय संकट स्वतन्त्र बजार फेल भएर होइन, स्वतन्त्र बजारमा सरकारी त्यसमा पनि केन्द्रीय बैंकहरुको पूर्ण, तजबिजी र सरकारसँग एकाधिकार भएको ड्याक्ने शक्तिका कारण उब्जेको हो । स्वतन्त्र बजारलाई स्वतन्त्र रुपमा काम गर्न छाडिदिएको भए यो संकट आउने थिएन । विश्वमा सन् १९२०/२१ बाट शुरु भएको मन्दी सन् १९३० को शुरुमा अष्ट्रियन अर्थशास्त्रीहरुले सुझाव दिएअनुरुप सरकारले हस्तक्षेप नगरी स्वतन्त्र बजारमार्फत नै आर्थिक संकट समाधान हुन छाडिदिएको भए विश्व आर्थिक बजारमा बेलाबेलामा यस्तो संकट आउने थिएन । ती अष्ट्रियन फन मिसेस, हायकले त्यतिबेलै भनेका कुरा बेलायतमा आफ्नो आर्थिक विचारधारालाई राजनीतिक धाप पाएका किन्स प्रभावशाली हुन नपुगेका भए यस्तो समस्या पुनः आउने थिएन ।

सरकारले सित्तैमा खाना दिनुपर्छ, आर्थिक मन्दीका बेला सरकारले नयाँ नोट छपाएर भए पनि खाल्टो खन्दै त्यही खाल्टो पुर्दै गरेर भए पनि रोजगारी सिर्जना गर्नुपर्छ भन्ने सिद्धान्तका अनुयायी किन्सका कारण पहिलो त सरकारले केन्द्रीय बैंकमार्फत् अन्धाधुन्ध उत्तरदायित्व बिना नोट छपाएर सरकारलाई बलियो मात्र बनाएन यही अधिकारमार्फत् सरकारले व्यक्तिगत स्वतन्त्रतामा सरकारको इच्छा अनुरुप हस्तक्षेप मात्रै गरेन स्वन्त्रतालाई नै साँघुरो बनाउँदै लगेर व्यक्ति नभएर व्यक्ति एउटा समूहको निर्धो सदस्य हुन पुगेको छ । नेपाल राष्ट्र बैंकले निजी क्षेत्रका वाणिज्य बैंकहरुका 'मुख्य कार्यकारी अधिकृत' को तलब भत्ता एवं सुविधा बन्देज लगाउने र नयाँ वाणिज्य बैंकहरु खोल्न नदिने भनाई स्वतन्त्र बजार फेल भएकाले सरकारले हस्तक्षेप गर्नुपर्छ भन्ने अनुदार सोचबाट प्रेरित छ ।

सबैभन्दा पहिलो बुझ्नुपर्ने कुरा भनेको संयुक्त राज्य अमेरिकाको नेपालको राष्ट्र बैंकजस्तै केन्द्रिय बैंक फेडरल रिजर्भ बैंक अफ यु.एस.ए. नै निजीक्षेत्रका वाणिज्य बैंकहरुले खराब कर्जा  लगानी गरेर डुब्न लागे भने बचाउन सिर्जना गरिएको निजीक्षेत्रका बैंकहरुको सिन्डिकेट हो । धेरै मानिसलाई भ्रम परेको छ केन्द्रीय बैंक एउटा कुनै ईश्वरीय शक्तिले ईश्वरीय ज्ञान भएका व्यक्तिहरुलाई जिम्मा लगाएको सर्वसत्य संगठन हो । यस्तो संगठनले कुनै पक्ष विपक्ष लिदैंन र सत्य निर्णय मात्रै गर्छ भनी भ्रम पाल्नु सरकारले आफूसँग भएको शक्तिको दुरुपयोग गर्दैन भनेर विश्वास गर्नु सरह हो । सन् १९३० को आर्थिक मन्दी बजार हल गर्न नछाडिदिएर सरकारले वृहद रुपमा खर्च गरेर अर्थतन्त्रमा आएको मन्दीलाई केही पर सारेको मात्र हो र यस्तो सार्ने कार्य संयुक्त राज्य अमेरिका, युरोपजस्ता देशमा झन् झन् धेरै पटक गरिदैं आइयो । यतिबेला पनि इस्टिमुलस प्याकेजका नाममा अर्बौं डलर सरकारले डुबेका वित्तीय संस्थाहरु बचाउन र बजारमा प्रतिस्पर्धी नठहरिएका उद्यम व्यवसाय टिकाउन खर्च गरिरहेको छ । वित्तीय संकट पहिला त आउनै नदिन र आइहाले तापनि के गर्नु, कसरी गर्नु भन्नाका लागि उल्लेखित अष्ट्रियन अर्थशास्त्रीहरुको विचारको सारांश निम्नानुसार छ ।

*'एउटा आर्थिक विस्तार त्यसबेला दीगो हुन सक्छ, जब थप लगानी बचतमा भएको वृद्धिले गरिएको हुन्छ । यसको विरोधमा सरकारले थप बचत मात्र होइन नयाँ वित्तीय औजार एवं मुद्राबाट गरिएको आर्थिक विस्तार दिगो हुँदैन । मौद्रिक नीति संचालन गर्ने सरकारी निकायहरुले सस्तो ब्याजदरमा लागनी गर्न प्रोत्साहन गरे भने ऋणका लागि माग र आपूर्तिद्वारा तय हुने ब्याजदर निर्धारणमा बजारले भन्दा सरकारी कर्मचारीको तजबिजे सोचले ब्याज निर्धारण हुन पुग्छ । यसो हुँदा स्वतन्त्र बजारमा हिस्सा लिएका असंख्य मानवहरुको असंख्य निर्णयहरुबाट तय हुने बजार प्रक्रिया खलबलिन पुग्छ । स्वतन्त्र बजार भनेको असंख्य मानिसहरुको संलग्नताले तय हुने एउटा सामाजिक व्यवस्था पनि हो । बिना धाकधम्की र अवरोध स्वतन्त्र व्यक्तिहरुको आफूलाई असर पार्ने निर्णयहरु भए तापनि यस्तै असंख्य निर्णयहरुद्वारा बनिएको संजाल स्वतन्त्र बजार संजाल हो ।'*

अष्ट्रियन अर्थशास्त्रीहरुले स्वतन्त्र बजारमा आधारित पूँजीवादमा आर्थिक उतारचढाव आउँदै आउँदैन भनेका छैनन् । उनीहरुले व्यापार परिधिको कुरा गर्दा पूँजीवादमा पनि उद्यम व्यवसायीहरुले गरेका निर्णय असफल साबित भए बजारमा आर्थिक मन्दीको शुरुवात हुनसक्छ र त्यस्तो सेवा सरकारले होइन बजारले निर्णय गर्ने बजारदरका मार्फत उद्यम व्यवसायीले आफ्नो असफलता हटाउन नयाँ बजार रणनीतिमार्फत् नयाँ वस्तु वा सेवाको विकास एवं लागतहरुमा कमी लिएर आई अर्थतन्त्रमा देखिएको मन्दीलाई बजार प्रक्रिया मार्फत् छोटो समयमा निराकरण गर्छन् । आर्थिक मन्दी आउँदा सरकारले सस्तो ब्याजमा ऋणहरु उपलब्ध गराउन थाल्यो भने उद्यमी व्यवसायीलाई खर्च घटाउन र नयाँ प्रविधिहरुको खोज र विकासमा ध्यान दिन प्रोत्साहन मिल्दैन । बजार दिएको संकेत अनुरुप बन्द हुनुपर्ने उद्यम व्यवसाय बढी लागतमा संचालन भइरहन्छन् । नयाँ खोज र प्रविधिमा उद्यमी व्यवसायीको ध्यान जाँदैन । जब मानवले नयाँ सोच अनुरुप नयाँ-नयाँ कुराहरुको विकास गर्न रोक्छ, तब त्यो अर्थतन्त्रमा अधोगतितर्फ लाग्छ। संयुक्त राज्य अमेरिकाको टेक्सटाइल उद्योग र धेरै हदसम्म मोटर उद्योग ओरालो लाग्नु यस्तै सरकारको विस्तारवादी वित्तीय नीतिका

कारण भएको हो । स्वतन्त्र रुपमा चल्न नदिएर सरकारी हस्तक्षेपले स्वतन्त्र बजारमा नक्कली उतारचढावका कारण देखापरेको वित्तीय संकटलाई पूँजीवादको असफलता भन्दा सरकारी हस्तक्षेपका कारण असफल भएको समस्यालाई संसारभरकै वामपन्थीहरुले पूँजीवादको असफलता भनी भोज खाई रहेको रमितालाई यही अर्थमा बुझ्नुपर्छ ।

नेपालमा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता एवं सुविधामा रोक लगाईनुपर्छ र नयाँ वाणिज्य बैंकहरु खोलिनु हुँदैन भन्ने नेपाल राष्ट्र बैंकको तर्फ अब बजार फेल भयो, सरकार तात्नुपर्छ भनी भोजभतेर खानेहरुको सोच हो भन्न हिचकिचाउनु पर्दैन । यस्तो सोच अमेरिकीहरुभन्दा हामीहरु स्मार्ट छौं भन्ने रवाफ देखाउनका निम्ति भएको हुनुपर्छ । जबकि संयुक्त राज्य अमेरिकामा 'नेशनल ब्युरो अफ इकोनोमिक रिसर्च' ले अध्ययन गराएर अगष्ट २००९ मा नै प्रकाशमा ल्याएको प्रतिवेदनले संयुक्त राज्य अमेरिकामा आएको आर्थिक संकट र त्यहाँ भएका वित्तिय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृतहरुको तलब भत्ताको बीच कुनै सम्बन्ध नरहेको देखाएको छ । करौडौं डलर खाने भनी आक्षेप लगाएका त्यहाँका वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरुले आफुले काम गरेको कम्पनीको शेयरको मूल्य ह्वात्तै घट्न जाँदा अर्बौं डलर गुमाउन पुगेछन् । त्यहाँका वित्तीय संस्थाका प्रमुखहरुले आफ्नो संस्थाको एक हजार डलरको मूल्य वृद्धि गराउँदा उनले एक डलर जति सुविधा आर्जन गर्दा रहेछन् । यिनै प्रमुख कार्यकारी अधिकृतहरुको लोभका कारण यिनले खराब कर्जा बढी लगानी गरे, वित्तीय संस्थालाई नाफा बढाए र आफूले पनि बढी तलबभत्ता खाए भन्ने कुरा गलत सोचमा आधारित छ ।

सरकारले सबै अमेरिकीलाई गाईबाख्रालाई जस्तै सबैलाई घर चाहिन्छ भन्दै घरमा जाने लगानीलाई सस्तो र लागनी डुबे सरकारले हर्जाना तिरिदिन्छ भन्ने आधारका कारण वित्तीय संस्थाहरुले घर जग्गामा लगानी गरेका हुन् । सरकारले हेलिकप्टरबाट मेरो आँगनमा नोट छरिदिन्छ भने त्यो नोट टिप्नु मेरो लोभ हो ? **आर्थिक संकटसँग सम्बन्धै नभएको वित्तीय संस्थाहरुको मुख्य कार्यकारी अधिकृतहरुको तलब भत्तामा रोक लगाउने कुरा नेपाल राष्ट्र**

**बैंकका गभर्नरले राजनीति बोलेको हुन्, अर्थशास्त्र बोलेका होइनन् भन्न कुनै आपत्ति परेन ।** गभर्नरले अर्थशास्त्र बोल्नुपर्ने हो राजनीति होइन ।

बहुलवादको दुईवटा आधार स्तन्भ हुन्छन : निजी सम्पत्तिमाथिको अधिकार र स्वतन्त्र सम्झौता (Contract) हुन् । नेपालका वाणिज्य बैंकका शेयर धनीहरुले आफ्नो निजी सम्पत्ति लगाई बैंक खोलेका छन् र आफू र प्रमुख कार्यकारी अधिकृतका बीच सम्झौता गरि उनीहरुको सेवा किनेका छन् । यसरी संचालित व्यवसायमा नेपाल राष्ट्र बैंकलाई प्रमुख कार्यकारी अधिकृतहरुले बढी तलब भत्ता खाए भनेर डाहा किन गर्नुपर्‍यो ? आर्थिक कारण नभए बहुलवादको आधारस्तम्भ भत्काउन संसारभरि वामपन्थीहरुले आक्रमण गर्ने उल्लेखित यी दुईवटा स्तम्भमाथि प्रहार गरेको हुन भने नेपाल राष्ट्र बैंकको यो सोच अनुदारवादी र बहुलवादलाई सिध्याउने कार्य हो । प्रमुख कार्यकारी अधिकृतहरुको तलब भत्ता तथा सुविधा बढी पाउनुको प्रमुख कारण यी वित्तीय संस्थाहरुले बढी नाफा कमाउनु हो । जुन क्षेत्रमा बढी नाफा हुन्छ त्यही क्षेत्रमा निजी क्षेत्रले लगानी गर्न खोज्नु स्वाभाविक हो । बढी नाफा हुन वित्तीय क्षेत्रमा प्रतिस्पर्धा बढाउनका लागि जतिसक्यो त्यति बढी लगानीकर्ताहरु भित्र्याएर सेवाको लागतमा कमी र क्षेत्रमा बढोत्तरीका लागि नयाँ बैंकहरु जतिसक्यो त्यति बढी खोल्नमा रोक लगाउनु कुन नीति वा दर्शनभित्र पर्छ ?

# आर्थिक संकट र केन्द्रीय बैंकको भूमिका

डा. भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

## आर्थिक संकट : केन्द्रीय बैंकहरुको भूमिका र निधानको उपाय

केन्द्रीय बैंकहरुले अहिलेको आर्थिक संकट ल्याएको हो भन्ने विषय केही जिज्ञासु पाठकले बुझ्न सकिएन भन्नुभयो भने अर्काथरी अर्थशास्त्रीहरुले यस लेखका विचार सधैं एउटै ढर्राको रहेको टिप्पणी गरेको थाहा भयो । जिज्ञासु पाठकलाई स्पष्ट पार्नका लागि भाग २ को रुपमा यो लेख लेखिएको हो ।

सन् ३० को आर्थिक संकट उत्पन्न हुनुभन्दा ७, ८ वर्षअघिदेखि नै अस्ट्रियन अर्थशास्त्रीहरुले सुनको धितोमा नोट छाप्ने प्रक्रियालाई छाडेर असीमित तरिकाले केन्द्रीय बैंकहरुले नोट छाप्ने प्रक्रियाले बजारमा अनावश्यक रुपमा आर्थिक मन्दी ल्याउने मात्रै होइन यसलाई हटाउने नाममा बजारमा मुद्राको उपलब्धता बढाई यस्तो मन्दी केही समयका लागि पर टार्ने मात्र हुन् । मन्दी सदाका लागि हट्ने होइन भन्दै आएका थिए । मन्दी भएका बखत सरकारले केही काम नपाए खाल्डो खन्दै त्यही खाल्डो फेरी पुरेररोजगारीको अवसरहरु सिर्जना गर्नुपर्दछ भन्ने ३० को दशकको किन्सको दर्शनलाई बितेका झण्डै ४३ वर्षसम्म पनि मूलमन्त्रको रुपमा लिइयो । सरकार र सरकारद्वारा निर्देशित केन्द्रीय बैंकहरुको बजारमा हस्तक्षेपको कारण विश्वमा यो आर्थिक संकट आएको हो । अर्थतन्त्रमा स्थिरता ल्याउने नाममा सरकार एवं सरकार निर्देशित केन्द्रीय बैंकहरुले बजारको मागभन्दा सस्तो दरमा ऋण उपलब्ध गराए पछि अर्थतन्त्रमा उद्यमी व्यवसायीले संभाव्य नभएका क्षेत्रहरुमा पनि लगानी गर्दै गए । तिर्ने हैसियत नहुनेहरुले पनि ऋण पाएपछि बढी बढी ऋण लिँदै गए । संभाव्य नभएको क्षेत्र र हैसियत नभएका उद्यमी व्यवसायीलाई बैंक तथा

वित्तीय संस्थाहरुले ऋणमाथि ऋण थप्दै गएपछि यस्तो अवस्था आएको हो । यहीँनेर एकैछिन ठप्प अडिएर सोच्ने हो भने यस्तो कार्य सरकार तथा केन्द्रीय बैंकहरुले बेलैमा नबढाएको भए अहिलेको आर्थिक संकट नआउने स्पष्ट छ । सरकार र केन्द्रीय बैंकहरुले बजारमा हस्तक्षेप गर्दै कृत्रिम स्थितिको सिर्जना गरेपछि पुँजीवाद वा नवउदारवादी नीतिहरुले यस्तो स्थितिको सिर्जना भएको हो भन्नु नितान्त गलत हो । संसारको कुनै पनि सरकारले आफूले गरेका गल्तीहरु स्वीकार गरी त्यसमा सुधार गर्न लागेको इतिहासमा भेटिँदैन । आफ्ना अनुदारवादी एवं एकाधिकारी शक्तिको उपयोग गरी अर्थतन्त्रमा ल्याएको अस्थिरतालाई ति सरकार, तिनका हिमायती वामपन्थ झुकाव भएका अर्थशास्त्री र प्रमुख संचार माध्यमले अरु कसैलाई दोष दिँदै आफू ठीक रहेको ठान्नु अस्वाभाविक होइन ।

केन्द्रीय बैंक नभएको भए स्थिति के हुने थियो भनि विवेचना गर्नु उपयुक्त हुन्छ । १८ औं र १९ औं शताब्दीको पहिला २० वर्षसम्म पश्चिमा देशहरुमा कुनै केन्द्रीय बैंक थिएन । वाणिज्य बैंकहरुले निक्षेपकर्ताका लागि आफूसँग भएको सुन वा चाँदीको मात्राको आधारमा नोटहरु जारी गर्दथे र कसैले ति नोटको भुक्तानी लिन आएमा स्थिर अनुपातमा सुन वा चाँदी नै दिन्थे । स्थिर मूल्य तोकिएको सुन र चाँदीको धितोको आधारमा मात्र बैंकहरुले नोट निस्कासन गर्ने भएपछि अहिलेको केन्द्रयि बैंकहरुले गर्ने गरेको जस्तो जतिबेला मन लाग्यो त्यतिबेला आफूलाई जति ठीक ठान्यो त्यती परिणाममा नोट छाप्न सकिँदैनथ्यो । चाहे त्यो मन्दी घटाउने नाममा होस् अथवा अर्थतन्त्रलाई स्थिर राख्ने नाममा होस् । बजारमा ब्याजको दर ऋण माग्ने र बचत गर्नेहरुका बीच हुने अन्तर्क्रियाले निर्धारण गर्दथ्यो । पश्चिमा देशका अर्थतन्त्रको अध्ययन गर्दा यो अवधिमा सन् ३० को दशकपछिको जस्तो ठूलाठूला मन्दी आएका थिएनन्, मन्दी आए तापनि उद्यामी व्यवसायीले आफ्नो बुद्धि, सीप र प्रविधिको उपयोग गरी नयाँनयाँ आविष्कार र नयाँनयाँ प्रविधिद्धारा त्यस्ता मन्दी छोटो छोटो समयमा हटाउन सफल भएका थिए । यसै अवधिमा यी देशले आधुनिकतामा फड्को मारेका हुन् ।

केन्द्रीय बैंकको नोट छाप्ने असीमित अधिकार र बजारमा ब्याजदर निर्धारणमा हस्तक्षेपकारी नीतिहरु कायमै राखेर अहिलेको आर्थिक संकट

हट्दैन भन्ने कुरा अस्ट्रियन अर्थशास्त्रीहरुले सन् १९२० को दशकमै भनि सकेका थिए । उदारवादमा विश्वास राखी गरिएको विश्लेषणबाट केन्द्रीय बैंकहरुको खारेजी सुझाव गर्नेहरुलाई वामपन्थीहरु अराजकतावादी हुन् भनेर दोष लगाउँदछन् ।  रोगको कारण नै पत्ता नलगाई निदान खोजियो भने त्यस्तो निदानले आकस्मिक अवस्थामा बाहेक रोगलाई निको पार्न सक्दैन । उदारवादीहरुलाई संसारभरी नै वामपन्थीहरुले अव्यवहारिक स्वप्नदर्शी भनेर दोष लगाउँदै आएका छन् । तर तिनैको सुझावमा भर पर्दा विश्वमा आर्थिक मन्दीहरु दोहोरिई दोहोरिई आइरहेका छन् । हिजोसम्म अर्थतन्त्रमा मन्दी आएका कारण सरकारले बैंक तथा वित्तीय संस्थाहरुलाई संकटबाट उतार्न र अर्थतन्त्रमा सरकारले नै थप पैसा पम्प गर्नु पर्दछ भन्ने किन्नेसिएन विचारधारा अनुरुप लिइएका कार्यहरुले आज न संयुक्त राज्य अमेरिका, न युरोप, न एसियाकै देशहरुको अर्थतन्त्रमा सुधार ल्याउन सक्यो । अरबौं डलर अर्थतन्त्रमा सरकारले खन्याउँदा खन्याउँदै पनि स्टक बजार हरुमा गिरावट आएको आएकै छ । यी हस्तक्षेपकारी नीतिका प्रस्तावकहरुले नबुझेको एउटा कुरा भनेको व्यक्ति व्यक्तिले गर्ने निर्णयहरुको बारेमा हो । कसैले बजारमा सस्तो र धेरै सामान उपलब्ध भयो भन्दैमा व्यक्तिले तुरुन्त किनेर उपभोग गरिहाल्दछ भन्ने सोच नै गलत हो । व्यक्तिले त आफूसँग भएको पैसा अहिले उपभोग गर्ने हो कि भविष्यका लागि बचत गर्ने हो भन्ने निर्णय व्यक्ति व्यक्ति पिच्छे फरक हुन सक्छन् । केन्द्रीय योजनामा विश्वास गर्नेहरुले सबै व्यक्ति एकै खाले हुन्छन्, एकै खालको उपभोग गर्दछन् र एकै खाले निर्णय गर्दछन्  भन्ने सोच बनाई सरकारी हस्तक्षेपको खाका तयार गर्दछन् । तर अफसोच साँचो अर्थमा सबै व्यक्ति एउटै हुँदै हुँदैन र तिनले गरेका निर्णय पनि एउटै हुँदैनन् ।

अस्ट्रियन अथशास्त्रीहरुमध्ये लुटभिक फन्ड मिसेस र एफ.ए. हायकले केन्द्रीय बैंक खारेज गरेपछि २ वटा बेग्लाबेग्लै  उपायहरु सुझाएका छन् । हायकले जसरी बजारमा वस्तु वा सेवा विभिन्न व्यक्ति वा संगठनहरुले उपलब्ध गराई रहेका हुन्छन् त्यसैगरी मुद्रा पनि तिनै व्यक्ति वा संस्थाले छापेर बजारमा छोडि दिए पुग्दछ भनेका छन् । उपभोक्ताले जजसको नोटमा विश्वास गरेर किन्छन् उनउनको नोट बजारमा चल्दछ । विश्वास

नगर्नेको नोट बजारमा चल्दैन । नेपालको उदाहरण दिउँ भने अत्यन्त असजिलोमा परिन्छ । नेपालको निजी क्षेत्र साँचो अर्थमा निजी क्षेत्र नै होइन । यो क्षेत्रका सरकारसँगको मिलिभगतमा राजस्व छली वा एकाधिकार कायम गर्न लगाई वा सिन्डिकेट प्रणालीद्धारा उपभोक्तालाई बढी मूल्यमा सेवा वा वस्तु बेच्ने मात्र हुन् । नेपालको निजीक्षेत्र कसले नोट छाप्यो भने उपभोक्ताले स्वीकार्लान् भन्नै सकिन्न । नेपालको निजीक्षेत्रलाई पनि निजीकरण गर्नुपरेको छ । हायकको यो सुझावको एउटै कमजोरी भनेको मुद्रा भनेको उपभोक्ताले उपभोग गर्ने वस्तु होइन त्यसले त बचत वा अर्को वस्तु वा सेवा खरिद गर्ने हो । निजीक्षेत्रले जारी गरेको मुद्रा यही समस्याका कारण कार्यान्वयन गर्न कठिनाई हुने अरु अर्थशास्त्रीहरुको धारणा छ ।

फन मिसेसले भने केन्द्रीय बैंकहरुको भूमिकाको विकल्पमा गोल्ड स्ट्याण्डर्ड अर्थात साधारण भाषामा भन्दा सुनको धितोमा मात्र नोटहरु जारी गर्नु अर्थतन्त्रमा देखिने मन्दीलाई सदाका लाग हटाउने उपयुक्त माध्यम हो भनेका छन् । प्राविधिक कुरालाई सरलीकृत गर्दा विश्वमा भएको सुनको अहिलेको बजार मूल्यलाई आधार मानि त्यही मूल्यका भरमा नोटहरु निष्कासन गर्ने व्यवस्था संसारभरी लागू गरिएमा सरकार र केन्द्रीय बैंकहरुको हस्तक्षेपकारी भूमिका पनि सिधिने छ भने मुद्राको मूल्यलाई बजारको माग र आपूर्तिअनुसार निर्धारण हुनेछ । ब्याजदरसमेत बजारमा मुद्राको माग र सुनको आपूर्तिका भरले निर्धारण हुनेछ । यस्तो अवस्थामा अहिलेको जस्तो अर्थतन्त्रमा संकट उत्पन्न हुनेछैन ।

# भाग २

## निजीकरणको आवश्यकता र मर्म

# सार्वजनिक संस्थान : निजीकरण तथा व्यवस्थापन

विमल वाग्ले *

पेशाले निजामती सेवक डा. भोला चालिसे एक विशिष्ठ परिचय बोकेका व्यक्ति थिए। निजामती कर्मचारीमा उहाँको परिचय एउटा इमान्दार र क्षमतावान राष्ट्र सेवकको रुपमा रहेको थियो । पेशागत इमान्दारिताको हिसाबमा डा. चालिसेलाई उच्चकोटीमा राखेर हेर्न सकिने उदाहरणहरु उनका समकालीन सहयात्रीहरु प्रायः सबैले दिन सक्लान् । कर्मचारीहरुमा सायद व्यक्तिगत रुपमा क्षमता भएर पनि संस्थागत हितमा प्रयोग हुन नसकेको र संस्थागत हिसाबको क्षमता ह्रासोन्मुख हुँदै इमान्दारिता खस्कदैं गएको अवस्थामा डा.चालिसे जस्तो निजामती प्रशासकलाई सम्झनेहरु धेरै निजामती सेवा भित्र भन्दा पनि सेवाबाट बाहिरीसकेकाहरु हुनु स्वभाविक नै हो । डा. चालिसेको व्यक्तित्व निजामती सेवकको हैसियतमा उहाँले कायम राख्न सकेको इमान्दारिता र क्षमतामा मात्र सीमित नभएर एउटा निश्चित मूल्य र मान्यतामा आफ्नो अडानलाई सैद्धान्तिक धरातलमा टेकेर व्यवहारमा निरन्तर देखाउन खोज्ने प्राज्ञिक व्यक्तित्वको रुपमा पनि उहाँले आफूलाई अगाडी ल्याउने प्रयत्न गर्नु भयो । उदारवादी सोचका कट्टर हिमायति र निजीकरणको सशक्त पक्षधरको रुपमा समर्पित व्यक्तित्व डा. चालिसेले निजी क्षेत्रलाई यथार्थ मै अर्थतन्त्रको यन्त्रको रुपमा स्थापित भएको हेर्न चाहनुहुन्थ्यो र त्यसतर्फ सँधै प्रयत्नशील हुनुहुन्थ्यो । सार्वजनिक संस्थानको व्यवस्थापन र निजीकरणको विषयमा डा. चालिसेले विभिन्न लेखहरु मार्फत दिनु भएको आफ्नो अवधारणा पनि यिनै विषयमा केन्द्रित भएको पाईन्छ । खासगरी निजीकरणको सर्न्दभमा उहाँले विभिन्न कोणबाट विश्लेषण गरेर आफ्नो धारणालाई सशक्त बनाउनु भएको छ ।

---

* करिब ३३ वर्ष निजामती सेवामा बिताउनुभएका विमल वाग्ले नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ । वि.सं २०६८ देखि २०७२ सम्म वहाँ सार्वजनिक संस्थान निर्देशन बोर्डका कार्यकारी अध्यक्ष हुनुहुन्थ्यो ।

मोटामोटी रुपमा भन्नुपर्दा नेपालमा सार्वजनिक संस्थानको निजीकरण आन्तरिक र वाह्य दुबै तर्फबाट प्रेषित दबाबको परिणम हो भन्दा अत्युक्ति हुँदैन । एकातिर वाह्य विश्व खुल्ला तथा उदार अर्थतन्त्रको पक्षमा अगाडी बढिरहेको थियो भने स्वदेश भित्रको सार्वजनिक संस्थानहरुले अतिरिक्त लागतको भार अर्थतन्त्रलाई बोकाइरहेको अवस्था थियो । यस अवस्थालाई सरकारले निरन्तरता दिएर उदार अर्थतन्त्रको लागि अनुकूल वातावरण बनाउन सकिने अवस्था पनि थिएन । यसैले सार्वजनिक संस्थानको निजीकरण मुलुकको अर्थतन्त्रको माग कै रुपमा अगाडी ल्याउने काम भयो । तर निजीकरणलाई यो मुलुकमा आवश्यकता भन्दा बढी राजनीतिक आंखाले हेरियो, जसको फलस्वरुप निजीकरणको मर्म ओझेलमा पर्न गयो । हुनपनि नेपाली कांग्रेसको सरकारले निजीकरणलाई प्राथमिकताको विषय बनाएर अर्थतन्त्रको झन्डै एकलौटी विषयवस्तुको रुपमा वकालत गरेको अवस्था छ भने नेकपा एमाओवादी सरकारले निजीकरणलाई कुनै पनि कोणबाट स्वीकार्न चाहेको देखिदैँन । अर्कातिर नेकपा एमालेको सरकार जहिलेपनि छनौटपूर्ण निजीकरणको पक्षमा रह्यो । नेपालमा मूलतः यिनै राजनीतिक दलहरुको साझेदारीमा सरकार संचालन हुदै आएको निजीकरणको सम्बन्धमा यी दलहरुको यति सम्मको फरक सोचको कारण सार्वजनिक संस्थानको निजीकरण कार्यक्रम आफैँमा घर न घाट हुन पुगे को अवस्था छ ।

निजीकरणको अर्थको बुझाईलाई अर्थशास्त्रीय दृष्टिकोण भन्दा पनि बढी राजनैतिक दृष्किोणले हेरिने गरेको देखिन्छ भन्ने भनाईलाई पुष्टि गर्न सकिने आधारहरु धेरै छन् । निजीकरणको विषयमा अर्थशास्त्रीय कोणबाट बुझिदिने हो भने यसको महत्वलाई विवादित बनाउने ठाउँ सायदै भेटिन्छ । निजीकरण भनेको सार्वजनिक एकाईलाई निजी क्षेत्रमा सुम्पनु मात्र होइन यसको पछाडि निश्चित उद्देश्य रहेको हुन्छ, जुन उद्देश्य प्राप्ति को लागि निजी क्षेत्रलाई विश्वासमा  लिनेकाम गरिएको हुन्छ । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने नेपालमा निजीकरण के का लागि भन्ने प्रश्नको उत्तर निजीकरण ऐन २०५० आफैले स्पष्टसंग दिएको छ । नेपालमा सार्वजनिक संस्थानको निजीकरण गर्नु को  उदेश्य भनेको उक्त

ऐनमा उल्लेख भए अनुसार उद्यम व्यवसायको उत्पादकत्व वृद्धि गर्ने, सरकारको प्रशासनिक तथा वित्तीय भार कम गर्ने र मुलुकको आर्थिक विकासमा निजी क्षेत्रलाई अहंम भूमिका दिलाउने रहेको छ । यसमा रहेको मुलतः पहिलो र दोस्रो उद्देश्यलाई लिएर निजीकरणको महत्व बुझिलिने हो भने निजीकरणको विषयलाई राजनीतिक कोणवाट विश्लेषण गरिनुमा खासै अर्थ रहदैन । किनभने उत्पादकत्व वृद्धि गर्ने उद्देश्य राख्नुको अर्थ सरकारले संचालन गर्दा उत्पादकत्व बढ्नु पर्ने जति बढ्न सकेन भनेर स्वीकार्नु सिवाय अरु केही होइन । प्रशासनिक तथा वित्तिय भार कम गर्नु भनेको संस्थानको स्वामित्व वा नियन्त्रण वा दुवै अवस्थामा उद्यम व्यवसाय निरन्तरता दिने हो भने सो व्यवसाय भनेको सरकारलाई भार हो भन्ने सजिलै बुझिन्छ । अनि त्यो भार सरकारले बोकेर हिँडिरहन सक्ने अवस्थामा छैन र सक्दैन पनि । यसरी उत्पादकत्व बढाउने अनि सरकार स्वयंले भार सम्झेको व्यवसाय यदि निजी क्षेत्रमा पुगेर उत्पादकत्व बढाउन सफल हुन्छ अनि निजी क्षेत्रलाई सोही व्यवसाय लाभदायी उद्यममा परिणत हुन सक्छ भने निजीकरण प्रतिको बुझाईलाई उदार सोच राखेर किन नहेर्ने ?

डा. चालिसको भनाईमा निजीकरण भनेको निजी क्षेत्रलाई सुम्पिनु मात्र हो भन्ने दृष्टिकोणबाट हेरिनु गलत हो र निजीकरण भनेको पूँजीवादीहरुले मात्रै अपनाउने नीति हो भन्नु पनि मिथ्या हो । उहाँका भनाईको मर्मलाई बुझ्ने हो भने निजीकरण भनेको निजी क्षेत्रको समग्र सक्षमताको उपयोग हो जुन सक्षमता व्यवसायिक मामिलामा सरकारी क्षेत्रको भन्दा निजी क्षेत्रसंग बढी हुन्छ । यसैले उहाँ भन्नुहुन्छ, "कुनै उद्यम व्यवसाय सरकारी क्षेत्रले संचालन गर्दा निजी क्षेत्र भन्दा कम खर्चालु हुन्छ भने त्यसलाई सरकारलेनै संचालन गरे हुन्छ ।" यो विचारको मूल मर्म भनेकै दक्षताको प्राप्तिलाई नै प्राथमिकतामा राखेर हेर्नु पर्दछ भन्ने हो र यो नै वास्तविक बुझाई हुनु पर्ने हो तर पनि यसलाई अन्य कोणबाट कसै-कसैले हेरी दिँदा निजीकरणको ध्येयलाई नै द्विविधामा पार्न खोजेको देखिन्छ ।

सफल निजीकरणको लागि निश्चित पूर्व आवश्यकताहरु उपलब्ध हुनु पर्दछ । साथै निजीकरणको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुने कर्ताहरु

प्राविधिक रुपले सक्षम हुनुको अतिरिक्त निजीकरण गरिनुपर्ने निकायहरुको समग्र पक्षलाई राम्ररी बुझेको हुनु पर्दछ । डा. चालिसेको भनाईमा खुला तथा उदार आर्थिक नीति, जिम्मेवार राजनीतिक प्रतिपक्षिको उपस्थिति तथा स्वच्छ संचार माध्यम र निष्पक्ष न्याय व्यवस्था भन्नु नै निजीकरणका लागि पूर्व आवश्यकताहरु हुन् । निजीकरण कार्यलाई सरकार स्वयंले सफलतापूर्वक कार्यान्वयन गर्न सक्दैन भने डा. चालिसेको भनाईमा निजी क्षेत्रका विज्ञ र पेशाविदहरुको समूहलाई नै निजीकरण कार्यक्रम कार्यान्वयन गर्न करारमा दिनु उपयुक्त हुने सुझाव दिनुहुन्छ । यसै कुरालाई प्रष्ट पार्न "निजीकरणकै निजीकरण" (Privatising the Privatisation) विषयमा पनि आफ्ना तर्कहरु राख्नु भएको छ ।

सामान्यतया, व्यवस्थापन करार पनि निजीकरणकै एक तरिका भनेर मानिन्छ । तर धरासायी संस्थानलाई केहि समय सुधार वा सुधारोन्मुख भए पछि पुनः साविक बमोजिमको व्यवस्थापनलाई सुम्पने किसिमको व्यवस्थापन करारको तरिका (modality) लाई डा. चालिसेले सिद्धान्ततः अनुपयुक्त हो भन्ने तर्क अगाडी सार्नु भएको छ । वहाँको तर्कको मूल आधार भनेको निजी र सरकारी स्वामित्वका संस्थाहरु बीचको संचालनमा रहेको अन्तर हो । डा. चालिसेले दिनुभएको तर्कलाई विश्लेषण गर्दा मूलतः निर्णय लिने क्षमता र प्रकृया, जोखिम विरुद्ध व्यवसाय भन्दा सुरक्षण प्रतिको प्राथमिकता, नतिजा भन्दा प्रकृया माथिको जोड, कर्मचारीहरुको कार्य सम्पादन प्रतिको प्रतिबद्धता, उचित पारिश्रमिक व्यवस्था आदि तत्वहरुले सरकारी क्षेत्रको भन्दा निजी क्षेत्रको व्यवसाय सञ्चालनलाई बढी निपूण बनाएको हुन्छ । अर्को शब्दमा भन्नुपर्दा यिनै तत्वहरुको कारणले सरकारी क्षेत्रका संस्थानहरुलाई दक्षताको लागत निकै परको हुन्छ । यिनै आधारमा डा. चालिसेले नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको सन्दर्भसँग जोडेर 'व्यवस्थापन करार होइन निजीकरण गर्नुपर्छ' भन्ने आफ्नो तर्क प्रस्तुत गर्नु भएको छ ।

वास्तवमा यो सत्य हो कि प्रवृत्ति र व्यवहार यथावत रहन्छ भने बीच बीचमा आउने पटके सुधारको अर्थ दिगो हुनपनि सक्दैन । यसै प्रसंगमा

डा. चालिसेले उल्लेख गर्नु भएको देहायको भनाईलाई मुलुकको समग्र परिवेशकै आधारमा एउटा प्रवृत्तिकै रुपमा हेर्न सकिने अवस्था छ भनी दिदां सायदै अतियुक्ति होला ।

*"दुर्भाग्यवश प्रजातन्त्र पूर्नस्थापना पछिको सबै सरकार दातृ संस्था वा राष्ट्रलाई चिढाउँदा आफू टिक्न नसकिने मानसिकताबाट ग्रसित भई दिए । परिणाम स्वरुप सम्झौता गर्ने बेला दाताका शर्तलाई बिना हिचकिचाहट मानिदिने प्रवृत्ति बढ्दै गयो । ऋण लिदाँ खुरुखुरु सर्तहरु मान्ने अनि कार्यन्वयनको बेलामा साहूले अनावश्यक दबाब दियो भन्ने दोधारे चरित्रले" । (व्यवस्थापन करार होइन निजीकरण )*

डा. चालिसे कतिपय मामलामा निकै दृढतापूर्वक अन्यथा सोच्न नसकिने गरि टुङ्गोमा पुग्ने गरेको पनि भेटिन्छ । कतिपयलाई यो जडवादि सोच जस्तो पनि लाग्न सक्छ । डा. चालिसेको एउटा यस्तै निचोड के छ भने, 'सार्वजनिक संस्थान जे गरेपनि डुब्छन् ।' सरकारले जे जस्तो मलजल हालेर गोडेपनि यी संस्थानहरु अन्तत्वगत्वा धरासायी भएरै छाड्छन् । डा. चालिसेको भनाईमा एउटा व्यवसायिक उद्यमको सफल संचालनको लागि आवश्यक पर्ने तत्वहरु कुनै पनि सार्वजनिक स्वामित्व रहेको संस्थानमा प्राप्त हुन सक्दैन । यसर्थ सफल संचालक भनेकै निजी क्षेत्र हो अनि निजी क्षेत्र जिम्मेवार हुन सक्दैन भन्नु नै गलत सोच हो । निजी क्षेत्र एक्लै खराब हुन सक्दैन भन्ने सोचलाई डा. चालिसे देहायको भनाइमा उभिएर अगाडि सार्नु भएको छः

*"निजी क्षेत्रले राजस्व छलेर छल कपट गरेर पैसा कमाउँछ भन्नु सरकारको कमजोरी लाई लुकाउन खोज्नु मात्र हो । सरकारी अधिकारीहरु राजस्व उठाउँदा घुस नखाएर इमान्दार हुने हो भने निजी क्षेत्रले राजस्व छल्नै सक्दैन । सरकारी कमजोरीहरु लुकाउन निजी क्षेत्रलाई दोष दिनुचाँहि नितान्त गैर जिम्मेवार काम हो ।" (सार्वजनिक संस्थान जे गरेपनि डुब्छन्) ।*

डा. चालिसेले सार्वजनिक संस्थानको व्यवस्थापन र निजीकरणका विषयमा व्यक्त गर्नु भएको धारणालाई अर्को कोणबाट विश्लेषण गर्दा कतिपय मामलामा अन्यथा तर्क गर्न सकिने ठाँउ पनि भेटिन्छ । उदाहरणका लागि सार्वजनिक संस्थान सार्वजनिक भएर "सञ्चालन हुन सक्दैन" भन्नु र "हुन दिइँदैन" भन्नु फरक कुरो हो । डा. चाालिसे "हुन सक्दैन" भन्ने मतलाई एकांकी रुपमा राख्नु हुन्छ तर "हुन दिइँदैन" भन्ने मतलाई पनि कम आंकलन गर्न मिल्दैन । किनभने "हुन सक्दैन" किनकी "हुन दिँईदैन" तर "हुन दिइएको" अवस्थामाा "हुन सक्छ" भन्ने दृष्टिकोणबाट पनि हेर्न सकिन्छ । यसैगरी निजीकरण आफैंमा सार्वजनिक संस्थानको संपूर्ण रोगको उपचार ठानिनु पनि कतिपय मामलामा महत्वाकांक्षी हुन सक्छ किनभने निजीकरणले दिने कतिपय लाभ स्वस्फुर्त रुपमा प्राप्त नहुन सक्छ । जहाँसम्म सार्वजनिक संस्थानको व्यवस्थापनको कुरा छ, यसको व्यवस्थापन आफैंमा समस्या होईन, न त सार्वजनिक संस्थान आफैंमा समस्या हो । कुशल व्यवस्थापन भित्रिन नदिने अनि कथंकदाचित भित्रिन सक्यो भने पनि काम गर्नको लागि सहज वातावरण नदिने जिम्मेवार सरोकारवालाको प्रवृत्ति र व्यवहार छ भने संस्थान आफैंमा दोषी हुन सक्तैन । यसर्थ सार्वजनिक संस्थान राम्ररी संचालन भएर अपेक्षित लाभ दिन नसक्नु पछाडिका कारणहरु केलाएर निचोडमा पुग्ने हो भने सुधारका उपायहरु विकल्प सहित पाउन सकिन्छ । अन्तमा, सार्वजनिक संस्थानको निजीकरणको विषयमा विभिन्न कोणबाट विश्लेषण प्रस्तुत गरेर डा चालिसेले नेपालको सन्दर्भमा महत्वपूर्ण विचारयोग्य विषयहरु अगाडी लगाई दिनुभएको छ । जसले उहाँलाई बिर्सन नसकिने व्यक्तित्व बनाएको छ ।

# व्यवस्थापन करार होइन निजीकरण

डा. भोलानाथ चालिसे

१६-३१ भदौ २०६४
हिमाल खबरपत्रिकामा प्रकाशित

एसियाली विकास व्याङ्कको सहयोगमा सञ्चालित मेलम्ची खानेपानी आयोजना अर्न्तगत काठमाडौंको खानेपानी व्यवस्थापन तथा विश्व व्याङ्क र बेलायती सहयोग नियोग (डिफिड) को सहयोगमा सञ्चालित वित्तिय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य व्याङ्कको व्यवस्थापन प्रकरण अहिले चर्चामा छन् । यस सिलसिलामा एकथरीले व्यवस्थापकीय जिम्मेवारी विदेशीलाई दिन खोजिएको र दिइसकिएको यी संस्थाहरुको व्यवस्थापन नेपालीले नै गर्न सक्छन् भन्ने एकदमै हचुवा तर्क अघि सारेका छन् ।

नेपाली आफैँले सुधार गर्न सक्ने चर्को आवाज उठाउने अहिले  खानेपानीमा सुधार प्रक्रिया कार्यान्वयन नभए अपारदर्शी ढङ्गबाट ठेक्कापट्टा हत्याउन सकिन्छ र व्याङ्कको सुधार प्रक्रिया रोकिए आफूले यथेष्ट नाफा कमाउन सकिन्छ भन्ठान्नेहरु छन् । यस्ता व्यक्तिले सिद्धान्त र तर्कभन्दा भावनालाई बढी उपयोग गरेर तथ्य नबुझ्ेकालाई प्रभावमा पार्न र विभिन्न राजनितिक प्रभाव प्रयोग गरेर व्यवसाय हडप्न यी कुरा अघि सारेका हुन् ।

काठमाडौंको खानेपानी व्यवस्थापन र व्याङ्कको सुधार नेपालीले नै गर्न सक्छन् भन्नेहरुले यसमा निजी र सरकारी क्षेत्र कुन कति निपुण छ भन्नेप्रति ध्यान दिएको पाइँदैन । निजी र सरकारी स्वामित्वका संस्थाहरुको सञ्चालनमा ठुलो अन्तर छ । कुनैपनि संस्थाको निपुणता त्यसको रणनितिक निर्णयहरु लिने र कार्यान्वयन गर्ने परिपाटीमा निर्भर गर्दछ । निजी व्याङ्कमा व्यवस्थापनले जोखिम र फाइदा हेरेर तत्काल यस्तो निर्णय लिन सक्छ भने सरकारी बैंकहरु सरकारी नीति नियममा बाँधिएका हुने हुनाले तत्काल निर्णय गर्न सक्दैनन् ।

ऋण लगानीमा निजी व्याङ्ककले धितोभन्दा ग्राहकको व्यवसायलाई प्राथमिकता दिन्छन् र व्यवसायको भविष्य छ भने रु.१० करोडको ऋण उपलब्ध गराउन सक्छन् । तर सरकारी व्याङ्ककले यथेष्ट धितो राख्नुपर्ने सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन र राष्ट्र व्याङ्कको परिपत्रलाई हुबहु पालना गर्नु पर्दछ ।

लगानी डुब्ने शंका हुँदा निजी व्याङ्ककहरु ऋणीलाई टेबुलमा राखेर धितो लिलाम बिना आपसी समझदारीबाट टुङ्ग्याउनेतर्फ लाग्छन् भने सरकारी व्याङ्ककहरु ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरेर धितो लिलामी गर्नेतर्फ लाग्न बाध्य हुन्छन् । धितो लिलामको प्रक्रियामा जाँदा आउने कानूनी, राजनितिक, सामाजिक बाधा अड्चनहरुबारे उल्लेख गर्नु नपर्ला ।

निजीक्षेत्रका व्याङ्ककहरुको ग्राहक हेरेर ब्याज छुट दिई ऋण राफसाफ पनि गर्छन् भने सरकारी व्याङ्ककले त्यसो गरेमा व्याङ्कक अधिकारीहरु जुनसुकै बेला अख्तियारको कारवाहीमा पर्न सक्छन् । निजी क्षेत्रका व्याङ्ककहरु नोक्सानमा जाँदा त्यहाँको व्यवस्थापन व्याङ्कक मालिक प्रति जवाफदेही हुन्छ । तर खराब नियत नराखीकन प्रवाह गरेको ऋण डुब्न गयो भने पनि सरकारी व्याङ्ककको व्यवस्थापक व्यक्तिगत रुपमा जिम्मेवार हुन्छ ।

निजी व्याङ्ककहरुले आफ्ना कर्मचारीलाई तिनको कार्यक्षमताका आधारमा तलब सुविधा दिन्छन् तर सरकारी व्याङ्ककमा एउटा राम्रो काम गर्नेको सुविधा वृद्धि गर्दा सबैलाई बढाउनु पर्छ । सरकारी व्याङ्ककले पुरस्कार र दण्डको नीति लागू गर्न सक्दैन । उस्तै-उस्तै अवस्थामा रहेको नेपालका निजीक्षेत्रका बैंकहरु करिब चार सय कर्मचारीले हाँकिरहेका छन् भने राष्ट्रिय वाणिज्य बैंकमा मात्रै ३२ सय कर्मचारी छन् । यहाँका निजी व्याङ्ककहरु नेपालीकै व्यवस्थापनमा राम्रोसँग चलेको बताउँदै नेपाल व्याङ्कक र राष्ट्रिय वाणिज्य व्याङ्ककको व्यवस्थापन पनि नेपालीले नै गर्न सक्छन् भन्नेहरुले चार सय र ३२ सय कर्मचारी व्यवस्थापन फरक फरक कुरा हो भन्ने बुझ्नु पर्दछ ।

नेपालीले नै गर्न सक्छन् भन्नेमध्ये कुनै जिम्मेवारी नलिएका र व्यावसायिक उपलब्धि हासिल नगरेकाहरुको कुरा छाडौं, जिम्मेवार तहमा बसेर व्यावसायिक सफलता हासिल गरेका पृथ्वीबहादुर पाण्डे, सचिन जोशी, अनिल शाह, जितेन्द्र बस्नेत जस्ता व्याङ्कर समेत देखिँदा भने अचम्म लाग्छ । उहाँहरु भावनात्मक हुनुभएको हो या अन्य कुनै उद्देश्य पूर्तिका लागि यसो भनि रहनु भएको हो, बुझ्न सकिएको छैन । उहाँहरुको योग्यता संसारको कुनैपनि योग्य व्याङ्कभन्दा कम छैन, तर निजी र सरकारी व्याङ्कको सञ्चालन बेग्लाबेग्लै कुरा हो भन्ने उहाँहरुले पनि बुझ्नु जरुरी छ ।

काठमाण्डौंको खानेपानी व्यवस्थापनमा अहिले यसअघि छनौट भएको बेलायतको एउटा विदेशी संस्थालाई हटाएर कुनै साख नभएको अर्को विदेशी संस्था, मलेसियाको एउटा कम्पनीका लागि बाटो खुलाइएको चर्चा चल्न थालेको छ। यसले 'नेपालीहरुले नै गर्न सक्छन्' भन्ने भावनात्मक तर्कका आधारमा कतै अरु नै चलखेल त हुँदैछैन भन्ने शङ्का उब्जाएको छ । त्यस्तै, सुधारपछि नेपालका ठुला व्याङ्कसँग प्रतिस्पर्धा गर्न नसक्ने ठानेर कतै यहाँका सफल निजी व्याङ्करहरु पनि सुधार कार्यक्रमलाई बिथोल्न खोजिरहेका त छैनन् भन्ने शंका पनि उब्जिएको छ ।

यस क्रममा एसियाली विकास व्याङ्क र विश्व व्याङ्कले अनावश्यक दबाव दिए भन्नेहरु पनि धेरै छन् । तर बुझ्नुपर्ने के हो भने, सरकारले नमानेको शर्तका लागि यी संस्थाहरुले सामान्यतः दबाव दिँदैनन् । तर सम्झौता गर्दाताका तिनका शर्तहरु मान्ने अनि कार्यान्वयनमा जाँदा मान्दिन भन्न सरकारले पाउँदैन। ऋण लिँदा खुसुखुसु शर्तहरु मान्नु अनि कार्यान्वयनको बेलामा साहुले अनावश्यक दबाव दियो भन्ने दोधारे चरित्र हो ।

दुर्भाग्यवश, प्रजातन्त्र पुनर्स्थापनापछिको सबै सरकार दातृसंस्था वा राष्ट्रलाई चिढाउँदा आफू टिक्न नसकिने मानसिकताबाट ग्रसित भईदिए। परिमाणस्वरुप सम्झौता गर्ने बेलामा दाताका शर्तलाई बिना हिच्किचाहट मानिदिने प्रवृत्ति बढ्दै गयो । तर यसो गलत प्रवृत्ति बस्यो भन्दैमा जनतालाई भावनात्मक रुपमा प्रभाव पारेर बेग्लै अभीष्ट पूरा गर्नेतर्फ विज्ञहरु नै लाग्नु उचित होइन।

अहिले हाम्रा सरकारी बैंकहरुमा भइरहे जस्तो पटके सुधार संसारको कुनै पनि विकासशील राष्ट्रमा सफल भएको हैन । विश्व बैंकले अन्यत्र सफल नभएको कार्यक्रम नेपालमा लागू गर्दा त्यस बेलाका अर्थमन्त्री, अर्थसचिव, योजना आयोगका उपाध्यक्ष र सदस्यहरु कसैले पनि 'हुन्न' भन्न सकेनन् । तर अझै पनि अबेला भएको छैन । सरकारी बैंकहरुलाई साँचिक्कै दिगो रुपमा सुधार गर्ने हो भने यिनलाई सरकारी स्वामित्व यथावत राखेर कुनै नेपाली वा विदेशी व्यवस्थापको हातमा सुम्पने होइन, निजीकरण गर्नुपर्छ । व्याङ्कको आम्दानीबाटै पूँजी वृद्धि गरेर । राष्ट्र व्याङ्कस्थित एक उच्च स्रोतका अनुसार प्रस्तुत 'क्यापिटल प्लान' मा अधिकांश ठुला र पुराना व्याङ्कले आफ्नो आम्दानीबाटै पूँजी वृद्धि गर्ने जनाएका छन् भने नयाँ व्याङ्कहरुले प्रवर्द्धकहरुबाट पैसा थप्ने र अग्राधिकार शेयर जारी गर्ने जनाएका छन् ।

तर प्रवर्द्धकहरुले रकम थप्न सक्लान् वा सर्वसाधारणले लाभांश वितरण नगरिसकेको नयाँ बैंकरहरुको अग्राधिकार शेयर किन्लान् भन्ने प्रश्नको जवाफ सहज छैन । अनि के हुन्छ त ? "ढिलोचाँडो बैंकहरु एकापसमा नगाभिई उपाय नै छैन", नबिलका अनिल शाहको सोझो जवाफ छ । तर अहिलेसम्म कुनै बैंकले गाभिने प्रक्रिया शुरु त के सोचेको पनि पाइन्न । किन ? शाहको विश्लेषणमा बैंक प्रवर्द्धकहरुको व्यक्तिगत 'इगो' का कारण त्यसो हुन नसकेको हो । "तर, राजनीतिक स्थिरता भयो, सन् २०१० पछि अपेक्षा गरिए बमोजिम विदेशी बैंकहरु आए भने यहाँका व्याङ्कहरु एकापसमा नगाभिई उपाय नै छैन", ग्लोबल व्याङ्कका प्रमुख कार्यकारी सुमन न्यौपाने बताउँछन् ।

सनराइज व्याङ्कका प्रमुख कार्यकारी अधिकृत महर्जन पनि २३ वटा व्याङ्कलाई यहाँको अर्थतन्त्रले नधान्ने बताउँछन् । उनको भनाईमा नेपाल भन्दा धेरै ठुलो अर्थतन्त्रमा समेत यहाँ भन्दा निक्कै थोरै वाणिज्य व्याङ्क संचालन भइरहेका छन् । हुन पनि सिङ्गापुरमा तीन वटा मात्र वाणिज्य व्याङ्क छन् भने मलेशिया र क्यानाडामा क्रमशः नौ र सात वटा । धेरै विकसित देशमा पनि यो स्थिती साना व्याङ्कहरु गाभिएरै बन्ने गर्दछ । व्याङ्करहरुका भनाइमा सबैजसो व्याङ्कहरुको मुनाफा वृद्धि, प्रवर्द्धकहरुको

सामाजिक सम्मान, समूहमा काम गर्न नचाहने आम नेपाली मानसिकता आदिका कारण 'मर्ज' प्रक्रियाले गति नलिएको हो । सरकारले पनि ब्याङ्कहरुलाई गाभिन प्रोत्साहित गर्ने नीति अवलम्बन गरेको छैन । 'मर्ज' का लागि आवश्यक ऐन नै आएको छैन । एकापसमा गाभिने क्रममा ब्याङ्कहरुको ब्यालेन्स सीटको मूल्याकंन कसरी हुने, बढी भएका कर्मचारी कसरी हटाउने, कसको 'सफ्टवेयर' अँगाल्ने, भिन्दाभिन्दै सफ्टवेयरमा राखिएका तथ्याङ्क कसरी समायोजन गर्ने, गाभिएका बैंकहरुलाई कर लगायत के कस्ता सुविधा दिने, भन्ने कुराहरुमा पनि तदरुपता छैन ।

नबिल ब्याङ्क प्रमुख अनिल शाहको भनाईमा अर्थ मन्त्रालयले 'मर्जर एण्ड एक्वीजिशन सेल' नै बनाएर यसलाई गति दिनुपर्छ । उनी भन्छन् "यदि मर्जरको प्रक्रिया शुरु हुन्छ भने त्यसको अन्त्य पनि चाँडै हुनुपर्छ । बीचमा कसैले गएर अदालतको स्टे अर्डर ल्यायो र चार वर्षपछि छिनोफानो हुने भयो भने मर्जरले काम गर्दैन ।"

ब्याङ्कहरुको संख्या बढ्दा वित्त बजारमा थपिने अर्को समस्या बनेको छ, दक्ष मानव संसाधनको अभाव । ब्याङ्किङ्ग क्षेत्रमा मध्यम र उच्चतहका मान्छे त छँदैछैनन् भने पनि हुन्छ । केही समयअघि ब्याङ्क अफ एशियाले प्रमुख कार्यकारी पदकै लागि गरेको 'भ्याकेन्सी' नै यसको उदाहरण हो । अधिकांश ब्याङ्कहरुसँग मानव संसाधन विकास योजना छैन । कसैले आफ्ना कर्मचारीलाई प्रशिक्षित गऱ्यो भने अर्को ब्याङ्कले खोस्ने डर छ । लक्ष्मी ब्याङ्कका प्रमुख कार्यकारी अधिकृत सुमन जोशी भन्छन् , "यो एउटा क्रोनिक समस्या बनेको छ । बजारमा अत्याधिक माग छ । तर युवाहरुको विदेश पलायनले यसमा समस्या पारेको छ ।"

# खण्डीकरण हैन निजीकरण

डा. भोलानाथ चालिसे

१६-२९ फागुन २०६२
हिमाल खबरपत्रिकामा प्रकाशीत

**विद्युत क्षेत्रलाई पनि खुला र प्रतिस्पर्धी बन्न दिइएको खण्डमा अहिले पसल–पसलमा टेलिफोनका 'रिचार्ज कार्ड' खरीद गरे जस्तै उपभोक्ताहरुले विद्युत् का त्यस्तै 'रिचार्ज कार्ड' विभिन्न मोलमा खरीद गरी घरघरमा प्रयोग गर्न पाउने छन् ।**

**विकासशील राष्ट्रहरु** - जहाँ सरकालाई माईबाप ठानिन्छ त्यहाँ सरकारले जे गर्छ त्यो नै ठीक मानिन्छ । सामन्तवादीहरुको कब्जामा रहेको सरकारको विरोध गर्न हत्तपत्त कसैले सक्दैन। आफ्नो हस्तक्षेपकारी कार्यहरुको बचावट गर्न कतिपय विकसित राष्ट्रका सरकारले गरिरहेका हस्तक्षेपलाई उदाहरणका रुपमा अघि सारिन्छ। यसरी जनतालाई सँधै अँध्यारोमा पार्ने गरिन्छ। अहिले पनि नेपालमा राजनीतिपछि जनतालाई पिरोलिरहेको विषय हप्तामा १७ घण्टा लोडसेडिङ्ग र आउँदा ५-१० वर्षसम्म यस्तै लोडसेडिङ्ग वा अन्धकारमा रहनुपर्ने त्रास हो ।

विकसित देशहरुमा पनि सरकारलाई नै बलियो बनाउनुपर्छ भन्ने धारण कमजोर छैन सरकारहरु कमजोर भएका कारण सन् ३० को दशकको मन्दी र दोस्रो विश्वयुद्ध जस्ता आपत् आएका हुन भन्दै पश्चिमी देशका सरकारहरुले पनि विभिन्न आर्थिक क्षेत्रहरुमा हात हाल्दै आएका छन्। भौतिक पूर्वाधार वा प्राकृतिक एकाधिकारका नाममा सरकारहरुले सडक यातायात, रेलवे, बन्दरगाह, विद्युत, टेलिफोन जस्ता क्षेत्रहरुमा निजीक्षेत्रको प्रवेश रोकी आफैले लगानी गर्ने गरेको छन् । तर यस्ता विचार १०/२० वर्ष नपुग्दै गलत साबित भएका अथवा त्यस्ता क्षेत्रहरुबाट सरकारहरु हट्नुपर्छ भन्ने विचारहरुले जरा गाड्न गरेका छन् । धेरैजसो नेपाली बुद्धिजीवीहरुले मानेको संयुक्त राज्य अमेरिकाले नेपालमा टिम्बर कर्पोरेसन, विश्व व्याङ्क

नेपाल खाने पानी संस्थान र एसियाली विकास बैंकले, हेटौडा सिमेन्ट सरकारी क्षेत्रमा स्थापना गर्न पर्याप्त सघाएका हुन् । तर सन् ९० दशकमा आइपुग्दा यिनै दाताहरु सरकारले आर्थिक क्षेत्रमा हात हाल्नु हुँदैन, टिम्बर कर्पोरेसन, खानेपानी संस्थान, हेटौंडा सिमेन्ट उद्योग आदिलाई निजीकरण गर्न पुनः आर्थिक सहयोग उपलब्ध गराउन अग्रसर भएको केही वर्षअघि विश्व बैंकले नै विद्युतको उत्पादन प्रसारण र वितरण एउटै छातामुनि अर्थात् एउटै संस्थाबाट गरिनुपर्छ भनी त्यसबेलाको पूर्वाञ्चल विद्युत कर्पोरेसन, नेपाल विद्युत कर्पोरेसन र विद्युत विभागलाई गाभी नेपाल विद्युत प्राधिकरण स्थापना गर्न दबाव दिएको हो । तर विडम्बना आज विश्व बैंक र एसियाली विकास बैंकजस्ता संस्थाहरु विद्युत प्राधिकरणलाई खण्डीकरण गरी तीन टुक्रा पार्न दबाव दिइरहेका छन् । तथ्य के हो भने विद्युत होस् वा गीत रेकर्ड गर्ने संस्था, सरकारले सञ्चालन गर्दासम्म तिनले उपभोक्तालाई सस्तो र गुणस्तरयुक्त सेवा कदापि प्रदान गर्न सक्दैनन् । सरकारले चलाएका संस्थाहरुले आफ्नो उत्पादन वा सेवा मूल्य लागतमा नाफा जोड्ने (कष्ट प्लस) सिद्धान्तको आधारमा .निर्धारण गर्छन् । तिनलाई वस्तु वा सेवाको मूल्य कम पार्नको लागि कुनै दबाव वा प्रेरणा नहुन भएकोले लागत जति बढाए पनि हुन्छ । र, स्वाभाविक रुपमा तिनको लागत उच्च हुन्छ । उदाहरणका लागि नेपालमै पनि विद्युत प्राधिकरणले निर्माण गरेको मर्स्याङ्गदी जलविद्युत आयोजनाको प्रति किलोवाट लागत ५६०२ अमेरिकी डलर थियो भने निजीक्षेत्रले बनाएको पिलुवाखोलाबाट प्रति किलोवाट १४५१ डलरमै बिजुली निस्किएको छ । प्राधिकरणले उत्पादन लागत, कर्मचारीतन्त्रको खर्च, द्विपक्षीय सहायता दिने राष्ट्रवाट मात्रै वा सेवा खरीद गर्नुपर्नेबाध्यता र कमिसनको खेलले गर्दा महँगो पर्न जान्छ । उता निजीक्षेत्रले भने जतिसक्यो त्यती सस्तोमा विद्युत उत्पादन गर्ने उद्देश्य राखेको हुन्छ । आफ्ना उत्पादन वा सेवाको मूल्य र गुणस्तर प्रतिस्पर्धी तुल्याइराख्न दिनरात खट्छ । जोखिम उठाउन सक्ने भएकोले निजीक्षेत्रले सस्तोमा आयोजना निर्माण गर्दछ ।

निजीक्षेत्रको संलग्नताबाट मात्र नेपालमा विद्युत् सस्तो र भरपर्दो हुने कुरामा द्विविधा छैन । तर बजारमा विश्वास नगर्नेहरुले विद्युत् उत्पादन,

प्रसारण र वितरण कार्यहरु निजीक्षेत्रमा छोड्दा उद्यमी व्यवसायीले एकाधिकार कायम गरी अन्धाधुन्ध मूल्य तोक्ने तर्क गर्दै बाधा अड्चन खडा गर्छन, जुन सर्वथा गलत हो । गलत किनभने प्राकृतिक हुँदैमा वस्तु वा सेवाको मूल्य जति पनि तोक्न सक्दैन । त्यसमाथि बजारमा विभिन्न उद्यमी व्यवसायीहरुको प्रतिस्पर्धा र खरीदकर्ताहरुको सहभागिता नभई कुनैपनि वस्तु वा सेवाको मूल्य निर्धारण नै हुँदैन । 'कष्ट प्लस' सिद्धान्तबाट वस्तु वा सेवाको मूल्य निर्धारण गर्न सरकारी दमनबाट मात्र सम्भव हुन्छ । तगाराको रुपमा अघि सारिने अर्को तर्फ - 'सार्वजनिक प्रयोगको वस्तुको मूल्य सरकारी नियमनकारी संस्थाले तोकिदिनुपर्छ' भन्ने हो । सरकार आफैँले सेवा वा वस्तु उत्पादन र वितरण गर्ने भन्दा पनि खतरनाक पक्ष उसले निजीक्षेत्रद्वारा आपूर्ति गरिने सेवा वा वस्तुको मूल्य तोक्ने कार्य हो । यो किनभने, पहिलो कुरा त सरकारलाई मूल्यको ज्ञानै हुँदैन, ज्ञान भएपनि मूल्य तोक्नका लागि सधैं ढिलासुस्ती गर्दछ, तोकिहाले पनि आफू नजिकको असक्षम उद्यमी व्यवसायीलाई सहयोग पुऱ्याउने गरी मूल्य तोकिदिन्छ । तर सरकारले यसरी तोकेको मूल्यमा न निजीक्षेत्रले लगानी गर्दछ न उपभोक्ताले सस्तो र भरपर्दो वस्तु वा सेवा नै प्राप्त गर्न सक्द्छन । यसैले सरकारले नै सञ्चालन गर्ने गरी विद्युत् प्राधिकरणको खण्डीकरण गर्ने कार्यको कुनै तर्क छैन । न त विद्युत् महसुल सरकारले तोकिरहने व्यवस्थाले नेपालको अँध्यारो नै हट्न सक्दछ ।

विद्युत् क्षेत्रमा अहिले गरिनुपर्ने कार्य भनेको विद्युत् प्राधिकरणको निजीकरण नै हो । प्राधिकरणको निजीकरणपछि विभिन्न किसिमको उद्यमी व्यवसायीहरुले विद्युत-उत्पादनको क्षेत्रमा हात हाल्न पाउँछन् । उनीहरुको आ-आफ्नो ज्ञान र सीपको प्रयोगद्वारा जतिसक्यो सस्तो विद्युत् उत्पादन गर्दै बढीभन्दा बढी ग्राहकलाई बेच्दछन् । ग्राहकले पनि आफूलाई जसले सस्तो र भरपर्दो विद्युत् उपलब्ध गराउँछ, उसैसँग विद्युत् खरीद गर्न पाउँछन् ।

हो, प्राधिकरणको निजीकरणलगत्तै बजारमा एकैपटक थुप्रै विद्युत उत्पादक तथा प्रसारणकर्ताहरु आउन सक्दैनन् । त्यसनिम्ति तीन चार वर्षको समय लाग्न सक्छ । अर्कोतर्फ, उत्पादनकर्ता त धेरै भएपनि प्रसारणको

कार्य भने धेरै जनाले धेरै किसिमबाट गर्न सम्भव र औचित्यपूर्ण हुन सक्दैन्। यो संक्रमणकालको व्यवस्थापनको लागि उत्पादनकर्ता, प्रसारणकर्ता र उपभोक्ताहरुले नियमनका लागि आफ्नै अग्रसरतामा 'ट्रिबुनल' खडा गर्न सक्दछन् । त्यस्तो 'ट्रिबुनल' ले विद्युत एवं प्रसारणको महसुल तोक्न सक्दछ । चार वा पाँच वर्षको संकक्रमणपछि 'ट्रिबुनल' ले विद्युत महसुल नतोकी प्रसारणको महसुल तोकिदिए विद्युत बजारको खेल सुचारु हुन थाल्छ । जुन कुनै देशको जुन कुनै बेलाको सरकारले गरेका कार्यहरु पनि उसले व्यक्तिगत लगानीको जोखिम उठाउनु नपर्ने भएका कारण सक्षम हुन सक्दैनन् । प्रतिस्पर्धी रुपमा निजीक्षेत्रले जोखिमका साथ उठाएका निर्णयहरु मात्र सक्षम हुन्छन् । यो ध्रुव सत्य हो । यसलाई नकार्नु भनेको देशको अर्थतन्त्रलाई नै असक्षमतातर्फ धकेल्नु हुन्छ । तसर्थः विद्युत प्राधिकरणलाई खण्डीकरण होइन पूरा निजीकरण गरिनुपर्दछ र विद्युत महसुल निर्धारण आयोग तत्काल खारेज गरिदिनुपर्दछ । निजीक्षेत्रले विद्युत उत्पादन प्रसारण र वितरण गर्न थालेपछि उपभोक्ताले बजारमा पाइने सिमी तरकारी जस्तै रोजीरोजी जसले सस्तो र स्तरीय विद्युत बेच्दछ उसैबाट खरीद गर्न पाउँछन । सिमी एउटा नभई नहुने खाने खाद्यवस्तु भएको कारण देखाई त्यसको बजारमा मूलय सरकारले तोकिदिने गरेको भए नेपालमा ३६५ दिन र २४ सै घण्टा सिमी पाइने थिएन । दूरसञ्चार जस्तै विद्युत् क्षेत्रलाई पनि खुला र प्रतिस्पर्धी बन्न दिएको खण्डमा अहिले दूरसञ्चारको सेवा उपभोग गर्न पसल पसलमा रिचार्जकार्ड खरीद गरेजस्तै विद्युत उपभोग गर्दा पनि बजारमा विभिन्न उत्पादनकर्ताले उपलब्ध गराएको त्यस्तै रिचार्ज कार्ड विभिन्न मोलमा खरीद गरी घरघरमा प्रयोग गर्न पाउने छन् । त्यसमा पनि बिहान-दिउँसो-बेलुका-रातिको समयमा उपयोग गर्ने विद्युतको दर पनि बेग्लाबेग्लै हुनसक्छ । तसर्थः सबै नेपालीहरुलाई सस्तो स्तरीय विद्युत सेवा दिन प्राधिकरणको खण्डीकरण हैन, पूर्ण निजीकरण नै जरुरी छ ।

# सार्वजनिक संस्थान : जे गरेपनि डुब्छन्

डा. भोलानाथ चालिसे

१-१५ माघ २०६२
हिमाल खबरपत्रिकामा प्रकाशित

के निजी क्षेत्रले व्यवसाय शुरु गरेपछि सार्वजनिक संस्थानहरु सिद्धिनै पर्दछ ? धेरै नेपालीले बडो दुःखका साथ यो प्रश्न उठाउने गरेको पाइन्छ । तर यसको सीधा जवाफ ‘हो, अवश्यै सिद्धिन्छन्’ भन्ने नै हुन्छ । यद्यपि यस्तो अवसानको कारण निजी व्यवसायीको चुनौती मात्र नभई संस्थाहरुको आफ्नै (सरकारी) व्यवस्थापन पनि हुन सक्दछ । नेपालमा जस्तै संसारका कतिपय मुलुकहरुमा पनि सरकारी संस्थान निजीक्षेत्रको नाफाखोरीका कारण रुग्ण वा बन्द हुन्छन् भन्ने मान्यताले प्रबल रुपमा जरा गाडेको पाइन्छ । त्यस्ता संस्थानलाई बचाउन योजना मूल्याकंन, प्रभावकारी व्यस्थापन आदि नाउँमा ऋण अनुदान र कर्मचारीतन्त्र थपिँदै जान्छ । तैपनि अन्ततोगोत्वा सरकारी संस्थानहरु धरासायी भएरै छोड्छन् । वामपन्थी अथवा राज्यको वर्चस्वमा विश्वास गर्नेहरुहरु के ठान्छन् भने, ‘निजीक्षेत्र जस्तै सार्वजनिक क्षेत्र पनि प्रतिस्पर्धी र निपुण हुन सक्दछ ।’ तर यो धारणा मिथ्या हो । किनभने सार्वजनिक क्षेत्र कहिल्यै पनि ‘निजीक्षेत्र’ हुन सम्भव हुँदैन । निजीक्षेत्रको जोखिम उठाउन सक्ने क्षमता र निर्णय गर्ने लचकताका अगाडि राज्य नियन्त्रित संस्थानहरुको केही लाग्दैन । जोखिम मोल्न सक्ने न्यून क्षमता नै सार्वजनिक क्षेत्रको एउटा मुख्य कमजोरी हो ।

**निजीक्षेत्रको जोखिम उठाउन सक्ने क्षमता र निर्णय गर्ने लचकताका अगाडि राज्य नियन्त्रित संस्थानहरुको केही लाग्दैन । जोखिम मोल्न सक्ने न्यून क्षमता नै सार्वजनिक क्षेत्रको एउटा मुख्य कमजोरी हो ।**

एउटा निजी व्यवसायीले आफू टिक्न र उन्नतिका लागि सधैं जोखिम उठाइरहेको हुन्छ । सरकारी संस्थामा कुनै जोखिम उठाउने निर्णय गर्नु पर्‍यो भने या त निर्णय नै लिइँदैन या विभिन्न समिति, उपसमिति गठन गरी निर्णयलाई पछाडि धकेल्दै लगिन्छ। त्यतिले नपुगे 'आवश्यक निर्णयका लागि' भनेर सरकारमा पठाइन्छ। जस्तो - नेपाल आयल निगम कम्पनी हो। यसको प्रबन्धपत्र र नियमावलीले तेलको मूल्य तोक्न यसलाई अधिकार मात्र होइन दायित्व पनि सुम्पिएको छ। निगमले आफै मूल्य नतोकी अर्काले ताकेको भाउमा तेल बेच्नु कानूनतः अवैध र अख्तियारको दुरुपयोग दुबै हो। त्यस्तै शानेवानि स्वायत्त संस्था भएका कारण यसले जतिसुकै रुपैयाँको खरीद पनि आफ्नै निर्णयबाट गर्न सक्दछ । तर जहाज किन्नु पर्‍यो कि फाइल मन्त्रालयमा पुग्दछ । सफा, सुग्घर रुपमा निर्णय गर्न छाडेर किन मन्त्रालय पठाउनु पर्‍यो ? कुरा स्पष्ट छ, दुबै निगमको व्यवस्थापन त्यति ठुलो जोखिम व्यहोर्ने हैसियत राख्दैन् । जबकि बुद्ध एयर वा यति एयर लाइन्सका मालिकले जहाज किन्नुपर्दा अथवा भाडा बढाउनका लागि यस्तो ढिलाई र पन्छाउने काम कहिल्यै गर्दैनन् ।

निजीक्षेत्रले सफलताको लागि उपयोग गर्ने अर्को खुबी हो चुस्त एवं निपुण व्यवस्थापन । उसले आफ्नो व्यवसाय सफल बनाउका लागि बजारमा उपलब्ध योग्य व्यक्तिहरुलाई यथेष्ट पैसा दिएर काममा लगाएको हुन्छ । जबकि हाम्रा जस्ता सार्वजनिक संस्थानहरुमा महाप्रबन्धकको नियुक्ति प्रायः नातावाद-कृपावाद वा एकमुष्ट पैसाका आधारमा गरिएको हुन्छ ।

डुब्दै गएका सार्वजनिक संस्थानहरुलाई बचाइराख्न योजनामाथि योजना र अनुदान वा ऋण थप गर्दै लानु राज्यवादीहरुले जानेको एकमात्र उपाय हो । तर यसरी योजना र साधनस्त्रोत थप्दै जाँदा त्यसको कार्यान्वयनका निम्ति केन्द्रिय नेतृत्वको आवश्यकता पर्दछ । सरकारी निर्णयहरु बलजफ्ती कार्यान्वयन गर्नका लागि केन्द्रिय नेतृत्व तानाशाह बन्दै जान्छ। यसको दृष्टान्त हेर्न टाढा जानुपर्दैन। सन् ६० को दशकको अन्त्यतिर समाजवादका नाउँमा निजीक्षेत्रका सबै बैंकहरु राष्ट्रियकरण गर्ने भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको शासन ँझभचनभलअथ मा गएर टुङ्गिएको हो। सन् ३० को दशकको मन्दी हटाउन समाजवादी (यथार्थमा राज्यवादी) नीति अवलम्बन

गर्न खोज्दा नै जर्मनीमा हिटलर जन्मियो । 'गरीबी हटाउने' नारा दिएर सत्तामा पुगेका तानाशाहहरु संसारमा अनगिन्ती भेटिन्छन् । तानाशाह पैदा गर्ने राज्यवादी सोचलाई बल पुऱ्याउने काम भने अभिजात्य पृष्ठभूमि रहेका बुद्धजीवीहरुले गर्छन् । तानाशाही वा केन्द्रिकृत शासनमा नै यस्ता बुद्धिजीविले चुनावै नलडी मन्त्री हुन, सार्वजनिक संस्थानमा महाप्रबन्धक बन्न र आफन्तहरुलाई जागिर ठेक्कापट्टा दिलाउन सक्छन । नेपालमै पनि अधिकांश शाह, ठकुरी, राजभण्डारी, कुमाई बाहुन तथा दरबार नजिक रहेका अन्य बाहुनहरु बहुलवादी प्रजातन्त्रको विरोधी हुनुको एउटा मुख्य कारण यही हो ।

सार्वजनिक क्षेत्रले निजीक्षेत्रसँग प्रतिस्पर्धा गर्न नसक्ने अर्को कारण, निर्णय गर्ने प्रक्रियाको भिन्नता हो । यो लेखक विद्युत् प्राधिकरणमा कार्यकारी निर्देशक छँदा एउटा अप्ठेरो खालको निर्णयको सामना गर्नुपरेको थियो । मध्यपश्चिमको लमही नजिक, १३२ के.भी. लाइनको एउटा टावर छेउमा पहिरो गयो । तत्काल त्यसलाई नयाँ ठाउँमा सार्नुपऱ्यो । सरकारी संस्थान भएका कारण रु.१ करोड ८० लाख जति इस्टिमेट भएको सो टावर सार्न कम्तीमा ३५ दिनको म्याद दिई टेण्डर आह्वान गर्नुपर्दथ्यो । तर त्यसो गर्दा टावर ढलेर पुरै मध्य एवं सुदूरपश्चिम अँध्यारोमा पर्न जाने र यसबाट प्राधिकरणलाई करोडौं क्षति हुनसक्ने जोखिम थियो । अनि, टेण्डर नगरी कोटेसनबाट काम गराउँदा मलाई भोलिपल्टै अख्तियारले समातेर लाने खतरा थियो । भाग्यवश टावर तत्काल ढलेन र कोटेसनबाट पनि काम गराइएन । तर निजीक्षेत्रमा यस्तो अवस्था सृजना हुँदा व्यवस्थापनले सहज ढङ्गबाट एकैचोटि निर्णय गर्नसक्छ, कुनै द्विविधा र तनावमा परिरहनै पर्दैन ।

कथित समाजवादी वा राज्यवादीहरुले निजीक्षेत्र माथि लगाउने एउटा आरोप, निजी क्षेत्रले उत्पादन वा सेवा प्रदान गर्दा विभिन्न हत्कण्डा उपयो ग गरी वस्तु वा सेवाको मूल्य बढी गराउँदछ भन्ने हो । भारतको राजधानी नयाँदिल्लीमा विद्युत् वितरण कार्यमा भर्खरै प्रवेश गरेका निजी कम्पनीहरुले खपत गरेभन्दा बढी यूनिट देखाउने मिटर राखेको भनी ठुलो होहल्ला मच्चाइएको छ । तर यथार्थ के हो भने त्यहाँ निजीक्षेत्रले बढी यूनिट देखाउने मिटर होइन पहिलेभन्दा बढी दुरुस्त देखाउने मिटर राखेका कारण

त्यस्तो होहल्ला मच्चिएको हो । यदि विद्युत् वितरण गर्ने निजी कम्पनीका मिटर नै, आरोप लगाइए झैं खराब वा बिगारिएका भए भने सम्बद्ध सरकारी निकायले नै त्यस्ता कम्पनीलाई ठीक पारिसकेका हुन्थे । 'नियामक' राखिने सरकारी अड्डाहरु नै निजी व्यवसायीले कहिले गल्ती गर्ला रमाउँला भनी बसेका हुन्छन् । सार्वजनिक क्षेत्रलाई निजीक्षेत्रमा प्रतिस्पर्धी हुन नदिने अर्को बाधक तत्व साधन प्राप्तीको भिन्न स्रोत हो । साधन-स्रोत निम्ति निजीक्षेत्र बजारमा निर्भर हुनुपर्दछ । उसले व्याङ्क, वित्तिय संस्था वा सर्वसाधारणलाई आफ्नो जोखिम उठाउन सक्ने क्षमताबाट फाइदा हुन्छ भन्ने विश्वास दिलाई आर्थिक स्रोत जुटाउँछ । (यहाँ व्याङ्क तथा वित्तिय संस्था भन्नाले सरकारले चलाएका नभई निजीक्षेत्रले नै चलाएका व्याङ्क तथा वित्तिय संस्था भन्ने बुझ्नुपर्छ । ) त्यस्ता बैंक तथा वित्तिय संस्थाले ऋणको मूल्याकंन गर्दा नै आयोजना ठीक हो वा होइन भनेर विस्तृत अध्ययन गरिसकेका हुन्छन् । यस्तो अध्ययनपछि गरिएको लगानी डुब्ने अवस्था कमै हुन्छ, लगानी डुब्दै नडुब्ने भन्ने होइन । उता सार्वजनिक संस्थानहरुलाई स्रोतको खाँचो पर्दा सरकारले या त बजेटमार्फत् लगानी गर्दछ, होइन भने आफू जमानी बसी ऋण उपलब्ध गराइदिन्छ । त्यतिले पनि भएन भने आफू अर्न्तगत रहेका सरकारी व्याङ्कहरुबाट सजिलै ऋण उपलब्ध गराइदिन्छ। आर्थिक सम्भाव्यताको मूल्याकंनै नगरी सरकारी दबाव वा ठाडो निर्देशनका भरमा सार्वजनिक संस्थानहरुमा अर्बौं लगानी गरेकै कारण पनि नेपाल व्याङ्क र राष्ट्रिय वाणिज्य बैंकको स्थिति नाजुक अवस्थामा पुगेको हो । सरकारी स्वामित्व र व्यवस्थापनमा रहेका यी व्याङ्कहरुले टेलिफोनका भरमा यस कारण लगानी गरेका छन् कि कथकदाचित संस्थान डुब्यो भने त्यो ऋण सरकारले तिरिदिन्छ । हुनपनि वीरगञ्ज चिनी कारखाना हेटैडा सिमेन्ट, बाँसबारी छालाजुत्ता आदि उद्योग र संस्थानहरु बन्द वा निजीकरण गर्दा सरकारले तिनको पचासौं करोड ऋण तिरिसकेको छ । तर निजीक्षेत्रको कुनै कारखाना वा उद्योग डुब्यो भने त्यसको लगानीकर्ता भोलिपल्टै टाटपल्टेर भएर सडकमा पुग्छ । यसै कारण ऊ आफ्नो आयोजना सफल बनाउन २४ घण्टा खट्दछ् । तर सार्वजनिक क्षेत्रको मुख्य कार्यकारी अधिकृतले पहिला त जोखिम नै उठाउँदैन , उठाइहाल्यो भने पनि त्यसको परिमाण नकारात्मक हुन जाँदा उसले केही गुमाउँदैन-हद भए

जागिरसम्म जाला, नभए मन्त्रालयमा हाजिर भई काम भने नगरी मुख्य कार्यकारी अधिकृतको तलब भत्ता तथा सुविधा उपयोग गरिरहने स्थितिमा पुग्ला ।

सार्वजनिक संस्थान निजीक्षेत्रको प्रतिस्पर्धा गर्न नसक्ने अर्को कारण यसको 'ब्युरोक्र्याटिक' व्यवस्था हो । उदाहरणका रुपमा *गोर्खापत्र* र *कान्तिपुर* हरुको विज्ञापनलाई लिन सकिन्छ । *कान्तिपुर*ले सरकारी कार्यालयबाट विज्ञापन लिँदा विज्ञापन र भुक्तानी दिने कर्मचारीहरुलाई केही प्रतिशत कमिसन छोड्न सक्छ । तर *गोर्खापत्र*ले यसै गर्न खोज्यो भने त्यहाँका कर्मचारीलाई अख्तियारले पाता कसेर लैजान्छ । यति मात्र कहाँ हो र ! *गोर्खापत्र*ले त बजेटै नभएका सरकारी कार्यालयहरुको विज्ञापन छापेबापतको करोडौं रुपैयाँ उठाउन बाँकी हुनसक्छ । आज सरकारले जानी जानी हस्तक्षेप नगरेको भए सरकारी विज्ञापन पनि *गोर्खापत्र* भन्दा *कान्तिपुर*ले नै हात पार्ने थियो । यही दृष्टान्त जनकपुर चुरोट कारखाना र सूर्य टोबाकोको सन्दर्भमा पनि लागू हुन्छ । सूर्य टोबाकोले आफ्ना डिलर, सबडिलरहरुलाई उनीहरुको बिलिङ्ग अनुपातमा फरक फरक दरमा कमिसन दिन्छ भने जनकपुर चुरोट कारखाना भने थोरै बेच्ने, धेरै बेच्ने सबैलाई एकै दरको कमिसन उपलब्ध गराउन बाध्य हुन्छ ।

सार्वजनिक संस्थानले निजीक्षेत्रसँग प्रतिस्पर्धा गर्न नसक्ने अर्को महत्वपूर्ण कारण, कर्मचारीहरुको नियुक्ति र तिनको तलब, भत्ता एवं सुविधाको अन्तर हो । निजीक्षेत्रले आफूले नयाँ व्यवसाय शुरु गर्दा बजारमा उपलब्ध सबै भन्दा योग्य व्यक्ति छान्दछ र उसलाई सन्तुष्ट हुने गरि तलब र सुविधा उपलब्ध गराउँछ । यतिमात्र होइन उसले उत्पादकत्व र उपयोगिताका आधारमा व्यक्तिपिच्छे फरक फरक तलब र सुविधा उपलब्ध गराएको हुन्छ । उता, सार्वजनिक क्षेत्रले भने पहिला त योग्य व्यक्ति छनौट नै गर्न सक्दैन (तलब र सुविधाका कारणले), अर्कोतर्फ उसको नियमले व्यक्तिपिच्छे फरक फरक तलब र सुविधा उपलब्ध गराउनै दिँदैन । जब बढी योग्य र कम योग्य, काममा धेरै खट्नेहरुबीच तलब सुविधामा कुनै भिन्नता हुँदैन, सिङ्गो संस्थाको स्तर 'कम योग्य र थोरै खट्ने' कर्मचारीको तहमा झर्छ ।

यस्तो स्थितिमा राज्यवादी वा वामपन्थी सोच भएकाहरुले सार्वजनिक संस्थानहरुलाई बचाउने अचूक उपाय कार्य-सम्पादन सम्झौता (परफर्मेन्स कन्ट्रयाक्ट) हो भनी सर्वसाधारणलाई रनभुल्लमा पारिदिने गरेका छन् । यो सम्झौताको आशय मुख्य कार्यकारी अधिकृत नियुक्त गर्दा उपलब्धिको आधारमा तलब, भत्ता र दण्ड सजाय (जागिर खोस्ने) को प्रावधान राखियो भने सार्वजनिक संस्थानहरु पनि निजीक्षेत्र सरह काम गर्न सक्ने हुन्छन् भन्ने हो । तर अफसोच ! यो धारणा वास्तविक रुपमा कार्यान्वयन नै हुँदैन । पहिलो त यस्तो सम्झौता गर्दा नै कार्य सम्पादन वा उपलब्धिको लक्ष्य कसरी उल्लेख गर्ने भन्ने समस्या आउँछ । मुख्य कुरा त, त्यस्तो लक्ष्य तोक्न सक्षम कर्मचारीहरु सरकारी मन्त्रालय वा विभागहरुमै भेट्टाउन मुश्किल पर्छ । कसैगरी लक्ष्य तोकिए पनि उपलब्धि र लक्ष्यको सही मूल्याकंन गर्ने खुबी र आँट भएका अधिकारी फेला पार्न गाह्रो पर्छ । कतिपय चलाख कार्यकारी अधिकृतले त तथ्याङ्कहरु तोडमोड गरेरै आफूले लक्ष्य पुरा गरेको दावा गर्छन् । सरकारी कर्मचारीलाई विभिन्न 'सेवा सुविधा' उपलब्ध गराई लक्ष्य पुरा भएको प्रमाणित गराउने प्रचलन त आफ्नो ठाउँमा छँदैछ ।

वामपन्थी वा समाजवादीहरुको एउटा तर्क- नाफै मात्र कमाउन उद्यत निजीक्षेत्रको वर्चस्वलाई प्रतिकार गर्न सार्वजनिक संस्थानहरु आवश्यक हुन्छ भन्ने पाइन्छ । तर एउटा व्यक्ति आफूले जोखिम उठाएर पैसा कमाई त्यसबाट राज्यलाई कर तिरेर आफ्नो उन्नतिका लागि दिनरात खटिरहन्छ । यस्तै खाले खटाईको समग्रताले कुनैपनि देशको आर्थिक उन्नति भइ रहेको हुन्छ । तसर्थ निजीक्षेत्रले राजस्व मारेर, छलकपट गरेर पैसा कमाउँछ भन्नु सरकारको कमजोरीहरुलाई लुकाउन खोज्नु मात्र हो । सरकारी अधिकारीहरु राजस्व उठाउँदा घुस नखाएर ईमान्दार हुने हो भने निजीक्षेत्रले राजस्व छल्नै सक्दैन । गुणस्तर, नापतोल सम्बन्धमा सरकारले प्रभावकारी काम गर्ने हो भने निजीक्षेत्रले ग्राहकलाई ठग्नै सक्दैन । तर सरकारी कमजोरीहरु लुकाउन निजीक्षेत्रलाई दोष किन चाहिँ नितान्त गैर जिम्मेवार काम हो ।

# Privatising privatisation

Bholanath Chalise

08-14 July 2005
Published in Nepali times

## Privatisation is too important to be left to public officials

Privatisation is not necessarily a neo-liberal priority. It is a process to limit the power of the government and kickstart the economy and wean it away from parasitic parastatals.

Privatisation is not an economic strategy but a political decision, and it needs an open and liberal economic policy. Recent delays in Nepal's privatisation push has confirmed that a government without a popular mandate can't steer privatisation. The reason is that such a drastic transfer of wealth and ownership requires ethical support of citizens and needs a certain expert understanding of the economics of the process.

The government itself admits that the cumulative operational losses of its public enterprises has crossed Rs 4.86 billion a year and this does not include unfounded contingent liability which can run into a few more billions.

Look at the wasted money: the government has spent more than a billion rupees just to settle the dues to staff and bank loans of the now-closed Birganj Sugar Factory. If that money had been used on the Karnali Highway, it would have been completed by now.

There are two formidable challenges to privatisation anywhere,

and this is true for Nepal as well: it needs an open and liberal economic policy setting and a responsible preserve of all actors in society - political opposition, free and fair media and a non-corrupt judiciary.

In the absence of the above, the only option left for Nepal is to privatise the privatisation program itself. It is time to challenge the accepted wisdom of international bureaucrats among our multilateral lenders who would oppose such a move.

Governments in the past two years have not even been able to decide on privatisation of a small turpentine factory in western Nepal that has antiquated Soviet-era machines. The staff have been paid off, the factory has been closed but privatisation is stuck. The reason is anticipatory angst over the possibility of being hauled over the coals by the zealous sleuths at the CIAA or the over-zealous ones at the RCCC.

Basically, in the case of the turpentine plant, no one from the Ministry of Finance was technically capable of convincing the Privatisation Committee that current assets do not have a fixed value. What is the use of evaluating current assets if its value is changed during handover of the fixed asset? That is why, in any sane country, the current assets are transferred to the party as agreed between the government and the party at the time of the handover. Not here. And to cut a long story short (which includes complaints to the CIAA by the general manager) lack of technical expertise meant a deadlock in the privatisation process. If this is what happens to a tiny plant, imagine the fate that awaits bigger enterprises on the block.

Take another story: the Lumbini Sugar Factory. Established 18 years ago with Chinese help and cane crushing capacity of 1,000 tons a day. It made some profits when there were no private sugar producers but went under when sugar price was deregulated and other players entered the field. Presently,

the government loses Rs 80 million a year keeping Lumbini afloat. Don't the officials know that the factory is virtually closed anyway, farmers have been selling their cane to private factories. Do they ever ask themselves if it is justifiable to lose Rs 80 million of tax payers' money a year to protect the jobs of 800 employees?

If the politicians can't bell the cat, let the private sector step in. Contract out the privatisation program to a team of private professionals. It may appear too radical in the present political climate, but that is the only way to rescue Nepal's moribund economic devolution. Donors who have been approached with this idea say it is unrealistic. Oh yeah? Now, why would that be?

Is it more realistic to leave privatisation to a government that lacks political will, the moral fortitude and the technical expertise to see it through?

Let's amend the Privatisation Act 1994 which was passed at a time when we had an accountable and democratic government responsible to the people and a system of checks and balances in parliament. The existing Privatisation Committee should be reshuffled assigning the Chief Secretary as chairman. The Office of Privatisation should not be top-heavy and be manned by at most five people, a chief who is technically familiar with the process and good working relation with policy-makers and professionals including a transaction manager.

# निजीकरणः मौका अनसारको व्याख्या

डा. भोलानाथ चालिसे

१-१५ फागुन २०५९
हिमाल खबरपत्रिकामा प्रकाशित

निजीकरणलाई दार्शनिक वा सैद्धान्तिक आधारमा हेर्ने र त्यस अनुरुपको व्यवहार गर्ने काम भएको छैन । अझ नेपालको सन्दर्भमा त बहुराष्ट्रिय संस्था, दाता राष्ट्रको कर्मचारीहरुले जसरी व्याख्या गरे त्यसैलाई निजीकरण ठान्न थालियो ।

निजीकरण भनेको सरकारी संस्थाको किनबेच मात्र होइन । यदि त्यस्तो हुँदो हो त नाफामा गएकालाई पहिले निजीकरण गर्ने की नोक्सानीमा गएकालाई पहिला उत्पादनशील उद्योगलाई निजीकरण गर्ने की सेवामूलक उद्योगलाई संस्थानको सम्पत्ति सबै बेच्ने कि शेयर मात्र बेच्ने जस्ता कर्मचारीस्तरमा उठाइने कुराहरु बरोबर आइ रहने थिएनन् ।

यर्थाथमा निजीकरण गर्नु भनेको एकातर्फ सरकारको शक्ति घटाउँदै लैजानु हो भने अर्कोतर्फ व्यक्तिलाई बढी भन्दा बढी कार्य गर्न उत्प्रेरित गराउनु हो । यो कुरा, जुनसुकै सरकारले पनि शक्तिको दुरुपयोग गर्छ र, व्यक्ति स्वयं अभिप्रेरित भएर पहल नगरेसम्म उत्पादकत्व बढ्न सक्दैन भन्ने दुई मूलभूत मान्यतामा आधारित छ । अर्को शब्दमा सरकारले शक्तिको दुरुपयोग गर्ने सम्भावनालाई जति सक्यौं कम गराउन र व्यक्तिको उत्प्रेरणालाई बढावा दिन निजीकरण गर्नु परेको हो ।

नेपालको अहिलेको सरकारले केही गर्ला भनेर सोचिएकै थिएन, तर यसले गर्नै नहुने कुराहरु भटाभट गर्न थालेको छ । अहिलेको मन्त्रिमण्डलका सदस्यहरु एकदमै चतुर र सिपालु छन् । यिनीहरु जनतालाई चिप्ला कुरा गर्दछन् र भित्रभित्रै अर्कै तानाबाना बुनिरहन्छन् । यसो नहुँदो हो त

देशमा शान्ति सुरक्षा कायम गर्ने संसदीय एवं स्थानिय निकायको चुनाव गराउने, भ्रष्टाचार नियन्त्रण गराउने र छिमेकीसंग सुमधुर सम्बन्ध कायम गर्ने भनी स्पष्ट कार्यसूची पाएको सरकार शाही नेपाल वायुसेवा निगम, नेपाल आयल निगम जस्ता संस्थान निजीकरण गर्न हतारिन थिएन । शानेवानिलाई डेढ अर्ब रुपैयाँमा बेच्ने भनेर मन्त्रीले योजना अनुरुप नै बोलेका हुन भनी भनिदैंछ । थप के पनि भनिएको छ भने उनले डेढ करोडमा बेच्ने भन्नुपर्नेमा रु. डेढ अर्ब भनेर गल्ती गरे । योजना त के थियो रे भने, मन्त्रीले डेढ करोडमा बेच्ने भन्ने अनि किन्ने पक्ष चाँही डेढ अर्ब दिन तयार हुने । डेढ करोडमा बेच्न खोजिएको संस्था दश गुणा बढी रु. डेढ अर्बमा बेचेपछि मन्त्री-सहायक मन्त्रीको स्वच्छता बारे कसले प्रश्न गर्ने ?

शानेवानि र नेपाल आयल निगम भन्दा पहिले निजीकरण गर्नुपर्ने धेरै संस्थानहरु छन् । त्यसैले शुरुमै यी दुई ठूला संस्थान निजीकरण गराउन खोज्नुमा गम्भीर रहस्य लुकेको हुनसक्छ । शानेवानि र नेपाल आयल निगम दुई वटै एकाधिकार प्राप्त सरकारी संस्थान हुन् । सार्वजनिक एकाधिकारलाई निजी एकाधिकारमा हस्तान्तरण गर्न सकियो भने निजी क्षेत्रले त्यही एकाधिकारको दुरुपयोग गरी यथेष्ट नाफा कमाउन सक्छ । यही कारण हुनसक्छ अहिले यी दुई वटा संस्थानको निजीकरणमा विशेष जोड दिँईदैछ । वायुसेवा वा आयल निगम सञ्चालन गर्न भौतिक पूर्वाधार एवं मानव संसाधनमा यथेष्ट लगानी गर्नुपर्ने हुन्छ । अहिले शानेवानि र आयल निगम निजीकरण गरियो भने नेपालमा तत्काल नयाँ वायुसेवा वा आयल कम्पनी निजी क्षेत्रमा खुल्ने सम्भावना एकदमै कम छ । विकसित देशहरुमा पनि एकाधिकार प्राप्त यस्ता कम्पनीहरुको निजीकरण सबैभन्दा पछि गर्ने गरिएको छ । निजी क्षेत्रको एकाधिकार सार्वजनिक क्षेत्रको एकाधिकारभन्दा एकदमै नाफामुखी हुन्छ र यस्ता संस्थाको सेवा उपभोग गर्नेहरु मर्कामा पर्न जान्छन् । एकाधिकारलाई व्यवस्था गर्न कानूनको निर्माण नगरी सार्वजनिक एकाधिकार निजीक्षेत्रमा लैजानु भनेको टेबुल मुनिबाट बढी लेनदेन गराउन खोज्नु हो । यस्ता एकाधिकार भएका संस्थान किन्न पाए निजीक्षेत्र पनि टेबुलमुनिबाट निकै खर्च गर्न तत्पर हुन्छ ।

अहिलेको सरकारले केही समय पश्चात् निजीकरण गरे हुनेलाई चाँडो गर्न खोज्ने र तुरुन्त निजीकरण गर्नुपर्ने स्थितीमा रहेका संस्थानहरुलाई भने विभिन्न बहाना देखाई निजीकरण गर्न ढिलाई गर्ने सुर गरेको पाइएको छ। निजीकरण गर्न प्रक्रियाको निर्माण गर्नुपर्ने, 'सरकारी संस्थानलाई कौडीको मोलमा बेच्न नहुने' जस्ता सस्ता नाराहरु बजारमा ल्याई जति सञ्चालन गऱ्यो त्यति नोक्सानमा जाने संस्थानहरु सञ्चालन गरिरहनु भनेको देशको अर्थतन्त्रप्रति ठुलो धोका हो। जहाँ निजीक्षेत्रले श्रमिकलाई सोस्ने मात्रै काम गर्दछ भनी निजीकरणको विरोध गरिन्छ त्यही राजनीतिबाट सञ्चालित ट्रेड युनियनका नेताहरुले भनेका भरमा सरकार पनि निजीकरण गर्दा श्रमिक मर्दछन् भन्ने झुठो धारणा लिएर बसेको छ। जबकि, संस्थानका खास मजदूर नभई, लेखा र प्रशासनका कर्मचारीहरुले निजीकरणको विरोधमा आवाज उठाउने गरेका छन्। यस्ता कर्मचारीहरुमध्ये अधिकांश राजनीतिक दबाव र भनसुनबाट संस्थानहरुमा घुस्ने प्रक्रिया अद्यापि कायम छ।

नेपालमा निजीकरणलाई या त कोरा व्यापारिक दृष्टिबाट हेरियो अथवा शुद्ध राजनीतिक लाभहानिको आधारमा मूल्याकंन गरियो। देशमा उदार वादी चिन्तनको नितान्त अभाव भएका कारण यस्तो भएको हो। यतिमात्र होइन, विश्व बैंक, एसियाली विकास बैंक वा दाता राष्ट्रका कर्मचारीहरुलाई नै उदारवादका गुरु ठान्न पुगे नेपालका नीति निर्माताहरु। जबकि विश्व व्याङ्क वा दाता राष्ट्रहरु स्वयंमा उदार हुँदै होइनन्। यिनीहरुले बढी स्रोत उपलब्ध गराई सरकारलाई नै बलियो बनाउँदै गएका छन्। कुनैपनि नीति, र्दशन एवं उद्देश्यमा स्पष्टता नल्याई कार्यान्वयन गर्न खोजियो भने मन्त्री वा कर्मचारीले आफूलाई जसरी फाइदा हुने हुन्छ त्यहीअनुरुप निजीकरणलाई व्याख्या गरिरहन्छ। अहिले नेपालमा उद्योग र अर्थमन्त्रीका बीच निजीकरणका सम्बन्धमा मतभेद भएकोमा केही बुद्धजीवीले अनौठो मानेका छन्। तर यो अनौठो कुरा होइन। अवसरअनुरुप आफ्ना क्रियाकलाप बढाउने यी मन्त्रीहरुले आफूलाई जसरी फाइदा हुन्छ त्यसैगरी निजीकरणको व्याख्या गरेका मात्र हुन्।

निजीकरणका लागि दक्षिण एसियामा मात्र होइन धेरै विकासशील मुलुकमा नभएको कानूनी संस्थागत व्यवस्था नेपालमा छ । निजीकरण ऐन, २०५१ यसको ज्वलन्त उदाहरण हो । यसैले प्रक्रिया नपुऱ्याई निजीकरण नगर्ने भन्ने कुरा कारण होइन बहाना मात्र हो । यस ऐन अन्तर्गत निजीकरण गर्ने सिफारिस समितिमा सरकारी पक्षमात्र होइन प्रमुख विपक्षी दलको नेता एवं निजीक्षेत्रको उपल्लो संस्था नेपाल उद्योग वाणिज्य संघको उच्च नेतृत्वको समेत संलग्नता छ । यतिमात्र होइन निजीकरण गर्दा देशका प्रमुख पत्रपत्रिका, रेडियो, टेलिभिजनमा पटक पटक टेण्डर आह्वान गर्ने गरिएका छन् । टेण्डर आह्वान गर्दा आफू किन्न नतम्सिने तर तीन तीन पटक टेण्डर आह्वान पश्चात् बेचिएको संस्थानलाई कौडीको मोलमा बेचियो भनेर अहिले मन्त्री भएकै कारणले भन्न पाइन्छ ? देशमा उपलब्ध स्पष्ट कानूनी संस्थागत व्यवस्था हुँदाहुँदै निजीकरण प्रक्रियामा सुधारको आवश्यकता छ भनेर के यो प्रक्रियालाई आफन्त वा समुदायको फाईदाको लागि पछाडि धकेल्न खोजिएको त होइन ? यदि होइन भने जनताले त्यसको खुलासा पाउनु पर्छ ।

# कुरै नबभ्की गरिएको निजीकरण

डा. भोलानाथ चालिसे

१६-३२ साउन २०५७
हिमाल खबरपत्रिकामा प्रकाशित

नेपालमा मात्रै होइन समुच्च विश्वमा नै निजीकरण भनेको सरकारी स्वामित्वमा रहेका केही उद्योग-व्यवसायलाई निजी क्षेत्रको पोल्टामा हालिदिने र निजी क्षेत्रकै पनि दुई-चारवटा उद्यमी व्यवसायीलाइ अभ्र धनी बनाइदिने माध्यमको रुपमा लिइएको छ । यो विचार सर्वथा असत्य हो । निजीकरण भनेको सम्पत्तिको हस्तान्तरण मात्र होइन, अर्थतन्त्रमा निपुणता ल्याउने कार्य हो । स्रोत र साधनहरुको सबैभन्दा अत्याधिक उपयोग जुन क्षेत्रबाट हुनसक्दछ त्यसै क्षेत्रमा उद्यम-व्यवसाय सञ्चालन गराउँदा समुच्चमा अर्थतन्त्रमा निपुणता आउछ र वस्तु वा सेवाहरु प्रतिस्पर्धी हुन्छन् । कुनै उद्यम-व्यवसाय सरकारी क्षेत्रबाट संचालन गर्दा निजी क्षेत्रभन्दा कम खर्चिलो हुन्छ भने त्यसलाइ सरकार नै संचालन गरे हुन्छ । निजीकरण भनेको पूँजीवादी देशले अपनाउने कार्य हो भन्ने पनि मिथ्या धारणा रहेको छ । कुनै पनि देशमा सरकारले संचालन गरिरहेका कार्यहरु सरकारले गर्नुपर्छ भनेर होइन त्यस देशको ऐतिहासिक, सामाजिक एवं राजनैतिक कारणहरुले त्यो गरिएको हुन्छ । संयुक्त राज्य अमेरिका जस्तो निजी क्षेत्रमा विश्वास गर्ने देशमा सडकको मर्मत, होटल संचालन जस्ता कार्य सरकारले गरिरहेको छ भने युगोस्लाभिया टुक्रनु अगाडि- वामपन्थी मुलुक भए पनि- सडक मर्मत कार्य निजी क्षेत्रलाइ सुम्पिइएको थियो ।

निजीकरण आफैंमा उद्देश्य होइन, यो एउटा प्रणाली हो । जुनसुकै पनि उद्यम-व्यवसाय वा सेवाको निजीकरण गर्नु पूर्व यसको उद्देश्य सम्बन्धमा स्पष्टता हुनुपर्दछ। कुनै उद्यम-व्यवसाय घाटामा गएको हुनाले निजकिरणको उद्देश्य नै अर्थतन्त्रमा निपुर्णता ल्याउनु रहेको हुन्छ भने घाटामा गएको

कुनै उद्यम-व्यासाय निजी क्षेत्रलाई हस्तान्तरण गर्दा निजी क्षेत्र डुब्यो भने त्यो उद्देश्य कसरी पूरा हुनसक्छ ? नाफामा गएका उद्योगलाई किन निजीकरण गर्ने भन्ने सोचाई पनि सरकारी क्षेत्रमा उठिरहेको हुन्छ। तर यो दृष्टिकोण पनि गलत छ। कुनै किसानले आफ्नो “गाई” राम्ररी दुध दिइरहेको बेला बेच्न खोज्छ कि थारो भइसकेपछि? सरकारले सरकारी सम्पत्तिहरु बेचेर सामाजिक क्षेत्रमा लगानी बढाउन खोजेको हो भने पनी नाफामा रहेको संस्थान घाटामा जानु अगाडि बेचेमा नै बढी पैसा आउँछ। व्यक्तिको लगानीको जोखिम नरहेका अवस्थामा संसारको जुनसुकै पनि सरकारले गरेको काम बढी खर्चिलो अवश्य नै हुन्छ। यस कुराको पुष्टि नेपाली उखान “सरकारी काम कहीले जाला घाम” ले पनि गरेको छ।

कुनै पनि संस्थाको निजीकरणको क्राइटेरिया नाफा नोक्सान मात्र नभएपछि तात्कालिन अवस्थामा निजीकरण गर्दा संस्था सुचारु रुपले संचालन हुन्छ हुदैन भन्ने प्रश्नको उत्तर खोजिनु पर्दछ। यदि तात्कालिन अवस्थामा निजी क्षेत्रले पनि संस्था राम्ररी संचालन गर्न सक्दैन भने पहिले त्यस्तो संस्थाको प्रविधिक, वित्तीय एवं व्यवस्थापकीय सुधारतर्फ लाग्नुपर्छ। त्यसपछि पनि राम्ररी संचालन हुन सकेन भने त्यस्तो संस्था निजीकरण गर्ने होइन “लिक्विडेसन” मा लानु पर्दछ। उदाहरणका लागि “हेटैंडा टक्सटाइल” सरकारले संचालन गरिरहँदा घाटामा जान्छ भने यसलाई सुधार गरेर निजीकरण गर्दा पनि नाफामा जान सक्दैन। संसारमा सबैभन्दा कम मूल्यमा कपडा उत्पादन गर्ने चीन र भारतसँग र त्यसमा पनि दुवै देशसँगको “खुल्ला” सिमाना रहेको अवस्थामा “टेक्सटाइल” नेपालमा कहिल्यै पनि प्रतिस्पर्धी क्षेत्र हुन सक्दैन। निजीकरणको उद्देश्यमा स्पष्टता नआएपछि “बालाजु टेक्सटाइल” निजीकरण गर्दा बन्द हुनु स्वभाविक हो। यसरी, कुरै नबुझी निजीकरण गर्न थालेपछि नै “निजीकरण गरिएका सबै उद्यम-व्यवसाय बन्द हुन्छन्” जस्ता आरोपहरु सरकारले सुन्न बाध्य हुनु पर्दछ।

नाफा र नोक्सानको विवादपछि अगाडी सारिने अर्को तर्क हो- रणनीति महत्वका कार्य गर्ने संस्थाहरु जस्तै विद्युत्, सञ्चार, रेडियो, टेलिभिजन आदि निजीकरण गरिनुहुँदैन। सैद्धान्तिक स्पष्टता नभएका र सधैँ “खैरो”

रङ रुचाउनेहरु यसै तर्कमा “हो-मा-हो” मिलाइरहेका हुनेछन् । वस्तु वा सेवा कम मूल्यमा उपलब्ध गराउनु अर्थतन्त्रको उद्देश्य हो भने “रणनीतिक क्षेत्र” भन्नु नै गौण विषय हो । उद्यमी-व्यवसायी भनेको गरीब जनताको रगत चुस्नेहरु हुन् भने झुटो धारणा राख्नेले मात्र रणनीतिक क्षेत्रको तर्क अगाडि सार्दछ । नेपालकै उदाहरण दिने हो भने पनि यो तर्क गलत सावित हुन्छ । नेपालको “औषधि” बजार (उत्पादन, आयात एवं वितरण) मूलतः निजी क्षेत्रले संचालन गरेको छ । (शाही औषधि लिमिटेडको नगण्य हिस्सा छोडेर) । औषधि भनेको मानिसका लागि विद्युत् र टेलिफोन भन्दा पनि अत्यावश्यक वस्तु हो । नेपालको औषधी बजार यति प्रतिस्पर्धी र भरपर्दो छ कि २०४४/०४५ सालमा भारतले नाकाबन्दी गरेका बखत पनि आवश्यक सबै औषधीहरु बजारमा सहजै उपलब्ध भइरहे र मुल्यमा समेत ठूलो उतारचढाव आएन । बेला-बेलामा सुनिने कम गुणस्तरको औषधि बेचियो, मूल्यमा कुनै समानता छैन जस्ता गुनासाहरु निजी क्षेत्रको संलग्नताको कारणले होइन सरकारले औषधिको गुणस्तर सम्बन्धी कानुनी व्यवस्थाहरु इमान्दार एवं प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकेर हो । सरकारले गर्नुपर्ने न्युनतम कार्य पनि नगर्ने र आफ्नो अक्षमताको दोष चाहिँ निजी क्षेत्रलाई थुपार्ने कुरा राम्रो होइन ।

निजीकरण सम्बन्धमा रहेको अर्को ठुलो अन्योल भनेको यसको माध्यम हो । निजीकरण मूलतः चार किसिमबाट गर्ने गरिन्छ; सम्पत्तिको हस्तानतरण, शेयर बिक्री, व्यवस्थापन करार (कन्ट्रक्ट) र बहाल (लिजिङ) । बाँसवारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना र हरिसिद्धि ईंटा टायल कारदानाहरु सम्पत्ति हस्तानतरणको प्रक्रियाबाट निजीकरण गरिएका थिए भने विराटनगर जुट मिलको व्यवस्थापन करारमा दिइएको छ । भक्तपुर ईंटा टायल कारखाना बाहलमा दिइएको थियो (जो सफल भएन) र नेपाल ब्याङ्क लिमिटेडमा सरकारसँग रहेको केही शेयर निजी क्षेत्रलाई बेचिएको छ ।

कुन माध्यमद्धारा निजीकरण गर्ने भन्ने कुरा उद्योग-व्यवसाय, सेवाको प्रकृतिमा भर पर्दछ । सबैका निम्ति एकैखाले माध्यम अपनाउने हो भने निजीकरण असफल हुन सक्तछ । उदाहरणका लागि, निजीकरण गर्न खोजिएको संस्थामन प्रशस्त थप पूँजी लगानी गर्नुपर्ने, प्रविधिमा सुधार गर्नुपर्ने अवश्था छ भने त्यस्तो संस्था कुनै व्यक्तिवब एक्लो फर्मलाई हस्तान्तरण गर्नँपर्छ जसले जोखिम उठाई थप लगानी गर्न सकोस् । तर, त्यस्तो संस्था स-साना धेरै लगानीकर्ताहरुलाई हस्तानतरण गरि यो भने ठूलो पूँजीलगानी गर्ने व्यक्तिको अभावले व्यासाय नचल्न सक्तछ । ठूलो पूँजी लगानी आवश्यक नपर्ने र सुचारु रुपले संचालन भइरहेको संस्थाको निजीकरण गर्दा भने बृहत् रुपमा शेयरहरु बिक्री गरी धेरै शेयरधनीहरुलाई त्यसको संचालनमा भाग लिन लगाउनु उपयुक्त हुन्छ । त्यस्तै, कामदार र कर्मचारीहरुको त्यति फरक नरहेका संस्थाहरु, खासगरी सेवामूलक व्यवसाय, जस्तै "गोरखापत्र" संस्थानलाई त्यहाँका सम्पादक एवं कर्मचारीहरुलाई शेयर हस्तान्तरण गरी नीजीकरण गर्नु उपयुक्त हुन्छ । उदाहरणका लागि, राष्ट्रिय बाणिज्य ब्याङ्कलाई व्यवस्थाप करारमा र भक्तपुर ईंटा टायल कारखानालाई बहालमा संचालन गर्न दिँदा निजीकरण बढी सफल हुन सक्तछ ।

निजीकरण प्रक्रियामा सबैभन्दा बिर्सन नहुने त्यसपछिको कार्यक्रम हो- निजीकरण गरेपछि संस्थाहरु राम्रोसँग संचालन नभएका खण्डमा तिनलाई आवश्यक सहयोग पुऱ्याउन सरकारले तयार रहनुपर्दछ । तर नेपालमा त संस्थाहरु निजीकरण भइहाल्यो, अब आरामले सुते भयो भन्ने धारणा सरकारले राखेको देखिन्छ । वस्तुतः निजीकरण पश्चात् पनि उद्यम व्यवसाय चल्न सक्तछ, सक्तैन भनी पुर्व अध्ययन गरी निजीकरण पश्चात उद्यम व्यवसायमा गरिनुपर्ने सुधारको कार्यक्रम नै तयार गर्नँपर्दछ । साथै निजीकरणपूर्व नै उद्योग-व्यवसाय लिन चाहाने निजी क्षेत्रका सम्भावित व्यक्ति र फर्मको सक्षमताको पनि अध्ययन गरिनु पर्दछ । संचालकमा योग्यताको अभाव रहेकाले बाँसवारी छाला-जुत्ता कारखाना र बहालमा लिनेको व्यवसायिक अनुभवको अभावको कारण भक्तपुर ईंटा टायल कारखाना निजीकरणपश्चात् संचालन हुन नसकेका हुन् । यस्तो अवश्थामा

सरकारले निजी क्षेत्रका व्यक्ति/फर्माहरुलाई आवश्यक सर-सल्लाह दिएर मात्र निजीकरण गर्नपर्दछ

कुनै पनि संस्थालाई निजीकरण गर्नुअघि त्यहाँ कार्यारत कर्मचारी र कामदारलाई वार्तालाप, छलफल, वर्कशपहरुको माध्यमबाट निजीकरणपश्चात् तिनको भविष्य के हुने, तिनलाई हटाउनुपर्दा के कस्तो सुविधा उपलब्ध गराइने आदी कुराका बारेमा स्पस्ट तुल्याउनु एकदमै आवश्यक छ। ठूलाठूला संस्थामा कामदार र कर्मचारीलाई यसरी स्पष्ट एवं पुर्ण आश्वस्त तुल्याउन कैयौ वर्ष लाग्न सक्ने भए पनि उनिहरु आश्वस्त नभएसम्म निजीकरण गर्नु उचित हुँदैहुँदैन । तर नेपालमा यस्तो प्रक्रियाको सुरुवात गर्नु त कहाँ हो कँहा; पाँच-सात वर्ष अगाडि नै फलानो संस्था निजीकरण गरिनेछ भनी घोषणा गरिन्छ । र, निजीकरण गर्न थप पाँच-सात वर्ष लगाइन्छ । यसले सिर्जना गरेको अन्योलको वातावरण संस्थामा सबैले ब्रह्मलूट गर्न थाल्नु कुनै आश्चर्य हुँदैन । एउटा सफल निजीकरणको कार्यक्रममा फाजिलमा पर्ने कामदार, कर्मचारीका निम्ति प्राविधिक, व्यवसायिक एवं वित्तीय तालिमहरु संचालन गरी उनीहरुलाई स्वरोजगारी बनाइएको वा उनीहरुकै समुहमार्फत उद्यम-व्यवसाय संनचालन गर्न लगाएको हुन्छ । किनभने, कुनै पनि ठाउँमा कार्यरत कामदार, कर्मचारी बेरोजगार हुनु भनेको अर्थतन्त्रलाई स्वतः नोक्सान पुग्नु हो ।

निजीकरणको सैद्धान्तिक पक्ष स्पष्ट नभएका, सरकारी सम्पत्ति बेचिदिनु नै निजीकरण हो भन्ने मानसिकता बोकेको नीति-निर्माताहरु, कामदर-कर्मचारी भनेको सुविधा मात्रै खोज्ने र हड्ताल गर्ने जमात हुन् भनी उनीहरुसँग कहिल्यै पनि वार्तालाप गर्न तयार नरहने कर्मचारीतन्त्र; राजनैतिक नेता, कर्मचारी र उद्योग-व्यवसायीको कुचक्रमा बाँच्न अभ्यस्त भएका तर खुल्ला एवं उदारवादी अर्थ-व्यवस्थामा प्रतिस्पर्धामा जान पटक्कै नरुचाउने निजी क्षेत्र रहेको अवस्थामा नै नेपालमा निजीकरण कार्यक्रम संचालन गरियो । फलतः यो जति सफल हुनुपर्थ्यो त्यति भएन र “निजीकरण कार्यक्रम नै विदेशी दवावमा लागू गरिएको”, “सरकारी सम्पत्ति कौडीको मूल्यमा उद्योग व्यापारलाई सुम्पेको”, “निजीकरणले कामदार कर्मचारीको हित हेर्दै नहेरेको ”जस्ता आरोपहरुलाई सरकारले मूकदर्शक भएर हेरिरहनुपरेको छ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निजीकरण

**राजनीतिक अनैतिकताको पराकाष्ठा**

डा. भोलानाथ चालिसे

००-००-००००

निजीकरण भित्रैदेखि राजनीतिक निर्णय हो । राजनीतिक निर्णय यस कारणले हो कि यो प्रक्रियाले सार्वजनिक अथवा जनताको सम्पत्ति व्यक्ति वा व्यक्तिगत कम्पनीलाई हस्तान्तरण कार्य गर्दछ । सार्वजनिक सम्पत्ति बेच्दा कार्यान्वयन गर्ने निकाय अर्थात सरकारले सर्वप्रथम जनताको स्वीकृति लिनुपर्छ र बेच्ने प्रक्रिया पारदर्शी र सम्पत्तिको अधिकतम मूल्य प्राप्त गर्ने प्रक्रिया अपनाउनुपर्ने मात्र होइन प्रक्रियाका बारे जनता एवं सहभागी हुन खोज्ने सबैले थाहा पाउनुपर्छ ।

सबै खाले सरकारी सम्पत्तिको निजीकरण एकै खाले नहुन सक्छ । तैपनि साधारणतया निजीकरण कार्यको अनुभवबाट एउटा प्रक्रिया अपनाइएको पाइन्छ । यो प्रक्रियाको थालनी सबैभन्दा पहिला निजीकरण गर्ने वा नगर्ने बारे राजनीतिक निर्णयबाट सुरु गरिन्छ । राजनीतिक निर्णय भन्नाले सरकार वा मन्त्रिपरिषद्ले यस्तो निर्णय गर्दछ । निजीकरण गर्ने निर्णय गरिसकेपछि निजीकरण केका लागि गर्न लागिएको हो स्पष्ट गरिन्छ । सम्पत्ति बेच्ने हो कि, कम्पनी भए कम्पनीको पूरा वा आंशिक सेयर बेच्ने हो कि, व्यवस्थापन करारमा दिने हो ? का बारे सरकार स्पष्ट हुनुपर्छ । व्यवस्थापन करार मा दिँदा पनि व्यवस्थापनको कार्यमात्रै निजीकरण गर्ने हो कि निजीकरण पश्चात् लगानीकर्ताले थप लगानी पनि गर्ने हो त्यसका बारे पहिल्यै निर्णय गर्नुपर्छ । यति कार्य पूरा गरिसकेपछि सम्पत्ति हस्तान्तरण गर्ने हो भने कुनै स्वतन्त्र, व्यावसायिक लेखापरीक्षकद्धारा मूल्यांकन गरिनुपर्छ । यस्तो मूल्यांकनको नतिजा सरकारले कसैलाई थाहा नदिई छातिभित्र लुकाएर राखेर निजीक्षेत्रबाट व्यवस्थापनका लागि प्रस्ताव आह्वान गर्न सक्छ वा न्यूनतम सेवा शुल्क सरकारलाई तिर्ने सर्त राखी सबैभन्दा बढी सेवा

शुल्क तिर्न तयार हुने निजीक्षेत्रलाई व्यवस्थापन हस्तान्तरण गर्न सक्छ । निजीक्षेत्रले व्यवस्थापन करारको साथसाथै थप लगानी पनि गर्ने हो भने कुन क्षेत्रमा कति लागतको लगानी कति वर्षमा गर्ने हो भनि सरकारले पहिल्यै मूल्यांकन गरी टेन्डर माग गर्दा निजीक्षेत्रलाई स्पष्ट तोकी दिनुपर्छ । संसारभरि सरकारी सम्पत्तिको बेचबिखन, व्यवस्थापन हस्तान्तरण वा सरकारले निजीक्षेत्रबाट खरिद गर्ने वस्तु वा सेवा सबैभन्दा आर्थिक रुपले लाभजनक, पारदर्शी र समयअनुकुल बनाउने कार्य भनेको प्रतिस्पर्धी टेन्डर मार्फत हो । यस्तो टेन्डर राष्ट्रिय वा अन्तर्राष्ट्रिय दुवै किसिमको हुनसक्छ ।

यहाँनेर स्मरणीय कुरा के छ भने टेन्डर आह्वान गर्दा सबै कुरालाई स्पष्ट पारी कुनै एउटा कार्यको लागि मात्र प्रतिस्पर्धा गराइन्छ । यसलाई अंग्रेजीमा जिरोइंग भनिन्छ । धेरै कुरामा एकैपटक प्रतिस्पर्धा गराउन खोजियो भने टेन्डरको मूल्यांकन कार्य एकदम कठिन र जटिल हुन आउँछ । प्रत्येक कार्यको वित्तीय मूल्यांकन गर्न असंभव जस्तै हुन्छ । उदाहरणका लागि विमान स्थल व्यवस्थापन निजीकरण पनि गर्ने र विमानस्थलको स्तरोन्नतिका लागि लगानी पनि गर्न लगाउनेजस्ता कार्यहरु एउटै टेन्डरबाट आह्वान गर्दा दुबैको मूल्यांकन गर्न कठिन हुन्छ । व्यवस्थापन करारमा मात्र दिने हो भने कति शुल्क सरकारलाई दिने हो भनि प्रतिस्पर्धा गराउन सकिन्छ । तर त्यसैमा स्तरोन्नतिका लागि पनि कार्य गर्न लगाउने हो भने दुइटैलाई एउटैमा मिसमास गर्दा यी दुबै कार्यको मूल्यांकन गर्न गाह्रो हुन्छ । एउटा प्रतिस्पर्धीले शुल्क धेरै दिन्छु भन्ला, अर्कोले स्तरोन्नतिका लागि महँगो मूल्य माग्यो भने कम शुल्क तिरी स्तरोन्नतिको कार्यसमेत कम खर्च बेहोर्ने प्रस्तावसँग दाँज्न कठिन हुन्छ । यसैले चाहे राष्ट्रिय होस् वा अन्तर्राष्ट्रिय होस् टेन्डर आह्वान भनेको एउटा कार्यका लागि मात्र (जिरोइंग) प्रतिस्पर्धा गराइनुपर्छ ।

सरकारी सम्पत्तिको व्यवस्थापन करारमा दिँदा नेपालजस्तो देशमा मात्र होइन विकसित देशहरुमा समेत हुने गरेको भ्रष्टाचारका बारे यहाँ स्पष्ट गर्नु सान्दर्भिक हुन्छ । यस किसिमको निजीकरण प्रक्रियामा सम्पत्ति प्रयोग गरेवापत सरकारलाई एकमुष्ठ रकम दिने कुरामा प्रतिस्पर्धा त

होला तर निजीकरण पश्चात् निजीक्षेत्रले त्यस्तो सम्पत्ति अरुलाई प्रयोग गर्न दिए वापत उठाउने शुल्कका बारे साधारणतया उल्लेख गरिएको हुँदैन । जसका कारण देखाउनका लागि सबैभन्दा बढी सेवा शुल्क सरकार लाई दिने प्रतिस्पर्धा त गराइयो भनिन्छ तर व्यवस्थापन लिनेले सम्पत्ति उपयोग गरेवापत उठाउने शुल्क मनोमानी रुपले बढाएको कार्यमा भने कसैको ध्यान गएको हुँदैन । उदाहरणका लागि काठमाडौं महानगर पालिकाले आकासे पुलको निर्माणका लागि प्रतिस्पर्धा त गराएको हुन्छ तर पुल मुनि स्थापना हुने पसलको बहाल भने पुल निर्माण गर्ने निजीक्षेत्रले मनोमानी रुपमा शुल्क उठाएकोमा कसैको ध्यान जाँदैन । सरकारी, निजीक्षेत्र साझेदारी कार्यक्रमभित्र हुने भ्रष्टाचारको यो लुकाइएको ठूलो नमूना हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको व्यवस्थापन निजीक्षेत्रलाई शुल्कमा प्रतिस्पर्धा गराई सबैभन्दा बढी शुल्क तिर्नेलाई जिम्मा त दिइएला, जिम्मा दिइएको भोलिपल्टदेखि विमानस्थलमा अवतरण गर्ने, उड्ने, पाकिंग गर्ने, ग्राउन्ड ह्यान्डलिंग शुल्क बढायो भने त्यो शुल्क कसरी प्रतिस्पर्धी भयो ? उसै त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्ने विमान कम्पनीहरुले अहिले नै महँगो शुल्क तिरी रहेका छन् । यदि निजीकरणपछि पुनः शुल्क बढ्यो र विमानस्थलमा विमानहरु नै अवतरण गर्न र उड्न छोडे भने के होला ? सेवा शुल्कवापत सबैभन्दा बढी पनि तिर्ने र प्रदान गरिएको सेवा पनि गुणस्तरीय र सबैभन्दा सस्तो गराउने कार्य एकैपटक प्रतिस्पर्धा गराउने औजार भनेको कार्यदक्षतामा आधारित व्यवस्थापन करार हो । यस्तो करार के हो ? भनि बुझ्नका लागि काठमाडौं उपत्यकाको खानेपानी वितरणका लागि आ.व. २०६३ र ६४ मा कार्यान्वयन गर्न खोजिएको व्यवस्थालाई हेरे पुग्छ । एसियाली विकास बैंकले मेलाम्ची खानेपानी आयोजनामा लगानी गर्नुअघि काठमाडौं उपत्यकाको खानेपानी वितरण कार्यमा व्यापक सुधारका लागि व्यवस्थापन करारमा दिनुपर्ने सर्त राखेको थियो । यस्तो करारका लागि अनुभवसिद्ध, अन्यत्र खानेपानी वितरणमा संलग्न, यथेष्ट प्राविधिक कर्मचारी एवं वित्तीय अवस्था मजबुत भएको कम्पनीलाई दिने सुझाव राखेको थियो । यो कार्यका लागि सबै भन्दा पहिला सरकारले काठमाडौं उपत्यकाको खानेपानी वितरणको स्थिति,

वितरण प्रणाली, चुहावट आदिको पूर्वअध्ययन गरी गर्नुपर्ने सुधारको फेहरिस्त तयार गरेको थियो । तत्पश्चात् आफूमा क्षमता नभएका कारण अन्तर्राष्ट्रिय परामर्शदाताको सेवा उपयोग गरी ४ सय पृष्ठभन्दा बढीको बिड डकुमेन्ट तयार पारेको थियो । यो डकुमेन्टमा खानेपानीको हालको वितरणस्थिति, गर्नुपर्ने सुधारका बारे स्पष्ट उल्लेख गरिएको थियो । व्यवस्थापन करारमा लिन चाहनेले तोकिएको समायावधिमा दिनको कति लिटर पानी प्रत्येक धारामा र कुन गुणस्तरको उपलब्ध गराउनुपर्ने भनि सर्त राखेको थियो । यो सर्तभन्दा कम भएमा व्यवस्थापन जिम्मा लिनेले हर्जाना तिर्नुपर्ने र बढी सेवा सुविधा उपलब्ध गराएमा बोनस दिने अथवा कार्यदक्षताका आधारमा हर्जाना वा थप बोनस दिने व्यवस्थापन करारका लागि प्रस्ताव तयार गरिएको थियो । यति हुँदाहुँदै पनि पानीको शुल्क बढाउने कार्यमा भने एउटा कानूनद्धारा नै व्यवस्था गरिएको स्वतन्त्र खानेपानी महसुल निर्धारण आयोगको गठनसमेत गरिएको थियो । आयोगको स्वीकृति बेगर व्यवस्थापन लिने कम्पनीले शुल्क बढाउन पाउने थिएन । खानेपानीजस्तो अत्यावश्यक वस्तुलाई समेत निजीकरण गराउन खोजियो भनि राजनीतिक स्तरसम्म ठूलो स्वर आउन थालेपछि यो प्रक्रिया अवरुद्ध हुन पुगेको थियो । राजनीति नगर्ने काठमाडौ उपत्यका खानेपानी लिमिटेडका कर्मचारी साथीहरु यस्तो अवसर गुमेकोमा अहिलेसम्म पनि चिन्ता व्यक्त गरिरहेका छन् ।

समाजमा दुवै थरीका मान्छे हुन्छन्, असल पनि र खराब पनि । त्यसैगरी निजीक्षेत्रका उद्यमी व्यवसायी पनि असल र खराब दुवै थरीका हुन्छन्, सक्षम र असक्षम पनि हुन्छन् । एकथरी मानवीय सोच र बुद्धि लगाएर समाजमा धन सिर्जना गर्दै पैसा कमाउने हुन्छन् भने अर्कोथरी सरकारी मान्छेलाई पट्याई मेहनत नै नगरी पैसा कमाउन पनि हुन्छन् । जुनकुनै पनि समाजको उन्नति असल उद्यमीको संख्या बढाउँदै छलछाम गरी कमाउनेको संख्या घटाउँदै गएमा मात्र हुन सक्छ । नेपालको अहिलेको राजनीतिक अस्थिरता, नीतिगत अन्योलता, आफ्नो घोषणापत्रमा भन्ने एकथरी र गर्ने अर्कोथरी अनैतिक सोच भएका राजनीतिक दलहरुका अवस्थामा कोही पनि सक्कली स्वदेशी उद्यमी त परैजाओस् विदेशी लगानीकर्ता आउनु भनेको तिनलाई कुनै पनि हालतमा असली उद्यमी ठान्न सकिँदैन । निजीक्षेत्रको कुरा गर्दा

अंग्रेजीमा फ्लाई वाई नाइट इन्टरप्रिनर अथवा रातिराति प्लेन चढेर आई राति नै काम फत्ते गरी भोलिपल्ट बिहान प्लेन चढेर फर्कने उद्यमीहरु प्रशस्तै पाइन्छन् । रातको समयमा आफ्नो काम फत्ते गर्नेलाई यहाँ उल्लेख नै गर्न नसकिने ... भने हुन्छ । यस्तै खाले व्यवसायीलाई बिना टेन्डर, बिना प्रतिस्पर्धा, बिना गृहकार्य सरकारी सम्पत्तिको निजीकरण गर्न खोज्नु भनेको अनैतिकताको पराकाष्ठा हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको व्यवस्थापन करारमा नै दिने हो भने पनि उल्लेख गरिएका सबै कार्यहरु सरकारले पूरा गर्नु अनिवार्य सर्त हुनेछ ।

# सरकार, निजीक्षेत्र साझेदारी : सामूहिकीकरणको मन्द विष

डा. भोलानाथ चालिसे

००-००-००००

नेपाल मात्रै होइन दक्षिण एसिया नै गुरुदर्शनबाट प्रताडित भएको छ । गुरु अर्थात आफूभन्दा माथि रहेका (बुझ्नुहोस् शासक वर्ग) व्यक्तिले भनेका, गरेका सबै ठीक छन् भनि शिरोधार्य गर्ने प्रवृत्तिले सरकारहरुलाई दिनानुदिन अधिनायकवादी बन्दै जान सहयोग पुर्‍याउँदै गयो । व्यक्तिगत स्वतन्त्रता र निजीक्षेत्रको सम्पत्तिको संरक्षण गर्ने कार्य मात्र गर्नुपर्ने सरकारले निजी क्रियाकलापहरुमा विभिन्न नाम र वहानामा हस्तक्षेप बढाउन यो गुरुदर्शनले यथेष्ट सहयोग पुर्‍यायो । गुरुले जे भने ती सबै ठीक भन्ने सोच दासत्वको परिचय हो । पश्चिमा देशमा ९० को दशकबाट बढी चर्चामा ल्याइएको र नेपालमा झण्डै ५ वर्ष अगाडि सरकारले सोच बनाएको सरकारी निजी साझेदारी (सनिसा) नीतिका प्रति सरकार र निजीक्षेत्र मात्रै होइन, विद्धान अर्थशास्त्री, इन्जिनियर, व्यवस्थापकहरुले समेत यस्तो नीतिको गुण, दोष नकेलाई पुरै समर्थन गरिएको पाउनु यही गुरुदर्शनको उपज हो । यो नीति नेपालीमा छोटकरीमा भन्दा कसो सनिसा मात्रै भयो शनिश्चरे हुन पुगेन । शनिश्चरको दसा जस्तै यसले नेपाली जनतालाई दसैदसा बाहेक अन्य कुनै दे न दिने छैन ।

तेस्रो मुलुकका समाजवादी लगायत सबै खाले वामपन्थीलाई पश्चिमा मुलुकका सरकार एवं बहुराष्ट्रिय संस्था (युएनडीपी, विश्व बैंक, आईएमएफ) हरुले प्रतिपादन गरेका सिद्धान्त एवं कार्यक्रमहरु उदारवादी सोच अथवा पूँजीवादी विचार हुन् भन्ने भ्रम रहेको छ । यी सरकार र बहुराष्ट्रिय संस्थाहरुले बेलाबेलामा प्रतिपादन गरेका नीतिहरु पटक्कै उदारवादी होइनन् । स्वतन्त्र व्यवसायलाई कम्युनिस्टहरुले सोझै प्रहार गरेको स्पष्ट बुझ्न सकिन्छ । तर यसलाई घुमाउरो पाराले कुण्ठित र नियन्त्रित भने समाजवादीहरु जो केन्द्रीय योजनामा विश्वास गर्दछन् तिनले बढी गरे । सन्

१८८३ मा बेलायतमा सुरु गरिएको Fabian Socialism बाट सुरु भएको हो । मार्क्सले भने जस्तै पूँजीवादलाई एकै पटक ध्वस्त पारेर सिध्याउँदा धेरै जनधनको खती हुने भएकाले बिस्तार बिस्तार राज्यले सबै क्षेत्रमा हात हाल्दै लगि स्वतन्त्र व्यवसाय र निजी सम्पत्तिको नास गरेर साम्यवाद स्थापना गर्न सकिने यिनको सोच थियो । यस्तै सोचअनुरुप पश्चिमा देश र बहुराष्ट्रिय संस्थाहरुले सोझै समाजवाद स्थापनाको कुरा नगरी उही घुमाउरो पाराले सरकारलाई बलियो बनाउने नयाँनयाँ नाराहरु ल्याउँदै गए । मिश्रित अर्थतन्त्र, सरकारको पुनः आविष्कार, असल शासन, दीगो विकास र हालसालको सनिसा आदि सबै नाराहरु सरकार बलियो बनाउने, सरकारले हस्तक्षेप बढाउने कुराहरु मात्र हुन् ।

पश्चिमा देशहरुमा सरकार वा बहुराष्ट्रिय संस्थाले समाजवाद आआफ्नो लक्ष्य हो भनेर स्पष्ट भन्न नसक्ने भएका कारण उल्लेख गरिएका नारा र सनिसा जस्ता नीतिहरु अगाडि सारेका हुन् । यो सनिसा कार्यक्रम सुन्दा निजीक्षेत्रको समेत सहभागिता रहने एकदमै मीठो कार्यक्रम लाग्न सक्दछ । यसका प्रतिपादकहरुले सरकारले छिटो र सस्तो सम्पन्न गर्न नसक्ने कार्यक्रमहरुलाई निजीक्षेत्रको व्यवस्थापन भित्र्याई छिटो र सस्तो सम्पन्न हुन्छ भनि हिँडेका छन् । तर यो कार्यक्रम स्वतन्त्र व्यवसाय र प्रतिस्पर्धा भन्दा सरकारी संरक्षणको आधारमा चक्रप्रणालीद्धारा नाफा कमाउने खल्ती भरि टन्न पैसा भएका निजीक्षेत्र र साम्यवाद स्थापनाको उद्देश्य भएका सरकारबीचको अपवित्र गठबन्धन हो । निजीक्षेत्रको सहभागिताको घुम्टो ओढाइएको यो कार्यक्रमलाई नयाँ दुलही ठानेर जोकोही पनि सममोहित हुनु स्वाभाविक हो ।

निजीक्षेत्रले यस्तो कार्यक्रमको किन बढी सराहना गर्दछ भन्ने प्रश्नको उत्तर खोज्नु स्वाभाविक हो । यसका लागि नीति नै बनाएर होइन तर अभिष्ट इच्छाका साथ सुरु गरिएको काठमाडौंको नयाँ बसपार्कको इतिहास केलाउनु उपयुक्त हुन्छ । सरकारले किसानहरुको जग्गा अधिग्रहण गरेर नयाँ बसपार्क बनायो र यसको संचालन सनिसाकै मोडेलमा निजीक्षेत्रको कम्पनीलाई भाडामा दियो । निजीक्षेत्रले त्यहाँ बसपार्क गर्दा वा बस छुट्दा आफूखुसी शुल्क लिन पाउने भयो । शुल्क बढी भएका कारण

बसहरु अन्यत्रै ठाउँबाट जान लाग्दा सरकारले देशको राजधानीबाट पूर्व वा पश्चिम जाने सबै बसहरु यही बसपार्कबाट मात्र छुट्न पाउने फर्माउन जारी गर्‍यो । थानकोट घर भएका एउटा यात्रुले थानकोटबाटै बस चढी पोखरा जान पाएन । उसले थानकोटबाट पोखरा पुग्न सक्ने ट्याक्सी भाडा तिरी नयाँ बसपार्क आउनु पर्ने भयो । यसमा अर्को ठूलो चक्रप्रणालीमा व्यवस्थाले यात्रु त अझ बढी मारमा पर्ने नै भयो । अहिलेको महत्वाकांक्षी सरकारले सायद अब सनिसा कार्यक्रम फुटपाथहरुमा लागू गर्ने छ । फुटपाथमा आफ्नो बुद्धि, सीप र पुँजीको अत्युत्तम उपयोग गरी व्यवसाय गरिरहेकाहरुलाई हटाई सनिसाकै नाममा राजधानीका सबै फुटपाथहरु कुनै एउटा निजी कम्पनीलाई सरकारले भाडामा दिने छ र उक्त कम्पनीले ससाना व्यवसायीलाई चर्को महसुल लगाई ठाउँ बेच्ने छ । फुटपाथपछिको अर्को आकर्षण ओपन थिएटर हल भएको ठाउँ मुनि भूमिगत पार्किंग निर्माण गर्न कुनै एउटा कम्पनीलाई जिम्मा लगाउन बेर छैन ।

सनिसा नीति खासगरी सार्वजनिक जग्गा, सार्वजनिक स्थल र सार्वजनिक स्रोतहरुको नियन्त्रित र सरकार र निजीक्षेत्रका बीचको गठबन्धनको फाइदाको लागि लागू गरिन्छ । यस्तो क्षेत्र र स्रोतको विकल्प सजिलैसँग पाइँदैन । अर्को उदाहरणका लागि टुँडिखेल वरिपरि स्थापना गरि एका आकासे पुल हुन् । महानगरपालिकाले आकासे पुल निर्माण गर्न निजीक्षेत्रलाई दियो र पुलको मुनि स्थापना भएका पसलहरुको वहाल एवं होर्डिंग बोर्डको शुल्कका लागि भने उपभोक्ताहरुले त्यो निजीक्षेत्रको कम्पनीले कायम गरेको शुल्क तिर्नु पर्‍यो । यस्तो कार्यक्रम संचालनका लागि निजीक्षेत्रलाई सरकारी सहभागिताको आवश्यकता त्यसबेला हुन्छ जुनबेला यसले नागरिकलाई आफ्नो बलपूर्वक दबाब लादन सक्दैन । यस्तो दबाब लाद्न सक्ने शक्ति सरकारसँग मात्र हुन्छ । सरकारका र खल्ती भरी टन्न पैसा भएका निजीक्षेत्रको मिलिभगतमा कार्यान्वयन गरिने यस्तो सनिसा नीतिले उपभोक्ता ठगिने बाहेक बाँकी दुवैले टन्न पैसा कमाउँछन् । सरकारले शुल्कको रुपमा र निजीक्षेत्रले आफूखुसी महसुल लगाएर । यी त भए ससाना उदाहरण । स्वतन्त्र व्यवसाय नियन्त्रणका लागि वृहद रुपमा नेपालमा लागू गरिने क्षेत्रहरु भने काठमाडौं तराईको द्रुत सडक वा रेलमार्ग, पूर्व पश्चिम विद्युतीय रेलमार्ग हुनेछन् । यी दुवै योजना आर्थिक रुपले संभाव्य होइनन् ।

आर्थिक रुपले संभाव्य भएका भए निजीक्षेत्रले सुरु गरिहाल्ने थियो । निजीक्षेत्रले लगानी गर्दा फाइदाजनक नदेखिएपछि सरकारलाई जनतालाई सपना बाँड्न र निजीक्षेत्रलाई सरकारी दबाबको उपयोग गरी नाफा कमाउन यस्ता आयो जनाहरु चर्चामा ल्याइएका हुन् । द्रुत मार्ग वा रेलमार्ग स्वतन्त्र हिसाबमा फाइदाजनक नहुने भए सरकारले काठमाडौंबाट मुग्लिंग हुँदै हेटौंडा जाने सडक नै बन्द गरिदिन सक्दछ अथवा वातावरण बचाउने नाममा पूर्वपश्चिम राजमार्गमा इन्धनबाट चल्ने सबै सवारी साधन बन्द गरिदिन सक्दछ । यस्तै गरिदिन सक्ने आशमा निजीक्षेत्रले सनिसा, सनिसा भनि राखेको हो ।

भौतिक योजनाहरुमा सनिसा लागू गरेपछि सरकारले देशैलाई सामूहिकीकरण गर्ने कार्यलाई शिक्षामा सनिसा लागू गरेर सुरु गर्दछ । निजी सम्पत्तिको नियन्त्रण गरेपछि वामपन्थीहरु निजी विचारको नियन्त्रणमा जान्छन् । राष्ट्रप्रेम, सद्चरित्र, स्वषणरहित समाजको स्थापना, गरिब र धनीबीचको खाडल कम गर्ने आदि नाममा सबैले एकै खाले शिक्षा पाउनुपर्दछ भन्ने सिद्धान्त पूर्तिका लागि सनिसा अर्को उपयुक्त माध्यम बन्न पुग्दछ । यसका लागि अर्को चरण औद्योगीकरणको नामबाट लागू गरिने छ । हेटौंडा कपडा कारखाना सनिसा अन्तर्गत पुनर्स्थापना गर्न खोजिनु यस्तै उद्देश्य पूर्तिका लागि हो । प्रविधिको हिसाबले हेटौंडा कपडा कारखानाले एउटै गजका कपडाबाहेक विभिन्न गजका र विभिन्न प्रकारका कपडा उत्पादन गर्न सक्दैन । यो प्रविधिलाई माओत्से तुङको समयमा सबै जनताले एउटै खाले लुगा लगाउने उद्देश्यका लागि विकसित गरिएको थियो । देशका सबै जनताले एउटै खाले लुगा, एउटै खाले पढाई र सोच विकास गरेपछि साम्यवाद स्थापनाका लागि क्रान्ति नै किन गर्नु पर्‍यो र, मन्द विष नै आवश्यकता भन्दा बढी भएपछि ।

स्वतन्त्र न्यायालयको संचालन, सक्रिय नागरिक समाज र मेहनत, प्रतिस्पर्धा र नयाँनयाँ सोच र प्रविधि मार्फत पैसा कमाउने निजीक्षेत्र रहेको पश्चिमा देशहरुमा समेत सनिसाले स्वतन्त्र व्यवसायलाई संकुचन गर्दै लगेको छ । यसका विरुद्ध सोच्ने, लेख्ने र छाप्ने सीमित अवस्थामा छन् भने नेपालमा प्रहरी नै अपराधीको संरक्षक, न्यायाधीशहरु राडीमाथि चढी निर्णय गर्ने प्रवृत्ति, राजनीति गर्ने नागरिक समाज, चक्रप्रणाली लागू गर्ने उद्यमी व्यवसायी र ठूला घरानाका कुकृत्य नछाप्ने संचारमाध्यम भएको देश नेपालमा सनिसा लागू भएपछि सिर्जना हुने अवस्थाको कल्पना पनि गर्न सकिँदैन ।

# भाग ३

# आर्थिक नीति र व्यवसायिक वातावरणमा टिप्पणी

# भोला चालिसे, नेपालमा उदारीकरणका हेड आर्किटेक्ट

माननीय श्री भानु प्रसाद आचार्य *

नेपालमा उद्यमीहरुको सिर्जनशीलतालाई बढावा दिने, सरकारको भूमिकालाई नियमनकारीका रुपमा राख्ने र बृहत आर्थिक समुन्नति गर्ने काममा जस्तो खालको नीतिगत व्यवस्था हुनुपर्थ्यो, त्यस्तो व्यवस्था गर्न एक सरकारी कर्मचारीका रुपमा पहल कदमी गर्ने व्यक्ति डा. भोला चालिसे हुन् । चाहे त्यो औद्योगिक नीति होस् वा कम्पनी ऐन अथवा वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन होस् यसको अवधारणा ल्याई खाका तयार गर्ने काम उहाँको हो । उहाँको योगदानलाई तीन प्रमुख क्षेत्रमा प्रष्ट पार्न सकिन्छ । पहिलो, नेपालमा उदार आर्थिक नीति ल्याउने र त्यसको कार्यान्वयन गर्नेकाममा उहाँको नेतृत्वदायी भूमिका रयो । दोस्रो, उहाँले व्यक्तिगत स्वतन्त्रताको विषयलाई जुन हिसाबमा उठाउनुभयो, त्यसले उद्यमशीलता, रचनात्मकता र उत्पादनमा सहयोग पुऱ्याउँछ । तेस्रो, उहाँ निजी क्षेत्र र सरकारको भूमिकालाई पुनः परिभाषित गर्न लाग्नुभयो । यी तीनवटै कामले अन्तत : आर्थिक वृद्धितर्फ नै लैजान्छन् ।

उहाँ उद्योग मन्त्रालयमा सह सचिव हुनुहुन्थ्यो अनि म उद्योग विभागको प्रमुख (डि.जी) । त्यसैले अर्थतन्त्र अनि उद्योग हाम्रो क्षेत्र पर्दथ्यो । असिको दशकको उत्तरार्धतिर नेपालमा प्रजातन्त्र पुनर्स्थापना हुँदा संसार उदारीकरण र बिश्वब्यापीकरणको सन्दर्भमा अगाडी बढिरहेको थियो । उद्योग मन्त्रालयमा भोला चालिसे सरको सहकर्मीको रुपमा मैले उहासँग काम गर्ने मौका त्यही समयदेखि पाएको हुँ । त्यसपछि पछिसम्म हामीले विभिन्न सन्दर्भमा सँगै काम गऱ्यौं । त्यतीबेला नेपालमा उदारीकरण र निजीकरणको प्रवर्धनमा उहाँको गहन भूमिका रह्यो । राजनीतिक नेतृत्व

* माननीय श्री भानु प्रसाद आचार्य नेपालका महालेखापरिक्षक हुनुहुन्छ र यो लेख वहाँसँगको कुराकानीमा आधारित भई लेखिएको हो ।

पनि निजीकरणको पक्षमा भएको तत्कालीन अवस्थामा उद्योग नीति, कम्पनी ऐन लगायतका नयाँ नीतिगत संरचनाहरु बनाई रोजगारको सृजना, उत्पादनको वृद्धि र आर्थिक वृद्धिदर उच्च राख्न ती प्रयासहरु सफल भए । ०४६ देखि ०५१ सम्मको आर्थिक तथ्यले पनि उहाँका विचार र प्रयासहरु सही थिए भन्ने पुष्टि गर्छ । ०५१ पछि द्वन्द्व र राजनीतिक अस्थिरताले अर्थतन्त्र खस्क्यो तर दोष भने उदारीकरण र निजीकरणलाई दिईयो ।

२०४६ को राजनीतिक परिवर्तनपछि नीतिगत सुधारको महशुस गरी नीति योजना शाखा गठन गरियो जसको नेतृत्व भोला सरले गर्नुभयो । शाखाले नयाँ प्रस्तावित नीतिहरु व्यापकरुपमा उदार र निजीक्षेत्र मैत्रि बनायो । तत्कालिन मन्त्रीहरु, अन्य सरकारी कर्माचारीहरु र संसदहरुलाई कन्भिन्स गर्‍यो । त्यसैले भोला सर नेपालमा उदारीकरण र निजीकरणका हेड आर्किटेक्ट हुनुहुन्छ । राजनीतिज्ञहरुलाई प्रस्तावित नीतिका फाईदाहरु बुझाउन हामीले धेरै चरणमा छलफलहरु गर्नुपर्‍यो । भोला सर, म लगायतले संसदीय समिति, उद्योग प्रवर्धन बोर्डमा विभिन्न चरणमा छलफलहरु गर्‍यौं । यस्ता गहन छलफलहरुमा उहाँले आफ्नो वैचारिक अडान स्पष्टताका साथ राख्नुहुन्थ्यो । यसको परिणाम स्वरुप धेरैजना कन्भिन्स पनि भए । खासमा हामीले तयार गरेको औद्योगिक नीतिको प्रस्तावित खाका त अझै उदारवादी थियो । मलाई सम्झना छ हामीले साना उद्योगहरु दर्ता नै गर्न नपर्ने प्रस्ताव गरेका थियौं । आँफै उद्योग मन्त्रालयका कर्मचारी भएर दर्ता शुल्क नै नउठ्ने खालको प्रस्ताव गरे भनेर कतिपय समाजवादी राजनीतिकर्मीहरुले हामीलाई दिमाग खुस्केका पनि भने । पछि ऐनमा ६ महिना भित्र दर्ता गरे हुने व्यवस्था गरियो ।

भोला सरका लेखहरुको टिप्पणी गर्नुअगाडी ती लेखहरु कस्तो सन्दर्भमा लेखिएका थिए भन्ने बुझ्न जरुरी छ । 'अबको आर्थिक रणनिति' भन्ने लेख पहिलो संविधान सभा पछि माओवादीहरुको नेतृत्वको पहिलो सरकार बनेको अवस्थामा लेखिएको थियो । त्यतिबेला सरकारले व्यापक रुपमा सार्वजनिकीकरण गर्छ र उदारीकरणलाई उल्टाउँछ भन्ने चर्चा चलेको थियो जुन चर्चा केही हदसम्म स्वभाविक पनि थियो । यस्तो

अवस्थामा उक्त लेखमार्फत भोला सरले माओवादी सरकारले शान्ति सम्झौता मार्फत खुला र बहुलवादी राजनीतिक व्यवस्था मानिसकेको र आर्थिक व्यवस्था पनि त्यहि सिद्धान्त अन्तर्गत हुनुपर्ने कुरा सम्झाउनु भएको हो । राजनीतिक दलहरुको राजनीतिक र आर्थिक नीतिहरुबीचको द्वन्द्वलाई उहाँले राम्रोसँग बुझ्नुभएको थियो ।

नयाँ नीति अधिकार बढाउन होईन घटाउन भन्ने लेख ०५१ पछिको सन्दर्भ हो । २०४९ मै उदारवादी स्वरुपको उद्योग नीति आएकोमा २०५१ पछि बिभिन्न राजनीतिकर्मी हरुले उद्योग नीति परिमार्जन गर्ने वा नयाँ नीति ल्याउने भाषण गरिरहन्थे । उनीहरुका भाषण तत्कालीन नीतिमा के खराबी छ र के सुधार गर्न आवश्यक छ भन्ने तथ्यमा आधारित हुदैनथिए । त्यतिबेला नीतीगत रुपमा हामी उदारवादी ब्यवस्थाका दृष्टिकोणले भारतभन्दा राम्रो अवस्थामा थियौं । पछि शान्ति प्रक्रिया सुरु भएपछि उद्योग नीति परिमार्जनका लागि म सँग पनि सुझाव मागिएको थियो । मैले उदारवादी धारकै निरन्तरताको सुझाव दिएपछि त्यसलाई नमानेर त्यस्तो सुझाव मागियो ।

'नेपालमा औद्योगीकरण विशेष प्रयास बिना सम्भव छैन' भन्ने लेखको बारेमा भन्नुपर्दा नेपालले चाहेजस्तो आर्थिक वृद्धि हासिल गर्न सरकारी लगानी पर्याप्त छैन । सहि वातावरण हुने हो भने त्यस्तो आवश्यक लगानीको परिपूर्ती निजीक्षेत्रले गर्न सक्छ । निजि पूँजीको स्रोत आन्तरिक र बाह्य दुवै हो । यस लेखमा उहाँले उदाहरण दिएका मुलुकहरु बाहिरी पूँजीका कारण धनी बनेका हुन् । यहि सन्दर्भमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन पनि आएको हो । नयाँ सरकारको नयाँ औद्योगिक नीति भनेको के ? भन्ने लेख राजनीतिकर्मीहरु भड्किएका कारण लेख्नुपरेको हो ।

लगानी बोर्डको गठन भन्ने लेखले उठाएको बिषय ठीक छ । खासमा लगानी बोर्ड आवश्यक नै थिएन । ठुला आयोजनाका लागी नयाँ निकायको गठन गर्नुभन्दा पनि त्यतिबेला काम गरिरहेका अन्य निकायहरुलाई आवश्यक नीतिगत र प्राविधिक रुपमा अझ बलिया बनाएको भए

हुन्थ्यो । बोर्डको गठनले ठूला आयोजनामा राजनीतिक हस्तक्षेपका लागि ठाउँ दियो । बोर्डको गठन भएको यत्तिका समय बितिसक्दा पनि ठूला आयोजनाहरु आशातित रुपमा अगाडी नबढ्नुले भोला सरको तर्क सही थियो भन्ने पुष्टि हुन्छ ।

'विश्वास टुट्नुको खतरा' भन्ने लेख समयमा बजेट नआएको सन्दर्भमा लेखिएको हो । यसमा मेरो कुरा के हो भने बजेट समयमै आउनुपर्छ । हुन त निजीक्षेत्र मैत्री बजेट छ भने केही दिन ढिला आउँदैमा बितिहाल्ने होईन तर पनि नकारात्मक सन्देश जाने खतरा हुन्छ । लेखमा जुन उद्योगको लगानीलाई सरकारको समर्थनको ब्यारोमिटरको रुपमा चर्चा गरिएको छ, मलाई यो सहि लागेको छ । वास्तवमा २०४६ देखि २०५१ सम्मको नेपालको परिवेशले अर्थनीतिलाई राजनीतिले कसरी प्रभाव पार्ने रहेछ भनेर देखाएको छ । 'नेपालमा लगानीको बातावरण नराम्ररी खस्किन लाग्यो' भन्ने लेख तथ्यगत छ । वातावरण खस्किनुका धेरै कारणहरु छन् । म चाँही कर्माचारीतन्त्रलाई पनि दोष दिन्छु । राजनीतिकर्मीहरुलाई सही आर्थिक दृष्टिकोण बुझाउने र गलत कदम चाल्नबाट रोक्ने निकायका रुपमा असिको दशकमा नेपाली कर्माचारीतन्त्रले जुन भूमिका निर्वाह गरेको थियो, त्यसमा अहिले ह्रास आएको छ । युनियनबाजी, अति राजनीतिकरण लगायत धेरै कारणले हाम्रो ब्युरोक्रेसी कम प्रफेसनल भइरहेको छ । यस कारण लगानीको वातावरण पनि खस्किन पुग्यो ।

समग्रमा उहाँका लेखहरु बृहत रुपमा स्वतन्त्र र समृद्ध समाजको स्थापनाको उद्देश्य राख्छन् । उदारवादलाई उहाँले जीवनको बाच्ने तरिकाको रुपमा स्वीकार गर्नुभएको थियो । हाम्रो समाजमा यस्ता कुराहरु विभिन्न दृष्टिबाट उठाउनु र उठाईरहनु पक्कै पनि सहज थिएन । नेपालको आर्थिक साहित्यमा जुन उदारवादी धारको अभाव थियो त्यसलाई पुरा गर्ने काम यी लेखहरुले गरेका छन् । यी लेखहरु विभिन्न सन्दर्भमा तत्कालिन मुद्दाहरुका लागि लेखिएका भएपनि यिनको सान्दर्भिकता निकै पछिसम्म रहिरहने छ ।

यस्ता लेखहरु मार्फत प्रकट भएका भोला सरका विचारहरु अनुसारको लगानीमैत्री, निजीक्षेत्रलाई प्रशस्त ठाउँ दिईएको स्वतन्त्र अर्थव्यवस्थाको निर्माण गर्न हाम्रा सामु धेरै चुनौतीहरु छन् । सबैभन्दा ठूलो चुनौती वैचारिक नै हो जस्तो लाग्छ । हाम्रा शासकहरु आर्थिक मुद्दाहरुमा धेरै हिसाबले प्रस्ट छैनन् । राजनीतिकर्मीमात्र नभई आम बुद्धिजीवि, मिडिया र कर्मचारीहरुलाई पनि अर्थतन्त्रमा सरकार र निजीक्षेत्रको भूमिका बारे वैचारिक रुपमा प्रष्ट पार्न जरुरी छ । भोला सर र टिमले ०४६ पछि जुन नीतिगत सुधारहरु गरे, अहिले राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति बदलिएको छ । कर्माचारीतन्त्रलाई प्रोफेसनल र चुस्त बनाउनु अर्को चुनौती हो । भोला सर र हामीले त्यो समयमा मन्त्री सांसदहरुलाई कन्भिन्स गर्ने हैसियत राख्थ्यौं । अहिले त्यस्तो छैन ।

भोला चालिसे सरबाट सिक्ने कुराहरु धेरै छन् । मैले उहाँको सहकर्मीको रुपमा र उहाँभन्दा केही जुनियर भएको हिसाबमा उहाँबाट धेरै कुराहरु सिकेको छु । हामीबीच धेरै कुराहरुमा विचार आदान प्रदान हुन्थ्यो । हामी कामका कारण पनि नजिक भएका हौं । काम गर्दै जाँदा समस्याहरु आउँथे, त्यस्तो बेलामा मैले उहाँबाट धेरै सुझावहरु पाएको छु । कहिले काँही उहाँ पनि मलाई कुराहरु सोध्ने गर्नुहुन्थ्यो । ईमान्दारिता उहाँबाट सिक्नुपर्ने पहिलो कुरा हो । निजीक्षेत्रको वकालत गर्ने कर्माचारीका रुपमा हामीलाई ईमान बेचेर पैसा कमाउने थुप्रै अवसरहरु आउँथे । भोला सर र हामी त्यस्तो अवस्थामा डगेनौं । अडान उहाँबाट सिक्ने अर्को कुरा हो । उहाँ आफ्ना विचारहरुमा एकदमै प्रष्ट र अडिग हुनुहुन्थ्यो । विचारमा अडिग रहने कुरा मैले उहाँबाट सिकेको हुँ । सबै मान्छेका राम्रा नराम्रा पक्षहरु हुन्छन् । भोला सरको नराम्रो कुरा सोध्नुहुन्छ भने उहाँ सबै जनासँग मिल्न सक्ने मान्छे होईन । सायद स्वभाव नै हक्की खालको भएर होला । एकजना अग्रज सहकर्मीका रुपमा म उहाँलाई सधैं सम्मानका साथ सम्झिरहने छु ।

## वैदेशिक लगानीकर्ताहरुलाई हामी कस्तो संकेत दिइरहेको छौं ?

डा. भोला नाथ चालिसे, अर्पिता नेपाल र अनुराग पन्त

कार्तिक २०७१
समृद्धि फाउण्डेशन

### इतिहास

विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन २०३८ को आगमनसँगै नेपालमा वैदेशिक लगानीको लागि ढोका खुलेको हो । त्यसपछि, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ ले केही सीमित क्षेत्रमा 'नकारात्मक सूचीमा' राखिएका बाहेक अरु क्षेत्रमा असीमित वैदेशिक लगानीका लागि ढोका खोल्यो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ आएको २२ वर्ष पूरा भइसक्दा अहिलेको आर्थिक परिदृश्यमा 'दोस्रो चरणको नीतिगत सुधार'को आवश्यकता परेको देखिएको छ । यसै पृष्ठभूमिमा रहेर अहिले नेपाल सरकार उद्योग मन्त्रालयले वैदेशिक लगानी नीति २०७१ को मस्यौदा अगाडि सारेको छ ।

विकासशील राष्ट्रहरुको सूचीमा पर्ने परिकल्पना साकार पार्न र नेपालको समग्र आर्थिक वृद्धिका लागि अत्यावश्यक विदेशी लगानी आकर्षित गर्न यस प्रस्तावित नीतिले कस्तो भुमिका खेल्ला भन्ने विषयमा मूल्याङ्कन गर्दै समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनले यस नीति सार पत्र अघि सारेको छ ।

### परिचय

भूमण्डलीय बजारमा बढ्दो रुपमा मानिसहरुको पहुँच बढिरहेको छ । धनी देशका कम्पनीहरु लगानीको लागि सम्भावित ठाउँहरु खोजिरहेका छन् । त्यसैले स्रोत र साधन पर्याप्त भएका देशहरु यस्तो लगानीलाई भित्राएर लाभ हासिल गर्न सक्दछन् । यस्ता अन्तरक्रियाहरुले आगन्तुक संस्थाहरुको

फाईदा बढाउनुका साथै देशभित्रका उत्पादनका साधनहरुको विकासमा प्रशस्त टेवा पुऱ्याउँछन् । वैदेशिक लगानी आफैँमा एक व्यापार हो र सबै व्यापारलाई कारोबार लागतले प्रभाव पार्दछन् । नेपालले आफूलाई सन् २०२२ सम्ममा विकासशील राष्ट्रको दाँजोमा पुऱ्याउने लक्ष्य राखेको छ र यसका लागि आन्तरिक तथा बाह्य निजी क्षेत्रको दरिलो सहभागिता आर्कषित गर्ने प्रभावकारी नीति तथा वातावरणको निर्माण गर्नुपर्ने देखिन्छ ।

प्रभावकारी र लक्ष्य अनुरुपको लगानी हासिल गर्ने विषयमा नेपाल कहिले पनि खासै सफल रहेको देखिएको छैन र दशक लामो गृह यद्धले विकास निर्माणका कार्यहरु झन् सुस्त भएको पाइएको छ । देशमा जलविद्युतको प्रचुर सम्भावना हुनु, धर्म, संस्कृति र साहसिक पर्यटनको गन्तव्यमा नेपाल पर्नु, सूचना तथा प्रविधि विशेषज्ञताको उदाँउदो सम्भावना, विश्वस्तरीय शिक्षाको क्षेत्रीय केन्द्र बन्ने सम्भावना आदि जस्ता कुराहरुका बावजुत, नेपालमा अहिलेको अवस्थामा स्रोतहरुको पर्याप्त परिचालन भएको प्रमाण भने भेटिँदैन । कुल पूँजी सृजना कुल गार्हस्थ्य उत्पादनको २१.२ प्रतिशत छ, जसमा ८१ प्रतिशतभन्दा धेरै निजी क्षेत्रबाट आउँछ । एसियाली विकास बैंकको बृहत आर्थिक अवस्था प्रतिवेदन (Macroeconomic Update) नेपाल (२०१४) को अनुसार बजेटको मात्र १६.५ प्रतिशत पूँजीगत लगानीमा खर्च हुने तथ्यांकले सरकार आवश्यक क्षेत्रमा लगानी गर्न तत्पर नरहेको देखाउँछ । भाग्यवश पूँजीगत लगानीको यो रिक्तता निजी क्षेत्रले पूर्ति गर्न सक्ने अवस्था छ । तर प्रोत्साहनपूर्ण लगानी वातावरणविना लगानी असम्भव छ (कोहलर, २०१०) । त्यसैले नेपाल सरकारले देशभित्र र बाहिरको लगानीलाई स्वागत र प्रोत्साहन गर्न वैदेशिक लागानीका शर्तहरु, सुविधाहरु, ग्यारेण्टी, बाधा र सहयोगका बारे निश्चित धारणा बनाई विश्वसामु प्रस्ट जानकारी दिनु जरुरी छ ।

## नयाँ नीति

### १. वैदेशिक लगानी स्वीकृतिका लागि संस्थागत व्यवस्था

प्रस्तावित वैदेशिक लगानी नीतिले विदेशी लगानीलाई स्वीकृति प्रदान गर्न धेरै संस्थाहरुबाट अनुमति लिनुपर्ने प्रावधान उल्लेख गरेको छ । उद्योग विभाग बाहेक २० सदस्यीय लगानी प्रवर्धन बोर्ड, उद्योग मन्त्रालय, गृह मन्त्रालय, श्रम विभाग, श्रम कार्यालय तथा अध्यागमन विभाग, नेपाल राष्ट्र बैंक, लगानी बोर्ड नेपाल जस्ता संस्थाहरु यस प्रक्रियामा सामेल हुन्छन् । सन् १९९२ को नीति मा उल्लेख गरिए जस्तै उद्योग विभाग यसमा एकद्वार प्रणालीको केन्द्र रहने वा नरहने कुरा प्रष्ट रुपमा यस प्रस्तावित नीतिले उल्लेख गरेको छैन । राष्ट्र छोडेर जाने अवस्थामा लगानीकर्ताहरुले यी विभिन्न निकायबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

**अहिलेको व्यवस्थाको प्रभाव**

माथि नै उल्लेख भए अनुसार, लगानी व्यापारको एक रुप हो भने व्यापारको लागि मूख्य बाधक भनेको कारोवार लागत हो । कारोवार लागतले व्यापारका साझेदारहरुलाई सँगै आउने र एक पक्षको माग र अर्कोपक्षको उक्त माग पुरा गर्ने दक्षता सम्बन्धी विभिन्न सूचनाहरु प्रवाह गर्न महँगो पार्न सक्छ । यसबाहेक, सबै प्रकारको व्यापारले सम्पत्तिको सृजना गर्छ । व्यापारले यसमा सँलग्न विभिन्न पक्षहरुका आवश्यकताहरु परिपूर्ति गर्न सहयोग पुऱ्याउँछ, अर्को शब्दमा भन्नुपर्दा, उनीहरुलाई धनी बनाउँछ । भगवति, ब्रेसर र श्रीनिभसनले आफ्नो अनुसन्धान पत्र Directly Uproductive Profit Seeking Activities and Economic Theory मा स्थानान्तरणयोग्य सम्पत्ति सिधै उपभोक्ताको हातमा नभई सरकारी बजेटको माध्यमबाट हस्तान्तरण हुंदा भ्रष्टाचारमूलक गतिविधिहरु हुने कुरा उल्लेख गर्दछन् । यसले सरकारी निकायबाट बढी सेवा र सहुलियत लिने मानसिकताको विकास गर्छ भन्ने उल्लेख गरेका छन् (भगवति एट अल, १९८४) ।

यदि हामी लगानीलाई 'स्थानान्तरणयोग्य सम्पत्ति' मान्छौँ र लगानीका लागि आवश्यक पैसा कर्मचारीतन्त्र र सरकारी संयन्त्रहरुले सरकारी बजेटमा प्रतिबिम्बित हुने गरी ल्याईनुपर्छ भन्छौँ भने हामीले यस्तो स्थानान्तरणलाई देशमा लगानी गर्न अनुमति दिदाँ वा नदिदाँ के फाईदा हुन्छ भनेर लेखाजोखा र निर्णय गर्ने क्षमता कर्मचारीहरुको हातमा पुऱ्याएका हुन्छौँ । सामान्य अर्थमा कुनैपनि संस्थामा काम गर्ने व्यक्तिले यस्तो लगानी गर्न अनुमति दिने वा नदिने भन्ने निर्णय आफ्नो व्यक्तिगत लाभ-हानीका आधारमा गर्दछ ।

## २. अनुमति-पत्र प्रवेश आज्ञा र विदेशी कामदारहरु

प्रस्तावित विदेशी लगानी नीति २०७१ ले ५ वर्षका लागि नवीकरण गर्न मिल्ने गरी व्यापारिक भिसा दिने व्यवस्था गरेको छ । दश लाख अमेरिकी डलर वा सोभन्दा बढी लगानी गर्नेलाई लगानी अवधिका निम्ति सो को अनुमति प्रदान गर्ने व्यवस्था छ। गैर पर्यटकीय भिसा भने आवश्यकता अनुसार सम्भाव्यता अध्ययनका लागि दिने व्यवस्था छ । वैदेशिक लगानी नीतिको मस्यौदामा प्रस्ताव गरिए अनुसार जबसम्म नेपाली नागरिकले कुनै काम गर्न सक्छ, अरुलाई भन्दा उसैलाई प्राथमिकता दिईने कुरा उल्लेख छ । काम गर्नका लागि त्यस्तो दक्षता भएका नागरिकहरु नेपालमा भेटिएनन् भने मात्र विदेशी कामदारलाई लगाउन मिल्ने व्यवस्था छ। यस्तो अनुमति पनि श्रम मन्त्रालयबाट लिनुपर्ने व्यवस्था छ ।

**उपयुक्तता**

लगानी गर्न चाहने वैदेशिक संस्थाहरुका लागि मानव पूँजीको पर्याप्तता पनि एक महत्वपूर्ण पक्ष हो । भौतिक पुंजी कुनै भौगोलिक श्रेत्रमा उपलब्ध नँहुदा अन्तबाट त्यसलाई आयात गरी अभाव परिपुर्ति गर्नसके जस्तो मानव पूँजीमा भने यो लागु हुँदैन । कुनै पनि श्रेत्रमा मानव पुंजी संकलन लामो समयावधिसम्म चलिरहन्छ (ग्ल्म एट अल, १९९२) किनभने शिक्षा र स्वास्थ्य सुविधा जस्ता कुराहरुको प्रभाव तुरुन्त

देखिदैंन (शुल्ट्ज, १९६१) । विदेशी कम्पनीहरुलाई बजारमा सहभागी हुन दिँदा यसबाट हुने प्रतिस्पर्धा र अन्य सकारात्मक प्रभावहरुले मानव पुँजी र सीपको कमी भएको अवस्थाको प्रभावलाई सन्तुलन गर्न सक्छन् । बहुराष्ट्रिय कम्पनीहरुसँग विश्व बजार र त्यहाँका अवसरहरु सम्बन्धी राम्रो ज्ञान हुन्छ र उनीहरुसँग काम गर्दा उद्यमीहरुको नयाँ पुस्ता निर्माण हुने सम्भावना रहन्छ । यसै गरी विदेशी विशेषज्ञहरु र कामदारहरु नेपालमा रोजगार सृजना गर्न सहयोगी हुन सक्छन् जसले रोजगारका अवसर बढाउँछ र अन्ततः कामदारहरुको जीवनस्तर उकास्न सहयोग पुऱ्याउँछ ।

यदि बजारलाई आदिम र आधुनिक भनी विभाजन गर्ने हो भने, नेपाल निश्चय नै आदिम बजार अन्तर्गत पर्दछ । तर, नेपालले आधुनिक उद्योगहरुको उपस्थितिबाट प्रशस्त फाईदा लिन सक्छ । आन्तरिक (तुलनात्मक रुपमा आदिम) संस्थाहरुले भन्दा आधुनिक संस्थाहबाट व्यापार अभ्यास, अत्याधुनिक उद्योगतर्फको प्रस्थान, स्रोत साधनको उपयोग गर्ने तरिका, कच्चा पदार्थलाई अन्तिम वस्तुमा रुपान्तरण गर्ने प्रक्रिया सिक्न सक्दछन् । जब देशमा एकपल्ट यस्तो ऐच्छिक वा बाध्यात्मक परिवर्तन हुन्छ, आन्तरिक उद्योगहरु पनि परिवर्तन स्वीकार गर्न बाध्य हुन्छन् जसले गर्दा अर्थतन्त्रको मुहार फेरिन्छ ।

### ३. सुविधा, छुट र प्रोत्साहन

प्रस्तावित वैदेशिक नीतिको मस्यौदाले वैदेशिक लगानीकर्ताका लागि आर्थिक र गैर आर्थिक सुविधाहरु जस्तै आय करमा छुट, आयात करमा कटौती, लगानीकर्ता र तिनका आश्रितका लागि स्थायी बसोबास भिसाको व्यवस्था गरेको छ । प्रविधि स्थानान्तरण र नेपालको श्रमलाई उपयोग गर्दै निर्यातमूलक देशमा राष्ट्रलाई विकसित गर्ने उद्देश्यमा प्रतिबद्ध रहँदै नीतिले खोज तथा अनुसन्धानमुलक कार्य (राष्ट्रलाई फाईदा पुग्ने) मा कर छुट दिने, ऊर्जा र पूर्वाधार मैत्री आयोजनाहरुलाई अनुदान, नाफामुलक क्षेत्रमा गरिने विस्तारमा कर छुट, स्थानीय स्रोत उपयोग गरेर निर्यात बढाए

बापत अनुदानको व्यवस्था आदि प्रस्ताव गरेको छ। यस नीतिको मस्यौदाले मुद्रा सम्बन्धी जोखिमलाई व्यवस्थापन गर्न अग्रिम करारको समेत व्यवस्था गरेको छ। विशेष औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रमा लगानी गर्नेका लागि उद्योग विभागमा मात्र दर्ता गर्नुपर्ने प्रक्रियागत आवश्यकताहरुलाई न्यून बनाउने व्यवस्था पनि गरिएको छ।

**प्रभाव**

अनुसन्धानहरुले देखाए अनुसार यदि अन्य अप्ठेराहरु बाँकी छन् भने छुटले मात्र देशमा लगानी आकर्षित गर्न सक्दैन (जेम्स, २००९) । विदेशीहरुलाई सेवामा लगाउने विषयमा सीमितता, विदेशी विज्ञ खटाउन विभिन्न नियामक निकायहरुबाट अनुमति लिनुपर्ने व्यवस्था र राष्ट्रियकरण र मूल्य निर्धारण सम्बन्धी अस्पष्ट भाषा, आदिले सुरक्षित काम गर्ने वातावरणको संकेत दिँदैनन् र जोखिम कम गर्न चाहने लगानीकर्ताका लागि बाधक हुन जान्छन् । यस बाहेक, छुटको व्यवस्था राज्यको कर सम्बन्धी नीतिहरुमा नै उल्लेख हुनु जरुरी छ।

लगानी सुरक्षा र बजारबाट सजिलै भित्रिन र बाहिरिन सकिने व्यवस्था विदेशी लगानीकर्ताका आवश्यकताहरु हुन्।

आर्थिक छुट प्रदान गर्नमा धेरै देशहरु अग्रसर हुने भएपनि लगानीकर्ताका लागि यो विशेष प्राथमिकतामा पर्ने विषय हैन।

छुटको व्यवस्था अन्य नियमनकारी कार्यक्रमका पर्याय पनि हुन सक्छन् । कथित छुट दिने नाममा लगानीकर्ताहरुलाई अझ बढी नियमनका संयन्त्रहरुमा धकेलिने अवस्था आउन सक्छ। यसबाहेक करमा दिएको छुटले सरकारका लागि उक्त छुटभन्दा बढी आम्दानी सिर्जना गरे मात्र छुटको औचित्य हुन्छ।

बढ्दो भुमण्डलिकरण र विभिन्न द्विपक्षीय तथा बहुपक्षीय सम्झौता अनुरुप पनि नेपालले व्यापारमा बाधाहरुलाई घटाउँदै लैजानुपर्ने छ ।

नेपालको आन्तरिक बजार वैदेशिक लगानीका लागि कम आकर्षक छ (ब्लोमस्टर्न, २००३) । ब्लोमस्टर्न र कोक्कोका अनुसार, कम्पनीहरुले कुन ठाउँमा आफूलाई अवस्थित गर्ने भन्ने निर्णय त्यहाँको बजारको आकार भन्दा पनि उत्पादन लागतका आधारमा गर्ने गर्दछन् (ब्लोमस्टर्न एट एल २००३) । त्यसैले कम्पनीले निश्चित देशलाई लगानीको लागि छान्दा त्यहाँको श्रम लागत र स्रोतहरुको लागतका आधारमा वा कम्तिमा यस्ता लागत वैकल्पिक देशमा भन्दा कम हुने अवस्थामा छान्ने गर्दछन् । कम्पनीहरु सधैँ छुटबाट लोभिन्छन भन्ने छैन, जसलाई एउटा नीतिको माध्यमबाट प्रदान गरिन्छ र अर्को नीतिबाट काटिन्छ । यस किसिमको व्यवस्थाले छुट लिनको लागि लगानीकर्ताको खर्च मात्र बढाइदिन्छ जसले अन्ततः व्यवसायको लागतमा मात्र वृद्धि गरिदिन्छ ।

**४. आम्दानीको स्वदेश फिर्ति**

विदेशी लगानी नीति २०४९ ले नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ताहरुलाई लगानीको १०० प्रतिशत प्रतिफल, र तलब वा ज्यालाको ७५ प्रतिशत रकम आफ्नै देशमा लैजान सकिने व्यवस्था गरेको थियो । प्रस्तावित विदेशी लगानी नीतिको मस्यौदाले यो कुरालाई निरन्तरता दिन खोजेको छ तर त्यति हुँदाहुदै पनि विदेशी कामदारले आफ्नो आर्जित तलब र ज्याला लैजान श्रम मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था थप गरेको छ ।

**उपयुक्तता**

बहुराष्ट्रिय कम्पनीका शाखाहरु वा विदेशी कम्पनीहरु अन्य देशबाट ल्याईने पैसाबाट सुचारु हुन्छन् । त्यसैले पूँजीलाई सुरक्षित राख्नु एक महत्वपूर्ण मुद्दा हो । यसैगरी, केही खर्च गरिसकेपछि, लगानीकर्ताले मुनाफाको हिस्सा फिर्ता लैजान खोज्नु स्वाभाविक नै हो । समग्रमा अरुको देशमा काम गर्ने कामदारहरुले आफ्नो देशमा पैसा पठाउन चाहनु स्वभाविक हो तर पूँजीलाई सुरक्षित राख्ने मुद्दा पूँजी लगानी गर्ने अवस्था रहयो भने हुन्छ । आतिथ्य राष्ट्रको नीतिलाई वैदेशिक लगानीकर्ताहरुले गहन अध्ययन गर्ने हुँदा छोटो, स्पष्ट, र सरल कागजातको रुपमा वैदेशिक लगानी नीति बनाईनुपर्छ । यसै पनि, अन्य धेरै प्रतिस्पर्धी देशहरुले खुसीका साथ वैदेशिक लगानीलाई स्वागत गर्ने हुँदा कसैले पनि लगानी फस्ने देशमा आफ्नो लगानी ल्याउन चाहदैंन । कागजमा मुनाफाको १०० प्रतिशत नै लैजान पाउने व्यवस्था राम्रो देखिन्छ तर आम्दानीको स्रोत भने विभिन्न निकायहरुमार्फत प्रमाणीकरण गराईनुपर्छ जसका लागि धेरै वटा निकायहरुमा लामो समय धाईरहनुपर्ने अवस्था छ, जुन लगानीकर्ताहरुलाई राम्रो लाग्ने कुरा होईन । त्यसैले, मुनाफालाई स्वदेशमा फिर्ता लैजान सहजीकरण गर्नका लागि एकमात्र निकायको व्यवस्था गर्ने र प्रक्रियालाई सजिलो बनाउन सहयोग गर्ने कुरा नेपालको अबको कदम हुनुपर्छ ।

## ५. राष्ट्रियकरण, जफत र मूल्य निर्धारण

वैदेशिक लगानी नीतिको मस्यौदाको “रणनीति” भन्ने शीर्षकमा विदेशी लगानीबाट संचालित कुनै पनि उद्योगलाई राष्ट्रियकरण गरिने छैन भनिएको छ भने “ग्यारेण्टी र सुविधाहरु” भन्ने शीर्षक अन्तर्गत भने बाध्यकारी अवस्थामा सार्वजनिक हितको रक्षाको लागि नेपाल सरकारले कुनै पनि लगानी क्षतिपूर्ति दिएर राष्ट्रियकरण गर्न सक्नेछ भनिएको छ । यसै गरी सार्वजनिक स्वास्थ्य जस्ता विषयहरुमा नेपाल सरकारले राष्ट्रियकरणको आदेश जारी गर्न सक्ने व्यवस्था पनि यसमा छ जबकि

त्यस्ता सार्वजनिक हित वा सार्वजनिक स्वास्थ्यको बारेमा भने विस्तृतमा उल्लेख गरिएको छैन ।

**प्रभाव**

'राष्ट्रिय हित', 'सार्वजनिक स्वास्थ्य' जस्ता अस्पष्ट शब्दहरुको वैदेशिक कम्पनी बन्द गर्न चाहने कर्माचारीहरुबाट गलत प्रयोग हुन सक्छ । यसले नीतिमा अनिश्चितता थपेर लगानीकर्तालाई असुरक्षित महसुस गराउँछ । एक पटक व्यवसाय सुचारु भएपछि उद्यमी एवं व्यवसायीले सुरक्षा खोज्छ र यस्तो सुरक्षा भौतिक संरक्षण प्रदान गरेर र सम्पत्तिको पुरै अधिकार लगानीकर्तालाई सुम्पिएर प्रदान गर्न सकिन्छ । लगानीकर्तालाई उनीहरुको पूँजी उनीहरुकै नियन्त्रणमा रहनेछ भन्ने सुनिश्चितता चाहिन्छ र अप्रत्याशित राष्ट्रियकरण वा मूल्य नियन्त्रणले यस्तो सुनिश्चितता घटाउँदछ । लगानी मैत्री वातावरण ल्याउने एक महत्वपूर्ण तरिका द्विपक्षीय सम्झौता हो । यस्तो सम्झौताले वैदेशिक लगानीको बिजारोपण र संचालन, उपचारको मापदण्ड, रोकावट वा राष्ट्रियकरणको तरिका, आय र पूँजीको स्थानान्तरण, लगानीको सुरक्षा, सम्झौता वा करार, वैदेशिक लगानीका लागि आतिथेय देशको सरकारी निकायद्धारा दिईने ग्यारेण्टी, विवाद समाधान जस्ता विषय समावेश हुन्छन् ।

लगानीमा धेरै पक्षको मेहनत परेको हुन्छ, विवादहरु उत्पन्न हुन सक्छन् र सबै पक्षलाई बराबरी रुपमा न्याय प्रदान गर्न सक्ने व्यवस्था गरिनुपर्छ । यसबाहेक धेरै देशमा अदालती कारवाही लामो र झन्झटपूर्ण हुने हुँदा, वैकल्पिक विवाद समाधान निकायको व्यवस्था भयो भने छिटो र कम खर्चमा समाधान निस्कन्छ ।

## आर्थिक सुधारको दोस्रो चरणतर्फ

विदेशी लगानीकर्ताहरुलाई साँच्चिकै सहयोग पुऱ्याउनका लागि र सम्भावित लगानीकर्ताहरुका लागि सुहाँउदो वातावरण निर्माण गर्नका लागि सहज प्रवेश र निकास प्रक्रियालाई प्राथमिकतामा राखिनुपर्छ, जुन अहिले प्रस्तावित मस्यौदामा कम महत्व दिए जस्तो छ । बृहत अर्थशास्त्रीय सुधारका तरगंहरु सृजना गर्न संस्थागत सुधार महत्वपूर्ण छ । यस्तो सुधारले निजी क्षेत्रलाई अर्थतन्त्रमा सहभागी गराउन बढी उदार बन्ने लक्ष्य राख्नुपर्छ । लगानीकर्ताहरुलाई दिईने प्रवेशाज्ञा सम्बन्धी उदाहरणले यसको व्याख्या गर्छ । नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले व्यवसाय भिसा लिनुपर्ने व्यवस्था छ, जसका लागि विभिन्न निकायहरु जस्तै उद्योग विभाग, उद्योग मन्त्रालय, गृह मन्त्रालय, श्रम विभाग, श्रम कार्यालय तथा अध्यागमन विभागले निवेदन स्वीकृत गर्नुपर्छ । विदेशी लगानी स्वीकृत गर्ने यी थुप्रै संस्थाहरुको उपस्थितिले निश्चय नै झन्झट बढाएको छ ।

प्रभावकारी अन्तर विभागस्तरीय संचार विद्यमान व्यवस्थाको गुणमा पर्दैन । त्यसकारण नयाँ नीतिमा प्रक्रिया पुऱ्याउनु पर्ने विभिन्न निकायहरुको संख्या घटाउन ध्यान दिईनुपर्छ । संलग्न निकायहरुको संख्या घटाउँदा झन्झट् घटेर निकायहरुमा उत्तरदायित्व प्रवाह निश्चित गर्न सहयो ग पुऱ्याउँछ । प्रस्तावित नीतिमा धेरै संस्थाहरुको संलग्नताले आन्तरिक र बाह्य कम्पनीहरुबीच समान व्यवहार गर्ने नीतिको उद्देश्यमा बाधा पुग्छ । कानूनअनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा आवेदन हाल्नु अगाडि वैदेशिक लगानीकर्ताहरुले लगानी विभागबाट पनि स्वीकृती लिनुपर्ने व्यवस्था छ । यो व्यवस्था समान व्यवहार गर्ने नीतिको उद्देश्य पुरा नहुने कुराको प्रमाण हो । एक उदार अर्थतन्त्रले यस्ता संस्थाहरुको नियमनलाई उचित सहभागीका लागि बाधाको रुपमा लिन्छ ।

लगानीमैत्री वातावरण प्रस्तुत गर्ने उपाए मध्य एक द्विपक्षीय सम्झौता हो । यस्तो सम्झौताले वैदेशिक लगानीको स्थापना र संचालन, आय र पुँजीको

स्थानान्तरण, राष्ट्रियकरण र जफतका पूर्वशर्त, लगानी सम्झौताको सुरक्षा, आतिथ्य निकायद्वारा वैदेशिक लगानीलाई प्रदान गरिने ग्यारेण्टीजस्ता विषय सम्बोधन गर्छ । नेपाल भने मात्र ५ वटा देशहरुसंग द्विपक्षीय सम्झौताहरु गरेर यस्ता सम्झौता गर्नमा कमजोर देखिएको छ ।

नेपालको सन्दर्भमा, दामाशाहीमा जाने प्रक्रिया निकै लामो र धेरै चरणहरु सहितको छ । नेपाल आर्थिक मञ्च (२०१२) का अनुसार, कम्पनी ऐन र ईन्सोल्भेन्सी नीतिमा धेरै विवादास्पद बुँदाहरु छन् । नयाँ वैदेशिक लगानी नीतिको मस्यौदाले नेपालबाट फर्कन चाहने सबै लगानीले प्रवेश गर्न अनुमति दिने संस्थाहरुसँग अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। एक नमुना नीतिले संस्थाको बहिर्गमनलाई कम्पनी रजिष्ट्रारको कार्यालयबाटै सम्भव गराउँछ न कि वैदेशिक लगानीकाबारे विभाजित मान्यता राख्ने अन्य सर कारी निकायहरुलाई सहभागी गराउँछ ।

देशभित्रका श्रम कानुन र श्रम सम्बन्ध पनि वैदेशिक लगानीकर्ताहरुको चासोको विषय हो । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताहरुको परिपुर्ति सहित एक तहको मानव पूँजी सम्बन्धित देशमै उपलब्ध होस् भन्ने लगानीकर्ताहरुको अपेक्षा स्वाभाविक हो । जनमानसको भावना पनि वैदेशिक लगानीकर्ताहरुको लागि महत्वपूर्ण बुँदा हो । ठूला उद्योगहरुमा धेरैको संख्यामा रोजगारको बढ्दो आवश्यकतासँगै, श्रम सँगठनका गतिविधिहरु बढ्नु पनि स्वाभाविक नै हो । तर पनि, श्रम संगठनहरुको र ाजनीतिकरणले कुनैपनि अवस्थामा नेपाली श्रम बजारको राम्रो परिचय दिदैंन ।

वैदेशिक लगानीको एक स्थापित चरित्र पूँजी चाहिएको क्षेत्रमा पूँजी ल्याउनु हो । यसबाहेक, अन्य सम्भावित लगानीकर्ताहरुलाई आकर्षित गर्न केही सुरुवाती लगानी गर्नुपर्ने हुन्छ । सहज प्रवेश र निकासको व्यवस्थाले पक्कै पनि लगानीकर्ताको आत्मबल बढाउँदछ । पूँजी खाताको उदारीकरणले मुद्रामा पहुँच बढाउँदछ । भारतीय रिजर्व बैंक (१९९७) का अनुसार पुँजी खाता परिवर्त्यताले बजार निर्धारित दरमा आन्तरिक वित्तीय सम्पत्तिलाई

बाह्य वित्तिय सम्पत्तिमा र बाह्य वित्तीय सम्पत्तिलाई आन्तरिक वित्तीय सम्पत्तिमा रुपान्तरण गर्न सघाउँछ । यसबाहेक पूँजी खाता परिवर्त्यताका लागि आर्थिक कारोबारको वृद्धि तथा देशको निर्यात आधार बृहत बनाउनु पर्ने हुन्छ ताकि आर्थिक धक्का आएको बेला इच्छा नगरिएको तथा आकस्मिक पुँजी पलायन रोकथाम गर्न सकियोस् । पूँजी खाता उदार पार्ने ईरादाले अर्थतन्त्रबारे सकारात्मक सन्देश प्रवाह गर्दछ ।

*यस नीति सार पत्र 'वैदेशिक लगानी नीति र लगानीकर्ताहरुमा यसको प्रभाव' नामक विस्तृत अध्ययनमा आधारित छ । समृद्धि फाउण्डेशनले फ्रेडरिक नौमन फाउण्डेशन फर फ्रिडमको सहयोगमा उक्त अध्ययन सम्पन्न गरेको हो र अध्ययन प्रतिवेदन www.samriddhi.org मा उपलब्ध छ ।*

## सन्दर्भ सामाग्री

Bhagwati, Jagdish N., and Brecher, Richard A., Srinivasan, T.N. (1984). DUP Activities and Economic Theory. Economic European Theory. Vol 24. Pp 291-307.

Blomstrom, Magnus, and Kokko, Ari. (2003). The Economics of Foreign Investment Incentives. NBER Working Paper 168.

Cordero, Jose, and Paus, Eva. (2008). Foreign Investment and Economic Development in Costa Rica: The Unrealized Potential. Working Group on Development and Environment in the Americas. Discussion paper no 13.

Glomm, Gerhard, and Balasubrahmanian Ravikumar. (1992) "Public versus private investment in human capital: endogenous growth and income inequality." Journal of Political Economy: 818-834.

Kohler, Philippe. (2010). Foreign Direct Investments in Countries with Weak institutions. SciencesPo, Groupe Economie Mondiale.

Lipsey, Robert E. (2002). Home and Host Country Effects of FDI. NBER working paper 9392.

Schultz, Theodore W. (1961). "Investment in human capital." The American economic review (1961): 1-17.

World Bank Group, "Investment Law Reform-Handbook for Development Practitioners." Last modified 06 2010. Accessed November 11, 2014.

# अबको आर्थिक रणनीति

डा. भोला नाथ चालिसे

१-१५ पुस २०६३
हिमाल खबरपत्रिकामा प्रकाशित

प्रजातन्त्रलाई संस्थागत गर्न डरत्रास बिना व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार राजनितिक स्वतन्त्रता उपयोग गर्न पाउनुपर्ने वातावरण आवश्यक हुन्छ । त्यसैगरि आर्थिक नीतिको मूल आधार पनि यिनै मापदण्डअनुरुप निरुपण गर्नुपर्दछ । ५ मङ्सिर सरकार-माओवादी सम्झौता पनि अबको राजनीति यिनै कुराको संरक्षणका लागि सञ्चालन हुने सहमति भएको छ । त्यसैले अबको आर्थिक नीतिले पनि व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार र राजनीतिक स्वतन्त्रतालाई टेवा पुऱ्याउनु पर्दछ । यसमा विवाद गर्नुको अर्थ देशलाई लोकतन्त्रको बाटोबाट हटाउनु हुनेछ ।

१५-२० वर्षमै देशलाई ‘स्वीटजरल्याण्ड’ बनाउने राजनीतिज्ञहरुको सपनलाई साकार पार्ने हो भने त्यस्ता देश कसरी समुन्नत भए भनेर तिनबाट पाठ सिक्नु पर्दछ । गन्तव्यको टुङ्गो लागे मात्र त्यहाँ पुग्ने मार्गचित्र कोर्न सकिन्छ, नत्र बीच बाटोमै अलमलिने सम्भावना हुन्छ । हाम्रोजस्ता अल्पविकसित मुलुकले गन्तव्यको पहिचान नभएर आर्थिक विकासको स्पष्ट मार्गचित्र र सो अनुरुपका रणनीति तर्जुमा गर्नसकेका छैनन् । व्यक्तिको स्वतन्त्रतालाई अक्षुण्ण राख्दै तयार गरिने आर्थिक रणनीतिको प्रमुख उद्देश्य सरकारलाई बलियो बनाउनु होइन, व्यक्तिलाई विना हस्तक्षेप उसको श्रम, सीप र बुद्धिको उपयोग गर्न पाउने वातावरण सिर्जना गर्नु हुनेछ ।

स्वीट्जरल्याण्डलगायत पश्चिमा मुलुकहरुले गएका डेढ-दुई सय वर्षमा गरेको उन्नतिको इतिहास थाहा पाउन नाथन रोजेनवर्ग र एल.ई. बर्डजेल (जुनियर) ले लेखेका ‘हाउ द बेष्ट ग्रयु रिच’ (कसरी पश्चिम धनी भयो) भन्ने किताब पढ्यो भने नेपालमा अब तय गरिनुपर्ने आर्थिक

रणनितिबारे स्पष्ट हुन सकिन्छ । यी दुई लेखकले पश्चिमा राष्ट्रहरु मूलतः केन्द्रीकृत राजनीति र धार्मिक हस्तक्षेपबाट मुक्त भएकाले धनी हुनसकेका हुन् भनेका छन् । यससँगसँगै ती देशले उद्यमी-व्यापारीलाई आ-आफ्नो सिर्जनशीलताको उपयोग गर्न पाउने वातावरण पनि बनाएका थिए । ती उद्यमी-व्यवसायी पनि नियम-कानून, ढक-तराजू र राजस्व छलछामबाट धन कमाउनभन्दा व्यापारको अवसर सिर्जना गरेर आफू, श्रमिक र उपभोक्ता सबैलाई फाइदा पुऱ्याउने कार्यमा लागे । सरकारले यिनै उद्यमी, श्रमिक र उपभोक्ताहरुका बीचमा पारदर्शी र प्रतिस्पर्धी क्रियाकलापलाई सहयोग पुऱ्याईरहे ।

उदारहणका लागि, पश्चिमा मुलुकले उद्यम-व्यवसायलाई सहयोग पुऱ्याउन करार कानून तर्जुमा गरेर व्यक्ति-व्यक्ति वा व्यक्ति र संस्थाहरुबीच हुने सम्झौता कार्यान्वयन गराउने संस्थागत व्यवस्था गरिदिए । यसले गर्दा अहिले नेपालमा जस्तो होटेलमा खाएको उधारो बिल भुक्तानी नगर्ने घर बनाएर ठेकेदारलाई पैसा नदिने, ब्याङ्कहरुबाट ऋण लिएर नतिर्ने जस्ता समस्याबाट उद्यमी-व्यवसायीहरु मुक्त रहे । यहाँ अर्को के कुरा बुझ्नु जरुरी छ भने ती देशमा यस्ता करारको पालना गराउने न्यायालयका न्यायाधीशहरु पनि साँचिक्कै अर्थमा निष्पक्ष र कानुनको पालनाबाहेक अरु कुनै लोभलालच, दबाव वा धाकधम्कीमा नपर्ने खालका थिए । स्वीटजरल्याण्डजस्तै हुन खोज्ने हो भने नेपालका न्यायालय र सरकार पनि आफूले नगरिनहुने कार्यहरुमा दक्ष एवं निष्पक्ष हुनु पर्दछ ।

पश्चिमा मुलुकले सिर्जना गरेका आर्थिक विकासको औजार सीमित दायित्वको कम्पनी हो । यस्ता कम्पनीको व्यवस्थाले उद्यमी-व्यवसायीको जोखिम लिने क्षमता बढायो । यसअघि कुनै उद्यमी- व्यवसायीले जोखिम उठाउँदा व्यवसाय डुब्यो भने उसको सम्पूर्ण जायजेथा डुब्थ्यो । सीमित दायित्वको कम्पनीको व्यवस्थाले गर्दा उद्यमी-व्यवसायीले कम्पनीमा जति शेयर लगानी गरेका थिए, कम्पनी डुब्दा त्यति शेयर मात्रै डुब्ने हुँदा फाइदा हुने सम्भावना भएकोले पश्चिमा उद्यमी-व्यापारीले बढी उन्नति गर्न थाले । ती देशका उद्यमी-व्यवसायीले गरेको नाफालाई सरकारले गरीबको

पसिना चुसेको भनेर छिःछिः दुरदुर गरेनन्, बरु नाफा कमायौ भने केही प्रतिशत कर तिर भनेर हौस्याउँदै गए । र, त्यस्तो करबाट प्राप्त आम्दानी निजीक्षेत्रलाई नै प्रर्बद्धन गर्ने कार्यमा लगानी गरे । जस्तै, नेदरल्याण्डस्ले सामुद्रिक व्यापारमा विभिन्न युरोपेली मुलुकहरबीच तीव्र प्रतिस्पर्धा भएको बखत आफ्नो बन्दरगाहमा बढी व्यापारिक जहाज आउन् भनेर प्रतिस्पर्धी देशहरुले नसोचेको काम, जहाजहरुलाई सुरक्षित रुपमा आफ्नो बन्दरगाहमा ल्याउन 'लाईट हाउस' को व्यवस्था गरिदिएको थियो ।

स्वीट्जरल्याण्डको कुरा गर्दा नेपालका धेरैजसो बुद्धिजीविले त्यहाँको सङ्घात्मक प्रणाली नै विकासको प्रमुख कारण हो भनिदिने गरेका छन्, जुन सत्य होइन । अहिलेको स्वीट्जरल्याण्ड त्यसै 'स्वीट्जरल्याण्ड' भएको होइन । मिशेल ओनील र डेनिस अष्टिनले सम्पादन गरेका 'डेमोक्रेसी एण्ड कल्चरल डाइभर्सिटी' (प्रजातन्त्र र सांस्कृतिक विविधता) भन्ने किताबमा केण्ट विश्वविद्यालयका प्राध्यापक क्लाइभ र्चचले लेखेको छन् - "स्वीट्जरल्याण्डको राजनीति गणतन्त्र र प्रत्यक्ष प्रजातन्त्रभन्दा बेग्लै तलबाट उठेको शासन प्रणालीका साथै विस्तृत छलफल, वार्तालाप, आदान-प्रदान र सहभागिताको माध्यमबाट सम्भव भएको हो ।" संस्कार वा संस्कृति केले हो, सम्पूर्ण स्वीस जनता सधैं सक्रिय नागरिक समाज र सरकारको विपक्षको रुपमा काम गरिरहन्छन । उनीहरुको तलबाट उठेको शासन प्रणाली यति बलियो त, जेनेभा अन्तर्राष्ट्रिय विमानस्थलमा दिनमा कतिवटा विमान ओर्लने वा उड्ने, रातको समयमा ओर्लन वा उडुन पाउने वा नपाउने भन्ने निर्णय त्यहाँको स्थानिय सरकार (क्याण्टोन्मेण्ट) ले गर्दछ । जनतालाई सुत्न बाधा नहोस् भनी जेनेभामा केही वर्षदेखी अन्तर्राष्ट्रिय विमानहरुको उडान वा अवतरणमा उल्लेख्य कमी आएको छ ।

सरकार र माओवादीबीच भएको सम्झौताले व्यक्तिको नैसर्गिक स्वतन्त्रतालाई संरक्षण गर्ने भनिसकेपछि माओवादीले अनुसरण गर्ने आर्थिक रणनीतिले तथाकथित राज्यवादीहरुबाट धेरै प्रहार खप्नुपर्ने हुन्छ । माओवादीहरु तिनबाट विचलित भए भने उनीहरु र २०४६ पछिको एमालेमा कुनै भेद रहने छैन । उग्रवामपन्थी सोचका साथ २०५१ सालमा

सत्तामा गएको एमाले सरकार विदेशी दातृराष्ट्र र बहुपक्षीय दातृसंस्थाबीच अप्रिय भईएला भनेर एसियाली विकास व्याङ्कको उपसचिवस्तरको कर्मचारीले नेतृत्व गरेको समूहसँग वरिष्ठ मन्त्रीहरुसहित उपप्रधानमन्त्रीले नेतृत्व गरेको टोलीले वार्तालाप गरेको थियो । एमाले सरकारले गरिब र धनीबीचको विभेद हटाउन सरकारको सक्रिय भूमिका रहनुपर्छ भन्ने नाममा सरकारी संस्थानका सञ्चालकहरुमा अन्धाधुन्ध राजनीतिक नियुक्ति गरेर व्यावसायिक रुपमा व्यवस्थापन करारमा नियुक्त गरिएका महाप्रबन्धकहरुलाई निश्क्रिय तुल्यायो।

अब सामन्ती संस्कारलाई तोड्ने र स्वशासन एवं समोवशीकरणलाई बढावा दिने नाममा सरकारलाई बलियो बनाउनुपर्छ भनेर माओवादीमाथि प्रशस्त दबाव पर्नेछ । तर, सरकार बलियो हुनु भनेको जनता कमजोर हुनु हो । सरकार बलियो भएका बखत पहिल्यैदेखि शिक्षा, ज्ञान र सीपमा पहुँच हुनेहरुले शासन गर्ने मौका पाउनेछन् । घुमाउरो पाराले सामन्तवादलाई हटाउने नाममा सामन्तवादकै हिमायतीहरुले शासन गर्नेछन् । सशस्त्र क्रान्तिमा विश्वास गरेर आएका माओवादीले अदम्य साहसका साथ व्यक्तिलाई सर्वोपरी मान्ने लोकतन्त्रमा विश्वास गरेर जुन शान्ति सम्झौता गरे, तिनै माओवादीले यही लोकतन्त्रलाई संस्थागत बनाउने उदार आर्थिक रणनीति अबलम्बन गर्ने दोस्रो आँट पनि गर्नेछन् भनेर विश्वास गर्नु अनुपयुक्त नहोला ।

# विश्वास टुट्नको खतरा

डा. भोला नाथ चालिसे

१६-३१ बैशाख २०६२
हिमाल खबरपत्रिकामा प्रकाशित

**एक–दुई सरकार बदलिँदा अथवा केही मन्त्रीले घुस खाँदैमा राष्ट्रिय अर्थतन्त्र धराशायी हुँदैन । तर निजी क्षेत्रले सरकारका नीतिहरुमा विश्वास गुमाउँदा भने देश बीसौं वर्ष पछाडि धकेलिन्छ ।**

**वर्तमान सत्ता** सञ्चालकहरुमध्ये अधिकांश सामन्ती सोच राख्नेहरु छन् । तिनीहरु सरकारले हस्तक्षेप गरेर नै देशको विकास हुन्छ भन्ने मान्यता बोक्छन् र उदार एवं खुला आर्थिक परिस्थिती निर्माणका लागि आवश्यक पर्ने बहुलवादी प्रजातान्त्रिक राजनीतिक व्यवस्थालाई नर्काछन् । कुनै काम वा योजनाको मूल्य र उपयोगितालाई वास्ता नगरी यिनीहरु आफ्ना स्वप्निल परियोजनाहरुलाई अघि बढाउँछन । विगतमा सरकारमा रहेका यस्तै व्यक्तिहरुले आधारभूत आवश्यकताका नाममा धेरै वर्षसम्म लत्ताकपडा, फलामे डण्डी आदिका उत्पादक-व्यापारीलाई राज्यको संरक्षण दिइरहे । वि.सं.२०४५/४६ सालमा गरिएको एउटा अध्ययनले त्यतिबेला अर्न्तराष्ट्रिय बजारमा रु. ५० मा पाईने सेन्थेटिक कपडा सरकारी संरक्षण पाएका नेपालका उद्योगले २०० प्रतिशत महँगोमा उत्पादन गरी अकूत नाफा कमाई रहेको देखाएको थियो । इलेक्ट्रोनिक्स, वनस्पति घिउ, प्लाष्टिकका सामान जस्ता भारतमा चोरी-तस्करी हनुसक्ने वस्तुलाई ३००-४०० प्रतिशतसम्मको संरक्षण उपलब्ध थियो । र यसरी संरक्षित उद्योगको इजाजत वितरण गर्नेहरुले यथेष्ट 'भाडा' प्राप्त गरिरहेका थिए ।

नेपालमा २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि वैदेशिक लागनीको स्वरुप कस्तो रह्यो भनेर अध्ययन गर्दा लगानीका निम्ति आर्थिक नीतिभन्दा राजनीतिले अहम् स्थान राख्ने गरेको कुरा स्पष्ट हुन्छ । जब जब देशको

शासनमा खुला एवं उदारवादी राजनीतिक चिन्तन हावी भएको हुन्छ तब तब निजी क्षेत्रले बढी लगानी गरेको तथ्यांकहरुले देखाउँछन् । उद्योग क्षेत्रमा हुने निजी लगाानी भनेको, कुनै देशको विद्यमान नीतिहरुप्रतिको समर्थन वा विमतिको एउटा ब्यारोमिटर पनि हो । यो ब्यारोमिटर प्रयोग गरेर नेपालमा आउँदा दिनहरुमा निजीक्षेत्रको लगानी कसरी प्रभावित होला भनेर अन्दाज लगाउन सँगैको तालिका * मार्गदर्शन बन्न सक्दछ ।

वि.सं. २०३० को दशकको उत्तरार्द्धदेखि केही खुला गर्न थालिएको वैदेशिक लगानी २०४६ सालसम्ममा जम्मा रु.४७ करोड स्वीकृत भएको थियो । प्रजातन्त्र पुनर्स्थापना पश्चात्, निर्वाचित सरकारको पहिलो वर्षमा वैदेशिक लगानीकर्ताले रु. ६० करोड लगानी गर्नका लागि स्वीकृति लिएका थिए । यो रकम एक वर्षपछि, आ.व. २०४९/५० मा ह्वात्तै बढेर रु. ३ अर्ब ८ करोड पुग्यो । वैदेशिक लगानी देशको राजनीतिबाट कति धेरै प्रभावित हुन्छ भन्ने कुरा आर्थिक वर्ष २०५१/५२ को आँकडाले देखाउँछ । त्यस वर्ष वैदेशिक लगानीका लागि रु. ४८ करोडको मात्र स्वीकृति लिइयो । त्यस आर्थिक वर्षको मुखमा नेपाली कांग्रेसभित्र छत्तिसे र चौहत्तरे गुट जन्मिएर संसद भङ्ग हुँदा एकाएक राजनीतिक अन्योल सिर्जना भएको थियो भने चुनावपछिको नौ महिना नेकपा एमालेले शासन गरेको थियो । त्यसबेला नेकपा एमालेले वैदेशिक लगानीलाई ‘देशको हित अनूकुल स्वीकृति दिने’ घोषणा गरेपनि ऊ त्यसमा पटक्कै स्पष्ट थिएन । वामपन्थीहरुको निजी क्षेत्रप्रतिको धारणा बुझेका लगानीकर्ताहरु ‘पर्ख र हेर’ को रणनीति अख्तियार गर्न बाध्य भए । झण्डै एक अर्ब डलरको अरुण-३ आयोजना यही बेला रद्द भएको हो । एमालेको नौ महिने अल्पमतको सरकार ढलेपछि कांग्रेसको नेतृत्वमा बनेको गठबन्धन सरकारको पालामा वैदेशिक लगानीले पुनः गति लियो । भारतसँग भएको उदार व्यापार सन्धि र २०५६ सालमा सम्पन्न प्रतिनिधिसभाको चुनावका कारण, माओवादी हिंसाका बावजूद पनि वैदेशिक लगानीको प्रवाह निरन्तर रहिरह्यो । यसरी, ब्यारोमिटरले वायुमण्डलको ताप बताए झैं सरकारको स्थिरता र नीतिप्रतिको विश्वसनीयता निजी क्षेत्रले लगानीमार्फत् प्रकट गर्दछन् ।

* तालिका यस भागको अन्त्यमा पेज १२८ मा उपलब्ध छ ।

२०५१ सालमा नेपाली काङ्ग्रेसभित्र जन्मिएका छत्तिसे र चौहत्तरे गुट राष्ट्रिय अर्थतन्त्रका निम्ति अभिशाप बने । ती गुटका कारण तत्कालिन सरकारले अवलम्बन गरेका खुला एवं उदार नीतिहरुप्रति निजीक्षेत्रको विश्वसनीयतामा जुन कमी आयो र त्यसले नेपाली अर्थतन्त्रलाई जति पछाडि धकेलिदियो, त्यसको मूल्य आंकलन नै गर्न सकिदैंन । यथार्थमा एक-दुईवटा सरकार बदलिँदा अथवा दुई-चारवटा मन्त्रीले घूस खाँदा राष्ट्रिय अर्थतन्त्रलाई खासै ठूलो असर पर्दैन । तर निजी क्षेत्रले सरकारका नीतिहरुमा विश्वास गुमाउँदा भने देश बीसौं वर्ष पछाडि धकेलिन्छ । त्यसैले कांग्रेसको ०५१ को गुटबन्दीलाई एउटा पार्टीको सामान्य फुटभन्दा पनि उदार एवं खुला समाज निर्माणको बाटोमा उत्पन्न अवरोध ठान्नुपर्दछ । लगानीकर्ताहरु बहुलवादी प्रजातान्त्रिक समाजमा लगानी गर्न तत्पर हुनुको कारण तिनलाई राजनीतिमा विश्वास भएर मात्र होइन । बहुलवादी समाजमा न्यायपालिका स्वतन्त्र हुन्छ भने प्रेस र नागरिक समाजले पनि सशक्त भूमिका निर्वाह गरि रहेका हुन्छन् । शक्ति एकै ठाउँमा केन्द्रित भएको हुँदैन । यस्तो समाजमा राजनीतिज्ञले, न्यायाधीशले, पत्रकारले कसैलाई शक्तिको दुरुपयोग गर्न खोजे एकअर्काले नियन्त्रण गरिरहेका हुन्छन् । यो अद्भुत गुण बहुलवादी समाजमा मात्र हुन्छ ।

राजनीति उदार र खुला नभएका बखत शासनमा बस्नेहरुले उद्यमी व्यवसायीलाई खुशी तुल्याउन र आफ्नो पक्षमा राखी राख्न आयकर, भ्याट, भन्सार आदिमा छुट, आयातमा बन्देज जस्ता विभिन्न उपायहरु अपनाई संरक्षण गर्दछन् । यस्तो संरक्षणले देशको अर्थतन्त्रमा कुनै योगदान पुर्‍याउँदैन तर उपभोक्ताको खर्चमा उत्पादकहरु मालामाल हुन्छन् । यति मात्र नभई, रुग्ण उद्योग, प्रतिकूल अवस्था आदि नाममा ऋण मिनाहा गर्ने, पुनर्तालिकीकरण गर्ने जस्ता क्रियाकलापबाट उद्यमी व्यवसायीहरु राज्यकोषबाट पनि पोसिन्छन् ।

विश्वका स-साना, प्राकृतिक स्रोतका हिसाबले विपन्न राष्ट्रहरुले आफ्नो उन्नति निजीक्षेत्रका उद्यमीहरुको सिर्जनशिलताको उपयोगमार्फत् गरेका हुन् । इजरायलीहरुले हावा बेचेर पनि पैसा कमाएका छन् ।

जेरुसेलम धार्मिक स्थलको हावा भनी बाकसमा राखेर, त्यसलाई पैसा कहाँ खर्च गरौं भनी बसेका अमेरिकनहरुलाई बेच्दछन् । तर यस्तो सिर्जनशील उपयोगका लागि खुला एवं उदार समाज नितान्त आवश्यक हुन्छ । निजीक्षेत्रले जब बढी जोखिम भएको उद्यम व्यवसायमा लगानी गर्दछन् त्यसपछि नै एउटा राष्ट्रको उन्नतिको शुरुवात हुन्छ । जुन कुनै देशमा लगानीकर्ताहरुले सरकारी नीतिहरुको स्थायित्व एवं निरन्तरताका आधारमा लगानी गर्दछन । नीतिहरुको स्थायीत्व एवं लागि राजनीति स्थिर एवं जनताप्रति उत्तरदायी हुनुपर्दछ । नेपालमै पनि प्रजातन्त्र बलियो हुँदै गएका बखत निजीक्षेत्रको हाइड्रोपावर, केबुलकार, हवाई यातायात जस्ता जोखिमपूर्ण क्षेत्रमा लगानी गरे । यसैबेला संचारक्षेत्रले फड्को मार्न पुग्यो । राज्यले खुला एवं उदार नीतिहरु अवलम्बन गरेको बखत सरकारमा पहुँच नभएकाहरुले पनि उद्यम व्यवसायमा लगानी गर्दछन् । जनताले नचुनेको र संरक्षणवादी नीति र व्यवहार अपनाउने सरकार भएको ठाउँमा पहुँच नभएकाहरुले उद्यम व्यवसाय गर्ने कुरै आउँदैन । निमुखाहरुले सरकारसामु पुगी इजाजत प्राप्त गर्ने सम्भावना नै रहँदैन ।

निजीक्षेत्रको लगानी भनेको पानी जस्तै तरल हुन्छ । जसरी पानी आफ्नो 'लेवल' मिलाउन माथिबाट तल बग्दछ त्यसैगरी लगानी पनि जहाँ नीतिहरु खुला, उदार एवं स्थायी प्रकृतिका हुन्छन् त्यतैतर्फ आकर्षित हुन्छ । खुला एवं उदार नीतिहरु बहुलवादी प्रजातान्त्रिक समाजमा मात्र सम्भव हुन्छन् । यसोभन्दा कतिपयले चीनमा भएको विदेशी लगानी के हो त भनेर स्वाभाविक प्रश्न उठाउन सक्छन । यस प्रश्नको उत्तर व्यावसायिक लगानीकर्ताहरुले चीन र भारत बीच तुलना गर्न अघि सार्ने गरेको यो दृष्टान्तले दिन सक्छ :- केही वर्षअघि, अमेरिकी बहुराष्ट्रिय कम्पनी-केन्तुकी फ्राइड चिकेन (केएफसी) को नयाँदिल्ली स्थित रेस्टुराँमा झिँगा भेटिएको भनी दिल्ली नगरपालिकाले सो रेष्टुँरा बन्द गर्न लगायो । नगर पालिकाको आदेशविरुद्ध केएफसी स्थानीय अदालतको ढोका घच्घच्याउन पुग्यो । अदालतले दिल्लीका अरु रेष्टुँरा भन्दा बढी नै सफासुग्घर रहेको ठहऱ्याई केएफसी रेष्टुँरा सुचारु सञ्चालन गर्न आदेश दियो । अर्थात् नगरपालिकाको निर्णय उल्ट्याइदियो । यथार्थमा, केएफसीको भान्सामा एउटा झिँगा देखियो भन्ने निहुँ मात्र थियो, तथ्य भने त्यो रेष्टुँराले नगरपालिकाको अधिकारीलाई घूस दिन इन्कार गर्नुथियो ।

यस्तै खाले विवाद चीनमा आउने हो भने त्यसलाई समाधान गर्न भारतमा जस्तो ढिलो र धेरै समय लगाउने कानूनी संरचना त्यहाँ छैन । तर समाज खुला एवं उदार नभएको, नागरिक पोशाकमा सुरक्षाकर्मीहरुले जसलाई र जहिले पनि निगरानी राख्ने तथा विवादहरु सुल्झाउनका लागि कानूनी संरचनाहरु ज्यादै न्यून रहेकाले चीनमा चिनियाँ मूलका विदेशी वा अमेरिका जस्तो शक्ति राष्ट्रका लगानीकर्ताहरुले मात्र बढी लगानी गरिरहेका छन् । पूर्ण कानूनी राज्य र पारदर्शी पद्धतिको अभावमा साना र संवेदनशील लगानीकर्ताहरुले त्यहाँ लगानी नै गरेका छैनन् । अर्थात् चीनमा समस्या नआउन्जेलसम्म विदेशी लगानी सञ्चालन गर्न सजिलो पनि छ । तर त्यहाँ भई रहेको तीव्र आर्थिक विकास र विस्तारलाई थेग्न तथा जोगाउन चीनका जनताले निकै महँगो मूल्य चुक्ता गरिरहेका छन् । विकास र लगानीको वातारण जोगाउनकै लागि त्यहाँ व्यक्तिगत स्वतन्त्रतामा अंकुश लगाइएको छ, मानवअधिकारको उल्लघंन कायम छ र सैन्य खर्च व्यापक छ । परिणामतः उच्च आर्थिक वृद्धिदर, विशाल जनशक्ति र सैन्य बल हुँदाहुँदै पनि चीनले आधुनिक सभ्य राष्ट्रहरुको पङ्क्तिमा सम्मानजनक स्थान हासिल गर्न सकेको छैन । जबकि, खुला एवं बहुलवादी समाजमा यस्तो मूल्य नचुकाइकनै आर्थिक वृद्धिदर हासिल गर्ने गरिन्छ । त्यसमाथि, चीन आफू धेरै विशाल भएका कारण मात्र ठुलो सैन्य खर्च धान्न सकेको हो । हल्याण्ड, स्वीटजरल्याण्ड, कोष्टारिका अथवा सिङ्गापुरले नै यस्तो खर्च गर्नुपरेको भए तिनले उन्नति गर्न सक्दैनथे ।

सभ्य समाजको विकास - व्यक्तिगत स्वतन्त्रताको संरक्षण, बहुलवादी प्रजातान्त्रिक राजनीतिक प्रणाली, कानूनको शासन र अन्तराष्ट्रिय प्रचलन अनुरुप राज्यको व्यवहारले मात्रै सम्भव हुन्छ । विश्व साँघुरिँदै गएको अवस्था र प्रायः हरेक देशले विदेशी लगानीलाई स्वागत गरि रहेका बेला आजका लगानीकर्ताले राष्ट्रिय सीमलाई कुनै बाधा ठान्दैनन् । नेपालमा लगानीका अवसर रहेनन् भने त्यस्तो लगानी दुबईमा जान सक्दछ् सिङ्गापुर पुग्न सक्दछ । तर त्यसरी पूँजी र उद्यमशीलता विदेशीन थालेपछि देशमा बस्नेहरु कङ्गाल हुँदै जाने स्पष्ट छ ।

# नेपालमा लगानीको वातावरण : नराम्ररी खस्किन थाल्यो

डा. भोला नाथ चालिसे

०-००-०००
कान्तिपुर दैनिकमा प्रकाशित

## १. कस्तो खाले औद्योगिकरण गर्ने ?

नेपालमा वृहद औद्योगिकीकरणको संभावना छ कि छै भन्ने विषय यो लेखको उद्देश्य होइन । उद्देश्य भने मूलतः अमेरिकी बहुराष्ट्रिय कम्पनी जो भारतीय Subsidiary को रुपमा नेपालमा संचालन भइरहेको कोलगेट, माल्मोलिभ वैदेशिक लगानीको उद्योग नेपाल किन छाडेर गयो भन्ने हो । खुल्ला एवं उदार आर्थिक, वित्तीय एवं लगानी नीतिहरु अवलम्बन गरिएका राष्ट्रहरुमा उद्योग व्यवसाय खुल्नु, बन्द हुनु कुनै अनौठो कुरा होइन, तर नेपाल जस्तो ज्यादै पिछडिएको राष्ट्रकमा संचालन भएको वैदेशिक लगानीको उद्योग लगानीकर्ताले छाडेर जानुका पछाडिका काराहरु भने पत्ता लगाउनु लाभदायक नै हुन्छ ।

पिछडिएको राष्ट्रबाट आर्थिक उन्नतिको दिशातर्फ जान कुनै पनि देशले औद्योगिक करणलाई प्राथमिकता दिएकै हुन्छ । यस्तो औद्योगिकरणको रणनीतिका बारे सन् १९४३ मा रोजेन्टाइन रोडानले प्राकृतिक स्रोतहरुको कमी र कम औद्योगिकरण भएको पूर्वी र दक्षिणपूर्वी युरोपको औद्योगिकरणका २ वटा रणनीतिमध्ये एउटा छान्न सुझाव दिएका थिए । यो क्षेत्रले औद्योगिकरण आफ्नै बलबुताले त्यसबेलाको रसियन मोडेल जस्तै आत्मनिर्भरताका लागि कुनै अन्तर्राष्ट्रिय लगानी आवश्यक नपर्ने गरी गर्न, यस्ता रणनीतिका लागि औद्योगिकरणका तिनै क्षेत्र ठूला तथा वृहद उद्योग, मसिन औजार उद्योग र हल्का उद्योग एकै पटक विकास गरी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने । दोस्रोमा, यस क्षेत्रको औद्योगिकरणका लागि विश्व अर्थतन्त्रसँग आवद्ध गरी विदेशी लगानी

समेत भित्र्याई प्रतिस्पर्धी वस्तुहरुको समेत उत्पादन गर्ने रणनीति हो । यो दोस्रो रणनीतिले वस्तु वा सेवाहरु उत्पादन गर्न स्वदेशी उपभोगमात्र होइन निर्यातमा पनि प्रतिस्पर्धी वस्तु वा सेवा उत्पादन हुनसक्दथ्यो ।

बीसौं शताब्दी त्यो पनि ६० को दशकबाट विकासशील राष्ट्रहरुमध्ये दक्षिण कोरिया, हंगकंग, सिंगापुरलगायत मोरिसस तथा कोस्टारिकाजस्ता राष्ट्रहरुले हासिल गरेको आर्थिक उन्नतिमा उद्योग क्षेत्रको योगदान एकदमै बढी रहेको र अस्ट्रेलिया, ब्राजिल र भारतजस्ता ठूला र स्रोतका धनी राष्ट्रको उल्लेख गरिएका राष्ट्रभन्दा कम दरको आर्थिक वृद्धिका कारणहरु केलाउने सम्बन्धमा मूलतः यी दुवै खाले देशहरुले लिएका औद्योगिकरणको रणनीतिहरु बेग्लाबेग्लै रहेको पाइयो । पहिलो समूहका राष्ट्रहरुले आफ्ना उत्पादन विश्व बजारमा प्रतिस्पर्धी बनाई निकासी बढी गरे भने दोस्रो खाले राष्ट्रहरुले विश्व बजारभन्दा महँगो परे पनि संरक्षणहरुको पर्खालभित्र आन्तरिक उपभोगका लागि उत्पादन गरे ।

## २. सन् ९० को दशकको नेपालको उपलब्धि

बुझेर वा नबुझेर नेपालमा प्रजातन्त्र पुनर्स्थापनासँगै आर्थिक, वित्तीय एवं लगानी नीतिहरुमा व्यापक उदारता अपनाइयो भने अर्थतन्त्रलाई स्वतन्त्र एवं बजारमुखी तुल्याइयो । उद्योग स्थापनाका लागि आवश्यक पर्ने इजाजत झण्डै झण्डै सुरक्षा र वातावरणमा असर पार्ने बाहेक सबै खुल्ला गरियो । उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आयात जोकोहीले गर्न पाउने भए । औद्योगिक मेसिनरीको आयातमा एक प्रतिशतमात्र भंसार लगाउने प्रावधान सबै उद्योगलाई लागू गरियो र यी भन्दा पनि महत्वपूर्ण कुरा नेपाली मुद्रालाई Current Account Convertible गरियो अर्थात आयात निर्यात व्यापारमा जोकोहीले जेजति आयात निर्यात गरे तापनि विदेशी मुद्रामा भएका नियन्त्रणहरु एकै रातमा सखाप भए । वैदेशिक लगानीमा पनि सबै क्षेत्रहरु (केही सीमित प्रतिबन्धबाहेक) खुल्ला गरिए । लगानीको सीमा एवं बन्देज हटाइए भने स्वदेशभित्र आर्जन गरेको नाफालाई विदेशी मुद्रामा लान पाउने सरल प्रावधानहरु राखिए । यी नीतिलाई अरु बढी टेवा दिन नयाँ कम्पनी कानुन ल्याइयो भने विदेशी

लगानीकर्तालाई थप आकर्षण दिन मध्यस्थता ऐनमा अन्तर्राष्ट्रिय स्तरबाट मध्यस्थता गर्न पाउने प्रावधान राखियो ।

यसैबखत नेपालमा विश्वस्तरको त होइन भारतको छिमेकी राज्यहरुभन्दा खासगरी तराई क्षेत्रमा भौतिक पूर्वाधारको अवस्था र सुरक्षा स्थिति राम्रो थियो । विद्युत आपूर्ति अहिलेको जस्तो लाडसेडिंगको मारमा थिएन । सन् १९९५/९६ मा भारतसँग भएको व्यापार सम्झौताले नेपालको औद्योगिकरणमा ठूलो सहुलियत प्रदान गर्‍यो । मदिरा, बियर, सूर्तिजन्य पदार्थ, महँगा अत्तरहरुबाहेक नेपालमा उत्पादन भएका कुनै पनि वस्तुमा परिमाणात्मक बन्देज र भंसार नलाग्ने व्यवस्था गरियो । यिनै नीतिगत सुधार र पूर्वाधारको स्थितिका कारण नेपालको तराई क्षेत्रमा बहुराष्ट्रिय ठूला कम्पनीले आफ्ना लगानीहरु गरे भने ससाना स्तरमा भारतको छिमेकी राज्यको मागलाई समेत पूर्ति गर्न बिस्कुट, चाउचाउ, प्लास्टिकका सामान, सिन्थेटिक जुत्ता चप्पलहरुको ठूलो संख्यामा विकास भयो । तराई क्षेत्रमा बेग्लै खालको आर्थिक क्रान्तिको सुरुआत भयो । यसलाई दिगो राख्न सकिएन, बेग्लै कुरा हो ।

### ३. तर अफसोच कुन स्थितिमा पुग्यौं ?

वैदेशिक लगानीकर्ताहरु त्यसमा पनि स्थापित बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो देशभन्दा अन्य मुलुकमा लगानी गर्दा के कति कुरामा ध्यान पुर्‍याउँछन् भनि जानि राख्नु कुनै पनि देशको वैदेशिक लगानी आकर्षण गर्ने नीति निर्माण गर्दा काम लाग्ने हुन्छ । यिनले लगानी गर्नु पूर्व सबै भन्दा पहिले अध्ययन गर्ने विषय लगानी गर्न लागिएको मुलुकको सुरक्षा स्थिति हो । आफ्नो लगानीको सुरक्षा मात्र होइन आफ्ना कर्मचारी र लगानी गरेकै देशका मजदुर, कामदारको सुरक्षा बलियो नभएको देशमा यिनले लगानी गर्ने सोच पनि गर्दैनन् । हो, सुरक्षा व्यवस्था लगानी योग्य देखिए पछि यिनले आफू विश्वस्त हुन ५/६ कुरामा ध्यान पुर्‍याउँदछन् । पहिलोमा यिनले लगानी गर्न खोजेको देशको व्यवसाय गर्नका लागि अर्थतन्त्र कत्तिको खुल्ला छ भनि केलाउँछन् । जे पनि गर्न इजाजत लिनुपर्ने, स्वीकृति लिनुपर्ने, विभिन्न सरकारी कार्यालयमा धाउनुपर्ने स्थिति देखे भने लगानी

गर्दैनन् । त्यसपछि यिनले हेर्ने भनेको देशमा उपलब्ध सडक, विद्युत, संचार, बन्दरगाह भए बन्दरगाह आदि हुन् । यो दोस्रो कुरा उपयुक्त ठानेपछि यिनले हेर्ने भनेको आफ्नो उत्पादनको लागि आन्तरिक एवं निर्यात गरेर प्राप्त हुने बजार हो । अर्को कुरा भनेको देशमा उपलब्ध जनशक्ति हो । सीपयुक्त, शिक्षित एवं उत्प्रेरणाद्धारा उत्प्रेरित हुने जनशक्ति भएमा यिनले लगानी गर्न खोज्दछन् । अर्को तर मुख्य बुँदाको रुपमा लिने यिनले व्यवसाय गरिसकेपछि बन्द गर्न पाउने (Exit Policy) धेरैजसो विकासशील मुलुकहरुले विदेशी लगानी भित्र्याउनका लागि खुबै स्वागत गरेका हुन्छन् । तर लगानीकर्ताले लगानी लाभदायक भएन वा अन्य कुनै कारणले लगानी छोड्नु पर्‍यो भने श्रमिकको समस्या, लगानी बेचेर प्राप्त भएको रकम परिवर्त्य मुद्रामा फर्काउन पाउने जटिल कानुनी व्यवस्थाका कारण धेरै वैदेशिक लगानीहरु त्यस्ता मुलुकमा आकर्षित भएका छैनन् । यी सबै कुराहरु उपयुक्त लागेपछि कसैले उनीहरुलाई आयकर सुविधा दिन्छ भने यी लगानीकर्ताहरुले त्यस्तो सुविधा लिन्न त भन्दैनन् तर उल्लेख भएका सबै कुराहरु प्रतिकुल हुने तर आयकर सुविधा दिएर मात्र वैदेशिक लगानी कहिल्यै पनि आकर्षित हुँदैन । तर अफसोच नेपालका मात्रै होइनन् विकासशील राष्ट्रका ब्युरोक्राटिक नीति निर्माता र कर्मचारीतन्त्र जो आफूलाई मात्रै जान्ने र बुझ्ने ठान्दछन् तिनले विदेशी लगानी आकर्षण गर्नका लागि आयकर सुविधा नै सबैभन्दा ठूलो औजारको रुपमा उपयोगमा ल्याउने बारम्बार कोसिस गर्दछन् ।

निजीक्षेत्रको लगानी भनेको आफूले दुख गरी कमाएको पैसाबाट कर्मचारी, कमदार, सरकार सबैलाई खुसी तुल्याई दुई पैसा आर्जन गर्नु हो । त्यसमा पनि आफ्नो मुलुक छोडी अर्को देशमा लगानी गर्नु भनेको काठमाडौंवासीले अहिले रोल्पामा उद्योग व्यवसाय खोल्नु जस्तै हो । बहुराष्ट्रिय कम्पनीहरुलाई वामपन्थीहरुले जति गाली गरे तापनि लगानी गरेको देशको रगत चुस्न भने उनीहरु आएका होइन् । त्यसमा पनि नागरिक समाज, आईएनजीओ, एनजीओहरु आजभोलि यति चनाखो छन् कि यी बहुराष्ट्रिय कम्पनीहरुले अल्पविकसित एवं गरिब राष्ट्रहरुको शोषण गरेर पैसा कमाई रहेका छन् कि छैनन् भनेर नजिकबाट नियाली रहेका हुन्छन् । महिलाहरुको भित्री

वस्त्र उत्पादन गर्ने भिक्टोरिया सिक्रेटले लेवनानमा आफ्ना उत्पादन गर्दा बालश्रमिक प्रयोग गरेको होस्, रिबोक जुत्ता कम्पनीले चीनमा यस्तै गरेको होस् तिनको खुलासा बजारमा आएपछि यी बहुराष्ट्रिय कम्पनीहरुको लगानीमा ठूलो खतरा उत्पन्न हुन्छ । एउटा देशमा भएको गैरजिम्मेवारी कामले उनीहरुको संसारभरीको अरबौं डलरको लगानी जोखिमका साथै उसको साखमा पनि ठूलो ह्रास आउँदछ । यसका साथै यिनले उद्योग व्यवसाय गर्दा घुसखोरीमा संलग्न हुन यिनको दर्शनले दिँदैन । यिनले आफ्नो हिसाबकिताब जति सक्दो बढी पारदर्शी राख्नका लागि समाजको ठूलो दबाब परिरहेको हुन्छ । सन् ९० को दशकमा ठूलो प्रयत्नका साथ विदेशी लगानी मैत्री वातावरण सिर्जना भएको स्थितिलाई अहिले कसले खल्बल्यायो ? माओवादीले ? मधेसी जनअधिकार फोरमले ? वा नेपाली कांग्रेस वा एमालेले ? नेपालबाट विदेशी लगानीकर्ताहरु त्यो पनि तराई क्षेत्रबाट धमाधम भाग्न लागेपछि फाइदा कसलाई पुग्यो ? राष्ट्वादीलाई कि अन्य कसैलाई ?

औद्योगिकरण ढिला शुरु गर्नेका लागि अरुले के के गरे र कुन कस्तो रणनीतिले सफलता पाए भनि अध्ययन गर्ने मौका पाए । अरु औंले पोलेर आगो हो भन्ने थाई पाइसकेपछि आगो हो कि होइन भनेर पुनः औंला पो लिरहनु पर्दैन ।

## नेपालमा औद्योगिकरण : विशेष प्रयास विना संभावना छैन

डा. भोला नाथ चालिसे

०-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

१८ औं र १९ औं शताब्दीमा संयुक्त अधिराज्य बेलायतमा औद्योगिक क्रान्तिमार्फत जुन आर्थिक उन्नति भयो त्यस्तो उन्नति जापान, दक्षिण कोरिया, हंगकंग, सिंगापुर र आजभोलि मलेसिया, भियतनाममा ३० देखि ४० वर्षको अवधिमा त्यस्तै औद्योगिक क्रान्तिद्धारा अर्थशास्त्रीहरुले कल्पनै नगरेको स्तरमा आर्थिक उन्नति भयो । यसका कारण आर्थिक समृद्धिका लागि औद्योगिक विकास वा उत्पादनशील उद्योगको विकास अपरिहार्य ठानिन थालियो । हो, उत्पादनशील उद्योगको विकासले कृषि सेवाजस्तो अरु क्षेत्रको विकासमा पनि टेवा अवश्यै दिन्छ । तर उत्पादनशील क्षेत्रको विकासमात्रै आर्थिक उन्नतिको एउटा मात्र आधार भने होइन । उत्पादनशील उद्योगको विकास लुगाको फेसनजस्तो जुनसुकै ठाउँमा जुनसुकै अवस्था र बेलामा उन्नति हुने कुरा पनि होइन । उत्पादनशील उद्योगको प्रचुर विकास भएको संयुक्त राज्य अमेरिकाको अर्कान्सास र हवाई राज्यको अर्थतन्त्रमा उत्पादनशील उद्योग क्षेत्रको योगदान २ प्रतिशतभन्दा कम छ भने युरोपको सानो मुलुक लग्जेम्बर्गमा सेवा क्षेत्रको अर्थतन्त्रमा योगदान ८६ प्रतिशत रहेको छ । लग्जेम्बर्ग एउटा विकसित सानो मुलुक हो । उत्पादनशील क्षेत्रको राम्रो गतिमा विकास गरी रहेका हाम्रै छिमेकी मुलुकहरु भारत र चीनका सबै क्षेत्रमा एकै किसिमको उत्पादनशील उद्योग क्षेत्रको विकास भएको छैन ।

खानीको प्रचुर संभावना रहेको भारतको बिहार राज्य गरिबको गरिबै रहेको छ भने चीनको सांघाइ प्रान्तको दाँजोमा दक्षिण पश्चिमका प्रदेश एवं अति विकट तिब्बत क्षेत्र उत्पादनशील उद्योगको हिसाबले निकै पछाडि परेको छ। उत्पादनशील उद्योग क्षेत्रको विकासका लागि भौतिक एवं मानवीय

पूर्वाधारहरु पूर्व आवश्यक पर्दछ । उत्पादनशील क्षेत्रमा अदम्य विकास गर्नेहरुको कि त मानव संशाधन शिक्षित, सिल्पी एवं अत्यन्त परिश्रमी रहे भने केही मुलुकले बहुमूल्य खानी र कच्चा पदार्थको उपलब्धताका कारण उत्पादनशील क्षेत्रमा विकास गर्न सकेका हुन् । नर्वेजस्तो उत्तरी युरोपको राष्ट्रले भने आफू कहाँ रहेको नदी र ताल तलैयाको पानीको अधिकतम उपयोग गरी जलविद्युत्को विकास मार्फत आर्थिक उन्नति गरेको हो । यहाँनेर स्मरणीय कुरा के छ भने नर्वेले जलविद्युत्को विकास गर्दा उसका छिमेकी राष्ट्रमा विद्युत्को ठूलो माग बढिरहेको थियो । आर्थिक उन्नतिका लागि युरोपेली राष्ट्रहरुले राजनीतिक सीमालाई कुनै महत्व दिएनन् ।

अर्काथरी राष्ट्रहरुले स्रोत र साधन कम हुँदाहुँदै उत्पादनशील क्षेत्रको विकास अन्तर्राष्ट्रिय व्यापार मार्फत गरे । जापानले आफ्नो औद्योगिक क्रान्ति सधैं नै स्वदेशी बजारमा भन्दा विदेशी बजारमा वस्तु प्रतिस्पर्धी रुपमा बेच्नका लागि गर्‍यो । दक्षिण कोरियाले त्यही प्रारुप अपनाएको हो । यी राष्ट्रहरुले आफ्ना प्रतिस्पर्धीभन्दा बढी समय खटेर बढी बुद्धि लगाएर उपभोक्ताले खोजेको जस्तै सामान वा वस्तुको उत्पादन गर्दै निकासीमार्फत औद्योगिक क्रान्तिलाई सफल तुल्याए। इजरायल जस्तो राष्ट्रले त कल्पनासमेत बेच्न सफल रह्यो । क्रिश्चियन धर्मावलम्बीहरुको तीर्थस्थलको रुपमा रहेको जेरुसेलमको हावा ससाना बाकसमा बन्द गर्दै अकुत सम्पत्ति भएका अमेरिकीहरुलाई पवित्र स्थलको पवित्र वायु भन्दै बेचे । नेपालमै पनि एक रुपैयाँको नेपाली सिक्का जसमा श्रीभवानीको यन्त्र लेखिएको हुन्छ त्यसलाई नेपाली आफैंले मूल्य राख्न सके सयौं भारतीय रुपैयाँमा भारतीय हिँदुहरुलाई बेच्न सकिन्छ । हिन्दुहरुले भवानीको यन्त्र भएको सिक्कालाई धार्मिक पर्वहरुमा बडो महत्वको साथ पूजा गर्दछन् । भारतीय सिक्कामा यस्तो यन्त्र पनि छैन र अंग्रेजी इन्डिया भन्ने शब्द कुँदिएको छ । नेपालीले बेच्न नसकेर वा आँट नगरेर यस्तो सिक्का खुरुखुरु भारतीयहरुले पशुपतिबाट आफ्नो देश लग्ने गरेको हुँदा नेपाल राष्ट्र बैंकले जति धेरै एक रुपैयाँको सिक्का निकाले पनि नेपाली बजारमा त्यसको कमी हुँदै गएको हो । हाम्रो पवित्र भुमी लुम्बिनीको पवित्र माटो चिनियाँलाई मात्रै बेच्न सके पनि कति अरब कमाउँथ्यौं होला ?

वृहत औद्योगीकरणका लागि भौतिक पूर्वाधार पहिलो सर्त हो भने उद्योगमा काम गर्नका लागि शिक्षित एवं सिल्पी मजदुरहरुको उपलब्धता दोस्रो सर्त हो । यी दुवै सर्त उपलब्ध भएर मात्र पुग्ने भने होइन । यी दुवैको उपयोग नितान्त निपूर्णका साथ गर्नका लागि उद्यमी व्यावसायीहरुको ठूलो आवश्यकता पर्दछ । सबै अल्छी गरेरै बस्ने हो भने औद्योगीकरण हुने कुरै भएन । दिनको १४ घन्टा लोडसेडिंग हुने, एक ठाउँबाट वस्तु अर्को ठाउँमा बन्द हड्तालका कारण पुग्छ पुग्दैन भन्ने ठेगान नहुने, पानीबाहेक अरु कुनै खानी वा कच्चापदार्थ उपलब्धै नभएको, उद्योगमा काम गर्ने मजदुरलाई काम गर्न सिकाउने होइन मालिकको सम्पत्ति खोस्न सिकाउने प्रवृत्ति, जग्गाधनीको जग्गामा काम गर्नेले जग्गै हडप्ने प्रयत्न, उद्योगको दर्ता वा इजाजत प्रदान गर्दा फाइललाई तराजुमा जोखी जति ठूलो फाइल भयो त्यति धेरै घूस माग्ने राजनीतिज्ञ र कर्मचारीतन्त्रको जालो, निकासीमा प्रोत्साहन दिने नाममा भंसारमा निकासी गर्ने फर्मको नामै तोकी रकम रजिष्ट्ररमा राख्ने राजस्व नीति भएको देशमा औद्योगीकरणको संभावना खोज्नु नितान्त मूर्ख काम हो । यति हुँदाहुँदै नेपालका केही अर्थशास्त्रीहरु, पत्रकारहरु र कार्टेल गरी उद्योग संचालन गरिरहेका उद्यमी व्यावसायीहरु सरकारले नयाँ औद्योगिक नीति घोषणा गर्न लाग्यो भने दशैं वर्षमा अब देश जापान हुने भयो भनि खसी काटेर भोज खाने तहसम्म पुग्दछन् र आत्मरतीमा रमाउँछन् । सरकारले नयाँ औद्योगिक नीति तर्जुमा गर्ने सोचमा रहेको छू भन्ने समाचार नेपालका प्रमुख पत्रपत्रिकामा ब्यानर समाचार बन्दछन् । नीतिले मात्र औद्योगिक क्रान्ति हुने होइन, हो, खराब नीतिले औद्योगिक क्रान्तिलाई खल्बल्याउन भने सक्दछ । औद्योगिक क्रान्तिमार्फत अदम्य आर्थिक उन्नति गरेका देशहरुले के के गरेका रहेछन् भनेर यसो लेखाजोखा गर्नु यहाँ उपयुक्त हुन्छ ।

यी मुलुकहरुको औद्योगिक क्रान्ति सुरु हुँदाका बखत शिक्षित जनसंख्याको दर झण्डैभण्डै सतप्रतिशत पुगिसकेको थियो । जनसंख्या शिक्षित मात्र होइन ज्ञान र सीपले भरिपूर्ण थिए । दक्षिण एसियामा श्रीलंकाको साक्षरता दर सबैभन्दा उच्च रहेको छ भनेर सबैले गुणगान गाउँछन् जुन सत्य हो

। तर त्यो शिक्षित जनसंख्या ज्ञानले पूर्ण र सीप्ली छैन । त्यहाँको वाणिज्य शास्त्रमा स्नातक गरेको व्यक्तिले व्यावहारिक रुपमा सधारण व्यवसाय कसरी संचालन गर्ने र त्यसको लेखा कसरी राख्ने भन्नेसम्मको ज्ञान प्राप्त गरेको हुँदैन । नेपालमै पनि समाजशास्त्र र राजनीतिशास्त्रमा स्नातक गरेका बग्रेल्ती युवाहरु पाइन्छन् । तर यी विषय अध्ययन गरेकाबाट औद्योगिक क्रान्ति संभव होला र ? दक्षिण कोरियाले सुरुको वर्षमा औद्योगिक क्रान्ति गर्दा हप्तामा ७ दिन, एक दिनमा १६ घन्टासम्म कलकारखानामा काम गरेका थिए । दक्षिणकोरियाबाट फर्केका एक जना छिमेकी युवाले भन्दै थिए हामी नेपाली पाँच जनाले गरेको काम एक जनाले कोरियालीले गर्दा रहेछ । सन् ६० को दशकको अन्त्यसम्म जुनबेला श्रमिकहरुको आपूर्ति मागभन्दा कमी रह्यो, दक्षिणकोरियामा श्रमिकहरुको ज्यालादर वास्तविक दरमा दशौं वर्षसम्म वृद्धि भएको थिएन । जापान र दक्षिणकोरियाको सरकारको श्रम नीति केही वामपन्थी आलोचकहरुले पुँजीपति समर्थक रहे को आक्षेप लगाउँदा लगाउँदै ती सरकारले पुँजीपतिलाई पैसा कमाउने मौ का दिए र पुँजीपतिले नाफा कमाएपछि आफ्नो नाफाबाट त्यही अर्थतन्त्रमा थप लगानी गर्दै थप रोजगारीका अवसर सिर्जना गर्दै गए । यहाँनेर फेरि बिर्सन नहुने कुरा के हो भने यी देशका सरकारले संरक्षणको पर्खालभित्र स्वदेशमा वस्तु बेच्ने औद्योगीकरण गराएनन् विदेशी बजारमा वस्तु बेच्नका लागि आफ्ना उद्यम व्यवसायलाई दबाब दिइरहे । कोइला एवं फलाम खानी नै नभएको जापान र दक्षिणकोरियाले स्टिल उत्पादन गरी अरु देशमा बेच्न सफल भए । यो सफलताको एउटै कारण बढी मेहनत, बढी श्रमको उपयोग हो । भौतिक पूर्वाधार भने यी देशका उद्यमीहरुका लागि कहिल्यै कमी रहेन ।

उल्लेख गरेका देशहरुले औद्योगिक विकासका लागि उद्योगको क्षेत्रगत नीतिमा भन्दा औद्योगिक लगानीलाई असर पार्ने आर्थिक एवं वित्तीय नीतिहरु निरन्तर रुपमा उद्योग सापेक्ष राखिरहे । ती देशहरुले वैदेशिक विनिमय दर जानीजानी निकासी प्रवर्द्धनका लागि उपयुक्त राखी राखे । अहिले पनि पश्चिमा मुलुकले चिनियाँ विदेशी विनिमय दर चीनको निकासीलाई प्रोत्साहन गर्ने रुपमा चिनियाँ मुद्राको सरकारले जानीजानी

कम मूल्य राखिरहेको आक्षेप लगाई रहेको सबैलाई विदितै छ । नेपालको दुर्भाग्य, हामी आफ्नो मुद्राको मूल्य आफैं तोक्न सक्ने स्थितिमा समेत छैनौं । भारतीय रुपैयाँको मूल्य बढ्दा नेपाली मुद्राको स्वतः बढ्ने र घट्दा स्वतः घट्ने स्थितिमा छौं । यी देशले ब्याजदरसमेत औद्योगिक लगानीका लागि उपयुक्त रहने नीति लगातार धेरै वर्षसम्म उपयुक्त मौद्रिक नीतिअन्तर्गत लागू गरिरहे । प्रविधि र विदेशी लगानी भित्र्याउनका लागि आफ्नो बजार लाई सदा खुला राखिरहे । यति हुँदाहुँदै सरकारी बचत एकदम उच्च राखिरहे । नेपालमा त दुई पैसा राजस्व वृद्धि भयो कि चार पैसा उपभोगमै खर्च गर्ने बानी राजनीतिज्ञ एवं कर्मचारी सबैलाई परिसकेको छ । नेपाल संसारको गरिब मुलुक भन्दाभन्दै सुरक्षामा मात्र ५० औं अर्ब वार्षिक खर्च हुन्छ । कर्मचारीको तलब बढेन भने देशै ठप्प हुन्छ । पजेरो चढ्न नपाएका मन्त्रीले सिडियोको गाला चड्काउँछन् । सरकारी जागिर जहाँ कुनै जोखिम नै लिनुपर्दैन खान पाए मान्छेले सबैभन्दा बढी उन्नति भएको ठान्दछन् । विद्यार्थीले ज्ञान र सीप सिक्नुको साटो परीक्षामा चिट चोर्न नपाए देशै बन्द हुन्छ । राजस्व ठगी गर्न नपाए उद्यमी व्यावसायीले उद्योग व्यवसाय नै बन्द गर्ने चेतावनी दिन्छन् । लुटेरै खानसक्ने वातावरण भएको देशमा दुख गरी कसले खान खोज्छ र ?

नेपालमा उत्पादनशील क्षेत्रको वृहद विकासको संभावना छैन भने संभावना के को नै रहेको छ त ? जसले जति धेरै कुरा गरे तापनि अझै पनि नेपालको आर्थिक उन्नतिका लागि वृहद संभावना रहेको क्षेत्र जलस्रोत नै हो । जलस्रोतको विकास विद्युत् निकासीमा मात्र होइन विद्युत् सबै भन्दा बढी खपत गर्ने आल्मुनियम स्मेल्टर, युरिया मल कारखानासमेत स्थापना गरी विद्युत्को घुमाउरो किसिमले निकासी गर्ने संभावना अझै मरी सकेको छैन । नेपालको दक्षिणी सीमानामा २४ सै घन्टा गुणस्तरयुक्त विद्युत् उपलब्ध छ भनेर सबस्टेसनमार्फत जलविद्युत्को पसल खोल्ने हो भने भारतको पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्य समेतले विद्युत् खरिद नगर्लान् भन्न सकिँदैन । केही अर्थशास्त्रीहरु आपूर्तिले मात्र पनि मागको सिर्जना गर्दछ भन्ने कुरामा विश्वास रख्छन् र संसारमा पनि त्यस्तै भएको छ । लग्जेम्बर्ग, स्वीटजरल्याण्ड, अष्ट्रिया, कोस्टारिका जस्ता

ससाना देशको आर्थिक मेरुदण्ड सेवा व्यावसाय भएकाले पर्यटन विकास प्रचुर मात्रामा गरेका छन् । हुन त विसौं वर्षसम्म जाबो दुईवटा ठूला जहाज किन्न नसक्ने देशमा पर्यटनको कुरा गर्नु बेकारै ठहरिएला । इजरायलीले हावा बेचेको देशमा हामी नेपाली त आफ्नो वस्तु पनि व्यवस्थित रुपमा बेच्न सक्दैनौं । भारतको बिहार राज्यमा हालसालैका वर्षमा भएका विकासले अत्यन्त माग गरको ढुंगा, गिटी, बालुवा पनि हामीले राम्रोसँग बेच्न सकेका छैनौं । यी वस्तुहरुको बेचबिखन गुन्डाहरुको हातमा छोडिदिएर भार तले नेपलाको ढुंगा, गिटी, बालुवा सित्तै लग्यो भनि उसैलाई आक्षेप लगाई रहन्छौं । कुनै पनि वस्तुको मूल्य माग भएपछि तोकिन्छ । त्यही ढुंगा, गिटी, बालुवामात्रै व्यवस्थित रुपमा बेचेर नेपाल धनी हुन के ले रोकेको थियो र ?

# लगानी बोर्डको गठन

डा. भोला नाथ चालिसे

००-००-०००
कान्तिपुर दैनिकमा प्रकाशित

## आफन्त पुँजीवादलाई संस्थागत गराउने प्रयास

झण्डै २० वर्ष अगाडि नेपालमा सुरु गरिएको खुला एवं उदार आर्थिक नीतिहरु अहिलेसम्म आइपुग्दा राज्यको शक्ति बढ्दै जाँदा यसमा संलग्न राजनीतिज्ञ, योजनाकार, कर्मचारी र प्रतिस्पर्धामा होइन कार्टेलिंगमार्फत बढी धन कमाउने निजीक्षेत्रको लगातारको धावाले भने यस्तो खुला एवं प्रतिस्पर्धी आर्थिक नीतिहरुलाई पछार्न सफल हुने कार्यहरु देखापर्न थाले का छन् । उद्योग खोल्दा साधारणतया इजाजत लिनु नपर्ने, आयात व्यापार सबैका लागि खुला हुने कार्यको सुरुआत २० वर्ष अगाडि गर्दा खेरी नै नेपालको निजीक्षेत्रले विरोध नगरेको होइन । त्यसबखत नेपालको निजीक्षेत्रलाई खुला एवं प्रतिस्पर्धी नीतिहरुको खुल्लमखुल्ला विरोध गर्न असजिलो परेको थियो भने त्यस्तो व्यवस्थालाई हटाउनका लागि पर्दा पछाडि भने धेरै खेल भएका थिए ।

उद्योगीले मात्र आयात गर्न पाउने मेसिन औजार, कच्चा पदार्थ आदिको सुविधा सबैलाई खुल्ला छोडिदिँदा उद्योगीले पाई आएको सुख सुविधा खोसियो भनि उद्योग वाणिज्य संघका गोप्य बैठकहरुमा विरोधका स्वरहरु नउठाइएका होइनन् । यिनका स्वरले सार्वजनिक स्वीकृति भने पाउन सकेन । किनकि यसैबेला राजनीति साँघुरो पंचायती व्यवस्थाबाट खुल्ला एवं प्रतिस्पर्धी बहुलवादमा परिणत भइसकेको थियो । एकातर्फ दिल्ली दरबार र अर्कोतर्फ नारायणहिटी दरबारसँग सम्बन्ध रहेकाहरुका बीचको गठबन्धनको कब्जामा रहेको उद्योग, व्यवसाय, व्यापारलाई तोडी सर्वसाधारण जो कोहीले पनि पहुँच पाउने व्यवस्थाको सुरुआती कार्यलाई यस्तो विरोधका स्वरहरु

आउनु स्वाभाविक थियो । यो उद्यम व्यवसायमा गरिएको खुल्लापनले आम जनताको सहभागितामा के कस्तो असर पार्‍यो भनि खोज्नलाई २०४९ सालभन्दा अगाडिका उद्योगी व्यापारीको थर र अहिले देशमा रहेका उद्योगी व्यापारीको थरहरुको अध्ययन गरेमा स्पष्ट झल्कन्छ । यो गठबन्धन नतोडिएको भए पोखराका हरिप्रसाद पाण्डे, देउराली फर्मास्युटिकलका हरि शर्मा, भाटभटेनीका मीनबहादुर  गुरुंग, सिभिल होम्सका इच्छाराज तामांग, निर्माण व्यवसायी सकुन्तलाल हिराचनजस्ता अनगिन्ती व्यवसायीहरुको उदय हुने थिएन । दिल्ली र नारायणहिटी दरबारमा सम्बन्ध भएकाहरुको गठबन्धनले यस्तो खाले नयाँ समूहको उन्नतिको विरोध नगरिरहेको होइन ।

खुल्ला एवं उदार अर्थनीतिलाई पछाडि धकेल्ने प्रयास सम्भव नभएपछि दशौं वर्षसम्मको लविंग, आफूलाई खुल्ला बजारको हिमायती ठान्ने बहुराष्ट्रिय एवं द्विपक्षिय प्राविधिक एवं बौद्धिक सोचको सहयोग र नियन्त्रण एवं अनुगमनबाट बजारलाई सही बाटोमा ल्याउनुपर्छ भन्ने गलत कर्मचारीहरुको सोचको गठबन्धनका कारण नेपालमा लगानी बोर्डको स्थापना गर्नका लागि संसदको समेत काम गर्ने संविधानसभाबाट पास गराउने अन्तिम कार्यमा पुगेको छ ।

लगानी बोर्ड मुलतः एउटा इजाजत दिने संस्थाको रुपमा खडा गर्न खोजिएको छ । यो बोर्डको अध्यक्ष प्रधानमन्त्री हुने, सरकारले प्रस्ताव गरेको मस्यौदामा अर्थमन्त्री सहअध्यक्ष रहने भएकोमा संविधानसभाको व्यवस्थापिका संसद्को विधायन समितिले दिएको प्रतिवेदनमा प्रधानमन्त्रीले लगानी बोर्ड हेर्न तोकेको मन्त्री सहअध्यक्ष रहने गरी अर्थ, उद्योग, वन मन्त्रीहरु, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, राष्ट्र बैंकका गभर्नर, मुख्य सचिव, उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य, कानुन तथा वित्तीय क्षेत्रका विशेषज्ञहरुमध्ये बोर्डले मनोनयन गरेको कम्तिमा एक जना महिलासहित ४ जना सदस्य र बोर्डको कार्यालयको कार्यालय प्रमुख सदस्य सचिव रहने गरी बोर्ड गठन गर्ने प्रस्तावसहितको प्रतिवेदन पास हुनका लागि संसद्मा पठाएको छ । यस बोर्डले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएका कुनै पनि परियोजना कार्यान्वयन गर्न

आवश्यक हुने लगानी यस ऐनबमोजिम कार्यान्वयन गरिने छ भन्ने उल्लेख गरिएको छ। यसको कार्यक्षेत्रभित्र पर्नेमा फास्ट ट्याक, सुरुंग मार्ग, रेल मार्ग, रोपवे, ट्रली बस, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय स्तरका विमानस्थल, सहरीक्षेत्रमा खानेपानी उत्पादन, वितरण तथा पुनःप्रशोधन तथा फोहोर मैलाको व्यवस्थापन, रासायनिक मल उत्पादन कारखाना, पेट्रोलियम रिफाइनरी, नेपाल सरकारले तोकेको ठूला पुलको निर्माण, ५१ प्रतिशतभन्दा बढी विदेशी लगानीमा स्थापना गरिने बैंक तथा वित्तीय संस्था, मेडिकल कलेज तथा ३ सयभन्दा माथिका अस्पताल वा नर्सिंग होम, ५०० मेगावाट वा सोभन्दा बढी क्षमताका जलविद्युत उत्पादन परियोजना, विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन वा प्रशोधन क्षेत्र, विशेष औद्योगिक क्षेत्र, सूचना प्रविधि पार्कको निर्माण, स्थिर पुँजी १० अर्ब वा सोभन्दा बढी परियोजना लागत भएका कुनै पनि पूर्वाधार संरचना वा सेवा उद्योगमा हुने लगानी, स्थिर पुँजी १० अर्ब रुपैयाँ वा सोभन्दा बढी परियोजना लागत भएको उत्पादनशील उद्योग, व्यवस्थित बसोबास तथा आवास योजना, मनोरंजन पार्क र नेपाल सरकारले बेलाबेलामा तोकेका अन्य क्षेत्रहरु छन् ।

यो बार्डको क्षेत्राधिकारमा पर्ने व्यवसाय संचालनका लागि अब कुनै पनि स्वदेशी वा विदेशी लगानीकर्ताले प्रधानमन्त्रीले अध्यक्षता गर्ने बोर्डमा पुग्नुपर्ने छ। खुल्ला एवं प्रतिस्पर्धी आर्थिक नीतिहरुको एउटा प्रमुख उद्देश्य उद्योग व्यवसाय संचालन गर्नका लागि कुनै पनि इजाजत अनुमति लिनुपर्ने व्यवस्थाको खारेजी हो । व्यवसायलाई कानुनी मान्यता दिन र रेकर्डसम्म राख्ने उद्देश्यका लागि त्यस्ताको दर्ता प्रक्रियासम्म सरकारी निकायमा गर्नुपर्ने प्रावधान राखिनु तर्क संगत देखिन्छ । सर्वप्रथम त जसरी एउटा किसानले आफ्नो खेतबारीमा आलु लगाउने हो वा मकै लगाउने हो भन्ने कार्यका लागि सरकारको अनुमति लिनुपर्ने आवश्यकता रहँदैन त्यसैगरी कुनै पनि उद्यमी व्यवसायीले जहाँ कहीँ पनि लगानी गर्दा सरकारको स्वीकृति लिनुपर्ने हुनुहुँदैन । खुल्ला एवं प्रतिस्पर्धी अर्थतन्त्रमा लगानीकर्ताले आफूले संचालन गर्ने व्यवसायको रुप व्यक्तिगत, साझेदारी फर्म वा कम्पनीको रुपमा दर्ता गराएपछि आफूले संचालन गर्न पाउने क्षेत्रको आवश्यक पर्ने स्वीकृति वा अनुमति सरकारको कार्यान्वयन गर्ने ईकाईबाट प्राप्त गरेपछि

त्यस्तो व्यवसाय खुरुखुरु गर्न सक्दछ । उदाहरणका लागि कुनै व्यक्ति वा व्यक्तिको समूहले नेपालमा जलविद्युतमा लगानी गर्न खोज्यो भने कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको दर्ता गरी ऊर्जा मन्त्रालयबाट इजाजत लिनुपर्ने भए उत्पादनको इजाजत प्राप्त गरी व्यवसाय संचालन गर्दछ । २०४९ सालको खुल्ला एवं उदार व्यवस्थाले यस्तो कार्यलाई संस्थागत गरेको छ । अब प्रश्न उठ्छ, ५०० मेगावाटभन्दा माथिको जलविद्युत आयोजना वा रु. १० अर्ब वा सोभन्दा माथिको परियोजना लागत भएको उत्पादनशील उद्योगको स्थापनाका लागि लगानी बोर्डमा किन जानुपर्ने ? ४९९ मेगावाटसम्मको विद्युत परियोजनाको लागि ऊर्जा मन्त्रालयले अनुमति दिन सक्षम हुने तर ५०० मेगावाटका लागि प्रधानमन्त्री अध्यक्ष भएको बोर्डमा किन जानुपर्ने ? लोभलालचमा नफस्ने सक्कली उद्यमी व्यवसायीले उद्यम व्यवसाय संचालन गर्दा लिनुपर्ने इजाजत स्वीकृति वा आफूले गर्नुपर्ने दर्ता जस्ता कार्यहरु सरकारको जति तल्लो निकायमा अधिकार रह्यो त्यति सजिलो मान्दछन् । यतिमात्र होइन अनुमति इजाजत लिनुपर्ने स्वीकृतिको त जतिमाथि पुग्यो त्यति व्यवसाय गर्ने मूल्य बढ्दछ भन्ने उनीहरुले महसुस गरेका हुन्छन् । कुनै एउटा विभागको शाखा अधिकृतमा रहेको अधिकारबाट हुने कार्य गराउन लाग्ने खर्च र प्रधानमन्त्री अध्यक्ष रहेको बोर्डबाट निर्णय गराउने खर्चमा आकाश जमिनको अन्तर पर्दछ ।

अब यहाँनेर प्रश्न उठ्छ निजीक्षेत्र र विश्व बैंकको भातृ संगठन आईएफसीजस्तो संस्थाले लगानी बोर्ड गठनका लागि किन ठूलो कसरत गरिरहेका छन् त ? पहिलो प्रधानमन्त्रीको अध्यक्षताको बोर्डबाट स्वीकृति लिने क्षमता नेपाली सर्वसाधारण एवं ससाना उद्यमी व्यवसायीले राख्दै राख्दैनन् । देशमा संचालन हुने ठूलाठूला परियोजनाहरुको इजाजत दिने कार्यको अध्यक्षता प्रधानमन्त्रीले गर्ने भएपछि त्यो ठाउँमा निजीक्षेत्रका त्यस्ता व्यक्तिहरुको मात्र पहुँच हुन सक्दछ जो जिरे खोर्सानी हास्य कार्यक्रमको श्रृंखलाका एक पात्रले दोहोर्‍याई तेहेर्‍याई भन्ने गरेको संवाद पार्टीलाई सहयोग गरेको, समानुपातिका परेको सभासद् लाई चरितार्थ नगर्ला भन्न सकिँदैन । लगानीबोर्डका हिमायतीहरुले बोर्ड गठनका लागि

दिएका तर्कहरुमध्ये प्रमुखमा ठुलाठूला योजनामा लगानी गर्न आउने लगानीकर्ताहरुलाई कर्मचारीतन्त्रले झुलाई रहने र दुख दिने कार्य गरिरहेकाले राजनीतिको उपल्लो तह प्रधानमन्त्रीको अध्यक्षतामा बोर्ड गठन गरे सबै समस्या समाधान हुने तर्क दिने गरेका छन् । मालपोत कार्यालयका हाकिमले जग्गा पास गर्दा पैसा खाए भनि त्यस्तो कार्य गर्नेमा सुधार ल्याउने कि जग्गा पास गर्ने काम पनि प्रधानमन्त्रीकै अध्यक्षताको कमिटीले गर्ने ? लगानी बोर्डको गठन एउटा मालपोत अधिकृतले गर्ने कार्यमा घुसखोरी भयो भन्दै प्रधानमन्त्रीले नै जग्गा पास गराउने कार्य गर्नु सरह हो । लगानी बोर्डमा निजीक्षेत्रको समेत विशेषज्ञको रुपमा प्रवेश पाएपछि राजनीतिज्ञहरुसँग खिचेको फोटो देखाउँदै स्वदेशी होस् अथवा विदेशी लगानीकर्तालाई इजाजत दिलाई दिन्छु मलाई कति कमिसन दिन्छस् भन्दै ठूलाठूला परियोजनामा एक पैसा लगानी नगरी सित्तैमा सेयरको हिस्सा खोज्दछन् । उद्योग व्यवसाय गर्दा इजाजत लिनुपर्ने अवस्था रहेको नेपालमा उल्लेख गरेको दिल्ली वा नारायणहिटी दरबारका नजिक रहेका व्यवसायीहरुको उद्यम व्यवसायमा खुल्ला एवं गोप्य रुपमा यी दरबार नजिक र राजनीतिज्ञहरुको सेयरमा लगानी रहेको प्रशस्त उदाहरणहरु छन् । तुलसी गिरीले यस्तै सित्तैंमा सेयर प्राप्त गरेको प्लास्टिक कारखानाले लिएको ऋण तिर्न नसक्नुमा संचालकहरुको समूहमा उनको नाम मुछिनु नेपालमा भएका यस्ता धेरै क्रियाकलापहरुको एउटा उदाहरण हो । यतिमात्र होइन विशेषज्ञको रुपमा बोर्डमा सदस्य बन्न पुगेका निजीक्षेत्रका उद्यमी व्यवसायीले इजाजत आफूले मात्र प्राप्त गरेपछि अरुलाई त्यसभित्र छिर्नै नदिने व्यवस्था कायम गरी राख्ने छन् । एकातर्फ आफैंले एकलौटी इजाजत प्राप्त गर्ने भए भने अर्कोतर्फ इजाजत दिलाएवापत सित्तैमा सेयरको हिस्सा पनि खोज्ने भए । यस्तो अवस्थामा साधारण उद्यमी व्यवसायी यो जंजालभित्र पस्नै नसक्ने भए ।

वामपन्थीहरुले नेपालमा त के विकसित मुलुकहरुमा समेत राजनीति र कर्मचारीतन्त्रसँग गठनबन्धन गरी उद्यम व्यवसाय गर्ने लोभ संवरण गरेका उद्यमी व्यवसायीलाई नवउदारवादीहरुले बढावा दिन्छन् भन्ने दोष लगाउँछन् । खुल्ला एवं प्रतिस्पर्धी बजारमा विश्वास गर्नेहरुले यस्ता

लोभीपापी -क्रोनी) पुँजीवादको विकासमा पटक्कै संलग्न हुँदैनन् । व्यक्तिले आफ्नो सोच, बुद्धि, श्रम, पुँजी लगाएर जोखिम उठाउँदै उन्नति गर्ने उद्यमशील जोकोहीले पनि सरकारको कुनै चाकरी बिना उद्यम व्यवसाय गर्न पाउने वातावरणको सिर्जना गर्नु नै खुला एवं प्रतिस्पर्धामा आधारित बजार उन्मुख अर्थतन्त्रको उद्देश्य हो । सरकारमा रहेको तजबिजी अधिकारको प्रयोग गरी एक खाले उद्योग व्यवसायीलाई बढावा दिने आर्थिक नीतिहरु कुनै पनि हालतमा उदारवादी सोचभित्र पर्दैनन् । लगानी बोर्डका नाममा पहिलो त इजाजत लिनुपर्ने कार्य नै बेठिक हो र दोस्रो इजाजतै लिनु परे तापनि सरकारीतन्त्रको सबैभन्दा तल्लो निकायमा त्यस्तो अधिकार प्रत्यायोजन गरी त्यस्तो अधिकारको प्रयोग गर्नेले बदमासी वा घुसखोरी गरेमा तुरुन्तै सुधार गर्ने कार्य खुल्ला एवं प्रतिस्पर्धी आर्थिक वातावरण सिर्जनाका लागि उपयुक्त हो । हालको लगानी बोर्डको प्रावधान आफन्त पुँजीवादलाई संस्थागत गराउने प्रयास हो र यसले ठूला परियोजनालाई सघाउने नाममा केही सीमित व्यवसायीको पोल्टामा हालिदिनु हो ।

# नयाँ नीति अधिकार बढाउन होइन घटाउन

डा. भोला नाथ चालिसे

०-००-०००

नेपाली  कांग्रेसको सरकारले २०४९ मा स्वदेशी एवं वैदेशिक लगानी मैत्री नीतिले नयाँ औद्योगिक व्यवसाय ऐन वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण लागू गरेपछिका सरकार एवं उद्योग मन्त्रीहरुले २०५१ पछि निरन्तर नयाँ औद्योगिक नीति नयाँ औद्योगिक नीति भनि भाषण गर्दै आएका छन् । यिनले भनेको नयाँ नीति भने कहिल्यै पनि प्रकाशमा आएको छैन । यिनले ल्याउन भनेका नयाँ नीति कस्ता होलान् भनी अड्कल काट्न भने सकिन्छ । यिनको नयाँ नीति भनाईको पछाडि कत्तिको खोक्रोपन रहेको छ भनेर केलाउनु आजको दिनमा उपयुक्त हुन्छ । २०४९ सालमा लागू गरेको औद्योगिक व्यवसाय ऐनमा के कस्ता सुधार गर्नु आवश्यक छ भन्ने कुराको लेखाजोखा नगरी नयाँ नीति नयाँ नीति भनिरहनुको उद्देश्य खोक्रोपनको दोहोर्‍याई मात्रै हो । भाग्यवश २०४९ सालको ऐनले सरकारले तजबिजी तरिकाको निर्णय गर्न पाउने अधिकार धेरै हदसम्म हटाई दिइसकेको छ । अब बन्ने नयाँ नीति सरकारी तजबिजी अधिकार बढाउन हो कि अझ घटाउन हो भन्ने कुराको स्पष्टता छैन ।

संसारको कुनै पनि देशमा राजनीतिज्ञ र कर्मचारीतन्त्रले आफूसँग भएको तजविजी अधिकार कहिल्यै पनि छाड्न तत्पर हुँदैनन् । यस्ता तजवीजी अधिकार छाड्न कि युद्धबाट देश ध्वस्त भएको हुनुपर्छ कि अर्थतन्त्र तहसनहस भएको हुनुपर्छ या निजीक्षेत्रले सुधारका लागि व्यापक दबाव दिएको हुनुपर्छ । यी तीनै स्थिती नेपालमा छैन । यसैले नयाँ नीति ल्याउनु भनेको सरकारी तजबिजी अधिकार बढाउन हो भन्नुपर्ने स्थिती छ। २०४९ सालको ऐनमा मूलतः २ वटा कुराहरु छन् : पहिलोमा वातावरणमा असर पार्ने उद्योगहरु, हातहतियारसम्बन्धी उद्योग, चुरोट, रक्सी, बियर सम्बन्धी

उद्योगहरु स्थापनाका लागि ऐनले व्यवस्था गरेको निजीक्षेत्रको समेत प्रतिनिधित्व रहेको उद्योगमन्त्रीले अध्यक्षता गर्ने औद्योगिक प्रवर्द्धन बोर्डबाट इजाजत लिनुपर्छ। दोस्रोमा मूलतः उद्योगलाई आयकर छुटका केही प्रावधान राखिएका छन् । २०४९ मा वातावरण सम्बन्धी ऐनको व्यवस्था नभई सकेका कारण इजाजत लिनुपर्ने उद्योगमा वातावरणलाई व्यापक असर पार्ने खालका थिए । त्यतिबेलासम्म उद्योगले वातावरणलाई असर नपारोस भन्नका लागि यस्तो व्यवस्था गरिएको थियो । उद्योगले वातावरणमा पार्ने प्रभाव, त्यसको मूल्यांकन र प्रदूषण नियन्त्रण गर्ने उपायहरुका बारे उद्योग मन्त्रालय र यसका विभागहरुमा केही हदसम्म प्राविधिक क्षमता पनि रहेको थियो ।

अबको अवस्थामा वातावरणसम्बन्धी सम्पूर्ण ऐन, नियम एवं मार्गदर्शन र बेग्लै मन्त्रालयको स्थापनासमेत भईसकेकाले वातावरण प्रभाव न्यूनीकरण र उद्योगबाट निस्कने प्रदूषण नियन्त्रणका लागि यस्ता उद्योगले औद्योगिक प्रवर्द्धन बोर्डको बेग्लै इजाजत लिनु परेन । उद्योगलाई प्रदान गर्ने आयकर एवं अन्य छुटहरुका बारे औद्योगिक व्यवसाय ऐनमा राख्ने कि सम्बन्धित आयकर ऐन, अन्तशुल्क ऐनमै राख्ने भन्ने कुराको विवाद भने एउटा चर्चायोग्य कुरा हो । विकासशील राष्ट्रहरुले देश विकास गर्न सबै भन्दा पहिला ध्यान दिएको भनेको औद्योगीकरण हो । यसका पछाडि २ वटा कारण छन् । पहिलोमा उपनिवेशबाट मुक्त भएपछि तिनै उपनिवेश बनाउने राष्ट्रहरुको कब्जाबाट मुक्त भई आत्मनिर्भर हुन स्वदेशमै उद्योग धन्दाको विकास गर्ने उद्देश्य लिनु राजनीतिज्ञका लागि बढी आकर्षक ठहरियो भने आफूले कमाएको परिवर्त्य मुद्राबाट मेसिन औजार आयात गरि उद्योग खोल्नु स्वाभाविक पनि भयो । उदाहरणका लागि निर्यातबाट कमाएको डलरबाट कपडा बुन्ने तान आयात गरि स्वदेशमै कपडा उत्पादन गर्न यी विकासशील राष्ट्रहरु लागि परे । यस्तो औद्योगीकरणको शुरुवात गर्दा ती देशका अर्थतन्त्र भने खुला थिएनन् । आयातको लागि कोटा प्रणाली, उच्च भन्सार दरका कारण बेग्लै ऐनको व्यवस्था नगरी औद्योगिकरणका लागि वातावरण बनाउन सकिने थिएन ।

२०४९ अगाडि नेपालको अवस्था ठ्याक्कै यस्तै थियो । यतिमात्र होइन दक्षिणमा खुला सीमाना भएको भारतले अत्यन्तै संरक्षणात्मक आर्थिक एवं वित्तीय नीतिहरु अपनाएका कारण नेपालले औद्योगिकरणको लागि प्रभावकारी ऐन कार्यान्वयन गर्न एकदमै कठिन थियो । यसका लागि एउटा उदाहरण पर्याप्त हुन सक्छ : त्यो हो सिन्थेटिक कपडा उद्योग । भारतले सिन्थेटिक कपडाको आयातमा उच्च भन्सार लागू गरेका कारण नेपालले पनि सोही हाराहारीमा भन्सारदर कायम गर्नु पर्दथ्यो । होइन् भने नेपालले तेस्रो मुलुकबाट सिन्थेटिक कपडा आयात गरी भारत विचलन हुन सक्ने वातावरण रहन्थ्यो । औद्योगीकरणका लागि कच्चा पदार्थ एक प्रतिशतमा आयात गर्न पाउने प्रावधान २०४९ को ऐन भन्दा अगाडिका ऐनमा रहेको थियो ।

आयातमा उच्च भन्सार दर लगाएका कारण भारतले सेन्थेटिक कपडाको उत्पादनमा उच्च दरकै अन्तःशुल्क लगाएको थियो । यस्तो उच्च दर १०० देखि २०० प्रतिशतसम्म रहेको थियो । नेपालमा सेन्थेटिक कपडा उत्पादनका लागि नाइलनयार्न १ प्रतिशत भन्सार तिरी आयात गर्न पाईने भयो । १ प्रतिशत भन्सार तिरेको नाइलनयार्न नेपालमा कपडा नै उत्पादन नगरी भारतमा नै छाडिदिँदा उद्यमी व्यवसायीलाई २०० देखि ३०० प्रतिशतसम्मको नाफा हुन्थ्यो । नाइलनयार्न व्यापारीले आयात गर्न पाउँदैनथे, उद्योगीले मात्र पाउँदथे । त्यस्तो वातावरणको औद्योगीकरण व्यवसाय ऐन खारेज गरि आयातको लागि कोटा र लाइसेन्सको आवश्यक नै नपर्ने उत्पादित वस्तु होस् अथवा कच्चा पदार्थ होस् उद्योगीले मात्र होइन व्यापारीले समेत आयात गर्न पाउने व्यवस्था २०४८ साल फाल्गुनबाट लागू गरिएपछि बेग्लै औद्योगिक व्यवसाय ऐनको उपादेयता धेरै हदसम्म हटिसकेको थियो । वातावरणका लागि बेग्लै ऐनले व्यवस्था गरिसकेपछि र आयात व्यापार खुला भएका अवस्थामा नियन्त्रणमुखी अर्थतन्त्रमा जस्तो बेग्लै औद्योगिक व्यवसाय ऐनको आवश्यकता रहेन ।

अब कुरो बाँकी रह्यो आयकर छुटको व्यवस्था । पहिलो त आयकर छुट दिएर मात्र उद्योग खुल्छन् भन्ने कुरा पुरानो भइसक्यो भने नाफा कमाए आयकर तिर्नु सौभाग्य भनि ठान्ने तेस्रो पुस्ताका उद्यमीहरु विश्वमा

विकास भइसके । यतिमात्र होइन विश्व भूमण्डलीकरणले लगानीबाट नाफा कमाउन सक्ने ठाउँहरुको राजनीतिक सीमाना नै रहेन । नेपालमा लगानी गर्दा फाइदा नहुने भए स्वदेशी लगानीकर्तालाई त कानूनी बन्देज छ तर विदेशी लगानीकर्ताले भने कम्बोडिया, भियतनाममा गएर लगानी गर्छन् । कानूनी रुपमा खुला नभए पनि अर्कै बाटोबाट नेपालीले विदेशमा औद्योगिक व्यवसाय ऐनमा व्यवस्था गर्ने कि आयकर ऐनमै व्यवस्था गर्ने विषयमा भने केही चर्चा गर्नु उपयुक्त हुन्छ ।

नेपालमा उद्यमी व्यवसायी र सरकारबीच जुहारी चलिरहने विषय भनेको उद्योग, जलस्रोत आदि क्षेत्रगत ऐनहरुले आयकर, मूल्यअभिवृद्धि कर छुट दिने तर आयकर ऐन, मूल्यअभिवृद्धि कर ऐन आदिले छुट नदिने विषय नै रहेको छ । देशमा वित्तीय अनुशासन कायम राख्न र राजस्व रकमको वृद्धि गराउनका लागि धेरै थरीका कर छुटहरुको व्यवस्था गर्नु उपयुक्त होइन । उद्योग ऐनले उद्योगलाई कर छुट दिने, विद्युत ऐनले विद्युत क्षेत्रलाई छुट दिने, सहकारी ऐनले सहकारीहरुलाई छुट दिने हो भने त्यो देशको अर्थमन्त्रीले राजस्व चाहिँ कहाँबाट वृद्धि गर्ने ? वित्तीय अनुशासन कायम गर्नका लागि कर छुटहरुको व्यवस्था क्षेत्रगत ऐनहरुले छुट दिनुको साटो अर्थमन्त्रालयले तर्जुमा गरेर कार्यान्वयन गर्ने सम्बन्धित ऐनहरुले नै गर्नु उपयुक्त हुने वित्तीय विश्लेषकहरुले सुझाव दिने गरेका छन् ।

वातावरण विनाश गर्ने उद्योगहरुको इजाजत वातावरण ऐन नियमले गरे पछि र करका छुट सम्बन्धित आर्थिक ऐनहरुले दिने प्रावधान राख्नका लागि नयाँ औद्योगिक नीतिको आवश्यकता पर्दैन । हालको औद्योगिक व्यवसाय ऐनमा इजाजत लिनुपर्ने दफा खारेज गरेर कर छुटका विषयहरु सम्बन्धित ऐनमा राख्नका लागि नयाँ औद्योगिक नीति किन आवश्यक पर्‍यो ? यो कार्य मन्त्रिपरिषदले निर्णय गरेर सम्बन्धित ऐनहरुमा संशोधनका लागि संविधानसभामा पेश गरेपछि सबै कार्य समाप्त भइहाल्यो । यहाँनेर एउटा सजग हुनुपर्ने कुरा चाहिँ के हो भने नेपालमा अर्थमन्त्रीहरु भनेका अलि पढे लेखेका भएका कारण नीतिगत भ्रष्टाचार गर्न भने कोही पनि पछाडि परेका छैनन् । लामो समयपछि लगानीको प्रतिफल प्राप्त हुने उद्योग, जलस्त्रोत,

पर्यटन जस्ता क्षेत्रमा वर्षैपिच्छे आउने बजेटमार्फत करका सुविधाहरु छुट वा थप करहरु लगाउने कार्य भने नितान्त बन्द गरिनुपर्दछ । यसो भएमा नयाँ औद्योगिक नीतिको चर्चा नै गरिरहनु परेन ।

## पेज १०२ मा उल्लेखित तालिका

| राजनीति र लगानीको उतारचढाव | | | |
|---|---|---|---|
| आर्थिक वर्ष | परियोजना संख्या | कुल लगानी (रु. करोडमा | विदेशी लगानीको हिस्सा (रु. करोडमा) |
| २०४६ सम्म | ५९ | ५४३ | ४७ |
| २०४६/४७ | ३० | २४४ | ४० |
| २०४७/४८ | २३ | ८६ | ४० |
| २०४८/४९ | ३८ | ३५१ | ६० |
| २०४९/५० | ६४ | १७८९ | ३८ |
| २०५०/५१ | ३८ | ३७३ | १३८ |
| २०५१/५२ | १९ | १६३ | ४८ |
| २०५२/५३ | ४७ | १०५ | २२२ |
| २०५३/५४ | ७७ | ८५६ | २४० |
| २०५४/५५ | ७७ | ५५७ | २०० |
| २०५५/५६ | ५० | ५३२ | १६७ |
| २०५६/५७ | ७१ | २६७ | १४२ |
| २०५७/५८ | ९६ | ७९२ | ३१० |
| २०५८/५९ | ७७ | ३३२ | १२१ |
| २०५९/६० | ७४ | ४९२ | १८० |
| २०६०/६१ | ७८ | ४३२ | २७६ |
| २०६१/६२८* | २३ | ८८ | ४ |

*स्रोत : उद्योग विभाग*

* २०६२ वैशाख ६ गते सम्मको

# भाग ४

# संघीयता र व्यक्तिगत स्वतन्त्रता

# उदारवादमा संघीयता

केशब गौतम *

संघीय गणतान्त्रिक नेपालको संविधान जारी भएर कार्यान्वयन थालिएको ७ महिना नाघिसक्यो । र, यस संविधानलाई सहमतिको दस्तावेजका रुपमा प्रायः सबैले स्वागत पनि गरेका छन् । तर, संघीयताका प्रबल पक्षधर डा. भोला चालिसेले यसलाई देख्न पाउनुभएको भए उहाँको मूल्यांकन कस्तो हुन्थ्यो होला ?

दुर्भाग्यवश डा. चालिसे २०७२ को वैशाख १ गते नै दिवंगत हुनुभयो । त्यसको १२ दिनमा विनाशकारी भूकम्प आयो र सम्भवतः त्यही संकटको परिस्थितिका कारण नेपालका प्रमुख राजनीतिक दलहरुले संविधानबारे निर्णायक सहमति गरे र २०७२ असोज ३ गते नयाँ संविधान जारी भयो ।

डा. चालिसेले नेपालको संविधान २०७२ को अन्तिम स्वरुप देख्न पाउनुभएन । तर, यसका अन्तरनिहित प्रावधानहरु कुन सिद्धान्तबाट प्रेरित हुँदैछन् भनेर उहाँले राम्ररी नियालिरहनुभएको थियो र त्यसमा उहाँ सन्तुष्ट हुनुहुन्थेन भन्ने तथ्य उहाँले आफ्नो जीवनका पछिल्ला वर्षहरुमा छपाएका विभिन्न लेखहरुबाट पाइन्छ । तीमध्ये केही यस पुस्तकमा संकलित छन् । र यी लेखहरुबाट निकाल्न सकिने समग्र निष्कर्ष के हो भने डा. चालिसेले यो संविधानबाट पटक्कै सन्तुष्ट हुनुहुन्थेन ।

भिएना विश्वविद्यालयमा अध्ययन गरेर विद्यावारिधि उपाधि हासिल गरेका डा. चालिसे “अष्ट्रियन स्कुल अफ इकोनोमिक्स” भनेर चिनिने परम्परामा दीक्षित हुनु स्वाभाविकै हो । त्यही शिक्षा अनुसार उहाँ लिवर्टेरियन इकोनोमिष्ट (उदारवादी अर्थशास्त्री) का रुपमा चिनिनुहुन्छ । यी

* केशब गौतम वरिष्ठ पत्रकार हुनुहुन्छ । हाल वहाँ न्यू बिजनेस एज र आर्थिक अभियानका कार्यकारी सम्पादक हुनुहुन्छ ।

लेखहरुमा व्यक्त उहाँका विचारहरु त्यही अवधारणामा आधारित हुनु पनि स्वाभाविकै हो । स्मरणीय के छ भने अष्ट्रियन स्कूलमा दीक्षित अर्थशास्त्रीहरु तथ्याङ्कको विश्लेषणमा भन्दा सैद्धान्तिक दर्शनको विवेचनामा बढी केन्द्रित हुन्छन् । शिकागो स्कूलका उदारवादीहरु भन्दा अष्ट्रियन स्कूलका उदार वादीहरु यसैले गर्दा भिन्न हुन्छन । त्यसकारण, लिवर्टेरियन इकोनोमिष्टलाई उदारवादी अर्थशास्त्री भन्दा स्वतन्त्रतावादी अर्थशास्त्री भन्नु बढी उपयुक्त हुन्छ। तर यस टिप्पणीमा उदारवाद र स्वतन्त्रतावादलाई समानार्थी किसिमले प्रयोग गरिएको छ ।

उदारवाद डा. चालिसेको सैद्धान्तिक अवधारणा मात्रै नभएर जीवनको अभिन्न अङ्ग नै थियो । उहाँ नै उद्योग सचिव भएका बेला त्यतिखेर को पूर्ण नियन्त्रणमुखी औद्योगिक नीति-नियमहरुलाई धेरै हदसम्म खुकुलो बनाइयो । भलै यसमा त्यतिखेर भएको राजनीतिक परिवर्तन (पञ्चायतको अवसान) र अन्तराष्ट्रिय तहमा आएको परिवर्तन (सोभियत संघको अवसान) ले पनि सहयोग गरे । तर त्यसबेला डा. चालिसेको सट्टा अरु नै उद्योग सचिव भएको भए साँच्चै कति परिवर्तन हुन्थ्यो होला र ? डा. चालिसेको लिवर्टेरियन उदारवाद प्रतिको प्रतिवद्धता अर्को घटनाले पनि पुष्टि गर्छ । राष्ट्रिय योजना आयोगको सदस्य सचिव भएको बेला उहाँले यस्तो आयोग नै रहनु हुँदैन भन्ने सार्वजनिक अभिव्यक्ति नै दिनुभयो । जसले गर्दा उहाँको त्यो जागिर नै धरापमा समेत परेको थियो । यसको अर्थ डा. चालिसे केवल सार्वजनिक उपभोगका लागि र आफ्नो पण्डित्याई दर्शाउने उद्देश्यले मात्र आफ्ना अवधारणाहरु बाहिर ल्याउने गर्नु हुँदैनथ्यो । उहाँ ती विचार प्रति बलिया तार्किक आधारमा अडिग हुनुहुन्थ्यो ।

नयाँ संविधान जारी भइसकेपछि पनि स्वर्गीय डा. चालिसेका विचारहरु मननीय छन् र यिनलाई हाम्रो संवैधानिक व्यवस्था र प्रशासन संयन्त्रमा अझै पनि अधिकतम रुपमा अवलम्बन गर्ने प्रयास हुनु आवश्यक छ । संघीयताबारे डा. चालिसेको प्रमुख अवधारणा भनेको राज्य शक्तिलाई केन्द्रको नियन्त्रणबाट झिकेर स्थानीय तहमा अधिकतम निक्षेप गर्ने हो । अहिलेको संविधानले पनि केन्द्र, प्रदेश र स्थानीय सरकारका हातमा विभिन्न शक्ति र कामको बाँडफाँड गरेको छ । तर डा. चालिसेले यस्तै हुन

थालेको संकेत देखेर यसलाई त्यतिमै सीमित नगर्न चेतावनी दिदै आउनु भएको यहाँ संकलित आलेखकरुले देखाएका छन् । उहाँका अनुसार सडक, सिँचाई जस्ता पूर्वाधारको योजना, निर्माण र सञ्चालनको जिम्मा होस वा प्रहरीको व्यवस्था वा स्थानीय विद्यालयका शिक्षकको नियुक्ती, सबैको जिम्मेवारी स्थानीय समुदायलाई नै दिइनुपर्छ, केन्द्रीय वा प्रदेश तहमा पनि राख्ने होइन । नयाँ संविधानमा रहेका राष्ट्रिय योजना आयोग तथा केन्द्रीय एवं प्रादेशिक तहका कतिपय आयोग डा. चालिसेको अवधारणा विरुद्ध हुन् । यिनले केन्द्रलाई मात्रै बलियो बनाउँछन् । यद्यपि अहिलेको व्यवस्था पहिलेकोभन्दा केही हदसम्म डा. चालिसेको अवधारणातर्फ ढल्किएका भने छन् ।

स्टानफोर्ड विश्वविद्यालयका अर्थशास्त्री नाथन रोजवर्ग र अमेरिकी कानूनविद एल ई बर्डजेलको पुस्तक 'हाउ द वेष्ट ग्रु रिच' लाई उद्धृत गर्दै डा. चालिसेले राजनीतिक बहुलता, प्रशस्त लचकता र केन्द्रीकृत राजनीतिक एवं धार्मिक नियन्त्रणको विखण्डनबाट मात्र आर्थिक समृद्धितर्फको बाटो समात्न सकिन्छ भन्ने तर्क अघि सार्दै केन्द्रीकृत योजना प्रणाली र केन्द्रीय सरकारलाई बलियो पार्ने अवधारणाको विरोध गर्नुभएको छ । दुर्भाग्यवश अहिलेको संविधानमा केन्द्रलाई नै बलियो बनाउने व्यवस्थाहरु छन् । विदेशी दाताहरु पनि यस्तै चाहन्छन् किनभने यसो भएमा मात्र उनीहरु नेपालमा आफ्नो हैकम चलाउन पाउँछन् । स्थानीय जनता र स्थानीय निकाय बलिया भए भने विदेशी हैकम चल्न सक्तैन ।

डा. चालिसेको विचारको एउटा पाटो जनतालाई शक्तिशाली बनाउने र सरकारको शक्तिलाई विभिन्न निकायका बीच बाँडफाँड गरेर त्यसमा प्रतिस्पर्धा गराउने (एउटा निकायको एकाधिकार हुन नदिने) भन्ने हो । एउटा निकायले आफ्नो काम राम्ररी गरेको लागेन भने जनताले त्यो अधिकार उसवाट खोस्न र अर्कालाई दिन पाउने तथा अर्को निकायले आफैँ त्यस्ता सेवा प्रस्तुत गर्न पाउने व्यवस्थाको पनि चालिसेले वकालत गर्नु भएको छ । यस्तो व्यवस्था संयुक्त राज्य अमेरिकामा अहिले नै विद्यमान भएकोले यो डा. चालिसेको स्वैर कल्पना होइन । तर अहिलेको नेपालको संविधानमा

सरकारी शक्तिको बाँडफाँड गरिएको भए पनि यसरी प्रतिस्पर्धी बाँडफाँड गरिएको छैन । डा. चालिसेले सरकारी शक्तिको विभाजनमा संयुक्त राज्य अमेरिकाको र व्यक्तिलाई असर पार्ने कुराको निर्णय गर्ने स्वचालित संस्थाको निर्माणमा स्विट्जरल्याण्डको सफलतालाई प्रशंसा गर्नु भएको छ। तर उहाँले पहिले नै आशंका गरेजस्तै अहिलेको नेपालको संविधान यी दुवै कुरामा पछि परेको पाइन्छ ।

आफूले सुझाएजस्तो संघीयता भएको संविधान बन्ने सम्भावना निकै कम भएको डा. चालिसेले यहाँ प्रस्तुत लेखहरुमा उल्लेख गर्नुभएको छ। झण्डै ८५ प्रतिशत राजनीतिक नेताहरु वामपन्थी (कम्युनिष्टहरु सबै र झण्डै सबै नै कांग्रेसहरु) एवं बाँकी १५ प्रतिशत भ्रष्ट र पुरातनपन्थी भएको उल्लेख गर्दै उहाँले सही संघीयता नहुने भविष्यवाणी गर्नु भएको थियो। र भयो पनि ठ्याक्कै त्यस्तै ।

संघीयतालाई उतिवेला पनि महङ्गो राज्य प्रणाली भनिन्थ्यो, र अहिले पनि त्यसै भनिन्छ। यसमा डा. चालिसेको धारणा स्पष्ट छ। ८० लाख जनसंख्या भएको प्रदेश होस वा ५० हजार जनसंख्या भएको प्रदेश होस् दुवैमा बराबरी सांसद संख्या भएको प्रदेश संसद बनाउने हो भने संघीयता महङ्गो हुनु स्वाभाविक भएको उहाँको तर्क थियो। उहाँको विचारमा प्रदेश संसद वा स्थानीय निकायको आकार बारे निर्णय गर्ने अधिकार सम्बन्धित प्रदेश र स्थानिय क्षेत्रका जनतलाई नै दिइनु पर्छ। यसो भएमा संघीयता महङ्गो हुँदैन । किनभने स्थानीय जनताले आफ्नो साधन-स्रोतले धान्न सक्ने आकारबारे आफैँ निर्णय गर्न सक्छने् । तर विद्यमान राजनीतिक नेतृत्व वर्ग र कर्मचारीतन्त्रको जनता आफ्नो निर्णय गर्न आफैँ सक्षम छन् भन्ने भाषण मात्रै गर्छन, वास्तविकतामा भने उनीहरु जनतालाई अज्ञानी र असक्षम मुर्ख मात्र ठान्छन् ।

अहिलेको संविधानको जसरी स्वागत गरिएको छ त्यसरी नै विभिन्न समुहबाट विरोध पनि भइरहेको छ । र स्वागत गर्नेले यसबाट संघीयता संस्थागत भएको तर्क गरेका छन भने विरोध गर्नेले त्यसको ठ्याक्कै उल्टो तर्क

गर्छन । तर दुवैको तर्कका पछाडी जनतालाई वास्तविक अर्थमा शक्तिशाली बनाउने प्रजातन्त्रको उदारवादी अवधारणा छैन । राजनीतिक प्रणालीबारेको अन्योलको अन्त्य हुने भयो भनेर वा यो भन्दा कम प्रजातान्त्रिक संविधान बन्ने डर अन्त्य भयो भनेर वा संविधान सभाको अत्यधिक वहुमतबाट अनुमोदित संविधान प्रजातान्त्रिक प्रकृयाबाट आएको भनेर यसको स्वागत गरिनु अनुचित होइन । तर जुन खाले युगान्तकारी परिवर्तनको शुरुआत गर्ने अवसर नेपाल सामु आएको थियो, त्यसको सदुपयोग हुन नसकेको भने पक्कै हो ।

तैपनि यस संविधानमा आवश्यकता अनुसार संशोधन गर्न पर्याप्त लचकताको पनि व्यवस्था छ । त्यसकारण डा. चालिसेको उदारवादी अवधारणालाई प्रशंसा गर्नेहरुको अबको कर्तव्य भनेको उहाँका अवधारणालाई अझ सशक्त रुपमा उठाउँदै आवश्यक जनमत तयार गर्ने र तदनुसार यस संविधानमा संशोधन गराउँदै लैजाने हो । तर उदारवादको अवधारणा झट्ट हेर्दा जति सजिलो छ यसका अन्तर्निहित तत्वहरु त्यत्तिकै जटिल छन् । तसर्थ काम कठिन छ । तर डा चालिसेले कतै यस्तो पनि भन्नुभएको थियो, “साम्यवादीहरुले तानाशाही व्यवस्थालाई आदर्श मानेर त्यसको वकालत गर्न सक्छन् भने उदारवादीलाई त उदारवादी स्वतन्त्रताको वकालत गर्न झन् सजिलो हुनुपर्ने हो ।”

# दलका आर्थिक ऐजण्डा केन्द्रिकृत छन्

डा. भोलानाथ चालिसेको राजधानी दैनिसँगको अन्तरवार्ता

२४ कार्त्तिक २०७०
राजधानी दैनिकमा प्रकाशित

२३ वर्ष सरकारी सेवामा बिताएका डा. भोलानाथ चालिसे नेपाली अर्थतन्त्रको विश्लेषण गर्ने अर्थविद्का रुपमा परिचित छन् । निजीकरण र खुला अर्थतन्त्रको वकालत गर्दै आएका अर्थविद् डा. चालिसे निजी क्षेत्र बलियो भए अर्थतन्त्र समृद्ध हुने धारणा राख्छन् । २० वर्षसम्म उद्योग मन्त्रालयका विभिन्न जिम्मेवारी सम्हाली मुलुकको उद्योग तथा औद्योगिक क्षेत्रमा अनुभव सम्हालेका डा. चालिसे दुई वर्ष स्थानीय विकास मन्त्रालयको सचिव, एक वर्ष राष्ट्रिय योजना आयोगको सदस्य-सचिव भएर काम गरेका थिए । नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक समेत रहेको डा. चालिसे जलस्रोत क्षेत्रलाई नजिकबाट विश्लेषण गर्छन् । केन्द्रिकृत योजना र कार्यक्रमका कारण आर्थिक वृद्धिदरमा उल्लेख्य प्रगति हुन नसकेको बताउने उनी खुला अर्थतन्त्र उदारीकरण र स्वतन्त्र समाज निर्माणमा जोड दिन्छन् । प्रस्तुत छ, नेपालको आर्थिक नीति पुनः संरचनामा जोड दिने ६३ वर्षीय अर्थशास्त्री डा. भोलानाथ चालिसे सजिलोसंग नेपालको अर्थतन्त्र राजनीति दलहरुले आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेका आर्थिक एजेण्डा र समसामयिक अर्थराजनीति विषयमा केन्द्रित रहेर राजनीतिकर्मी नवराज चालिसे र भीम गौतमले गरेको कुराकानीको सम्पादित अंश :

**नेपालको अर्थतन्त्र धरासयी बन्न थालेको विश्लेषण केहि अर्थविदको छ । यसमा तपाइँको धारणा के छ ?**

नेपाल अर्थतन्त्र धरासयी नै भइसक्यो भन्ने मलाई लागदैन । ०६२/६३ को जनआन्दोलनपछि र त्योभन्दा अघि पनि हाम्रो आर्थिक उन्नतिको

अवस्था प्राकृतिक रुपमा जे जति हासिल भयो त्यो मात्र हो भन्ने मलाई लाग्छ । आर्थिक उन्नतिका लागि हामीले कुनै पनि समयमा खासै प्रयास नगरेको कुरा सत्य हो । प्राकृतिक रुपमा भन्नाले खेतबारीमा जनताले कम मेहेनत र कष्ट नगरिकन बिउ छरेर जे जति उत्पादन भयो त्यसैमा चित्त बुझाए । थप मेहेनत, बुद्धि, नयाँ प्रविधी र ज्ञानको स्रोत प्रयोग गरेर अर्थतन्त्रको विकास गर्नमा हामी अघि बढेनौँ । प्राकृतिक रुपले हुने ३ वा साडे ३ प्रतिशतको आर्थिक वृद्धिदरमा राज्य सयन्त्रको नेतृत्व तहमा बनेको ले पनि चित बुझाएको अवस्था देखेको छु ।

**आर्थिक विकास हुन नसक्नुको प्रमुख कारण के हो त ?**

हाम्रो सोचाइनै पुरातनवादी भयो । हामीले नेपालका लागि नसुहाउँदो आर्थिक सोच अगाडि बढायौँ । हामीले भारत र चीनजस्ता विशाल राष्ट्रले अपनाएको रणनीतिकै अनुसरण गर्न खोज्यौ । यो अनुशरणले हामी आर्थिक उन्नतिमा पुग्न सक्दैनौ । हामी त सानो देश सानो स्रोत छ । त्यो स्रोतलाई विवेक सम्मत रुपमा प्रयोग गर्नुपर्छ । हामीले सानो स्रोतलाई उपयोग गरेर बढी भन्दा बढी आम्दानी गर्न सक्नुपर्छ । उत्पादनको लागि थप नयाँ प्रविधि, सीप र मेहेनत नगर्ने हो भने आर्थिक वृद्धिदर हासिल हुन सक्दैन । हामीमा आर्थिक वृद्धि भनेको राज्यले गर्ने भन्ने भ्रम छ । हामी सबै राज्यमाथि यति निर्भर भयौं कि जे गर्नलाई पनि राज्यको मुख ताक्न थाल्यौं । काँको बिकी भएन भनेपनि राज्यले गरिदिएन भनेर हल्ला गरिन्छ । बिक्री नहुने काँको किन उत्पादन गरेको होला भनेर उत्पादन गर्नेले पनि बिचार नगरी राज्यलाई दोष दिन थाल्यो । काँको कुन बेला कहाँ उत्पादन गर्‍यो भने बिक्छ, के गर्दा बढी आम्दानी हुन्छ, भन्ने जस्ता सामान्य जानकारी पनि नलिई काँको बिकी भएन भनेर राज्यलाई दोष लगाएर हुदैन । सबै कुरामा सरकारको भर पर्ने प्रवृत्ति गलत हो । विश्वकै उदाहरण हेर्‍यो भने पनि सरकारले सब थोक गर्ने भन्ने केहि हुदैंन । नेपालमा त अझ गर्न सक्ने कुरै भएन । आर्थिक वृद्धिदर हुन नसक्नुको अर्को कारण राजनितीक अस्थिरता हो । विद्युत सडक सन्चार शिक्षा जस्ता पूर्वाधार निर्माणको क्षेत्रमा गर्नुपर्ने लगानीको वातावरण र प्रविधीको कमी भएकोले

हामी प्राकृतिक आर्थिक  वृदिदरभन्दा माथि उठन सकेनौ । आर्थिक वृदिदर बढाउने नीति कार्यक्रम र योजना त सरकारले ल्याउनपर्ने होइन र ? योजनाले धान उत्पादन गराउछ धान बिकी बढी हुन्छ कि काँको वा गोलभेडा बढी हुन्छ भनेर सरकारले अध्ययन गरेर साध्य लाग्छ ? सरकारले मात्रै गरेर हुने भए सरकारले गर्छु भन्ने देशहरु धेरै विकसित हुनुपर्ने हो । तर त्यस्ता देशहरु पनि सबै कुरा सरकारले गर्न सक्ने रहेनछ भन्ने निर्णयमा पुगिसकेका छन् । आफ्नो आर्थिक विकासका लागि व्यति आफैँले गर्ने हो । २० वर्षको अवधिमा काभ्रे जिल्लाले तरकारी र पशुपालनमा धेरै ठूलो कायापलट गरेको छ । यो परिवर्तन व्यति आफैले गरेर सम्भव भएको हो ।

**सरकारको सहयोग र प्रोत्साहन त चाहिएला नि ?**

सरकारले खेतीपातीका लागि के प्रोत्साहन दिएको छ र ? बरु सरकारको कृषि निकायले वितरण गरेको बीउ कुहिएर किसानको बाली नष्ट भएको छ । कृषि कार्यालयले के गर्न सकेका छन् र ? सरकारी निकायले कृषिका कुरा गरेर के नै पाएको छ ?

**त्यसो भए कृषि मन्त्रालय, विभाग, जिल्ला कृषि विकास कार्यालयले केही गरेका छैनन् त ?**

त्यो निकायका कर्मचारी तलब खाएर बसे, त्योभन्दा बढी केही गरेकै छैनन् । गाउँका किसानलाई गएर सोध्नुस् बरु सरकारले दिएको बीउले काँक्रा, गोलभेंडा सखाप भएका छन् ।

**उसो भए, अर्थिक वृद्धिदरका लागि अहिलेका सरकारी संरचना काम नलाग्ने भइसके त ?**

सरकारी  संरचना काम नलाग्ने नै भइसके । ती निकायबाट सहयोग हुन्छ भनेर बढी आशा गर्न थालियो भने अहिलेको प्राकृतिक वृद्धिदर पनि घट्ला भन्ने डर हुन्छ । बढने् त सोच्दै नसोचौं ।

**अार्थिक वृद्धिदर हासिल गर्न के ती निकायको पुनःसंरचना गर्नुपर्ने बेला भएको हो ?**

हो, पुनः संरचना गर्नु आवश्यक छ । केन्द्रमा भएका शक्ति, सरकारी स्रोत, नीति, नियम निर्माण योजना सबै जनताको नजिक लानुपर्छ । यसमा पनि द्विविधा नहोस् । जिल्ला सरकारी कार्यालयसम्म पुऱ्याउने भनेको होइन, स्थानीय निकायभन्दा पनि नजिक लानुपर्छ । कुन संस्था होला जो स्थानीय निकायभन्दा पनि नजिक होला । व्यक्तिको अद्भुत वृद्धि आफैँले सिर्जना गरेको आफैँ स्वचालित संस्थाको सिर्जना गर्ने व्यवस्था गर्नुपर्छ । राजनीतिक भाषामा यसलाई संघीयता पनि भनिन्छ । संघीयताको बहस नेपालमा कहाँ गएर टुंगिएको छ भने केन्द्र, प्रदेश र स्थानीय निकायमै । त्यो होइन । संघीयता भनेको त्यो सरकारलाई पहिला विभक्त गर्नु र विकेन्द्रीकरण गर्नु हो । ऊसंग भएको अधिकार एकै ठाउँमा नगराउने हो, जति अधिकार केन्द्रीकृत गरिन्छ, त्यति दुरुपयोग हुन्छ । त्यो अधिकारलाई बाँड्दा बाँड्दै केन्द्र, प्रदेश र स्थानीय र त्यहाँभन्दा तल पुऱ्याई प्रतिस्पर्धा गराउनुपर्छ । उदाहरणका लागि काभ्रेको काठमाण्डौं युनिभर्सिटी सरकारले चलाएको हो ? होइन ? केन्द्रले चलाएका हो ? होइन् । जिल्ला वा नगरपालिकाले चलाएको हो, होइन । आफैँ चलिरहेको छ, आफैँ स्वनियन्त्रणमार्फत चलिरहेकोछ । आफैँ स्वचालित रुपमा सञ्चालन गर्दा सरकारको आवश्यकता नै परेन नि । अर्को धुलिखेल खानेपानी आयोजनालाई पनि यही रुपमा हेर्न सकिन्छ । धुलिखेलवासीको संस्था छ, त्यसैले चलाएको हो । सफल छ । मुलुकभरका जनताले यस्ता संस्थाहरु सञ्चालनका लागि केन्द्र शक्तिशाली भएर केन्द्रबाटै योजना बनाएर हुने होइन । स्थापना, परिचालन र सञ्चालनको निर्णय गर्ने जिम्मा जनतालाई छाड्नुपर्छ । यसका जनताले केन्द्र, प्रदेश वा स्थानीय निकाय वा छुट्टै संस्थामार्फत् गर्ने हो छनौट गर्न पाउनुपर्छ । समाजबाट सञ्चालित भएमा त्यस्तो विकास दिगो हुन्छ । सम्भाव्य हुन्छ । त्यसले गति लिन्छ । आर्थिक वृद्धिदरमा पनि भूमिका खेल्छ । काठमाण्डौं विश्वविद्यालयजस्ता संस्था धेरै अगाडि पनि थिए । यी संस्थालाई नियन्त्रण गरेर मार्दै गयो । सामाजिक संस्थाले दिएको योगदानलाई पनि मार्दै गयौं । केन्द्रबाट कर्मचारी र राजनीतिज्ञले सञ्चालन गर्ने कुरामा विश्वास गर्न थाल्यौं ।

**तपाईं पनि राष्ट्रिय योजना आयोगको सदस्य–सचिव हुनुभयो नि ? किन गर्नुभएन ?**

म राष्ट्रिय योजना आयोगमा छँदा र सरकारी पदमै छँदा खेरी योजना आयोग खारेज गर्नुपर्छ भनेर सार्वजनिक रुपमा आफ्नो विचार राख्ने मान्छे हुँ । म तर त्यहाँ जागिर खान गएको हो । मेरो धारणा के छ भने राष्ट्रिय योजना आयोग राख्नु बेकाम हो । पदमै बस्दा मैले आयोग खारेज गर्नुपर्छ भनेको हुँ, राजनीति तहमा पचेन । सामाजिक तहमा पचेन । मेरो दुर्भाग्य भन्नुपर्छ, पत्रकारजस्ता जानकारलाई आयोग नभई देश चल्दैन गलत सोचाईबाट मुक्त गराउन सकिएन । त्यो मेरो कमजोरी हो ।

**४ मंसिरमा हुने दोस्रो संविधानसभाको चुनावी घोषणापत्रमा दलहरुले उठाएको आर्थिक एजेण्डालाई कसरी हेर्नु भएको छ ?**

आर्थिक एजेण्डलाई विशेष रुपमा उठाउनु एक किसिमको खुशीको कुरा हो । यसले के देखायो भने अघिपछि धम्काएर पुलिस लगाएर शासन गरेर जनतालाई तर्साउने राजनीतिज्ञहरु अहिले हात जोडेर आफ्ना आर्थिक एजेण्डा भएको बनाउँदै भोट माग्न आइ  रहेका छन् । अघिपछि पहिला राजनीतिक दलका नेताहरुलाई फोन गऱ्यो भने व्यस्त छु भन्ने नेताहरु ती अहिले झुक्दै नमस्ते गर्दै जनतामाझ आएका छन् । धम्काएर, तर्साएर, पुलिस लगाएर, गुन्डा लगाएर खाने नेताहरु निहुरिएर, नरम भएर आउनु भनेको लोकतन्त्रको सुन्दरता हो । यसबाट उनीहरु जनताका भावना बुझ्न सक्छन् । आर्थिक एजेण्डामार्फत पनि जनतालाई आर्कषित गर्न त खोजे का छन् नि ।

**०६४ सालको पहिलो संविधानसभाको चुनावमा पनि त नेताहरुले आर्थिक एजेण्डा ल्याएका थिए, त्यो कार्यान्वयन भएन नि त ?**

कार्यान्वयन नगर्ने दलहरुलाई त चुनावमा भोट नै दिनु भएन नि त । प्रतिबद्धता नै नगरेको भए अहिले त्यो भन्न पाइँदैनथ्यो नि त । त्यसको मूल्याकंनका आधारमा जनताले दलहरुलाई भोट दिन पाउने भए ।

**दलहरुको घोषणापत्रलाई हेर्दा आर्थिक वृद्धिदरका लागि उनीहरुको दृष्टिकोण कस्तो छ भन्न सकिन्छ ?**

लक्ष्य र उद्देश्य राख्नु, पूर्ति गर्नका लागि योजना ल्याउनु राम्रो कुरा हो । त्यो लक्ष्यमा पुग्नका लागि देशमै जुन राजनीतिक प्रणालीमा जान्छु भनेको छ, त्यो सुहाँउदा दलहरुका आर्थिक एजेण्डा छैनन् । मैले भन्न खोजेको के हो भने देश राजनीतिक रुपमा संघियतामा जाने हो भने केन्द्रिय योजना संघीयता विरोधी हो । जति केन्द्र बलियो हुन्छ, त्यति संघीयताको प्रंणालीले काम गर्दैन । यसरी संघीयतामा जाने कुरा बेकुफ कुरा हो । एउटा बलियो राष्ट्रपतिको कुरा ल्याउनु भनेको संघीयताको विरोधी कुरा हो । केन्द्र बलियो हुनु भनेको २ सय ४५ वर्ष एउटै राजाले शासन गर्‍यो एउटै जातजातिले शासन गर्‍यो भनेर संघीयतामा जान्छु भन्ने भनी आर्थिक एजेण्डा बनाउँदा केन्द्र बलियो चाहियो भन्ने । बलियो केन्द्र र संघीयता दुवै सम्भव हुँदैन । अधिकांश दलहरुको आर्थिक एजेण्डा केन्द्रमुखी नै देखिन्छन् ।

**उसो भए दलका आर्थिक एजेण्डाहरु केन्द्रमुखी छन् ?**

अधिकांश दलका घोषणापत्र आर्थिक एजेण्डाहरु केन्द्रमुखी नै छन्। विडम्बना दलहरु केन्द्रमुखी नै रहे, उदार रहेनन्, लोकतान्त्रिक रहेनन् ।

**दलहरुले १० वर्षमा १० हजार विद्युत उत्पादन, १५ वर्षमा गरिवीको अन्त्य गर्नेजस्ता एजेन्डाहरु अघि सारेका छन्। यसलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

राजनीतिक प्रणाली सघीयतामा जाने हो भने म के भन्थे भने उठेको राजस्वमध्ये यति प्रतिशत प्रदेशलाई यति प्रतिशत स्थानीयलाई वितरण गर्छु । मैले योजना गर्दिन भन्थे । अहिले हामी संघीय राज्यमा छैनौं । तर पनि जिल्ला स्थानीय विकास छ । अहिलेको तथ्यांक के छ भने उठेको राजस्व मध्ये ५ प्रतिशत स्थानीय निकायले ९५ प्रतिशत केन्द्रले उठाँउछ । म संघीयताको समर्थक भएको पार्टी भए यसको उदेश्य संस्थाद्वारा जनतालाई आवश्यक पर्ने कुरा हामीले सिर्जना गर्ने भएकोले ५० प्रतिशत प्रदेश र ५० प्रतिशत केन्द्रले उठाउने अनि केन्द्रले उठाएकोमध्ये पनि ९० प्रतिशत प्रदेश स्थानीय निकायलाई बाड्ने अवधारणा अघि सार्थे । १० प्रतिशतले केन्द सानो चलाउछु भन्थे । त्यो नभनेर दलहरुले अहिले केन्द्रले जे पनि गर्नुपर्छ भनेका छन् । दलहरुले यति केन्दिकृत अवधारणा ल्याएका छन् कि जनताको आची पुछिदिन्छु भन्न मात्र बाँकी छ । सबैथोक केन्द्रले गर्ने हो भने त २ सय ४५ वर्षमा राजाले चलाएको केन्द्रीय शासन भए पुगिहाल्थ्यो नि ।

**दलहरुले जलविद्युतलाई विशेष महत्व दिदै लोडसेडिङमुक्त गराउने कुरा गरेका छन्। यो महत्वाकांक्षी भएन र ?**

अहिले नेपालमा विद्युत उपलब्धता करिब ७ सय २५ मेगावाट छ । प्राविधिक रुपमा सम्भव देखिएका र सम्भाब्य आयोजनाको कुरा गर्ने हो भने सन् २०१६ सम्ममा प्राधिकरण र सहायक कम्पनी मार्फत थप ७ सय २५ मेगावाट आउँछ । १४ सय ५० मेगावाट हुने भयो । निजी क्षेत्रबाट गरिएको विद्युत खरिद सम्झौता पीपीए बाट करिब ६ सय मेगावाट आउँछ । भारतबाट आयात १सय ५० मेगावाट छ । अन्य विभिन्न गरी सालाखाला एक सय मेगावाट थपिन्छ । सन् २०१७मा करिब २६ सय मेगावाट बराबरको उत्पादन हुन सक्ने स्थितिमा छ भने सन् २०१७को वर्षामा

करिब १६ सय मेगावाट क्षमता हुन्छ। हिउँदमा त्यो उत्पादन क्षमता कम हुन्छ। ४५६ मेगावाटको माथिल्लो तामाकोशी सहितका करिब २६ सय मेगावाट पुग्दा हिउँदमा सन् २०१७मा लोडसेडिङ अन्त्य हुन्छ र केही विद्युत खेर पनि जान्छ भने हिउँदमा केही अपुग हुन सक्छ। तीन वर्षभित्र लोडसेडिङ अन्त्य हुन्छ भनेर दलहरुको घोषणापत्रमा राखेको कुरालाई कसरी बुझेको छु भने कमसेकम ३ वर्षमा वर्षामा भएपनि हुन्छ भनेको हो। यदि कुनै दलले बहुमत ल्याएर सरकार चलाउने र जलाशययुक्त आयोजना बनाउने कुरामा प्रतिबद्ध हुने हो भने अर्को ३ वा ४ वर्षमा हिउँदमा समेत लोडसेडिङ अन्त्य गर्न सम्भव छ। तर गरिएन भने त सम्भवै भएन नी। तीन वर्षभित्र लोडसेडिङ अन्त्य गर्न प्राविधिक रुपमा सम्भव देखिन्छ। यसकारण यो राजनीतिक रुपमा नहुने कुरा हो जस्तो लाग्दैन।

# संघीयता र व्यक्तिगत स्वतन्त्रता

## को कति प्रतिबद्ध ?

डा. भोलानाथ चालिसे

१६-३० चैत्र २०६४
हिमाल खबरपत्रिकामा प्रकाशित

**तीनवटै पार्टीले व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्दछौं भनेर प्रतिबद्धता जनाए पनि कार्यान्वयनको तहमा त्यसैमाथि हस्तक्षेप गरेर शासनमा पुग्ने बाटो अँगालेका छन् ।**

तराई आन्दोलन चर्किंदैं जाँदा वित्तिय क्षेत्रमा देखापरेको तरलताको संकट सरकार र आन्दोलनरत दल तथा समूहहरुबीच सम्झौता भएलगत्तै घट्नुले संविधानसभाको चुनाव सुनिश्चित हुँदै गएको देखाउँछ । चुनावबारे हिजोसम्म जनतामा व्याप्त अन्योल केही हटेको छ, र अब कुनै राजनीतिक पक्षले ठुलो वितण्डा नमच्याए नेपालमा पहिलो पटक संविधानसभाको चुनाव हुनेछ ।

संविधानसभाको चुनाव 'नयाँ नेपाल' निर्माणको लागि हो भनेर सबैले स्वीकार गरेका छन्, तर त्यो नयाँ नेपालको रुपरेखा कसैले कोरेका छैन । नयाँ नेपाल एउटा विकसित र सभ्य नेपाल हुनुपर्छ, जसमा कुनै पनि नागरिक भोकभोकै मर्नुपर्ने डरबाट मुक्त होस्, कसैले रोगव्याधीबाट अकाल मर्नु नपरोस्, सबैले डर वा बाधा बिना स्वेच्छाले बाँच्न र व्यक्तिगत स्वतन्त्रताको अधिकतम उपभोग गर्न पाउन् । पश्चिमा राष्ट्रहरु यति विकसित हुनुका कारण त्यहाँका नागरिकले अत्यधिक व्यक्तिगत स्वतन्त्रता पाएकाले हो । हाउ वेस्ट ग्रिउ रिच भन्ने पुस्तकमा नाथेन रोजेनवर्ग र एल ई ब्रिड्जेल जुनियरले यही कुरा लेखेका छन् ।

रोजेनवर्ग र ब्रिडजेल विचारमा पश्चिमा संस्थाहरुको राजनीतिक बहुलवाद र लचकता नै ती देशको अतुलनीय सम्पत्ति र समृद्धिका कारक हुन् । उनीहरु भन्छन् “पश्चिममा स्वायत्त आर्थिक परिधि उदय हुनुमा केन्द्रीकृत र धार्मिक नियन्त्रणबाट विच्छेद प्रमुख कारण हो । यी देशका सरकारले व्यक्तिलाई आफैं विकास गर्न छोडिदिए र आफूले शिक्षा, स्वास्थ्य, सडक तथा विद्युत जस्ता क्षेत्रमा मात्र लगानी केन्द्रित गरे ।” ती देशका किसानले आफ्नो खेतबारीमा धान, गहुँ, मकै लगाउने कि तरकारी फलाउने आफैंले रोज्न पाउँछन् । वैदेशिक रोजगारीमा जानका लागि समेत सरकारको स्वीकृति लिनुपर्ने हाम्रो देशको जस्तो प्रावधान कुनै पश्चिमा देशले राखेका छैनन् ।

नेपालले जनतालाई आफ्नो क्षेत्रको विकास आफैं गर भनेर छोडिदिने हो भने हुम्लाका जनता पनि जडिबुटि, जगंल, पर्यटनको विकास गरेर ठूला-ठूला भन्सार नाका र औद्योगिक क्षेत्र रहेका जिल्लाका जनताभन्दा बढी धनी हुन सक्दछन् । तिनले आफ्नो क्षेत्रको स्रोतको दोहन अरुले गर्न नपाउन् भनी अन्य क्षेत्रका मानिसले हुम्लामा आएर व्यापार-व्यवसाय गर्न खोजेमा नियन्त्रण गर्न सक्नेछन् । सरकारले त खाली प्रदेशहरुले आफैं गर्न सम्भव र सम्भाव्य नहुने कामहरु गरिदिए पुग्छ । उदाहरणका लागि, प्रत्येक प्रदेशले प्रकाशित गर्दा महँगो पर्ने पाठ्यपुस्तक प्रकाशन गरिदिने, प्रत्येकले एस.एल.सी. आ-आफ्नै बोर्ड बनाउनुको साटो एउटै स्तर कायम गर्न केन्द्रिय बोर्ड गठन गर्ने आदि । स्तरीय शिक्षा भएन भने त्यस्ता प्रदेशबाट निस्किएका विद्यार्थीहरुले बजारमा, त्यो पनि निजीक्षेत्रमा, काम पाउने सम्भावना अत्यन्त कम हुन्छ ।

नेपालमा लोकतन्त्रको लडाँईको उद्देश्य राजा फाल्नु मात्र थिएन । संसारमा जहाँ-जहाँ संघीय लोकतन्त्रको संस्थागत विकास भएको छ, ती देश पनि नेपालकै जस्तो शक्तिशाली केन्द्रीय नेता, अथवा राजै समेत, भएका मुलुकहरु थिए । तर तिनमा लोकतन्त्र स्थापनाको मूलभूत उद्देश्य व्यक्तिगत स्वतन्त्रताको संरक्षण एवं संस्थागत विकासका लागि कुनै व्यक्ति वा राजनीतिक दलमार्फत् प्रयोग हुँदै आएका केन्द्रीय सरकारका तजबिजी

र सुरक्षा सम्बन्धी अधिकारहरुलाई समेत कटौती गरि व्यक्तिलाई आफ्ना क्रियाकलापहरुमा असर पार्ने निर्णय आफैंले गर्न सक्ने तहमा पुऱ्याउनु रह्यो । केन्द्रीय सरकारले गर्ने निर्णयहरु समेत स्थानीय स्तरमा, त्यो पनि सरोकारवाला सबैको संलग्नतामा, हुनथाले । नेपालका धेरै राजनीतिक नेताले नेपाललाई पनि त्यस्तै बनाउन सकिन्छ भनेर उदाहरण दिने स्वीट्जरल्याण्ड आफ्नो क्षेत्रको अन्तर्राष्ट्रिय विमानस्थलमा घुँईचो भएर स्थानीय जनतालाई असजिलो भयो भने कति बेला कतिवटासम्म विमान ओराल्न र उडाउन दिने भन्ने निर्णय समेत काउन्टी प्रदेशहरुले नै गर्दछन् । यही कारण हिजोआज धेरै अन्तर्राष्ट्रिय संघसंस्थाका मुख्यालय रहेको जेनेभामा उडानहरु घटेका र जुरिचमा बढेका छन् ।

नेपालका राजनीतिक पार्टीहरुले नयाँ नेपाल निर्माणका लागि आवश्यक नीति लिन खोजेका छन् की छैनन् भन्ने थाहा पाउन संविधानसभाको चुनावमा नेपालका प्रमुख राजनितिक दल नेपाली कांग्रेस, नेकपा ऐमाले र नेकपा माओवादीका घोषणापत्रहरु संघीय लोकतान्त्रिक गणतन्त्र तथा व्यक्तिको स्वतन्त्रता संरक्षण गर्ने खालका छन्, भन्ने हेर्न जरुरी छ। व्यक्तिको स्वतन्त्रता भन्नासाथ व्यक्तिले स्वतन्त्रतापूर्वक विचार अभिव्यक्त गर्न, आफ्नो सम्पत्ति स्वेच्छाले खरिद बिक्री गर्न, देशभित्र स्वतन्त्र रुपले हिँडडुल गर्न र आफूले रोजेको व्यवसाय गर्न पाउने स्वतन्त्रता हो । सरकारले व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप गर्ने प्रत्यक्ष आधार उसमा रहने तजबिजी अधिकार र सैन्य बल, प्रहरी प्रशासन तथा कर्मचारी प्रशासन हुन् । अप्रत्यक्ष रुपमा पनि सरकारले पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, गरिबी निवारण र पिछडिएको क्षेत्रको नाममा स्वतन्त्र बजारको सञ्चालनमाथि हस्तक्षेप गरिरहन्छ । यी क्रियाकलापमार्फत् सरकारले कर्मचारीतन्त्रलाई ठूलो बनाउँदै लैजान्छ र राज्यका स्रोतहरु आफन्त र आफ्ना मतदाताहरुलाई बाँड्दै जान्छ ।

कांग्रेसले व्यक्तिगत स्वतन्त्रता उप-शीर्षकमा आफ्नो घोषणापत्रमा हरेक नागरिकको अभिव्यक्ति, शान्तिपूर्ण भेला हुने, राजनीतिक दल तथा संघसंस्था गठन गर्ने, देशको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने

तथा कुनै पनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिने कुरा उल्लेख गरेको छ । एमालेले पनि मानवअधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रता भनेर प्रत्येक नेपालीलाई विचार व्यक्त गर्ने, शान्तिपूर्ण रुपले भेला हुने, राजनीतिक दल, संघ संगठन खोल्ने, देशको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने र कुनै पनि पेशा, रोजगार, उद्योग, व्यवसाय  र व्यापार गर्ने स्वतन्त्रता हुने जनाएको छ । त्यसैगरि नेकपा माओवादीले नागरिक स्वतन्त्रता र मौलिक हकअन्र्तगत प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा संघसंस्था खोल्ने स्वतन्त्रता, कुनै पेशा वा व्यवसाय गर्ने स्वतन्त्रता, कतै आवतजावत वा बसोबास गर्ने स्वतन्त्रता आदिको पूर्ण प्रत्याभूति गरिने कुरा उल्लेख गरेको छ ।

यसरी हेर्दा मूलभूत रुपमा तीनवटै पार्टीले व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्दछौं भनेर आ-आफ्नो चुनावी घोषणापत्रमार्फत प्रतिबद्धता जनाएका छन्, जुन जनआन्दोलन २०६२-६३ को ठूलो उपलब्धि पनि हो । तर यी प्रतिबद्धताअनुरुप उनीहरुले अघि सारेको कार्यक्रमलाई हेर्दा तीनैथरिले स्पष्ट रुपमा व्यक्तिगत स्वतन्त्रतालाई निर्बाध संरक्षण गर्दछौं भनेर कतै भनेका छैनन् । उनीहरुको प्रतिबद्धतालाई व्यक्तिगत स्वतन्त्रताको कसीमा घोटेर हेर्ने हो भने तीनवटै पार्टी तेस्रो श्रेणीमा पनि उत्तीर्ण हुँदैनन् ।

व्यक्तिगत स्वतन्त्रतामा प्रतिबद्धता जनाउने नेपाली कांग्रेस आफ्नो समाजवादी सोचको धङधडिबाट मुक्त हुनसकेको देखिदैंन । निजीक्षेत्रको उद्यमशीलता र लगानीलाई प्रोत्साहन गर्ने भन्दाभन्दै पनि कांग्रेसले आर्थिक वृद्धिमा सबै वर्ग एवं क्षेत्रको न्यायोचित सामाजिक सुरक्षाको नीतिलाई हेर्दा अवलम्बन गरेको छ । 'सामाजिक न्याय' र 'न्यायोचित सामाजिक सुरक्षा' यस्ता शब्दावली हुन् जसले सरकालाई बारम्बार व्यक्तिगत स्वतन्त्रतामाथि हस्तक्षेप गर्न उक्साउँछन् ।

गरिबी निवारणमा पनि नेपाली कांग्रेस परम्परावादी समाजवादी सोचबाटै प्रेरित देखिन्छ । समाजवादीहरु धनी र गरिबको खाडल बजार संयन्त्रले पुर्न

सक्दैन, सरकारले गरिबलाई मद्दत गर्नुपर्दछ, ऊ आफैले आफ्नो उन्नति गर्दछ । नेपालमा गरिबले आफ्नो एकमात्र स्रोत श्रम, विदेशमा बेच्न त सरकारको स्वीकृति लिनुपर्दछ र त्यसैको नाममा थुप्रै मन्त्री, कर्मचारी धनी हुने गरेका छन् । यस्तो नीतिबाट सरकारले कसरी गरिबलाई मद्दत गरेको भन्ने ? वैदेशिक रोजगारमा जान कुनै पनि नेपालीले सरकारको स्वीकृति लिनु नपरेको भए अहिलेको भन्दा कयौं गुणा बढी गरिब नेपाली वैदेशिक रोजगारमा गइसकेका हुन्थे ।

सबैखाले राज्यका पक्षहरु, त्यसमा पनि वामपन्थीहरुले चर्को स्वरमा उठाउने र व्यक्तिको सम्पत्ति सरकारले हड्पने विषयमा नेपालमा सबै भन्दा चर्चाको विषय रहेको भूस्वामित्व बारेमा समेत नेपाली कांग्रेस कुटनीतिक भएको छ। उसेले भूमिसुधारका सम्बन्धमा ‘भूमिको उत्पादकत्व वृद्धि र सघन प्रयोग बढाउने गरी भूमि सुधार र भू-उपयोगको वैज्ञानिक नीतिका बारेमा राष्ट्रिय सहमति कायम गरिनेछ’ भनेको छ । आफ्नो अर्थनीतिको मूलआधार मिश्रित अर्थव्यवस्था भनेर सम्पूर्ण क्षेत्रमा सरकारको हस्तक्षेपका प्रावधानहरु राखेको नेकपा एमालेले पनि भूमिका सम्बन्धमा ‘जसको जोत उसको पोत’ नभनी “विगतको उच्चस्तरिय भूमिसुधार आयोग तथा भविष्यमा बन्ने भूमिसम्बन्धी आयोगको सिफारिस समेतलाई ध्यानमा राख्दै वैज्ञानिक रुपमा भूमिको व्यवस्थापन, वितरण नयाँ उत्पादकत्व वृद्धि कार्यक्रमहरु संचालन गरिनेछन्” भनेको छ ।

माओवादी समेत जमिन्दारको जमिन खोसेर गरिबलाई बाँड्ने कुरा गरेको छैन । चुनाव प्रतिबद्धता-पत्रमा माओवादीले भनेको छ- “सर्वप्रथम क्रान्तिकारी भूमिसुधार कार्यान्वयन गरिनेछ । कृषि सामन्ती भूमिसम्बन्ध, गैरहाजिर, जमिन्दारी आदिको पूर्ण अन्त्य गरिनेछ। वास्तविक जोताहा मोही, मुक्त कमैया, भूमिहिन किसान, गरिब किसानलाई निःशुल्क जमिन वितरण गरिनेछ । तराई, पहाड, हिमालमा फरक फरक हदबन्दीको सीमा किटान गरेर लागू गरिनेछ । साना किसानहरुलाई सहकारीमा संगठित गरिनेछ । आधुनिक ढंगले खेती गर्न, बाली विविधीकरण गर्न र व्यावसायिक खेती गर्न प्रोत्साहित गरिनेछ। बाँझो कृषि भूमिलाई शुल्क लगाउने व्यवस्था गरी

उत्पादन बढाउने कार्यमा लाग्न सबैलाई अभिप्रेरित गरिनेछ।" निजीक्षेत्रको भूमिकाका सम्बन्धमा नेकपा माओवादीले आफ्नो घोषणापत्रमा कतै स्पष्ट उल्लेख गरेको छैन। राष्ट्रिय औद्योगिकरणलाई उच्च प्राथमिकता दिईनेछ त भनेको छ, तर त्यसमा निजीक्षेत्रको भूमिका के हुन्छ भन्नेबारे केही बोलेको छैन।

नेपाली कांग्रेसले बजारमुखी अर्थतन्त्रलाई स्वीकार गरेपनि सामाजिक न्यायको नाममा सरकारले हस्तक्षेप गर्नुपर्दछ भन्ने गलत मान्यतालाई छोड्न सकेको छैन, एमाले सिद्धान्तविहिन मिश्रित अर्थव्यवस्थालाई नै आत्मसात गर्न पुगेको छ भने माओवादी बहुलवादी लोकतन्त्र र एकदलीय गणतन्त्रबीच निर्णय गर्न नसकेर व्यक्तिगत स्वतन्त्राका विषयमा पनि अल्मलिएको देखिन्छ।

नेपालका तीनवटै प्रमुख पार्टीले व्यक्तिगत स्वतन्त्रताको पक्षमा राजनीतिक प्रतिबद्धता जनाए जस्तो देखिए पनि कार्यान्वयनको तहमा विभिन्न बहानामा स्वतन्त्रामाथि हस्तक्षेप गरेर शासनमा पुग्ने बाटो अँगालेको छन्। यो देशका लागि दुर्भाग्य हो। नेपाली नागरिक समाज र नेपाललाई सहयोग पुऱ्याउँदै आएका दातृसंस्था र दातृराष्ट्र सरकारले पनि यो दुर्भाग्य, नेपालका नागरिक समाज र दाताहरु नै बाममय छन्।

समग्रमा नेकपा माओवादीको घोषणापत्र बीसौं शताब्दीको सन् ५०-६० को दशकमा विकासशील राष्ट्रहरुले अवलम्बन गरेको जुनकुनै मूल्यमा औद्योगिक आत्मनिर्भरताको, नेकपा एमालेको सन् ७० को दशकमा विद्यमान आधारभूत आवश्यकता परिपूर्तिको तथा नेपाली कांग्रेसको घोषणापत्र सन् ८० को दशकमा शुरु भएको मानवीय मुहारसहितको उदारीकरणको दर्शनबाट पीडित छन्। तर, यी सबै दर्शन विफल भइसकेका छन् र यिनै दर्शनअनुरुप अगाडि बढ्ने हो भने पनि बलियो केन्द्रीय सरकार र बलियै केन्द्रीय योजनाको आवश्यकता पर्दछ, जुन व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप नगरी बन्ने सक्दैनन्। त्यस्तो सरकार र योजना संघीयताको पनि विरोधी हुन्छ।

# Egalit? vs libert

The Big Three pay only lip service to individual freedom

Bholanath Chalise

21-27 March 2008
Published in Nepali times

The liquidity crisis in the financial markets may be over, but fears of infringement on personal liberty persist. No one really knows what this 'New Nepal' is going to look like, and the election manifestos of the three main parties don't allay the misgivings.

Most Nepalis want basic safeguards of a prosperous and civilised state: they don't have to die of hunger, they want proper health care, they want to live without fear, they want to enjoy individual liberty.

Nathan Rosenberg and L E Birdzell in their book How the West Grew Rich have analysed the precursors to the west's prosperity: ".political pluralism and remarkable flexibility.the breakup of centralised political and religious controls rather than any one factor that allowed an autonomous economic sphere to emerge."

**Where do Nepal's Big Three stand on the issue of individual liberty?**

First off, it is clear that all the parties seem to think that removal of one man, a reviled king, is going to rid us of all our problems. It may be a step, but it's not the be-all and end-all. Secondly, they do seem to be reluctant to devolve the power that they have and this can only have negative fallout on individual liberty.

Personal freedoms include the freedom of expression, the right to buy and sell property, the freedom of movement inside the country, and the right to work in a profession of one's choice. The state's direct intervention in these freedoms can be through the military, police or civil service. Indirectly, the state also constricts personal freedom through infrastructure projects, education, health, poverty-alleviation and intervention in the functioning of the free market by using upliftment of poor regions as an excuse.

In their manifestos, the three parties have expressed their commitment to basic freedoms, and this must mark an achievement of the April Uprising and a recognition of the people's longing for freedom.

But how do they propose to do it? Unfortunately, the three manifestos get barely passing grades. They have used platitudes, clich?s, jargon, even slogans, but not said outright how they will protect our fundamental rights.

Even the NC has fallen back on its discredited socialist antecedents by pushing 'just social security' and other buzzwords that have been used to curb individual freedom. Even on land ownership, the NC has decided to be diplomatic and repeat leftist market-bashing.

As if it is the fault of rich Nepalis, for example, that the poor haven't been able to benefit as much as they could have from foreign employment. It is the politicians, ministers and the bureaucrats who have enriched themselves by controlling the labour market. If government permission needed to go abroad to work was scrapped, many more Nepalis would be able to benefit from foreign employment.

The UML for its part pushes a 'mixed economy' but follows this up with ifs and buts and opportunities for government rent-seeking. The Maoists have not been foolish enough to directly advocate taking land from the jamindars to distribute to the poor, but their manifesto does recommend revolutionary land reform' and 'modern agriculture'. It says it supports national industrialisation' but doesn't say anything about the private sector.

Whoever wins or loses, the three parties will be commanding our destinies after elections. All three say they will protect individual liberty, but look exceedingly weak on the implementation part. Civil society and Nepal's international donors could play a role, but even they seem to be infected by fashionable and discredited leftism of Nepal's past.

# संसद प्रतिबद्ध हुनुपर्छ सही विकेन्द्रीकरण र उदार अर्थतन्त्रमा

डा.भोलानाथ चालिसे

१६-३१ वैशाख २०६३
हिमाल खबरपत्रिकामा प्रकाशित

नेपालमा कस्तो लोकतन्त्र स्थापना हुनेछ भनेर जनताले निर्णय गर्ने दिन अब धेरै टाढा छैन, तर लोकतन्त्रलाई मजबूत बनाउन यसको जगमा कस्तो ईटा थप्नुपर्दछ भन्ने कुरामा भने ज्यादै कम बहस भएको छ। लोकतन्त्रलाई बलियो बनाउने प्रमुख आधारस्तम्भ हुन् - व्यक्तिका स्वतन्त्रतालाई संस्थागत पार्ने उदार आर्थिक नीति तथा सरकारले जति सक्यो कम काम गर्ने विकेन्द्रित शासन प्रणाली ।

उदार एवं खुला बजार अर्थतन्त्रले गरीबलाई झन गरिब र धनीलाई झन धनी बनाउँछ भन्ने वामपन्थी र समाजवादी तथा परम्परागत सामन्ती परिपाटीका समर्थक "कन्जरभेटिभ" राजनीतिक शक्तिहरुको संलग्नतामा लोकतन्त्रको गन्तव्यमा अघि बढ्न लागेको नेपालमा दुर्भाग्यवश यी राजनीतिक शक्तिहरु व्यक्तिको स्वतन्त्रता र सक्कली विकेन्द्रीकरणमा विश्वास गर्दैनन् । संसारका सबै प्रतिस्पर्धी राजनीतिक व्यवस्था उदार एवं खुला प्रतिस्पर्धी बजार तथा केन्द्रबाट ज्यादै कम शासित प्रणालीमा मात्रै हुर्केका र बढेका छन् ।

## राज्य-पुनर्संरचनाका अस्पष्टता

लोकतन्त्र स्थापानको पूर्वसन्ध्यामा राज्यको पुर्नसंरचनामा र समावेशी प्रजातन्त्रका कुरा उठेका भए पनि ती पूर्ण र स्पष्ट छैनन । भौगोलिक आधारमा जिल्ला संख्या २५ वटामा झार्ने प्रस्ताव राख्ने भूगोलशास्त्री डा. हर्क गुरुङ्गले विकेन्द्रीकरणबारे खासै केही बोल्नु भएको छैन। गा.वि.स.हरुको

संख्या घटाए समितिका सचिवहरुको लागि खर्च हुने रकम जोगिने सोच राख्ने डा. गुरुङ्ग गा.वि.स. सचिव गाउँलेले नै नियुक्त गर्नुपर्दछ भन्ने कुरामा भने मौन हुनुहुन्छ। समानुपातिक निर्वाचन प्रणालीका कुरा उठाउने राजनितिशास्त्री प्रा.कृष्ण खनालले यस्तो प्रणाली भएका देशहरु कति सफल असफल छन् भन्ने् लेखाजोखा गर्नुभएको छैन । समानुपातिक निर्वाचन प्रणाली भएको अष्ट्रियामा कुनै पार्टीले बहुमत ल्याउन नसकेपछि सन् ७० को दशकको अन्त्यबाट शुरु भएको दक्षिण-वामपन्थी गठबन्धन राजनीतिपछि त्यहाँ मन्त्रालयदेखि सरकारी बैंकका पदाधिकारीहरुसम्मको नियुक्तिमा सत्ता साझेदारहरुबीच समानुपातिक भागबण्डा लाग्ने र जति योग्य भएपनि बाहिरका मान्छेले अवसर नपाउने अवस्था सिर्जना भएको छ। गठबन्धन कुशासनको डेढ दशकपछि अष्ट्रियामा हिटलरी पाराको घोर दक्षिणपन्थी राजनीतिक शक्तिको विकास भएको छ। समानुपातिक निर्वाचन प्रणालीले कुनै नेपालमा पनि यसैगरि घोर दक्षिणपन्थी वा घोर वामपन्थी शक्तिलाई माथि नउठाउला भन्न सकिदैँन ।

नेपाली कांग्रेसका नरहरि आचार्यले क्षेत्रीय सरकारको अवधारणा अघि सार्नुभएको छ भने एमालेका शंकर पोखरेलले लोककल्याणकारी 'स्क्यान्डिने भियाली मोडेल'को वकालत गर्नुभएको छ । तर उहाँहरुले निश्चित सैद्धान्तिक वा दार्शनिक आधारमा आफ्नो धारणा अघि सार्ने भन्दा पनि माओवादी समस्या चर्किदैं गएको अवस्थामा अरु कसैका एजेण्डा सहजै अगाडि सारिदिएको जस्तो देखिन्छ । राज्य पुनर्संरचनाको कुरामा माओवादी पनि स्पष्ट छैनन्। २०५२ माघमा प्रस्तुत ४० बुँदे मागमा पहाड र तराईबीचको भेदभाव हटाइनुपर्दछ र पिछडिएको क्षेत्रलाई प्रादेशिक स्वायत्तता दिइनुपर्दछ भनेका माओवादीले यसको विभिन्न व्याख्या गरेतापनि स्पष्टता आउन सकेको छैन । विकेन्द्रीकरणको सैद्धान्तिक अस्पष्टताका कारण नै नेपालमा अहिले बाहिर आएको राज्य पुनर्संरचनाका अवधारणाहरु पनि स्पष्ट हुन नसकेका हुन् ।

नेपालका सबै राजनीतिक पार्टी, बुद्धिजीवि र व्यवसायीले बुझ्ेको विकेन्द्रीकरण माथिल्लो तहका व्यक्तिको निर्णय उत्तम भन्ने भन्ने अनुदार र हस्तक्षेपकारी विकेन्द्रीकरण हो । गाउँको वडा अध्यक्षको उम्मेदवारी समेत केन्द्रबाट सिफारिस गर्ने पार्टीहरुले सच्चा विकेन्द्रीकरण गर्लान भनेर विश्वास गर्न गाह्रो छ । परम्परागत गुरुकुल शिक्षा पद्धतिको अनुयायी हाम्रो समाजको विभिन्न क्षेत्र र तहका नीति निर्माता एवं निर्णयकर्ताहरु २३५ वर्षदेखि दरबारका शाह-ठकुरी तथा काठमाण्डौंको अभिजात्य नेवार र बाहुनले घोकाउँदै आएका 'राजा नभए यो देश टुक्रिनेछ' भन्ने पाठबाट भ्रमित छन् । विकेन्द्रीकरणप्रति पार्टीहरुको अस्पष्ट बुझाई पनि यस्तै भ्रममा अडिएको छ ।

## संसदले चलाउनुपर्ने बहस

नेपालमा विकेन्द्रीकरणलाई सही ढंगले लागू गर्न चालु संसदले निम्न कुरामा बहस चलाउनु आवश्यक छ ।

(**क**) प्रतिस्पर्धात्मक राजनीतिमा 'नियन्त्रण र सन्तुलन' (चेक एण्ड ब्यालेन्स) कायम राख्न सक्रिय हिसाबले गा.वि.स., नगरपालिका र जि.वि.स. जस्ता स्थानीय निकायहरुको वर्तमान संरचनालाई परिवर्तन गर्ने । जस्तै : गा.वि.स. अध्यक्षद्वारा समिति सदस्यहरुको नियुक्ति, गाउँ परिषदद्वारा गा.वि.स.को बजेट अनुमोदन, खर्च नियन्त्रण र लेखा परिक्षण गर्ने तथा गा.वि.स.अध्यक्षले अधिकारको दुरुपयोग, श्रोतको हिनामिना, भ्रष्टाचार जस्ता कार्य गरे परिषदको दुईतिहाई मतले हटाउन सक्ने । यस्तै व्यवस्था नगरपालिका र जि.वि.स.मा पनि लागू गर्नु पर्दछ ।

(**ख**) गा.वि.स. नगरपालिका र जिल्लाको संख्या, आकार आदिको निर्णय गर्ने अधिकार सम्बन्धित गाउँ/जिल्ला एवं नगरवासीलाई दिने । कुनै दुई जिल्लाका मतदाताले एउटै जिल्ला बनाउनु उचित ठान्दछन् भने उनीहरुलाई नै निर्णय गर्न दिनुपर्दछ । केन्द्रले कुनै राजनीतिज्ञ वा बुद्धिजीविको सल्लाहमा होस वा आफैं निर्णय दिनुहुँदैन ।

**(ग)** जिल्लाको सुरक्षा, न्याय व्यवस्था र सामान्य प्रशासन तथा विकास निर्माणको जिम्मेवारी क्रमशः स्थानीय प्रहरी, अदालत र स्थानीय निकायहरुलाई दिने । यसो गरेपछि जिल्ला, अञ्चल र क्षेत्रीय प्रशासन कार्यालय लगायत अन्य कुनै सरकारी कार्यालयको आवश्यकता रहँदैन । गाउँ र नगरमा पनि यही सिद्धान्त लागू हुन्छ । स्वायत्त शासनको् मूल मर्म यही हो ।

**(घ)** गाउँ, नगर र जिल्लाका विकास निर्माण कार्य स्थानीय निकायहरु आफैंले गर्ने भएपछि गा.वि.स., नगरपालिका र जि.वि.स.का सचिव, कार्यकारी अधिकृत र स्थानीय विकास अधिकारी एवं तिनका सहायक समेत सबै कर्मचारी तथा आ-आफ्नो क्षेत्रमा खटिने प्रहरी समेत स्थानीय निकायले नै नियुक्त गर्ने ।

**(ङ)** केन्द्रबाट जाने अनुदान एवं सरकारी कार्यालयका बजेट एकमुष्ट सम्बन्धित गा.वि.स., नगरपालिका र जि.वि.स.लाई नै पठाउने । कुनै कुनै क्षेत्र र उपक्षेत्रमा कस्ता कार्यक्रममा खर्च गर्ने भन्ने निर्णय गर्ने अधिकार पनि उनीहरुलाई नै दिने । मुस्ताङ्गका जिल्ला शिक्षा कार्यालय, विद्यालय, आदिमा जाने शिक्षा बजेटको एकमुष्ट रकम जि.वि.स.लाई नै पठाईदिने हो भन्ने उसले जिल्लाको आवश्यकता अनुसार कहाँ कहाँ कति विद्यालय खोल्ने, प्राविधिक वा साधारण कस्तो शिक्षालाई प्राथमिकता दिने भन्ने जस्ता कुरामा आफै निर्णय गर्नेछ, कर्णाली अञ्चलवासीहरु त्यहाँको जंगल, जडिबुटी आदिको संरक्षण र विकास गरेर आम्दानी गर्न तथा आफूहरु तल तराईंमा झरेर बस्न चाहन्छन् भने त्यस्तो योजनामा केन्द्रले भाँजो हाल्नु हुँदैन ।

## सक्कली विकेन्द्रीकरण नै सही राज्य–पुनर्संरचना

नेपालमा राज्य पुनर्संरचना गर्नुपर्दछ भन्नेहरुमध्ये केहीले सरकारको क्रियाकलाप बढाउन त केहीले तल्ला निकायहरुलाई स्वायत्त बनाउन यो कुरा उठाएका छन् । स्वायत्तता आफूलाई असर पार्ने कुरामा व्यक्ति आफैंले निर्णय गर्न पाउने अवस्था हो । यसमा सबैभन्दा प्रमुख आफूखुशी व्यक्तिगत सम्पत्ति आर्जन, बेचबिखन र वितरण गर्न पाउनु हुन्छ । सरकारले कर लगाउने आदि नाममा कसैको सम्पत्ति नखोसिदिए व्यक्तिको स्वायत्तताको सबैभन्दा ठूलो संरक्षण हुनेछ । स्वायत्तता र व्यक्तिको स्वतन्त्रताको पूर्ण प्रत्याभूति सरकारको एकदमै सीमित भूमिका, अर्थात सक्कली विकेन्द्रीकरणबाट मात्र हुनसक्छ । तर राज्यको पुनर्संरचना खोज्नेहरुले स्थानीय निकायले आफ्नो सबै कर्मचारी आफैं नियुक्त गर्न पाउनुपर्छ भन्ने कुरासम्म पनि उठाएका छैनन् ।

पुनर्संरचनाको अर्को एकथरी पक्षपाती क्षेत्रीय सरकार थप्नुपर्ने सुझाव राख्छन् । यो सक्कली होइन, कर्मचारीतन्त्रमुखी विकेन्द्रीकरण हो । सक्कली विकेन्द्रीकरणले त पिछडिएका क्षेत्र र स्थान तथा जातजाति, महिला, ग्रामिण एवं शहरी गरीब र अल्पसंख्यक जनजाति जस्ता समूहरुलाई प्रत्यक्ष प्रभाव पार्ने कुरामा उनीहरुलाई नै बढी सहभागी गराउँदछ । सक्कली विकेन्द्रीकरणबाट राजनीतिज्ञहरुका राजनीति आधार र स्रोतमा खटनपटन गर्न पाउने शक्ति तथा कर्मचारीतन्त्रको स्रोतको वितरणमा निर्णय गर्ने अधिकार गुम्ने भएकोले उनीहरु यसको विरोध गरिरहन्छन् । सक्कली विकेन्द्रीकरणमा चुनिएका संस्थाहरुमा बाहेक अन्यत्र कतै शक्ति हुँदैन । विभिन्न भाषभाषी, जातजाति भएका यूरोपका स-साना मुलुकहरुको अनुभवले यही देखाएको छ । उनीहरुले राज्यतन्त्रलाई यो त समारोहको अतिथिको नाममा मात्र राखे या हटाई नै दिए ।

'नेताहरु स्वार्थी भए' भन्ने कुरो प्रजातन्त्र पुनर्स्थापनाका १२ वर्ष र सशस्त्र विद्रोहका ११ वर्षमा नेपालमा सबैभन्दा चर्चामा आएको विषय हो । नेताहरु स्वार्थी उनीहरु नेता बन्ने प्रक्रियाबाट भएको हुन् । गाउँगाउँसम्मका सक्रिय

कार्यकर्ताको चयन केन्द्रले गर्ने केन्द्रिय गर्ने केन्द्रिय सभापतिले कार्यसमितिमा निर्वाचित सरह मनोनयन गर्ने जस्ता परिपाटीले नेताहरुलाई स्वार्थी बनाए । कामको मूल्याकंनका आधारमा साधारण सदस्यहरुले सक्रिय कार्यकर्ता बन्ने  र केन्द्रीय सदस्यलगायत सबै पदाधिकारीहरु तिनै सक्रिय कार्यकर्ता वा अझ साधारण सदस्यले नै चुन्ने व्यवस्था लागू गर्ने हो भने नेताहरु सीमित व्यक्तिहरुको होइन्, आम कार्यकर्ताहरुको मन जित्ने काममा लाग्नेछन् । वास्तवमा राजनीतिक पार्टीहरु आफैंमा पनि विकेन्द्रीकरणको ठूलो खाँचो छ ।

## आर्थिक उदारवादको स्वरुप

राज्य वा व्यक्ति कसैमा पनि शक्ति केन्द्रित भयो भने तिनले त्यसको दुरुपयोग गर्दछन् । गरिब मुलुकमा राज्यले लाइसेन्स कोटा र ठेक्कापट्टाहरुको ......सार्वजनिक संस्थानको प्रमुख र कर्मचारीहरुको नियुक्ति तथा तिनले प्रयोग गर्ने स्रोतसाधनलाई आफ्नो राजनीतिक स्वार्थ एवं व्यक्तिगत लाभका लागि उपयोग गरेर शक्तिको दुरुपयोग गर्दछ । अर्को डरलाग्दो दुरुपयोग राजस्व असुली र कर निर्धारणमा पनि हुन्छ । यस्तो शक्तिलाई कम नगरेसम्म न राजनीति प्रतिस्पर्धी बन्दछ न यसलाई पार्टीका सीमित व्यक्तिहरुको पञ्जाबाट बाहिर निकाल्न सकिन्छ ।

नेपालमा लाइसेन्स, कोटा, ठेक्कापट्टा आदिबाट प्रशस्त अनुचित लाभ लिन सकिने क्षेत्र वन, सार्वजनिक निर्माण, उद्योग व्यवसाय, पर्यटन, आपूर्ति, सुरक्षा आदि हुन् । सरकारी वन व्यवस्थापन स्थानीय उपभोक्ता समूह वा स्थानीय निकायलाई हस्तान्तरण गरेर सार्वजनिक निर्माण पारदर्शी बनाएर उद्योग व्यवसाय स्थापनामा इजाजत र दर्ता प्रथा खारेज गरेर तथा सार्वजनिक संस्थानहरुलाई निजीकरण गरेर राज्यस्त्रोतको दुरुपयोगलाई कम गर्न सकिन्छ । पेट्रोलियम पदार्थको आयात र वितरण पूरै निजीक्षेत्रलाई जिम्मा दिएमा तथा विद्युत र सञ्चार क्षेत्रलाई निजीकरण गरेमा यिनमा हुने ठुलाठुला घोटाला प्रायः समाप्त हुनेछन् ।

नेपालका राजनीतिक शक्तिहरुले आफूलाई सक्कली विकेन्द्रीकरण र आर्थिक उदारवादका लागि प्रतिबद्ध देखाउने बेला संसदको यही ऐतिहासिक बैठक

हो । पार्टीहरुले देशको उन्नतिका लागि आ-आफ्नो पार्टीको संरचनामा प्रजातान्त्रिकरण गर्ने अवसर पनि हो यो । यी दुई काम भएनन् भने लोकतन्त्र स्थापना भएपनि यो दिगो हुने छैन । जगै बलियो नभए माथि माथि जस्तो सुकै व्यवस्था निर्माण गरे तापनि त्यो लोकतन्त्र दिगो हुँदैन ।

# वामपन्थ र संघीयतामा आधारित प्रजातन्त्र

डा. भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

'अब आजित भइयो, यो देशमा कसैले केही गर्ला भन्ने आश मरेर गयो, यो देशमा न नयाँ संविधान बन्छ न चुनाव हुनेवाला छ । ' यस्तो अभिव्यक्ति धेरैका मुखबाट सुनिन थालेको छ । सबैभन्दा पहिले बुझ्नुपर्ने विषय हो : अहिलेको नेपालको समस्या भनेको देशै वामपन्थीमय हुनु हो । संघीयतामा आधारित लोकतान्त्रिक संविधान निर्माणका लागि वामपन्थीहरु उपयुक्त हुँदै होइनन् । जो जुन संस्कारमा हुर्केको छ, उसले त्यही संस्कारअनुरुप आफ्ना सिद्धांत र कार्यक्रमहरु लागू गर्ने हो । देशै वामपन्थीमय भएको बेला केही आश गर्न नेपाली जनताले बढी मेहनत भने अवश्य गर्नुपर्छ । छद्मभेषी वामपन्थी (समाजवादी)लाई समेत गणना गर्दा देशको राजनीतिमा ८० प्रतिशतभन्दा बढी वामपन्थीको पकड छ । सबैखाले राष्ट्रिय प्रजातन्त्र पार्टीवालाहरु वामपन्थी नभए पनि उदारवादी होइनन् । यिनीहरु दक्षिणपन्थी र सामन्तवादको केही अवशेषमात्र हुन् । मधेसवादी पार्टीहरुले आफूलाई साम्यवादी वा उदारवादी के हुन् पहिचान दिन सकिसकेका छैनन् ।

दर्शनको तहमा लोकतन्त्रलाई संस्थागत गराउन व्यक्तिगत सम्पत्तिको अधिकार कसैले खोस्नु वा हस्तक्षेप नगर्नु हो भने संघीयतालाई कार्यान्वयन गर्न व्यक्तिलाई असर पार्ने कुनै काम राज्य, प्रदेश वा स्थानीय सर कार जे भने पनि स्थानीयस्तरमा निर्णय गर्ने प्रक्रिया स्थापित हुनु हो । दुर्भाग्य, नेपालको राजनीति यी दुवै कार्य गर्ने पक्षमा छैन । वामपन्थीहरु आफ्नो राजनीतिक सिद्धान्तमा समाजवादीहरुभन्दा बढी स्पष्ट छन् । उनीहरु व्यक्तिको स्वतन्त्रतालाई राज्यले हस्तक्षेप गर्दै केन्द्रीय योजनामा आधारित कार्यक्रमहरुको कार्यान्वयनबाट मात्रै वामपन्थी सोच स्थापित हुन्छ भन्दछन । यसमा उनीहरुको कुनै द्विविधा छैन । समाजवादीहरु भने

लोकतन्त्र पनि चाहने र सामाजिक न्याय, बढी समानता, सुरक्षा आदिका लागि केन्द्रीय योजनाको आवश्यकता पनि ठान्छन । उनीहरुको द्विविधा भनेको व्यक्तिगत स्वतन्त्रता र केन्द्रिय योजनाबीचको विरोधाभाष हो । केन्द्रिय योजना व्यक्तिका चाहना, योग्यता र उसमा भएको सिर्जनशीलतालाई नकारिकन सम्भव न नै हुँदैन । र, सबैभन्दा डरलाग्दो कुरा त केन्द्रिय योजनाको कार्यान्वयन एउटा तानाशाह प्रवृत्तिको सरकार नभई सम्भव हुँदैन । यिनीहरुको केन्द्रीयताप्रति यति विश्वास हुन्छ कि मुगुको एउटा प्राथमिक विद्यालयको शिक्षक, महेन्द्रनगरको वनपाले, जाजरकोटको स्वास्थ्य उपचौकीमा कार्यरत कर्मचारीहरुको समेत नियुक्ति, सरुवा, बढुवा आदि केन्द्र वा केन्द्रका प्रतिनिधि कार्यालयले गर्ने व्यवस्था गर्दछ । एक गाउँ एक उद्योगको जस्तो सम्भावनाविहिन नारा यिनीहरुले नै दिन्छन् । उद्योग यस्तो फेशन होइन जुन कुनै व्यक्तिले लाउने इच्छा राखे अनूकूल कुनैपनि देशको जनुकुनै ठाँउमा खोल्न मिलोस् । प्रत्येक गाउँमा उद्योगको सम्भाव्यता भएको भए निजी क्षेत्रले खोली हाल्थे । निजी क्षेत्रले सम्भाव्य नभएको ठाँउमा सरकारले उद्योग खोल्दै जाँदा हेटौंडा कपडा उद्योगको हालत भईहाल्छ । अनि देशका छापाहरुमा ठूलाठूला अक्षरमा उद्योगको उत्पादन बिक्री भएन भनेर समाचारहरु छापिने छन् । बिक्री नै नहुने सामान केका लागि उत्पादन गर्ने हो ?

सबैखाले वामपन्थीहरुले हाम्रो जस्तो गरिब मुलुकमा आक्रमण गर्ने भनेको जग्गा हो । निजी सम्पत्तिमध्ये कृषि प्रधान मुलुकमा सबैभन्दा ठूलो सम्पत्ति जग्गा हो । जग्गामा राज्यले आक्रमण गरेपछि अरु सम्पत्तिमा सजिलै सरकार छिर्न सक्ने भएकाले यिनीहरु भूमिसुधारलाई सबैभन्दा बढी महत्व दिन्छन् । विरोधाभाष त्यहाँ जन्मन्छ जब केन्द्रिय योजनामा विश्वास गर्नेहरु भूमिसुधार गर्नुपर्दछ र मधेसबाट जितेर आउने राजनीतिक पार्टीले भूमिसूधार होइन चक्लाबन्दीको कार्यक्रम लागू गर्छु भन्यो भने । यस्तो अवस्थामा केन्द्रले हस्तक्षेप गर्दै भूमिसुधार लागू गर्न खोज्दा त्यो संघीयता हुन्छ ? के यही हो जनता संलग्न रहेको संघीयता ? जनतालाई संघीयतामा जाने वचन दिएका राजनीतिक पार्टीहरुले खारेज गर्नुपर्ने सिंचाई विभागलाई मन्त्रालय स्तरमा उकाली रहेछन् भने सहकारी मन्त्रालयसमेत बेग्लै गठन

गर्ने तयारीमा रहेका छन् । मनांगवासीले आफ्नो प्रमुख व्यवसाय, व्यापार, रौतहटवासीले वैदेशिक रोजगारलाई छान्ने व्यवस्थाको शुरुवात गराउनु त कता हो कता वैदेशिक रोजगारलाई हस्तक्षेपमाथि हस्तक्षेप थप्दै गएको छ भने उद्यम व्यवसाय संचालनका लागि सरकारै सबैभन्दा सक्षम हो भन्ने धारणाबाट देशका प्रमुख राजनीतिक दलहरु उन्मुक्त हुन सकेका छैनन् । (विस्तारका लागि हेर्नुस् : एफ.ए. हायकद्वारा लिखित १९४४ मा प्रथम पटक प्रकाशित पुस्तक द रोड टू सर्फडम्) ।

यसको विकल्प के त ? यसका लागि दुईवटा कुरा गर्नुपर्ने हुन्छ । पहिलोमा, आफ्ना लेख, टि.भी. कार्यक्रमहरुका बहस आदिबाट व्यक्तिगत स्वतन्त्रतालाई संस्थागत गर्ने प्रजातान्त्रिक र सक्कली संघीयताको संविधानका पक्षमा अहिलेसम्म सबैभन्दा बढी स्पष्ट रहेका भीमार्जुन आचार्यले संविधान लेखेर व्यापक जनमानसमा प्रचारमा ल्याउने ।

# नेपाली मिलौं संविधान आफैं बनाऔं

डा.भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

संविधानसभाको निर्वाचन भएको १५ महिनाको देशको राजनीतिक क्रियाकलापलाई हेर्दा नेपालका प्रमुख राजनीतिक दलहरुले बेलैमा नयाँ संविधान निर्माण गर्लान् भनेर आशा गर्ने अब अवस्था रहेन । संघीयतामा आधारित लोकतन्त्र स्थापनाका लागि आधारभूत आवश्यकता र यी आवश्यकताप्रति दलहरुको संद्धान्तिक विरोधाभाष नै नयाँ संविधान नबन्ला र बनिहाले तापनि लोकतन्त्र र संघीयतालाई संस्थागत नगर्ने संविधान बन्ला भन्ने डर हो । राजनीतिक दलहरुको सिद्धान्त एउटा, उनले बाध्य भएर बनाउनुपर्ने संविधानको आधारभूत सिद्धान्त अर्कै हुने भएकोले यिनले संविधान निर्माणमा यथेष्ट किचलो निकाल्ने छन् र नयाँ संविधान नबनाई जतिसक्यो त्यति लामो समयसम्म जनताले चुनेका प्रतिनिधि भन्दै वर्षौंवर्ष शासन गर्ने छन् । दुई वर्षमा संविधान निर्माण गर्ने सर्तमा चुनिएका सभासदहरुको पदावधि यसैले दुई वर्षमात्र हो । दुई वर्षमा यिनले संविधान निर्माण गर्न सकेनन् भने पनि यिनको पदावधि दुई वर्षमै सकिनुपर्दछ । जुन कामका लागि जनताले कर तिरेर यी सभासद्हरुलाई पालिरहेका छन् त्यो काम समयमै नसके यिनलाई थप समय राख्ने त के कुरा समयामा काम नसके वापत हर्जानासहित यिनले खाएको तलब, भत्ता तथा अन्य धेरै सुविधा वापतको पैसा फिर्ता लिनुपर्दछ । कुनै पनि निर्माण कार्यको ठेक्का पट्टाको सर्वमान्य सिद्धान्त यही होइन र ? जनताले दिएको अवधिमा संविधान यिनले निर्माण गर्न सकेनन् भने यिनको म्याद किन थप्ने ? तोकिएको अवधिमा नयाँ संविधान निर्माण नहुने भए, यसको समाधान के त ? भन्ने प्रश्नको उत्तर यो लेखको उद्देश्य हो ।

अब नेपालका प्रमुख राजनीतिक दलहरुले मानेको सिद्धान्त र संघीयतामा आधारित लोकतान्त्रिक संविधानको मर्मका बीच रहेको विरोधाभाषको चर्चा गर्नु उपयुक्त हुन्छ । दर्शनको तहमा, प्रजातन्त्रिलाई संस्थागत गराउने पहिलो आधार व्यक्तिव्यक्तिको सम्पत्ति कुनै पनि नाम, बहानामा कसैले खोस्न त के हस्तक्षेपसम्म गर्न नपाउनु हो भने संघीयतालाई दह्रो बनाउन देशको कुनै ठाउँ वा क्षेत्रको प्रत्येक व्यक्तिलाई असर पार्ने कुनै पनि काम राज्य, प्रदेश वा स्थानीय सरकार जे भने पनि स्थानीय स्तरमा नै निर्णय गर्ने प्रक्रिया स्थापना हुनु हो । व्यक्तिगत सम्पत्तिको संरक्षणलाई हल्का रुपमा लिइनु हुँदैन । ऐन कानुन निर्माण गरेर पनि व्यक्तिको सम्पत्ति सरकारले हडप्न पाउँदैन । होइन भने, निर्वाचित राजनीतिक पार्टीले पनि जनप्रतिनिधि भन्दै कानुन बनाएर भूमिसुधार मार्फत जग्गाजमिन हडप्न थाल्दछन् । गरिबलाई सहयोग पुर्‍याउने भन्दै करका दरहरु बढाइन्छन् तर जाजरकोटका जनता सात मोहरको जीवनजल नपाएर भटाभट मरिरहेका हुन्छन् । नेपाली सबैखाले नेताहरु नेपाललाई स्वीट्जरल्याण्ड बनाउने भन्ने आश्वासन जनतामा छर्दछन् । तर स्वीट्जरल्याण्डमा भूमिसुधार जस्तो कार्यक्रमको त के कुरा आयकर वा कुनै पनि करको दर बढाउन जनमत संग्रह गराउनुपर्दछ र जनताले अनुमोदन गरेपछि मात्र करको दर सरकारले बढाउन पाउने नैतिक आधार प्राप्त गर्दछ जुन कुरा नेपली राजनीतिज्ञले दर्शाउन सकेका छैनन् । नेपालमा त एउटा अर्थमन्त्रीको मनगढन्ते विचारले समेत करका दरहरु बढाइन्छ र यसैलाई जनताको इच्छा भनिदिन्छन् । संघीयतामा आधारित लोकतन्त्र स्थापनाका लागि आधारभूत आवश्यकता र यी आवश्यकताप्रति प्रमुख राजनीतिक दलहरुको प्रतिबद्धताको कमी नै संविधान नबन्ला, बनि हाले पनि लोकतन्त्र र संघीयतालाई संस्थागत नगर्ने संविधान बन्ने डर हो । प्रमुख राजनीतिक दलहरुको सिद्धान्त एउटा र उनीहरुले बाध्य भएर बनाउनुपर्ने संविधान अर्कै भएकोले यिनले संविधान निर्माणमा यथेष्ट किचलो निकाल्ने छन् र नयाँ संविधान नबनाई जतिसक्यो त्यति लामो समयसम्म जनताले चुनेको जनप्रतिनिधि भन्दै बीसौं वर्ष पनि शासन गर्ने छन् ।

नेपालको नयाँ संविधान निर्माणका लागि एकातर्फ उदारवादी सोचको नितान्त आवश्यकता छ भने देशका राजनीतिक पार्टीहरु भने बढी वामपन्थमा विश्वास गर्ने छन् । नेपाली कांग्रेस, नेकपा एमाले जो आफूलाई समाजवादी भन्न समेत हिचकिचाउने वामपन्थी हुन्, उनीहरु र वामपन्थमै विश्वास गर्ने एकीकृत नेकपा माओवादीहरुसमेतको उपस्थिति संविधानसभामा ८० प्रतिशतभन्दा बढी छ । सबैखाले राष्ट्रिय प्रजातन्त्र पार्टीवालाहरु वामपन्थी नभए पनि उदारवादी होइनन् । यिनीहरु सामन्तवादको केही अवशेष हुन् । मधेसवादी पार्टीहरुले आफूलाई समाजवादी वा उदारवादी कुन हुन् भनेर पहिचान दिन सकिसकेका छैनन् । वामपन्थीहरु आफ्नो राजनीतिक सिद्धान्तमा समाजवादीहरुभन्दा बढी स्पष्ट छन् भनेर यसअर्थमा मान्नुपर्दछ कि उनीहरु व्यक्तिको स्वतन्त्रतालाई राज्यले हस्तक्षेप गर्दै केन्द्रीय योजनामा आधारित कार्यक्रमहरुको कार्यान्वयनबाट मात्रै वामपन्थ स्थापित हुन्छन् भन्दछन् । यसमा उनीहरुको कुनै द्विविधा छैन, यो कुरा नेपालका माओवादीहरुले बारम्बार दाहोर्‍याइरहेको कुरा हो । यस्तो अवस्थामा जग्गामा सामूहिक खेती हुन्छ, निजी स्कुल कलेज सबै बन्द हुनेछन्, निजी उद्योग व्यवसाय, बैंक, वित्तीय क्षेत्र सबै राष्टियकरण याने सरकारले नियन्त्रणमा लिई संचालन गर्ने छ । समाजवादीहरु भने प्रजातन्त्र पनि चाहने र सामाजिक न्याय, बढी समानता, सुरक्षा आदिका लागि केन्द्रीय योजनाको आवश्यकता पनि हुने ठान्ने समुह हुन् । समाजवादीहरुको द्विविधा भनेको व्यक्तिगत स्वतन्त्रता र केन्द्रीय योजनाबीचको विरोधाभाष हो । केन्द्रीय योजना, व्यक्तिका चाहना, सीप र उसमा भएको सिर्जनशीलतालाई ननकारिकन संभव नै हुँदैन । सबैभन्दा डरलाग्दो कुरा त सफल केन्द्रीय योजनाको कार्यान्वयनका लागि एउटा तानाशाह प्रवृत्तिको सरकार नभई संभव हुँदैन । केन्द्रीय योजनाको निर्माणका लागि सरकारले लक्ष्यहरु तोक्दा खुला बजारमा व्यक्तिव्यक्तिको क्रियाकलापले गरिने निर्णयहरुको साटो सरकारले नै कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने हुन्छ । सरकारले निर्णय गरेका कार्यक्रमहरु व्यक्तिले गर्ने निर्णयहरुसँग मेल नखान सक्दछन् । उदाहरणका लागि सरकारले जुत्ता कारखाना स्थापना गर्‍यो भने उसले उत्पादन गरेका जुत्ताहरु जनताले मन नपराउन सकदछन् । जनताले जुत्ता मन नपराए सरकारले नै आयातमा नियन्त्रण गरेर स्वदेशको

निजीक्षेत्रको उद्योग राष्टियकरण गरेर सरकारकै उत्पादनका जुत्ता लगाउन जनतालाई बाध्य बनाइनेछन् । यस्तो कार्यक्रमको कार्यान्वयनको लागि तानाशाही सरकारबाहेक प्रजातान्त्रिक सरकारले कार्यान्वयन नै गर्न सक्दैन । यतिमात्र होइन योजना निर्माणका क्रममा यति धेरै सूचनाहरु संकलन गर्नुपर्दछ र ती सूचनाहरुको विश्लेषण गर्नका लागि ठूलो कर्मचारीतन्त्रको आवश्यकता पर्दछ । कार्यक्रम कार्यान्वयन भयो भएन भन्नका लागि सुपरीवेक्षण एवं निरीक्षणका लागि अर्को कर्मचारी संयन्त्रको आवश्यकता पर्दछ । सरकारको सोचअनुरुप नीति तथा कार्यक्रम कार्यान्वयन नभएका अवस्थामा त्यसलाई रोक्न अर्को बर्दी नलगाएको पुलिस संयन्त्रको आवश्यकता पर्दछ । समाजवादीहरुले नबुझ्केको कुरा भनेको यी कर्मचारीतन्त्रमा संलग्न हुने सबै भ्रष्ट भए त्यो देशको हालत के होला ? केन्द्रीय योजनाको कार्यान्वयनका लागि मुगुको एउटा प्राथमिक विद्यालयको शिक्षक, महेन्द्रनगरको वनपाले, जाजरकोटको स्वास्थ्य उपचौकीमा कार्यरत कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा आदि केन्द्र वा केन्द्रका प्रतिनिधि कार्यालयहरुले गर्नुपर्ने हुन्छ । केन्द्र नै संलग्न भएको स्वास्थ्यसम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा संचालन नहुँदा प्रधानमन्त्री नै दौडाहामा जिल्ला पुगे तापनि समस्याको समाधान हुँदो रहेनछ भन्ने कुरा जाजरकोटको झाडापखालाको समस्याले घाम जत्तिकै छर्लंग पारेको छ । जाजरकोटवासीले नै आफ्नो जिल्लामा कार्यरत स्वास्थ्यकर्मीहरुको नियुक्ति, सरुवा, बढुवा र खोसुवासमेत गर्ने अधिकार पाएका भए जाजरकोटमा अहिले भएजस्तो झाडापखालाको समस्या आउने थिएन । दुर्भाग्य नेपालका अहिलेको कुनै पनि राजनीतिक दलले गाउँ विकास समितिको एउटा सचिवको समेत गाविसले नै नियुक्त गर्न सक्ने प्रावधानको सुरुआत गरेका छैनन् र गर्ने आँट पनि देखाएका छैनन् । बरु नायब सुब्बा स्तरको गाविस सचिव रहने गाविसहरुमा केन्द्रको हस्तक्षेप बढाउन शक्तिसम्पन्न केन्द्रको प्रतिनिधिको रुपमा शाखा अधिकृतहरुलाई खटाउन सुरु गरिएको छ । हामी नेपालीहरुले अब धक नमानी स्वीकार्नु पर्ने कुरा भने राजनीतिज्ञहरुले आआफ्ना पार्टीका उद्देश्य प्राप्तिका लागि आफ्नै किसिमले अर्थ लगाएर संविधान ल्याउने छन् जुन प्रजातन्त्र र संघीयता सापेक्ष हुने छैन । सबै नेपाली जनतालाई

संविधान निर्माणको प्राविधिक ज्ञान हुन सक्दैन । यसैले आफ्ना लेख, टीभी कार्यक्रमहरुका बहस आदिबाट व्यक्तिगत स्वतन्त्रतालाई संस्थागत गर्ने प्रजातान्त्रिक र सक्कली संघीयताको आधारका पक्षमा राजनीतिज्ञभन्दा बढी स्पष्ट रहेका भीमार्जुन आचार्यहरुले मस्यौदा संविधान लेखेर व्यापक जनमानसमा छलफलमा ल्याउनुमात्र समस्या समाधानको एउटै विकल्प हो । भीमार्जुनहरुले तयार पारेको संविधान हामी सबैका लागि सन्दर्भ सामाग्री बन्न सक्दछ । यो सन्दर्भ सामाग्रीले एकातर्फ नेपालका राजनीतिक पार्टीहरुले तयार पारेको संविधानलाई जाँच्ने अवसर प्राप्त हुन्छ भने यिनले तोकिएको समयमा संविधान निर्माण गरेनन् भने यही मस्यौदा संविधानलाई लागू गर्न व्यापक जनदबाब सिर्जना गर्न सजिलो हुनेछ । जनताले आफ्नो संविधान आफैं बनाउन पठाएका जनप्रतिनिधिहरु व्यक्तिको सम्पत्ति नै खोस्ने र केन्द्रीयता नै लाद्ने भएपछि आफैं संविधान लेख्ने कार्यमा दबाब दिनका लागि भिमार्जुनजस्ता साथीभाइ मिली एउटा उदाहरणीय संविधान तयार पार्नु आजको नितान्त आवश्यकता हो । साथीभाइहरु हामी सबै मिलौं र भिमार्जुनहरुको समूहलाई सहयोग गर्न तत्पर होऔं, होइन भने आजका आजका राजनीतिज्ञहरुको ताल देख्दा पहिलो त संविधान बनाउन नै अर्को दश वर्ष नलाग्ला भन्न सकिन्न, बनि हाले तापनि प्रजातन्त्रलाई संस्थागत गर्ने र संघीयतालाई आधार मान्ने संविधान बन्ने संभावना नै छैन ।

# संघीयता केन्द्रीय योजनाको विस्तारित रुप होइन

डा.भोलानाथ चालिसे

००-००-००००
कारोबार दैनिकमा प्रकाशित

संघीयतामा आधारित नयाँ संविधान नेपालमा लेखिँदैन भनेर सुरु मै भन्न धेरै नै हिचकिचाहट लाग्दथ्यो । यो हिचकिचाहट संघीयतामा आधारित संविधान लेखी हाल्लान् भन्ने केही लोभ बाँकी नै रहेको थियो । जुनकुनै काम सुरु नै नगर्दै हुनै सक्दैन भन्ने धारणा राख्नु सधैं उल्टो सोच्ने प्रवृत्ति हो । यतिमात्र होइन यो देशमा खातापिता बाहुनले संघीयताको विरोध गर्दछन् भन्ने धारणा व्याप्त थियो । संघीयतामा आधारित संविधान चाहिँ नेपालमा नलेखिने भयो । किनभने नेपालको वर्तमान राजनीतिमा वामपन्थी सोच राख्ने पार्टीहरु ८५ प्रतिशत र बाँकी १५ प्रतिशत भ्रष्ट पुरातनवादी रहेका छन् ।

संघीयतालाई उदारवादी प्रजातन्त्रको उपल्लो रुप मानिन्छ। बेलायतको वेस्ट मिन्सटरीय प्रणालीभन्दा पनि संघीयता यस हिसाबले उपल्लो राजनीतिक व्यवस्था ठानिएको हो जसमा शक्ति कुनै एक केन्द्रमा निहित नरहेर बहुकेन्द्रमा विभाजित भएको हुन्छ । बहुकेन्द्रका बीच कुनै एकले शक्तिको दुरुपयोग गर्न खोज्यो भने अर्को शक्ति केन्द्रले रोक्छ मात्रै होइन, शक्ति दुरुपयोग गर्न खोज्ने केन्द्रको प्रतिस्पर्धी सेवाहरु पनि उपलब्ध गराउँदछ । बहुदलीय प्रजातन्त्रमा आधारित एकात्मक सरकारले नै व्यक्तिगत स्वतन्त्रतालाई कुनै खाले हस्तक्षेपबाट बचाएको हुन्छ भने संघीय व्यवस्थामा त कुनै एउटा व्यक्तिले देशको जुनकुनै भागमा बसोबास गर्न, आर्जन गरेको सम्पत्ति भोग चलन गर्न, बेचबिखन गर्न र आफूले छानेका प्रतिनिधिले बनाएको कानुनले गर्न नहुने भनेका कामहरु बाहेक सबै गर्न पाउने स्वतन्त्रतालाई संस्थागत गरेको हुन्छ । बहुकेन्द्रीय सरकारहरुको स्थापना हुने भएका कारण संघीयतामा जनतालाई उपलब्ध गराउनुपर्ने

व्यक्तिगत स्वतन्त्रताको कानुनी एवं संस्थागत संरचना र जनताले सरकारले उपलब्ध गराई देओस् भनेका सेवा वा सुविधा उपलब्ध गराउनका लागि एकआपसमा प्रतिस्पर्धा जारी रहन्छ। सेवा वा सुविधाको मूल्य र गुणस्तरमा सुधार, बजार जति प्रतिस्पर्धी भयो त्यतिमात्रामा बढी हुन्छ।

केन्द्रीय योजनामा विश्वास गर्ने सबै खाले वामपन्थी एवं समाजवादीहरुको राजनीतिक प्रतिबद्धता बहुकेन्द्रित सरकारहरुको सिर्जना होइन, केन्द्रीय योजनामा आधारित राजनीतिक व्यवस्थाप्रतिको प्रतिबद्धता हो । केन्द्रीय योजनामा विश्वास गर्नेहरुले संघ, प्रदेश एवं स्थानीय निकायहरुको अस्तित्वको राजनीतिक रुपमा स्वीकार नै गर्दैनन् र केन्द्रबाट निर्देशन भएको काम बाहेक अरु कहीँ कतैबाट उत्प्रेरित क्रियाकलापलाई आफ्नै अस्तित्व विरुद्धको कार्य ठान्दछन् । यसैकारण यिनले बहुकेन्द्रमा आधारित शासन प्रणाली त के विकेन्द्रिकरणमा पनि पटक्कै विश्वास गर्दैनन् । नेपालको विकट जिल्ला हुम्लामा प्राथमिक विद्यालयमा पढाउने प्राथमिक शिक्षकको नियुक्ति पनि यिनले काठमाडौंको केशरमहलमा रहेको शिक्षा मन्त्रालयबाट गर्न रुचाउँछन् । सोझै संघीयताप्रति प्रतिबद्धता छैन भन्न नसकेर यिनीहरु विभिन्न बहानामा संघीय संविधान लेख्न तयार नै छैनन् ।

नेपालको ८५ प्रतिशत राजनीतिक पार्टीहरुले संघीयतामा विश्वास नगरेको उदाहरण संविधानसभाले संघ, प्रदेश र स्थानीय निकायको अधिकार क्षेत्र र यिनको राजनीतिक संगठन बारे दिएका सुझावहरु यथेष्ट छन् । प्रस्तावित अधिकार क्षेत्रहरुको सूचिमध्ये उदाहरणका लागि सशस्त्र प्रहरी संघले संचालन गर्ने, जनपद प्रहरी प्रदेशले र ट्राफिक प्रहरी स्थानीय निकायको क्षेत्रमा पारिएको छ । अधिकारको बाँडफाँड कर्मचारीहरुको बाँडफाँड हो कि सुरक्षा क्षेत्रको बाँडफाँड हो ? स्थानीय निकायलाई स्थानीय सुरक्षाको जिम्मेवारी दिइने हो भने त्यसका लागि कस्तो खाले प्रहरी आवश्यकता पर्दछ, त्यस्तो प्रहरीको व्यवस्थागर्ने कार्य स्थानीय निकायलाई नै छोडिदिन के ले बाधा पुर्‍याउँछ ? बाधा केहीले पुर्‍याउँछ भने केन्द्रीय योजनामा विश्वास गर्ने राजनीतिक चिन्तनले पुर्‍याउँछ । यति धेरै बहस र छलफल भइसकेपछि पनि प्रस्तावित संघ, प्रदेश र स्थानीय निकायको अधिकार

क्षेत्रको बाँडफाँड महेन्द्रपथीय सोचबाट एक इन्च पनि माथि उक्लन सकेको छैन । ठूला नहर संघले बनाउने, साना सिंचाइ योजना प्रदेशले बनाउने र कुलो पुलेसा स्थानीय सरकारले बनाउने भनी अधिकार क्षेत्रमा तोकिएको छ। सरकार जति ठूलो भयो उसले उति ठूलो काम गर्ने, सरकार जति सानो भयो उसले उति सानो काम गर्ने भनेको एकात्मक सरकारको केन्द्रीय योजनामा आधारित महेन्द्रपथीय सोच हो । सिंचाइ गर्ने काम जति स्थानीय सरकारले महत्व बुझ्दछ दुरदराजमा रहेको संघलाई केही वास्ता रहँदैन । यसैले सिंचाइ जति जम्मै चाहे सानो होस् चाहे ठूलो होस् त्यो स्थानीय निकायको अधिकार क्षेत्रमा छोडिदिएको भए हुँदैनथ्यो र ? यसरी छोड्दा सिंचाइ मन्त्रीले कमिसन कहाँबाट प्राप्त गरुन् ?

संघीयतामा प्रतिबद्धता नभएका यी राजनीतिक पार्टीहरुले बेलाबेलामा उठाउने अर्को कुरा संघीयता महँगो हुन्छ भन्ने हो । यिनका लागि संघीयता महँगो यस कारणले देखिन्छ कि यिनीहरु केन्द्रीय योजनाले जस्तै एक रुपता कायम गर्न खोज्दछन् । ८० लाख भन्दा बढी जनसंख्या भएको प्रस्तावित एउटा प्रान्तमा ७५ जनाको प्रदेश संसद् र ५० हजारभन्दा कम जनसंख्या भएको प्रदेशलाई पनि ७५ जनाकै प्रदेश संसद्को सिफारिस गर्दछन् । त्यसरी नेपालको ७५ जिल्लामा कार्य गर्ने कर्मचारीहरुलाई समान रुपमा बाँड्ने कार्यअनुरुप वर्षको ७ हजारभन्दा बढी मुद्दा पर्ने सप्तरी जिल्लाको जिल्ला न्यायाधीश र वर्षको ७ वटाभन्दा बढी मुद्दा नपर्ने मनांग जिल्लाको जिल्ला न्यायाधीश एकै स्तरको रहने सोचबाट ग्रसित हुँदै ८० लाखभन्दा बढी जनसंख्या भएको प्रदेश र ५० हजारभन्दा कम जनसंख्या भएको प्रदेशलाई एकै प्रकारको प्रदेश सिफारिस गर्नु केन्द्रीय योजनामा आधारित एकरुपता कायम गर्नुमात्र हो ।

# संघीयता र व्यक्तिगत स्वतन्त्रता

डा. भोलानाथ चालिसे

००-००-०००

व्यक्तिगत स्वतन्त्रता नै सर्वोपरि हो भनि स्वीकार्नेका लागि संघीयता पहिचानका लागि पनि होइन र सरकारले गर्ने विकासका लागि पनि होइन । व्यक्ति आफैंले संचालन गर्दा संभाव्य नहुने कार्यमात्र कुनै संगठन या सरकार भन्नेले गरिदेओस् भन्नका लागि मात्र सरकार भन्ने संस्थाको आवश्यकता रहेको हो, व्यक्तिले गर्न सक्ने सम्मका कार्यका लागि सरकार चाहिँदै चाहिँदैन । सरकार चाहिएका बखत सरकारले गरिदेओस् भन्ने कार्यका लागि केही शक्तिहरु यसलाई जनताले सुम्पिदिनु पर्दछ । यस्तो शक्ति एकै ठाउँमा केन्द्रित रहेमा दुरुपयोग हुन सक्ने संभावनालाई हटाउन सरकार भन्ने संगठनलाई विभक्त गर्नुपर्छ । विभक्त मात्र होइन सरकारले गर्ने कार्यहरुका बीच प्रतिस्पर्धा पनि सिर्जना गर्नुपर्छ। यसैका लागि सरकारलाई केन्द्र, प्रदेश र स्थानीय निकायका रुपमा विभाजन गर्दै यिनलाई सुम्पिएको कार्यमा निपूर्णता ल्याउनका लागि यिनका बीच प्रतिस्पर्धा गराई रहनुपर्ने व्यवस्था स्थापित गर्नुपर्छ। यिनै कार्यका लागि राजनीतिक व्यवस्थामा संघीयता व्यक्तिको स्वतन्त्रताको संरक्षण र सरकारी हस्तक्षेपको नियन्त्रणका लागि उपल्लो व्यवस्था ठहरिएको छ। सरकारको विभाजनको हकमा संयुक्त राज्य अमेरिकाको संघीयता र व्यक्तिलाई असर पार्ने कुराहरुको निर्णयमा स्वचालित संस्थाहरुको निर्माणमा स्वीटजरल्यान्ड सबै भन्दा बढी संघीय देखिएका छन्। संयुक्त राज्य अमेरिकामा केन्द्रीय सरकारले गरेको निर्णयमाथि राज्यले मुद्दा हाल्न सक्छ, राज्यले गरेको निर्णयमाथि केन्द्रिय सरकारले मुद्दा हाल्न सक्छ। राज्यले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले समेत मुद्दा हाल्न सक्छ । यसरी शक्तिहरुलाई एकै ठाउँमा होइन, त्यहाँ विभिन्न तहमा विभाजन गरिएको छ । स्वीटजरल्यान्डमा स्थानीय व्यक्तिलाई असर पार्ने कुरामा स्थानीय तहबाटै निर्णय हुन्छ ।

स्वीटजरल्याण्डको जेनेभा सहरमा राति हवाईजहाज उडाउने र बसाल्ने कार्य कुन कुन बेलामा मात्र गर्न दिने भन्ने निर्णय स्थानीय तहबाटै हुन्छ । यी दुईवटा अवधारणाभित्र रहेर नेपालमा संघीय संविधान निर्माण हुन थालेको पाइएन । संविधान निर्माणको कार्यमा उठेका विवादहरु समाधानमा भएका छलफल, सुझाव र हुनसक्ने भनिएका सहमतिहरुलाई अध्ययन गर्दा नेपालमा संघीय होइन, केन्द्रीकृत शासन प्रणालीलाई संस्थागत गर्ने संविधान निर्माण हुन थालेको आभाष मिल्दछ ।

सरकारको शक्ति विभाजन गर्दा नीति निर्माणको कार्यमात्र केन्द्रले गर्ने, गुणस्तर कायम गर्ने सुपरीवेक्षण गर्ने कार्यहरु प्रदेशले गर्ने र कार्यान्वयन स्थानीय निकायले गर्ने सिद्धान्त नै संघीयताको मूल स्वरुप हो । उदाहरणका लागि देशमा संचालन हुने शिक्षा प्रणालीको निर्णय केन्द्रले गर्ने, परीक्षा संचालनको कार्य प्रदेशले गर्ने, विशवविद्यालय, कलेज र विद्यालयहरु स्थानीय निकायले चलाउने हो भने शिक्षा विभागको केन्द्रमा आवश्यकता नै रहँदैन । शैक्षिक संस्थाहरुको संचालन स्थानीय निकायहरुले गर्ने भए पछि शिक्षकहरुको नियुक्तिका लागि केन्द्रमा शिक्षा आयोगको कुनै आवश्यकता रहँदैन । यो सिद्धान्त अपनाउँदा केन्द्रमा रक्षा, परराष्ट्र, अर्थ, गृह, सामाजिक सेवा, पूर्वाधार विकास, कृषि वन र वातावरण रउद्यम व्यवसाय गरी आठ वटा मात्र मन्त्रालय राखे पुग्छ । गुणस्तर र सुपरीवेक्षण गर्ने कार्य जति सबै प्रदेश सरकारले गर्ने गरी संविधान निर्माण गरेपछि केन्द्रमा सडक, सिँचाइ, खानेपानी, स्वास्थ्य सेवा, शिक्षा, श्रम, वैदेशिक रोजगार, उद्योग जस्ता सबै विभागहरु केन्द्रबाट हटाइनुपर्छ । यस्ता विभागहरुको कार्य गुणस्तर कायम र सुपरीवेक्षणका लागि प्रदेशले आआफ्नो आवश्यकताअनुसार स्थापना गर्न सक्छ । कार्यान्वयनको कार्य स्थानीय निकायले गर्ने भएपछि जिल्ला स्तरमा रहेका केन्द्रबाट संचालित सबै कार्यालयहरुको कुनै आवश्यकता पर्दैन। केन्द्रमा आठवटा मन्त्रालय संचालनका लागि आठ मन्त्री र प्रधानमन्त्रीसहित ९ जना (सजिलोको लागि १० जनासम्म) को मन्त्रिमण्डल भए यथेष्ट हुन्छ । दश मन्त्रिमण्डल संचालनका लागि २० या २५ जना सांसद भएको पार्टी भए पुग्छ भने विपक्षमा १५ देखि २० जना सांसद्ले सरकारको कार्यलाई निगरानी राख्न सक्छन् । यस हिसाबले नेपालमा केन्द्रमा तल्लो

सदन बढीमा ५० जनाको र संसदकै शक्ति दुरुपयोग रोक्नका लागि जनतालाई सुसूचित गर्ने कार्यका लागि बढीमा १५ जनाको माथिल्लो सदन भए पर्याप्त हुन्छ । राजनीतिज्ञले चुनाव जितेर आएपछि जनताको पाउ मोल्ने कार्य गर्ने होइन । यसकारण जनसंख्याको आधारमा संसद सदस्य तोकिनु हास्यास्पद कार्यमात्र होइन, केन्द्र र केनद्रबाट शासन गर्ने प्रणालीलाई बलियो बनाउनु मात्र हो । हिजोआजको बहसको सिलसिलामा नेपालका कुनै पनि राजनीतिक दलले केन्द्रलाई सानो, छरितो र फुर्तिलो बनाउने कार्यमा बहस गरेको पाइएन । जब केन्द्र नै बलियो बनाउनु छैन भने राष्ट्रपति बलियो बनाउने कि प्रधानमन्त्री बलियो बनाउने भन्ने बहस नै निरर्थक हो । प्रधानमन्त्रीको अधिकार रोक्नका लागि राष्ट्रपति र राष्ट्रपतिको अधिकार दुरुपयोगबाट बचाउनका लागि संसद्को अधिकार के कस्तो हुने भनेर बहस गरिरहनुभन्दा यी निकायहरु नै अधिकार सम्पन्न नभएर प्रदेश र स्थानीय निकायलाई सरकारी कामको जिम्मा दिलाउने हो भने मात्र संघीय स्वरुपको राजनीतिक प्रणाली अपनाउन पुगिन्छ । सरकारको शक्तिलाई विभक्तीकरण गर्ने कार्यमा ध्यान दिएको पनि पटक्कै पाइएको छैन । अहिले राजनीति गर्नेहरुले कालान्तरसम्म आफैं पदमा बस्ने अवधारणा संसद्को वनावट केन्द्रीय सरकारको भूमिका र प्रदेशहरुको छनोटमा समग्र समय बिताएको पाइन्छ । प्रदेशको निर्माणमा बढी जोड दिनेहरुले स्थानीय निकायको निर्माण र यसलाई जनताको नजिक पुर्‍याउने कार्यमा सहयोग त के अवरोध पुर्‍याउने कार्य गरिरहेका छन् ।

व्यक्तिको स्वतन्त्रताको संरक्षण र व्यक्तिगत उन्नतिका लागि व्यक्ति आफैंले स्वचालित संस्थाहरुमार्फत सामूहिक कार्यका निर्णय गराउन सक्छन् । यस्ता संगठनहरु सरकारी होइनन् र व्यक्तिले आआफ्नो इच्छाले सिर्जना गरेका हुन्छन् । काठमाडौंका नेवारको गुठी वा परम्परागत रुपमा ससाना कुलो संचालन व्यवस्था जनता आफैंले सिर्जना गरेका स्वचालित संस्थाहरु हुन् । यी संस्थाहरुमा सरकारको कुनै भूमिका रहँदैन । नेपाल भरिका सबै समूदायहरुले यस्तै संगठनहरुको निर्माण गर्दै जान सके मात्र व्यक्तिको स्वतन्त्रतामा सरकारले धावा बोल्न पाउँदैन । आत्मनिर्णयसहितको संघीयता भनि माग गर्नेहरुको धारणा यस्तै स्वचालित संस्थाहरुमार्फत व्यक्तिलाई

असर पार्ने कुराहरुको निर्णय गर्ने राजनीतिक व्यवस्थाको स्थापनाका लागि हो भन्ने बुझाई राखेपछिमात्र संघीयतामा आत्मनिर्णयको अधिकार बारे स्पष्ट हुन सकिन्छ । यी पंक्तिका लेखक २०४९ र ५० सालमा स्थानीय विकास मन्त्रालयको सचिव रहँदा मनांग जिल्लामा कार्यरत एक जना गाविस सचिवसँगको कुराकानीको स्मरण गर्नु सान्दर्भिक ठान्दछ । उनीसँगको भेटमा गाविसमा के कस्ता काम पर्दछन् र कामको चाप कस्तो छ भनि प्रश्न गर्दा उनले आफूलाई कुनै कामको चापै नभएको अनुभव सुनाए । त्यहाँको गाउँवस्तीमा आइपरेका सामाजिक, लेनदेन जस्ता कुराहरु गाउँले आफैंले छानेका व्यक्तिहरुको समूहले छिनोफानो एवं टुंगो लगाउने भएपछि गाविसको खासै काम हुँदैन थियो रे । सरकारी सेवा वा सुविधा प्राप्त गर्नका लागि गाउँलेहरुको अनुरोधमा गाविस सचिवको सही र समितिको छाप लगाउने काम बाहेक गाविस सचिवले गर्नुपर्ने काम कुनै हुँदैन थियो रे । जनताले आफूलाई पर्न सक्ने असरहरुका बारे आफैंले चुनेको संस्थामार्फत निर्णय गराउने भएपछि महेन्द्रपथीय सोचमा माथिबाट लादिएको गाउँ पंचायत वा गाउँ विकास समितिको कुनै भूमिका रहँदो रहेनछ । आत्मनिर्णय गर्न पाउनेहरुको अहिलेको माग पनि यस्तै खाले संगठन माथिबाट नलादियोस् भन्ने हो भनेर बुझ्नुपर्ने आजको आवश्यकता हो । एकात्मक सरकार र केन्द्रीकृत योजनामा विश्वास गर्नेहरुले मात्र केन्द्रलाई बलियो, ठूलो र यसको स्वरुपका बारे बढी बहस गर्छन् । व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्नेहरुले त सरकारको शक्तिलाई विभक्तीकरण गर्दै जनताले आफैंले सिर्जना गरेको स्वचालित संस्थाहरुको उन्नति र विकासमा ध्यान पुर्‍याउँछन् । यसैले आजभोलिको राजनीतिक बहस देशलाई संघीय बनाउने होइन केन्द्र बलियो बनाउँदै सीमित दलका नेताहरुले लामो समय शासन गर्ने प्रयासलाई संस्थापीकरण गर्न खोजिएको मात्र हो ।

# संघीय गणतन्त्र र आर्थिक उदारवाद

डा.भोलानाथ चालिसे

००-००-०००

जब कुनै पनि देशमा प्रजातन्त्र हुँदैन र अधिनायकवादीहरुले शासन गरिरहेका हुन्छन त्यस्तो अवस्थामा प्रजातन्त्रका बारे बरोबर छलफल एवम् बहस चलाइरहनुपर्ने आवश्यकता रहन्छ । यसो नगरेमा अधिनायकवादीहरु आफैँले आफ्नो अधिनायकवादी व्यवस्थालाई नै सक्कली प्रजातन्त्र भनेर घोषणा गरिरहन्छन् । विभिन्न खाले अधिनायकवादीहरुले प्रजातन्त्रलाई विभिन्न नाम दिँदै अधिनायकवादी व्यवस्थालाई निरन्तरता दिइरहेका हुन्छन् । नेपालमै राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्थालाई हावापानी, माटो सुहाउँदो प्रजातन्त्र भनेर व्याख्या गरे । यो व्यवस्थाले देशमा ३० वर्षसम्म राजाको अधिनायकवाद अविच्छिन्न रुपमा सञ्चालन भइरहृयो । नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् २०६३ र ६४ मा लोकतन्त्र आएको छ । संघीयतामा आधारित लोकतन्त्रलाई संस्थापकीकरण गराउनका लागि नयाँ संविधान लेख्ने कार्य अझै बाँकी छ ।

व्यक्तिले स्वतन्त्रतापूर्वक बाँच्न मात्र पाउने होइन स्वतन्त्रतापूर्वक आफ्ना निर्णयहरु आफैले कार्यान्वयन गराउनका लागि स्वतन्त्र वातावरण उपलब्ध गराउनसमेत अहिलेसम्म उपलब्ध रहेका राजनीतिक व्यवस्थामा प्रजातन्त्र सबैभन्दा उत्तम ठहरिएको छ । प्रजातन्त्रमा पनि संघीय शासन प्रणाली त अझ उपल्लोस्तरको राजनीतिक व्यवस्था मानिन्छ । एकातर्फ संघीयतामा सरकार जनताको सबैभन्दा नजिक रहेको हुन्छ भने अर्कोतर्फ केन्द्रमा केन्द्रित शासन गर्ने शक्तिहरु विभिन्न तहको सरकारहरुमा विकेन्द्रित गरिएको हुन्छ। एकै ठाउँमा रहेको शासन गर्ने शक्तिले व्यक्तिको स्वतन्त्रतालाई बरोबर हस्तक्षेप गरिरहने भएको हुँदा यस्तो शक्तिकेन्द्रलाई विकेन्द्रीकरण गर्न संघीयतालाई प्रजातन्त्रको  अझ उन्नत व्यवस्था ठानिन्छ। नेपाली जनताले संघीय गणतन्त्रको समर्थन यसैका कारण गरेका हुन् ।

नेपालीले संविधानसभाको चुनावमा कस्तो सरकार बनाउने भन्नका लागि भाग लिएका होइनन् । उनीहरुले त लोकतन्त्रमा आधारित संघीय संविधान निर्माणका लागि चुनावमा भाग लिएका हुन् । लोकतान्त्रिक संघीयतामा व्यक्तिले के गर्ने, के खाने, के लाउने वा कस्तो व्यवसाय रोज्ने भनेर सरकारले पटक्कै हस्तक्षेप गर्दैन । केन्द्रीय शासन र केन्द्रीय योजनाद्वारा राजनीतिक प्रणालीहरु सञ्चालन गर्दा तृणमूल तहमा प्रजातन्त्र संस्थापीकरण नहुने भएकाले देशलाई संघीय प्रणालीमा बदल्नुपरेको हो । सरसर्ती हेर्दा सरकारले केही पनि गर्नु नपर्ने भूमिकाका साथ संविधान लेखिनुपर्नेमा संविधानजस्तो मूल कानूनमै व्यक्तिले रोज्ने व्यवसाय कस्तो हुने, त्यस्तो व्यवसाय कुन प्रकारले सञ्चालन गर्ने र सरकारले केकस्ता निर्देशन दिनुपर्ने भन्ने विषयमा बहस हुनु नेपालको दुर्भाग्य हो । लोकतान्त्रिक संघीयतामा जाने भनिसकेपछि यस्तो बहस गर्नुभनेको केन्द्रीकृत शासनप्रणालीमा घुमाउरो पाराले फर्कने चेष्टा मात्र हो ।

कुन व्यवसाय, कुन प्रकारबाट सञ्चालन गर्दा व्यक्तिलाई फाइदा हुन्छ, त्यो निर्णय गर्न पाउने सार्वभौम अधिकार व्यक्तिको हो । कसैले निजी फर्ममार्फत व्यवसाय सञ्चालन गर्दा फाइदा हुन्छ भने त्यसैअनुरुप गर्छ, होइन सहकारीको रुपमा सञ्चालन गर्छ भने त्यसै प्रणालीलाई रोज्दछ । प्रजातन्त्रमा सरकारले कुनै प्रकारको प्रणालीअनुरुप नै व्यक्ति हिँड्नुपर्छ भनेर भन्नु, फेरि दोहोर्याएर भन्नुपर्छ, व्यक्तिको निर्णयगर्ने स्वतन्त्रतामा हस्तक्षेप हो र यस्तो हस्तक्षेप संघीय लोकतन्त्रमा सम्भाव्य नै हुँदैन । यस्ता हस्तक्षेपसहितको संविधान लोकतान्त्रिक हुनै सक्तैन ।

धनी देशमा समेत गरीबलाई गरीबीबाट उकास्नका लागि सरकारलेसबैथोक गर्नुपर्दछ भन्ने अवधारणा बलियो रुपमा रहेको छ । निजीक्षेत्र नाफामुखी हो, यसले मौका पाए मान्छेको रगतै चुस्छ र यसले आफूबाहेक अरुलाई वास्तै गर्दैन भन्ने मिथ्या धारणाका आधारमा यस्तो हुने गरेको छ । व्यक्ति आफैमा पशु होइन र व्यक्तिले अर्कोमानिसको रगत चुसेको अहिलेसम्म मानव इतिहासमा थाहा पाइएको छैन । व्यक्तिलाई डर, त्रास र धम्की विना निर्णय गर्न छोडिदिने हो भने उसले त्यस्तो निर्णयगर्दा आफूलगायत आफूवरिपरिका

सबैलाई सन्तुष्ट तुल्याउने प्रयास गर्छ । व्यक्तिका अति उत्तम गुणहरुमध्येको यो एउटा हो । यसका लागि व्यक्तिले स्वतन्त्र बजारमा स्वतन्त्रतापूर्वक वस्तु वा सेवाको खरीदविक्रीमा सहभागिता जनाउन पाउनुपर्दछ । हो, व्यक्तिले निर्णयगर्दा आफूलाई सबैभन्दा बढी फाइदा हुने गरी निर्णय गर्दछ तर स्वतन्त्र बजारमा एक व्यक्तिले यस्तो निर्णयगर्दा अर्को व्यक्तिलाई स्वतः फाइदा पुगिरहेको हुन्छ । आफ्नो बारीमा फलेको फर्सी बेच्ने किसानले पाएको पैसा तिरेर पसलबाट तेल किनील्याउँदा फर्सी बेच्ने र तेल किन्ने दुवैथरीको व्यक्तिगत सन्तुष्टि दुवैको आआफ्नो मूल्याङ्कनमा उच्चतम भइरहेको हुन्छ । यसमा फर्सीसँग तेल साट्नु हुँदैनथ्यो भनेर भन्ने सरकारको के अधिकार ? अथवा फर्सी र तेलको व्यापार बजारमा व्यक्तिव्यक्तिको मोलतोलाइबाट निर्णय नभई सरकारले मूल्य किन तोकिदिनुपर्यो ? व्यक्तिले फर्सी कहाँ बेच्ने अथवा तेल कहाँ बेच्ने भन्ने कुरामा सरकारले सहकारीमै लगी बेच किन भन्नुपर्यो ? सरकारले व्यक्तिको सम्बन्धमा निर्णय गर्न खोज्ने हो भने पहिला त उसले व्यक्तिको इच्छा र आकांक्षा बुझ्नै सक्दैन । दोस्रो, व्यक्तिले आफू सन्तुष्ट हुनका लागि आफैले गर्ने निर्णयरु जति उत्तम हुन्छन् त्यति उत्तम निर्णय सरकारले गर्नै सक्तैन । सरकारले गर्न खोज्ने हो भने उत्तम रुपमा निर्णय गर्नका लागि केन्द्रीय योजनाको आवश्यकता पर्दछ र यस्तो योजना सञ्चालनका लागि केन्द्रीय शासन र ठूलो आकारको कर्मचारीतन्त्रको आवश्यकता पर्दछ । केन्द्रीय योजनाले व्यक्तिलाई उन्नतितर्फ होइन दासतातर्फ लैजान्छ ।

नेपालमा संघीय लोकतन्त्र स्थापना गर्ने हो भने व्यक्तिगत स्वतन्त्रतामा सरकार त के कसैले पनि हस्तक्षेप गर्न नपाउने मात्र होइन उसका लागि अरु कसैले निर्णयगर्न पाउँदैन । राजनीतिक रुपमा एकातर्फसंघीय लोकतन्त्र भन्ने तर आर्थिक हिसाबले व्यक्तिले गर्ने क्रियाकलापहरुमा तीनखम्बे, चार खम्बे, पाँचखम्बे नीति भन्दै केन्द्रीय योजना र केन्द्रीय शासन लागू गर्न खोज्ने प्रयास कदापि नैतिक ठहरिँदैन । नैतिकतामा आधारित शासन मात्र प्रजातान्त्रिक हुन सक्तछ र यस्तो नैतिकता जनताको समर्थनबाट मात्र प्राप्त हुन सक्दछ । संघीय लोकतान्त्रिक संविधान लेख्नका लागि पठाइएका राजनीतिक प्रतिनिधिहरुले व्यक्तिको स्वतन्त्ररुपले निर्णय र व्यवसाय गर्न पाउने अधिकारमा हस्तक्षेप गर्नुभनेको अनैतिक कार्य हो ।

# भाग ५

# सरकारको भूमिका

# उदारवादका हिमायती डा. भोलानाथ चालिसेको सम्झनामा

माननीय डा. रामशरण महत *

सन् १९८५ ताका, जतिबेलामा म संयुक्त राष्ट्रसंघमा कार्यरत थिए, मेरो चिनजान डा. भोलानाथ चालिसेसँग भएको हो । उहाँ त्यसबेला भर्खरै आफ्नो विद्यावारिधिको पढाइ सकेर नेपाल फर्कनु भएको थियो । उहाँ उद्योग मन्त्रालयमा सह-सचिव हुनुहुन्थ्यो । म पनि त्यसै समयमा विश्व बैंकद्वारा वित्तीय सहयोग प्राप्त एक परियोजनमा उद्योग मन्त्रालयकै अन्तर्गत रहेर काम गर्दर्थे । त्यसै सिलसिलामा उहाँसँग मेरो भेट भएको थियो । तर पछि, उहाँसँगको अर्न्तक्रिया र औपचारिक सम्बन्ध वि.सं २०४८ मा म योजना आयोगको उपाध्यक्ष भएको बेला औद्योगिक नीति र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनको संसोधन गर्ने सिलसिलामा भएको हो । त्यसै समयमा उहाँको विचार बुझ्ने अवसर मलाई जुरेको थियो । त्यस समयमा डा. चालिसे, म र योजना आयोगका अन्य सहकर्मीहरू स्वदेशी तथा विदेशी लगानीलाई प्रवर्द्धन गर्नु पर्दछ भन्ने पक्षमा थियौं । उहाँको यी नीति तथा ऐन तर्जुमा गर्ने सवालमा महत्वपूर्ण भूमिका रहेको थियो । यो सम्बन्धमा मेरो विश्वास के पनि रहेको छ भने, यी नीति तथा ऐन तथा अन्य दस्तावेजहरूले २०४६ पछिको लगानीको वातावरणको विकास गर्नलाई आधारशिलाको काम गऱ्यो । त्यसबेला, उत्पादक क्षेत्रको कूल गार्हस्थ उत्पादनको ६ प्रतिशतको योगदान थियो, जुन बढेर १२ प्रतिशत हुन गयो ।

डा. चालिसे त्यस पछि स्थानीय विकास मन्त्रालयमा पदोन्नति भइ सरुवा हुनु भयो । म उहाँको यो सरुवा प्रति खासै सन्तुष्ट थिइन, मेरो विचारमा उहाँ उद्योग मन्त्रालयका लागि नै उपयुक्त व्यक्ति हुनुहुन्थ्यो । तर, उहाँको

* लेखक माननीय व्यस्थापिका संसदका सदस्य तथा पूर्व अर्थमन्त्री हुनुहुन्छ र यो लेख वहाँसँगको कुराकानीमा आधारित भई लेखिएको हो ।

विचारमा उहाँ त्यसबेलाको स्थानीय प्रशासनलाई विकेन्द्रीकरण गर्ने सोचमा स्थानीय विकास मन्त्रालयमै काम गर्ने सोचमा दृढ हुनुहुन्थ्यो । सरकारी सेवाबाट अवकास भएपछि उहाँलाई नेपाल विद्युत प्राधिकरणको प्रबन्ध निर्देशकको रुपमा काम गर्न आग्रह गरिएको थियो जुन उहाँले सहर्ष स्वीकार्नु भयो । ने.वि.प्रा.बाट उहाँको राजिनामा पछि उहाँलाई वाणिज्य बैंकको अध्यक्षको रुपमा काम गर्न आग्रह गरियो । उहाँले त्यो जिम्मेवारी पनि अति नै इमान्दारिताका साथ निभाउनु भयो । मेरो अनुभवमा जहाँ जहाँ डा. चालिसेलाई जिम्मेवारी सुम्पिएको थियो, उहाँले त्यहाँ त्यहाँ आफ्नो जिम्मेवारी अति नै कुशलता र इमान्दारिताका साथ निभाउनु भयो । मेरो व्यक्तिगत नजरमा उहाँ एक कर्मठ, कर्तव्यनिष्ठ, स्पष्टवादी तथा इमान्दार सरकारी कर्मचारी हुनुहुन्थ्यो ।

मेरो र डा. चालिसेको विचार र चिन्तनमा खासै सैद्धान्तिक भिन्नता छैन । उदाहरणका लागि व्यक्तिगत सम्पत्ति माथिको अधिकारको कुरा गरौं । सम्पत्ति माथिको अधिकार आधारभूत मानव अधिकार हो । मानव समाजमा जे जति प्रगति तथा आर्थिक उन्नति भएका छन्, त्यसको मूल आधार सम्पत्ति माथिको अधिकार नै हो । सम्पत्ति माथिको अधिकारको सुरक्षा नहुँदा कुनै पनि मुलुकको आर्थिक उन्नति सम्भव छैन । व्यवहारिक रुपमा कुनै पनि व्यक्तिले आफूले कमाएको सम्पत्तिको प्रतिफल आफैंले उपभोग गर्न पाउने आशामा नै मानिसले गर्दछ । यसका लागि मानिसले आफ्नो श्रम, बुद्धि तथा विवेकको प्रयोग गर्दछ । उद्यमशीलतको जन्म पनि यहिँबाट हुन्छ । सम्पत्ति माथिको अधिकार नै मानिसका लागि अघि बढ्ने उत्प्रेरणा हो । उदाहरणका लागि, सोभियत संघमा सामुहिक कृषि फार्मको असफलताको कारण के हो तः जसले गर्दा अन्तत त्यहाँ पनि व्यक्तिगत रुपमा कृषि गर्न नै प्रोत्साहित गर्नु पऱ्यो ? मेहेनेतले आर्जन गरेको ठूलो हिस्सा आफैं पाइन्छ भन्ने प्रत्याभूति हुनासाथ मानिसले काम गर्छ, अन्यथा गर्दैन । जब केही कुरा सबैको हुन्छ, तब कसैको हुँदैन । यस कुरालाई अझ स्पष्ट पार्ने उदाहरण प्रशस्तै छन् । एक बेलायती लेखक नेल फर्ग्युसनको अनुसन्धानलाई आधार मान्ने हो भने पश्चिमी सभ्यता पूर्वी सभ्यता भन्दा अघि बढ्नुको मुख्य कारण पश्चिमी जगतमा व्यक्तिगत सम्पत्ति माथिको अधिकारको प्रत्याभूति नै हो । डा. चालिसेको पनि यस सवहालमा समान चिन्तन रहेको थियो ।

नेपालमा हामीले राजनीतिक अस्थिरता भोग्दै आएका छौँ । सरकार बद्लिएसँगै धेरै संरचनाहरूमा परिवर्तन आउँछ । विशेषगरी वामपन्थी राजनीतिक दलहरू सरकारलाई ठूलो बनाउने पक्षमा वकालत गर्दै आएका छन् र त्यसै अनुरुप कार्य पनि गर्दछन् । तर, मेरो मान्यतामा सरकार ठूलो होइन बलियो हुनुपर्दछ । सरकारले सबै काम गर्ने होइन तर विधिको शासन स्थापित गराउनका लागि बलियो हुनु भने आवश्यक हुन्छ । उदार अर्थ नीतिमा मानिसहरूले सरकारको भूमिका घट्छ भन्ने कुरामा चिन्ता गर्छन्, तर आवश्यकता नै त्यही हो । सरकारको भूमिका घट्न सक्छ तर जुन जुन कुरामा सरकारको उपस्थिति हुन्छ, त्यहाँ बलियो उपस्थिति हुनु आवश्यक रहेको छ । हिजोको दिनमा उद्योग धन्दा व्यापार बन्दमा सरकार लाग्नु पर्छ भन्ने धारणा थियो, त्यो गलत हो । सबै स्थानमा सरकार लाग्न थाल्यो भने केही पनि मजबुत हुँदैन । उदाहरणका लागि यदि सरकारले सम्पत्ति माथिको अधिकारलाई सुनिश्चित मात्रै गर्न सकेको खण्डमा, उद्योग धन्दाको प्रवर्द्धन जनताले आफैँ गर्नेछन् । तसर्थ, देशमा आर्थिक वृद्धिका लागि, जनताको जिऊधनको सुरक्षा, नागरिकको अधिकारको प्रत्याभूति, र विधिको शासन स्थापित गर्नका लागि सरकार सीमित क्षेत्रमा बलियो हुनुपर्दछ ।

व्यक्तिगत स्वतन्त्रता लोकतन्त्रको आधार हो, मानव अधिकार हो । स्वतन्त्रता तर स्वच्छन्दता होइन । आफ्नो स्वतन्त्रताको अधिकारको उपयोग गर्दा अरुको अधिकारको हनन् गर्न पाइदैन । जब आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकारको हनन् हुन्छ, त्यसै समयमा स्वतन्त्रता स्वच्छन्दतामा परिणत हुन्छ । उदाहरणका लागि, तपाईंसँग हात हल्लाएर हिँड्ने स्वतन्त्रता छ, तर त्यसरी हिँड्दा अरुको नाकमा ठोकिनु भएन । यदि ठोकिएमा तपाईं कानून सम्मत क्षतिपूर्ति बेहोर्न तयार हुनुपर्दछ । हालैको मधेस आन्दोलनमा मेरो भनाइ पनि यहि हो । मधेसको मुद्दालाई लिएर आन्दोलन गर्ने अधिकार मधेसी दलहरूसँग सुरक्षित छ, तर आन्दोलनमा विद्यार्थीको पढ्ने अधिकार, आम नागरिकको हिँड्डुल गर्ने अधिकार, व्यवसायीको व्यवसाय गर्ने अधिकार कुन्ठित गर्न भने पाँइदैन । तसर्थ, अरुको अधिकार हनन् गरेर आफ्नो स्वतन्त्रता प्राप्त हुन सक्दैन ।

व्यक्तिगत स्वतन्त्रता हुँदा सामाजिक न्याय हुँदैन भन्ने व्यक्तव्यहरू सुनिन्छ, जुन सवर्था गलत हो । आज हाम्रो समाज परिवर्तनको युगमा छ । हिजोको दिनमा पूँजीवादले बढी शोषण गरेको आरोप लगाइन्थ्यो, सामाजिक न्याय विकृत भएको अवस्था थियो भनेर प्रचार गरिन्थ्यो र त्यसैको बलमा समाजवादी आन्दोलन अघि बढ्यो । पूँजीले श्रमको शोषण गऱ्यो भन्ने आधारमा नै मार्क्सवादी आन्दोलन सुरु भयो । त्यस समयमा भोटको अधिकार पूँजीपति तथा शासक वर्गमा निहित थियो । तर विश्वभर लोकतन्त्रको आगमनसँगै सामाजिक न्यायमा आमूल परिवर्तन भयो । हिजोको पूँजीवादको शोषण प्रदत्त प्रारुपलाई लिएर आजको पूँजीवादलाई आलोचना गर्न मिल्दैन । समयसँगै, पूँजीवादमा परिवर्तन आएको छ । खुला अर्थतन्त्रमा सबैको व्यापार व्यवसाय गर्ने र कानून प्रतिको अधिकार समान हुन्छ । अहिलेको समयमा मानवता सहितको पूँजीवादलाई नै समाजवादको रुपमा बहस गर्न थालिएको छ । त्यसैले, आजको समयमा समाजवादले पूँजीवादलाई समावेश नगरी अघि बढ्न सक्दैन । अहिलेको युग सन्तुलनको युग हो ।

समाजवादको कुरामा परोपकारी राज्यको अवधारणा पनि सँगसँगै गाँसिएर आउँछ । यो एक पेचिलो विषयवस्तु हो । जबसम्म कुनै पनि राज्यले आफूले वहन गर्ने खर्चमा सन्तुलन मिलाउन सक्छ वा धान्न सक्छ, उसले परोपकारी काम गरे हुन्छ, तर एकजनाको सम्पत्ति खोसेर अर्कोलाई दिने कार्य यसमा अटाउदैन । सामाजिक सुरक्षाको नाममा नागरिकलाई अल्छी बनाउने कार्य गरेमा त्यो दीगो हुँदैन । यसमा नीति निर्माताहरूले सामाजिक सुरक्षाको नाममा गर्ने खर्चलाई नागरिकहरूले परजीवी हुने आधार नबनाउन् भन्ने कुरामा सर्तक रहनु पर्दछ । सस्तो लोकप्रियताका लागि सामाजिक सुरक्षाका क्षेत्र बढाउने कार्य गरिनु हुँदैन ।

सन्तुलित ढंगले सामाजिक न्याय र उदारवादी अर्थतन्त्रलाई अघि बढाउन सकिएको खण्डमा कुनै पनि मुलुक अघि बढ्न सक्छ । उदारवादी अर्थतन्त्रले अति राजनीतिककरणलाई नर्काछ । उदारीकरणले क्षमतालाई प्रवर्द्धन गर्छ । त्यसैगरी, उदार अर्थतन्त्रमा सरकार तथा निजामती कर्मचारी नागरिक प्रति

उत्तरदायी हुन्छन्, राजनीतिक भरण पोषणमा उनीहरूको पदोन्नति निहित नभई नागरिकलाई गरेको सेवाले निर्धारण गर्दछ । नेपालमा पनि त्यस्तो अभ्यासको थालनी वि.सं. २०४६को जनआन्दोलन पछि भएको हो, जसमा डा. चालिसे जस्ता कर्तव्यनिष्ठ सरकारी कर्मचारीको भूमिका महत्वपूर्ण रहेको थियो ।सरकारी सेवामा उहाँजस्ता कर्मचारीको बाहुल्यता बढाउनका लागि राजनीतिक पूर्वाग्रहभन्दा पनि क्षमताका आधारमा प्रोत्साहन तथा कारबाही गर्ने व्यवस्था लागू गरिनु पर्दछ । सम्पत्ति माथिको अधिकारको कार्यान्वयन् लगायत पारदर्शी कानूनको व्यवस्था पनि सँगसँगै लागु गरिनु पर्दछ । यो नेपालमा पनि सम्भव छ, अभाव इच्छाशक्तिको मात्र हो ।

# कुशासनभन्दा “अशासन” राम्रो

डा.भोलानाथ चालिसे

१-१५ पुस २०६४
हिमाल खबरपत्रिकामा प्रकाशित

**सरकारले आफूले सुपरिवेक्षण गर्न नसक्ने नीतिहरु कार्यान्वयन गर्न खोज्नुको साटो निजी क्षेत्रकै हातमा छोडिदिनु बेस भन्ने कुरा सोमालियाको पाठले पनि सिकाएको छ ।**

मानिसमात्र यस्तो प्राणी हो, जो निरन्तर प्रगतिका लागि प्रयत्न गरिरहन्छ । सरकारले व्यक्तिका प्रगतिउन्मुख उत्साह र प्रेरणालाई नियम-कानूनको नाममा नियन्त्रण तथा हस्तक्षेप नगरी दिए मानव जातिको विकास धेरै माथि पुगिसक्ने थियो । तर, यति हुँदाहुँदै पनि मानिसले हिजो भन्दा आज र आजभन्दा भोली प्रगति गर्दै गइरहेको छ । आपतविपत र संक्रमणको अवस्थामा बाँच्ने र विकासमा अगाडि बढ्ने नयाँ नयाँ सोचको आविष्कार गरिरहेको छ ।

राजनीतिज्ञहरु संक्रमणकालका कुशल व्यवस्थापक हुन् । नेपालमा पनि अहिलेको संक्रमणकाललाई राजनितिज्ञहरुले मिलाउँछन् भन्ने आश जनताले गरेका थिए । तर अब यो आश मरेर जाने सम्भावना देखिएका छन् । राजनीतिज्ञहरुले गर्न नसकेका काम अरु कसैले गर्न सक्छन् भन्ने सो चले नै तानाशाहहरुलाई जन्माउँछ । सामन्ती सोच र संस्कारमा हुर्केका, राज्यको शक्ति बढाएर त्यसको दुरुपयोग गर्न पल्केका र प्रजातन्त्र संस्थागत भएमा आफ्नो स्थिति एवं शक्ति खस्किने डर पालेका बुद्धिजीविहरु दयालु अधिनायक (बेनेभोलेण्ट डिटेक्टर) वा ‘टेक्नोक्रयाट्’ले संक्रमणकाल व्यवस्थापन गर्न सक्दछ् भन्दै हिँडछन् । तर त्यस्तो व्यवस्था असफल भएका उदाहरण धेरै खोजिरहनु पर्दैन, पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफ र पाकिस्तानको अवस्था नै पर्याप्त छ ।

नेपालमा अहिले भ्रष्ट र खराब शासनभन्दा 'अशासन' अर्थात् शासनविहिनता नै ठीक हुने कुरा हाम्रै जस्तो राजनीतिक अन्यौलमा फँसेको अन्य मुलुकका अनुभवले प्रष्ट गर्दछ्न । गृहयुद्धमा होमिएको सोमालियामा सन् १९९१ मै सरकार असफल भएपनि अहिलेसम्म परम्परागत सोचका बुद्धिजीविहरुले भविष्यवाणी गरे अनुसार देश भासमा गएको छैन । राजधानी मोगाडिसुको एयरपोर्टको सुरक्षा निजी क्षेत्रले गरेको छ, त्यहाँ कुनै विमानचालकले सुरक्षाका कारण ओर्लन इन्कार गरेको छैन । धेरै देशमा केन्द्रीय बैंकले संचालन गर्ने विदेशी मुद्राको कारोबार समेत निजी क्षेत्रले गर्दछ । निजी क्षेत्रबाटै संचालित दूरसन्चार सेवा अफ्रिका महाद्विपमै सस्तो र भरपर्दो मानिन्छ । विकासका लक्षण मानिने औसत आयु बढेको छ, बाल मृत्युदर, खानेपानीको उपल्बधता आदिमा सुधार आएको छ ।

प्रजातन्त्र आए तापनि प्रजातान्त्रिक संस्थाहरु संस्थागत हुन नसकेमा नेपालमा पनि केही सफल संस्थाहरुको उदाहरणबाट सिक्न सकिन्छ । वर्षौंदेखि चरम राजनीतिकरण भोगिरहेको त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक नियुक्त गर्ने सेवा आयोग समेत सरकार चलाउने पार्टीको एउटा राजनीतिक निकायजस्तौ भएको छ। तर त्यही त्रि.वि. अन्तर्गत इन्जिनियरिङ्ग र चिकित्साशास्त्र अध्ययन संस्थान पनि छन्, जसको भर्नामा धाँधली भयो भनेर अहिलेसम्म कसैले औंला ठड्याउन सकेको छैन । यिनका उत्पादनको योग्यता र क्षमता तिनले आफ्नो व्यवसायमा देखाएको सफलताले नै पुष्टि गर्दछ । सरकारले इन्जिनियर, डाक्टर नियुक्त गर्दा निष्पक्ष रुपले परिक्षा संचालन गरेको छ भने इन्जिनियरिङ्ग र चिकित्साशास्त्र अध्ययन संस्थानकै विद्यार्थी धेरै पास भएको उदाहरण छन् । उनीहरु विदेशमा समेत चम्के का छन् । लोकसेवा आयोगले संचालन गरेका परिक्षा र छनौट प्रक्रियामा कसैले खोट लगाउन सक्दैन । नेपालमा अहिलेका सर्वशक्तिमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भनसुन लगाए पनि कसैले लोकसेवा आयोग पास गर्न सक्दैन । राम्रोसँग काम गर्ने हो भने कुनै राजनीतिज्ञले हस्तक्षेप गर्ने आँट गर्न सक्दैन ।

व्यक्तिको स्वतन्त्रतालाई संस्थागत गर्ने सीमित क्षेत्रमा ब्युरोक्रेसी आवश्यक हुन्छ तर त्यसैले बढी बाधा पनि पुऱ्याउँछ । व्यक्तिको बुद्धिको अत्यन्त आवश्यकता हुने उद्यम व्यवसाय, विकास निर्माण कार्यहरुमा कर्मचारीले जोखिम लिए पनि नलिए पनि उति तलब पाउने भएकोले त्यही जोखिम मोल्न चाहँदैनन् । नियम र कानून हेरेर निर्णय गर्नुपर्ने न्यायाधीश, एउटाको शक्तिको दुरुपयोगबाट अर्कोको स्वतन्त्रता हनन रोक्नुपर्ने प्रहरी, ट्याक्सीको मिटर दुरुस्त राख्नुपर्ने नापतौल र औषधिको गुणस्तर हेर्नुपर्ने औषधि व्यवस्था विभागका कर्मचारी आदि भ्रष्ट भएका कारण आजको स्थिती उत्पन्न भएको हो । यहाँसम्म कि, नेपाल मेडिकल काउन्सिलको परिक्षाको प्रश्नपत्र समेत परिक्षा अघि नै योग्यता सूचीमा तल परेका र निम्नस्तरीय शिक्षण संस्थाबाट पढेर आएका डाक्टरहरुका हातमा पुगेका छन् ।

आजका नेपाली राजनीतिज्ञहरुको चालामाला हेर्दा यिनले संविधानसभाको चुनाव अर्को पाँच-सात वर्षमा पनि गराउलान् भन्ने जस्तो देखिदैंन । के अब 'संविधानसभा संविधानसभा' भन्ने रट लगाएर यी वर्ष यसै खेर जान दिने ? यसो गर्नु आत्महत्या गर्नुसरह हुनेछ । देशको अर्थतन्त्रलाई गतिशील बनाइराख्न ब्युरोक्रेसी अर्थात न्याय प्रशासन, सुरक्षा निकाय र जनप्रशासनले नियम कानून कार्यान्वयन गर्ने यन्त्रको रुपमा मात्र काम गरेर अरु सबै काम निजी क्षेत्रलाई छोडिदिनुपर्दछ ।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना पश्चात् शुरु भएको आर्थिक उदारवादको कार्यक्रम २०५१ सालको आमनिर्वाचन पछाडि धकेलियो । आर्थिक उदारवादलाई निरन्तरता दिन राजनीतिले स्पष्ट स्वरुप लिनुपर्दछ भनेर कुर्दाकुर्दै १३ वर्ष खेर गयो । राजनीतिज्ञले नेतृत्व दिन नसकेपछि कर्मचारी नै उदारवादी भएर देखिए तर तिनले राम्रो बनाउँछु भनेको उदारवाद भगवानले मान्छे बनाउन खोज्दा बन्न पुगेको ऊँट जस्तो भयो । कम्पनी ऐन, २०५३ मा सुधार गर्ने नाममा निजी क्षेत्रले खोलेका कम्पनीको बोर्डमा सरकारद्वारा मनोनित व्यक्ति सदस्य हुने राष्ट्र व्याङ्कले निजी क्षेत्रका बैंकहरुको सुपरिवेक्षणमा गर्न नसकेको कमजोरी ढाकछोप गर्न

ती व्याङ्कमा सरकारले सञ्चालक नियुक्त गर्ने जस्ता प्रावधान राखियो । जोखिम उठाएर कम्पनी र बैंक स्थापना गर्ने निजी क्षेत्र, तर तिनका बोर्ड सदस्य र सञ्चालक हुने सरकारका प्रतिनिधि ? पर्यटन क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्न खोलिएको नेपाल पर्यटन बोर्डमा होटेल संघ ट्राभल र ट्रेकिङ्ग एजेन्ट्स एसोशिएसनजस्ता संस्थाले तोकेका प्रतिनिधिको साटो सरकारले गठन गरेको छनौट समितिले छानेका सदस्य राख्ने व्यवस्था गरेर सरकारको हस्तक्षेपको लागि बाटो खोलिएको छ। छनौट समितिमा आफ्ना मान्छे राखेर सरकारले पर्यटन बोर्डको सदस्य र कार्यकारी प्रमुखमा आफ्ना मान्छे ल्याउन खोज्दा भएको नाटक सञ्चारमाध्यममा छरपस्ट भएकै हो । नेपालको अर्थतन्त्रमा ठूलो भूमिका रहेको वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्ने नाममा सरकारले त्यहाँ पनि धेरै हस्तक्षेप गर्ने गरेको छ ।

जलस्रोतको यथेष्ट उपयोगका लागि जलस्रोत ऐन, २०४८ मा सुधार गर्न सात-आठ वर्षदेखि शुरु गरिएको काम अझै अधुरो छ । यर्थाथमा जलस्रोत ऐन, २०४८ ले जलस्रोत मन्त्री र सचिवलाई यथेष्ट तजबिजी अधिकार दिएकोले मन्त्री र सचिव यसलाई पारदर्शी र निजी क्षेत्रलाई लगानी गर्न सजिलो बनाउनुको साटो त्यही तजबिजी अधिकार प्रयोग गरेर यथेष्ट पैसा कमाउन लागिपरेको छन् । तराईको वनजस्तो व्यवसायीकरण र निजीकरण गरेर नेपालमा हाल उठ्ने गरेको राजस्वभन्दा बढी आम्दानी गर्न सकिने क्षेत्रलाई राजनीतिज्ञहरुले कर्मचारीतन्त्रको नियन्त्रणबाट बाहिर ल्याउनुको साटो त्यसैबाट भाडा असुल्ने काम गरिरहेका छन् ।

उदारवाद के हो भन्ने बारे राजनितिज्ञ र अनुदारवादी ब्युरोक्रयाट्सहरुले बेलाबेलामा प्रश्न उठाइरहेका हुन्छन् । सबै मानिसलाई समान बनाउनु पर्दछ र सार्वजनिक वस्तु सरकारले उपलब्ध गराउनुपर्दछ भन्ने गैर-आर्थिक तर्कका आधारमा सरकारी हस्तक्षेप बढाइरहेका हुन्छन् । कुन नीति उदारवाद वा अनुदारवादी हो भनेर छुट्याउने एउटै कसी त्यस्तो नीतिले व्यक्तिगत स्वतन्त्रतामा कत्तिको हस्तक्षेप गऱ्यो वा गरेन भन्ने हो । नेपालमा जसले जस्तो हठ लिएपनि अनुदारवादी नीतिहरु कार्यान्वयन हुने अवस्था र सम्भावना छैन ।

राजनितीज्ञहरु अलमलिइरहे पनि नेपालको सम्भावना रहेका क्षेत्रमा उदारवादी नीति अवलम्बन गर्न सकियो भने अर्थतन्त्र गतिशील रहन्छ, होइन भने अर्थतन्त्रसंगै सबै अँध्यारो खाल्डोमा पर्न सक्छौं । सरकारले रेफ्रीका भूमिका निर्वाह गर्छु भनेर तर्जुमा गरेको नीतिको कार्यान्वयनमा त्यो भूमिका निर्वाह गर्न नसक्दा एउटा अनुशासित रहनुपर्ने खेल भाँडभैलोमा परिणत हुन्छ । सरकारले आफूले सुपरिवेक्षण गर्न नसक्ने नीतिहरु कार्यान्वयन गर्न खोज्नुको साटो निजी क्षेत्रकै हातमा छोडिदिनु बेस भन्ने कुरा सोमालियाको पाठले पनि सिकाएको छ ।

# व्यक्तिगत सम्पत्ति र राष्ट्रको उन्नति

डा. भोलानाथ चालिसे

१-१५ चैत्र २०६१
हिमाल खबरपत्रिकामा प्रकाशित

उदारवादमा विश्वास गर्नेहरु 'व्यक्तिगत सम्पत्तिको अधिकार संरक्षित भयो भने मानिसले आफ्ना अरु अधिकार आफैं संरक्षण गर्न सक्छ' भन्ने कुरामा स्पष्ट विश्वास राख्छन् । तर वर्तमान युगमा पनि कतिपय विकसित हाम्रोजस्ता अविकसित देशहरुमा राज्यले विभिन्न बहानामा व्यक्तिको निजीसम्पत्तिमाथि अतिक्रमण गरिरहेकै छ । सम्पत्ति कमाउने, बेचबिखन गर्ने वा दानदातव्यमा दिने अधिकार कुण्ठित पारेपछि नागरिकमाथि चाहे अनुरुप शासन गर्न अनि विकास, गरिबी निवारण आदिका नामम आफू र आफन्तजनहरुलाई फाइदा हुने गरि स्रोतहरुमा ब्रह्मलुट मच्चाउन पाइने हुनाले शासकहरुले यसरी व्यक्तिगत सम्पत्तिमाथि आक्रमण गर्ने गरेका छन् । यस्ता देशमा जजसले सरकारी शक्तिको दुरुपयोगबाट सम्पत्ति कमाएका हुन्छन्, तिनले नै व्यक्तिगत सम्पत्तिको अधिकारमाथि प्रहार गर्ने गर्छन ।

व्यक्तिगत सम्पत्ति सुरक्षित भएपछि मात्रै मानिस आफ्नो नवीन चिन्तनको उपयोग गर्दै उन्नतिको पथमा लाग्दछ । यसको फाइदा उठाउँदै शक्ति, समाज र राष्ट्र सभ्य एवं समुन्नत हुँदै जान्छन् । *(हे. यससँग सान्दर्भिक चिनको दृष्टान्त- पृष्ठ २०-२१)* प्राकृतिक स्त्रोत कम भएका हल्याण्ड, स्वीटजरल्याण्ड, कोस्टारिका, इजरायल, डेनमार्क जस्ता स-साना मुलुकहरुले व्यक्तिको नवीन चिन्तनको अत्याधिक उपयोग गरेकै आधारमा अदम्य विकास गरेको हुन । नेपालमै पनि प्राकृतिक स्रोतविहिन दुर्गम मनाङका बासिन्दाले हङ्गकङ्ग, सिङ्गापुर, थाइल्याण्डबाट मालसामान आयात गरेर धन कमाएको उदाहरण हाम्रो अगाडि छर्लंगै छ । तर मनाङ्गवासीहरुले आफ्नो बुद्धि र मेहनतबाट कमाएको देखी नसहने काठमाण्डौंका 'भारदार' हरुले उनीहरुको व्यवसायलाई यति तल्लो स्तरमा ओरालिदिए कि 'मनाङ्गे'

भन्ने नाम नै तस्करको रुपमा दुर्नाम हुन पुग्यो । यी भारदार भनेको तिनै कर्मचारी, राजनेता र व्यापारी हुन्, जो जहिले पनि तेस्रो मुलुकबाट सामग्री आयात गरेर र सेन्थेटिक टेक्सटायल, विद्युतिय उपकरण उत्पादन आदिको इजाजत बाँडचुँड गरेर खाइरहेका छन् ।

व्यक्तिगत लगनबाट अत्यन्त प्रतिकूल अवस्थामा जीविका चलाउनेदेखि ठूला प्रगति गर्नेसम्मका अरु थुप्रै उदारहण पनि भेटिन्छन् नेपालीहरुबीच । मुखभरि बिउ हालेर रुखबाट तलको ठाडोभिरमा खसाली मकै फलाउने, भिर माहुरीको मह काढ्नेहरुका कथा व्यक्तिले आफ्नो बुद्धि-बर्कत सूदूरपूर्वको स्वीटजरल्याण्डबाट ऊन झिकाएर गलैंचा बनाई जर्मनीजस्तो विकसित देशका विशेष रुचि र माग भएका ग्राहकलाई बेच्न नेपालीहरु सफल भएका उदारहणलाई लिन सकिन्छ ।

दुई सय वर्ष अगाडिको युरोप र अहिलेको नेपालको स्थिती भिन्न हुन् । तर युरोपेली मुलुकले त्यत्रो विकास गरे भने नेपाल उनीहरुभन्दा कता हो कता पछाडि छ । पश्चिमा देशका सरकारहरुले व्यक्तिगत सम्पत्ति खोस्ने होइन, त्यसलाई व्यक्तिको आधारभूत अधिकारको रुपमा लिई त्यसको उपयोगमा आइपर्ने जोखिम घटाउने काम गरे । व्यक्तिको लगानी डुब्यो भने घरघरानाबाट तिर्नु नपर्ने, लगानी गरेको हदसम्म मात्र घाटा बेहोर्नेपर्ने सीमित दायित्व भएका कम्पनीसम्बन्धी कानुनको विकास यसको एउटा ज्वलन्त उदाहरण हो । यस्तो कानून बनेपछि व्यक्तिहरुले बढी जोखिम लिई लगानी गर्न थालेकाले यूरोपमा आर्थिक उन्नतिको ढोका खुलेको हो । नेपालमा भने राज्य जहिले पनि व्यक्तिको सम्पत्ति कसरी खोस्ने भन्ने उपक्रममा लागेको देखिन्छ ।

नेपालले खुला एवं उदार समाजको दिशामा पाइला चालेको विगत १५ वर्षको उपलब्धिलाई मात्रै हेर्ने हो भने पनि व्यक्तिले आफ्नो नवीनतम् सोचको उपयोग गरेर उन्नति गरेका राम्रै उदाहरणहरु भेटिन्छन् । मेरो गाउँ नजिकै नुवाकोटका एक गुरुङ्ग बस्दछन् जो अहिले खाडीमुलुकमा काम गर्न गएका छन् । पहिलो पटक विदामा आउँदा उनले काठमाण्डौंमा चार

आना जग्गा किनेर सानो घर बनाए । त्यसपछिको कमाइबाट आफ्नो सात वर्षीय छोरालाई डाक्टर बनाउने योजना गरेका छन् । उनलाई यो आँट आफ्नो मेहनत र विगत १५ वर्षमा नेपालमा खुलेका मेडिकल कलेजले दिएका हुन् । जबकि २०४०-४५ सालसम्म मन्त्रालयको सचिवले समेत आफ्ना छोराछोरीलाई डाक्टर बनाउने आँट गर्न सक्दैनथे । किनभने एकातिर निजी खर्चमा विदेशमा पढाउन धेरैका लागि असम्भव थियो भने अर्कोतिर नेपालमा मेडिकल कलेजहरु खुलेकै थिएनन् ।

प्रजातन्त्र पुनः बहालीपूर्व बद्री पगेनी, शिला आलेहरुले आफ्ना गीतहरु बजारमा ल्याउनु परेको भए तिनले रेडियो नेपालमा गएर स्वर परिक्षण गराउनुपर्दथ्यो । बाहिरका कति प्रतिभाहरु स्वर परिक्षा दिन काठमाण्डौं आउने आँटै गर्न सक्दैनथे भने आउनेहरुले पनि लामो समय कुर्नुपर्थ्यो । सञ्चार मन्त्रालय वा रेडियो नेपालमा 'आफ्ना मान्छे' नभए जतिसुकै राम्रो स्वर भए पनि उत्तिर्ण नहुने सम्भावना हुन्थ्यो । निजीक्षेत्र, रेकर्डिङ्ग स्टुडियो, म्यूजिक कम्पनी र एफएम रेडियोहरु सञ्चालन हुन थालेपछि पँगेनी र आलेहरु औसत नेपालीको दाँजोमा राम्रोसँग दुई छाक खान र काठमाण्डौंमा घरघडेरी जोड्न सक्ने भएका छन् ।

गुरुङ्ग, पँगेनी र आलेका माथिका उदाहरणहरुले, व्यक्तिमा नवीनतम सोच एवं परिश्रम गर्ने बानी छ भने जीवन धान्न र उन्नति गर्नका लागि प्रशस्त अवसर छन् भन्ने देखाउँछन् । नेपालमा भर्खरै पाइला चाल्न थालेको उदार एवं खुल्ला व्यवस्थाले नै उनीहरुलाई आफ्नो श्रम र बुद्धिको अधिकतम उपयोग गर्ने अवसर र प्रेरणा दिएको हो । नेपालमा बहुदलीय प्रजातन्त्र नआएको भए न त पँगेनी र आलेको *'कान्छी सालीमा.....'* भन्ने सुमधुर गीत सुन्न पाइने थियो, न गुरुङ्ग भाइले छोरालाई डाक्टरी पढाउने यो जना बनाउन सक्थे । तर, यसबीच साधारण मानिसहरु एकाएक समाजमा स्थापित भएको देख्दा काठमाण्डौंका भारदारहरु एकदम क्रुद्ध भएका छन् । नेपालमा मात्र होइन विश्वका अरु कैयौं देशमा पनि राजनीतिको दाहिने-देब्रे दुबै बाटो हिँड्नेहरुले सम्पत्ति कमाउने व्यक्तिको प्रवृत्ति माथि आक्रमण गर्ने गरेका छन् । दक्षिणपन्थीहरु साधारण व्यक्ति सम्पत्ति कमाएर आफूसरह

नआइपुगोस् भन्ने सोच्दछन् भने वामपन्थीहरु निजी सम्पत्तिलाई आफ्नो सामूहिकतावादी सिद्धान्तको बाधक ठानेर विरोध गर्दछन् ।

व्यक्तिको निजी सम्पत्ति र सम्मानको संरक्षण बहुलवादी प्रजातान्त्रिक राजनीतिक व्यवस्थाबाहेक अरु कुनै व्यवस्थाले गर्न सक्दैन, गर्न खोजे पनि त्यो स्थायी र दिगो हुँदैन । उदार मूल्य र मान्यताले ल्याएको दिगो पन र अरु व्यवस्थाले ल्याएको नक्कली दिगोपनको उदाहरण अष्ट्रियन र सिङ्गापुरको बानीबाट छुट्याउन सकिन्छ । अष्ट्रियाको भियानामा बाटो काट्दा बूढाबूढी तथा केटाकेटीलाई अगाडि जान दिइन्छ । यता सिङ्गापुरमा चाँहि पुलिस नजिकै छ भने मात्र मानिसहरु त्यसो गर्छन नत्र, पेल्दै र पछाडि धकेल्दै अगाडि बढ्दछन् । नेपालका आफूलाई जान्नेसुन्ने कहलाउने केही मानिसहरु सिङ्गापुरको यही डर र त्रासमा अडिएको अनुशासनको बरोबर उदाहरण दिइरहन्छन् र व्यक्तिगत सम्पत्ति तथा अधिकारको संरक्षण भन्दा सरकार बलियो भइरहनु पर्दछ भन्ने गर्दछन् । तर दिगो चाहिँ अष्ट्रियन संस्कार नै हुन्छ ।

# किन सरकारले सबै थोक गर्नु हुँदैन ?

डा. भोलानाथ चालिसे

१६-३० फागुन २०५७
हिमाल खबरपत्रिकामा प्रकाशित

नेपाल जस्तो गरीब र विश्वका दुई ठूला अर्थतन्त्रबीच रहेको देशमा सरकार बलियो हुनै पर्दछ; धनी र गरीब बीच रहेको दूरी हटाउन धनीलाई कर लगाई गरीबलाई बाँड्नै पर्दछ; पूँजीवादी चिन्तन भनेको पश्चिममा देशको मात्र हो र यसले धनीलाई झन् धनी र गरीबलाई झन गरीब बनाउँदै लैजान्छ भन्ने गलत सोचाईंले नेपालमा बलियो जरा गाडेको छ । यहाँका जुनसुकै कृषि प्रर्दशनीमा पनि सबैभन्दा ठुलो मूला, काउली वा यस्तै उपज फलाउनेलाई पुरस्कार दिने चलन छ । भारत, चीन, रुस जस्ता विशाल राष्ट्रलाई गुणस्तरभन्दा परिमाणको आवश्यकता बढी थियो भन्दैमा नेपाललाई पनि यस्तै नीति अनूकूल हुन्छ भन्ने ठानियो जुन आफैंमा गलत छ । ठूला ठूला गोलभेँडा उत्पादन गर्ने स्रोत र साधन खर्च गरेर र स्रोतले धनी ठूला, राष्ट्रसँग  प्रतिस्पर्धा गर्न नसकेर हार खानु भन्दा रातो गोलभेंडा, नीलो थोप्ला भएको विशिष्ट जात विकास गरेर, महँगोमा भारत निकासी गरी  भारतमै उब्जाइएका सस्ता र ठूला गोलभैंडा आयात गरे हुने थिएन र ? सबै वस्तुमा देश आत्मनिर्भर हुनुपर्दछ भन्ने ठूला देशको नक्कल गर्ने सरकारको सोचाई अनुरुप किसानले निर्णय गर्नु परेको भए धादिङ्गमा तरकारी खेती कम गरी धानको विकास गर्न लगाइन्थ्यो । अहिलेको सरकार को कृषि विस्तार कार्यक्रम हेर्दा इलाममा धानखेती विकास र विस्तारका लागि बजेट छुट्याइएको पाइन्छ । तरकारी, चिया, अलैंची, अम्रिसो, अदुवा जस्ता नगदे बालीहरुको खेतीयोग्य ठाउँ हो भन्ने प्रमाणित भएपछि पनि त्यहाँ धानको विकासको निम्ति थप लगानी किन गर्नु पर्‍यो ?

आखिर उन्नतिकै स्तरले सोझै दाँज्न नमिले तापनि नेपाल जस्तै साना र ठूला-ठूला शक्ति केन्द्रहरुले घेरिएका देशहरुको विकासको विश्लेषण गर्‍यो

भने नेपाल सुहाँउदा उदाहरण थुप्रै पाइन्छन् । उत्तरी यूरोपको फिनल्याण्डको अर्थतन्त्रको प्रमुख क्षेत्र वन र वनमा आधारित उद्योगहरु हुन् भने नेदरल्याण्ड, डेनमार्क जस्ता देशको अर्थतन्त्रमा कृषि र पशुपालन प्रमुख छन् । अष्ट्रियाले संसारको सबैभन्दा महँगो र स्तरीय स्टिल उत्पादन गर्दछ र त्यही स्टिलबाट इटालीमा बनेका कारहरु आयात गर्दछ । संसारमा सबैभन्दा सस्तो कपडा उत्पादन गर्ने भारत र चीनको बीचमा रहेको नेपालमा अन्तर्राष्ट्रिय सिमाना बन्दै गरेर भएपनि टेक्सटाइल उद्योग सञ्चालन गर्न सरकारले सबै करहरु माफी गरी अनुदान समेत दिनुपर्छ भन्नेहरुको कुरामा यस्ता उद्योगमा संलग्न व्यक्तिको स्वार्थ बाहेक अरु केही छैन् । यथार्थ त के हो भने त्यस्ता उद्योग बन्द भएपनि दीर्घकालमा राष्ट्रलाई नोक्सान हुँदैन । २० रुपैया प्रतिमिटरमा पाइने कपडा ८० रुपैयाँ लगाएर उत्पादन गर्ने देशले के आर्जन गर्छ ?

कुनैपनि देशको आर्थिक विकास, कृषिको विकासबाट मात्र सम्भव छ भन्नेहरु नेपालमा प्रशस्त छन् । यही मान्यताका आधारमा कृषिमा अन्धाधुन्ध खर्च पनि गरिदैं आएको छ । जुम्लामा स्याउको बोट रोप्न किसानलाई प्रोत्साहित त गरियो तर त्यो स्याउ किनिदिने बजारको विकास भने कसैले गर्न सकेन । धादिङ्गको तरकारी खेतीको विकास मूलतः काठमाण्डौं उपत्यकामा बढेको शहरीकरण र श्रम गरेर खानेहरुको जमातले गर्दा भएको छ । ती किसानको उद्यमशीलताले गर्दा काठमाण्डौं उपत्यकामा बाह्रै महिना हरियो तरकारी पाउन सकिएको हो । यहाँको किसानले जाडो याममा गर्ने काँक्रो खेतीको प्रविधि संसारको कुनै उन्नत देशको भन्दा कम छैन । यो प्रविधि सरकारी अनुसन्धान र विस्तार कार्यक्रमले त्यहाँ पुऱ्याएको होइन, किसान आफैले आफ्नो अनुभव, ज्ञान र छिमेकी राष्ट्रका किसानबाट सिकेका हुन् ।

सरकारले सञ्चालन गरेका शाही नेपाल वायु सेना निगमको हालत हाम्रो कथित राष्ट्रवादी नीतिको खोक्रोपन स्पष्ट पार्छ । शानिवानी सरकारको सट्टा निजी क्षेत्रलाई छोडिदिएको भए धमिजा, चेज र लाउडा प्रकरणहरु नै आउने थिएनन् । निजी विमान कम्पनीहरुले यति धेरै र अत्याधुनिक प्रविधिका जहाजहरु नेपालमा भित्राएका छन् की यो क्षेत्र विश्वासीलो र भरपर्दो भइरहेको छ ।

निजी क्षेत्रमा नै सञ्चालन भएको ऊनी गलैंचाको अध्ययन गर्ने हो भने पनि निजी क्षेत्रले कसरी आफ्नो प्रतिभा उपयोग गरेको छ भन्ने कुरा स्पष्ट हुन्छ । शुरुमा ती ऊनबाट मात्रै गलैंचा बुन्दै गरेका व्यवसायीले युरोपको बढ्दो माग धान्न नसकेपछि न्यूजिल्याण्डबाट ऊन आयात गरेर तिब्बती ऊनसँग मिसाई गलैंचा उत्पादन गरे । ऊनी गलैंचामा सरकारले हात हालेको भए, यो पनि "हेटौंडा कपडा कारखाना" जस्तै उहिले मरि सक्थ्यो । नेपाली व्यवसायीले आफ्नो गलैंचाको डिजाईन र गुणस्तरलाई यति स्थापित तुल्याए कि संसारको जुनसुकै वस्तुको पनि नक्कल गर्न सक्ने भार तीहरु समेत त्यसको नक्कल गर्न सफल हुन सकेनन् ।

स्रोतका हिसाबले गरीब, सानो एवं भौतिक पूर्वाधार निर्माण गर्न ज्यादै महँगो पर्ने देश नेपालले उपलब्ध स्रोतहरुको अधिकतम उपयोग गर्ने मात्रै होइन कुनै स्त्रोतको दुरुपयोग एवं चुहावट हुन दिनु पनि हुँदैन । प्रशस्त खनिज पदार्थ र उर्वरा जमीन भएका भारत र अमेरिकताजस्ता देशले सरकारी माध्यम एवं हस्तक्षेपबाट केही स्रोतहरु खेर फाले पनि समग्रमा केही असल नेपाली तर नेपालले पनि त्यस्तै कुराको अनुशरण गर्ने हो भने भने समाज गरीबीबाट कहिले माथी उठ्ने ?

जुन देशमा पानी बाहेक अरु प्राकृतिक स्रोत कम छन्, भू-भाग एकदमै विकट छ, जनसंख्या वृद्धि अनुरुप खेतीयोग्य जमिन घट्दै गएको छ भने यस्तो अवस्थामा नेपालले ठूला-ठूला मूल उत्पादन गर्ने तिर लाग्ने कि रातो गोलभेंडामा निला थोप्लाको विकास गरी ती गोलभेंडा जापान वा सिंगापुरमा निकासी गर्ने ? आफ्नो देशमा रोजगारीको अवसर ज्यादै कम भएपछि देशका युवालाई विदेशमा रोजगारी खोज्न जानका लागि प्रोत्साहन दिने कि युवाहरु लाहुरे हुन र भाँडा माझ्न विदेश गए भनेर उनीहरुलाई क्रान्तिकारी गीत गाएर होच्याउने ? त्यसैले गरीबलाई धनी बनाउँछौं, पिछडिएका क्षेत्रलाई विशेष ध्यान दिन्छौं, शहरी र ग्रामिण अर्थतन्त्रबीच ठुलो भेद भएकाले तिनलाई हटाउन सरकारलाई बलियो बनाउनुपर्छ भन्दै सरकारमा रहेका र तिनका आसेपासेहरुले सरकारी स्रोत र संस्थाहरुमा जसरी शोषण गरिरहेछन्, तिनको अन्त्य र निजी क्षेत्रको विलक्षण प्रतिभाको

उपयोगका लागि नेपालमा निजी क्षेत्रको मात्र प्रावधान हुने खुल्ला एवं उदार नीतिहरुको अवलम्बन गर्नुपर्दछ। यसो गर्नु पश्चिमा दलाल बन्नु होइन वा ब्रिटेन उड्सका भगिनी संस्थालाई रिझाउन खोज्नु होइन ।

# उदारवाद र सरकार

डा. भोलानाथ चालिसे

१६-३० मंसिर २०५७
हिमाल खबरपत्रिकामा प्रकाशित

उदारवादको चर्चा-परिचर्चा चल्दा सरकारको भूमिका बारे सबैभन्दा अन्यौल रहेको पाइन्छ । जब नेपालजस्तो पिछडिएको सोचाई भएको देशमा उदारवादको कुरा उठाइन्छ तब अनुदारवादीहरु "अमेरिका जस्तो देशमा त सरकारले हस्तक्षेप गरिरहेको छ" भन्दै तर्साउन खोज्छन् । यस्तो तर्क सुनेपछि, भगुवा (अपोलोजेटिक) उदारवादीहरु "होइन, होइन" भन्दै सरकार भनेको शक्तिशाली नै हुनुपर्दछ भनेर बर्बराउन थाल्दछन् । जब जब उदारवादलाई सहयोग पुऱ्याउने आर्थिक नीतिहरु लागू गर्न शुरु गरिन्छ र सबैखाले राज्यवादीहरु पछाडि धकेलिन थाल्दछन्, उनीहरु नयाँ नयाँ नारा लिएर, आफूलाई प्रजातन्त्रवादी ठान्ने तर उदारवादको चुरो नबुझ्नेहरुलाई सजिलैसँग झुक्याउन थाल्दछन् । आजभोलि राज्यवादीहरुले उठाएको यस्तै एउटा नारा हो 'गुड गभर्नेन्स' अथवा सुशासन ।

उदारवादी समाजमा सरकारले शासन गर्ने नै होइन, उसले त आफूलाई चुनेर पठाउने जनताले जुन कार्य गरिदेओस् भनेको हुन्छ त्यति मात्र गर्ने हो । सरकारले शासन गर्ने नै होइन भने सुशासनको कुरा कहाँबाट आयो ? व्यक्तिगत स्वतन्त्रता नै मानिसका लागि सबैभन्दा ठूलो कुरा हो भनेर स्वीकार्ने हो भने त 'सुशासन' को नारा राज्यको शक्तिलाई अझ बढाउने उपाय मात्र हो ।

जसरी समाजवाद, मार्क्सवादलाई नेताहरुले आफ्नो आवश्यकता अनुरुप व्याख्या गर्न खोज्दछ्न आजभोलि उदारवादलाई पनि त्यसैगरी व्याख्या गर्ने कोसिस गरेको पाइन्छ । वस्तुतः उदारता कुनै पनि आग्रह बिनाको स्वतन्त्र सोचाइ हो । कुनैपनि व्यक्तिले कसैको हस्तक्षेप, बाधा-विरोध, डर र त्रास

बिना व्यक्तिगत स्वतन्त्रताको उपयोग गर्न पाउने संस्थागत व्यवस्था भएको समाज नै उदारवादी समाज हो ।

व्यक्तिगत स्वतन्त्रतालाई संस्थागत गराउनु भनेको तथाकथित 'सामाजिक न्याय' का नाममा धनीबाट खोसेर गरीबलाई दिनु नभई, व्यवसाय रोज्ने, स्वेच्छाले सम्पत्ति खरीदबिक्री गर्ने लगायतका व्यक्तिगत स्वतन्त्रताहरुमा कतैबाट हस्तक्षेप हुन नदिनु र व्यक्तिको प्रेरणालाई यथेष्ट मौलाउन दिनु हो । यस्तो अवस्थामा मतदाताहरुले जे कार्य गरिदेओस् भन्दछन् त्यति मात्र सरकारले गर्नु पर्दछ न कि सरकारमा गएकालाई  जे जे मन पर्‍यो त्यही गर्ने हो ।

त्यसो नभएर, सरकारलाई जे पनि गर्न छुट दियो भने के हुँदोरहेछ भन्ने कुरा काठमाण्डौं उपत्यकामा केही वर्ष यता यातायात सम्बन्धमा गरिएका केही निर्णयहरु र तिनका पछाडि रहेको रहस्यहरुलाई हेर्दा सहजै स्पष्ट हुन्छ ।

सबैभन्दा पहिला, काठमाण्डौं सीमित ट्याक्सीहरु मात्र चल्दा, ट्याक्सीको भाडा मनोमानीसँग लिन थालियो, पर्यटकले ट्याक्सी चढ्न गाह्रो भयो भनेपछि सरकारले पब्लिक कम्पनीमा दर्ता गरि जनसाधारण समेतलाई शेयर बिक्री गराउनुपर्ने शर्तमा भन्सारमा ९० प्रतिशत र बिक्रीकर १ प्रतिशत मात्र लिई ट्याक्सीहरु आयात गर्न दिएर काठमाण्डौंमा धेरै ट्याक्सीहरु सञ्चालनमा आए । तर दुर्भाग्य अर्को वर्ष काठमाण्डौंमा ट्याक्स बढी भयो भनी यो सुविधा हटाइयो । यस्ता तजबिजी निर्णयले पहिले त जसले ट्याक्सी किनीहाले तिनलाई मात्र फाइदा पुग्यो भने अर्कोतर्फ बजारमा भन्सार नतिर्ने बीच असमान प्रतिस्पर्धाको स्थिती पैदा भयो । दोस्रो, अर्थमन्त्रालयसँग सम्बद्ध रहेका र प्रहरी एवं यातायात व्यवस्था विभागका कर्मचारी वा तिनका आफन्त जतिले सुविधाको ट्याक्सी सञ्चालन गरिसकेपछि अरुलाई सुविधाबाट वञ्चित गराइयो । सुविधाका ट्याक्सी पहिला क-कसले सञ्चालन गरी पुनः बेचे भन्ने तथ्याकं हेर्‍यो भने यो सुविधा दिनै हुँदैन थियो, दिइसकेपछि सर्वकालीन र सर्वमान्य हुनु पर्दथ्यो ।

यस्तै घटनाक्रमहरुको सिलसिलामा यातायात मन्त्री बदलिँदा वा यातायात व्यवस्था विभागका महानिर्देशकको परिवर्तन हुँदा काठमाण्डौंको यातायात व्यवस्था सम्बन्धी अनौठा अनौठा निर्णयहरु हुने गरेका छन् । पहिले, काठमाण्डौंमा प्रदूषणरहित टेम्पोको रुपमा सफल रहेको ब्याट्रीबाट चल्ने टेम्पोको दर्तामा रोक लगाइयो । जनताको तीव्र दबाव पश्चात् यो निर्णयलाई प्रधानमन्त्रीको आदेशले हटाइयो । डिजलबाट चल्ने टेम्पो काठमाण्डौंबाट हटाउन एकदमै गाह्रो भयो भनेर यी हरफका लेखकले बुझ्दै जाँदा ती टेम्पोका अधिकांश मालिक प्रहरी र यातायात व्यवस्था विभागका बहालवाला र पूर्व कर्मचारीहरु भेटिए । 'गरिब ड्राइभरहरुको रोजगारी हेरिन्छ' भन्दै उनीहरुले ठूलो झमेला निकाली रहे । अहिले पनि ब्याट्रीबाट चल्ने टेम्पो वा मिनीबसका लबीहरुले राजनीतिक नेता र यातायात व्यवस्थाका निर्णयकर्ताहरुलाई सेवा गरे बापत कहिले कुन लबीको भलाईको लागि कहिले कुन लबीको भलाईका लागि निर्णयहरु परिवर्तन हुने क्रम जारी छ ।

निर्णयकर्ताले लाइसेन्स दिँदा पनि घूस खान सक्तछ र नदिँदा पनि घूस खान सक्तछन । २०३८-०३९ सालसम्मको कुरा हो, नेपालमा एउटा मात्र बियर कारखाना थियो र बियरको माग बजारमा बढिरहेको थियो । त्यसबेला जुनसुकै उद्योग खोल्न इजाजत लिनु पर्थ्यो भने बियरको लागि इजाजत लिनु नपर्न कुरै भएन । बियरको इजाजत पाए त्यसबे ला पनि २०-२५ लाख रुपैयाँ घूस खुवाउन व्यवसायी तयार थिए । तर नयाँ इजाजत नदिई सम्बन्धित अधिकारीहरु 'घूस नदिए नयाँ इजाजत दिन्छौं' भनी सञ्चालनमा रहेको व्यवसायबाटै दस्तुर उठाइरहन्थे । यसरी इजाजत दिँदा पनि या नदिँदा पनि निर्णयकर्ताहरुले दस्तुर उठाइरहन पाउँथे । यसरी इजाजत दिँदा वा नदिँदा निर्णयकर्ताले असुल्ने थप रकमको भार अरु कसैलाई होइन त्यही 'बिचरो' उपभोक्तालाई पर्न गएको हुन्छ । काठमाण्डौं उपत्यका भित्र मात्र होइन देशभरि जो कोहीले इजाजत लिनु नपर्ने एवं सरकारले भाउ नतोकिदिने हो भने के उपभोक्ताले अहिलेको भन्दा सस्तोमा यात्रा गर्न पाउँदैन ? अवश्य पाउँछ । सुशासन-सुशासन भनेर कराउनेहरु सबै कुरा त्यसै छाड्यो भने भद्रगोल हुन्छ त्यसैले सरकारले इजाजत र भाडादर नियन्त्रण त गर्नु पर्छ तर यसो गर्दा सुशासन भने गर्नुपर्दछ भनी हिँड्छन । हातमा शक्ति आएपछि कसैले पनि मौका छाड्दैनन् बरु सरकार र यसका निकायलाई शक्ति नै दिनु हुँदैन ।

उदारवादी समाजमा मूलतः दुई प्रकारका कामका लागि सरकारको आवश्यकता देखिन्छ । पहिलो, कुनै व्यक्तिको अधिनायकवादी प्रवृत्तिले मानिसहरुको व्यक्तिगत स्वतन्त्रतामा हुनसक्ने हस्तक्षेपलाई रोक्न र दोस्रो, व्यक्ति एक्लेलै कुनै कार्य गर्दा बढी खर्चालु हुने या सर्वमान्य हुन नसक्ने भएकाले त्यस्तो कार्य गर्न गराउन । यी 'क्लिष्ट' देखिने कुरालाई बेग्लाबेग्लै उदाहरणबाट स्पष्ट गर्नु उपयुक्त होला ।

कुनै व्यक्ति शारीरिक रुपमा बलियो भएकै कारणबाट उसले स-साना पसलहरु लुट्न थाल्यो भने स-साना पसलहरुको निर्बाध व्यवसाय गर्न पाउने स्वतन्त्रता अक्षुण्ण राख्न सरकारको भूमिका अपेक्षित हुन्छ । तर उसले पनि त्यो बलियो व्यक्तिलाई शारिरिक यातना दिने वा पिट्ने होइन, उसको अधिनायकवादी चरित्रलाई मात्रै नियन्त्रण गर्दछ । दोस्रो उदाहरण नेपालकै शिक्षा क्षेत्रकै स्कूल, कलेजहरु खुलिरहेका छन् र तिनले स्तरीय शिक्षा पनि प्रदान गर्दै आएका छन् । तर प्रत्येक विद्यालय वा कलेजले आफैँ पाठ्यक्रम तर्जुमा गर्ने, आफै परिक्षा लिने गर्न थाल्यो भने महँगो पर्ने त छँदैछ, स्तर निर्धारणको ठुलो समस्याका साथै अव्यवस्थाको समेत सृजना हुन पुग्छ । यस्तो अवस्थामा निश्चित स्तर र व्यवस्था कायम गर्न सरकारको भूमिका जरुरी हुन्छ ।

पूँजीवादी स्वतन्त्र बजार संचालन हुनको लागि एउटा अत्यावश्यक कुरा करार हो र करारको पालना गर्न लगाउने कानूनी आधारहरुको स्थापना स्वतन्त्र बजार संचालनका लागि नभई नहुने कुरा हो । चाहे एकपक्षीय करार होस्, चाहे व्यक्ति-व्यक्तिबीचका करार हुन्, चाहे कम्पनी-कम्पनीबीच वा कम्पनी र व्यक्तिबीच करारको माध्यमबाट नै स्वतन्त्र बजारका सम्पूर्ण क्रियाकलापहरु संचालन भएका हुन्छन । यस्ता करारहरुको संरक्षण गर्नु गराउनु पनि सरकारको दायित्व भित्र पर्दछ । उदाहरणका लागि, तोरीको तेलको उत्पादनले त्यो शतप्रतिशत शुद्ध तोरीको तेल हो भन्ने घोषणा गरेको छ भने त्यो एकपक्षीय करार हो र त्यसको पालना नभएको प्रमाणित भए ऐन-नियम अनुसार त्यसको उपचार गर्ने काम सरकारले गर्नुपर्दछ ।

उदारवाद भनेको कुनै पनि आग्रह नभएको र धर्मनिरपेक्ष स्वतन्त्र चिन्तन हो । यो छाडावाद होइन । उदारवादीहरु कसैलाई. नटेर्ने उच्छृङ्खल जमात होइनन् । उनीहरु व्यक्तिगत स्वतन्त्रतामा कतैबाट हस्तक्षेप हुनुहुँदैन भन्ने मान्दछन् । यही व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप नहोस् भनेर केही कार्यहरु व्यक्तिभन्दा बेग्लै कारणले निर्धारण गरेको संस्था वा सरकारले गरिदिओस् भन्दछन् । उदारवादमा सरकारको भूमिका भनेकै यत्ति हो ।

# भाग ६

# विद्युत क्षेत्रमा सुधार

# डा. चालिसेको आँखाबाट नेपालको जलविद्युतको समीक्षा

डम्बर नेपाली *

डा. भोलानाथ चालिसेसँग मेरो पहिलो भेट वि.सं. २०५६ सालमा उहाँको नेपाल विद्युत प्राधिकरणमा महाप्रबन्धकरूपमा नियुक्ति भएपछि भएको हो । म तात्कालिन समयमा नेपाल विद्युत प्राधिकरणमै कार्यरत थिए । उहाँलाई सम्झनु पर्दा उहाँ एक प्रखर र प्रभावशाली व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ आफ्नो दर्शन र चिन्तनमा दृढ हुनुहुन्थ्यो । नेपालको विद्युतीकरणको अवस्था प्रति उहाँको ज्ञान र परिकल्पना स्पष्ट थियो, जसलाई यो लेख उप्रान्त राखिएका उहाँको लेखनीहरूले पनि स्पष्ट पार्दछन् ।

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)मा उहाँको आगमन पश्चात भएको सबैभन्दा उल्लेखनीय कामका बारेमा सम्झनु पर्दा चिलिमे जलविद्युत आयोजनाको रोकिएको कामलाई उहाँले आफ्नो व्यक्तिगत तथा पेशागत हिसाबले एकदमै अथक प्रयास पश्चात अगाडि बढाउन सफल हुनुभएको थियो । त्यस समयमा चिलिमे आयोजनामा परेका बोलपत्रका विषय लिएर विवाद भइरहेको थियो । राजनीतिक तथा कर्मचारीतन्त्रबीचको खिचातानी तथा सम्बद्ध ठेकेदार कम्पनीहरूबीच पनि जुहारी नै चलेको थियो । उहाँले आफ्नो व्यक्तिगत प्रयासमा उच्च राजनीतिक तह देखि लिएर ठेकेदार कम्पनीहरूबीच समन्वय राखी चिलिमे जलविद्युत आयोजनाको निर्माण गर्ने मार्ग प्रस्तुत गर्नु भयो । यहि कारणले गर्दा पनि उहाँ केही समय ने.वि.प्रा.का कर्मचारीहरूबीच आलोचित हुनु पऱ्यो र प्राविधिक ज्ञान नभएका मानिसले ने.वि.प्रा.को नेतृत्व गर्न सक्दैन भन्ने आरोप समेत खप्नु परेको थियो । तर, चिलिमे आयोजनाको काम अघि बढेसँगै उक्त आरोप तथा आलोचनाहरू कम हुँदै गए ।

---

* श्री डम्बर नेपाली नेपालका जलविद्युत क्षेत्रका विशेषज्ञ हुनुहुन्छ र यो लेख वहाँसँगको कुराकानीमा आधारित भई लेखिएको हो ।

नेपालको जलविद्युत विकासमा सुस्त गतिको सबैभन्दा प्रमुख कारक राजनीतिक हस्तक्षेप हो । एउटा जलविद्युत आयोजनाको इजाजतपत्र (लाइसेन्स) लिनका लागि चल्ने होडबाजीबाट नेपालीहरू अपरिचित छैनन् । यस्तोमा राजनीतिक लाभका आधारमा लाइसेन्स वितरण गर्ने प्रणाली सबै भन्दा घातक रहेको छ । जलमाफियाहरूले आर्थिक तथा अन्य प्रलोभनमा राजनीतिक वृत्तलाई सजिलै प्रभावित पार्न सक्छन् र लाइसेन्स मात्रैको कारोबारले पनि मनग्ये लाभ लिन सकिने अवस्थाहरू हामीले देखेका छौं । तसर्थ, लाइसेन्स प्रक्रियालाई हटाउन नसकिए पनि लाइसेन्स लिने र प्रयोग गर्ने प्रक्रियालाई स्पष्ट रूपमा, राजनीतिक प्रभावलाई निर्मूल गर्ने गरी व्यवस्था लागु गर्नु पर्दछ ।

नेपालमा जलविद्युतको विकास तथा प्रवर्द्धनमा स्पष्ट कानूनी आधारहरू छैनन् । कानूनी शब्दावलीहरूमा घुमेको कर्मचारीतन्त्रको अधिकार तथा अख्तियारीमा राम्रा मनसायले काम गर्ने कर्मचारीहरूलाई पनि बाधा पुऱ्याएको छ । विशेषगरी, लाइसेन्सको वितरणमा काम गर्न सक्ने कम्पनीहरूलाई अधिकार दिँदा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको भय सधैं नै हुन्छ । राम्रै काम गर्ने प्रयास गर्दा पनि अख्तियारले पत्र पठाउने हो कि र बिना आधार भ्रष्टाचारको आरोप लागी आफ्नो छवि बिग्रने हो कि भन्ने डर सँधै विद्यमान रहन्छ । यसले जलमाफिया तथा राजनीतिक व्यक्तिहरूलाई कानूनलाई आफू अनुकूल प्रयोग गर्ने अवसर प्रदान गर्दछ । यसको एक मात्र उपाय जलविद्युतसम्बन्धी सबै कानूनी मान्यता स्पष्ट पार्नु हो । कुनै पनि दोहोरो अर्थ लाग्ने कानूनी दस्तावेजहरू विद्युत विकासका लागि एकदमै घातक हुन्छन् ।

नेपालको जलविद्युतको कछुवा गतिको विकासको अर्को कारक हो यसको महशुल । डा. चालिसेले आफ्नो लेखमा स्पष्ट रूपमा विद्युत महशुलमा बजारको माग र आपूर्ति अनुसार समायोजन नहुँदा कसरी जलविद्युतको विकासलाई हानी पुऱ्याइरहेको छ भनेर उल्लेख गर्नु भएको छ । उक्त लेख आजको हकमा पनि उत्तिकै सान्दर्भिक रहेको छ । विगत वर्षहरूमा मूल्य वृद्धि उल्लेखनीय रहेको भएता पनि विद्युत महशुल दशक अघिकै मूल्यमा

कायम रहेको छ । त्यसो त विद्युत महशुल निर्धारण आयोग पनि नभएको होइन । तर उक्त आयोगले तदारूपताका साथ समयसापेक्ष रूपमा काम गर्न किन सकिरहेको छ त ?

विद्युत महशुलमा हुने सानो भन्दा सानो वृद्धिले पनि जनता आतंकित हुन्छन् भन्ने भय सबै राजनीतिक दल तथा तिनका नेताहरूबीच रहेको छ। यसैले कुनै पनि सरकार आफ्नो पालामा विद्युत महशुल बढाउने जस्तो अलोकप्रिय निर्णय लिन चाँहदैन । तर, सत्य यो पनि हो कि बजारमा अन्य सबै वस्तुको भाउ बढिरहँदा विद्युत महशुल पनि बढाँउदै लाने हो भने उपभोक्ताले उक्त कुरालाई पनि सहज रूपमा स्वीकार्न सक्छन् । यसले विद्युतमा लगानी गर्न इच्छुक लगानीकर्तालाई आकर्षित गरी छोटो समयमा नै पर्याप्त विद्युतको आपूर्ति गर्न सकिन्छ। त्यसै गरी, विद्युत महशुल बजारले निर्धारण गर्ने गरी स्वतन्त्र राख्ने र यदि निजी कम्पनीहरूलाई विद्युतको उत्पादन, प्रसारण तथा आयात गर्न स्वतन्त्र व्यवस्थामार्फत आव्हान गर्ने हो भने नेपालमा लोडसेडिङको अवस्था धेरै दिन रहदैन । विद्युत उत्पादन, वितरण तथा आयातमा निजी क्षेत्रको आवगमनसँगसँगै ने.वि.प्रा. आफ्नो कर्मचारी प्रशासनलाई सुदृढीकरण गर्न विवश हुनेछ । हाल आलोचित कर्मचारीतन्त्रलाई चुस्त दुरुस्त बनाउन बजारमा प्रतिस्पर्धी कम्पनी आउनु अहिलको अवस्थामा आवश्यक भइसकेको छ ।

त्यसैगरी, ने.वि.प्रा.को हालको कार्यगत क्षमता तथा व्यवस्थाले धेरै निजी कम्पनीहरूबाट उत्पादित विद्युत प्रसारण लाइनमा जोडिनबाट वञ्चित भएका छन् । यदि, यस्तै अवस्था रहिरहने हो भने ने.वि.प्रा.को अकर्मण्यताको मूल्य धेरै चुकाउनु पर्ने हुन सक्छ, हाल आकर्षित हुँदै आएका निजी विद्युत उत्पादकहरू पनि निरुत्साहित हुन्छन्। तसर्थ, विद्युतको बजारलाई खुला गर्दै ने.वि.प्रा.को संस्थागत तथा क्षमता विकासलाई सुधार गर्नैपर्ने पनि आवश्यकता देखिन्छ ।

आम नागरिकको लगानीमा बन्न सक्ने नेपालमा थुप्रै आयोजनाहरू छन् । सरकारी खर्चमा बन्ने आयोजनामा कसैको पनि अपनत्व हुँदैन । यस्तोमा

राजनीतिक वृत्त, कर्मचारी, ठेकेदार लगायत सबै पक्षहरू आ-आफ्नो लाभ सुरक्षित गर्न प्रदत्त हुन्छन् । तर, यसको विकल्पको रूपमा यदि आमनागरिक, कर्मचारी तथा निजी कम्पनीहरूको अग्रसरतामा आयोजनाहरू निर्माण हुने हो भने सबैमा विभाजित स्वामित्वका कारण कम भन्दा कम लगानीमा गुणस्तरीय आयोजनको निर्माण गर्ने कार्यमा सबैको एकमत हुन्छ । विभाजित स्वामीत्वले कसरी सफल हुन्छ भन्ने उदाहरणका रूपमा चिलिमे जलविद्युत आयोजनालाई लिन सकिन्छ । स्थानीय जनतामा उक्त आयोजनाको स्वामीत्व वितरण भएपश्चात स्थानीय तहमा हुने सबै प्रकारका अवरोधहरू हटाउनका लागि जनता आफैं लाग्ने गरेका छन्, जसले यसको लगानीलाई धेरै हदसम्म सुरक्षित गरेको छ । यसका साथै, चिलिमे विद्युत आयोजनाबाट प्राप्त लाभांश तथा प्रतिफलले स्थानीय जनताको जीवनस्तर उकास्न धेरै हदसम्म योगदान पुऱ्याएको छ । यसलाई उदाहरण लिएर अन्य जलविद्युत आयोजनाहरूलाई पनि स्थानीय जनताहरूलाई लगानीकर्ता तथा साझेदारको रूपमा राख्न प्रेरणा मिलेको छ । यसको सबैभन्दा पछिल्लो उदाहरणको रूपमा माथिल्लो तामाकोशी जलविद्युत आयोजनालाई लिन सकिन्छ । प्राकृतिक स्रोत जनताको पनि हो र यसको उपयोगले समृद्धि तर्फ अघि बढ्न सक्छौं भन्ने चेतना पनि यस्ता कदमले नेपाली जनमानसमा स्थापित गर्दै लगेको छ ।

नागरिकको लगानीमा बन्न सक्ने अन्य आयोजनाको छलफल भइरहँदा बुढीगण्डकी जलविद्युत आयोजना पनि एक सम्भाव्य अवसर हुन सक्छ । बुढीगण्डकी जलविद्युत आयोजनको यदि सफल निर्माण तथा सञ्चालन हुने हो भने नेपालीहरूले आफैंले बाल्ने विजुलीबाट आफैं समृद्ध हुन सक्छन् । यदि उदाहरणका रूपमा एक मात्र आयोजना बन्ने हो भने यसले अन्य आयोजनाको लगानी तथा सञ्चालनका लागि ढोका खोल्नेछ । तर यी सबै व्यवस्थाका लागि नेपाल सरकारले आफ्नो पकड र एकाधिकारमा रहेको विद्युत क्षेत्रलाई खुला गर्नु पर्दछ । सम्भाव्य सबै भ्रष्टाचार तथा कमिशन खोरीका आधारहरूलाई स्पष्ट कानूनमाफर्त निराकरण गरिनु पर्दछ । डा. चालिसेले कल्पना गरे जस्तो लोडसेडिङ मुक्त नेपाल र विजुली उत्पादन र बिक्रीमार्फत नेपालीको जीवनस्तर उकास्ने अवसर सिर्जना हुन असम्भव छैन । यसको लागि ठोस परिकल्पना, दृढ इच्छाशक्ति र स्पष्ट कार्ययोजनाको आवश्यकता पर्दछ ।

# Fundamental Bottlenecks in Nepal's Hydropower Development

Dr. Bholanath Chalise

September 2012
Samriddhi Foundation

Amidst an end number of debates that have been taking place in regards to the hydropower sector in Nepal, "What hinders hydropower development in Nepal?", is perhaps that one question which hangs silently and lacks definitive answers. From the dwindling FDIs at the international front to the political instability in the national arena, a lot has been brought to the discussion table but what is needed instead is that we focus our attention on the fundamentals, the basic integrities that have been holding development back. What 'fundamentals' imply are a bunch of problems that characterize the hydropower sector in the country and those which, by and large, have been hindering the needed growth and development.

The forthcoming arguments do that needful and bring forth those fundamentals to the discussion table:

## 1. Lack of Transparency

The hydropower sector in the country is characterized by lack of transparency in terms of issuing of licenses and conduction of Power Purchase Agreements (PPA). For a system that has, time and again, been deemed incapable of meeting the expected ends of electricity generation and distribution, lack of transparency in issues as such, if not anything else, is an added ailment.

Nepal's hydropower policy had been liberalized to some extent with the enactment of Hydropower Policy in 1992 in accordance to which it became mandatory to conduct needed surveys and get a generation license for development of hydropower. After that, Nepal went on to enact a Hydropower Policy in 2001. However, this Policy was not backed up by appropriate Act. This has not only created a vacuum in the needful area but has also left a leeway in terms of encouraging malpractices. And in a system with no mechanism to ensure transparency that would mean unchecked fund embezzlements and corruption. This also signals that Nepalese political leaders have either not really understood the true economic benefits of harnessing hydropower potential or have never put hydropower development as a priority for the country. Otherwise, the needed Act would have been formulated and implemented accordingly, soon after the formulation of Hydropower Policy 2001.

In case of the Power Purchase Agreement, the provision is such that any hydropower plant that generates electricity beyond 25 MW the PPA for that particular plant is based on negotiation (for plants that generate upto 25 MW of electricity there is a fixed rate—NRs. 8.40/unit in winter and NRs. 4.80/unit in summer). Such project to project negotiations have no fixed pre-determined mechanisms and thus foster malpractices that are not necessarily held accountable for. This premise is based on cost plus theory which does not promote competition and innovation as it is not driven by market forces. In addition to this, there are no clear-cut rules while awarding licenses, as the current trends indicate that licenses are given without following the process of project bidding. Even when the decisions are made in good faith; owing to the lack of transparency, they leave behind a lot of loopholes that raise people's suspicion.

## 2. Discretionary Power of Bureaucracy

Bureaucratic glitches are the other major challenges that we face. Given that NEA has a hold over majority of what happens in the sector in terms of generation, transmission and distribution of electricity, it has the primary say and the guiding policy has been drafted in a way that it gives away discretionary powers to the bureaucracy. It is, as such, a major hassle for private parties or any other interested investor to meddle through the labyrinthine bureaucracy.

The domestic as well as the foreign private sectors are already involved in generation of electricity. They are equally capable of constructing transmission lines and distribution system according to their necessity. However, existent Policy and Act do not clearly mention the modes for regulating, if even a concerned party is willing to invest in construction of transmission lines. Because the Act does not mention the needed terms with clarity, it leaves a lot of space for the bureaucracy to practice its discretionary powers. The interpretation of unclear policy and law changes with the change in government or the replacement of the concerned Secretary. Such a volatile scenario is hardly encouraging for the investors willing to make long term investments.

In addition to this, while awarding survey and generation licenses, discretionary power of bureaucracy played a vital role as there were no clear-cut policies on this matter. Therefore, licenses were awarded on ad- hoc basis without having assessed technical and financial capabilities of licensees.

In case of hydropower sector the concerned authority has been failing to follow the market signals—it has not only hampered the coming in of new players but has virtually

killed competition and hence innovation. In the Nordic countries such as Norway, Sweden, Denmark and Finland the price of electricity is determined by free interaction of supply and demand. Moreover, consumers have a choice to select suppliers in the Nordic market. This leads to lower electricity prices and creates energy security in the region. Nepal could benefit from a similar practice (Gonzalez, D., Kilinc, A., and Weidmann, N., 2011).

**3. Lack of Institutional Capacity of Nepal Electricity Authority**

Nepal Electricity Authority (NEA) comes across as a public enterprise that is neck-deep in trouble. Over the years, its financial gains have been falling down and its annual reports show losses. Its accumulated loss reached NRs. 27,534.01 million at the end of FY 2010/11 (NEA, 2011). Its finances are just one of the many problems that seem to be plaguing the system. Due to its low tariff rate, overstaffing, mismanagement of resources and expenditure on unproductive sectors NEA incurs further losses. Nepal Electricity Authority (NEA) has neither credibility, nor capacity to obtain private sector financing. So the government has reduced its share in NEA to reduce NEA's loss on the balance sheet. Besides this positive move, domestic as well as foreign investors are not interested in making investments in the NEA because of its poor institutional capacity.

Despite its weaknesses, it has got a monopoly over transmission and distribution system. It, however, cannot construct necessary transmission systems for evacuation of power due to credit crunch. There are about 4 different projects such as Maya Khola Hydroelectric Project (14.9 MW), Solu H.E.P (23.5 MW), TalloSolu H.E.P. (82 MW), and MewaKhola H.E.P. (50 MW) which have been awaiting the construction

of transmission lines since 2009 but to no avail (Dhungel, K. R. and Rijal, P., 2012). NEA has not taken any decision for solving transmission related problems of these projects at the time of severe energy crisis. The construction of transmission lines is capital-intensive. According to Mr. Gagan Manandhar, Transmission Incharge, NEA, for the construction of transmission line of 1 km. of 133 kV, the cost amounts to about 11.5 million in Nepali currency. In this regard, for the construction of transmission line of 220 kV and 400 kV, the cost will definitely be higher. The government has allocated only minimal budget for construction and enhancement of transmission lines which suggests that the government has either failed to identify the problem of transmission lines or is simply not interested in this matter. The government is busy with the same rhetoric in terms of its commitments and has failed to bring about practical changes. It is also go to do with the management capacity of NEA because it has got the monopoly power over construction of transmission system and has not been able to develop necessary networks for evacuation of power. The energy crisis will be more severe if cross-border and East- West transmission lines are not constructed within estimated timeframe of 2015 because Nepal will, by that time, need to import at least 1000 MW of energy from India to meet its energy demand. Here, the transmission lines will be very important for evacuation of power from India and for its distribution across the country.

On the other hand, NEA has been going through the most critical time in its history because of financial challenges owing to a lack of adjustment of retail tariff for a long time, selection and implementation of projects with low financial and system feasibility, and low productivity of human resource.

NEA suffered a system loss (combining both technical and non- technical) of 28.35 pct. in the fiscal year 2010/11 (NEA,

2011). Technical losses occur naturally and it is mainly caused by the use of low quality equipment in transmission and distribution lines, transformers, and measurement systems. An independent study shows that various senior level staffs of the NEA were involved in that embezzlement while purchasing low quality equipment. In developed countries like the UK, and the USA, the technical losses are very minimal of around 7 pct. because the utilities of these countries use latest devices and follow efficient mechanism. Non- technical losses are caused by actions external to the power system and consist primarily of electricity theft, non-payment by customers, and errors in accounting and record-keeping. In all the cases, some level of poor management of the NEA in execution of its operations is present. Elimination of such practice should be a matter of high priority for a poor country like Nepal because even if a small percentage of non-technical error is corrected, millions of rupees can be saved, which can be used for generation of electricity. It would be better to cite an example of Andhra Pradesh of India because Andhra Pradesh State Electricity Board (APSEB) has unbundled the units into generation, transmission, and distribution, while maintaining state ownership of all entities. One transmission and four distribution companies were created. They managed to reduce transmission and distribution losses from about 38 pct. in 1999 to 26 pct. in 2003 and less than 20 pct. in 2008—in large part through theft control. In the same way, EU accession countries have successfully privatized their distribution companies and reduced system losses to around 10 pct. and earned a decent return on assets (World Bank, 2009).

## 4. Exporting Electricity to India is a Political Issue rather than an Economic one

Electricity demand in India increases by 8-9 pct. annually (Rijal, P., 2009). It is estimated that by the year 2013, almost 220,000 MW installed capacity of electrical energy will be required in

India to cope with the rapidly growing economy. The present installed capacity of India is approximately 171,900 MW. There will be a great gap in demand and supply in near future. India has been importing electricity from Bhutan to meet its increasing demand. India sent a proposal to Nepal to follow similar model for harnessing hydropower potential. However, Nepalese politicians feared losing sovereignty. Nepal could not develop by taking financial and technical assistance of multilateral agencies. As a result, development of hydropower could not take place. However, some Indian private and public companies are interested to invest in hydropower projects of Nepal. Satlaj Jal Vidyut Nigam, GMR Energy Limited, IL & FS have taken licenses to develop mega-hydropower projects like Arun III and Upper Karnali.

What stalls this process, however, is lack of Power Trading Agreement between Nepal and India. In the absence of this agreement, there will be very highriskandinvestorsarenotwil lingtoinvestinmega-projectsthatwillbeable export electricity to India. Moreover, there is exchange rate risk in Nepalese currency. So, large investments are hardly possible unless the state gives sovereign guarantee and conducts Project Development Agreement (PDA).

There is another school of thought which says that India is more interested in water resource of Nepal which can be used for irrigating millions of hectares of land in India. Electricity can be generated from coal, thermal power, solar and nuclear energy. However, irrigation can be done only with water. Nepal also realizes the importance of water deposited in hydropower dams which can be utilized for growing crops. If there is a proper agreement in benefit sharing, both countries can be benefitted from harnessing these resources.

*(This aricle was written by Dr. Chalise fror Samriddhi,s publication 'Critical Constrains to Economic Growth of Nepal', 2012)*

## Conclusion

In a nutshell, it is true that both public and private sectors of Nepal have failed to meet energy demands of the market although Nepalese water resources have very high commercial value for electricity generation. Nepal is under a grip of a severe energy crisis and a lot remains to be done.

NEA, the representative body of the public sector was unable to meet its target because of massive political interference and lack of accountability from its staff. The domestic as well as foreign private sector could not come forward as expected due to policy level hurdles while going into operation. This has caused constraints not only in regards to the hydropower sector but also in overall development of a nation.

The percentage of Foreign Direct Investment (FDI) has reduced this year in comparison to the previous year according to the data given by Department of Industries. The situation will only keep on worsening if current power shortage is not solved with promulgation of proper policies supported by workable acts. Moreover, there should be an appropriate legal system capable of guaranteeing competent environment with a transparent system so that negotiation can be carried out in a proper manner. Otherwise, the negative perception in people towards the sector will never change. For instance, if price is escalated by only 1 pct. in a mega-project, the increase will amount to billions of rupees in Nepali currency per year meaning that during the entire project period of 35 years, it will amount to trillions of rupees. In an environment where rules and regulations are not transparent and fair, nothing much can be done. Therefore, it is the duty of the government to bring about effective policy, Acts and regulations which will help maintain transparency and sustainability in the field of hydropower development in Nepal.

**References**

Dhungel, K. R. and Rijal, P. (2012). Investment Prospects and Challenges of Hydropower Development in Nepal. Kathmandu: Federation of Nepalese Chambers of Commerce and Industry & Samriddhi, The Prosperity Foundation.

Gonzalez, D., Kilinc, A., and Weidmann, N. (2011). Renewable Energy Development Hydropower in Norway. Georg Simon Ohm:Norway.

National Institute for Consumer Research National. Report on the Norwegian Energy regime. Norway: National Institute for Consumer Research.

Nepal Electricity Authority. (2011). Annual Report 2011. Kathmandu: Nepal Electricity Authority.

Rijal, P. and Deoja, S. (2009). Hydropower Paper. Kathmandu: Nepal Development Watchdogs and Aegis.

World Bank. (1998). Mitigating Risks in Power Reform-A New World Bank Lending Approach. New Delhi: World Bank Office.

World Bank. (2009). Reducing Technical and Non-Technical Losses in the Power Sector. Washington: World Bank.

World Bank. (1999). Transmission Investment in Competitive Power Systems. Washington: World Bank.

# सबैको चासो : किन यतिविधि लोडसेडिंग खेप्नुपरेको होला ?

डा.भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

यो लेखक नेपाल विद्युत प्राधिकरणको पुगनपुग १ वर्ष कार्यकारी निर्देशक भएको हो । यो अवधि जलस्रोतविज्ञ हुनका लागि पनि पर्याप्त समय होइन । यो लेख आफ्नै बखान गाउन पनि लेखिएको होइन । यो सुरुमा नै नस्वीकारे बखान त बखान नै हो भनेर पाठकले बुझ्नुपर्ने हुन्छ । यो लखेकको छोटो अवधिको अनुभवले किन यतिविधि लोडसेडिंग गर्नुपरेको कारणहरुबारे केही प्रकाश पार्ला र भविष्यमा नेपाली नागरिक कसरी सजग हुनुपर्ला भन्ने सोच विकास गर्न सहयोग पुर्‍याउला भन्ने आशा यो लेखकको हो ।

२०५६ र ५७ मा प्राधिकरणको कार्यकारी निर्देशक भएका बखत त्यसबेलाका जलस्रोतमन्त्री गोविन्दराज जोशीले आफ्नो कार्यकक्षमा बोलाई मलाई जलविद्युत आयोजनाहरुको लाइसेन्स दिनका लागि ठूलो दबाब आइरहेको छ । तपाईले प्राधिकरणका लागि राम्रा आयोजनाहरुको छनौट गर्नुस्, बाँकी म प्रस्तावका लागि सूचना निकाली दिन्छु । “तपाई आफू इन्जिनियर नभएकोले प्राधिकरणभित्र इन्जिनियरहरुसँग छलफल गरी टुंगो लगाउनुहोस्” भन्नुभएको थियो ।

०५६ सालको सूर्यग्रहणका लागि सरकारी बिदा भए तापनि प्राधिकरणका सबै वरिष्ठ इन्जिनियरहरुको बैठक बोलाई मैले मन्त्रीको भनाई अनुरुप प्राधिकरणलाई महत्वपूर्ण रहेका आयोजनाहरुको छनौट गरौं भनि छलफल सुरु गरें । सुरुमै मैले ‘हामीले धेरै लोभ गर्‍यौं भने हामीले राम्रा आयो

जना गुमाउन सक्छौं, हामीलाई आवश्यक पर्ने र कार्यान्वयनमा ल्याउन सक्ने आयोजनाहरु छानौं' भने । छलफलका बखत देशमा विद्युत आपूर्ति स्थिति, निर्माणाधीन आयोजनाको अध्ययनबाट सन् २००७ र ८ र ११ र १२ मा विद्युत प्राधिकरणभित्र ३०० देखि ४०० मेगावाटसम्मको ठूला स्तरका आयोजनाहरु सम्पन्न गर्नुपर्ने देखियो । यसका लागि निम्नअनुसारको एउटा दृश्यमा पुगियो । सन् १९९९ मा विद्युत प्राधिकरणभित्र झण्डै ३ सय मेगावाटको आपूर्ति गर्ने क्षमता थियो ।

| वर्ष | उच्चतम माग (मेगावाट) | आपूर्ति (मे.वा.) | सम्पन्न गरिने आयोजनाको छनौट |
|---|---|---|---|
| १९९९ | ३५४ | ३०० | |
| २००० | ४३३ | | ५७<br>१४.८ मेगावाट मोदिखोला, ६.२ मेगावान पुवाखोला, निजीक्षेत्रको ३६ मेगावाट भोटेकोशी |
| २००१ | ४६३ | ५०१ | १४४ मेगावाट कालिगण्डकी ए |
| २००४ | ५९९ | ५७१ | ७० मेगावाटको मध्यमर्स्यांदी |
| २००८ | ८७४ | ९७९ | ४०० मेगावाटको माथिल्लो कर्णाली |
| २०१२ | १२६५ | १२८४ | ३०५ मेगावाटको माथिल्लो तामाकोसी |

यो तालिकालाई मुख्य आधार ठानी नेपाल विद्युत प्राधिकरणले आफूलाई उपयुक्त हुने ठूला आयोजनाहरुको छनौट गर्नुपर्ने थियो । केही जलाशययुक्त आयोजनाहरु र यो १२ र १३ वर्षको अवधिमा अरु मध्यमस्तरका (३० र ५० मेगावाट) का आयोजनाहरु बीचबीचमा संचालन गर्नुपर्ने महसुस गरिएको थियो । ३० मेगावाटको चमेलिया जलविद्युत आयोजनाको सर्वेक्षण कार्यहरु भइरहेका थिए । अनुमानतः यो आयोजना सन् २००४ र ५ मा निर्माण सम्पन्न गर्ने अवस्थामा थियो ।

म इन्जिनियर होइन, प्राधिकरणका लागि तपाईहरुको निर्णय राजनीतिक स्तरबाट म अनुमोदन गराउने जिम्मेवारी लिन्छु भनेको थिएँ । इन्जिनियर साथीहरुको तर्क सकेजति राम्रा आयोजनाहरु नेपाल विद्युत प्राधिकरणले

निर्माणसँगै राख्नुपर्दछ भन्ने थियो, जो स्वाभाविक पनि थियो । यसबेला सन् २००१ मा १ सय ४४ मेगावाटको कालीगण्डकी पूरा गर्ने लक्ष्य थियो भने २००१ बाटै ७० मेगावाटको मध्यमर्स्याङदी सुरु गरी सन् २००४ मा सक्ने गरी सम्झौता हुन मात्रै बाँकी थियो । प्राधिकरणको २० वर्षे माग प्रक्षेपणअनुरुप सन् २००१ मा कालीगण्डकी ए र २००४ मा मध्यमर्स्याङदी कार्यान्वयनमा आउने भएपछि छलफलबाट सन् २०१५ र १६ सम्म दुईटा ठूला आयोजनामा ४०० मेगावाटको माथिल्लो कर्णाली र ३०५ मेगावाटको माथिल्लो तामाकोशी नेपाल विद्युत प्राधिकरणका लागि जसरी भए पनि राख्नै पर्ने निक्र्यौलमा छलफल पुग्यो । ३० मेगावाटको चमेलिया दक्षिण कोरियाको सहयोगमा अगाडी बढी रहेको थियो र आयोजना सन् २००४ र २००८ का बीच सम्पन्न गर्न सकिने स्थिति थियो । केही जलासययुक्त आयोजनाहरुको प्राधिकरण आफैंले अध्ययन अनुसन्धान गरिरहेको थियो । १५ र१६ वर्षको मागलाई पूर्ति गर्न सक्ने आयोजनाहरु भएपछि यो अवधिमा अझै १५ र२० वर्षका लागि आयोजनाहरु छनौट गर्ने प्रशस्त समय थियो ।

आजको भयावह लोडसेडिंग खप्नका लागि ककसले कस्तो गल्ती, खेलवाड वा आआफ्ना स्वार्थ पूर्ति गरे भनि कारण खोज्नु उपयुक्त हुन्छ । सन् २००४ मा सम्पन्न गरिसक्नुपर्ने मध्यमर्स्याङदी आयोजना किन सन् २००९ मा पनि सम्पन्न भएन ? नेपाल विद्युत प्राधिकरणका लागि छुट्याइएको माथिल्लो कर्णाली पछिल्लो पटक प्रधानमन्त्री भएका सूर्यबहादुर थापाको पालामा किन भारतलाई सुम्पिइयो ? माथिल्लो तामाकोसीमा किन सरकार, विद्युत प्राधिकरणका उच्च पदाधिकारीहरुको किन ध्यान गएन ?

जलस्रोत मन्त्रालयले प्रस्तावका लागि आह्वान गरेका २२ वटा आयोजनामध्येमा माथिल्लो कर्णाली र माथिल्लो तामाकोशी पारेन । यो एउटा प्राधिकरणका लागि राम्रै उपलब्धि थियो । तर सूर्यबहादुर थापा प्रधानमन्त्री भएका बखत भारतीय चाखलाई सन्तुष्ट पार्न माथिल्लो कर्णाली भारतको सरकार संस्था नेशनल हाइड्रोपावर कम्पनी (एनएचपीसी) लाई दिने निर्णय गर्‍यो । *(हेर्नुहोस् : अजय दीक्षित, दुई छिमेकी : जलयात्रा)*

**माथिल्लो तामाकोशी** : नेपालको जलमाफिया नर्वेजियन कम्पनीले हडप्न खुबै कोशिस गरे । नेपालको राजनीतिको एउटा खेमा पनि यसलाई समर्थन गर्न लुकेर लाग्यो । तर स्थानीय जनताको दबाबका लागि धन्यवाद । जनदबाबका कारण नै नर्वेजियनहरुले यो आयोजनामा आफ्नो गिद्दे दृष्टि छाडे ।

# विद्युतको भाउमा गुजिल्टिएको लोडसेडिङको मार

डा. भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

नेपाल विद्युत प्राधिकरणसँग अहिले आफूसँग भएको आफ्नै विद्युत क्षमता बराबरकै ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी खर्चहरुको जोहो गरी सुरुंग, बाँध र विद्युतगृहको निर्माणका लागि ठेकेदारसँग सम्झौता गर्‍यो र कुनै दैविक आपद विपद आई नपरे र प्रधानमन्त्री, ऊर्जा मन्त्रीहरुले यसलाई मध्यमर्स्यांदी आयोजनाजस्तै भ्रष्टाचारको थलो नबनाए अबको ५ वर्षमा यो आयोजना सम्पन्न हुनेछ । आयोजना ल्याउनमा स्थानीय जनताको सक्रिय सहभागिता एवं बेलाबेलाको खबरदारी र आयोजनामा संलग्न कर्मचारीहरुको प्रतिबद्ध संलग्नताले यो आयोजना सफल भएको हो । केही पहिलाका जलस्रोत र हालका ऊर्जामन्त्रीहरुले नर्वेजियनलाई सुम्पन आँट गर्न सकेनन्, होइन भने, विभिन्न वहानामा यो आयोजना नर्वेजियनलाई दिन भित्रभित्रै खेल नभएका होइनन् । यो त भयो खुसी हुने कुरो ।

अहिलेको नेपालको विद्युत क्षेत्रको संस्थागत संरचना भनेको नेपाल विद्युत प्राधिकरण (नेविप्रा) माउ गाई हो भने माथिल्लो तामाकोसी र निजीक्षेत्रले विकास गरेका अरु आयोजनाहरु बाछा हुन् । माउलाई स्याहार सुसार गरेर खानादाना राम्रो दिन सकेमात्र बाछाहरुले माउको दूध खान पाउने हुन् । माउ नै ख्याउटिएर सुक्दै गयो भने बाछाले कसरी दूध खान पाउने ? नेविप्राले आफूले बेच्ने बिजुलीको भाउ पछिल्लो पटक २०५६ सालमा बढाएको हो । गएको ११ वर्षमा विद्युत बाहेक अरुको भाउ नेपालमा कति आकासिएको छ भनेर यहाँ लेखाजोखा गर्नु सामयिक हुन्छ । सरकारी तथ्यांकले नै पनि आ.बा. २०५५ र ५६ बाट आ.ब. २०६६ र ६७ मा आइपुग्दा मूल्य वृद्धि वार्षिक सालाखाला १० प्रतिशतभन्दा केही बढी नै रहेछ अथवा ११ वर्षअगाडि रु. १० प्रतिकिलो पाइने आलु अहिले बजारमा

रु. ५० देखि रु. ६० प्रतिकिलो पर्ने रहेछ । २०५६ सालमा २० युनिटसम्म बत्ती बाल्नेलाई प्रति युनिट ४ रुपैयाँ र २१ देखि २५० युनिटसम्मलाई प्रति युनिट ७ रुपैयाँ ३० पैसा र २५० युनिटभन्दा माथि प्रति युनिट ९ रुपैयाँ ९० पैसा भाउ तोकिएकोमा आलु जत्तिकैको भाउ विद्युतको पनि बढेको भए यी दरहरु आज २० युनिटका लागि प्रतियुनिट २० रुपैयाँ, २१ देखि २५० सम्मका लागि प्रति युनिट ३६ रुपैयाँ ५० पैसा र २५० युनिटभन्दा माथिका लागि प्रति युनिट ४९ रुपैयाँ ५० पैसा पर्ने थियो ।

नेपालमा विद्युतको भाउ बढाउनका लागि विद्युत महसुल निर्धारण आयोग भन्ने एउटा संसथा सरकारले खोलेको छ । यो आयोगका अध्यक्ष पूरा समय काम गर्दछन् भने अरु ४र५ जना सदस्य मिटिंग भएका बखत भाग लिने गरी सदस्यको रुपमा काम गर्दछन् । अध्यक्षले राम्रै मासिक तलबभत्ता खान्छन् भने सदस्यहरुले बैठक वापत भत्ता लिन्छन् । यी तलब भत्ता र अन्य खर्च जनताले तिरेको करबाट बेहोरिन्छ । यो आयोगको मुख्य कम भनेको देशमा भएको समग्र मूल्य वृद्धि, विद्युत उत्पादन एवं वितरणमा लाग्ने खर्च आदिलाई ध्यानमा राखी विद्युतको भाउ घटबढ गराउनु हो । तर अचम्म बितेका ११ वर्षसम्म विद्युतको भाउ नबढाई यो आयोगले नेपालको विद्युत क्षेत्रलाई नै ध्वस्त पार्दै गएको छ ।

सीमित रुपमा चर्चामा आएअनुसार विद्युतको भाउ बढाउन नेपाल विद्युत प्राधिकरणले महसुल आयोगलाई चित्तबुझ्दो जबाफ दिन सकेन भन्ने छ । महसुल आयोगको केमा चित्त नबुझेको हो जनताले थाहा पाउनुपर्‍यो र नेविप्राले पनि आफ्नो प्रस्ताव के हो उपभोक्तालाई भन्नुपर्‍यो । लोडसेडिंग नहुने हो र गुणस्तरीय विद्युत हामी उपभोक्ताले पाउने हो भने भाउ बढाउन स्वीकृति नदिने महसुल आयोगका पदाधिकारीहरुलाई पिट्न हामी जानेछौं । तर लोडसेडिंग हटाउनका लागि नयाँ विद्युत आयोजनाहरुमा लगानी गर्नुपर्‍यो र त्यस्तो लगानीका लागि आफ्नो विद्युतको भाउ नै लागतभन्दा कममा बेच्नुपरेपछि नेविप्राले कहाँबाट पैसा ल्याओस् । वार्षिक अरबौंको घाटा बेहोरेको नेविप्राले माथिल्लो तामाकोसी जस्तै आयोजनामा पैसा हाल्न सक्ने कुरै भएन । उपभोक्ता लोडसेडिंग हट्ने हो भने बिजुलीको

पैसा बढी तिर्न तयार हुने तर भाउ बढाउन नदिने महसुल निर्धारण आयोगका पदाधिकारीहरु को हुन् ? एउटा कुरा के सत्य हो भने नेपाल विद्युत प्राधिकरणले आफ्नो खर्चमा कटौती गर्नुपर्दछ, चुहावट नियन्त्रण गर्नुपर्दछ र प्राधिकरण प्रत्येक ऊर्जा मन्त्रीको आफ्ना मान्छे भर्ना गर्ने भर्तीकेन्द्र बनाइनु हुँदैन । नेपालमा निजीक्षेत्रका सफल विद्युत उत्पादक ज्ञानेन्द्रलाल प्रधानलाई मात्रै सोधियोस् उनले बिजुलीको भाउ बढाउनुपर्छ भन्छन् कि भन्दैनन् ? विद्युतको भाउ निर्धारण गर्दा विभिन्न खालको नयाँ सोचहरु लागू गर्न सकिन्छ । विद्युत माग बढी हुने हिउँदको सिजनमा बेलुका ६ देखि ८ बजेसम्मको समय र विद्युत खेर फाल्नुपर्ने वर्षायामका लागि बेग्लाबेग्लै दर निर्धारण गर्न सकिन्छ । नेविप्राले नै टाइम अफ डे अर्थात दिनको कुन कुन समयमा कति कति बत्ती बालेको भनेर नाप्न सकिने मिटरहरु सीमित रुपमा जडान गरी सकेको छ । यसलाई व्यापक रुपमा विस्तार गर्न सके बढी विद्युत खपत हुने बेलाको बढी महसुल लाग्ने विद्युत उपयोग नगरी उपभोक्ताहरुले कम महसुल लाग्ने बेलाको विद्युत खर्च गर्नेछन् ।

महसुल आयोगसँग विद्युतको भाउ बढाउनका लागि हुने छलफल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकका लागि एकदमै निराशाजनक हुन्छ । २०५६ सालमा आयोगसँग छलफल गर्दा यो लेखकलाई यही अनुभव भएको थियो । आयोगका अध्यक्ष एवं पदाधिकारीहरु कुनै तर्क, सिद्धान्त र आधार बिना विद्युतको भाउ बढाउन दिन्न भनिदिन्छन् । एक दिनको छलफलमा भाउ नबढाउन एउटा तर्क निकालिन्छ भने अर्को दिन अर्कै तर्क तेर्स्याइन्छ । नेपाल विद्युत प्राधिकरणले प्रस्तुत गरेका तथ्य र तथ्यांकहरु पढ्दै नपढी प्रश्नहरु सोधिन्छन्, जसका उत्तर नेविप्राले आफ्ना कागजपत्रमा बुझाई सकेको हुन्छ । नेविप्राका कार्यकारी निर्देशक आफैं रातोदिन महसुल निर्धारण आयोगसँग नभिड्ने हो भने आयोगले विद्युतको भाउ कहिल्यै पनि बढाउँदैन । गएको ११ वर्षको स्थितिले यसलाई पुष्टि गरेको छ । नेविप्राका कार्यकारी निर्देशक र ऊर्जामन्त्रीहरु विद्युतको भाउ बढाउने कुरामा गंभीर नै छैनन् । किनभने भाउ बढाउँदा कमिसन आउँदैन । यतिमात्र होइन मन्त्रीहरु त भाउ बढाउँदा आफूलाई अपजस आई मन्त्री पदै छोड्नु पर्ला भन्ने डरले सधैं कामिरहेका पो पाइयो ।

विद्युतको भाउ बेलैमा बढाई दिएको भए नेविप्रासँग माथिल्लो तामाकोसी जस्तै अर्का दुई तीनवटा आयोजनामा सेयर हाल्ने पैसा हुने थियो र ७/८ वर्षपछि लोडसेडिंग पनि हट्ने थियो । यतिमात्र होइन उल्लेख गरिएजस्तै निजीक्षेत्रका विद्युत उत्पादकले पनि उल्लेख गरिएजस्तै माउको दूध खान पाउने थिए । यही ११ वर्ष अगाडिदेखि निजीक्षेत्रले उत्साहित भएर जलविद्युतमा गर्न लागेको लगानी ठप्प हुने अवस्थामा पुगेको छ । निजीक्षेत्रका बाछा यति चलाख हुन्छन् कि माउले नै दूध दिन नसक्ने भएपछि आमालाई भ्रुँगेली रहँदैनन् । विद्युतमा गर्ने लगानी अरु नै क्षेत्रमा लगाउँछन् वा छोराछोरीको बिहेमा खर्च गरिदिन्छन् । त्यतिले पनि नभए पुँजी नै पलायन हुन जान्छ । विप्रेषणबाट प्राप्त आम्दानी उपभोगमा मात्रै खर्च भयो उत्पादनशील क्षेत्रमा लगानी आकर्षण गर्न सकिएन भनेर देशका योजना आयोगका पदाधिकारी, अर्थमन्त्री, राष्ट्र बैंकका गभर्नर कराउँदै हिँडेका छन् तर बिजुलीको भाउ ११ वर्षसम्म नबढाएर विद्युत क्षेत्र नै धरासायी भएकोमा कसैले केही सिन्को भाँचेको छैन ।

कुनै पनि सही कुराको विरोध पैसा तिरेका पेशाकर्मीहरुले निर्णय नगरी देशै डुबाउनेहरुको संख्या नेपालमा बढी रहेको छ र आफू निर्णय नगरेका कारण हीरो भएँ भन्ने स्वान्त सुखायः मा रमाइरहेका छन् । बुद्धिजीवी भनेको समय र परिस्थिति जे भए पनि सधैं सत्य बोल्ने व्यक्ति हो । नेपालमा विद्युतको भाउ बढायो भने नागरिक समाजका सदस्य हौं भनि हिँड्ने बुद्धिजीवीहरु, घरमा लाखौं लाखको विद्युतीय सामानहरु उपयोग गर्ने तर बिजुलीको भाउ बढाउँदा गरिबलाई मर्का पर्छ भन्दै हिँड्ने नेविप्रा घेर्न अवश्य नै जानेछन् । पहिलो त नेपालमा गरिबसम्म बिजुली पुगेकै छैन, पुगेकोमा पनि महसुल दर ४ रुपैयाँ प्रति युनिटले सबैभन्दा कम लगाइएको छ । साँच्चिकै गरिबले त महिनामा २० युनिट पनि बत्ती बाल्दैन । विद्युतको भाउ बढाउँदा यो वर्गलाई मर्का नपर्ने गरी २० युनिटभन्दा बढी खपत गर्नेलाई बढी भाउ बढाएमा गरिब कसरी मर्न गयो र ? भाउ बढाउने सबैभन्दा सजिलो उपाय नेपाल सरकारले आर्थिक वर्षको अन्त्यमा निकाल्ने समग्र मूल्य वृद्धिको दरको दाँजोमा वर्षैपिच्छे विद्युतको पनि भाउ बढाउन पाउने नीति हो । उदाहरणका लागि कुनै एक आर्थिक वर्षमा १० प्रतिशतको मूल्य वृद्धि भएछ

भने नेविप्राले आउँदो वर्ष ७ या ८ प्रतिशतको मूल्यवृद्धि स्वत गर्न पाए कसैको टाउको दुखाई भएन । २ या ३ प्रतिशत मूल्य वृद्धिको अंश भने विद्युत प्राधिकरणले आफ्नो खर्च घटाई पूरा गर्न लगाउनुपर्दछ ।

गएको वैशाखदेखि नेपालका राजनीतिज्ञहरु राजनीतिक खेलमा व्यस्त भएका कारण देशले धेरै क्षेत्रमा उन्नति गरेछ । बैंकहरुमा भएको तरलता हट्न थालेछ, पर्यटकहरु बढी आउन थालेछन् र निजीक्षेत्रले खुरुखुरु आफ्नो काम गरिरहेका छन् । राजनीतिज्ञहरु प्रधानमन्त्री छान्ने काममा व्यस्त भएका बखत मसिनले पढ्ने पासपोर्ट छपाउन दिने निर्णय कर्मचारीतन्त्रले आँट गरी लिए जस्तै महसुल निधारुण आयोगले पनि अहिले नै विद्युतको भाउ बढाई दिने हो कि ? राजनीतिज्ञहरु विरोधका लागि आफ्ना कार्यकर्ता सडकमा उतार्ने मनस्थितिमा अहिले छैनन् ।

# सामुदायिक ग्रामीण विद्युतीकरणका लागि संस्थागत व्यवस्था

डा.भोलानाथ चालिसे

००-००-००००

नेपालमा उदारवादप्रति सैद्धान्तिक स्पष्टता नभएका व्यक्तिहरु र दाता राष्ट्र एवं विश्व बैंकजस्ता बहुराष्ट्रिय संस्थान सल्लाहकारहरुको बिगबिगीले नहुनुपर्ने कार्य भइरहेका छन् र हुनुपर्ने कार्य भइरहेका छैनन् । संयुक्त राज्य अमेरिकाको विशेष पहलमा समुदायहरुले संचालन गरिरहेका विद्यालय एवं कलेजहरु नयाँ शिक्षाको नाममा २०२८ सालबाट सरकारीकरण गरियो भने ईश्वीको ८० र ९० को दशकमा यिनै सरकारीकरण गरिएका विद्यालयहरुलाई समुदायमा हस्तान्तरण गराउनुपर्छ भनि यिन दाताले प्रमुख सर्त राख्न थाले । संयुक्त राज्य अमेरिकाले करिब ४४ वर्ष अगाडि नेपाल टिम्बर कर्पोरेसन सरकारी क्षेत्रमा स्थापना गर्न सहयोग पुर्‍यायो भने त्यही कर्पोरेसनलाई ३० वर्ष पछाडि निजीकरण गर्न नयाँ सहयोगको सर्त राख्न थालियो । एसियाली विकास बैंकले हेटौंडा सिमेन्ट कारखाना सरकारी क्षेत्रमा खोल्न ऋण दिएको थियो भने त्यही कारखाना निजीकरण गराए मात्र अन्य सहयोग प्राप्त हुनेछ भन्दै आएको छ । यहाँ नेपालमा भने विश्व बैंक, आईएमएफ, एसियाली विकास बैंक र पश्चिमा दाता राष्ट्रहरु पुँजीवादी व्यवस्थाका हिमायती भएकोले सबै क्षेत्र निजीक्षेत्रलाई छोड्नुपर्छ भन्ने गरि बमारा, धनी पोसुवा नीति अवलम्बन गराउन नेपालजस्ता गरिब मुलुकलाई दबाब दिन्छन् भने तिनलाई उदारवादी सोचका मसिहा हुन् भन्दै गाली गर्दैहिँड्छन् । यी संस्थाहरु र दाता राष्ट्रका नीति निर्माताहरु उदारवादी होइनन् । यी त कर्मचारीतन्त्र मात्र हुन् र यिनले सुझाव दिने नीतिहरु उदारवादी हुनै सक्दैनन् । एउटा उदारवाद समाजमा कर्मचारीतन्त्रको त्यत्रो ठूलो उपस्थितिको आवश्यकता नै पर्दैन । आफ्नै अस्तित्व सकिने गरी कसैले पनि सुझावहरु कार्यान्वयन गराउन भन्दै भन्दैनन् ।

नेपालको ग्रामीण विद्युतीकरण कार्यक्रम यही सैद्धान्तिक अस्पष्टताको सिकार भएको छ । नेपालको केही हदसम्म तराई छोडेर ग्रामीण क्षेत्रका घरहरुमा विद्युतीकरण गराउने लागत र त्यसबाट विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानीबाट व्यापारिक हिसाबले लाभप्रद छैन । व्यापारिक हिसाबले लाभप्रद नहुने भए यी क्षेत्रका जनताले बिजुली बाल्नपाउने त ? यस्ता क्षेत्रमा बिजुली पुर्‍याउने सरकारको दायित्व रहँदैन ?

यस्ता प्रश्नको जवाफ सरकारी, दाता राष्ट्र एवं बहुराष्ट्रिय संस्थाका नीति निर्माताहरुले, जो आफैंमा उदारवादी सिद्धान्तप्रति स्पष्ट वा प्रतिबद्ध छैनन्, तिनले अनौठो खाले सुझावहरु दिएका हुन्छन्। एकातर्फ नेपाल विद्युत प्राधिकरणले नाफा नहुने क्षेत्रमा हात हाल्नु हुँदैन भने अर्कोतर्फ ग्रामीण विद्युतीकरणको कार्य नेपाल विद्युत प्राधिकरणबाट झिकेर घाटा व्यवस्था गर्न पनि तयार हुँदैनन् । यतिमात्र होइन नेपाल विद्युत प्राधिकरणलाई ग्रामीण विद्युतीकरणमा नोक्सान भयो भन्दै यस्तो कार्य कम्पनी खडा गरी त्यसैमार्फत संचालन गर्नुपर्छ भन्दै कम्पनी खोल्न तत्पर हुन्छन् । कम्पनी भन्ने संस्थाको उपज नै उद्यम व्यवसाय गरी नाफा कमाउनका लागि भएको हो । नाफा नहुने कार्य संगठित रुपमा गर्नका लागि पश्चिमा राष्ट्रमा चलनमा भएको ट्रष्ट वा फाउन्डेसन र नेपालमा प्रचलनमा रहेको गुठी खोले भइगयो ।

उदार व्यवस्थामा विकास गर्नेहरुलाई अनुदारवादीहरुले लगाउने सबै भन्दा प्रमुख आरोप नै यी बजार नपुगेका वा बजारले कुनै संकेत नदिने दुर्गम एवं गरिब क्षेत्रलाई वास्तै गर्दैनन् भन्ने हो । सिद्धान्तमा स्पष्टता नभएका र कर्मचारीतन्त्रीय सोच हुने तर खासगरी दातृ निकायका अगाडि उदारवादी देखिनु पर्नेहरुले बजार नपुगेका ठाउँमा सरकारले हातै हाल्नु हुँदैन भन्ने धारणालाई सजिलै आत्मसात गरिदिन्छन् । उदारवादी सोचमा यस्तो धारणा रहेकै हुँदैन । आफू र आफ्ना वरिपरिका सबैको उन्नति होस् भन्ने एउटा उदारवादीको सोच रहन्छ। सहरमा बस्नेले बिजुली पाउने, गाउँमा बस्नेले नपाउने भन्ने कुरा मानवीय सहअस्तित्वको धारणा अनुरुप एउटा उदारवादीका लागि नैतिक कार्य ठहरिँदैन। उसले सहरमा बस्नेले बिजुलीको

भाउ बढी तिरेर वा आफ्नो आम्दानीमा आयकर तिरेर पनि गाउँमा समेत बिजुली पुगोस् भन्ने विचार राखिरहेको हुन्छ। हो, उसले सहरका बासिन्दाले मात्र प्रयोग गर्ने पेट्रोलियम पदार्थ, विद्युत आदिमा अनुदान दिनु सर्वथा ठीक होइन भन्छन् । नेपाल विद्युत प्राधिकरणलाई ग्रामीण विद्युतीकरण गर्न लाभप्रद हुँदैन भने यसको विकल्प अवश्य खोजिनु पर्दछ ।  व्यापारले प्रतिफल प्राप्त नहुने क्षेत्रमा सरकारले बिजुली जस्तो सेवा प्रदान गर्नु हुँदैन भनेर कुनै पनि बजारमा विश्वास गर्ने व्यक्तिले भन्दैन । नेपालको बाजुरा जिल्लामा निजीक्षेत्रले अस्पताल खोल्न उसलाई नाफा भएन भने त्यहाँका जनतालाई औषधोपचार नै नपुर्याउने ? कुरा यत्ति हो बाजुरामा अस्पताल वा स्वास्थ्यचौकी संचालन गर्न जतिसक्यो त्यति बढी स्थानीय जनताको संलग्नता र स्वामित्वमा संचालन गर्यो त्यो त्यति बढी दीगो र प्रभावकारी हुन्छ ।

नेपालमा विद्युत् उत्पादन, प्रसारण र वितरणको कार्य सतप्रतिशत सरकारी निकाय नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ र यो संस्था नाफा कमाउनको लागि मात्र स्थापना भएको हो । नेपालको विद्युत क्षेत्रको विकासमा प्रमुख भूमिका रहँदै आएको दातृ निकायहरुले नाफा नभएको क्षेत्रमा नेपाल विद्युत प्राधिकरणलाई लगानी नगर्नका लागि सर्तमाथि सर्त थोपर्दै आएका छन् । यति मात्र होइन आफ्नो लगानीको खास प्रतिफल आर्जन गर्न विद्युत महसुलमा वृद्धि गरी नाफा बढाउने यी संस्थाहरुको अर्को सर्त रहेको छ। ग्रामीण विद्युतीकरण सोझै नाफामुखी नभएका कारण नेपाल सरकारले २०६० सालदेखि सामुदायिक समूहको २० प्रतिशत र सरकारको ८० प्रतिशत लगानीमा नेपाल विद्युत प्राधिकरणले संचालन गर्दै आएका कार्यक्रम नेपाल विद्युत प्राधिकरणले यस वर्षदेखि नोक्सानीमा गएको कार्यक्रम भन्दै ग्रामीण विद्युतीकरण विभाग बन्द गरेदेखि यो कार्यक्रम कसले र कसरी संचालन गर्ने भन्ने ठूलो अन्यौल उत्पन्न भएको छ । माउ संस्था नेपाल विद्युत प्राधिकरणले संचालन गर्दा नाफा भएन भन्दै बन्द गरिएको कार्यक्रम नेपाल विद्युत प्राधिकरण अन्तर्गत नै कम्पनीको रुपमा संचालन गर्न नेपाल विद्युत प्राधिकरणका नीति निर्माताहरुले सोच बनाएका छन् । यो सोच सैद्धान्तिक हिसाबले बहुलट्ठीपन हो ।

बजारले सेवा पुर्याउन नसक्ने तर सरकारको दायित्वभित्र पर्ने कार्य संचालनका लागि सरकारसँग चार वटा संस्थागत व्यवस्थाहरुको विकल्प उपलब्ध छन् । पहिलोमा कम्पनी हो भने दोस्रो सरकारी विभाग, तेस्रो छुट्टै ऐनले व्यवस्था गरेको संस्था र चौथो विकास समिति अन्तर्गतको संस्था हो । ग्रामीण विद्युतीकरणका लागि कम्पनीको व्यवस्था संभाव्य र उपयुक्त नै भएन । सरकारको कृषि विभाग वा सडक विभागजस्तै खडा गर्नका लागि पहिलो त घटीमा सबै प्रक्रिया पुर्याउँदा तीन चार वर्ष लाग्न सक्दछ भने दोस्रो देश संघीयतामा जाने भई सकेपछि केन्द्रीय स्तरमा यस्ता विभागहरुको गठन गर्ने राजनीतिक प्राथमिकताभित्र पर्दैन। छुट्टै ऐनले व्यवस्था गरेको नेपाल कृषि अनुसन्धान परिषद्, स्टाफ कलेज वा नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान जस्तो गरी ग्रामीण विद्युतीकरणका लागि बेग्लै ऐनअन्तर्गत स्थापना गर्नु सिद्धान्तका हिसाबले सबैभन्दा राम्रो विकल्प हो । तर नयाँ ऐनको मस्यौदा गरी त्यसलाई संसद्बाट पास गराई संस्था खोल्नका लागि नयाँ संविधान निर्माणका बेला सरकार एवं संसद्को प्राथमिकताभित्र पर्दैन । यसका साथै पछाडिबाट बलियो लबिंग नगराई यस्ता ऐन पास हुने संभावना पनि छैन । ग्रामीण विद्युतीकरण कार्यक्रम यस्तो टुहुरो अवस्थामा छ जसका लागि न बाबु छन् न आमा नै । दबाबका लागि सिर्जना गरिएको सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपालसँग न स्रोत छ, न दाता छन् जसले गर्दा एउटा छुट्टै ऐन अन्तर्गत ग्रामीण विद्युतीकरणको कार्यक्रम सरकारद्धारा संचालन गराउन सकियोस् । विकास समिति ऐन २०१३ अन्तर्गत समिति गठन गरी सोही समितिमार्फत ग्रामीण विद्युतीकरण कार्यक्रम संचालन गर्नको लागि भने खासै समय र ठूलो लबिंगको आवश्यकता पर्दैन । झण्डै ५५ वर्ष अगाडि तर्जुमा गरिएको नेपालको विकास समिति ऐनले विकासका कार्यक्रम सरकारी विभागबाट भन्दा स्वतन्त्र इकाईमार्फत संचालन गराउनका लागि विकास समिति ऐनको तर्जुमा गरिएको रहेछ । यो ऐन विकास समितिहरु गठन गर्नाका लागि एउटा मूल कानुन हो । सरकारले सरकारी विभागभन्दा छुट्टै स्वतन्त्र इकाई गठन गरी विकास कार्यक्रम संचालन गर्नका लागि यही मूल कानुनको आधारमा जुनसुकै क्षेत्र र जुनसुकै आयोजनाका लागि विकास समिति गठन गर्न सक्दछ । यस्तो विकास समितिले सम्पत्ति आर्जन,

बेचबिखन गर्न र आफूले गरेको आम्दानी आफ्नै कोषमा राखी त्यसबाट खर्च गर्न सक्दछ । यस्तो समितिलाई सरकार, दाता राष्ट्र, बहुराष्ट्रिय संस्था एवं अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संस्था एवं व्यक्तिले ऋण वा दानदातव्य दिन सक्दछन् । समितिको आय कृषि विभाग वा सडक विभागजस्तो राजस्वमा बुझाउनु पर्ने छैन । कुनै तोकिएको आयोजना सम्पन्न भएपछि यस्ता समिति विघटन गर्न सकिने छ र विघटन पश्चात् समितिका सम्पूर्ण सम्पत्ति सरकारमा स्वतः हस्तान्तरण हुने व्यवस्था मूल कानुन विकास समिति ऐन २०१३ ले गरेको छ । कालिमाटी फलफूल तथा तरकारी बजार, नारायणी सिंचाइ आयोजना र सुरुमा केही विद्युत आयोजनाका निर्माणहरु यस्तै विकास समिति अन्तर्गत संचालन गरिएका हुन् ।

समुदायमा आधारित ग्रामीण विद्युतीकरण कार्यक्रम विकास समिति ऐन अन्तर्गत संचालन गर्नका लागि सम्बन्धित ऊर्जा मन्त्रालयले चाँडो मा ७ दिन नभए १५ दिनभित्र गठन गर्न सक्नेछ । यस्तो समिति गठनका लागि मन्त्रिपरिषद्ले निर्णय गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिमा गठन हुन सक्दछ । यसका लागि सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालले ग्रामीण विद्युतीकरणका लागि गठन हुने समितिको गठन आदेशको मस्यौदा तयार गरी नेपाल सरकारलाई बुझाई सकेको छ । नेपाल सरकार सामुदायिक ग्रामीण विद्युतीकरणप्रति प्रतिबद्ध हुने हो भने ७ दिनभित्र यो समिति गठन हुन सक्दछ ।

# भयावह लोडसेडिङको जिम्मेवार को र समाधाका उपाय

डा.भोलानाथ चालिसे

००-००-००००

***विद्युत उत्पादन माघमा आलु रोप्यो, वैशाख/जेठमा खनेजस्तो पक्कै होइन***

भयावह लोडसेडिंग के कारणले भयो भन्ने १० लाख डलर पर्ने प्रश्नको उत्तर आआफ्ना पाराले दिइएका छन् । सरकार भन्छ, यो अघिल्ला सरकारहरुको अकर्मण्यताका कारण भएको हो; प्राविधिक भन्दछन्, सरकारी हस्तक्षेपका कारण र निजीक्षेत्र भन्दछ नेपाल विद्युत प्राधिकरणको पैसा खाने कर्मचारीतन्त्रका कारण । मुख्य कारण भने जलस्रोतजस्तो क्षेत्रमा न बिगतको सरकारले इमानदारीतापूर्वक ध्यान दियो न अहिलेकै सरकारले ध्यान दिने कोशिश गरेको छ । आजको स्थिति आउनुमा को को दोषी हुन् तिनको पहिचान गरी तिनलाई जनमानसमा उभ्याई नंग्याउनुको साटो नयाँ नेपाल बनाउने सरकार पनि पुरानै सरकारहरुको ढर्रामा हिँड्नुभन्दा बढी केही गरेको पाइएन । होइन भने २०० मेगावाटको थर्मलप्लान्ट राख्ने सोच कदापी आर्थिक रुपले उपयुक्त हुँदैहोइन । भएकै जलस्रोतलाई सकेसम्म कसरी चाँडो उपयोग गर्ने भन्ने सोचतर्फ नलागेर असंभाव्य थर्मलप्लान्टमा समय बिताउनु समस्या प्रति गंभीर नहुनु हो । अहिलेको सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य त घोषणा गरेको छ तर जलस्रोतबाट विद्युत उत्पादन गर्ने कार्य आलुखेती गरेजस्तो होइन । माघमा आलु रोप्यो, वैशाख जेठमा खन्नेजस्तो काम विद्युत उत्पादन गर्नु पटक्कै होइन ।

विद्युतको दीर्घकालीन विकासका लागि दीर्घकालीन सोचको आवश्यकता पर्दछ । दीर्घकालीन माग के हो ? त्यसका लागि दीर्घकालीन योजनाहरु के के हुन् ? भनि छनौट नै नगरी घोषणाको भरमा जलविद्युतको विकास

कदापि हुन सक्दैन । दीर्घकालीन सोचका लागि संस्थागत एवं नीतिगत व्यवस्था पनि दीर्घकालीन नै हुनुपर्दछ । नेपालमा सबै खाले वर्गले दोष दिइरहेको विषय भने जलविद्युत विकासमा दीर्घकालीन सोच कहिले पनि राखिएन भन्ने हो । नेविप्राले दीर्घकालीन योजना निर्माण नगरेको पनि होइन र आजको स्थिति आउनुमा त्यहाँ रहेका सबै प्राविधिकहरु दोषी पनि होइनन् । २०५१ सालमा नेकपा एमालेले नेतृत्व गरेको सरकारले ४०२ मेगावाटको अरुण तेस्रो आयोजना विश्व बैंकलाई खारेज गर्न लगाएपछि विद्युतसँग संलग्न सबैजना आजकै जस्तो भयावह स्थिति आउने देखेपछि विभिन्न उपायहरुको खोजीमा लागे । नेविप्राका इन्जिनियरहरुले ३६ मेगावाटको भोटेकोसी, २० मेगावाटको चिलिमे, १४.८ मेगावाटको मोदीखोला, ६.२ मेगावाटको पुवाखोलाजस्ता आयोजनाहरु संभाव्य पत्ता लगाए । भोटेकोसी प्राधिकरणबाट खोसेर निजीक्षेत्रलाई दिइयो भने चिलिमे पनि निजीक्षेत्रलाई दिन ठूलो प्रयास गरिएको थियो । यो आयोजनाका प्रमुखको इमानदारीताका कारण यो बच्न सकेको हो । २०५६ सालमा आइपुग्दा नेविप्रासँग झण्डै ३०० मेगावाटको विद्युत उपलब्ध थियो भने उच्चतम माग भने ३५४ मेगावाट थियो । सन् २०००/२००१ मा निर्माण पूरा हुने गरी निजीक्षेत्रको ३६ मेगावाटको भोटेकोसी, १४४ मेगावाटको कालिगण्डकी ए र मोदीखोला, पुवाखोलाको २१ मेगावाट निर्माणाधीन अवस्थामा थिए । यसैबखत सरकार देशमा संभाव्य देखिएका आयोजनाहरु निजीक्षेत्रबाट विकास गर्नका लागि प्रस्ताव आह्वान गर्ने योजनामा पुग्यो । निजीक्षेत्रलाई प्रस्ताव आह्वान गर्नुभन्दा अघि नेविप्रालाई उपयुक्त हुने र सबैभन्दा सस्तो खालका आयो जनाहरु छान्नका लागि प्राथमिकता दिइयो । यसबखत एउटा सानो सानो दीर्घकालीन अवधारणा नेविप्राका वरिष्ठ इन्जिनियरहरुको राय सल्लाहमा बनाइएको थियो । स्थिति भने सन् २०००/२००१ मा विद्युतको उच्च माग ४६३ मेगावाट हुने थियो भने निर्माणाधीन आयोजनाहरु समयमै सम्पन्न भए ५०१ मेगावाट विद्युत आपूर्ति हुनसक्थ्यो । सन् २००४ मा मध्यमर्स्यांदी निर्माण सम्पन्न हुने गरी कार्य सुरु गर्दा माग ५९९ मेगावाट र आपूर्ति ५७१ मेगावाट हुने थियो । अपुग विद्युत २० मेगावाटको चिलिमे र ३० मेगावाटको चमेलिया सम्पन्न गर्न सक्ने अवस्थामा थियो । अब अर्को १२ र १५ वर्ष लोडसेडिंग गर्नु नपर्नाका लागि २ वटा ३००/४०० मेगावाटका

आयोजनाहरु सन् २००७/०८ र सन् २०११/१२ मा नेविप्राले आफ्नो प्रणालीमा ल्याउनु पर्दथ्यो । यसका लागि माथिल्लो कर्णाली र माथिल्लो तामाकोसी सबैभन्दा उपयुक्त आयोजना रहेको नेविप्राका इन्जिनियरहरुले ठहर्‍याए । यसकै परिणामस्वरुप २०५६ सालमा सरकारले निजीक्षेत्रबाट प्रस्ताव आह्वान गरेका २२ वटा आयोजनाहरुमध्ये यी दुई आयोजना तिनमा परेनन् । आज आउँदा यो सोचअनुरुप सन् २००७/०८ मा माथिल्लो कर्णाली वा माथिल्लो तामाकोसीमध्ये एउटा र सन् २०११/१२ मा अर्को आयोजना सम्पन्न गर्न सकेको भए सन् २०१२ मा अनुमानित माग १२६५ मेगावाट र विद्युत आपूर्ति १२७७ मेगावाट हुने थियो ।

अब प्रश्न उठ्छ यो सोचलाई कसले तोड्यो ? कसले बिगार्‍यो ? सबैभन्दा पहिला राजाको अप्रत्यक्ष शासनका बेला पछिल्लो पटक प्रधानमन्त्री भएका सूर्यबहादुर थापाले माथिल्लो कर्णाली भारतको नेशनल हाइड्रोपावर कम्पनीलाई बिना टेण्डर, बिना प्रतिस्पर्धा सुम्पिदिए । यो कार्यको कतै कसैबाट कुनै विरोध आएन । फिटिक्क सानो कुरामा पनि विरोधको स्वरुप केन्द्रीय कार्यालयमा कालोझण्डा गाड्ने नेविप्रा भित्रका कर्मचारी संघसंगठनहरुले पनि चुँसम्म गरेनन् । सन् २००४ मा सम्पन्न हुनुपर्ने मध्यमर्स्यांदी आयोजना सन् २००९ मा आइपुग्दासमेत सम्पन्न नहुँदा को कति जिम्मेवार भन्ने कुराको लेखाजोखा कसले गर्ने ? माथिल्लो तामाकोसीलाई त सकेसम्म निजीक्षेत्रलाई नै दिनका लागि नीतिनिर्माताहरु हात धोएरै लागे । स्थानीय जनताको अदम्य दबाब नपरेको भए यो आयोजना कुनै एउटा विदेशी कम्पनीले हडपी सक्ने थियो । आयोजना त बच्यो तर यसको विकासका लागि सरकारको कुनै रौस नै रहेन । यो आयोजना विदेशी दाता वा बहुराष्ट्रिय संस्था (विश्व बैंक) ले अगाडि बढाएको होइन । यो विदेशीले संभाव्यता अध्ययन गरी सुरुमै लागत बढाएको आयोजना होइन । यसको विकासका लागि मध्यमर्स्यांदीजस्तो समय बढाउँदै, भाउ बढाउँदै कमिसन बढी आउने होइन । एकातर्फ स्थानीयहरुको सक्रिय संलग्नता रहेको छ भने अर्कोतर्फ स्वदेशी वित्तीय संस्थाहरुले यसमा लगानी गर्ने भएका छन् । यी दुईवटा कारणले गर्दा यो आयोजनाको अन्धाधुन्ध लागत बढाउन पनि सकिँदैन र कमिसन पनि प्राप्त हुँदैन । यसैले यत्रो विद्युत संकटको बेलामा

पनि माथिल्लो तामाकोशी छिटो निर्माणका लागि सरकारले कुनै तदारुकता देखाएको छैन । यो अनौठो पनि होइन ।

३०० देखि ४०० मेगावाटसम्मको जलविद्युत आयोजना भनेको चाहे निजीक्षेत्रले विकास गरोस् वा सरकारले गरोस् यो एउटा दीर्घकालीन लगानी हो । उपयुक्त आयोजनाको साइट पत्ता लगाउनेदेखि निर्माण सम्पन्न गर्दासम्म केही नभए पनि घटिमा १० वर्ष लाग्न सक्दछ । अहिले नेपालमा सबैभन्दा चाँडो सम्पन्न गर्न सक्ने आयोजना भनेको माथिल्लो तामाकोसी हो । सरकारमा रहनेहरु इमानदार भए र युद्धस्तरमा जुटे भने यो आयोजना ३ देखि ४ वर्षभित्र सम्पन्न गर्न सकिन्छ । माथिल्लो कर्णाली पनि यस्तै स्थितिमा छ । भारतको निजीक्षेत्रलाई निर्माण गर्नका लागि दिइए तापनि सरकारले उसलाई ३ या ४ वर्षभित्र निर्माण समपन्न गर्नका लागि यथेष्ट दबाब दिन सक्दछ । समयमा निर्माण सम्पन्न नगरे हर्जाना तिर्नुपर्ने अथवा आयोजना नै सरकारले आफ्नो हातमा लिन सक्ने प्रावधान त आयोजना निजीक्षेत्रलाई सम्पन्न गर्न दिँदा सम्झौतामा राख्ने अन्तर्राष्ट्रिय प्रचलन हो । यस्तो सर्त नराखी भारतीय निजीक्षेत्रलाई दिइएको होला भनेर सोच्न सकिन्न । राखिएको भए यो सर्त नै दबाबका लागि पर्याप्त हुन्छ । यस्तो दबाब काम नलाग्ने भए सरकारले माथिल्लो कर्णालीको इजाजत आफैंले फिर्ता लिई माथिल्लो तामाकोसी सरह नै युद्धस्तरमा जुटे यो आयोजना पनि ४ देखि ५ वर्षभित्र सम्पन्न गर्न सकिन्छ । यी २ वटाको विकाल्प अरु कुनै छँदै छैन र विकल्प खोज्ने नाममा थर्मलप्लान्ट, १० वर्षमा १० हजार मे गावाट जस्ता नाराहरुले देशको अँध्यारो हट्ने होइन अझ बढी बढ्नेमात्र हुनेछ । यसरी यी आयोजनाहरुलाई सम्पन्न गर्न सरकारले तदारुकताका साथ काम गर्ने हो भने पनि आगामी ५ देखि ६ वर्षसम्म नेपालीहरुले अहिलेको अँध्यारोबाट मुक्ति पाउने छैनन् ।

# भाग ७

# समसामयिक विषयहरुमा बहस

# 'अवसरवाद' भित्रका अपवाद

हरिबहादुर थापा *

कर्मचारीतन्त्रका उपल्ला अधिकारीहरू अरुतिर एउटा औंला ठड्याउँथे भन्थे, 'देश बिगार्ने नेताहरू हुन् ।' तर कर्मचारीतन्त्रमै लामो समय र त्यसमाथि नेतृत्वदायी भूमिका अर्थात् सचिवको जिम्मेवारी पूरा गरेका डा. भोलानाथ चालिसेले फरक मान्यता देखाए । उनी तीन औंला आँफैतिर फर्किएको दृश्य प्रस्तुत गर्ने बिरलैमध्येका एक प्रशासक थिए, 'अरुतिर दोष देखाउँदा त्यसको तीन भाग आफैंमा पर्छ ।'

अधिकांश पूर्व प्रशासकहरू 'शासन बिगार्नमा राजनीतिक नेतृत्व जिम्मेवार रहेको' ठहर सुनाएर आफूहरूलाई 'आदर्शवादी'का रूपमा प्रस्तुत गर्छन् । मुलुक बिगार्ने राजनीतिकर्मीमात्रै हुन्, प्रशासक अति नैतिकवान र सक्षम भएको देखाउन कुनै कसर बाँकी राख्दैनन् । तर, शासन संयन्त्र बिग्रनुमा पूर्व सचिव डा. चालिसेको मान्यता थियो, 'राजनीतिकर्मी स्वभावैले फटाहा हुन्छन् भने कर्मचारीतन्त्र अवसरवादी । यी दुईको गठबन्धनले शासन संयन्त्र खल्बलिएको हो । विकृति नियमित भएको हो ।'

नेपालमा शासकीय मामिला गडबडीमा सञ्चालित भइरहनुमा कर्मचारीतन्त्र उत्तिकै जिम्मेवार छ । कुनै मन्त्रीले गलत गर्न चाह्यो, तर कर्मचारीतन्त्रले कानून बमोजिम 'हुन्न' भन्ने अडान राख्न सक्यो भने खराब निर्णय हुन सक्दैन। २३ वर्ष सरकारी सेवाको अनुभव सुनाउँदै यो पंक्तिकारसँगडा. चालिसेले भनेका थिए, 'सचिवले 'हुँदैन' भन्ने हो भने जतिसुकै प्रभावशाली मन्त्री भए पनि अनुचित निर्णय लिन सक्दैन । जब कर्मचारीतन्त्र नै कानूनको छिद्र देखाउँदैनिर्णयका निम्ति मतियार बन्ने क्रियाकलाप उद्यत हुन्छन्, तब मात्रै खराब निर्णय हुन सक्छ ।'

---

* हरिबहादुर थापा कान्तिपुर प्रकाशनमा समाचार सम्पादक हुनुहुन्छ ।

कर्मचारीतन्त्र अडानमा रहने हो भने राजनीतिकर्मीलाई खेल्ने सामान्य मैदान समेत उपलब्ध हुँदैन । २०५२ मा डा. चालिसे उद्योग सचिव थिए । एमालेको अल्पमत सरकार थियो । त्यतिखेर 'विराट कोसेली' नामको कम्पनी दर्ता गर्न रजिष्टारको कार्यालयमा निवेदन पऱ्यो । त्यो कम्पनीको उद्देश्य चिठ्ठाको कारोबार गर्ने थियो । तर नेपालमा वैधानिक रुपमा 'चिठ्ठा' कारोवार गर्न पाइन्न । तर त्यो कम्पनी खोलाउन एमालेका प्रभावशाली सांसदहरूपछि लागेका थिए । तिनीहरू जसरी पनि अवैध कारोवार गर्ने कम्पनी खोली सजिलै धन आर्जन गर्ने योजनामा थिए । 'त्यो फाइलमा के भयो ?' आधा-आधा घन्टामा मन्त्रीको फोन आँउथ्यो, सचिव डा. चालिसेलाई लाई ।

मन्त्रीबाट बारम्बार फोन आइरहेपछि चालिसेले फाइल अल्झाउने योजनाअनुरुप गृह मन्त्रालयको राय लिन पठाए । तर गृहबाट आकस्मिक र अनौठो शैलीमा ४५ मिनेटभित्रै रायसहित फाइल फर्कियो । गृहले राय दियो, 'प्रयोगका रूपमा यो एउटा विराट कोसेलीलाई दर्ता गरिदिन सिफारिस गरिएको छ ।' मन्त्री आफैं त्यो फाइल बोकी सचिव कहाँ सदर निम्ति दवाव दिन गए । तर डा. चालिसेले त्यो फाइलमा लेखे, 'नेपालजस्तो गरीब मुलुकमा कोसेलीका नाँउमा चिठ्ठा कारोबार गर्ने कम्पनी दर्ता गर्न कानून बमोजिम मिल्दैन । मन्त्री आफैं कानून विपरित उभिएर निर्णय लिइन्छ भने कार्यान्वयन पठाइदिन्छु ।' त्यो टिप्पणीबाट मन्त्री पूर्णतः असन्तुष्ट बन्न पुगे । सचिवको निर्णयको प्रतिकूलमा रहेर 'सदर' गर्ने आँट गर्न भने सकेनन् । 'पछि खोजेका बखत फाइल पेस गर्ने गरी तामेलीमा राख्ने' भन्ने मन्त्रीको तोक लागेर फाइल सचिवकै कक्षमा फर्कियो । र, थन्कियो ।

सचिवले 'गैरकानूनी' हो भन्ने आधार दिने हैसियत प्रदर्शन गर्न सकेकै कारण चिठ्ठाकामार्फत् सजिलै धन खेलाउने मन्त्रीको योजना असफल बन्यो ।तर डा. चालिसे जस्ता प्रशासक निकै कम छन् । कर्मचारीहरू मन्त्रीहरुका मतियार बनेका कारण हाम्रो शासकीय संयन्त्र बिग्रन पुगे को हो । हाम्रा कर्मचारी सरकारमा दलीय परिवर्तनसँगै आफू पनि छिटै रंग फेर्न पुग्छन् । कसरी मन्त्रीलाई खुसी पारी 'अवसर' लिन सकिन्छ

भन्ने योजना बुन्न व्यस्त हुन्छन् । चालिसेका अनुसार अवसरका निम्ति चाकडीमा माहिर कर्मचारी जमात लाजै नमानी आफ्नो रंग फेर्छन् । 'यहाँसम्म कि,' उनी लेख्छन्, 'कांग्रेस सरकारमा रहुन्जेल कांग्रेसका बुढा नेताभन्दा पनि बढी आफूलाई कांग्रेस देखाउन खोज्ने कर्मचारीहरू एमालेको सरकार आएकै दिन भन्छन्-अब त बुझ्नुभो सचिवज्यू, हाम्रो सरकारलाई कांग्रेसी कर्मचारीले असफल तुल्याउनेछन् । त्यसैले तिनलाई लाखापाखा नलगाई हुन्न ।'

मन्त्रीहरूपनि रंग फेर्ने र भनेअनुरुप मान्ने उपल्ला अधिकारीलाई मन पराउँछन् । दुवै मिलेपछि जायज, नाजायज दुबै निर्णय लिन सजिलो हुन्छ । जहाँ मन्त्री र सचिव मिलेका हुन्छन्, त्यहाँ मिलेमतोमा 'नीतिगत भ्रष्टाचार' भइरहेको हुन्छ । दुवै नमिल्दाका बखत फरक रुप आँउछ । २०६७ मा अर्थमन्त्रीले व्यापारीलाई लाभ दिलाउन चाहेपछि फरक मत दर्ज गर्दै तत्कालीन अर्थसचिव रामेश्वर खनालले राजीनामा दिएका थिए । तर धेरैजसो समय मन्त्री-सचिवबीच मिलेमतो नै रहन्छ, अपवादबाहेक । २०६१ को बजेटमा एक हजार सीसी भन्दा कमका गाडीमा भन्सार छूटको व्यवस्था मात्र भएन त्यहाँ आकर्षक शब्दहरूपनि पारिए, 'जनतालाई सस्तो गाडी उपलब्ध गराउने ।' सस्तो गाडी उपलब्ध हुने हुँदा स्वाभाविक रुपमा आममानिस 'खुसी' हुन पुगे । तर, 'छूटभित्रको तथ्य पछि प्रकट भयो,' पूर्व प्रशासक डा. भोलानाथ चालिसेले त्यतिबेला लेखेका थिए, 'सस्तो गाडी भनेको मूलतः भारतमा निर्मित मारुती रहेछ । यो छूटबाट नेपालका लागि मारुतीको एकमात्र डिलर लाभान्वित भयो ।'

सरकारको काम मुलुकमा सुशासन स्थापना गर्न कर्मचारीतन्त्रदेखि व्यापारीसम्मको स्वच्छतालाई 'ट्र्याक'मा राख्नु हो । 'तर हाम्रो सरकार,' डा. चालिसेले लेखेका छन्, 'कर्मचारीलाई भ्रष्ट र उद्यमीलाई तस्कर बन्ने प्रेरणा दिन्छ । सरकारले अनैतिक व्यवसाय गर्न उद्यमी/व्यवसायीलाई उक्साउनु आत्मघाती-राष्ट्रघाती कार्य हो । तलदेखि माथिसम्म अनैतिक र भ्रष्टाचार फैलिंदा देश र समाजका निम्ति अनिष्ट मात्र निम्तिन्छ ।'

२०६१ माघ-१९ मुलुकमा 'निरंकुश राजतन्त्रको युग' छाएको थियो । सर्वत्र त्रास थियो । दरबारतिर औंला उठाउने आँट कसैको थिएन । त्यतिखेर डा. चालिसेको 'तस्कर-दरबार'को घाँटी जोडिएको निर्धक्कको लेख आएको थियो । उनले  लेखेका थिए, 'नेपाल-भारतबीचको तस्करी-व्यापारमा काठमाडौं र दिल्ली शक्तिकेन्द्रहरुसँग समन्वय नगरी सम्भव छैन । आजको दिनमा यस्तो तस्करी दरबारसँग निकट रहेका व्यापारीहरुले गरिरहेका छन् । यसको प्रमाणका लागि राजाको कदमलाई विज्ञापन दिई हार्दिक समर्थन गर्नेहरुको सूची हेरे यथेष्ट हुन्छ ।'

नेपालमा खुला र प्रतिस्पर्धात्मक व्यापार-व्यवसायमार्फत स्वच्छ आर्थिक गतिविधि बढाउने भन्दा शक्तिकेन्द्र संरक्षित अवैध कारोवारले संस्थागत रुप लिने खतरा बढ्दैछ । तर डा. चालिसे जसरी त्यस्ता खेललाई उजागर गर्ने बुद्धिजीवीहरू हामीसँग कम छन् । डा. चालिसेमा स्वार्थ थिएन, उनी केवल निस्वार्थ प्रतिस्पर्धात्मक स्वतन्त्र बजार निर्माण माहौल सिर्जना गर्न चाहन्थे । उनलाई थाहा थियो, अवैध कारोवारबाट प्राप्त हुने 'कालो धन'ले अपराधीकरण बल दिन्छ- माथिदेखि तलसम्म ।

शक्तिकेन्द्र संरक्षित मात्र होइन कि एकाधिकारवादी व्यापार गरी उपभोक्ता शोषण गर्ने नीति खुलम्खुला छ ।खुला बजार नीतिको मान्यता हो, 'प्रतिस्पर्धाले उत्पादित बस्तुको गुणस्तर बढाउँछ, अनि मूल्य पनि घट्न पुग्छ ।' तर हाम्रोमा उदारवादी मान्यतामा आधारित प्रतिस्पर्धा भन्दा 'कार्टेलिङङ' र 'सिन्डिकट'का खराबी निरन्तर छन्, कतिपय ठाँउमा भूमिगत त कतिपयमा प्रत्यक्ष । सिद्धान्ततः भन्ने गरिन्छ, खुला र उदार अर्थनीतिमा त 'घाँटी रेट्ने' प्रतिस्पर्धा चल्छ । 'सिन्डिकट' र 'कार्टेलिङङ' शब्दहरुमाथि बन्देज लगाइन्छ । तर हामी कहाँको दृश्य हेर्ने हो अनौठा छन्, जुन राज्यले लिएको आर्थिक नीतिसँग मेल खाँदैन ।

हरेक सेवा र व्यवसायमा संलग्नहरूमा मालिक-मालिक सम्मिलित भएर संघ-संस्था खोल्ने लहर छ । जसले उत्पादनकर्ता मालिकहरुलाई एकै मञ्चमा उभ्याँउछ । एउटै मञ्चमा संलग्न रहेपछि तिनीहरुबीच स्वच्छ प्रतिस्पर्धा

होइन कि एकै खाले मूल्य राख्ने सहमति बन्छ । सामान्य उत्पादन वा व्यवसायदेखि ठूला कर्परिट हाउसहरूसम्ममा देखिने दृश्य हो- 'सहमतिमा मूल्य' तोकिने । त्यस्ता क्रियाकर्ममा संलग्न न कोही कारवाहीमा परेका छन्, न त्यसलाई नियन्त्रण गर्न सरकारी संयन्त्रहरु सक्रिय देखिन्छन् ।उदाहरणका लागि, खुला र उदार अर्थनीति भएका देशमा 'बैंकर्स एसोसिएन' बन्दैन । तर हामी कहाँयसको 'एसोसिएन' छ र तिनीहरू भूमिगत तवरमा बैंकिङ व्याजदर निर्धारण गर्छन् ।

यस्ता विकृती विरुद्ध बौद्धिक ढंगले तिखो प्रहार गर्न सक्ने व्यक्ति थिए, डा. चालिसे । एकाधिकार र सरकारी नियन्त्रणको तर्कपूर्ण आलोचना गर्थे उनी । राणाकाल र पञ्चायतकालीन केन्द्रीकृत शासन पद्धतिका बेला शासकहरुले आफ्नो रुचि र तजबिजीमा सीमित राखेको उद्योग-धन्दा सञ्चालनमा 'लाइसेन्स राज'को विकृतिलाई हटाउन यिनै प्रशासकको सक्रिय भूमिका रह्यो । उनको मान्यता थियो, 'उद्योग-व्यवसायमा सरकारको उपस्थिति हुनुहुन्न, केवल अनुगमनकर्ताको भूमिकामा सीमित हुनुपर्छ र स्वस्थ प्रतिस्पर्धाका निम्ति माहौल पृष्ठभूमि निर्माण गर्नेमा सरकार सीमित हुनुपर्छ ।'

नेपालमा 'अवैध र तस्करी' बढेको भन्दै भारतले सधैंभरि चिन्ता व्यक्त गर्छ । कतिपय सन्दर्भमा उसको चिन्ता जायज पनि देखिन्छ । किनभने नेपाल-भारतबीच खुला सीमाका कारण तेस्रो देशबाट भित्रिने सामान भारत पुग्छ र त्यसले भारतीय बजारलाई प्रभावित तुल्याउने गर्छ । त्यही देखाउँदै भारतले व्यापार तथा पारबहन सन्धिमा नियमित बखेडा उत्पन्न गरिरहेको छ । भारतसँग पहिलोचोटि सन् १९९६ मा सहज व्यापार तथा पारवाहन सन्धि हुन पुग्यो । सँगै नेपालले ३६ वर्षदखि उठाँउदै आएको माग पूरा हुन पुग्यो । त्यतिखेर छुट्टाछुट्टै रुपमा व्यापार तथा पारबहन सन्धि हुनुपर्ने नेपालको माग स्वीकारिएको थियो ।

त्यतिखेर भारतले उदार नीति अवलम्बन गरेको थियो, छिमेकका हकमा । यस 'नन् रेसिपोक्रल एप्रोच टुआर्डस् दी नेभस'लाई 'गुजराल डक्ट्रिन'

भनिन्थ्यो । तत्कालीन भारतीय प्रधानमन्त्री आइकेे गुजरालको त्यो नीतिले छिमेकी देशलाई उत्साहित बनएको थियो । त्यो नीतिसँगै नेपालमा उद्योग-धन्दा कलखानाका खुल्ने क्रम बढेको थियो । त्यो दृश्य भारतीय कर्मचारीवृत्तलाई चित्त बुझेको थिएन । किनभने भारतको एकछत्र सीमावर्ती व्यापारलाई असर पारेको थियो । तर नेपालले त्यसमा नियमित अडान लिन नसक्दा सन् २००२ मा संशोधित सन्धिले छ वर्ष पुरानो आकर्षक सम्झौतालाई अर्थहीन तुल्यायो ।

त्यति महत्वपूर्ण र सकारात्मक सन्धिबारे नेपालमा कमै बहस भयो, त्यसलाई निरन्तर तुल्याउने मामलामा पनि नेपाल चुक्यो । 'त्यो सन्धिबारे' डा. चालिसेले लेखेका छन्, 'नेपालमा उत्पादित वस्तुहरू भारतमा सुविधायुक्त प्रवेशका लागि मूल्य अभिवृद्धि वा म्याटेरियल कन्टेन्ट जस्तो जटिल र प्रशासनिक झमेलायुक्त प्रावधानको साटो तीन किसिमका वस्तुहरुबाहेक अरु सबै वस्तु नेपालमा उत्पादित र प्रमाणित गरेको आधारमा भारतमा भन्सारमुक्त एवं परिमाणात्मक बन्देज लगाई निकासी हुन सक्ने प्रावधान थियो । बन्देजका तीन वटा वस्तुमा मदिरा र मदिराजन्य पेय पदार्थ र तीनका कन्सेन्टेट्स, अनेपाली र अभारतीय ब्राण्डका अत्तर र श्रृंगारका सामान तथा चुरोट र सूर्ति थिए । यो नेगेटिभ लिस्टबाहेकका अरु सबै नेपालमा उत्पादित वस्तु भारतमा सुविधायुक्त बिना परिमाणात्मक बन्देज निकासी हुन सक्ने प्रावधानले नेपालमा लगानी गर्नेका लागि नीतिगत स्तरमा स्थिरता दिएको थियो ।'

त्यो सन्धिले नेपालबाट भारत निर्यातको कारोवारको मात्रा ह्वात्तै बढाएको थियो । सँगै भारतसँगको व्यापारघाटा कम हुँदै थियो । तर बिस्तारै क्वारेन्टाइन र गुणस्तरका सवाल निकालेर भारतीय पक्षबाट झमेला उत्पन्न गराइयो । डा. चालिसेले लेखेका छन्, 'नेपालको सीमा पारी निर्यातमा खडा गरिने बाधा अडचनहरूहटाउने प्रतिबद्धता भारतबाट लिन सक्नु नेपालको लागि नितान्त आवश्यक छ ।'

खासमा भारतको चाहना, रणनीति र योजनाहरू नेपाली जनतालाई बुझाउन नसक्नु र भारत नेपालमा हितमा भएका पुराना सन्धिमा अडिन नसक्नुको कारणबारे कमै बहस भएका छन् । हामीकहाँका बुद्धिजीवीहरुले 'वास्तविक धरातल'मा उभिएर लेख्ने वा बोल्ने हिम्मत गरेको पाँइदैन । 'भारत के चाहन्छ ?' डा. चालिसेले भनी भारतीय रणनीतिबारे अनगिन्ती लेख र विचार पोखेका थिए । हाम्रा शासकीय वृत्तले मुलुकको वृहत्तर पक्षमा उभिंदैपारदर्शी निर्णय लिनेभन्दा पनि 'अन्धराष्ट्रवादको खेती गर्ने या लत्तो छाडेर शरण पर्ने' जस्ता 'अतिवादी' सोचले ग्रस्त भएका छन् । खासमा भारतसँगको व्यवहारमा 'मध्यमार्गी धार' खुम्चिदै गएको छ । डा. चालिसेले भारतसँग आर्थिक कारोवारमा 'मध्यमार्गी धार' अपनाउन सुझाएका थिए, 'व्यापार बढाएर देशलाई साँच्चि नै फाइदा पुऱ्याउन अन्यन्त्र गरिने तामझाम र सक्रियता मूलतः भारतसँगको व्यापारिक सम्बन्ध विस्तारमा प्रदर्शन गर्नु आवश्यक छ । तर, साफ्टा, बिमस्टेकका पछि लगाएर गर्नै नपर्ने कामहरुबाट देशको ध्यान अन्यत्र मोड्ने गरिएको छ ।'

व्यक्तिको 'स्वतन्त्रता'का खुला वकालतकर्ता अर्थविद् चालिसे राजनीति र व्यापार दुवै 'नैतिकता'का आधारमा सञ्चालित हुनुपर्छ भन्ने मान्यता राख्थे । प्रशासकहरु, धेरैले धेरै रुप परिवर्तन गरे । तर चालिसे निरन्तर उदारवादी, स्वतन्त्रतावादी रहरेक क्षेत्रमा नैतिकता आधारित 'कर्म' हुनुपर्छ भन्नेमा उभिए । व्यक्तिहरुको स्वतन्त्रपूर्वक निर्णय लिने मामलामा राजनीतिकर्मीहरुको 'हस्तक्षेप'लाई 'अनैतिक कार्य'का रुपमा लिन्थे उनी । डा. चालीसे हामीबीच नरहेको एक वर्ष नाघिसकेको छ, तर उनका मान्यताहरुको सान्दर्भिकता झन् झन् बढ्दो छ । त्यसैले उनका विचारलाई एकीकृत गरी बहसमा ल्याएको खण्डमा मुलुकलाई फाइदा पुग्ने निश्चित छ ।

# उदारवादका कट्टर पक्षपोषक चालिसे

कुबेर चालिसे *

२०४८ सालमा जब तत्कालीन सरकार आर्थिक उदारीकरणको योजना बनाउँदै थियो, नेपालमा आर्थिक उदारीकरण तथा खुला बजार किन चाहिन्छ र त्यसले के सम्म हुन सक्छ भन्ने कुरामा धेरै नेता तथा सरकारका उच्च अधिकारीमा अन्यौल थियो । खुला बजारको बारेमा अन्यौल त अझै पनि छ, राजनीतिक दल तथा कर्मचारीतन्त्रमा । तर, तत्कालीन उद्योग सचिव डा. भोला चालिसे स्पष्ट थिए, उदारवाद भने को के हो र यसले नेपाललाई कसरी समृद्धिको बाटोमा डोर्याउँछ भन्ने विषयमा ।

यो संयोग मात्र थिएन । आर्थिक स्वतन्त्रताका पक्षपाती चालिसेले अष्ट्रियाको भियना विश्वविद्यालयबाट अध्ययन गरेर फर्कदा उनी उदारवादले देशलाई कसरी समृद्धितिर लान्छ भन्ने विषयमा स्पष्ट भै सकेका थिए । उनले अध्ययन गरेकै भियना विश्वविद्यालयमा क्ल्यासिकल लिबरलिज्मका पक्षपोषक हायकले अध्ययन गरेका थिए । चालिसे नेपाल फर्कदा उनको अष्ट्रियन आर्थिक विचारधाराको प्रयोग गर्ने वातावरण देशमा विस्तारै बन्दै थियो ।

आफ्नो जीवनको अन्तिम अवस्थासम्म चालिसेले नेपालमा हायकले झैं व्यक्तिगत स्वतन्त्रता संगसंगै आर्थिक स्वतन्त्रताको वकालत गर्दै रहे । तर, त्यो सजिलो थिएन र अझै पनि छैन । विभिन्न वाद तथा अन्ध राष्ट्रवादको गोलचक्करमा करिब ७ दशकदेखि घुमिरहेको नेपाली समाजमा मुखले खुला अर्थतन्त्र भन्ने तर कामले त्यसअनुसारको नीति नियम कानुन बनाउने देखि लिएर त्यस कानुनको पालना गर्ने गराउनेसम्म आफनो अनुकुल उदार

* कुबेर चालिसे लामो समयदेखि आर्थिक पत्रकारितामा संलग्न हुँदै आउनुभएको छ र हाल रिपब्लीका तथा नागरिक दैनिकका आर्थिक ब्युरो प्रमुख हुनुहुन्छ ।

वादको व्याख्या गर्ने भएकाले पनि आफना स्पष्टता छैन । यस्तो नेपाली समाजमा चालिसे एक्लै लडिरहे ।

उनी स्पष्ट थिए, व्यक्तिको नैसर्गिक गुण नै स्वतन्त्रता हो, जसका कारण ऊ अन्य जीवभन्दा भिन्न, उद्यमशील, सिर्जनशील, विवेकशील, प्रतिस्पर्धी र स्वाभिमानी हुनसक्छ । त्यसैले यो वा त्यो बहानामा वैयक्तिक स्वतन्त्रताको अतिक्रमण गरिनु आर्थिक विकास र मानव सभ्यताका लागि पनि बाधक हो भन्ने उनको धारणा थियो ।

नेपाल राजनीतिक स्वतन्त्रताको मात्र बढि चर्चा हुने मुलुकमा पर्दछ, जहाँ दलहरुले विगत ७ दशकदेखि राजनीतिक स्वतन्त्रताको अपुरो व्याख्या गरिरहेका छन् । तर राजनीतिक स्वतन्त्रताले वैयक्तिक स्वतन्त्रता प्रदान गर्दछ र वैयक्तिक स्वतन्त्रताको केन्द्रमा आर्थिक स्वतन्त्रता रहन्छ भन्नेमा चालिसे स्पष्ट थिए । मानिसले के व्यवसाय गर्ने, कसरी गर्ने, कति लगानी गर्ने, के उपभोग गर्ने भन्ने विषय उसको आफनो स्वतन्त्रताको विषय हो । तर, नेपाली राज्य, राजनीतिक दल तथा निजीक्षेत्र पनि आ-आफना विभिन्न स्वार्थको बहकाउमा वैयक्तिक स्वतन्त्रता र आर्थिक उदारवाद फरक भएझैं व्याख्या गर्दछन् ।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै विश्वमा आएको उदार अर्थतन्त्रको लहरलाई धेरै अर्थशास्त्री तथा कर्मचारीतन्त्रले अझै बुझ्न सकेका छैनन् । तर, चालिसे उदार अर्थतन्त्रलाई जीवनशैली नै हो भन्ने ठान्दथे । मानिसको जिउने आधार नै उदारवाद हो, उनी भन्थे, जसलाई राज्यजस्तो औपचारिक संस्थाले हस्तक्षेप गर्ने होइन, संरक्षण प्रदान गर्नु पर्दछ । विश्वमा जतिपनि देशले समृद्धि हासिल गरेका छन् ती सबै मुलुकले वैयक्तिक स्वतन्त्रतालाई संरक्षण गरेका छन् । व्यक्तिलाई आर्थिक स्वतन्त्रताको उपभोग गर्न दिने समाज नै आज सुसंस्कृत तथा समृद्ध छ । स्वतन्त्र मानिसले नै उद्यम गर्दछ र उनीहरु नै परिवर्तनका बाहक पनि हुन् भन्ने उनको विचार थियो । यदि राज्यले विभिन्न वहानामा उनीहरुको आर्थिक स्वतन्त्रतामा हस्तक्षेप गरिरहे उनीहरुको उद्यमशीलता मर्दछ र अर्थतन्त्र चलायमान बनाउन सकिदैंन ।

त्यसैले चालिसेले सदैव वैयक्तिक स्वतान्त्रतालाई प्रोत्साहन दिने र राज्यको कमभन्दा कम हस्तक्षेप हुनुपर्ने वकालत गरिरहे । राज्यमा रहेका सबैका लागि अवसर खुला गर्न 'रुलिङ एलिट'को बर्चस्व तोड्नु पर्ने र त्यसलाई नभत्काइकन सर्वसाधारणसम्म अवसर नपुग्ने पनि उनको भनाई थियो । चालिसेले अष्ट्रियन आर्थिक विचारधारा र हायकको दासत्वको बाटोबाट प्रेरणा लिएर नेपालमा आर्थिक स्वतन्त्रताको बहस आफनो जीवनको अन्तिमसम्म चलाए । आर्थिक उदारवाद, वैयक्तिक स्वतन्त्रता र निजीक्षेत्रको भूमिकालाई संस्थागत गर्दामात्र नेपाल आर्थिकरुपमा फड्को मार्न सक्दछ भन्ने उनको कट्टर विश्वास थियो । अझै पनि नेपालमा निजी क्षेत्रलाई विभिन्न चश्माले हेरिन्छ । तर उनी निजी क्षेत्र संस्थागत हुनुपर्दछ र निजी क्षेत्रले नै आर्थिक विकासको बाटो फराकिलो बनाउँछ भन्नेमा ढुक्क थिए । यसको अर्थ नेपालको निजी क्षेत्र पुर्ण रुपमा सक्षम छ भन्ने होइन । निजी क्षेत्रप्रति पनि उनको गुनासो थियो । तर जसरी प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै हो त्यस्तै, निजी क्षेत्रको विकल्प प्रतिस्पर्धि निजी क्षेत्र नै भएको कुरामा उनी विश्वस्त थिए ।

चालिसे निजी क्षेत्रको सबैभन्दा बढी वकालत गर्ने व्यक्ति हुन् । उदारीकरणका पक्षपाती उनले व्यापार व्यवसाय गर्ने काम सरकारको नभई निजी क्षेत्रको भएको र सरकारले मात्र फेसिलिटेसनको काम गर्नुपर्ने बताउँथे ।

उनको प्रत्यक्ष संलग्नतामा आएका उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा एकद्वार नीति २०४९ र कम्पनी ऐन २०५३ ले यसलाई पुष्टि पनि गर्दछ । अत्यन्त निडर तथा स्वाभिमानी चालिसे कर्मचारीतन्त्रमा पनि अपवादको रूपमा नै रहे । कर्मचारीतन्त्रलाई संसारभरी परम्परागत सोच भएका र सुधारवादको विरोधी जमातको रूपमा लिइन्छ तर चालिसे अपवाद स्वरूप जहिल्यै एक अग्रगामी प्रसाशक थिए । आफ्नो सकृय कर्मचारी जीवनमा विभिन्न मन्त्रालय तथा कार्यालय जस्तै स्थानीय विकास मन्त्रालय तथा उद्योग मन्त्रालयमा सचिव, योजना आयोगका सदस्य, नेपाल विद्युत प्राधिकरणको प्रबन्ध निर्देशक, राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष तथा उच्चस्तरीय सार्वजनिक संस्थान सुधार सुझाव

समितिको संयोजक र अध्यक्ष भएर काम गरेका उनले रिटायर्ड भएपछि पनि खुला बजार अर्थतन्त्र, बजार तथा निजी क्षेत्रको निरन्तर वकालत गर्दै आए। साबिकका सरकारी कर्मचारीभन्दा भिन्न उनी सरकारी हस्तक्षेप घटाउनुपर्ने तथा निजी क्षेत्रको भूमिकालाई बढाउनुपर्ने भन्ने मान्दथे । सरकारले उद्योग चलाउने र व्यापार गर्ने होइन भन्ने स्पष्ट मान्यता भएका चालिसेले आफनो जीवनको उत्तरार्धमा एसिया लिवर्टी फोरमले आर्थिक स्वतन्त्रताको पक्षमा अनवरत काम गरेको भनेर 'फ्रिडम च्याम्पियन' को रूपमा सम्मान पनि गरेको थियो ।

चलिसे यतिसम्म आर्थिक स्वतन्त्रताको पक्षमा सकृय थिएकि आफ्नो कर्मचारी जीवनबाट सेवानिवृत्त भएपछि पनि आर्थिक सुधारको लागि चाहिने नीतिगत तथा कानुनी सुधारको पक्षमा जीवनको अन्त्यसम्म खुलेरै लागे । उदारवादको प्रवक्ताको रूपमा उनले खुलेरै सरकारको आलोचना गरिरहे। उनको आलोचना गर्ने बानीको कारण उनीसंग सरकारी कर्मचारीहरुमात्र होइन निजी क्षेत्र पनि डराउँथे । तर, उनको आलोचना तर्कसंगत हुन्थ्यो ।

पछिल्ला समयमा उनी उदारवादको लागी नीतिगत सुधार ल्याउँदा रहेको चुनौती भन्दा पनि समयानुकूल सुधारको लागि अझै धेरै चुनौती रहेको बताउने गर्दथे । उनले पछिल्ला समयमा राजनीतिक दलका नेताले कर्मचारीतन्त्रको कुरा सुनेर आर्थिक सुधारमा ध्यान नदिएको भन्दै चिन्ता पनि व्यक्त गर्थे । यस्तै, आर्थिक सुधारका काम ठप्प भएकोमा पनि उनलाई निकै चिन्ता थियो ।

सरकारले सेना तथा प्रहरीजस्ता सुरक्षा निकाय बाहेक सबै निजी क्षेत्रलाई छोडीदिनु पर्दछ भन्ने अडान लिने चालिसेलाई कतिपय उदार अर्थनीतिका पक्षपोषक र सुधारवादका पक्षधर पनि 'अराजक' आर्थिक स्वतन्त्रताका पक्षपोषक मान्थे । आफैंले काम गरेको योजना आयोगलाई उनी गैर सरकारी संस्थाजस्तो काम गर्ने यस्तो संस्थाको औचित्य नभएका बताउँथे । यस्तै, नेपाल राष्ट्र बैंक पनि किन चाहियो भन्ने उनको तर्क अराजक लागे पनि यी संस्थाहरुको परम्परागत कार्यशैलीका कारण यीसंस्थाहरु क्षयीकरण भइरहेको देख्न सकिन्छ ।

खुला बजार अर्थतन्त्रका प्रखर हिमायती तथा उदार अर्थतन्त्रका पक्षमा निडर भएर वकालत गर्ने चालिसेले खुला बजारको मात्र वकालत गरेनन्, बलकि स्थानीय विकास सचिव हुँदा स्थानीय निकायलाई अधिकार प्रत्यायोजन गर्न पनि ठूलो योगदान गरेका थिए । सकृय प्रजातन्त्रको लागी स्थानीय निकायलाई अधिकार प्रत्यायोजन गरेर सक्षम बनाउनुपर्छ भन्नेमा पनि उनी अडिग थिए । समग्रमा वैयक्तिक स्वतन्त्रता तथा आर्थिक स्वतन्त्रताका पक्षपाती चालिसे धेरैले नबुझेका तर राष्ट्रको आर्थिक उन्नति र प्रगतिको स्पष्ट मार्गचित्र बोकेर हिँड्ने अर्थशास्त्री थिए ।

# कर्मचारीलाई भ्रष्ट र उद्यमीलाई तस्कर बन्ने प्रेरणा

डा.भोलानाथ चालिसे

१६-३० माघ २०६२
हिमाल खबरपत्रिकामा प्रकाशित

**सरकारीस्तरमा ठेक्कापट्टा,** प्रोजेक्ट स्वीकृति; संस्थानहरुमा कार्यकारी प्रमुखहरुको नियुक्ति आदिमा भ्रष्टाचार हुने गरेको सबैलाई भएको कुरा हो । तर, सरकारले आफूमा भएको अधिकार प्रयोग गरी नीतिगत रुपमा गर्ने भ्रष्टाचारबारे भने बिरलै चर्चा-परिचर्चा हुने गर्छ ।

नीतिगत तहमा हुने भ्रष्टाचारलाई 'सफेद भ्रष्टाचार' पनि भन्न सकिन्छ, किनभने यस्तो खाले भ्रष्टाचारमा प्रायः सफेद लुगा लगाउन राजनीतिज्ञ एवं कर्मचारीतन्त्रका उच्च अधिकृत संलग्न हुन्छन् । 'नीतिगत भ्रष्टाचारको' प्रमुख माध्यम भने जुन देशमा पनि प्रायः बजेट नै हुन्छ । उदाहरणका लागि जनतालाई सस्तो गाडी उपलब्ध गराउने नाउँमा केही वर्षअघि एउटा बजेट व्क्तव्य मार्फत १००० सी सी भन्दा कम क्षमताको गाडीमा भन्सार छुट दिने घोषणा गरियो । यसभित्रको तथ्य पछि प्रकट भयो-सस्तो गाडी भनेको मूलतः भारतमा निर्मित 'मारुती' रहेछ । यो छुटबाट नेपालका लागि मारुतीको एकमात्र डिलर लाभान्वित भयो । कतिपय अर्थमन्त्रीहरुले 'देशमा उद्योगहरुलाई फस्टाउन मद्दत पुऱ्याउनु भन्दै कुनै खास उद्योगले उपयोग गर्ने कच्चा पदार्थ, मेसिनरी आदिमा कर-भन्सार छुट दिने गर्छन । एमालेका अर्थमन्त्रीले ठीक यस्तै तर्क गरी देशको एउटा मात्र उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ (इन्गट)मा लागि आएको पाँच प्रतिशत भन्सार छुट दिएका थिए ।

यस्ता भ्रष्टाचार धेरै चर्चामा नआउनुको कारण त्यसबाट सर्वसाधारणलाई सोभ्रै असर नपर्नु र थाहा नहुनु हो । धेरै खाले दरका भन्सार दरबन्दीहरु रहेको नेपाल जस्तो देशमा विभिन्न आर्थिक-सामाजिक कारणहरु देखाई

अर्थमन्त्रीहरुले विगतमा आ-आफ्ना वा आफूलाई समर्थन गर्ने व्यवसायीका उद्यम-व्यापारलाई फाइदा पुऱ्याएका छन्। त्यसैले, देशको उद्यम-व्यवसायमा यथेष्ट संलग्न रहेका हालका अर्थ राज्यमन्त्रीले पनि आफूले सञ्चालन गरेका व्यवसायहरुलाई फाइदा पुग्ने गरी भन्सार दरबन्दीहरुमा हेरफेर गरे भन्ने आक्षेप लाग्नु कुनै अनौठो होइन। अझ अनौठो त, बजेट सम्बन्धी पछिल्लो अध्यादेशमार्फत देशलाई नै तस्करीको थलोमा परिणत गर्न खोज्ने प्रयास भएको छ। यस्तो शंकाको आधार भारतमा तस्करी भएर जानसक्ने तेस्रो मुलुकका उत्पादनहरुको आयातमा छानी छानी भन्सार घटाउनु हो। यसमा देशका प्रबुद्ध अर्थशास्त्रीहरु पनि मौन देखिन्छन्। शायद उदारवादी सोच अर्न्तगत पर्ने भन्सार दरबन्दी घटाउने कार्यको विरोध गर्दा आफू अनुदारवादी ठहरिएला भनेर हुनसक्छ। तर सुधार भनेको व्यक्तिगत स्वतन्त्रतालाई संस्थागत रुपमा बलियो तुल्याउनु हो। हो, एउटा उदार समाजमा भन्सार दरबन्दीहरु उच्च हुँदैनन् , उद्यम-व्यवसायमा नियन्त्रणहरु हटाइन्छ। तर तस्करी बढाउने गरी घटाइएका भन्सार दरबन्दीहरु कदापि सुधार कार्य हुन सक्दैनन्।

आजभोली नेपालबाट भारतमा तस्करी हुनसक्ने वस्तुहरुको पहिचान गर्न त्यति कठिन छैन। सम्पन्न भारतीयले डिपार्टमेन्टल स्टोरहरु र औसत भारतीयले गौशालाका पसलहरुमा कुन कुन सामान किन्छ भनेर हेरे पुग्छ। साविकको भन्सार दर २५ प्रतिशतबाट १० प्रतिशतमा झारिएका वस्तुहरुमा चीन, दक्षिण कोरिया, थाइल्याण्ड, मलेसिया आदि मुलुकमा निर्मित ब्ल्यङ्केट, पाइन्ट, शर्ट, ओभरकोट ज्याकेट, टि-सर्ट र बच्चाका तयारी लुगाहरु परेका छन्। फोटोफिल्म, फोटोपेपर, पेटी र सहायक सामाग्री, छालाका लुगाफाटा, क्यानभास जुत्ता, छाता, नक्कली गहना, बहूमूल्य पत्थरबाट बनेका सामान, ताल्चा, भ्याकुमक्लिनर, ग्राइन्डर, मिक्स्चर्स, क्यासेट प्लेयर र रेकर्डर, रेडियो र प्रिन्टेड सर्किटमा १५ प्रतिशतको सट्टा १० प्रतिशत मात्र भन्सार लाग्ने बताइएको छ। यस्तै श्रृंगारका सामान, प्रि-सेभ तथा आफ्टर सेभ, सिल्क कपडा, चश्मा तथा घडीका सिसाहरु, दाह्री काट्ने यन्त्र तथा ब्लेड, कैंची, कटलरी समान, नेलकटर, मोटर तथा मोटरसाइकलका पार्टस्, टर्चलाईट, माइक्रोफोन र स्पिकर, क्यामरा, थर्मस आदिलाई १५ प्रतिशतबाट

५ प्रतिशतमा झारिएको छ । क्यालकुलेटर, कम्प्युटर र कम्प्युटरका पार्टस्, सेलुलर मोबालइलफोन, घडी तथा घडीका मुभमेन्ट पार्टहरुमा आइन्दा १ प्रतिशत मात्र भन्सार लाग्नेछ । भारतीय पर्यटकहरुले आजभोली नेपालबाट कोसेली लैजाने वस्तुहरु पनि यिनै हुन् । यसको अर्थ, यस्ता वस्तु नै तस्करी भएर भारत जान सक्छन् । तर यसरी भारतीय बजारमा पुग्ने तेस्रो देशमा निर्मित वस्तु पैठारी गर्न नेपालीहरुले विदेशमा काम गरी पठाएको 'रेमिट्यान्स'को डलर खर्च भइरहेको हुन्छ ।

नेपालबाट भारतमा हुने तस्करीमा नेपालको मात्र नभई स्वयं भारतको आर्थिक नीति पनि कारकतत्व बन्दछ । तस्करी हुने वस्तुहरु बेलाबेलामा फेरिन्छन् । ६० को दशकमा स्टेनलेस स्टिलका भाँडाकुँडा र सेन्थेटिक टेक्सटायल प्रमुख थिए, ७० को दशकमा आइपुग्दा यो सूचीमा घडी र घडीका पार्टपुर्जा, अटोमेटिक फोल्डिङ्ग छाता, क्यामरा, ८० को दशकमा पोलिथिन ग्यानुहस र त्यसबाट निर्मित प्लासिस्टकका सामान एवं वनस्पति घ्यू तथा ९० को दशकमा कम्प्युटर र कम्प्युटर पार्टस् आदि थपिए ।

नेपालबाट भारतमा हुने वस्तुको तस्करीको कारण पत्ता लगाउन सेन्थेटिक टेक्सटायलको एउटा उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । भारतले आफू स्वतन्त्र भएपछि जुनसुकै मूल्यमा पनि देशमा औद्योगिकीकरण गर्नुपर्छ भन्दै संरक्षणवादी नीतिहरु अवलम्बन गऱ्यो र त्यस क्रममा सेन्थेटिक कपडालाई विलासीहरुले प्रयोग गर्ने भनी त्यसको आयातमा १५० प्रतिशतभन्दा बढी भन्सार तथा परिमाणात्मक बन्देज समेत लगायो । परिमाणात्मक बन्देजका कारण कपडा आयातको कोटा तोक्ने र त्यसअन्तर्गत इजाजत लिनुपर्ने व्यवस्था गरियो । स्वदेशी उद्योगलाई संरक्षण दिन सेन्थेटिक धागोमा पनि ८० देखि ९० प्रतिशतको हाराहारीमा भन्सार र अन्तःशुल्क लगाइयो । भारतको यही कठोर र अव्यावहारिक नीतिका कारण नेपालमा सेन्थेटिक उद्योगहरु स्थापना हुने क्रम शुरु भयो । तिनलाई चाहिने औद्योगिक कच्चा पदार्थ आयात गर्दा १ प्रतिशत मात्र भन्सार लगाइयो । यति थोर भन्सार लाग्ने सेन्थेटिक धागो नेपालमा ल्याएर कपडा बुनी भारत पठाउनु एकदमै लाभदायक उद्यम भयो ।  तर नेपाली उद्यमी-व्यवसायीले

त्यति पनि गर्नु जरुरी ठानेनन् र कपडा उत्पादन गर्नुको साटो धागो नै भारतमा बेचिदिए । यसरी तस्करी भएर प्राप्त धागोबाट निर्मित कपडा स्वतः अन्तःशुल्कको दायराभन्दा बाहिर पर्छ । ८० प्रतिशत भन्सार शुल्ककै हाराहारीमा लाग्ने अन्तशुल्क नतिरेपछि भारतीय उद्यमीलाई कति फाइदा पुग्यो होला भनेर हिसाब निकालिरहनु नपर्ला । यस्तो अवस्थामा नेपालमा प्रजातन्त्र पुनःस्थापनापछिको सरकारले आयातमा ओजिएल (ओपन जनरल लाइसेन्स) प्रथा लागू गरी उद्योगी, व्यापारी जो-कोहीले सेन्थेटिक कपडा र सेन्थेटिक धागो बिना परिणामात्मक बन्देज आयात गर्न पाउने नीति प्रस्तावित गर्दा चित्त दुःखाउने र कर्मचारीलाई धम्क्याउने साहूमहाजनहरु अहिले पनि नेपाल उद्योग-वाणिज्य महासंघ भित्र छन् ।

यो प्रसंगमा एउटा गलत धारणा मेट्नु पनि जरुरी छ-भारतीय अधिकारी र सञ्चारमाध्यमले नेपालले तस्करीलाई बढावा दियो भन्ने आरोप लगाउनु र नेपाली उद्यमी-व्यवसायीले आफूहरु त्यस्तो कार्यमा संलग्न भएका छैनौं भन्नु दुबै गलत हो । नेपाल र भारतबीचको तस्करी-व्यापार काठमाण्डौं र दिल्ली शक्तिकेन्द्रहरुसँग समन्वय नगरी सम्भव छैन । आजको दिनमा यस्तो तस्करी दरबारसँग निकट रहेको व्यापारीहरुले गरिरहेका छन् । यसको प्रमाणका लागि गत वर्ष १८ माघको राजाको कदमलाई विज्ञापन दिई हार्दिक समर्थन गर्नेहरुको सूची यथेष्ट हुन्छ ।

यहाँनेर एउटा प्रश्न उठ्न सक्छ - नेपालमा जम्मा भएको डलर उपयोग गरेर देशले केही फाइदा उठाउँछ भने किन कसैको टाउको दुख्ने ? तर, टाउको दुख्नुको कारण स्पष्ट छ-सरकारले अनैतिक व्यवसाय गर्न उद्यमी-व्यवसायीलाई उक्साउनु आत्मघाती-राष्ट्रघाती कार्य हो । यस्ता अनैतिक कार्यले उद्यम-व्यवसायको विकासमा संलग्न व्यवसायीसंगै सरकारको नीति कार्यान्वयन गर्ने कर्मचारीहरुलाई समेत क्रमशः भ्रष्ट तुल्याउँदै जान्छन् । त्यसरी तलदेखी माथिसम्म अनैतिकता र भ्रष्टाचार फैलिँदा देश र समाजको निम्ति अनिष्ट मात्र निम्तिन्छ । चिन्ताको कुरा यही हो ।

# जस्तो राजनीति त्यस्तै बजेट

डा.भोलानाथ चालिसे

१६-३२ साउन २०६२
हिमाल खबरपत्रिकामा प्रकाशित

**बजेटको निर्माण प्रक्रिया लगभग पुरै नै राजनीतिक हुन्छ् । कुनैपनि सभ्य देशमा सरकारले बनाएको बजेट संसदबाट पारित भएपछि मात्र कार्यान्वयन योग्य हुन्छ । देशको अर्थनीति भनेको देशको राजनीतिको छायाा हो । राजनीति जस्तो हुन्छ आर्थिक नीति पनि त्यस्तै हुन्छ ।**

**इन्टरनेटको 'गुगल'** खोजमा अर्थशास्त्र एवं अर्थशास्त्रीका बारेमा भेटिने ख्यालठट्टा (जोक) पढ्दा पहिले पहिले उदेक लाग्थ्यो । तर नेपालका हालका अर्थमन्त्रीको बजेट पढ्ने पारा, त्यसमा उल्लेख गरिएका सिद्धान्त र बजेटका सम्बन्धमा व्यक्त टिप्पणीहरु सुन्दा र पढ्दा भने 'गुगल' खोजमा गरिएका 'जोक'हरु स्वाभाविक लाग्न थाले । गुगलबाट प्राप्त केही जोक यस्ता छन् :

- "अर्थशास्त्र एउटा यस्तो विषय हो, जसमा दुईवटा अर्थशास्त्रीले एकआपसमा बाझ्ने अथवा ठीक विपरित कुरो गरे भने पनि ती दुबैले अर्थशास्त्रको नोबल पुरस्कार एकै वर्ष संयुक्त रुपमा पाउन सक्तछन् ।"
- "अर्थशास्त्री भनेको त्यस्तो व्यक्ति हो, जसले सबै वस्तुको मूल्य त थाहा पाउँछ तर कुनैको पनि महत्व थाहा पाएको हुँदैन ।"
- "अर्थशास्त्र रेड वाइन जस्तै हो,तपाईंले सुँघ्नु हुँदैन, पिउनुपर्दछ तर धेरै पियो भने झुम्म पार्दछ ।"

- "अर्थशास्त्री भनेको एउटा त्यस्तो व्यक्ति हो जसलाई आफूले के बोलेको हो भनेर थाहा हुँदैन तर आफूलाई थाहा नभएको दोष तपाईं माथि थोपर्न सफल हुन्छ ।"
- "ईश्वरले अर्थशास्त्रीलाई किन जन्माए? मौसमको भविष्यवाणीलाई अलि राम्रो पार्न ।"

अर्थमन्त्रीलाई शुद्ध नेपालीमा टाइप गरिएको बजेट पढ्न परेको सकस टिभीमा देखेपछि यस वर्षको बजेटको राजनीतिक पक्ष बुझ्न कसैले घोत्लिरहनु परेन । नेपाली भाषा नबुझ्ने, अंग्रेजी तगडा हुने व्यक्ति प्रतिनिधित्व गर्ने भनेको नेपालको अभिजात्य (एरिष्टोक्र्याट) वर्गलाई हो । यिनका धाई मातृभाषा नेपाली नभएका महिलाहरु बने, यिनले भारतका एकनम्बरी बोर्डिङ्ग स्कूलमा पढे । त्यसपछि बेलायत वा संयुक्त राज्य अमेरिकामा थप अध्ययन गरे । पञ्चायती व्यवस्थामा यस्तो अवसर क-कसलाई उपलब्ध थियो, यहाँ किटान गर्नु जरुरी नहोला । अहिले यस्तै नेपाली पढ्न नस्कनेहरु नै गाउँगाउँ/शहर-शहरबाट चुनिएका जनताका प्रतिनिधि-दल र तिनका नेता एवं कार्यकर्ताहरुलाई गालीगलौज गर्न तल्लीन छन् । जननिर्वाचित दल र नेताहरुमाथि यिनको मुख्य आरोप छः नेताहरुले १२ वर्षमा जनतालाई बुझ्नै सकेनन् । तर प्रश्न सीधा छ- हुम्लाका निवर्तमान जिल्ला विकास समिति सभापति जीवनबहादुर शाहीले हुम्लाका जनताका आकांक्षा र आवश्यकता बारे बढी बुझ्छन् कि नेपाली बोल्न नजान्ने मधुकर शम्शेर राणाहरुले ? तर विडम्बना, यिनै राणा कर्णाली अञ्चलको विकासका लागि अवधारणा प्रस्तुत गर्दछन् ।

राजाको प्रत्यक्ष निर्देशन र संलग्नतामा बनाइएको वर्तमान बजेट राजनीतिक हिसाबले जनताको इच्छा र आकांक्षा दर्शाउने खालको नहुनु स्वाभाविक लाग्न सक्छ, तर आर्थिक सिद्धान्त या दर्शनको दृष्टिबाट पनि यसले कुनै सफल र भरपर्दो मार्ग पहिल्याउन नसक्नु चाहिँ दुर्भाग्यकै कुरा हो । संक्षेपमा भन्दा अहिलको बजेट सिद्धान्तहीन छ । उदारहणका लागि, वीरगन्ज क्षेत्रमा विशेष आर्थिक क्षेत्र (स्पेशल इकोनोमिक जोन) खोल्न सरकारले पहल गर्ने र यस्ता विशेष क्षेत्र वा निर्यात प्रशोधन क्षेत्रमा स्थापित

उद्योगलाई कम दरमा आयकर लगाइने भनिएको छ । यो ३०-३५ वर्ष पुरानो अवधारणा हो, जुनबेला अर्थतन्त्रमा व्यापक नियन्त्रण रहेको हुन्थ्यो र विदेशी लगानी आकर्षित गर्न यस्ता क्षेत्रहरु स्थापना गर्ने गरिन्थ्यो । तर ९० को दशकमा अर्थतन्त्रमा व्यापक खुल्लापन आउन थालेपछि यस्ता क्षेत्रको स्थापना औचित्यहीन सावित भइसकेको हो । भारत वा बंगलादेशजस्ता नियन्त्रित अर्थतन्त्रमा त्यसपछि पनि यस्ता क्षेत्रहरु स्थापना नभएका होइनन् तर त्यहाँ महत्वपूर्ण खालका उद्योग वा लगानी आकर्षित नै भएनन्। तैपनि, बेकम्मा साबित भएको त्यही वासी विचारलाई यो वर्षको बजेटमा निकै प्राथमिकता दिइयो । यति मात्र होइन आयकर सुविधा दियो भने उद्योगमा लगानी बढद्छ भन्ने पुरानै सोच दोहोऱ्याइएको छ । विशुद्ध उद्यम-व्यवसायीले आयकरमा छूट छ भनेर लगानी गर्दैनन, उद्यम-व्यवसाय गर्दा नाफा हुन्छ कि हुँदैन भनेर हेर्दछन् । नाफा गरिसकेपछि आयकर तिर्न यस्ता उद्यम-व्यवसायी एकदमै तयार हुन्छन् । आयकर छूट दिएकै भरमा अहिलेका अर्थमन्त्रीले रुकुममा लगानी/उद्योग आकर्षित गर्न सक्छन् ?

यस किसिमका दिवालिया सोच बजेटमा धेरै ठाउँमा पाइन्छन् । स्थानीय निकायहरु नै छैनन्, विकेन्द्रीकरण सुदृढ गर्ने भनिएको छ । विकेन्द्रीकरणको सिद्धान्त विपरित "काठमाण्डौं उपत्यका शहरी विकास परिषद्" खडा गर्नेभनिएको छ । यो अङ्ग स्थानीय निकायमाथि शासन गर्न जन्माउन खोजिएको हो भनेर बुझ्न कठिन छैन । भारतको नयाँदिल्ली विकास परिषद् जस्तै यसबाट पनि नक्सापास गराउने, घर-भत्काउने, सार्वजनिक जग्गा आफन्तलाई बाँडी अदृश्य पैसा कमाउने काम नै गराइने छ ।

बजेटमा सैद्धान्तिक अन्यौलता मात्र होइन, सामान्य आर्थिक-वित्तिय अवधारणाको समेत अभाव पाइन्छ । चौबीस घण्टा पनि नकुरी 'लिक्विडेसन'मा लानुपर्ने नेपाल औद्योगिकरण विकास निगम (एन.आइ.डि.सी.) जस्तो संस्थालाई निजीकरण गर्ने घोषणा गरिएको छ । एन.आइ.डि.सी. लिक्विडेसनमा लगेर दरबारमार्गस्थित ३२ रोपनी र अन्य शहरी वा औद्योगिक-व्यापारिक ठाउँमा रहेको बहूमूल्य जग्गा, घर आदि टेण्डरबाट बिक्री गर्दा राज्यलाई अरबौं रुपैयाँ आम्दानी हुनसक्छ । आजको स्थितीमा एन.आइ.डि.सी. को निजीकरण भनेको यसको अचल सम्पत्तिको नामसारी गर्नु मात्र हो, न कि वित्तिय कारोबार । त्यस्तो सम्पत्ति सरकारले सीधै बेच्न

छोडेर निजीकरणको बहानामा कुनै व्यक्ति वा फर्मका नाउँमा नामसारी गरि दिनु भनेको कसैलाई पोस्नु मात्र हुन्छ ।

बजेटमा "....श्रम सम्बन्धी कानूनमा रहेको व्यवधान हटाउने गरी संशोधन गरिनेछ" भनिएको छ । तर, यो व्यवधान भनेको के हो ? र त्यो के का लागि हटाउन खोजिएको स्पष्टता छैन । श्रमिकहरुलाई सजिलै हटाउन पाउने गरी उद्यमी-व्यवसायीलाई सहयोग पुऱ्याउन संशोधन गर्ने भनिएको हो कि, श्रमिकहरुको हकहितलाई अरु बढी संरक्षण गर्न खोजिएको हो ? बजेटमा कार्यान्वयनस्तरको ज्ञानको कमी कति छताछुल्ल भएको छ भने विदेशी लगानीको लागि खुला गरिने क्षेत्र भनिएका उद्योगहरुको सूची हटाउन 'कानूनी व्यवस्था गरिनेछ' भनिएको छ । जबकि यस्तो सूची हटाउन मन्त्रिपरिषदलाई अधिकार दिएको छ । उद्योगहरु किन रुग्ण भए भनेर बजेटमा मीठो सिद्धान्त उल्लेख गरिएको छ । तर यर्थाथ के हो भने नेपालका सबै जसो रुग्ण उद्योगहरु ९० को दशकभन्दा अगाडि उपलब्ध गराइएको अत्याधिक संरक्षणको कारण अहिले प्रतिस्पर्धी बन्न नसकेका हुन् । यिनलाई अब थप संरक्षण होइन प्राकृतिक मृत्युवरण गर्न दिनुपर्छ । उदेक त केमा लाग्छ, भने, यस्तै बन्द हुनुपर्ने उद्योगलाई ब्यूँताउनका लागि कर दाताले तिरेको पैसाबाट औद्योगिक पुनःस्थापना कोष खडा गर्ने भनिएको छ । नेपाल 'असफल राज्य' मा परिणत हुन लाग्यो भनेर विश्वभरि चिन्ता प्रकट भइरहेको बखत सरकारले नेपाललाई अन्तर्राष्ट्रिय वित्तिय केन्द्रको रुपमा विकसित गर्ने सपना बाँड्नु पनि एउटा अर्को क्रूर व्यङ्गयबाहेक अरु केही हुनसक्दैन् ।

बजेट आफैंमा राजनीतिको आर्थिक पाटो हो । बजेटको निर्माण प्रक्रिया लगभग पूरै नै राजनीतिक हुन्छ । कुनैपनि सभ्य देशमा सरकारले बनाएको बजेट संसदबाट पारित भएपछि मात्र  कार्यान्वयन योग्य हुनेछ । देशको अर्थनीति भनेको देशको राजनीतिको छायाँ हो । राजनीति जस्तो रहन्छ आर्थिक नीति पनि त्यस्तै रहन्छ । अहिले बजेट भनेर प्रस्तुत गरिएको दस्तावेज पनि देशको राजनीतिक यर्थाथसँग मिल्दोजुल्दो नै छ- प्रतिगामी र बासी विचारधारामा आधारित । यो पक्षमा चाँही अर्थमन्त्री  ईमान्दार देखिएका छन् उनले जस्तो राजनीति, त्यस्तै बजेट बनाइदिएका छन् ।

# साफ्टा, बिमस्टेक–नेपाललाई काम छैनन्

डा. भोलानाथ चालिसे

१६-३१ चैत २०६१
हिमाल खबरपत्रिकामा प्रकाशित

**'सार्क' र 'बिमस्टेक' क्षेत्रमा नेपालको ९९ प्रतिशत व्यापार भारतसँग हुन्छ । त्यसैले 'साफ्टा', 'बिमस्टेक' होइन नेपालको फाइदाको निम्ति भारतसँगको व्यापारिक सम्बन्ध विस्तार गर्नु बढी जरुरी छ ।**

**सञ्चारमाध्यमहरुमा 'साप्टा', 'साफ्टा'**, 'बिमस्टेक' सम्बन्धी चर्चाहरु बरोबर हुने गर्छन् । तर यी कस्ता संस्था हुन् र यिनबाट नेपाललाई के लाभ हुन्छ् भन्नेबारे सर्वसाधारणले बुझ्ने गरी चर्चा गरिएको पट्क्कैं पाइँदैन । सञ्चारकर्मीहरु पनि केही सदाबहार अर्थशास्त्री र परराष्ट्र एवं उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालयका उच्च तहका नोकरशाहहरुका कथन(कोट) राखेपछि समाचार पूर्ण हुने विलासितामा रमाउने गरेका छन् । 'साफ्टाको कार्यान्वयनको सिलसिलामा नेपालबाट विज्ञहरुको टोली मालदिभ्सको राजधानी मालेको लागि प्रस्थान गऱ्यो' भन्ने शैलीका समाचार बारम्बार दोहोरिने गर्छन । तर यस्ता विलासी समाचारले नेपालका विकट गाउँहरुमा जीवनजलसम्म नपाएर मर्ने बच्चा र तिनका बाबुआमालाई गिज्याएको ठहर्दैन ? कुनै व्यक्ति वा राष्ट्रले आफूलाई फाइदा पुग्ने अवस्थामा मात्र व्यापार गर्दछ । तर डब्ल्यूटीओ को सदस्य बनिसकेको नेपाललाई 'साफ्टा', 'बिमस्टेक' आदिको सदस्य भन्दा के फाइदा हुन्छ भनी जनतालाई बताइएको छैन ।

कुनै दुई राष्ट्रले आ-आफूमा भएको साधन, सीप र विशिष्टीकरणको उपयोग गरी उत्पादन गरेका वस्तुहरुको आदान-प्रदान (व्यापार) गर्दा दुबै राष्ट्रको भलाई हुन्छ भन्ने सिद्धान्त एड्म स्मिथ र डेबिड रिर्काडोले दुई शताब्दीअघि नै प्रतिपादन गरिसकेका थिए । यिनै सिद्धान्तका आधारमा

१८औं शताब्दीको आधाआधीतीर बेलायत, हल्याण्ड, डेनमार्क, बेल्जियम जस्ता राष्ट्रले न्यूनतम भन्सार दरबन्दी लागू गरी करीब-करीब खुला बजारको अवधारणालाई व्यवहारमा उतारेका थिए। सन् १८६० देखि १९३० को अवधिमा राष्ट्र-राष्ट्रहरुबीच हुने व्यापार सम्झौतामा अविभेदकारी (कसैले कसैलाई भेदभाव नगर्ने) नीति प्रमुख आधार बन्यो । अर्थात् व्यापार सन्धिमार्फत् एउटा राष्ट्रलाई दिइसकेको सुविधा तेस्रो राष्ट्रसँग सम्झौता गर्दा स्वतः उपलब्ध गराउने व्यवस्था व्यवहारमा लागू भएको थियो । तर पहिलो विश्वयुद्ध र सन् ३० को दशकमा सरकारी हस्तक्षेपका कारण उत्पन्न समस्याहरुलाई उदारवादी पूँजीवादको असफलताको संज्ञा दिई व्यापारमा थप सरकारी हस्तक्षेप शुरु गरियो । आर्थिक मन्दीको अवसरबाट बच्ने क्रममा पश्चिमा राष्ट्रहरुले व्यापारमा अरु बढी हस्तक्षेप गर्न थाले। मित्रराष्ट्रलाई सहुलियत दिने, शत्रूराष्ट्रसँगको व्यापारै रोक्ने जस्ता विभेदकारी नीतिले अन्तर्राष्ट्रिय व्यापार-प्रणालीलाई पूरै डाँवाडोल तुल्याइदियो । यो स्थिती दोस्रो विश्वयुद्धको समाप्तिसम्म रह्यो । त्यसपछि विश्वव्यापारमा अविभेदकारी र उदार नीति अवलम्बन गरिनुपर्ने अवधारणा पुनः जागृत भयो। त्यसकै परिणामस्वरुप सन् १९४७ मा 'ग्याट' (जनरल एग्रिमेन्ट अन ट्रेड एण्ड ट्रान्जिट)सम्बन्धी सम्झौता सम्पन्न भयो।

## क्षेत्रीय व्यापार समूहको जन्म

'ग्याट' आफैंमा अविभेदकारी सिद्धान्तमा आधारित सम्झौता थियो। तर त्यसले क्षेत्रीय व्यापार व्यवस्थापन अन्तर्गत सदस्य राष्ट्रहरुले आफू-आफू बीचको व्यापारमा कुनै छुट वा सुविधा दिएमा 'ग्याट' का अन्य सदस्य राष्ट्रहरुलाई त्यस्तो छुट दिनु नपर्ने विभेदकारी व्यवस्थालाई पनि ठाउँ छोडिदिएको थियो । यही आधारमा उत्तर अमेरिका स्वतन्त्र बजार सम्झौता 'नाफ्टा' यूरोपेली संयुक्त बजार 'इफ्टा' जस्ता कैंयौं क्षेत्रीय व्यापार-समूहहरु निर्माण भएका हुन्। १९९० को उत्तरार्द्धपछि त यो क्रम अरु तीव्र भयो । सन् १९४७ देखि १९९५ बीचका ५२ वर्षमा सय वटा क्षेत्रीय व्यापार व्यवस्था (समूह)हरु गठन भएकोमा सन् १९९५ देखि सन्

२००४ सम्मको ९ वर्षमै थप सय वटा त्यस्ता समूह खडा भइसकेका छन् । तर अहिलेसम्मको अध्ययनले यस किसिमका क्षेत्रीय व्यापार समूहबाट सदस्य राष्ट्रहरुलाई पर्याप्त लाभ पुगेको देखाएको छैन । बरु क्षेत्रीय व्यापार व्यवस्थाहरुले विश्व व्यापारलाई स्वतन्त्रहुन नदिने बाधा र बन्देजहरु बढाएका छन् ।

'सार्क' अन्तर्गत क्षेत्रीय व्यापार व्यवस्था गर्न सन् १९९५ मा 'साफ्टा' को स्थापना भयो । यसले 'सार्क'का सदस्य मुलुक बीच हुने व्यापारमा गैर-भन्सार दरबन्दी बाधाहरु हटाउने र निश्चित वस्तुहरुमा भन्सार दर बन्दी घटाउँदै लैजाने उद्देश्य राखेको थियो । तर गैर-भन्सार बाधा हटाउने र भन्सार दरबन्दीहरु घटाउने सम्बन्धी सवाल हरेक वस्तु-वस्तुमा उठ्न थालेपछि सदस्य राष्ट्रहरु बीचका सम्झौता-वार्ता (नेगोसिएशन)हरु यति जटिल हुन् पुगे कि त्यसले सदस्य राष्ट्रहरु बीच व्यापार प्रवर्द्धनमा कुनै सहयोग पुऱ्याएन् । 'साप्टा'लाई मूलतः पाकिस्तान अनि केही हदसम्म बंग्लादेश र नेपालले पनि भारतका सामान सार्कका सदस्य मुलुकमा बढी निर्यात गराउनका लागि सारिएको अवधारणाका रुपमा लिएर त्यस प्रति चासो घटाए ।

पाकिस्तानले 'साप्टा' सँगै सार्कलाई पनि अघि बढाउन कुनै भूमिका खेल्ने नदेखिएपछि भारतले आफू सोझै अघि नसरी, एसियाली विकास बैंक र 'इस्क्याप' मार्फत् बंग्लादेश, भारत, श्रीलंका र थाइल्याण्ड बीच आर्थिक सहयोगको लागि जुन १९९७ मा बिस्टेक(बी.आई.एस.टी.-ई.सी.) को स्थापना गरायो । २२ डिसेम्बर १९९७ मै म्यान्मार यसमा प्रवेश गरेपछि यसको नाम 'बिमस्टेक' (बी.आई.एम.एस.टी.ई.सी.) बनाईयो । फेब्रुअरी २००४ मा नेपाल र भूटान यसमा सम्मिलित भए पनि त्यसपछि नाम फेरिएको छैन । 'बिमस्टेक' ले क्षेत्रीय व्यापार प्रर्वद्धनका निम्ति सदस्य राष्ट्रहरु बीच सन् २०१७ सम्ममा भन्सार दरबन्दी शून्य प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । त्यस अनुरुप भारत, श्रीलंका र थाइल्याण्डले जुलाई २०१२ सम्ममा भन्सार दस्तुरहरु हटाउने छन् भने म्यान्मार, भूटान र नेपालले आफ्ना भन्सार दरबन्दी हटाउन अर्को थप पाँच वर्ष समय पाउने

छन् । चाँडो दरबन्दी घटाउने वस्तुहरुको लिस्ट (फास्ट ट्र्याक्) मा भने भारत, श्रीलंका र थाइल्याण्डले ३० जून, २००९ सम्ममा भन्सार दरबन्दी शून्यमा झार्ने र अन्य अल्पविकसित देशले ३० जून, २०११ सम्ममा झार्ने सहमति जनाएका छन् । यता सार्क अन्तर्गत भने 'साप्टा' कार्यान्वयन गर्नेबारे विभिन्न तहमा कुरा हुँदाहुँदै 'साफ्टा' अर्थात् दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रको घोषणा भएको छ। यो सम्झौता १ जनवरी, २००६ देखि लागू हुने भनिएको छ ।

क्षेत्रीय अवधारणाले व्यापारमा वृद्धि गरी सबै सदस्य राष्ट्रहरुलाई लाभ पुऱ्याउँछ भन्ने कुनै ग्यारेण्टी हुँदैन । कसैले लाभ उठाउन सक्ने वा नसक्ने कुरा मूलतः सम्बद्ध राष्ट्रहरुले आफू-आफूबीच गरिरहेको व्यापारमा गर्न सक्ने वस्तुगत विशिष्टीकरण भएमा मात्र क्षेत्रीय व्यापार व्यवस्थाबाट सदस्य राष्ट्रहरुलाई फाइदा पुग्न सक्दछ, अन्यथा यस्तो व्यवस्थाबाट बढी वस्तु निर्यात गर्ने राष्ट्रलाई मात्रै फाइदा पुग्छ । यो कुरा एउटा उदाहरणमार्फत् बढी स्पष्टसँग बुझ्न सकिन्छ। नेपालले मोटर गाडीहरु मूलतः जापान एवं भारतबाट आयात गर्दै आएको छ । मानौं, एउटा गाडीको मूल्य जापानमा १० हजार डलर पर्छ र भारतमा त्यही स्तरको गाडी १५ हजार डलर पर्छ । 'साफ्टा' लागू नभएको अवस्थामा १०० प्रतिशत भन्सार शुल्क तिर्दा, अरु खर्च बाहेक जापानी गाडी २० हजार डरलमा नेपालमा आइपुग्छ भने त्यस्तै भारतीय गाडीको लागत ३० हजार डलरमा नेपालमा आइपुग्छ भने त्यस्तै भारतीय गाडीले लागत ३० हजार डलर पुग्दछ । भोलि 'साफ्टा' लागू भएपछि भारतीय गाडीमा भन्सार शुल्क नलाग्दा सो गाडी १५ हजार डलरमै नेपाल भित्रिन सक्छ। तर जापानी गाडीको भने त्यतिबेला पनि २० हजार डलर नै पर्ने हुन्छ। यसरी, १० हजार डलरमा पाइने गाडी १५ हजार डलरमा नेपाल भित्रिन थाल्छन् । तर यसबाट नेपाललाई के फाइदा हुन्छ ? यर्थाथमा फाइदा भारतलाई मात्र हुन्छ, नेपाललाई केही हुँदैन ।

'सार्क' र 'बिमस्टेक' क्षेत्रमा नेपालको वैदेशिक व्यापार मूलतः भारत केन्द्रित छ। आर्थिक वर्ष २०६०/६१ मा नेपालको कुल आयात रु.१३८.७५ अर्बमध्ये रु.६२.६७ अर्ब सार्क क्षेत्रका देशहरुबाट भएको थियो । तर

त्यसमा ८८.८ प्रतिशत अंश भारतको थियो । निर्याततर्फ पनि सार्क क्षेत्रमा भएको कुल रु.३२ अर्बमध्ये रु.३१ अर्ब २४ करोडको निर्यात भारतमै भएको थियो। यसबाट नेपालको व्यापार या त भारतसँग या सार्क एवं बिमस्टेकभन्दा बाहिरका अन्य राष्ट्रहरुसँग हुने गरेको स्पष्ट हुन्छ। 'सार्क' र 'बिमस्टेक' सदस्यहरुमध्ये भारतबाहेक अन्य मुलुकहरुसँग नेपालको आयात-निर्यात व्यापार खासै हुने गरेको पाइँदैन । यो स्थितिमा नेपालले व्यापारिक सहुलियत खोजेर फाइदा उठाउने भनेको कि भारतसँगै 'नेगोसिएशन' गरेर हो कि WTO को सदस्य भएका नाताले त्यसकै अवधारणाभित्र रही संसारका जुनसुकै सदस्य राष्ट्रहरुबाट थप सुविधा प्राप्त गरेर हो भन्ने कुरा स्पष्ट छ । यसर्थ 'साफ्टा' बिमस्टेक आदिका पछि नेपालका अधिकारीहरु तामझामका साथ लाग्नुको कुनै अर्थ र औचित्य छैन । व्यापार बढाएर देशलाई साँच्चीकै नै फाइदा पुऱ्याउन त्यस्तो तामझाम र सक्रियता मूलतः भारतसँगको व्यापारिक सम्बन्ध विस्तारमा प्रदर्शन गर्नु आवश्यक छ । त्यस्तै, आफ्ना केही विशिष्ट वस्तुहरुको् निम्ति युरोप, अमेरिकाको बजार खोज्नपट्टि पनि नेपालले त्यत्तिकै ध्यान दिन सक्छ । तर 'साफ्टा', बिमस्टेक' आदिका पछि लगाएर गर्नै पर्ने यी फाइदाका कामहरुबाट देशको ध्यान अन्यत्र मोड्ने गरिएको छ । भारतसँगको व्यापार सन्धि बिगार्नेहरु नै साफ्टा/बिमस्टेकका पछि उफ्री उफ्री लाग्न खोज्नुले पनि यही कुराको पुष्टि गर्छ ।

## What does India want?

India and Nepal should renew the treaty and get on with it.

Bholanath Chalise

19-25 October 2001
Published in Nepali Times

Our secretary for Industry, Commerce and Supplies Bhanu Acharya is in New Delhi this week to discuss ways to get the Nepal-India trade treaty renewed before it expires on 5 December. Given the experience of the past two rounds, there is a possibility that the talks may be deadlocked yet again and Acharya may return with an agreement to meet again. Back home he would be charged with not having done enough homework, or not being able to understand India's "concerns." There is a strong possibility that the talks won't go anywhere because we just don't know what India wants incorporated in the revisions.

Officials from the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), which had lobbied to get the 1996 treaty signed by India, has been trying to tell Nepalis what India wants. They tell us privately that if Nepal agreed to India's changes in rules of origin and value addition, the treaty could be renewed. But they aren't sure if that alone will do the trick.

The FNCCI handed in a report to the prime minister about a month ago, and only a month later did it become public. Commerce Ministry officials had not even seen it before that. Officials there are said to have tried to get a copy and were unable to locate one at the Prime Minister's Office earlier.

India is said to want Nepal to agree on adding 30 percent value as the basis for origin certification-against free trade, without any quantitative restrictions. If that is done India would agree to a renewal without seeking additional changes. It is said the out-going commerce secretary and our ambassador in New Delhi had agreed to this new provision.

But this is easier said than done because nobody in government seems to know what the value addition means in practice. By one measure it could mean: output minus input divided by output. This means the added value in hydrogenated vegetable oil-Nepal's main export to India-would be around 14 percent. But the FNCCI says Nepali vegetable oils would still be eligible for duty-free exports without quantitative restrictions. That leads to the next question: How is the added value India is talking about calculated? The FNCCI is mum on this though its officials claim the 30 percent was something they had proposed.

Nepali officials are said to have asked their Indian counterparts to prepare a version of the treaty for discussion when the two sides met in Kathmandu in August. Nepal was assured this would be tabled when the joint secretaries would meet in New Delhi-that meeting is over, and there was no draft.

It is not fair to blame Nepal for failing to reach an agreement as they have nothing concrete to work with. This week our ambassador in New Delhi said the reason behind the stalemate was our inability to do our homework in time to address India's "concerns". I would like to ask the ambassador if he had communicated those concerns to the government, and if he can explain them to the Nepali public?

The best that can happen for Nepal is automatic renewal. If that is not possible, the minimum we expect Mr Acharya to come

back with is a clear understanding of what India wants. India can help by telling us clearly whether it wants trade under the Most Favoured Nation regime or continue the preferential treatment granted by the treaty to Nepali exports. Nepali officials who see the treaty working well to boost exports cannot go about guessing what India wants. -they have simply never been told.

Could India gain by forcing Nepal to plead for agreement on 30 percent value addition? There is a possibility: it would be difficult for India to negotiate for concessions with its larger trading partners after imposing restrictions on a poor, small neighbour when the November WTO round begins in Doha.

A win-win scenario for Nepal and India is to agree on renewing the treaty as it is, automatically, before it expires. Nepal would also need to do is take immediate actions to address the sensitive issues of "surge" and "dumping" of certain Nepali and assure India such acts will not be allowed to happen again, because we must accept that there are certain things just not right with how we are trading.

# बजेट निर्माता अर्थशास्त्री होइन

डा. भोलानाथ चालिसे

००-००-००००
कान्तिपुर दैनिकमा प्रकाशित

एउटा साधारण नेपालीलाई बजेटले खासै असर नपार्ने भएका कारण कुनै चासो नदेखाई रहेका बखत राजनीतिज्ञ, निजीक्षेत्र र कर्मचारीबीचको नाफाखोरी गठबन्धन र सहर केन्द्रित अर्थशास्त्रीहरुले पूर्ण बजेट नआएमा देश नै डुब्छ भन्ने अलाप गरिरहेको बेला राष्ट्रपतिलगायत प्रतिपक्षमा रहेका राजनीतिक पार्टीसमेत आशंकित भएका छन् । १५ औं वर्षसम्म स्थानीय निकायको निर्वाचन नहुँदा, चार वर्ष लगाउँदा पनि संविधान नबन्दा र नयाँ संविधान कहिले बन्ने भन्ने टुंगो नलागेका बखत जाबो चार छ महिनालाई सरकारी बजेट नआउँदा देशै डुब्छ भन्नु महेन्द्र पथीय सोचको छायाँ हो । राजा महेन्द्रले बहुदलवादी प्रजातन्त्रले विकास खलबल्याउँछ भन्ने नाममा एकतन्त्रीय जहानियाँ शासन तीस वर्षसम्म लाद्न सफल रहे । बजेट नआए अर्थतन्त्र नै ठप्प हुने भन्ने कुरा सत्य होइन । अहिले बजेट नआउँदा देशको अर्थतन्त्र ठप्प हुने होइन, सरकारी कर्मचारी एवं मन्त्रीहरुले तलब भत्ता खान नपाउनेसम्म हुन सक्छ ।

बजेट एउटा जनतामार्फत चुनिएर आएको सरकारले जनतासामु आफ्नो दलको घोषणापत्रमार्फत जाहेर गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने एउटा साधन हो । आधुनिक राज्यको स्थापना हुनुभन्दा अगाडि मानिसहरु जंगलमा रहेका बखत आफ्नो समूहमा सबभन्दा बलियो जो देखियो, जसलाई काबिला भन्ने चलन छ । उसको मुखको बोली नै अरुले मान्नुपर्ने सार्वजनिक नीति हुन्थे । शक्तिशाली काबिला मर्ने बखत आफ्नो सन्तान नै अर्को काबिला हुने फरमान जारी गरेपछि राजाहरुको जन्म भएको हो । यस्ता राजाको इच्छा नै सार्वजनिक नीति हुने गर्थे । पंचायती कालमा शिक्षा क्षेत्रमा सरकार को सक्रिय भूमिका रहनुपर्छ भन्दै गाउँगाउँमा दाताद्धारा संचालन भएका

सार्वजनिक विद्यालयलाई नयाँ शिक्षा योजनाका नाममा राष्ट्रियकरण गर्ने काम भयो । नेपालमा शिक्षाक्षेत्रको अवोन्नती यही कदमबाट सुरु भयो । एउटा बहुलवादी प्रजातान्त्रिक मुलुकमा सार्वजनिक नीतिको निर्माण जनता आफैंले गर्दछन् ।

जनताले आफ्नो यो अधिकार आफ्ना प्रतिनिधिहरुमार्फत कार्यान्वयन गराउँछन् । यिनै प्रतिनिधि बेग्लाबेग्लै समूहमा राजनीतिक पार्टीसँग आवद्ध भएका हुन्छन् । राजनीतिक पार्टीले आमचुनावमा जाँदा आआफ्ना घोषणापत्रमार्फत जनतासँग भोट माग्छन् र जनताले जसलाई बहुमत दियो त्यही राजनीतिक पार्टीको घोषणापत्र कार्यान्वयन बजेटमार्फत गरिन्छ । प्रतिपक्षले शासनमा रहेको राजनीतिक पार्टीलाई सदासर्वदा जनताको भोटलाई अपमान नगर्नका लागि खबरदारी गरिरहेका हुन्छन् । प्रतिपक्षको खबरदारी नभएको सरकार अधिनायकवादी हुनजान्छ । महेन्द्रपथीय सोचमा यस्तो खबरदारीलाई विकास बिथोल्ने खलनायकको रुपमा चित्रण गर्ने प्रक्रिया वर्तमानमा पनि नेपालमा चलिरहेको छ । यसरी जनताले अनुमोदन नगरेको कार्य गर्नु नैतिक होइन । अनैतिक कार्य गर्न उक्साउनेलाई आदर्शमा टिकिरहेका मान्छे भन्न सकिँदैन । नेपालमा संविधानसभाको चुनाव राजनीतिक पार्टीको घोषणापत्र कार्यान्वयन गराउन भएको थिएन । यो चुनाव त नयाँ संविधान लेख्नका लागि भएको थियो । संविधानसभा रहेका बखत पनि सरकारले बजेटमार्फत नीतिगत परिवर्तन गर्नु नैतिक थिएन । यिनले त साधारण आम्दानी खर्चको विवरण संसद्बाट पारित गराई २ वर्षको खर्चमात्र टार्नुपर्ने थियो । यस्तो अवस्थामा पूर्णबजेट आएन भनेर कराउनु नैतिक कार्य कदापि ठहरिँदैन ।

एकातर्फ अहिलेको नेपालमा बजेटमार्फत नीतिगत परिवर्तन गर्नु नैतिक ठहरिँदैन भने अर्कोतर्फ बजेट नआउँदा देशै ठप्प हुन्छ भन्ने कुरासमेत सही होइन । सरकारी आँकडालाई मान्ने हो भने आर्थिक वर्ष २०६८/६९ मा नेपालमा रु. १ लाख ५५ हजार ८ सय १७ दशमलव ४ करोडको गार्हस्थ उत्पादन भएछ । यो आर्थिक वर्ष २०६७/६८ को भन्दा रु. १८ हजार ८ सय ७४ दशमलव ४ करोडले बढी हो । नेपालको अर्थतन्त्रमा सरकारी

क्षेत्रको लगानीको पुँजी निर्माण जम्मा २२ प्रतिशत रहेको छ । यसका हिसाबले सरकारले कुनै खर्च नगरे तापनि अर्थतन्त्रमा जम्म असर पर्ने भनेको ४ हजार १ सय ५२ दशमलव ३७ करोड हो । यसमा पनि ४ महिनाको खर्च भइसकेको हुँदा बाँकी ८ महिनामा सरकारी खर्च नहुँदा २ हजार ७ सय ६८ दशमलव २५ करोडको कम गार्हस्थ उत्पादन हुनसक्ने हो । जुन कुल गार्हस्थ उत्पादनको १ दशमलव ७८ प्रतिशतमात्र हो । सन् ९० को दशकको मध्यतिर राजनीतिक स्थिरता र नीतिगत सुधारको थालनी गरेका अवस्थामा नेपालले ७ दशमलव ५ प्रतिशतसम्मको आर्थिक वृद्धिदर हासिल गरेको थियो र यो वृद्धि अहिलेको सालाखाला ३ दशमलव ५ प्रतिशतभन्दा ४ प्रतिशतले बढी हो । यो ४ प्रतिशत भनेको आर्थिक वर्ष २०६८/६९ को कुल गार्हस्थ उत्पादनको दाँजोमा ६ हजार २ सय ३२ दशमलव ७ करोड हो । पाँच वर्षसम्म यो वृद्धिदर लगातार कायम गर्ने हो भने पनि कुल गार्हस्थ उत्पादनमा रु. ३३ हजार ७ सय ५८ दशमलव २१ करोडको थप योगदान हुनेछ ।

नीति निर्माणको प्रक्रियामा लेखापालको भूमिका भनेको सोझो खर्च र आम्दानी निकाल्नु हो । अर्थशास्त्रीहरुले खर्च र आम्दानीको लाभ लागतको विवरण निकाल्ने हुन् । राजनीतिज्ञहरुले सामाजिक लाभ लागतमध्ये कुन चाहिँ निर्णय गर्दा सबैभन्दा बढी समाजलाई फाइदा पुर्‍याउने हो त्यो निर्णय गर्ने हो । यो पंक्तिका लेखक सचिव हुँदाका बखत कुनै निर्णय गर्न कानुनी राय माग्दा एकजना फुर्तिला कानुनअधिकृतले कानुनबमोजिममात्र निर्णय गर्ने हो भने सचिवको किन आवश्यकता पर्‍यो भनि जवाफ दिएको अझै ताजा लाग्छ । लेखापाल वा अर्थशास्त्रीले दिएको सुझाव अनुरुप निर्णय गर्ने हो भने राजनीतिज्ञहरुको किन आवश्यकता नै पर्‍यो ? जसरी एउटा व्यक्तिले दुई वा दुईभन्दा बढी विकल्पमध्ये कुनै एउटाको निर्णय गर्दा उसले छोडेको विकल्पको समेत मूल्यांकन गर्दै आफूलाई उपयुक्त लागेको निर्णय गर्दछ, त्यसैगरी एउटा राजनीतिज्ञ वा राजनीतिज्ञहरुको समूहको पार्टीले निर्णय गर्दा व्यक्तिकै निर्णयअनुरुप र्‍यासनल हुने हो भने अहिले ८ महिनाका लागि नैतिकताको कसीमा अनैतिक ठहरिने बजेट घोषणा गराएर अर्थतन्त्रलाई रु. २ हजार ७ सय ६८ दशमलव २५ करोडको हुने

सक्ने नोक्सानीबाट बचाउने हो कि राजनीतिक सहमति कायम गरी तुरुन्त निर्वाचनमा गएर राजनीतिक स्थिरतामार्फत ५ वर्षमा नेपालको अर्थतन्त्रमा रु. ३३ हजार ७ सय ५८ दशमलव २१ करोडको योगदान दिने हो ?

अहिले विपक्षी राजनीतिक दलहरुले सरकार हटाउने विकल्प भनेको सडकबाटै हो भनि आँकलन गरिरहेका छन् । गार्हस्थ उत्पादनकै हिसाबले भन्दा एक दिन नेपाल बन्द हुँदा झन्डै ४ सय २७ करोडको गार्हस्थ उत्पादनमा नोक्सानी हुन्छ भने १० दिनमात्र नेपाल बन्द भयो भने यो नोक्सानी ४ हजार २ सय ६९ करोडको हुन जान्छ । राजनीतिक आन्दोलन सुरु भइसकेपछि नेपाल बन्द १० दिन हुन्छ वा १०० दिन हुन्छ, कसैले पनि आँकलन गर्न सक्दैन । सरकारले बलजफ्ती बजेट ल्याएर अर्थत्रन्त्रमा रु. २ हजार ७ सय ६८ दशमल २५ करोडको अर्थतन्त्रमा पर्न सक्ने असरलाई जोगाएर अर्बौं अर्बको नोक्सानी निम्त्याउन खोज्छ भने यसको उद्देश्य के हो स्पष्ट हुन आउँछ। अहिले बजेट नआउँदा हुँदै हुने भनेको सरकारी कर्मचारीहरुले तलब भत्ता नपाउने हो र अर्थतन्त्रमा समेत १० दिन नेपाल बन्दको दाँजोमा आधा मात्र नोक्सान हुने हो । सडक तताएर, टायर बालेर, उस्तै परे ज्यानको समेत नोक्सानी सहेर अनिश्चित कालका लागि सडक आन्दोलनमा जानुभन्दा बजेट पास नहुँदा सिर्जना हुने अहिंसात्मक दबाबले मुलुकलाई कम नोक्सानी पुर्‍याउँछ । यस्तो अवस्थामा सरकारले दुईवटा विकल्प रोज्न सक्छ । पहिलोमा बजेट पास भए होस् वा नहोस्, खुरुखुरु चेक काट्दै सरकारी खर्च गर्दै जानेछ । यो नियत सत्ता पूर्ण कब्जाका लागि हो भनेर जनताले आफैं बुझ्ने छन् । अथवा राजनीतिक सहमतिमा पुगेर चुनावको टुंगो लगाउने छ ।

निजीक्षेत्रले त सरकारले गर्ने खर्चमा आज बनाएको पिच भोलिपल्टै भत्कने गरी निर्माण गरेर आर्जन गर्ने नाफाको अवसर गुम्ने भएका कारण पूर्ण बजेटको वकालत गर्नु उनीहरुको स्वाभाविक धर्म हो । मुलुकको अर्थतन्त्रमा ७८ प्रतिशतको पुँजी निर्माणको हकदार भएको निजीक्षेत्रले सरकारी बजेट नआउँदा मरी नै हालिन्छ भनि हिँड्नु राजनीति गर्न खोज्नुबाहेक उद्यम व्यवसाय गर्न खोजेको किमार्थ होइन । निजी क्षेत्र एवं अर्थशास्त्रीहरुले अबको बाँकी अवधिका लागि बजेट नआए सबै कुरो ठप्प हुन्छ भनेका आधारमा विपक्षी दलहरुले लुगलुग खुट्टा कमाउने हो भने उनीहरु पनि राजनीति छाडेर जोगी भए हुन्छ ।

# नेपालको भारत भ्रमण र धर्मसंकट

डा. भोलानाथ चालिसे

००-००-००००

प्रधानमन्त्री माधवकुमार नेपालको आसन्न भारत भ्रमण अहिले चर्चाको शिखरमा रहेको छ । जमानादेखि नेपाल र भारतको सम्बन्धमा खास मुद्दा रहेका वाणिज्य सन्धि, लगानी प्रवर्द्धन र जलस्रोत विकासका मुद्दाहरु एकै पटक उठाइएका छन् । यी मुद्दाहरुमा मुलतः नेपाल र भारतबीच रहेको वाणिज्य सन्धि, पारवहन सन्धि, आर्थिक सहायता र लगानी संरक्षणलाई एउटै प्याकेज (सेपा) Comprehensive Economic Partnership Agreement भित्र राख्दा नेपाल र भारतबीच बढ्दो व्यापार घाटा घटाउन एकदम उपयुक्त हुने तर्कहरु भारतले होइन नेपाली बुद्धिजीवी अर्थशास्त्रीहरुले अगाडि सारिरहेका छन् । यहाँनेर सन् १९९६ को सन्धिलाई बिगारेर सन् २००२ को सन्धि आउनु पूर्वसन्ध्याको एउटा घटना उल्लेख गर्नु उपयुक्त हुन्छ । सन् २००२ को संशोधित सन्धि लिएर काठमाडौं छलफल गर्न आएको भारतीय सचिवस्तरको टोलीसँगको वार्तामा संलग्न नेपाल राष्ट्र बैंकका एक उच्च अधिकारीले यस्तो सन्धिमा स्वीकार गर्‍यौं भने नेपाली बुद्धिजीवी जनताले के भन्लान भन्ने जिज्ञासाको उत्तरमा काठमाडौंस्थित भारतीय राजदूतावासका एक कर्मचारीले यस्तो कुरा निकाल्नेहरुलाई एकै ठाउँमा राखेर यो सन्धिको समर्थन गराई दिन्छौं त्यसपछि यहाँलाई केको आपत्ती भनेका थिए रे । नभन्दै एक हप्ता नबित्दै नेपालका बाहिरी आवरणमा खाँटी भारत विरोधी देखिने अर्थशास्त्रीहरु र उद्योग वाणिज्य संघका पदाधिकारीहरु एकै ठाउँमा भारतीय राजदूतावासले भेला गराई बिग्रने सन्धिको समर्थन जुटाएको देख्दा ती अधिकारी अझ पनि आश्चर्य चकित भइरहेका छन् । यसै सन्दर्भमा नेपाल र भारतबीच भएको १९९६ को वाणिज्य सन्धि जुन २००२ मा भएको संशोधनले मारिसकेको थियो त्यसलाई फ्याल्नुपर्ने मुद्दा ठूलाठूला स्वरमा उठाउन थालिएको छ । सन् १९९६ को सन्धिलाई उपलब्धि ठान्नेहरुको आधार के थियो, यो सन्धिको

मूल मर्मलाई सन् २००० मा कसरी मारियो र अहिले भारतले प्रस्ताव गरेको तर जनस्तरमा उपलब्ध नभएको यो सेपा केका लागि र किन ल्याउन लागिएको हो भन्ने कुरा बुझ्नु आवश्यक हुन्छ ।

परम्परागत रुपमा नेपाल र भारतबीचको व्यापार र पारवहन सन्धि एउटै हुने गर्दथ्यो । यसो हुँदा नेपाल र भारतका बीच व्यापारमा त्यो पनि खासगरेर ठूलाठूला भंसार दर एवं आयात इजाजत एवं परिमाणात्मक बन्देज मार्फत बन्द भारतको अर्थतन्त्रमा नेपालमा तेस्रो मुलुकबाट आयात भई वस्तुहरु भारतमा कानुनी रुपमा चोरी तस्करी हुने कार्यबाट श्रृजित अवस्था नियन्त्रण गर्न भारतले एउटै सन्धि भएका कारण बेलाबेला पारवहनमा समस्याहरु सिर्जना गर्ने गर्दथ्यो । २०४४/२०४५ सालमा सुरु भएको नेपाल भारत व्यापार एवं पारवहन समस्याको प्रमुख कारण व्यापार र पारवहन सन्धि एउटै हुनाले हो । यही तीतो अनुभव गाँसेको नेपालले प्रजातन्त्र पुनर्स्थापना तत्काल पश्चात सन् १९९१ मा वाणिज्य र पारवहन सन्धि बेग्लाबेग्लै गर्न भारतलाई सहमत गराएको हो । दुईवटै सन्धि एकै मितिमा सकिएर २०४४/२०४५ सालको जस्तै समस्या आउला भनेर व्यापार सन्धिको म्याद ५ वर्ष र पारवहन सन्धिको म्याद ७ वर्ष राख्ने व्यवस्था पनि गरिएको हो । २०४४/२०४५ सालमा त नेपाल आयल निगम र भारतीय आयल निगमबीच पेटोलियम पदार्थ ढुवानीसम्बन्धी सम्झौतासमेत व्यापार र पारवहन सन्धि सकिने एउटै मिति पारी अस्थायी म्याद थपिएको रहेछ भन्ने कुरा नेपालीले त्यसबेलाको संकट भोग्नुपरेपछि मात्र थाहा पाए ।

मिल्काउनुपर्ने भनिएको सन् १९९६ को सन्धिप्रति धेरै नेपालीको मोह रहनुपर्नाको कारण थाहा पाउनु सान्दर्भिक हुनेछ । यस सन्धिले पहिलो पटक नेपालमा उत्पादित वस्तुहरु भारतमा सुविधायुक्त प्रवेशका लागि मूल्य अभिवृद्धि वा म्याटेरियल कन्टेन्ट जस्तो जटिल र प्रशासनिक झमेलायुक्त प्रावधानको साटो तीन किसिमका वस्तुहरुबाहेक अरु सबै वस्तु नेपालमा उत्पादन भएको नेपालले नै तोकेको संस्थाले प्रमाणित गरेको आधारमा भारतमा भन्सारमुक्त एवं परिमाणात्मक बन्देज नलगाई निकासी

हुन सक्ने प्रावधान थियो । बन्देज लगाइएका तीन वटा वस्तुहरुमा मदिरा र मदिराजन्य पेय पदार्थ र तिनका कन्सेन्टेट्सहरु, अनेपाली र अभारतीय ब्राण्डका अत्तर र श्रृंगारका सामान तथा चुरोट र सूर्ति थिए । यो नेगेटिभ लिस्ट बाहेकका अरु सबै नेपालमा उत्पादित वस्तु भारतमा सुविधायुक्त विना परिमाणात्मक बन्देज निकासी हुन सक्ने प्रावधानले नेपालमा लगानी गर्नेहरुका लागि नीतिगत स्तरमा स्थिरता दिएको थियो । तोकिएको मूल्य अभिवृद्धि वा म्याटेरियल कन्टेन्ट पुगेको छ कि छैन भनेर प्रत्येक वस्तुको स्वीकृति भारतबाट लिनुपर्ने अवस्थामा त्यस्तो स्वीकृति प्राप्तिको निश्चितता नभएपछि निजीक्षेत्रले लगानी गर्ने संभावना ज्यादै न्यून हुन्छ । सन् १९९६ को सन्धिले नेपाल भारतबीचको व्यापारमा ठूलो उपलब्धि हासिल हुन्थ्यो भन्ने जिद्दी सन् १९९६ को सन्धिलाई उपलब्धि हो भन्नेहरुको दावा त होइन तर निजीक्षेत्रको लगानीका लागि निश्चित आधार भने यसले दिएको थियो । भलै यो आधार पाँचै वर्षमा भताभुंग भयो । सन् ९६ को सन्धि मन नपराउनेहरुले २ वटा बुँदा अगाडि सारेका छन् । पहिलोमा यो सन्धिले प्राथमिक उत्पादनहरु कृषि पदार्थ, अन्य कच्चा पदार्थहरुको आयात निर्यातमा भन्सार छुट दिएका कारण यी वस्तुको नेपालमा विकास हुन सकेन । गएको पाँच वर्षको नेपाल भारतको व्यापारको आँकडा प्रस्तुत गर्दै यी दुई देशबीचको व्यापारमा नेपालको घाटा कम हुनुको साटो बढ्दै गएको छ । पहिलो समस्या समाधानका लागि सजिलो उत्तर भने यी प्राथमिक वस्तु भारतबाट आयात गर्दा भन्सार शुल्क लगाउनु हो । नेपालमा खाद्य संकट भएका बखत भारतबाट चामल, मकै, गहुँ आयात गर्दा के २० प्रतिशत, ३० प्रतिशत अथवा ५० प्रतिशत भन्सार महसुल लगाउने हो ? प्राथमिक वस्तु प्रतिस्पर्धात्मक हुन नसकेपछि बारा कलैयाका किसानले तरकारी खेती, इलाम र झापाका किसानले चिया खेती त सुरु गरिसकेकै छैनन् र ? गएको ५ वर्षको भारतसँगको व्यापार घाटा भने सन् १९९६ को सन्धिले ल्याएको होइन । तथ्यांकहरु हेर्ने हो भने सन् १९९६ देखि २००१ सम्म नेपाल र भारतबीचको व्यापार घाटा कम भएको हो । सन्धि बिग्रिएर भारतबाट पेटोलियम पदार्थ भारुमा आयात गर्ने गरेर र नेपाली अर्थतन्त्र उदार र खुकुलो बनाउँदै लैजाने क्रममा मोटरसाइकल, मोटरगाडीहरुको आयातमा वृद्धिका कारण व्यापार घाटा बढेको हो । त्यसमा अर्को कारण

नेपालमा विदेशमा गई काम गर्नेहरुले देशमा भित्र्याएको आम्दानीले बढाएको उपभोगका लागि भारतबाट आयात बढेको हो । आयात बढ्ने अर्कै कारण दोष सन् १९९६ को सन्धिलाई दिन कहाँ मिल्यो र ? सन् १९९६ को सन्धि हुँदा बखत भारतको नेपालप्रतिको दृष्टिकोण कस्तो थियो भन्ने कुरा थाहा पाउनु पनि भारतसँग अहिले वार्ता गर्नेहरुका लागि चासोको विषय हुन सक्दछ । सन् १९९६ को सन्धि हुँदाका बखत यो पंक्तिका लेखक नेपालका प्रधानमन्त्रीको भारत भ्रमणका बखत टोलीको एक सदस्य थियो । परम्पराअनुसार भारतीय प्रधानमन्त्रीले नेपालको प्रतिनिधिमण्डललाई रात्री भोज दिइएको कार्यक्रममा प्रोटोकल मिलाउँदै जाँदा नेपालका वाणिज्य मन्त्री गोपालमान श्रेष्ठ, उनका समकक्षी पी. चिताम्बरम र यो लेखक रात्रीभोजको एउटै टेबलमा बसेको थियो । रात्रीभोजकै सिलसिलामा यो पंक्तिकारले उत्सुकताकै रुपमा पी. चिताम्बरमलाई सोधेको थियो ुभारत यो पाला नेपालसँग वाणिज्य सन्धि गर्दा किन यति उदार भएको हो ? उनको जवाफ थियो, “भारत नेपालमा आर्थिक उन्नती भएर नेपालीहरु नेपालमै बसेको हेर्न चाहन्छ, बंगलादेश छुट्टिने बेलामा भएको युद्धका कारण एक करोड मु. (यसको पूरा शब्द यहाँ उल्लेख गर्नु उपयुक्त हुन्न ।) लाई त भारतले सरणार्थीका रुपमा स्वीकार गर्नुपर्‍यो भने नेपालमा गृहयुद्ध भएमा उनीहरुसँगको धार्मिक, आर्थिक एवं सामाजिक सम्बन्धका कारण भारतले शरणार्थीका रुपमा स्वीकार नगर्न सक्छ र ?” यसैले नेपालमा उत्पादन भएको छाप लागेको वस्तु भारतमा निकासी हुँदैमा भारतीय अर्थतन्त्रमा खासै अन्तर नपर्ने भएकाले यसखाले सन्धि गरिएको हो भन्ने उनको कथन थियो । अब यहीँ नेर प्रश्न उठाउन सकिन्छ, भारत अहिले यही राजनीतिक सोचले अभिप्रेरित भएर अगाडि आएको छ त ? किमार्थ छैन ।

उल्लेख गरिएजस्तै सेपामा के के प्रावधान रहेका छन् भनेर जान्नका लागि यसको उपलब्धता आमजमानसमा छैन तर भारतले श्रीलंका लगायत दक्षिणकोरिया, सिंगापुर आदि देशसँग गरेको यस्तै सम्झौताको आधारमा यो सम्झौतामा के के रहेका हुन सक्लान् भनेर अड्कल भने काट्न सकिन्छ । वाणिज्य, पारवहन, भारतले नेपाललाई दिने आर्थिक सहयोग, भारतीय लगानीको संरक्षण र यसभित्र नेपालको जलस्रोतमा लगानी गर्दा भारतीय

लगानीलाई पहिलो प्राथमिकता दिनुपर्ने प्रावधानहरु राखिएको हुनसक्दछ । अहिले नेपालमा पंचेश्वर, पंचेश्वर, पंचेश्वर भनेर सबैले कराई रहेको हुँदा यस्ता आयोजनासमेत यही सेपाको दायराभित्र राख्न खोजिएको हुनुपर्दछ भनेर अनुमान गर्नु असत्य नहोला । सन् १९९६ को सन्धि मै सन् २००२ मा बिगारिएको वाणिज्य सन्धिलाई नमिल्काएसम्म यस्तो सबै कुरा एकै ठाउँमा राखिएको प्याकेज सन्धि हुन सक्ने संभावना नै भएन ।

सन् १९९६ को सन्धिले नेपाल भारतबीचको व्यापार घाटा उल्लेख्यमात्रामा घटाउन नसक्नुमा नेपालमा वृहद औद्योगीकरणको संभावना नै नभएर हो । आजको सन्दर्भमा नेपालले भारतसँग उठाउनुपर्ने विषयहरु भनेको पहिलोमा नेपालबाट भारतमा काम गर्न जाने श्रमिकको खुल्ला पहुँचमा वृद्धि, उनीहरुको पारिश्रमिक भारतीय श्रमिक सरह हुनुपर्ने र ३ वर्ष भारतमा काम गरेपछि नेपालीहरुले भारतीय नागरिकता पाउनुपर्ने सुविधा हो । यिनको सुरक्षा, बिमा र यिनलाई भारतीय नागरिक सरहको व्यवहार दिलाउनु नेपाली पक्षको प्रमुख माग हुनुपर्दछ । दोस्रोमा नेपालबाट भारतमा कृषिजन्य वस्तु चिया, कफी, तरकारी तथा जडिबुटीहरुको निर्यातमा क्वारेन्टाइन, गुणस्तरजस्ता झमेलाहरुबाट मुक्त दिलाउनु हो । सुन्दा यी कुरा साधारण लाग्दछन् तर नेपालको सीमा पारी यिनको निर्यातमा खडा गरिने बाधा अडचनहरु हटाउने प्रतिबद्धता भारतबाट लिन सक्नु नेपालको लागि नितान्त आवश्यक छ । तेस्रो विषय भनेको नेपालको जलस्रोत विकास हो जसका लागि भारत तत्पर छैन भन्ने कुरा उसका विभिन्न क्रियाकलापले प्रमाणित गरिसकेका छन् । नेपाल र भारतबीच हाइभोल्टेज प्रसारण लाइन निर्माणमा भारतले कुनै चासो नदेखाउनु दुवै देशका विद्युतसँग सम्बन्धित निकायहरुबीच सम्झौता भइसकेको थप ३५ मेगावाट विद्युत भारतबाट आयात हुन लाग्दा माओवादीसँग सम्बन्ध चिसिएको कारणले दिल्लीबाट रोकिनु, पश्चिम सेती जस्तै अरुण तेस्रो, अपर कर्णाली आदि आयोजना ओगट्नेमात्र निर्माणमा कुनै प्रगति नदेखिनु नेपाल भारत विद्युत विकास नहुनका लागि प्रमुख कारण रहेका छन् ।  नेपाल भारतबीचको विद्युत विकास अर्थशास्त्रीहरुको विषय होइन । यो राजनीति हो । राजनीतिज्ञहरु विकास गर्ने पक्षमा सहमत नभएसम्म विद्युतको विकास नेपालमा संभव छैन ।

नेपालले भारतको भ्रमण गर्दा भारतले भनेको नमानौं आफ्नै सत्ता जाने मानौं आफैं धरापमा परेर राजनीति सिद्धिने अवस्था सिर्जना भएको छ । यो लेखकले नेपालको भारत भ्रमणका सिलसिलामा के गर्नु उपयुक्त होला भन्ने हैसियत नराखे तापनि उनले भारतले प्रस्ताव गरेका सेपालगायतका प्रस्तावहरु कुटनीतिक भाषामा कति राम्रा रहेछन् भन्ने आफ्नो विचार प्रस्तुत गर्दै तिनलाई नेपाल फर्केर सरसल्लाह गरी उत्तर दिनेछु भन्न सकेमा यो धर्मसंकटबाट मुक्ति पाइएला । ती प्रस्तावहरुलाई नेपाल नेपाल फर्केपछि नेपाली जोकोहीले पनि हेर्न र पढ्न पाउने गरी उपलब्ध गराई दिनु भयो भने नेपालका लागि ठूलो गुन लाग्ने छ ।

# भाग ८

# अन्य

# उदारवादका अभियन्ता

गोपीनाथ मैनाली *

११ बैशाख, २०७२

नागरिक दैनिकमा प्रकाशित

स्वतन्त्रता व्यक्तिको नैसर्गिक अधिकार हो । यसैको अभ्यासले व्यक्तिलाई अरू प्राणीभन्दा भिन्न, उद्यमशील, सिर्जनशील, विवेकशील, प्रतिस्पर्धी र स्वाभिमानी बनाएको हुन्छ । त्यसैले यो वा त्यो कुनै पनि बहानामा वैयक्तिक स्वतन्त्रताको अतिक्रमण आर्थिक विकास र मानव सभ्यतामा पनि तगारो लगाउनु हो। वैयक्तिक स्वतन्त्रताका लागि आर्थिक स्वतन्त्रता अपरिहार्य हुन्छ । के व्यवसाय गर्ने, कसरी व्यवसाय सञ्चालन गर्ने, कति लगानी गर्ने, के उपभोग गर्ने भन्ने व्यक्तिले रोज्ने विषय हुन् । यस्ता विषयमा स्वाधीनतापूर्वक निर्णय गर्न पाएपछि मात्र स्वतन्त्रता (लोकतन्त्र) को अर्थ रहन्छ । त्यसैले वैयक्तिक स्वतन्त्रता र आर्थिक उदारवाद छुट्ट्याउनै नसकिने गरी अन्योन्याश्रित हुन्छन् । अस्ट्रियाली चिन्तन प्रणालीका अनुयायी र उदार वादी अर्थशास्त्री डा. भोलानाथ चालिसे पनि सबै विषयलाई व्यक्तिको स्वतन्त्रतासँग जोडेर हेर्ने गर्थे। उनका अनुसार मानिसको जिउने आधार नै उदारवाद हो र त्यसमा राज्यजस्तो औपचारिक संस्थाले हस्तक्षेप होइन संरक्षण गर्नुपर्छ ।

अर्थशास्त्रको अस्ट्रियाली चिन्तनधारा (अस्ट्रियाली स्कुल अफ थट) ले आर्थिक विकासको आधार नै वैयक्तिक स्वतन्त्रता हो भन्ने मान्छ। उन्नाइसौं शताव्दीमा कार्ल बेन्गर, विलियम जेभोन्स, लिओन वालरस र हायक जस्ता अस्ट्रियाली चिन्तनधाराका प्रणेताका अनुसार आर्थिकरऔद्योगिक विकासका लागि व्यक्तिको छनौट नै सबैथोक हो, सामूहिक निर्णयले कार्यकुशलता घटाउँछ, बजार प्रक्रिया विनिमय (बजार सङ्केत) का आधारमा चल्छ, उपयोगिता र लागत

*गोपीनाथ मैनाली राष्ट्रिय योजना आयोगको सचिवालयमा सह-सचिव हुनुहुन्छ ।

वस्तुगत नभई विषयगत हुन, सम्पत्तिमाथिको वैयक्तिक स्वामित्वले साधन विनियोजनलाई कार्यकुशल बनाउँछ, मानव व्यवहार तथ्य होइन विवेकबाट निर्देशित हुन्छ आदि । उनीहरूका अनुसार उद्यमी नै परिवर्तनका वाहक हुन्, उनीहरूले नै आर्थिक दक्षताको आकार ठूलो बनाउने हैसियत राख्छन्। त्यसैले वैयक्तिक स्वतन्त्रता प्रोत्साहित भएपछि आर्थिक प्रगति स्वचालित हुन्छ । एफ ए हायक विश्वविद्यालयका विशारद डा.भोलानाथ चालिसे अस्ट्रियाली आर्थिक विचारधारा र हायक लिखित दासत्वको बाटोबाट अतिनै प्रभावित थिए । उनले नेपालमा पनि वैयक्तिक आर्थिक स्वतन्त्रतालाई केन्द्रविन्दुमा राखेर अर्थराजनीतिक बहस चलाउन पुगे । निजामती सेवामा हुँदा होस् वा स्वतन्त्र अर्थशास्त्रीका रूपमा उनका सबै प्रयत्न मुलुकमा आर्थिक सामाजिक रूपान्तरणका लागि आर्थिक उदारवाद, वैयक्तिक स्वतन्त्रता र निजीक्षेत्रको भूमिकालाई संस्थागत गर्नमा केन्द्रित रहे ।

नेपाली समाज र केही हदमा विकसित मुलुकमा समेत निजी क्षेत्र नाफामुखी भएकोले नाफाबाहेक केही हेर्दैन र मौका पाए नाफाका लागि सर्वसाधारणको रगत चुस्नसमेत पछि पर्दैन भन्ने सोच गहिरो छ । यही आधारमा राज्यवादी सोचको विकास हुन पुगेको हो । राज्यवादका अनुयायीहरू राज्यले सबैथोक गर्नुपर्छ, अर्थतन्त्र चलाउनुपर्छ, विपन्न तथा सीमान्तीकृतको उत्थान राज्यले मात्र गर्न सक्छ भन्ने मान्यतामा रहेकाले आर्थिक उत्थानका सट्टा कर्मचारीतन्त्र हुर्किन गयो समस्याको समाधानभन्दा आर्थिक राज्यवाद आफैँ समस्याको कारक बन्न पुग्यो। यसले राज्यभित्र सबैका लागि अवसर खुला नगरी 'रुलिङ एलिट' लेमात्र शक्तिको गल्लीमा वर्चस्व कायम गर्न पुग्यो । त्यसलाई नभत्काईकन सर्वसाधारणसम्म शक्ति र अवसर पुग्ने सम्भावना र हँदैन । पञ्चायत व्यवस्था आर्थिकरराजनीतिक रूपमा निर्देशित थियो । त्यसै ले परम्परागत शक्ति सम्बन्ध र निर्णय संरचना नभत्काई आर्थिक अवसर विस्तार गर्न सम्भव थिएन । पहिलो जनआन्दोलनपछि नेपाली समाज उदारीकरणको दिशामा अग्रसर हुन थाल्यो । संसद्को निर्वाचनपछि गठित पहिलो सरकारले अर्थतन्त्रलाई खुला र उदार बनाउने काम थाल्यो । यस प्रक्रियामा तर्जुमा गरिएका नीतिका प्रमुख शिल्पीमध्ये एक जनाम यिनै डा.भोलानाथ चालिसे थिए । अस्ट्रियाली चिन्तधाराबाट प्रभावित चालिसे

वैयक्तिक स्वतन्त्रता र आर्थिक उदारवादको कट्टर पक्षधर थिए। अर्थतन्त्रमा उद्यमव्यवसाय चलाउने काम सरकारको नभई निजी क्षेत्रको हो भन्ने उनको मान्यतालाई उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा एकद्वार नीति २०४९ र कम्पनी ऐन २०५३ जस्ता संरचनामार्फत संस्थागत गराउन उनले महत्वपूर्ण भूमिका खेले । पहिलो सरकारी संरचनाभित्र रहेर औपचारिक जिम्मेवारीमा र दोस्रो आफ्नो आर्थिक मान्यतालाई तार्किक रूपमा बहस तथा छलफलमा प्रवेश गराएर । आठौं योजनाका समयमा जारी गरिएका कतिपय नीतिमा यही आर्थिक उदारवाद र निजी क्षेत्रको संभावनालाई उपयोग गर्ने सन्दर्भ रहेको थियो । वैयक्तिक सिर्जनशीलतालाई सहयोग र प्रोत्साहन गर्न आठौं योजनाले योजनाको परम्परागत दर्शनलाई परिवर्तन गरेको थियो । यस योजनादेखि अर्थतन्त्रमा बहुपात्र प्रणालीलाई स्थापित गरिएको थियो भने योजनाले अवलम्बन गरेका रणनीति उदारवाद निर्देशित थिए। उदाहरणका लागि करको दर घटाउने र दायरा बढाउने, ज्याला, मूल्य, विनिमय, ब्याज आदि बजार प्रक्रियामा समाहित गर्ने, लाइसेन्स राजको खारेजी, न्यूनतम नियमन, निजीकरण आदि । त्यसको फलस्वरूप सरकार र निजीक्षेत्र एकअर्काका प्रतिस्पर्धी रहेनन् बरु सहयोगी र साझेदार बन्न पुगे । निजी क्षेत्र आफ्नो दक्षताको क्षेत्रमा लगानी गर्न तम्सियो र सरकारको रणनीतिक साझेदार बन्यो । परिणामतः अर्थतन्त्र तुलनात्मकरूपमा उत्पादक र प्रतिस्पर्धी पनि बन्न पुग्यो भने उत्पादित सेवा र वस्तुबाट सर्वसाधारण लाभान्वित बने । सरकारलाई प्रमुख क्षेत्रमा केन्द्रित सजिलो भयो। अहिले निजी क्षेत्रको दक्षता देखिएका बैंकिङ, स्वास्थ्य, सूचना प्रविधि क्षेत्रको जग त्यसै समयमा राखिएको थियो । तर त्यस समयमा पनि नेपालजस्तो असमानता व्याप्त रहेको मुलुकमा सरकारले आर्थिक गतिविधिबाट हात झिक्नु हुँदैन, निजीकरण गरिनु हुँदैन, सरकारको भूमिका विस्तारित हुनुपर्छ, निजी क्षेत्रले सर्वसाधारणको भलो गर्दैन भन्नेजस्ता विचार पनि उत्तिकै बलिया थिए । डा.चालिसेको ठहरअनुसार यही विचारका कारण समस्या फराकिलो हुन पुगेको हो । उनी र उनीजस्ता आर्थिक उदारवादका व्याख्याताका कारण नै नब्बेको दशकमा नेपाल यस भेककै उदार र खुला अर्थतन्त्र बन्न पुगेको हो । निजी क्षेत्र र वैयक्तिक उदारवादका कारण नै आठौं पञ्चवर्षीय योजना (२०४९-५४) लाई नेपालको आर्थिक विकासको

स्वर्ण अवधि भन्न सकिएको हो । त्यसो त गरिब तथा विपन्न सामाजिक समूहमा राज्यको आर्थिक भूमिका रहनुपर्छ भन्ने मान्यता पनि उनमा थियो । नवौं योजना तर्जुमाका समयमा राष्ट्रिय योजना आयोगको सदस्य सचिवका भूमिकामा पहिलो पटक सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्न उनले निकै ठूलो भूमिका खेलेका थिए ।

डा. चालिसे मूलतः निजामती कर्मचारी भए पनि कर्मचारीको दिनहुँको भूमिकाभन्दा पर रहेर उनले आफूलाई वैयक्तिक स्वतन्त्रताका पक्षमा प्रस्तुत गरेका थिए । धेरै जागिरेहरू यसो गर्न चाहँदैनन, सक्तैनन् र सके पनि अग्रसर हुँदैनन् । नेपाल सरकारले धेरैजसो समयमा उनलाई उद्योग, लगानी, व्यापार, योजनाजस्ता क्षेत्रमा उपयोग गर्‍यो । बहुत कमै कर्मचारीले मात्रै आफ्नो योग्यता, दक्षता र अनुभवका स्थानमा काम गर्ने मौका पाउँछन् । यस क्षेत्रमा काम गर्दा निजी उद्यमीलाई प्रोत्साहनका लागि नीतिगत प्रोत्साहन, कार्यविधि सरलीकरण र कार्यसंस्कृति सुधारमा उनको प्रयास केन्द्रित रह्यो । उनी स्थानीय विकास मन्त्रालयका सचिव भएको बेला उनले राजनीतिकर्मी र कर्मचारी दुवैलाई असहज लाग्ने भए पनि सही कुरा राख्थे। कुनै समारोहमा धेरै जिल्ला विकास सभापति र मेयरहरूले नेपाल सरकारले पठाएका स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतको विरोध गर्दा तत्काल उत्तर दिएका थिए - 'ती कर्मचारी केन्द्रले तपाईंहरूलाई दिएको प्राविधिक सहयोग हो, तपाईंहरु सक्षम हुनुहोस, आजैबाट उनीहरूलाई झिकिदिन्छु' । त्यस्तै राजनीतिक दबाबमा काम गर्नुपरेको गुनासो गर्ने स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतलाई भन्थे - 'यी राजनीतिज्ञ देश बनाउन मात्र होइन, बिगार्ने जिम्मेवारीमा पनि चार वर्षका लागि जनादेश पाएका प्रतिनिधि हुन्, नियम नछाड्नुहोस, निर्णय गरे कार्यान्वयन गरिदिनुहोस् तर निहित स्वार्थ र प्रतिस्पर्धा नराख्नुहोस् ।' योजना आयोगको सदस्य सचिव हुँदा त उनले भनेका थिए 'उदारीकरणमा के को योजना आयोग, यो नागरिक र उद्यमीलाई सशक्तीकरणको समय हो ।'

# के उद्यमी व्यवसायी बन्नु अपराध हो ?

डा. भोलानाथ चालिसे

असार २०६७
समृद्धि फाउण्डेशन

गरि खानु भन्ने अवधारणा दक्षिण एशियामा पहिले देखिनै हेयको दृष्टिकोणले हेर्दै आइयो । उद्यम व्यवसाय गर्नु पहिलो दोस्रो नभइ तेस्रो चौथो श्रेणीमा राख्दै आइयो । धर्मले उद्यम व्यवसाय होइन जोगी बनाउने पाठ सिकाउँदै आयो । जोगी बन्नुनै जीवनको सबैभन्दा ठुलो मुक्तिको बाटो हो भन्ने कुरा जन्म देखि मृत्युपर्यन्तसम्म सिकाउँदै आइयो । पश्चिमा विकसित देशहरुले दुई सय वर्ष लगाएर पत्ता लगाएको उन्नतिको बाटो नेपालसम्म आइपुग्न अर्को सय डेढसय वर्ष लाग्यो । २० औं शताब्दीको शुरुमा नेपालमा राजनीति प्रजातन्त्रवादी हुनुपर्छ भन्ने बहस शुरु हुँदा राजनीतिमा वामपन्थहरुको वर्चश्व रह्यो । वामपन्थमा पनि समाजवादी प्रजातन्त्रको सोचले भर्खर भर्खर उपनिवेशबाट स्वतन्त्रता पाएका देशहरुको प्रभावमा नेपालजस्तो एक व्यक्ति वा एक परिवारको शासन प्रणालीबाट उन्मुक्ति पाएको देशले आफ्नो राजनीतिको मूल नारा विकास र गरिबी निवारण हो भन्नेबाट शुरु गर्‍यो। यी दुईटा उद्देश्य प्राप्तिका लागि सरकार बलियो मात्र होइन हस्तक्षेपकारी पनि हुनुपर्छ भन्ने सोच व्यापक रुपमा ल्याइयो । उपनिवेशबाट मुक्ति दिलाउने वा जहानियाँ शासनबाट छुटकारा दिलाउनेले भनेका कुरा सही होलान भनी जनताले विश्वास गर्न थाले । झन्डै अर्को ७०-८० वर्ष यस्तै चिन्तनमा र विश्वासमा देश चल्न थाल्यो । यो प्रक्रियामा सबैले भन्ने गरेको जन्म देखि मृत्युसम्म सरकारको कुनै न कुनै किसिमको हस्तक्षेप हुनुपर्छ भन्ने मान्यता पनि बढ्दै गयो । परिणाम भने खासै रुपमा राम्रो भएन। देशको विकास पनि भएन, गरिबी पनि घटेन । यी दुबै चीज नहट्नुको कारण सरकारको जबरजस्ती र व्यक्तिले उपयोग गर्ने सिर्जनशील प्रयासहरुको हत्याको कारणले गर्दा हो ।

व्यक्तिको उत्प्रेरणाको अधिकतम उपयोगका लागि स्वतन्त्र बजार मुख्य पूर्वाधार हो। स्वतन्त्र बजार भन्नाले त्यसमा संलग्न हुने विभिन्न व्यक्तिहरुले स्वतन्त्र रुपमा आफूले उत्पादन गरेको वस्तु वा सेवा खरिद बिक्री गरिराखेका हुन्छन् । यही स्वतन्त्र बजारमा संलग्न हुने विशाल संख्याका व्यक्ति-व्यक्तिहरुका निर्णयले उद्यमी व्यवसायीहरुलाई कुनै पनि केन्द्रीय योजनामा विश्वास गर्ने योजनाकारहरुले कर्मचारीतन्त्रमार्फत संकलन गरेका सूचनाको दाँजोमा कहाँ हो कहाँ बढी सत्य र निपुण सूचनाहरु दिइराखेका हुन्छन् । स्वतन्त्र बजारमा बिना डर, त्रास र धम्की सहभागी भइरहेका व्यक्तिहरुको व्यवहारबाट एउटा व्यवस्था स्थापित हुन्छ र यही व्यवस्था नै स्वतन्त्र बजार हो । यसले समाजमा एउटा यस्तो व्यवस्था स्थापित गर्छ जसलाई सामाजिक व्यवहार भने पनि हुन्छ । स्वतन्त्र व्यक्तिले स्वतन्त्र निर्णय गर्दै बजारमा भाग लिएर दिएको सूचनामा आधारित उद्यमव्यवसायनै सबैभन्दा दीगो र दरिलो रहँदै आएको छ । सरकारले संचालन गरेको उद्यमव्यवसायहरु सरकारी अधिकारीहरुले बटुलेको सूचनामा आधारित भएकाले तिनीहरु नेपालमा मात्रै हैन हाम्रा छिमेकी भारत, चीन लगायत संयुक्त राज्य अमेरिकामा समेत असफल त भए नै तर यिनै सरकारी अधिकारीहरुको योजना मुताविक अर्थतन्त्रलाई अगाडि बढाउन खोज्दा सं. रा. अमेरिकाको टेक्सटाइल उद्योग होस वा मोटर कारखानाहरु, उद्यमशिलताको अधिकतम उपयोग गरि उत्पादन गरिएका अन्य देशका टेक्सटाइल वा मोटर कारखानाहरुसँग प्रतिस्पर्धी बन्न नसकेको उदाहरण अब त जो कोहीलाई स्पष्ट भैसक्यो ।

स्वतन्त्र बजार निर्दयी हुन्छ र यस स्वतन्त्र बजारमा विश्वास गर्नेहरुले स्वतन्त्र बजार आफैँमा पूर्ण हुन्छ भनेर भन्छन् भन्ने मिथ्या आरोप लगाँउदै बजार पूर्ण नहुने भएकाले पूर्ण बनाउन सरकारले हस्तक्षेप गर्नुपर्छ भन्ने तर्क राखेर आफूलाई उदार अर्थतन्त्रमा विश्वास गर्छु भन्नेहरुले समेत सरकारी हस्तक्षेपकारी नीति कार्यान्वयनका लागि सल्लाह दिँदै आएका छन् । तर सत्य के हो भने स्वतन्त्र बजारमा विश्वास गर्नेहरुले बजार पूर्ण हुन्छ भनेर कहिले पनि भनेका छैनन् । यसका लागि आफूलाई एकदमै उदार ठान्ने सं. रा. अमेरिकामा समेत अर्थशास्त्र विषयको स्नातकोत्तरको पाठ्

यक्रममा झण्डै झण्डै चार पानामा सीमित राखिएको अष्ट्रियन स्कूल अफ इकनमिक थट अलि बेलिविस्तारमा पढियो भने यस्ता मिथ्या अवधारणा बारे स्पष्ट हुन सकिन्छ । सं. रा. अमेरिका जस्तो देशको पाठ्यक्रममा त त्यस्तो छ भने नेपाल जस्तो देशमा सरकारले नै सबैथोक गरिदिनु पर्छ भन्ने विचार पाठ्यपुस्तकहरु मार्फत कक्षा नर्सरी देखि स्नातकोत्तरसम्म थोपरिदै आइएको छ । नेपालमा त त्यसमा पनि शासक वर्गको थातथलो काठमाडौंका जनतामा त शौचालय गैसकेपछि आफ्नो फोहोर भएको अंग समेत सरकारले पुछिदिनुपर्छ भन्ने सम्म छ । आफ्नो आँगनमा भएको फोहोर अलि कमजोर छिमेकीको आँगनमा मिल्काउन खोज्दा छिमेकीले विरोध गऱ्यो भने सरकारले छिमेकीलाई प्रहरीद्वारा पिटाएर फोहोर मिल्काउन लगाउनुपर्छ भन्ने सोच अहिलेको नेपालको शिक्षित वर्गमात्र नभएर शिक्षित युवासमेतको हो ।

स्वतन्त्र बजारमा व्यक्तिहरुले स्वतन्त्र रुपमा भाग लिने कार्यलाई धनीले गरिब मार्ने, उद्योग व्यवसायीले उपभोक्तालाई मार्ने, गरिखाने चोर फटाहा हुन भन्ने खालका सोच नेपाली समाजमा सदियौं देखि स्थापित हुँदै आएको मान्यताले गर्दा हो । जब मानिस कुनै डर त्रास बिना आफूसँग भएको स्रोतहरुको आदानप्रदान बजारमा गर्दछ, त्यस बखत धनीले गरिबलाई मार्ने वा उद्यमव्यवसायीले उपभोक्तालाई मार्ने भन्ने प्रश्न नै उठ्दैन । त्यसो गर्नेहो भने बलियाबाङ्गाले स्वतन्त्र बजारमा भाग लिने होइन फटाफट मान्छेलाई मार्दै दास बनाउँदै लगेको हुनुपर्ने थियो । अथवा एउटा व्यक्तिसँग भएको स्रोत वा सम्पत्तिलाई खोसेर लिने थियो । यस्ता कार्य गर्दा लुटिखाने वा खोसिखानेले आफूलाई आइपर्न सक्ने खतराको मुल्याङ्कन भने अवश्य गरेको हुन्छ । जसको सम्पत्ति लुटी खाइएको छ वा खोसिएको छ उस्को विरोधको सामना गर्नुभन्दा जो-जोसँग जे जति छ, ती सम्पत्ति वा स्रोतको स्वतन्त्रतापूर्वक लेनदेन गर्दा यस्तो लेनदेनमा सहभागी हुने सबैको कल्याण हुन्छ भन्ने सोचका आधारमा संसारमा स्वतन्त्र बजारको विकास भएको हो । यहाँ अर्थशास्त्रमा प्रयोग हुने एउटा साधारण लेनदेनको उदाहरण दिनु उपयुक्त हुन्छ । एकादेशमा दुईजना किसान थिए रे। एउटा सँग ५ वटा घोडा , अर्कोसँग ५ वटा गाई रहेछ । खेती किसानी चलाउन दुबै किसानलाई गाई

पनि चाहिने रहेछ, घोडा पनि चाहिने रहेछ । यस्तो अवस्थामा दुईटै किसान लेनदेनमा पस्दा तीनवटा गाई बराबर दुईवटा घोडा साटासाट गरेछन् । यो बिन्दुमा पुग्दा घोडा साट्नेलाई पनि नोक्सान भएन गाई साट्नेलाई पनि नोक्सान भएन । बरु आफूले साटोपाटो गरेको कार्यबाट दुबैको सन्तुष्टिमा वृद्धि भयो । यस्तो कार्यमा कस्ले कस्को रगत चुस्यो र ?

कुनै पनि अर्थतन्त्रमा उन्नति ल्याउनका लागि उद्यम वा सेवा व्यवसायहरुको निपूर्णतम उत्पादनको आवश्यकता पर्दछ । उत्पादनका लागि जमिन, श्रम र पूँजीको आवश्यकता पर्दछ भन्ने कुरा यँहा उल्लेख गर्नुको कारण यिनै तीन कुराको उपयोग गरेर वस्तु वा सेवाको उत्पादन गर्ने व्यवसायीहरुमा अपराधी समूह हुन् भन्ने आरोप मित्थ्या साबित गर्नका लागि हो । जमिन बापत भाडा, श्रम बापत ज्याला र पूँजीबापत ब्याज तिरीसकेर कुनै एउटा उद्यम व्यवसायीले आफ्नो वस्तु वा सेवा बजारमा बिना त्रास देखाइ बिक्री गर्दछ र खरिद गर्नेले पनि बिना त्रास खरिद गर्दछ भने यस्तो कार्य गर्ने कसरी अपराधी ठहरिए ? हो अपराध त्यसबखत हुन्थ्यो जब सर कारले व्यक्ति- व्यक्तिको जग्गा खोसेर उद्योग खोल्ने नाममा, व्यवसाय र वृद्धि गर्ने नाममा आफ्ना मतियारहरुलाई सित्तै बाँड्दछ, श्रमिकलाई बन्दुक तेर्स्याएर आफ्नो कारखानामा काममा लगाउँछ, बन्दुक नबोकेका सिपाहीमार्फत ती बस्तु वा सेवा सर्वसाधारणलाई किन्न बाध्य बनाँउछ भने यस्तो कार्य पुरानो अपराधी कार्य हो । तर अनौठो कुरा के भने जमिन, श्रम र पुँजी मिसाँउदैमा वस्तु वा सेवाको उत्पादन हुँदैन । यी तीन वस्तुको उपयोग गरी वस्तु वा सेवाको उत्पादनका लागि उद्यमशील व्यक्तिहरुको आवश्यकता पर्दछ । यिनले जग्गाको भाडा तिरी, श्रमिकलाई ज्याला दिदैं, वित्तीय बजारबाट ऋण लिएको पूँजीमा ब्याज तिर्दा त्यस्तो वस्तु वा सेवाको उत्पादन गर्ने जोखिम उठाउनुपर्दछ जुन वस्तु वा सेवा बजारमा उपभोक्तहरुले किनीदिएनन् भने ऊ टाट पल्टिन्छ । स्वतन्त्र बजारमा ऊ एउटा मात्र उत्पादक हूँदैन। उसले उत्पादन गरेको वस्तु वा सेवाको उस्तै उस्तै सेवा वा आकारका वस्तुहरु उसलाई तुरुन्त प्रतिस्थापन गर्न सक्ने गरी लाखौंका संख्यामा उपलब्ध हुन्छन् । बजारमा व्यक्तिहरुले कसरी निर्णय गर्दछन्, के-कस्ता बस्तुहरु रुचाउँदछन् भन्ने सूचनाको

ज्ञानका अभावमा उत्पादन गरिएका वस्तु वा प्रवाह गरिएका सेवाहरु बजारसम्म पुग्दा निकम्मा भइसकेका संसारमा कयौं उदाहरणहरु छन् । जुन जुन उद्यमीले बजारमा व्यक्तिहरुले गर्ने निर्णय प्रक्रियाको ज्ञान राखेर वस्तु वा सेवा उत्पादन गरे, ती ती बजारमा बाँच्न सफल भए, अन्य मरेर गए । संयुक्त अधिराज्य बेलायतको एक ताका सफल रहेको जहाज बनाउने उद्योग क्रमशः अन्य देशका उद्यम व्यवसायीले सस्तो र उपभोक्ताले रुचाउने रुपमा उत्पादनको वृद्धि गर्दै जाँदा संयुक्त अधिराज्य बेलायतको खम्बा ठानिएको जहाज बनाउने उद्योग अहिले मरिसकेको अवस्थामा पुगिसकेको छ । संयुक्त राज्य अमेरिका जस्तो शक्तिशाली राष्ट्रको मोटर उद्योगलाइ पहिला जापानले, अहिले दक्षिण कोरियाले क्रमशः बिस्थापित गर्दै छ । यस्ता खाले उदाहरणहरु लाखौं लाखमा पाइन्छन्। आफ्नो उत्पादन वा सेवा निजी क्षेत्रले किनीदिने संभावना स्पष्ट नभएका बखत त्यसमा संलग्न हुने उद्यम व्यवसायीले कति ठूलो जोखिम उठाउनु पर्दो रहेछ सजिलै बुझ्न सकिन्छ । यद्यपि, व्यक्तिको जोखिम उठाउन सक्ने क्षमता उपयोग नगरि कन अर्थतन्त्र उँभो लागेको कही पनि भेटिएको छैन।

जुन जुन देशले जमिन, श्रम र पूँजीको मानवको श्रृजनशीलतासँग उपभोग गरेर बजारमा बिक्न सक्ने बस्तु वा सेवाको उत्पादन गरे, ती ती देशका अर्थतन्त्र गतिशील रहे । दश पन्ध्र वर्षमा ती ती देशहरुले गरिबी मात्र हटाएनन् बलकि अर्को दश पन्ध्र वर्षमा विकसित देशहरुसँग प्रतिस्पर्धा समेत गर्न पुगे। अर्को तर्फ गरिबी निवारण, गरिब र धनी बीचको खाडल पुर्ने, सन्तुलित विकास गर्ने र सामाजिक न्यायको नाममा जुन देशहरुले व्यक्तिको सिर्जनशीलतालाई मार्दै सरकारको भूमिका बढाँउदै लगे, ती ती देशहरु धनी त के झन् झन् गरिब हुँदै गइरहेका छन्। जग्गाको भाडा पनि बजार अनुरुप तिर्ने, श्रमको ज्याला पनि बजार अनुरुप तिर्नें, पूँजीको ब्याज पनि बजार अनुरुप तिरेर स्वतन्त्र बजारमा स्वतन्त्र व्यक्तिले खरिद गर्ने बस्तु वा सेवाको उत्पादन गर्ने कार्य गर्नु के अपराध हो?

*(यस लेख डा. चालिसेले समृद्धि फाउण्डेशनद्वारा प्रकाशित 'उद्यम विकासतर्फ' नामक हाते पुस्तिकाका लागि लेख्नुभएको थियो ।)*

# नेताले गल्ती गरे, तर हामीले नि ?

डा. भोलानाथ चालिसे

१६-२९ मंसिर २०५८
हिमाल खबरपत्रिकामा प्रकाशित

**प्रजातन्त्र संकटमा पर्दा राजनीतिक दल र नेताहरुलाई खुच्चिङ गर्नु खरको छाना भएको बस्तीमा बसेर छिमेकीमा लागेको आगोको तमासामा रमाउनु र आफू सुरक्षित भएको भ्रममा बाँच्नु जस्तो मात्र हो ।**

बहुलवादमा आधारित प्रजातान्त्रिक प्रणालीलाई दिगो बनाउन राजनीतिक पार्टीहरुसँगै न्यायपालिका, संसद, महालेखापरिक्षक, प्रेस, कर्मचारीतन्त्र र नागरिक समाजजस्ता निकायहरुको संस्थागत विकास हुनु जरुरी हुन्छ । प्रजातन्त्रलाई संस्थागत गराउने कुरामा एउटा नागरिकको सक्रिय सहभागिताको समेत ठूलो भूमिका रहन्छ । प्रजातन्त्र संस्थागत भइसकेका समाज वा राष्ट्रमा कुनै व्यक्तिको हत्या भयो भने परिवारका सदस्यहरु हामीकहाँ जस्तो पुर्पुरोलाई दोष दिएर चूप लागेर बस्दैनन् । बरु, दोषीलाई कानूनको कठघरामा पुऱ्याएर दण्ड दिलाउन तिनीहरु जिन्दगीभर प्रतिबद्ध भएर लाग्छन् । कानूनमा त्रुटि वा कमजोरी भए त्यसलाई सुधार्न अनुसन्धानकर्ता, विश्वविद्यालय, प्रेस, कानून-निर्माता र सरकारलाई समेत घच्घच्याई दोषीले दण्ड पाएरै छाड्ने अवस्था सिर्जना गरेर विश्राम लिन्छन् । यसबाट भविष्यमा त्यस्तो स्थिती नदोहोरिनका लागि यथेष्ट जनमत र आधार सृजना हुन्छ ।

“सरकार जति शक्तिशाली रह्यो त्यति विकास गर्न सम्भव हुन्छ, मानिसहरु सबै समान हुन्छन्, सरकारहरु निस्वार्थी र निष्पक्ष हुन्छन्” भन्ने जस्ता त्रुटिपूर्ण वामपन्थी सोचाईले गर्दा एकातिर नेपालजस्ता पिछडिएका देशका सरकार बढी शक्तिसम्पन्न हुँदै गए भने अर्कोतिर यस्ता सरकारबाट सम्भव नै नहुने तहको निष्पक्षताको अपेक्षा गर्न थालियो । तर, कुनै पनि व्यक्ति

निरपेक्ष रुपमा निस्वार्थ र निष्पक्ष रहन सक्दैन । अर्थात् व्यक्ति जन्मदै स्वार्थी हो भन्न कसैले लाज मान्नु पर्दैन । त्यसैले व्यक्तिहरु संलग्न भएको सरकार पनि निष्पक्ष र निस्वार्थी हुन्छ भनेर सोच्नु कमजोरी मात्र हो । सरकारलाई जतिसक्यो बढी निस्वार्थी र निष्पक्ष राख्न त माथि उल्लेख भएका संस्था एवं हरेक नागरिकको राज्यप्रणालीमा सक्रिय सहभागिता आवश्यक हुन्छ् । हो, बितेको १२ वर्षमा नेपालका राजनीतिज्ञहरु सत्तालोलुप, स्वार्थी र भ्रष्ट त भए, तर तिनलाई निस्वार्थी र निष्पक्ष राख्न समाजका अन्य संस्था एवं व्यक्तिहरु कसैले पनि प्रभावकारी भूमिका खेलेनन् । प्रजातन्त्रलाई संस्थागत गराउन सक्रिय भूमिका खेल्नुपर्ने संस्थाहरुले पार्टी र राजनीतिकर्मीहरुमाथि "कुखुरा चोर" को आरोप त लगाए तर तिनले पनि आफूलाई "कुखुरा चोर्ने" कामबाट टाढा राख्न सकेनन् वा चाहेनन् । राजनीतिज्ञलाई दोष लगाउन पाएको कारण आफू चोरी कार्यमा संलग्न भएको कुरा जनताले थाहा पाएका छैनन् भन्ने भ्रममा तिनीहरु अहिले पनि परिरहेका छन् ।

**दबावको बहाना**

यसो भन्नुको आशय बितेका १२ वर्षमा उत्पन्न समस्या र त्रुटि-कमजोरीका निम्ति पार्टी र तिनका नेताहरुतर्फ एकोहोरिएको आलोचना एवं आक्षेपलाई सामान्यीकरण गरी सबैको थाप्लोमा हाल्नु होइन । प्रजातन्त्रलाई संस्थागत तुल्याउन हरेक संस्था, वर्ग, व्यवसायी र नागरिक समूहहरुले यस अविधमा आफूले निर्वाह गरेको भूमिकालाई फर्केर हेर्नुपर्छ मात्र भन्न खोजिएको हो । म आफू चाहिँ एक कर्मचारी रहेका कारण अरु पेशा वा संस्थाहरुको भूमिकाको लेखाजोखा गर्नुभन्दा कर्मचारीतन्त्रकै बारेमा आफ्ना अनुभवनहरु व्यक्त गर्नु उचित लागेको छ ।

कर्मचारीतन्त्रको उच्च र जिम्मेवार ओहोदामा बसेकाहरुले जागिरबाट हटे पछि आफूमार्फत् भएका अवाञ्छित कामकार्यवाहीलाई "राजनीतिक दबावमा परेर गरेको" बताउने गरेका छन् । तर् बितेका १२ वर्षमध्येका नौ वर्ष श्री छ को सरकारको सहसचिव, सचिव र विद्युत् प्राधिकरणको प्रमुख कार्यकारी पदमा बिताएको मेरो अनुभवले, त्यस्तो भनाईलाई गैर-जिम्मेवार बाहेक

केही ठान्दैन । मेरो अनुभवमा, प्रधानमन्त्री, मन्त्री वा राजनीतिक व्यक्तिहरुले दिने दबाव मूलतः तीन प्रकारका हुन्छन् । पहिलो; आफ्नो राजनीतिक वा चुनावक्षेत्रमा विकासका नयाँ कार्यक्रम र थप बजेटको व्यवस्था गरिदिने, दोस्रो; तिनका आफन्त वा पार्टीसँग सम्बद्ध व्यक्तिहरुलाई 'राम्रो' ठाउँमा सरुवा वा नियुक्ति गर्न लगाउने  र तेस्रो; आफू वा आफन्तलाई निजी फाइदा पुग्ने गैरकानूनी काम गर्न लगाउने ।

यी तीनमध्ये पहिलो र दोस्रो प्रकृतिका दबावलाई सामान्य प्रशासकीय सीपबाट सजिलै व्यवस्थापन गर्न सकिन्छ । तेस्रो अर्थात् निजी लाभाका निम्ति दबाव आउँदा एउटा सरकारी कर्मचारीका सामु तीन किसिमका सीधा विकल्प वा उपाय उपलब्ध हुन्छन् । पहिलो, मन्त्रीले जे भन्यो त्यही गरिदिनु, दोस्रो, संयन्त्र भित्रका माथिल्ला पदाधिकारीहरु (मुख्य-सचिव, प्रधानमन्त्री आदि) को सहयोग लिनु र तेस्रो, मन्त्रीले भनेको काम गर्न किन मिल्दैन भन्ने कारण आदि समेत खुलाई स्पष्टतः "मिल्दैन" भनी फाइलमा लेखेर त्यसपछिको परिणाम भोग्न आफूलाई तयार पार्नु । यस बाहेक नानाथरिका दबावलाई तिनको प्रकृति अनुरुप व्यवस्थापन गर्न कर्मचारीले आफ्नो सीप र योग्यताको प्रयोग गर्नैपर्ने हुन्छ ।

आफूभन्दा माथिका पदाधिकारीहरुका अनुचित दबावलाई सोझै "हुँदैन" नभनी पन्छाउन सकिने थुप्रै तरिका हुन सक्दछन् । यस्ता उपाय प्रयोग गरी नाजायज काम गर्न वा हुन दिनबाट बाँचिएका केही वास्तविक घटनालाई यहाँ उदाहरणको रुपमा प्रस्तुत गरिएको छ ।

**विराट कोशेली** :

नेपालको चिट्ठा-ऐन त्यति उदार  छैन । अन्यत्र जस्तो यहाँ चिट्ठा व्यवसाय धेरै नफस्टाउनुको कारण यही अनुदार ऐन हो । यसै पृष्ठभूमिमा आर्थिक वर्ष २०५१/५२ मा, नेकपा एमालेको सरकार बनेपछि चिट्ठा नाम नराखी तर चिट्ठाकै कारोबार गर्ने उद्देश्य भएको 'विराट कोशेली' नामको कम्पनी दर्ताका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन पर्‍यो । त्यो, कम्पनी

दर्ता गरिदिने सम्बन्धमा आधा-आधा घण्टामा मन्त्रीकहाँबाट सचिवलाई आग्रह हुन थाल्यो । मन्त्रीको ताकेता आइरहेपछि फाइल अगाडि बढाइयो । चिट्ठा-ऐन गृह मन्त्रलायको कार्यक्षेत्रमा पर्ने हुँदा सो मन्त्रालयको राय लिनुपर्ने भनी निर्णय गरियो । यसो गर्दा दबाव धान्न केही समय पाउन सकिन्छ भन्ने लागेको थियो । तर, उद्योग मन्त्रालयबाट यस्तो राय माग्ने निर्णय भएको ४५ मिनेटभित्रै "प्रयोगको रुपमा एउटा 'विराट कोशेली' लाई दर्ता गरिदिन सिफारिश गरिएको" भन्ने गृहमन्त्रालयको पत्र उद्योग मन्त्रालयमा आइपुग्यो । त्यो पत्र बोकेर मन्त्रीका पी.ए. आफैं सचिवकहाँ धर्ना दिन पुगे ।

अब, नाजायज काम गर्नबाट बँच्न सचिवसामु धेरै विकल्प बाँकी थिएनन् । त्यसैले उनी नेपाल जस्तो गरिब मुलुकमा 'कोशेली' को नाउँमा चिट्ठाको कारोबार गर्ने कम्पनी दर्ता गर्न नमिल्ने राय फाइलमा लेखी घरतिर लागे र भोलिपल्ट विदा लिए । पर्सिपल्ट मन्त्रालय पुग्नासाथ मन्त्रीले सचिवलाई आफ्नो कार्यकक्षमा बोलाई त्यही फाइलका बारेमा प्रश्न गरे । सचिवले भने "मैले त दर्ता गर्न मिल्दैन भनी स्पष्ट लेखेको छु तर तपाईंले दर्ता गरि दिने भनी फाइलमा लेख्नुहुन्छ भने यस्तो निर्णय कार्यान्वयन गरिदिन्छु" भने । दुई घण्टापछि "पछि खोजेका बखत फाइल पेश गर्ने गरि अहिले लाई तामेलीलमा राख्ने" भन्ने मन्त्रीको तोक लागेर सो फाइल सचिवकहाँ फर्कियो । त्यो वा त्यस्तो कम्पनी त्यसपछि पनि नेपालमा दर्ता भएको थाहा पाइएको छैन ।

**औद्योगिक र विदेशी लगानी सम्बन्धी नीति** :२०४८ सालको आम निर्वाचनपछि गठन भएको नेपाली कांग्रेसको सरकार उद्योग क्षेत्रमा खुल्ला एवं उदार नीति लिने कुरामा शुरुदेखी नै स्पष्ट थियो । यसैकारण निजी क्षेत्रसँग समेत व्यापक छलफल गरि; औद्योगिक नीति मस्यौदा २०४८ साल असौज-कात्तिकभित्रै तयार भइसकेका थिए । यी मस्यौदा मन्त्रिपरिषदमा पठाउने बेलामा नयाँ राज्यमन्त्री उद्योग मन्त्रालयको कार्यभार सम्हाल्न आइपुगे । मस्यौदा नीतिहरु मन्त्रिपरिषदमा पेश गर्न सम्बन्धमा जिज्ञासा राख्दा ती राज्यमन्त्रीले "कर्मचारीले तयार पारेको नीति म लागू गर्छु?"

भनी फाइल टेबुलबाट फालिदिए । पहिलेका मन्त्री धेरै राजनीतिक थिए । उनले आफूलाई थाहा नभएको कुरामा “देशलाई सुहाउँदो नीति ल्याउनुहोस् म आँखा चिम्लेर सहि गरिदिन्छु” भनेर सबै विश्वास कर्मचारीमाथि नै छोडिदिएका थिए । तर, नयाँ राज्यमन्त्री व्यापार र उद्योग क्षेत्रका कुरा बुझ्ने खालका परेछन् । उनलाई उद्योगका लाइसेन्स खुल्ला गरेर, कच्चा पदार्थहरु आयात गर्न सोझै वाणिज्य बैंकहरुले एल.सी. खोल्न दिने भएपछि उद्योग मन्त्री रहनुको के अर्थ रहन्छ र भन्ने लागेछ । त्यसैले उनी उदार नीतिको विपक्षमा उभिन पुगे । तर, करीब १ महिनापश्चात् यी उद्योग र ाज्यमन्त्रीजी कार्यालय नआएको मौका पारी सचिवले दुबै नीति मन्त्रीबाट पछि समर्थन गराउने गरि स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गराए । मन्त्रिपरिषद्ले यर्थाथरुपमै ती नीति पास गरिदियो । बिचरा राज्यमन्त्री हरे को हेर्‍यै भए ।

**महाप्रबन्धकको नियुक्ति** :२०५४ साल कार्तिक-मंसिरतिरको कुरा हो ; सूर्यबहादुर थापाको प्रधानमन्त्रित्वमा गठन भएको सरकारमा नेपाली कांग्रेसका मन्त्रीहरु संलग्न भइसकेको थिएनन् र केही समयका लागि रा.प्र.पा. का उद्योग मन्त्री थिए । यसैबेला कुनै एक व्यक्तिलाई लुम्बिनी चिनी कारखानाको महाप्रबन्धकमा नियुक्ति दिनका लागि दबाव आयो । त्यतिबेला कुनै पनि संस्थानको अध्यक्ष र महाप्रबन्धकको नियुक्ति मन्त्रिपरिषदले र सञ्चालक समितिका सदस्यहरुको नियुक्ति सम्बन्धित मन्त्रीले गर्नेभन्ने मन्त्रिपरिषदको स्पष्ट परिपत्र थियो । यसै अनुरुप मन्त्रीले भनेका व्यक्तिलाई महाप्रबन्धक पदमा नियुक्तिका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न तयार पारियो । तर, ती मन्त्रीले “निजलाई लुम्बिनी चिनी कारखानाको महाप्रबन्धक पदमा तुरुन्त नियुक्ति दिई समर्थनका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने गरि स्वीकृत” भनी फाइलमा तोक लगाए । नियुक्ति लिन खोजेका व्यक्ति कुशल, निष्कलंक छविका भएका भए सचिवले महाप्रबन्धक पदमा नियुक्ति दिनु त्यति ठूलो कुरा थिएन तर ती व्यक्ति त्यस्ता थिएनन् । त्यसैले मन्त्रीले ‘तुरुन्त नियुक्ति दिनु भनेकै फाइलमा मन्त्रिपरिषदको परिपत्रको फोटोकपी सहित यस्तो नियुक्ति मन्त्रिपरिषदको निर्णय बिना हुननसक्ने हुँदा निजको नियुक्तिका लागि मन्त्रिपरिषद्मै प्रस्ताव

पेश गर्ने’ भनी फाइल पुनः मन्त्रीकहाँ पठाइयो । यसपटक मन्त्रीसँग थप जिद्दी गर्ने ऊर्जा बाँकी थिएन । उनले त्यसमा ‘सदर’ भनी फाइल फर्काए । मन्त्रीबाट निर्णय भएको ७ दिनभित्र मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिनुपर्थ्यो । त्यो नगर्दै मन्त्री र सचिव विदेश यात्रामा निस्किए । उनीहरु फर्केर आउँदा उद्योग मन्त्रालय अर्कै मन्त्रीले सम्हालिसकेका थिए ।

**उत्तिकै दोषीः**

पूर्व  सरकारी कर्मचारी भएका कारणले होला विभिन्न पेशाका मित्रहरु मलाई “यो देश राजनीतिज्ञ एवं तिमीहरु जस्ताले सिध्यायौ” भनेर बारम्बार व्यङ्ग्य गरिरहन्छन् । तर, अहिले मलाई सोध्न मन लाग्न थालेको छ; देशलाई बर्बाद हुन नदिन उहाँहरुले राजनीतिज्ञ एवं कर्मचारीलाई के कस्तो सल्लाह, सुझाव र दबाव दिएर देशलाई सहयोग पुऱ्याउनुभयो त ? मेरो विचारमा राजनीतिज्ञ स्वभावैले फटाहा हुन्छन् ? कर्मचारीहरु अवसरवादी । तर, यी राजनीतिज्ञलाई कम फटाहा तुल्याउन र कर्मचारीलाई कम अवसरवादी बनाउन समाजका अरु तहबाट के-कस्तो योगदान भयो त यी १२ वर्षमा ? ! प्रजातन्त्रलाई संस्थागत गराउन समाजका विभिन्न समूहहरुले दबाव दिइरहनुपर्छ र नियमन रेगुलेट गर्ने संस्थाहरुले बढी सजग र ईमान्दार भई नियमन गर्नुपर्छ । तर , दुर्भाग्यवश बितेका १२ वर्षमा राजनीतिकर्मीहरु झैं बुद्धिजीवि, नागरिक समाज, प्रेस, लेखापरिक्षक, वकिल, प्राध्यापक आदि सबै नै प्रजातन्त्रको पक्षमा आ-आफ्नो योगदान गर्नबाट चुके ।

नेपालमा अहिले दबाव दिने समूहलाई पनि सरकारमै जानुपरेको छ र जनतालाई सत्ताको खबरदारी  गर्ने जिम्मेवारी र विश्वास सुम्पिएका संस्था, वर्ग र व्यक्तिहरुलाई पनि कार्यकारी अधिकार मात्रै चाहिने भएको छ । फलतः आज नियमन गर्नुपर्ने संसद, न्यायपालिका, लेखा परिक्षणमा संलग्न हुनेहरु, प्रेस, नागरिक समाज आदि कोही पनि आफूलाई स्वच्छ साबित गर्न सक्ने अवस्थामा छैनन् । प्राध्यापक भए चार जना कर्मचारीको हाकिम हुने राजदूत बन्न रुचाउने र पत्रकार भए गोरखापत्र संस्थान, रा.स.स., टेलिभिजनको हाकिम बन्न खोज्नेहरुले देशका लागि त्याग गरेको कतै

पाइँदैन् । कुनैपनि देशको विकास र प्रजातन्त्र संस्थागत हुने कुरा समय-समयमा विभिन्न क्षेत्रका व्यक्तिहरुले गरेको बलिदानको योगफल हो । तर, प्रजातन्त्र संकटमा पर्दा पनि राजनीतिक दल र नेताहरुलाई खुच्चिङ्ग गर्नु खरेको छाना भएको बस्तीमा बसेर छिमेकमा लागेको आगोको तमासामा रमाउनु र आफू सुरक्षित भएको भ्रममा बाँच्नु जस्तो मात्र हो ।

# बरु मलामी नपाइयोस...

डा. भोलानाथ चालिसे

१-१५ पुष २०५७
हिमाल खबरपत्रिकामा प्रकाशित

म २००८ साल सोह्रश्राद्ध लाग्ने पूर्णिमाको दिन शनिबार बिहानै काठमाडौँको बौद्ध, सुदी गाउँमा जन्मिएको हुँ । मेरो जन्म काँठमा भएको हो र मलाइ साथीहरुले काँठे भन्दा आनन्द आउँछ । एउटा शुद्ध काँठेले घर पनि बिगार्छ र जागिर भए जागिर पनि बिगार्छ रे! घरबाट जागिरमा गयो, हाकिमहरुलाई आफू केही नभएर जागिर खान आएको हैन, खेतीपाती टन्न खान पुग्छ, त्यसैले जागिरमा मरिमेटिन्न भन्छ रे !घर आयो, स्वास्नीलाई 'तेरो खेतीपाती हेर्ने हो र, आफू त जागिर खाएको मान्छे' भनेर धाक लगाउँछ रे ! मेरो भने जागिर पानि बिग्रिएको होइन, घर पनि बिग्रिएको होइन । तर घर एवं जागिरमा तालमेल मिलाउन र उदार भएर बाच्न अत्यन्त सामाजिक, आर्थिक तानावहरु झेल्नु पर्‍यो ।

आफू करीब करीब २४ वर्षसम्म प्रशासनिक सेवामा संलग्न रहदा कस्ता कस्ता निर्णय गरेँ, त्यो मैले मूल्याङ्कन गर्ने होइन । तर, दशौँ पुस्तादेखि हाम्रा घरमा जजमानी गर्दै आएका पुरोहितले म विद्युत प्रधिकरणमा कार्यकारी निर्देशक छँदा मेरो घरमा जजमानी गर्न छाडिदिए । कारण, उनका ज्वाइँलाई मैले प्रधिकरणमा जागिर खुवाउन सकिनँ । आफ्नै कुलकुटुम्बभित्र सामाजिक कार्यहरु हुँदा कि मलाइ बोलाइदै बोलाइन्न, बोलाइए पनि दोस्रो-तेस्रो व्यक्ति मार्फत बोलाइन्छ । सहोदर दाजु र उनका परिवारसँग किन बोलचाल छैन भन्ने कुरा यहाँ नगरैं धेरै व्यक्तिगत हुन सक्तछ ।

२०४२ सालतिरको नेपालका राजनैतिक नेता, उच्च ओहोदाका कर्मचारी, उद्योग व्यापारी भनेका सोभन्दा २५-३० वर्ष अगाडि विश्वविद्यालयका स्नातक थिए । त्यसबेलातिर अर्थात् २०१२-१७ सालमा नेपालको

साक्षरता चार प्रतिशत थियो र जनसङ्ख्या भने करीब ७० लाख । यसरी जम्मा २ लाख २० हजार जति साक्षर मुलुकमा थिए र यीमध्ये पनि एक पनि एक प्रतिशत अर्थात् २,८०० जति मात्र विश्वविद्यालयका स्नातक थिए होलान् । यिनै स्नातकमध्येको कोही राजनीतिमा, कोही उद्योग व्यवसायमा, कोही उद्योग व्यवसायमा, कोही राजनीतिमा, कोही प्रशासनमा, कोही उद्योग व्यवसायमा, कोही न्यायालयमा र अरु शिक्षण पेशामा अनि बाँकी पत्रकारितामा लागेका थिए । यी २,८०० मध्ये कति त एउटै विद्यालय, कलेज वा विश्वविद्यालयका कक्षा-साथी थिए होलान् ।

यस्तो परिस्थितिको पृष्ठभुमिमा, कुनै पनि पेशामा आवद्ध रहेको व्यक्तिले आफ्नो  विवेक प्रयोग गरी निर्णय गर्न खोज्दा त्यो व्यक्ति आफ्नो सहपाठी वा नातागोता पर्नु अनैठो हुँदै भएन । त्यस्तोबेला उसमाथि पारिवारिक, सामाजिक दवाव कति आउँछ भने त्यसको सीमा नै हुँदैन । त्यसबेला उसले आफ्नो विवेक अनुरुपको निर्णय गर्न थाल्यो भने कि आफ्ना सारा परिवार एवं मित्रहरुबाट एक्लिनु पर्दछ या ऊ बहुलाउँछ ।

यस्तै सन्दर्भमा, नर्वेकी एउटी महिला विद्यार्थीले नर्वेकै एउटा सानो गाउँ र भारतको उत्तर प्रदेशको गाउँमा बस्ने दुईजना सरकारी अधिकृतको सम्बन्धमा गरेको अध्ययनको सम्झना आउँछ । नर्वेको अधिकृतको घर छुट्टै थियो, वरिपरि नजिकै अरु घर थिएनन् । घर अगाडि खुल्ला खालको, घर आँगन सबै देखिने वार लगाइएको थियो । सो घरमा छिमेकी विरलै आउँथे अथवा आउँदै आउँदैन थिए । घरमा अभिभावक कहाँ के काम गर्छन् भन्ने छिमेकीलाई पटक्कै वास्ता थिएन । अधिकृतकी  श्रीमती पनि काममा व्यस्त रहन्थिन् । दुवैको आम्दानी जीवन धान्न यथेष्ट थियो । वर्षमा २-४ हप्ता बिदा मनाउन बाहीर जानु बाहेक उनीहरुकाहाँ कुनै सामाजिक कार्य हुँदैनथे ।

उता, भारतको उत्तर प्रदेशका अधिकारी भने आफ्नो गाँउबाट स्नातक हुने पहीलो विद्यार्थी थिए । उनी स्नातक हुँदा सारा गाउँलेले खुशियाली मनाएका थिए । जब उनी सरकारी सेवामा अधिकृत भए, तब १५ दिनसम्म

गाउँबाट जात्रा लागेको थियो । गाउँलेहरु नजिकका साना शहरमा जाँदा यिनै अधिकारीको नाम लिई उनकै गाउँले हुँ भनेर गर्वले छाती ठोक्थे । जब यी अधीकृत केन्द्र बाट आफ्नो गाँउ आउँथे, लगभग गाउँका सबैलाई केही न केही उपहार ल्याइदीने गर्थे । यी अधिकारी व्यक्त नभएर, गाउँका सम्पत्ति बनेका थिए ।

नर्वे र भारतका यी दुई अधिकारीको अध्ययन गर्ने महीलाले भने अर्कै निष्कर्ष निकालेकी छिन् । के विकास भनेको नर्वेको जस्तै भ्रष्टाचारमुक्त, स्वतन्त्र, प्रशस्त धन आर्जन त गर्ने तर देशको हावापानी जस्तै चिसो सामाजिक वातावरणमा जिन्दगी बिताउनु हो वा उत्तर प्रदेशको गाउँका अधीकारीको जस्तै आफ्ना गाउँले, नातागोता सबैलाई फाइदा पुऱ्याउने निर्णयहरु गर्दै तातो सामाजिक वातावरणमा बाच्नु हो ? भनेर उत्तरको निर्णय उनले पाठकलाई छोडीदिएकी छिन् ।

मलाइ पनि, आफू सचिवसम्म हुँदा घरसम्म सडक पिच गराएन, खाने पानीको व्यवस्था गरेन, बिजुलीका खम्बा राखेन भन्ने मात्रै आरोपहरु लगिरहेका मात्र होइनन्, त्यो सचिव भएर के भो त ? हामी दाजुभाइ, दिदिबहिनीलाइ के गऱ्यो त ? भन्ने आरोप पनि लागेका छन् । तर आफू स्थानीय विकासको सचिव छँदा आफ्नै घरसम्म पिच  गराउन खट्ने कि डोल्पा जाने गोरेटो बाटो फराकिलो बनाउने ? तराईका अधिकांश गाउँहरु र पहाडका पनि बाटोघाटो पुगेका ठाउँमा विद्युतीकरण गराउँदा ठीक निर्णय हुन्थ्यो कि मेरो घरअगाडि पोल फेर्दा हुन्थ्यो ? मेरो यस्तै ताल देखेर एउटा दैनिक पत्रिकाका प्रकाशक-सम्पादक मेरो मित्रले भनेका थिए, “तैंले गाउँलेलाई न रिझाएकोले मर्दाखेरि मलामी पाउँदैनस् ।” तर, मर्दाखेरि मलामी नपाउने त्रासले मैले घर अगााडिसम्म पीच गर्न शक्ति को दवाव दिइनँ । बरु, मेरा छोराहरुलाई म मरेपछि गाडीमा लास लगेर, त्यतिखेरसम्म विद्युत शवदाह गृह बनिरकेको रहेछ भने त्यसैमा जलाइदिनू भनेको छु ।

# नेपाली कांग्रेस र समाजवादी घाँडो

डा.भोलानाथ चालिसे

१६-३१ असार २०५७
हिमाल खबरपत्रिकामा प्रकाशित

**नेपालमा प्रजातन्त्र** पुनःस्थापना भएको १० वर्ष भयो। यी दश वर्षमा प्रजातन्त्र बलियो हुने धेरै कार्यहरु भए तर प्रजातन्त्रलाई दिगो बनाउने कार्यमा सैद्धान्तिक अन्यौलता भने कायमै रह्यो। यस बीचको नेपालको राजनीति येनकेन सत्तामा पुग्ने र जनतालाई रैती जस्तै तुल्याई शासन गर्ने मात्र रह्यो। नेपालमा राजनैतिक रुपले सक्रिय रहेका दलहरुमध्ये नेकपा (एमाले) वामपन्थी नै छ भने राष्ट्रिय प्रजातान्त्रिक पार्टीलाई त्यसका बहुसंख्यक नेता र कार्यकर्ताहरुको विगतले नै प्रजातान्त्रिक हुन दिँदैन। र नेपाली कांग्रेस आफूलाई समाजवादी दल भनी घुमाईफिराई वामपन्थी नै भन्न रुचाइरहेको छ। बहुलवादी प्रजातान्त्रिक व्यवस्था भने उदारवादी अर्थतन्त्रमा मात्रै दिगो र संस्थागत हुन सक्तछ । किनभने व्यक्तिगत स्वतन्त्रतामा हस्तक्षेप नगर्ने बरु संस्थागत गराउने अहिलेसम्मको एकमात्र राजनीतिक प्रणाली उदारवादी प्रजातान्त्रिक व्यवस्था नै हो। यसैले नेपालमा प्रजातन्त्रलाई संस्थागत गराउनु छ भने व्यक्तिगत स्वतन्त्रतामा कुनै हस्तक्षेप नगर्ने मात्र होइन यस्तो स्वतन्त्रतालाई संस्थागत नै गर्ने सिद्धान्तमा खुल्ला रुपले विश्वास गर्ने दलको विकास हुनु जरुरी छ।

व्यक्तिगत स्वतन्त्रता भनेको संसारको जुनसुकै पनि व्यक्तिको स्वतन्त्रता हो, न कि 'अमेरिकी व्यक्तिगत स्वतन्त्रता', 'जापानी व्यक्तिगत स्वतन्त्रता' वा खासगरी एसियाका धूर्त राजनीतिज्ञले व्याख्या गरे अनुरुपको 'देश-साटो सुहाउने व्यक्तिग स्वतन्त्रता' हो। व्यक्तिको स्वतन्त्रता भनेको त एउटा बालकको लागि 'आमाको दूध' सरह हो। के आमाको दूध पनि अमेरिकी बेग्लै र वामपन्थी एवं समाजवादीले भने जस्तै नेपाली बेग्लै हुन्छ ? कदापि हुँदैन। राज्यलाई बलियो बनाई व्यक्तिको स्वतन्त्रतामा हस्तक्षेप गर्नेहरुले मात्रै आमाको दूधलाई पनि

लेबल लगाईदिन्छन्: 'वामपन्थी' र 'समाजवादी' भनेर । यहाँनेर प्रश्न उठ्नसक्छ् त्यसो भए बी.पी.ले नेपाली कांग्रेसलाई किन समाजवादी पार्टी भने त ?

राजनैतिक हिसाबले नेपाली कांग्रेस आफूलाई 'समाजवादी' भने पनि नेपालको सामाजिक स्तर चिन्तन एवं यसमा संलग्न समुदाय र जातजातिको हिसाबले यो पार्टी मूलतः उदार व्यक्तिको पार्टी देखिन्छ तर पार्टी निर्माणताका यसले दुईवटा कारणले आफूलाई समाजवादी भन्नु परेको हो ।

दोस्रो महायुद्धपश्चात् त्यसताका पूँजीवादी मुलुकको उपनिवेशबाट मुक्त भएका राष्ट्रले तिनै पूँजीवादी देशका आर्थिक नीतिहरु अवलम्बन गर्दा देशको स्वतन्त्रतालाई नैतिकता प्रदान गर्न सकिँदैन थियो । सो युद्ध सकिँदासम्म मार्क्सले बौद्धिक देखिने जमातलाई यति तर्साइसकेका थिए कि वामपन्थी स्वरुप त्यागन कसैले आँट गर्न सक्तैन थियो ।

तर दोस्रो विश्वयुद्ध पछाडिका ५०/५५ वर्षमा विश्वमा राजनैतिक, आर्थिक एवं सामाजिक पक्षहरुमा यति उथलपुथल भइसक्यो कि नेपाली कांग्रेस जस्तो पार्टीले 'समाजवादी' भन्न छाडेर आफूलाई उदारवादी र व्यक्तिगत स्वतन्त्रतालाई संस्थागत गराउने पार्टी' भन्न सक्थ्यो । तर त्यसो हुन सकेको छैन् । किन ? बी.पी. मरिसके । बी.पी.ले नेपाली कांग्रेस 'समाजवादी पार्टी' हो भनेर गइसकेपछि यसमा विवाद ल्याउने कसले ? त्यसमाथि नेपाली कांग्रेसले बी.पी.लाई यति देवताकरण गरिसकेको छ की 'हिन्दू' संस्कार बोक्ने यसका नेता कार्यकर्ताले उनीसँग मतभिन्नता प्रकट गर्ने आँट कसरी गरुन् ?

तर बी.पी. भने आफैं भने कहिले पनि समाजवादी थिएनन् । भलै कसैकसैले व्यक्तिको व्यक्तित्वलाई विभिन्न चिरामा बाँडी आत्मसन्तुष्टि प्राप्त गर्न खोज्छन् । तर 'व्यक्ति' भनेको सधैं एउटै व्यक्तित्व भएको हुन्छ । बी.पी. लाई पनि राजनैतिक हिसाबले 'समाजवादी' र। साहित्यिक हिसाबले 'स्वच्छन्द' भनेर चित्रित गर्ने प्रयास गरिएको छ । तर एउटा मानिसको दुई व्यक्तित्व अर्थात् परिचय हुनै सक्तैन । राजनैतिक हिसाबले उदार हुनसक्ने वातावरण नभएको बेला व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्ने उदार व्यक्तिहरुले दोस्रो बाटो अर्थात् कला र साहित्यमार्फत् आफ्नो उदारतालाई अभिव्यक्त गरिरहेका

हुन्छन् । बी.पी. का 'दोषी चश्मा' , 'सुम्निमा' , 'तीन घुम्ती' आदि साहित्यिक स्वच्छन्दता मात्र उपज होइनन् व्यक्तिगत स्वतन्त्रता र व्यक्तिका निर्णयहरुप्रति आदर व्यक्त गरिएको प्रमाण पनि हुन् ।

२००७ सालपछि  नेपालमा घटेका राजनैतिक घटनाहरुबाट 'द्रष्टा' ठहरिएका बी.पी. अहिले बाँचीरहेका भए राजनैतिक आर्थिक हिसाबले सबैभन्दा उदार पनि उनी नै ठहरिन्थे । द्रष्टा सधैं द्रष्टा हुन्छ । यस सन्दर्भमा, एकातर्फ बर्लिनको पर्खाल भत्केको १२ वर्ष बितीसक्यो र 'मार्क्सवाद' एकमात्र सत्य हो भन्ने कुरा मिथ्या रहेछ भनेर सबैभन्दा ठूलो वामपन्थी राष्ट्र रुसले प्रमाणित गरिसकेको पनि झण्डै एक युग नै भईसक्यो भने अर्कोतर्फ दिगो आर्थिक विकास र मानव-उन्नति उदार र बजारमुखी अर्थव्यवस्थामा मात्र सम्भव रहेछ भन्ने कुरा समेत प्रमाणित भईसक्यो । यसपछि पनि 'समाजवादी ' घाँडो बोकीरहनु किन जरुरी छ ? साँच्चै भन्ने हो भने, नेपाली कांग्रेस अनुदारवादी सोचको स्त्रोत 'समाजवादी' सिद्धान्तलाई त्यागेर उदारवादी सिद्धान्त अपलाउन सक्यो भने नै बी.पी. को लागि सबैभन्दा ठूलो एवं भावपूर्ण श्रृद्धाञ्जलि दिएको ठहर्छ । घाँडो भनेको वस्तु त्याग्नु उपयुक्त हुन्छ न कि बोकेर हिँडिरहनु ।

सैद्धान्तिक अन्यौलताको कुरा छाडेर व्यावहारिक धरातलतमा हेर्ने हो भने पनि नेपाली कांग्रेसले समाजवादले जप गरेर पाखण्डता प्रदर्शन गरिरहेको मात्र देखिन्छ । २०४८ सालको आमनिर्वाचनमा कांग्रेसले उदार छवि प्रदर्शन गरेका कारणले मात्र जनताले यसलाई सरकार चलाउन सक्ने बहुमत दिएका थिए । आफूलाई 'समाजवादी-समाजवादी' भनेर जति भट्याए पनि कांग्रेसको २०४८-५१ सालको तीनवर्षे शासनकालमा यसले नेपाली अर्थतन्त्रलाई निकै नै हदसम्म खुल्ला एवं उदार बनायो । उद्योगहरुको स्थापनका लागि इजाजत नचाहिने व्यवस्था प्रारम्भ गरी नेपाली मुद्रालाई चालू खाताका लागि खुल्ला छोडिदिएको । बैंक एवं वित्तीय संस्थाहरुको स्थापनामा उदार नीतिहरु अपनायो । निजीक्षेत्रले त्यसको स्वागत गऱ्यो र यी वर्षमा उद्योग पर्यटन, जलस्रोत आदिमा उल्लेख्य लगानी पनि गऱ्यो । यो कुरो बेग्लै हो की यी उदार एवं खुल्ला नीतिहरुको कार्यान्यवयनबाट पाएको सफलताको जस लिन तिनलाई आफ्नो पक्षमा उपयोग गर्नेसम्मको  योग्यता र आँट नेपाली कांग्रेसले प्रदर्शन गर्न सकेन । त्यति मात्र होइन वामपन्थीहरुले लगाउने गरेको

उदार एवं खुल्ला नीतिले ‘धनीलाई धनी’ र ‘गरीबलाई गरीब’ बनाउँछ भन्ने आरोपहरुलाई मिथ्या साबित गर्नसम्म पनि नसकेर नेपाली कांग्रेस आफैं प्रतिरक्षात्मक स्थितीमा पुग्यो र समाजवादी घाँडो अझ जोडले समात्न थाल्यो । अनि, आफूले थालनी गरेको एउटा सफल कार्यक्रम ‘सरकारी संस्थानहरुको निजीकरण’लाई गति दिनुको साटो शिथिल बनाउँदै लग्यो । वामपन्थीहरुले त निजीकरण गर्दै गर्दैनन् किनभने तिनले सरकारी सस्थानलाई आफ्नो बपौती सरह कार्यकर्ता र आसेपासेलाई जिम्मा लगाएर तीमार्फत् ब्रह्मलूट गर्न उपयोग गरिरहेका हुन्छन् । कांग्रेस भित्रै पनि संस्थान प्रमुखहरुको नियुक्तिबाट प्राप्त हुने थैलीको लोभ, संस्थानका सवारी साधनको दुरुपयोग गर्ने प्रलोभन अनि आफन्तलाई खाने-कमाउने ठाउँ उपलब्ध गराउन पाइने उत्कट चाह भएका नेताहरुले ‘समाजवादी’ शब्दको जलप लगाएर निजीकरण ‘पूँजीवादी’ सोच हो भन्ने भयानक दवाब सृजना गरिरहेका छन् जसलाई कांग्रेसले थेग्न सकिरहेको छैन । उदार, पारदर्शी एवं खुल्ला नीतिहरु कार्याँन्वयन गर्न थाले पछि सरकारको ‘तजबिजी’ अधिकार कम हुँदै जान्छ, सरकार आफैंले संचालन गर्ने कार्यहरु कम हुँदै जान्छन् भने निजी क्षेत्र सबल हुँदै जान्छ । गएको १० वर्षमा सरकारमा बस्नेहरुले यही तथ्य बुझेकाले नै नेपाली कांग्रेसमा सबैभन्दा बढी समय मन्त्री हुनेहरुले नै उदारवादी नीतिको बढी विरोध गरिरहेका छन् र उदार एवं खुल्ला नीतिमा विश्वास गर्नेहरुलाई बी.पी. विरोधी, पार्टी विरोधी जस्ता संज्ञाहरु दिन थालेका छन् ।

नेपाली कांग्रेसले आफूलाई प्रजातन्त्रमा विश्वास राख्ने पार्टी ठान्दछ भने यसले सर्वप्रथम ‘समाजवादी’ सिद्धान्त घोषित रुपमै तुरुन्त छाड्नुपर्दछ र बहुलवादी प्रजातान्त्रिक राज्य व्यवस्थाले संस्थागत बनाउने खुल्ला एवं उदार नीतिहरुप्रति आफ्नो वचनबद्धता जाहेर गर्नु पर्दछ । होइन भने वर्तमान सैद्धान्तिक अन्यौलताले पार्टी पनि संस्थागत हुन सक्तैन र यसले प्रजातन्त्रलाई पनि संस्थागत तुल्याउन मद्दत पुऱ्याउँदैन । भन्ने एकथरि, गर्ने अर्कोथरि गरि पाखण्ड प्रदर्शन गरिरहनु सभ्य काम पनि होइन ।

# योग्य कर्मचारी आउनुस् सँगै काम गरौं

डा. भोलानाथ चालिसे

००-००-००००

नेपालका अहिलेका मन्त्री तथा प्रधानमन्त्रीहरुले नियम, कानून र विधि मिचेर तजबिजी निर्णयबाट सरकारी बजेटलाई बपौतीजस्तै अन्धाधुन्ध आफन्त र आफ्ना निर्वाचन क्षेत्रहरुमा खर्च गरेका फेहरिस्त छापाहरुमा पढ्न पनि पूरा दिन लाग्ने भएको छ । औषधोपचारको नाममा, अन्धअपांगका नाममा, राजनीतिक पीडितका नाममा प्रधानमन्त्रीले बाँड्ने रकम कुनै मापदण्ड अनुरुप बाँड्नुपर्छ भन्ने मन्त्रिपरिषद्को अधिकार सरह भएको मन्त्रिपरिषद्कै समितिले बनाएको मार्गदर्शनअनुरुप प्रधानमन्त्रीलाई गर्नुपर्छ भन्ने सल्लाह दिने मुख्यसचिव एवं सम्बन्धित सचिवहरुको प्रधानमन्त्रीले झण्डै जागिर खाइदिएका । वन मन्त्रालयले राष्ट्रिय निकुञ्जभित्र अझै ढुंगा, गिटी, बालुवा झिक्न दिइरहेको छ, चारकोसे झाडी नै सकेको भए व्यक्तिको नाममा दर्ता गराउन लागिसकेका थिए । नेपालीले शुल्क तिरी सकेपछि अधिकारको रुपमा पाउने पासपोर्टको समेत छपाईमा मन्त्री र कानुनअनुरुप गरौं भन्ने सचिवका बीच भएको खिचातानीले गरिब नेपालीले विदेशमा काम गर्न जानसमेत पासपोर्ट नपाउने भए । ड्राइभर लाइसेन्स र गाडीहरुको नम्बर प्लेट निर्माणका लागि टेण्डर पत्र तयार पार्दा अमुक पार्टीको अमुक युवानेता र श्रम तथा यातायात व्यवस्थामन्त्रीका बीचको मिलोमतोमा कुनै अमुक विदेशी कम्पनीले मात्रै छाप्न सक्ने सर्त टेण्डरमा राखियो । यी त भए छापामा आएका कुरा । तर विधि, कानुन र मार्गदर्शनको उपहास गरिएको सबैभन्दा ठूलो उदाहरण भने देशको अति दुर्गम, विकट क्षेत्रलाई अन्य क्षेत्र सरह चाँडो विकास गरी बराबरीमा ल्याउने उद्देश्य भएको कार्यक्रमको बजेट प्रधानमन्त्रीको रौतहट जिल्लाको आफ्नो निर्वाचन क्षेत्रमा मन्दिर निर्माणमा खर्च गर्न लगिनु हो ।

कर्मचारीतन्त्र सधैं नियम कानुनमात्र हेर्दछ र नियम कानुन बिना फिटिक्क केही गर्दैन भन्ने आरोपहरु संसारभरि नै लागि आएको छ । यसैकारण एकथरीले कर्मचारीतन्त्रै हटाई दियो भने लण्ठै सकियो भन्ने विचार पनि राख्दछन् । विकास पनि प्रशासकले गर्नुपर्छ भन्ने मिथ्या धारणा बामपन्थीहरुले देशहरुमा भित्र्याउन थालेपछि भने दोस्रो खाले तर्क ठीक हो कि भन्ने भावना नेपालजस्तो विकासशिल देशका नीति निर्माताहरुमा पनि पर्न गयो । विकास कर्मचारीले गर्ने होइन, जनता र राजनीतिज्ञ मिलेर गर्ने हो । कर्मचारीतन्त्रको आवश्यकता भनेको नियम, कानुनअनुरुप व्यक्तिपिच्छे बेग्लाबेग्लै निर्णयहरु लागू नगर्नका लागि हो । यो सधै निष्पक्ष, कानुन संगत र संस्थागत वा व्यक्तिगत आग्रह बिना लागू गर्नुपर्दछ । उद्देश्यका कारणले कर्मचारीतन्त्र अलचक र कानून बिना कुनै निर्णय गर्न नसक्ने मात्र होइन कानून विपरित काम गर्नु यसको निष्ठा विपरित हो र यस्तो कार्य अनैतीक हो ।

केन्द्रीय योजना लगाउने सरकार व्यक्तिलाई व्यक्तिको रुपमा नहेरी समूदायको रुपमा हेर्न पुग्दछन् । व्यक्तिलाई समूहमा परिणत गर्नु भनेको भेडाबाखा बनाउनु हो । जनताहरु जति भेडाबाखा भए त्यति सरकारलाई केन्द्रीय योजना बनाएर लागू गर्न सजिलो हुन्छ । जनतालाई भेडाबाखा बनाउने केन्द्रीय योजना पनि एउटा सीमा र अनुशासनभित्र संचालन गरिएको हुन्छ । सीमा र अनुशासन नाध्नेलाई के भनेर गाली गर्नु र ? आजभोलि जनतालाई भेडाबाखा बनाउने केन्द्रीय योजना लागू गर्नु त कता हो कता दुर्गम क्षेत्रको लागि छुट्याइएको रकम एउटा दासले मालिकलाई चढाए सरह सुगम ठाउँमा खर्च गर्नका लागि दुई घुँडा भुइँमा टेकाएर समर्पण गर्न थालेका छन् । एउटा बहुदलीय प्रजातान्त्रिक मुलुकमा बजेटको उद्देश्य भनेकै जनताले निर्वाचित गरेर पठाएको संसदले बजेटका शीर्षक, क्षेत्र आदिमा छुट्याइएको रकम जुन जुन उद्देश्य र क्षेत्रका लागि छुट्याइएको हो त्यो भन्दा अन्यत्र सरकारले आफू खुसी खर्च नगरोस् भनेर कानूनी सीमा तोकिदिएको हो । बजेट कुनै पनि सरकारको एउटा अनुशासनको दस्तावेज हो । यस्तो अनुशासन तोड्नु भनेको राजनीतिक बेइमानीको पराकाष्ठा हो । सभ्य मुलुकमा यसो गर्नेलाई गरेको भोलिपल्ट संवैधानिक प्रावधानअनुरुप सोझै जेल चलान गरिन्छ ।

अहिलेको अवस्थामा पूर्वकर्मचारी भएका नाताले यो पंक्तिका लेखकलाई उच्च कर्मचारीहरुले के गर्नुपर्दथ्यो होला भनेर बारम्बार प्रश्न सोधिरहन्छन् । कानुन, नियम विपरित निर्णय गराउन खोज्ने मन्त्री, प्रधानमन्त्रीको मुखमा फाइल फ्याँकेर हिँड्ने ? राजीनामा दिएर हिँड्ने ? शासन गर्ने मन्त्री प्रधानमन्त्री भएकाले उनीहरुले जे भन्यो त्यहीमा सही गरेर बस्ने ? वा भागशान्ति जति आउँछ त्यति खाएर श्रीमती, बालबच्चालाई वरिपरिकालाई लाजै लाग्ने गरी गरगहना र पहिरनले सिंगारेर हिँडाउने ? अझ सही गर्न नहुने फाइलमा सचिवले आफूले सही नगरी बिदा बस्दै आफूभन्दा मुनिको अधिकृतबाट सही गराउने ? कि “म यस्तो मन्त्रालयमा बस्न सक्दिन, मलाई अन्यत्रै सारी देऊ” भनि माथि बिन्ती बिसाउन जने ? राम्रो सचिव पोस्टिङका लागि मन्त्रीलाई “हजुरले भनेको कुरा म गरिहाल्छु” नि भन्दै समर्पण गर्ने ? पार्टीको चन्दा बाकस कहाँ छ भन्दै पार्टी मुख्यालय धाउने, भागशान्ति मिलाई खाने कर्मचारीको बारे यहाँ चर्चा गर्न खोजिएको होइन । संसारको सबै ठाउँ सबै क्षेत्रमा अपवाद त रहेकै हुन्छ । अपवादलाई नियमित प्रक्रिया ठानिनु हुँदैन ।

नेपालको अहिलेको राजनीतिक अस्थिरतामा खासगरी उच्चपदस्थ कर्मचारीहरुले के गर्नुपर्दथ्यो त ? सबैभन्दा पहिलो नियम कानुनले नमिल्ने कुरा नियम कानुनको दफा उपदफा उल्लेख गरी गर्न खोजिएको कार्य गर्न हुँदैन भनि सम्बन्धित फाइलमा लेखी मन्त्री कहाँ पठाउने । यसो गर्दा “तलाँई ठेगान लगाउँछु” भन्दै मन्त्रीले सार्वजनिक स्थलमै सचिवको कठालो समात्न सक्ने छन् । यतिमात्र होइन उनलाई भौतिक कारवाहीसम्म हुन सक्दछ । यतिमात्र होइन राजनीतिक पार्टीका मतियारहरु नियुक्त भएका अख्तियार दुरुपयोग निवारण आयोगका पदाधिकारीहरुमार्फत झुठो मुद्दा पनि नलगाउलान् भन्न सकिँदैन । यो आयोगको पूर्वकारवाहीहरु यसलाई पुष्टि गर्दछ । पहिलो आफूमा योग्यता भएका, हात र कलम चल्न सक्ने, श्रीमती र बालबच्चालाई राम्रो पहिरन पहिर्‍याउने लोभ नभएका सचिवहरु एउटा मालदार मन्त्रालयबाट अर्को कुनै बाहिरको आम्दानी नहुने मन्त्रालय वा आयोगमा सरुवा हुँदैमा तपाईंहरु सचिव पदबाट बिमुख हुनुहुन्छ र ?

दोस्रो तपाईंहरु सचिवहरुको पनि सचिव मुख्य सचिव कहाँ आफूलाई परेको पीरमर्का लिएर जान सक्नुहुन्छ । मुख्य सचिव पद भनेको सचिवहरु र मन्त्री एवं प्रधानमन्त्री भएको मन्त्रिपरिषद्का बीचको एउटा साँघु हो । आफू अन्तर्गतका सचिवहरुलाई परेको गैरकानुनी दबाब हटाउने एउटा सबैभन्दा उपयुक्त माध्यम भनेको मुख्य सचिवले प्रधानमन्त्रीलाई आग्रह गरी मन्त्रीहरुको गैरकानुनी दबाब हटाउन लगाउनु हो । यस्तो गैरकानुनी दबाब प्रधानमन्त्रीले मन्त्रीबाट हटाउन सकेनन् भने जनताद्धारा निर्वाचित सरकार भएका देशहरुमा प्रधानमन्त्रीले त्यस्ता मन्त्रीलाई पदबाट बर्खास्त गरिदिन्छन् । नेपालमा के यो संभव होला ? संभव भएन भन्दैमा गैरकानुनी कुरालाई वैधानिकता दिनु प्रधानमन्त्री पदकै कानुनी हैसियत सकिनु हो । राजनीतिमा कानुनअनुरुप नगरिएका सबै कार्यहरु अनैतिक हुन्छन् ।

तेस्रो बिकल्पमा उल्लेख गरिएका योग्य र अहिलेसम्म इमानदार रहनुभएका सचिवहरु सामुहिक राजीनामा गर्नुहोस् र अपवादमा रहेका सचिवहरुको क्रियाकलापले कर्मचारीतन्त्रलाई नै दुर्नाम गर्न परोक्ष रुपमा सहयोग नगर्नुहोस् । यी पंक्तिकारले पनि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट समायावधि नपुग्दै राजीनामा दिएकै हो र यो राजीनामा पश्चात् खान पाइएन भनेर कसैको ढोका चाहारिएको पनि छैन । बजारमा योग्यता भएका व्यक्तिलाई काम भ्याई नभ्याई छ, आउनुहोस् सँगै काम गरौं । मन्त्री प्रधानमन्त्रीले भनेअनुरुप मैले गरेको हुँ भनेर तपाईंहरु समाजबाट चोखिन सक्नु हुन्न । तपाईंको धर्मले नमानेको कुरा गर्नु भनेको अनैतिक कार्य हो । अनैतिक कार्य गर्नेलाई त्यही कार्यले सधैं मानसिक रुपमा पिरो लिई रहन्छ ।

# Speech delivered by Dr. Bhola Nath Chalise on Asia Liberty Forum 2015

Dr. Bholanath Chalise

10 January 2015

Ladies and Gentlemen, it is an honor and a pleasure to be amongst like-minded people and to have an opportunity to address such a distinguished audience. I'm thankful to the organizers for the opportunity.

Liberalism to me is a way of life. A set of principles that set the moral basis to lead a truly happy life – where I'm able to go to sleep in peace at the end of the day with a clear conscience that I have pursued the best of my ability and that I haven't harmed anyone else in doing so and that I am in control of my future. However, the journey to fighting for more freedom in Nepal has been a long and arduous one for me. Today, seeing all of you here – celebrating liberty in Asia and devising strategies and discussing the complexities of the freedom movement - here in Nepal truly gives me pleasure. It isn't a world I had imagined I would be able to see. But it is here today. For this sole reason, I'm still an optimist. I'm an optimist that dares to dream that truth will prevail – the pursuit of truth will take us closer to achieving freedom all over the world. And we need to continue to persevere in our respective endeavors of promoting freedom around the world so that we can really appreciate life and create an opportunity for every individual to achieve their happiness, to endeavor to bring out the best in them. That's the beautiful world I envision and seeing many of you here gives me hope that those dreams are not lofty ideals but achievable targets.

On this gathering of the third Annual Asia Liberty Forum, let me take this opportunity to highlight some of the major challenges to promoting liberalism in Asia, the way I see it. These are simply my observations and I cannot claim to have any expertise in the matter but having lived in Nepal most of my life, these observations are based on my experience. So please accept them as observations at best – for I am quite Hayekian in the sense of believing in the 'knowledge of time and circumstance' as the best guide to decision making in a free society. On the onset, I would also like to make it clear that most of my observations point out to two of the biggest challenges to promoting freedom in Asia – Firstly, The study of history and the pursuit of truth through lessons of history. I see the lack of study of historical events and their consequences as one of the primary reasons behind the widespread myths about human actions and I encourage the next generation of people in this movement to pay particular attention to historical events and bring out the truth that's hidden in them Secondly, it is the rise of fundamentalist views in Asia and larger ground that they are gaining in popular media as well as in politics. This is, I believe, one major challenge that we as liberals need to seriously take into account in our work.

Based on this preface, let me move to some of my observations to challenges that liberalism faces in Asia:

**1. Relegating individual freedom and civil liberties to the background with the economy first argument:**

Firstly, the issue of relegating civil liberties to the background is an issue that I fear is going to cost us the most in the long run. A framework of political freedom is equally important to a framework of economic freedom and indeed one can move with the other. However, with the rise of state led capitalism, civil liberties are relegated to the background. Wouldn't this

be the warning that Hayek perhaps gave us in the Road to Serfdom? This movement predominant in the elite of Asia is yet another problematic development that poses a challenge to promoting liberalism in Asia.

The rise of ultra-nationalist, ultra religious views in South Asia as well as South East Asia also poses a huge challenge for creating a liberal society and a liberal Asia. The social belief that conformity is more virtuous than individual identity, which has been reinforced by stated dictated curriculums, is another major hurdle that we will have to overcome to harness individual potentials and innovations.

From recently formed Nation states of Afghanistan to long established States such as that of South Korea, the problem of addressing the human rights situation, of protection of basic liberties of individuals is a major challenge. The political system that we have set up in Asia does not necessarily facilitate the protection of rights and liberties. Opposition to establishment is immediately crushed. There is an increasing militarization of society in general with fundamentalist views creeping in to society. This has resulted in the political system being captured by vested interests and harmful groups that give no value to human rights and in extreme cases, even to human life.

Even those who are sympathetic towards the idea of individual freedom discard it by simply calling it an ideal. But why does the society accept left leaning ideal as an ideal that should and could be pursued and not the ideals of individual liberty

History does favor us in this respect and a free and prosperous society is a result of individuals able to freely make decisions about all aspects of their life – not just economic decisions. Therefore, we have a lot of work set out to protect our rights and freedom in Asia.

## 2. State led capitalism:

Secondly, is the issue of State led 'Capitalism'. I put capitalism in quotes because I'm skeptic as to what this system is exactly, for it surely is not the capitalism that is based on freedom of individuals and an environment where individuals freely interact and exchange. It's the rise of these systems in South East Asia and China where economic growth is seen to be led by the State, the omnipotent body as perceived by many. It is the belief that all of the wealth creation has been made by some grand design of some 'knowledgeable' technocrats who can miraculously predict how free humans are going to react to market conditions. The belief in this idea and promotion of policies that adhere to this idea of visible state intervention in the economy, I believe, presents one of the primary challenges to promoting liberalism in Asia.

It has baffled me how the intellectuals are ready to accept that this visible body of institutions, bureaucrats and rules can guide the actions of free individuals (as if the free individual cannot think for himself/herself).

Rooted in this belief, comes the implication that State can plan us out of poverty and we all owe our existence to the state. This kind of belief, that the growth and lifting of millions out of poverty in China and India and the rest of South East Asia has been planned by great leaders who came into power of Government mechanisms, is rampant and on the rise in Asia. Following this belief is also a dangerous implication that is taking hold in the populace in Asia that there will be a miraculous superhero somewhere who will take lead and resolve all our problems.

I would call this belief a misrepresentation of history and much work needs to be done to demonstrate and popularize the truth of how entrepreneurship and freedom turned around the fortunes of millions in Asia.

**3. Re-establishment of the mercantilist philosophy in the economy:**

Thirdly, we have been told through our economic textbooks and through every other educational material that the path to growth is paved by exports. Exports are the only way to grow! This has brought back the mercantilist philosophy in the economic mainstream in Asia where protection of 'domestic industries' through various technocratic arrangements, that baffles the simple mind, has emerged. This is the second challenge in my mind to promoting liberalism in Asia.

The belief that South Korea, Japan and the current emerging economies of Vietnam, Lao have all made their fortunes based simply on a continuous export and that we need to preserve domestic companies from competition or from foreigners – and that is supposed to increase the capacity of our domestic companies is an economic fallacy. The slogans therefore are – of course we are moving towards a free market economy – this means, we will work on creating policies that mix up market signals and promote products that are determined as top exports by so called learned technocrats. Fighting this is going to be another major challenge in Asia. And history of how South Korea or Japan or any of the emerging economies grew is on our side. That story needs to be told and retold.

**4. Of monetary policies and fiat money:**

In the long run, we cannot achieve a truly free society, as long as our money is controlled by a few elites as they can decide

the fate of any individual or society by tampering our medium of exchange and value measurement. Therefore, we have to work towards regaining the control of our money as it is the basis for having a free economy. Central bankers with power to mint money have become the powers that decide on how economies run all around the world. With central bankers in power, the most essential of our freedom to operate with market signals is being distorted. Following this, we have seen the rise in business cycles and prolonged recessions around the world. The situation is made worse by interventionist policies such as tampering with the interest rate through expansion of money supply and over regulating financial institutions while providing them protection from failures – the classic case of 'too big to fail' financial institutions. In my lifetime, I have actively advocated the abolition of central bank in Nepal. It, of course, always sends ripples of fear to the bankers club that has become the Central bank. Therefore, the tag of a 'radical person'. But this I believe is the first step towards really bringing the economy back on track by liberalizing it. Money after all is a commodity (a medium of exchange and a store of value at best). How has this become so complicated that we often are easily able to forgive the rapid devaluation of what we worked so hard to earn is beyond me!

These, Ladies and Gentlemen are my observations of trends in thinking along the policy arena in Asia. There is much that has been misrepresented – sometimes due to vested interest and sometimes due to sheer ignorance. However, out of these observations comes the firm belief that we will never be out of our job! As someone once said, eternal vigilance is the price of liberty. I am sure all of us here are happy paying that price. Our job to promote freedom is filled with opportunities and so many of you present here today are the beacon of hope. As I leave you today, I would like to once again reiterate how important I think the work you are doing is. Never before, have

we had the numbers we have today. Never before, has private entrepreneurship and wealth creation caught the imagination of billions as it has done in Asia today and therefore, while much is to be done, the world as I see it is also full with possibilities of a freer tomorrow! I think the power to make that possibility a reality is centered in this room today.

# डा. भोलानाथ चालिसेसँगको हाम्रो छोटो यात्रा

अर्पिता नेपाल, दिपेन्द्र चौलागाँई, र सरिता सापकोटा

मानिसको जन्म देखि मृत्युसम्म नै सबै कुरा सरकारले नै गरिदिनु पर्छ भन्ने मान्यताबाट फरक मत राख्नेहरु नेपालमा शायद अल्पमतमै होलान् । अल्पमतमा रहेको यो जमातको सबै भन्दा चर्को आवाज हुनुहुन्थ्यो डा. भोलानाथ चालिसे । सरकारले वातावरण मात्रै बनाइदिए पौरखी नेपालीहरुले आफैँ गरी खान सक्छन् भन्ने विश्वास राख्ने र नैतिक रुपमा पनि राज्य संचालनको सही सिद्धान्त भनेकै सरकारले केवल एक सहजकर्ताको भूमिका निर्वाह गर्ने हो भनेर अडान लिने व्यक्तिका रुपमा धेरैले आज डा. चालिसेलाई सम्झने गरेका छन् ।

नेपालकै इतिहास साक्षी छ, अभाव र गरिबीको उर्वराभूमिमा धेरै प्रकारका र धेरै वटा राजनीतिक क्रान्ति र आन्दोलन हुने गर्छन् । हरेक आन्दोलनले हामी नेपालीहरुलाई स्वतन्त्रता र समृद्धिको सपना नदेखाएको पनि होइन । यी आन्दोलनहरुसँगै स्वतन्त्रताको परिधि विस्तार भएको हामीले पक्कै अनुभव गर्‍यौं । अधिकार पनि बढे । तर यससँगै दायित्वको बहस अगाडि आएन । जब जब यो बहस अगाडि आउन खोज्यो, यसलाई एकमुष्ट रुपमा सरकारको काँधमा थोपरेर जिम्मेवारीबाट पन्छिने परिपाटीको विकास भयो । तर हरेक पटक स्वतन्त्रताको लडाईँसँगै कहिले जहाँनिया शासनबाट, कहिले सामन्ती व्यस्थाबाट, त कहिले राजतन्त्रबाट मुक्ति पाउनुलाई मात्र स्वतन्त्रता ठान्दै नयाँ लोकतान्त्रिक सरकारमाथि जिम्मेवारी माथि जिम्मेवारी सुम्पँदै गर्दा आफ्नो व्यक्तिगत स्वतन्त्रता त्यहाँ बन्धक राखेको पत्तै पाएनौं । सायद हामीले आर्थिक उन्नतिको बाटो बिराएको विन्दु त्यही पो थियो कि भन्ने प्रश्नले हामी केहीलाई समृद्धि फाउण्डेशन सुरुवात गर्ने प्रेरणा दियो ।

हाम्रो जिज्ञासाको यही यात्राले हामीलाई चालिसे–बासमा पुऱ्यायो । व्यक्तिगत स्वतन्त्रताले पो समृद्धिको पथप्रदर्शन गर्ने हो कि भनेर भर्खरै प्रश्न गरी उत्तर खोज्दै हिँडेका हामीले डा. चालिसेसँगको अनेकौं वैचारिक संवादमा हाम्रा कयौं प्रश्नको जवाफ भेट्यौं । निजामती सेवामा तीन दशक भन्दा बढी समय बिताएर यी सिद्धान्तहरुलाई नीति तथा व्यवहारमा वहाँले परिक्षण गरिसकेका हुँदा, हाम्रा सोचहरु भावना मात्रै नभएर वैज्ञानिक रुपमा प्रतिपादित सिद्धान्तको कसीमा दाँज्न योग्य पायौं । २०४६ सालपछि आएको बहुदलीय व्यवस्था र राजनीतिक खुलापनले केही हदसम्म आर्थिक उदारीकरणको बाटो खोलेका बेला डा. चालिसेकै पहलमा तीन महत्वूर्ण लगानी सम्बन्धी नीतिहरु (वैदेशिक लगानी, उद्योग, तथा कम्पनी सम्बन्धी नीतिहरु) आए । यिनै नीतिका उपजस्वरुप आज नेपालीहरुले आफ्ना छोराछारीलाई डाक्टर इन्जिनीयर बनाँउछु भन्दा वा टेलिफोन सेवा प्रयोग गर्छु भन्दा सरकारी कोटाकै लागि 'फोर्स' लगाउन वा चाकडी गर्न पर्दैन, समाचारका लागि सरकारकै रेडियो टिभीले जे भन्यो त्यसैमा मात्र भर पर्न पर्दैन, सरकारी बैंकमा लाम बसेर बैंकिङ्ग गर्न पर्दैन, र एउटा इलेक्ट्रोनिक्सको पसल खोल्नका लागि सरकारको निकटको मान्छे हुनु पर्दैन ।

हाम्रो वहाँसँगको छोटो यात्रा संभव हुनु पछाडि वहाँका केही विशेष गुणहरु छन् । उच्च ओहदामा बसेर लामो समयसम्म काम गरेर धेरैका 'हाकिम' रहेका भोला सरले भर्खरै एउटा सानो संस्था खोलेका, प्रायः मानिसहरुले 'आलाकाँचा' भन्ने, हामी जस्ता युवाको उमेर र ओहदा नहेरी हामीसँग हाम्रो जागरुकता देखेर होला शायद, एक समकक्षी सरह संवाद गर्नुभयो । वहाँसँगको हाम्रो पहिलो सम्बद्धता भनेको हामीले नेपालीमा अनुवाद गरेको एफ. ए. हायकद्वारा लिखित 'दासत्वको बाटो'को प्राक्कथन् वहाँले लेख्ने क्रममा थियो । वहाँसँग यसरी काम गर्दै गर्दा यस वैचारिक लडाँइमा हामी एक्लै र पहिलो होइन रहेछौं भनेर जान्दा हाम्रो हौसला निकै बढेको थियो ।

चिनाजानीको केही महिनामै हामीले वहाँलाई हाम्रो अफिसमा आएर १०/१२ जना हामी जस्तै अन्य युवाहरुसँग आफ्नो विचार र अनुभव बाँड्न निम्तो दियौं र वहाँले विना कुनै हिचकिचाहट निमन्त्रणा स्वीकार्नुभयो । यो हाम्रो लागि नौलो थियो । 'बसिबियाँलो' भनेर हामीले गरेको यो अनौपचारिक गफगाफको श्रृङ्खलामा हामीले वहाँसँग नेपालको अर्थतन्त्र, वहाँ विभिन्न सरकारी निकायहरुमा काम गर्दाको 'इन्साइड स्टोरी', आदिका बारेमा कुराकानी गर्‍यौं । व्यक्तिगत स्वतन्त्रता, आर्थिक स्वतन्त्रता र यसको समृद्धिसँगको सम्बन्धका बारे हामीले अरु देशका सन्दर्भमा धेरै पढेका थियौं तर हाम्रा लागि "नेपालमा यसले कसरी काम गर्ला वा कसरी काम गरेको थियो" भन्ने प्रश्नको जवाफ दिन सक्ने धेरै कम व्यक्तिहरुमध्ये एक हुनुहुन्थ्यो भोला सर । यस दौरान हामीले वहाँलाई अझ धेरै चिन्ने र बुझ्ने अवसर पायौं ।

विचार र अनुभव साट्ने क्रममा हामी वहाँसँग एक समकक्षीका रुपमा चिन्तन गर्‍यौं । कतिपय अवस्थामा केही जटिल प्रश्न अगाडि आँउदा "मलाई थाहा छैन, म केही दिनमा हेरेर, पढेर अनि सिकेर आँउछु" भन्नुहुन्थ्यो वहाँ । एक बौद्धिक, प्राज्ञिक, अनुभवी, एवं वरिष्ठ अर्थशास्त्रीले यस्तो भनेको हामीले कमै सुन्न पाउँछौं । समृद्धिका कयौं अर्थालय कार्यक्रमहरुमा आएर विभिन्न कलेजमा अध्ययनरत युवाहरुसँग नीति, उद्यमशीलता, र समृद्धिका कुरा गर्न अत्यन्तै रुचाउने डा. चालिसे सँधै कार्यक्रम पछि सहभागीबाट हामीले लिएको प्रतिक्रिया वहाँसँग बाँड्न भन्नुहुन्थ्यो र वहाँको प्रस्तुतिमा केही सुधार गर्नुपर्ने छ कि भनेर प्रत्येक पटक सोध्नुहुन्थ्यो । ती प्रतिक्रिया र सुझावलाई डा. चालिसे गम्भीरतापूर्वक लिई अर्को पटक त्यसलाई अवलम्बन पनि गर्नुहुन्थ्यो । अर्थालयमा कयौं विद्यार्थीहरु डा. चालिसेको अनुभव र विचारबाट प्रभावित र प्रेरित भएको धेरै उदाहरणहरु छन् । युवा होउन् या पत्रकार, विभिन्न वर्गका व्यक्तिहरुसँग डा. चालिसे निरन्तर रुपमा कुराकानी गर्न अग्रसर रहनुहुन्थ्यो । धेरै मानिसहरुले डा. चालिसेलाई आफ्नो विचार र विश्वासमा अडान लिएर बस्ने कडा स्वभावका व्यक्ति भनेर चिन्ने गर्छन् तर हाम्रो वहाँसँगको अनुभवमा वहाँले आफू गलत हुँदा आफ्ना विचारमा भएका त्रुटिलाई पनि सजिलै स्वीकारेको पायौं । डा. चालिसे देश विदेशका समसामयिक विषयका बारेमा अप टु डेट रहनुहुन्थ्यो,

आइ प्याडजस्ता नयाँ प्रविधि सिक्न र चलाउन पछि हट्नुहुँदैन थियो र "बजार एउटा निरन्तर सिक्ने प्रक्रिया हो" भन्दै गर्दा आफू पनि सँधै नयाँ कुराहरु सिक्न अग्रसर रहनुहुन्थ्यो ।

नेपाललाई समृद्धिको बाटो तर्फ अग्रसर गराउने हाम्रो प्रयासमा एक सार्वजनिक नीति प्रतिष्ठानका रुपमा विकसित हुने हाम्रो लक्ष्य थियो । डा. चालिसेले हाम्रो यस प्रयासमा महत्वपूर्ण भूमिका खेल्नु भएको छ । एक सार्वजनिक नीति प्रतिष्ठानका हिसाबले कतिपय अवस्थामा कुनै नीतिगत सुझाव दिँदा त्यसको प्रभाव वा परिणाम कस्तो होला भनेर खुल्ला रुपमा हामी वहाँसँग छलफल गर्न सक्थ्यौं । आफ्नो अध्ययन र अनुभवले खारिएको सुझाव दिएर डा. चालिसेले हामीलाई दिनुभएको मार्गनिर्देशन हाम्रो लागि निकै महत्वपूर्ण थियो । केही समय नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक रहेर पनि काम गर्नुभएको हुँदा डा. चालिसेले हामी सँग जलविद्युत सम्बन्धी अध्ययनहरुमा काम गर्नुभयो । केही वर्ष अघि नेपालमा वैदेशिक लगानीको सम्बन्धमा नयाँ नीति र ऐन बनाउने बहस चल्दै गर्दा पनि डा. चालिसेले हामीसँग केही अध्ययनहरुमा सहकार्य गर्नुभयो । यी विभिन्न विषयमा काम गर्दा फेरि पनि डा. चालिसेले आफ्नो सिद्धान्त र विश्वासमा मात्र होइन बलकि नेपालको अर्थराजनीतिक वातावरणलाई पनि ध्यानमा राखेर आफ्नो विश्लेषण दिनुहुन्थ्यो ।

डा. चालिसेसँगको हाम्रो अन्तिम अन्तरक्रिया वहाँलाई हामीले सन् २०१५मा एसिया लिबर्टी फोरममा नेपालको "फ्रिडम च्याम्पीयन" भनेर सम्मान गर्दाखेरिको हो । शक्तिलाई प्रभुत्वशाली वर्गकै चंगुलमा मात्रै र हन नदिई त्यो शक्ति आम नेपाली जनतामा विस्तार गर्ने माध्यमका रुपमा उदारवादी सिद्धान्तहरुको प्रयोग गरी जीवनभर यी सिद्धान्तहरुको निरन्तर पैरवी गर्नुभएका डा. चालिसेलाई संसारभरिका सयौं विज्ञहरुको माझ यो सम्मान दिन पाउनु हाम्रा लागि गौरवको क्षण थियो । एसिया लिबर्टी फोरममा डा. चालिसेले दिनुभएको मन्तव्यलाई धेरै मानिसहरुले एक यादगार चिन्तनका रुपमा सराहना गरेका थिए ।

एसिया लिबर्टी फोरमकै लागि हामीले डा. चालिसेको जीवन र वहाँका कामममा आधारित एक छोटो वृत्तचित्र बनाउन अन्तर्वार्ता लिन जाँदा, हामीले वहाँलाई अन्तिममा एउटा प्रश्न सोधेका थियौं : नेपालको भविष्यलाई लिएर के कुराले तपाईँलाई आशावादी बनाउँछ ? जवाफमा डा. चालिसेले 'दुईवटा कुरा' भनेर भन्नुभयो र थप्नुभयो, "नेपालमा व्यक्तिगत सम्पत्तिप्रति मानिसको भावना एकदम बलियो छ । सबैलाई आफ्नो एक टुक्रा जग्गा भनेपछि आफ्नो सम्पत्तिको अधिकार हुनु उनीहरुका लागि महत्वपूर्ण छ" भनेर भन्नुभयो । त्यसैगरी "नेपालको नयाँ युवा पिँढीलाई देख्दा पनि मलाई त्यसले आशावादी बनाँउछ" भनेर वहाँले थप्नुभयो । त्यसको उदाहरणका रुपमा डा. चालिसेले समृद्धि फाउण्डेशनलाई पनि लिनुभयो, जुन हाम्रो लागि गौरवको विषय थियो । नेपालमा उदारवादी सिद्धान्त विरुद्धको मित्थ्यालाई पन्छाउँदै यसको महत्व र यसले ल्याउन सक्ने सकारात्मक परिर्वतनहरुलाई अगाडि ल्याउने लडाँईमा आफूलाई धेरै पटक एक्लै भएको वा अरुद्वारा गलत रुपमा बुझिएको वहाँले पक्कै महसुस गर्नुभयो होला । तर त्यसका बाबजुद पनि डा. चालिसेले कहिल्यै आशावादी हुन र प्रयास गर्न छाड्नुभएन । वहाँले नयाँ पिँढीमा आफ्नो आशालाई जीवित राख्नुभयो र जीवनको पछिल्लो चरणमा सक्दो उनीहरुसँग समय, ज्ञान, र अनुभव बाँड्नुभयो । वहाँको निधनले नेपालमा स्वतन्त्रता र समृद्धिको लागि हुने संघर्षमा एउटा अल्पविराम लागेको छ, तर यो केवल अल्पविराम मात्र हो । वहाँसँगको हाम्रो छोटो यात्राले हामीलाई लामो समयसम्म उक्त संर्घषलाई अगाडि बढाउने प्रेरणा र शक्ति दिएको छ ।

# समृद्धि फाउण्डेशनः एक परिचय

समृद्धि फाउण्डेशन आर्थिक नीतिहरुमा अनुसन्धान तथा पैरवी गर्ने एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले स्वतन्त्र र समृद्ध नेपाल निर्माणका लागि बजार व्यवस्था प्रर्वद्धन गर्ने व्याहवारिक सुधारहरुमा नीतिगत बहस चलाउँछ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सन् २००७ देखि सक्रिय भएर काम गर्दै आएको यस संस्थाले बजार प्रणाली र उद्यमशिलताको पक्षपोषण, शासनप्रणालीमा सुधार, तथा स्वतन्त्र समाजका मूल्यहरुको प्रर्वद्धनमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ ।

नेपालको आर्थिक विकासका सन्दर्भमा हुने नीतिगत छलफल र बहसमा उद्यमी, राजनीतिज्ञ, व्यवसायी तथा प्रशासक वर्ग लगायत विभिन्न विषयका विज्ञहरुलाई संलग्न गराई नेपालको आर्थिक वृद्धिमा टेवा पुर्‍याउन प्रयासरत संस्थाका रुपमो समृद्धि फाउण्डेशन चिनिने गर्दछ। सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय शैक्षिक कार्यक्रम “अर्थालय”, सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम “उद्यमीसँग महिनाको अन्तिम बिहिबार”, आर्थिक वृद्धिलाई सम्भव बनाउन गरिनुपर्ने नीतिगत सुधारको वार्षिक एजेण्डा तयार गर्ने “नेपाल आर्थिक विकास एजेण्डा”, आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले “गरी खान देऊ!” जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ ।

**थप जानकारीका लागिः**

www.samriddhi.org

/SamriddhiTPF

/SamriddhiTPF

/user/thesamriddhivideos

# समृद्धि फाउण्डेशनका अन्य प्रकाशनहरु

1. "Towards Enterprise Building in Nepal", Vol. I (2009) and Vol. II (2010) (Handbook) (Reprint in Nepali, 2012)
2. Pocketbook Series (2011)
3. A Nepali Entrepreneur's Handbook, jointly published with Entrepreneurs' For Nepal (2011)
4. Economic Growth and the Private Sector of Nepal (2011) (Compendium of a dozen articles from experts on various important economic issues of Nepal)
5. Critical Constraints to Economic Growth of Nepal: Analysis and recommendations on five sectors (2012) (Compendium of ten articles from experts)
6. The Road to Serfdom (2012) (translation) (in Nepali)
7. Nepal Economic Growth Agenda Report (2012) (Report) (in Nepali and English)
8. Investment Prospects and Challenges for Hydropower Development in Nepal (2012)
9. Review & Overview of Economic Contribution of Education in Nepal (2012)
10. Private Sector Participation in Transport Infrastructure Development in Nepal (2012)
11. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal (2012)
12. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal (2012)
13. Economic Freedom Matters, A study report on the connection between economic freedom and growth of Kirana Pasal (2013)
14. Ideas for a Free Society (2013) (in Nepali) (translation of 10 articles from classical liberal thinkers)
15. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal (2013) (in Nepali also)
16. Foreign Direct Investment: Towards Second Generation of Reforms (2013) (in

Nepali also)

17. Industrial Relations An Institutional Analysis (2013) (in Nepali also)
18. Doing Business in Nepal: Ground Realities (2013) (in Nepali also)
19. Analysis of the Performance of the Public Enterprises (2013) (in Nepali also)
20. Competition Watch in Key Growth Sectors of Nepalese Economy (2013) (in Nepali also)
21. Policy Options for Improved Electricity Transmission System in Nepal (2014)
22. Policy Options for Improving Industrial Relations in Nepal (2014)
23. Policy Options for Public Enterprises Reform in Nepal: A look at two public enterprises (2014)
24. Nepal's Foreign Investment Policy and its Implication to Investors (2014) (in Nepali also)
25. Economic Aspirations (from the constitution) and Policy Priorities (2014)
26. Trade study series: A look at petroleum and fertilizer supply in Nepal (2015)
27. Ideas for Rebuilding Nepal (Conference Report on rebuilding Nepal after the April 2015 earthquake) (2015) (in Nepali also)
28. Better Education Outcomes Through Education Entrepreneurs: Volume 1 – Cost of Registering Private Schools in Nepal (2015)
29. Better Education Outcomes Through Education Entrepreneurs: Volume II – Cost of Complying with Applicable Regulations) (2015)
30. Ensuring protection of private property (2015)
31. Regulatory reform transportation services: Volume I: Understanding why cartels exist and sustain in public transportation services (2015)
32. Regulatory Reform in Transportation Services: Volume II – Revisiting taxi licensing in Bagmati Zone (2015)
33. Cost of Firing in Nepal (2015)
34. Economic Freedom Country Audit Report Nepal (2015) (A comprehensive analysis of Nepal's economic policy regime - Size of Government (Expenditures, Taxes, and Enterprises), Legal Structure and Security of Property Rights, Freedom to Trade Internationally, and Regulation of Credit, Labor, and Business.)
35. नेपालमा जलविद्युत परियोजनाहरुमा लाभ बाँडफाँड (डिसेम्बर, २०१५)

*All the publications are available at Samriddhi, The Prosperity Foundation.*

दुई दशक भन्दा लामो समय निजामती सेवामा बिताउनुभएका डा. भोलानाथ चालिसे वरिष्ठ अर्थशास्त्री हुनुहुन्थ्यो । खुला अर्थतन्त्रका पक्षधरका रुपमा परिचित अर्थविद् डा. चालिसेले करिब २० वर्षसम्म उद्योग मन्त्रालयका विभिन्न जिम्मेवारीहरु सम्हालनुभएको थियो । डा. चालिसे दुई वर्ष स्थानीय विकास मन्त्रालयको सचिव, एक वर्ष राष्ट्रिय योजना आयोगको सदस्य-सचिव, करिब एक वर्ष नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक, र करिब तीन वर्ष नेपाल वाणिज्य बैंकको बोर्डको अध्यक्ष पनि रहनुभएको थियो ।

नेपालको पहिलो जनआन्दोलनपछि भएको संसद्को निर्वाचनपछि गठित पहिलो सरकारले अर्थतन्त्रलाई खुला र उदार बनाउने काम थाल्दा यस प्रक्रियामा तर्जुमा गरिएका नीतिका प्रमुख शिल्पीमध्ये एक जनामा डा.भोलानाथ चालिसे हुनुहुन्थ्यो । उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा एकद्वार नीति २०४९ र कम्पनी ऐन २०५३ जस्ता संरचनामार्फत वैयक्तिक स्वतन्त्रता र आर्थिक उदारवादलाई संस्थागत गर्न वहाँले महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । निजामती सेवाबाट अवकाश लिइसकेपछि पनि डा. चालिसेले विभिन्न भूमिकाहरुमा आर्थिक तथा राजनीतिक सुधारमा योगदान पुर्‍याइरहनुभयो ।

डा. चालिसेले आफ्नो जीवनकालमा लेखेका सयौं लेखहरु विभिन्न पत्रपत्रिकामा छापिएका थिए र तीमध्येका करिब ५० लेखहरु पहिलोपटक यस प्रकाशनमा संग्रहित गरिएका हुन् । यस प्रकाशनमा संग्रहित लेखहरुमा केन्द्रिय योजना, उदारवाद, आर्थिक नीति तथा सुधार, निजीकरण, व्यक्तिगत र आर्थिक स्वतन्त्रता लगायतका विषयमा चर्चा गरिएको छ ।